# खोज समाचार

सम्पादक
**शिव गाउँले**

खोज पत्रकारिता केन्द्र

**खोज समाचार**

प्रथम संस्करण, २०७३ चैत

खोज पत्रकारिता केन्द्र (खोपके)

सम्पादकः शिव गाउँले

भाषा सम्पादनः धर्मराज दाहाल

आवरणः रविन सायमि

लेआउटः कामसिंह चेपाङ (इफेक्ट)

**ISBN:** 978-9937-0-2718-2

**KHOJ SAMACHAR** (2017)

A Compilation of Investigative Reportings

**खोज पत्रकारिता केन्द्र**

पो.ब.नं.: २४८४६, जावलाखेल, ललितपुर, नेपाल

फोनः ०१-५५४३०८५

इमेलः mail@cijnepal.org

वेबः www.cijnepal.org.np

यो पुस्तक लेखन र प्रकाशनका लागि OPEN SOCIETY INSTITUTE (OSI) BUDAPEST, HUNGARY ले सहयोग गरेको हो । यसमा व्यक्त भएका विचारसँग OSI को सहमति छ भन्ने होइन ।

# खोज समाचार : कथा र पृष्ठभूमि

सामान्यतया लुकेको वा लुकाउन खोजिएको रहस्य पर्दाफास गर्नु खोज पत्रकारिता हो । कतिले अँध्यारो कोठामा बत्ती बाल्नु पत्रकारिता हो भने त्यो बत्ती बालेको कोठामा सियो खोज्नु खोज पत्रकारिता हो भनेर पनि अर्थ्याउन खोजेको पाइन्छ । वास्तवमा खोज पत्रकारिता यस्तो तथ्यको उद्घाटन हो जसले कसै न कसैलाई उत्तरदायी वा जवाफदेही बनाउन दबाब सिर्जना गर्छ । पत्रकारिताका कक्षामा पढाइने खोज पत्रकारिताका यस्तैखाले सैद्धान्तिक मान्यता वा अवधारणालाई समाचार-कक्षमा प्रयोगमा ल्याउनु चुनौतीपूर्ण काम हो । यही कामको नतिजा तपाईंहरूसमक्ष राख्ने एउटा प्रयास हो, यो पुस्तक ।

नेपालमा छापाखानाको स्थापना र पत्रपत्रिका प्रकाशनको इतिहास लामो छ । तर, स्वतन्त्र प्रेस र निर्भयपूर्वक विचार अभिव्यक्ति गर्न पाउने नागरिक हक संरक्षणको इतिहास चाहिं लामो छैन । २०४७ सालको संविधानले विचार र अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक हकको हैसियत दिएपछि नेपालमा स्वतन्त्रतापूर्वक समाचार लेख्ने र विचार व्यक्त गर्न पाउने अवस्था सिर्जना भएको हो । यद्यपि यसका पनि संवैधानिक, कानूनी र व्यावहारिक सीमाहरू हुँदै नभएका चाहिं होइनन् ।

सुसूचित समाजबाट मात्रै जवाफदेही पद्धति र सुशासन प्रणाली निर्माण गर्न सकिन्छ । यसका लागि बलियो प्रेस एउटा प्रभावकारी साधन हो भनेर स्वीकार्नु साटो प्रेसलाई सकेसम्म आफ्नो प्रचार संयन्त्र बनाउने, नसके नियमनका नाममा नियन्त्रण गर्न खोज्ने चलन आजपर्यन्त जारी छ । संविधानमा विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कानून बनाएर नियन्त्रण गर्न सकिने भनेर जे-जति प्रावधान राखिएका छन् तिनबाट शासकहरूको यो मनोकांक्षा बुझ्न सकिन्छ ।

तथ्यमा आधारित भएर खोज गरिएका रिपोर्टहरूले यी प्रयत्न र नियतलाई बलियो जवाफ दिन सक्छन् । ती रिपोर्टहरूले उजागर गर्ने तथ्यका आधारमा आउने सशक्त सम्पादकीय टिप्पणीहरूले नै हो समाजलाई केही सोच्न वा आफ्नो सोचाइमा परिवर्तन गर्न बाध्य बनाउने । आज उत्तरदायी र जवाफदेहीपन पालनाका दृष्टिले कमजोर नेपाली समाजलाई शान्त तलाउ मान्ने हो भने पछिल्लो वर्षमा हामीले गरेको खोज रिपोर्टिङ त्यो तलाउमा ढुङ्गा हान्ने प्रयास मात्रै हो ।

## अनुभव र अनुभूति

खोज समाचार रिपोर्टिङ, सम्पादन, प्रकाशन तथा प्रसारण गर्ने र त्यसपछिका क्रिया-प्रतिक्रियाहरू सुन्ने क्रममा हामीसँग गम्भीर र रमाइला दुवैखाले अनुभव र अनुभूति छन् । खोज सामग्री उत्पादन भएपछि बजारमा पुग्दा त्यसले सामान्य प्रतिक्रियादेखि, प्रेस विज्ञप्ति, वक्तव्य, प्रतिवादमा लेख रचना आउने काम स्वाभाविक हो । तर समाचारका कारण कतिपय नीतिगत परिवर्तन समेत भएका उदाहरण समेत हामीसँग छन् ।

मधेशमा कर्जाले कङ्गाल पारेका नागरिकको कथा, ब्याङ्कहरूले सर्वसाधारणको निक्षेपमा ब्याज नदिने तर सीमित खातावालहरूलाई पोस्ने गरी गरेको नीतिगत विचलनमा खोज सामग्री उत्पादन भएपछि नेपाल राष्ट्र ब्याङ्कले हस्तक्षेप गरेको थियो । मेडिकल माफियाले मेडिकल शिक्षामा गरेको मनपरी विरूद्ध हामीले सार्वजनिक गरेको खोज समाचारले संसद्मा प्रवेश पाएको थियो । मुलुकमा मेडिकल माफियाहरूले संसद्, न्यायालय, स्वास्थ्य मन्त्रालय, त्रिभुवन विश्वविद्यालय र नेपाल मेडिकल काउन्सिललाई कसरी आफ्नो कब्जामा राखेका थिए भनेर सार्वजनिक बहस सिर्जना गराउन पाउँदा हामी खुशी छौं ।

त्रिभुवन विश्वविद्यालयले थेसिसको व्यापारमा छानबीन गर्न एउटा आयोग नै गठन गरेको छ । त्यसको प्रतिवेदन अहिलेसम्म सार्वजनिक भएको छैन । किन कुनै मुद्दा खास खास न्यायाधीशहरूका बेञ्चमा मात्रै परे र ती मुद्दामा निवेदकहरूले मागदाबी गरे अनुसारकै आदेश आयो भनेर न्यायपरिषद्ले छानबीन गर्न बनाएको समिति बीचमै विघटन भएको थियो । यी दुवै समिति हाम्रा खोज सामग्रीका प्रतिक्रियात्मक उत्पादन थिए ।

तथ्य माथि कुनै चुनौती दिन नसक्ने तर प्रतिक्रियाहीन भएर बस्ने प्रवृत्तिको अनुभव पनि हामीसँग रह्यो । 'प्रधान सेनापतिको जन्ममिति किर्ते' र 'भावी प्रधानन्यायाधीशको प्रतिलिपि नागरिकता' यसका प्रतिनिधि उदाहरण हुन् । यी समाचारको तथ्यमा चुनौती नदिने तर जिम्मेवारी पनि स्वीकार नगर्ने थेत्तरो प्रवृत्ति हामीले सामना गर्नु पर्‍यो । यस बारेमा संसद्, सरकार वा न्यायालय कसैले छानबीन वा कारबाहीको प्रक्रिया अघि बढाउनु जरूरी ठानेनन् । रू.७ करोड ठगेर फरार रहेको अभियुक्तलाई प्रहरीले समातेर अदालतमा बुझायो । जिल्ला अदालत र पुनरावेदन अदालतले थुनामा राखेको त्यो अभियुक्तलाई सर्वोच्च अदालतबाट त्यो पनि प्रधानन्यायाधीशको बेञ्चबाट रिहा गर्ने काम गरियो । हामीले 'सम्माननीय प्रधानन्यायाधीश यस्तो पनि हुन्छ?' भनेर तथ्यसहित

प्रश्न उठायौं । अदालतले सुनेको नसुन्यै गऱ्यो । यही बीचमा प्रधानन्यायाधीश सेवा-निवृत्त भए ।

सरकारी निकायले नीतिगत रूपमै स्पष्ट हुनुपर्ने, नीति, कानून वा प्रचलनमा सुधार ल्याउनुपर्ने भनेर हामीले गरेका खबरदारी व्यवहारमा हलचल ल्याउन सफल भए । तर त्यसको तुलनामा नीतिगत वा कार्यक्रमगत रूपमा परिवर्तन ल्याउन सफल भएनन् । पेन्सन वितरणको आवरणमा फैलँदो भारतीय रक्षा सञ्जालमा राष्ट्रिय स्वार्थका दृष्टिले सबै पक्ष एकताबद्ध भएर बहस गर्नुपर्थ्यो त्यो भएन । 'भूकम्पले नढलेका अपार्टमेन्ट त्रासले ढले' भन्ने खोज सामग्री शहरी सभ्यता कसरी बचाउने भन्ने समाचार थियो । 'नेपाली सेना प्रतिरक्षा जिम्मेवारीः नाफामा ध्यान' दीर्घकालीन महत्वको सुरक्षा मुद्दा थियो । 'कागजी निकास असारमा विकास' र 'महाभूकम्प २०७२ : यसरी बने ज्यानमारा घर' जस्ता समाचारले चर्चा बटुले अनुसार समाजमा परिवर्तन ल्याएनन् । भवन संहितामा आएको सुधार र पूँजीगत खर्च बढाउन सरकारले बोलीमै भए पनि देखाएको प्रतिबद्धतालाई उपलब्धि मान्ने हो भने बाँकी समाचारले राम्रो चर्चा कमाए भनेर चित्त बुझाउनुपर्ने अवस्था छ ।

कतिपय समाचारले उजागर गरेका विसंगतिहरूमा अहिलेसम्म पनि सुधार आएको छैन । 'राहत रकममा घिनलाग्दो राजनीति', 'चार सूचनाका लागि चार महीनाः अर्को आइतबार आउनुस्', 'मोसो पखालियो, अपमान पखालिएन' र 'डाक्टर बन्न नक्कली कागजात'— अपराध, अनियमितता र खराब चरित्र समाजमा कायमै छन् भन्ने उदाहरण हुन् यी । यसलाई पर्दाफास गर्न सकेकोमा खुशी मान्नुपर्ने अवस्थामा छौं हामी ।

रोल्पा र पाँचथरको रेमिट्यान्सको महङ्गो सामाजिक मूल्यको कथाले विदेशको रोजगारीमा पैसा मात्रै देख्ने एकोहोरोपनलाई थप्पड हानेको छ । सिकल सेल एनिमियाका कारण पश्चिम तराईमा एउटा जातिमाथिको विपत्ति सार्वजनिक गर्ने स्वास्थ्य सम्बन्धी समाचारले राज्य, थारू र विभेदको कथा सतहमा ल्याइदिएको छ ।

केही उल्लेख्य पक्षहरू पनि छन् । खोपकेको आफ्नै अनलाइनमा अहिले उल्लेख्य पाठक छन् । मूलधारका पत्रपत्रिका, रेडियोमा पनि खोपके सामग्रीले राम्रो स्थान पाउँदै गएका छन् । यो पुस्तक पनि आमसञ्चारमाध्यममा प्रकाशित/प्रसारित यस्ता सामग्रीकै संग्रह हो ।

समाचारको विषयवस्तु छनोट र रिपोर्टिङ कलामा छलफल गर्न संवाददातामाझ खोपकेले एउटा समाचार-कक्षका रूपमा पहिचान बनाउँदै गएको छ । यसका उत्पादनहरू राष्ट्रिय रूपमा बहसका विषय हुँदै गएका छन् । पत्रकारिता शिक्षा दिने विश्वविद्यालयहरूमा यसका उत्पादनहरू स्रोत-सामग्री हुन थालेका छन् ।

खोज समाचारहरू तयार गर्दा संवाददाताहरूले सूचनासम्म सहज पहुँच पाउन नसकेको अनुभव हामीसँग छ । सूचना पुष्टि गर्नु झन् असजिलो काम हो । जस्तो कि- नक्कली जन्ममिति बनाउने वा आफ्नो स्वार्थमा नागरिकताको प्रतिलिपि निर्माण गर्नेहरूको विवरण सहजै पाउन मुश्किल थियो । यतिसम्म कि उनीहरूले आफू पढेको स्कूल, कलेज र सेवारत निकायबाटै ती कागजातहरू लुकाएका थिए । तर पनि हामीले पिछा गर्न छाडेनौं ।

रिपोर्टिङ, सम्पादन र प्रकाशन/प्रसारणका दौरान हामीले खासै असुरक्षा महसूस गर्नु परेन । अपवाद छाड्ने हो भने हामीलाई कसैले पनि 'किन यस्तो लेखिस्' भनेर धम्क्याएन, प्रश्न पनि गरेन । तथ्यमा चुनौती दिन वा समाचारलाई सार्वजनिक रूपमा आलोचना गर्न सकिएन भने नियतमा प्रश्न उठाउने चलन हामीकहाँ छ । 'कुन उद्देश्यले यो समाचार लेखियो भन्ने मलाई थाहा छ' भन्ने खालको टिप्पणी हामीले पनि सुन्नुपर्‍यो ।

अन्त्यमा, खोज पत्रकारिता केन्द्र कार्यसमितिको बलियो हौसला र साथले हामीलाई साना-ठूला जोखिम उठाउन प्रेरित गरेको छ । वर्तमान कार्यसमिति अध्यक्ष नम्रता शर्मा, पूर्व अध्यक्षहरू राजेन्द्र दाहाल र कुन्द दीक्षित तथा वर्तमान कार्यसमितिले नयाँ-नयाँ विषय खोज्न प्रेरित गर्ने काम नगरेको भए यो उत्पादन सम्भव थिएन । सम्पादकीय नेतृत्वलाई स्वतन्त्रता दिने र उत्पादन सामग्रीप्रति जिम्मेवारी स्वीकार गर्ने खोपके कार्यसमितिप्रति हार्दिक धन्यवाद दिन्छु । साथै प्रशासन, अर्थ र अनलाइन सेवाका कर्मचारीले खोपकेको इन्जिनको रूपमा काम नगरेको भए समाचार सामग्री उत्पादन, प्रकाशन/प्रसारण गरेर यो उपलब्धि हासिल गर्न सम्भव थिएन ।

**शिव गाउँले**
सम्पादक

# विषयसूची


खोज समाचार : कथा र पृष्ठभूमि ग

१. पेन्सन वितरणको आवरणमा फैलँदो भारतीय रक्षा सञ्जाल *सरोजराज अधिकारी* १

२. बैंक ब्याज : पहुँचवाला पोस्न एघार लाखमाथि ज्यादती *सुदर्शन सापकोटा* १२

३. रेमिट्यान्सको महङ्गो सामाजिक मूल्य *लक्ष्मी गौतम र हीराबहादुर घर्तीमगर* १९

४. नेपाली सेना : प्रतिरक्षा जिम्मेवारी, नाफामा ध्यान *रूद्र पंगेनी* २७

५. भूकम्पले नढालेका 'अपार्टमेन्ट' त्रासले ढले *रामेश्वर बोहरा* ३७

६. सुत्केरी संवाद : 'आफ्नो राम्रोको लागि देउताको मन दुखाउनुहुन्न' *मीना शर्मा* ४८

७. 'सिकल सेल एनिमिया' : थारु परिवारमा मानवीय संकट *कृष्ण अधिकारी* ६०

८. प्रहरीको पसिनामा अरूको रजाइँ *रामेश्वर बोहरा* ६९

९. त्रिविमा थेसिसको खरीदबिक्री *प्रमोद आचार्य* ७९

१०. भावी प्रधानन्यायाधीशको प्रतिलिपि नागरिकता *तुफान न्यौपाने* ८८

११. डाक्टर बन्न नक्कली कागजात *रामु सापकोटा* ९४

१२. आश्मा खातुन कक्षा ८ *मुकेश पोखरेल* १०६

१३. सेनामा कागजात किर्ते : प्रधानसेनापतिले नै फेरे जन्ममिति *सरोजराज अधिकारी* १११

१४. कर्जाले बनायो कंगाल *एकल सिलवाल* ११६

१५. प्रधानसेनापतिहरूको मनपरी *सरोजराज अधिकारी* १२८

१६. घटना अध्ययन : बेनीको सातो लिने विकास आयोजना *घनश्याम खड्का* १३६

१७. कागजी निकास : असारमा विकास *कृष्ण आचार्य* १४४

१८. शंकाको भरमा २० वर्ष कैद *मुकेश पोखरेल* १५५

१९. चार सूचनाका लागि चार महीना : 'अर्को आइतबार आउनुस् !' *निमा काफ्ले* १६९

२०. 'सूटर' हरु झण्डावाल गाडीमा *नवीन झा* १७५

२१. पारिको आकर्षण बढ्दो *नवीन झा* १८१

२२. मोसो पखालियो, अपमान पखालिएन *एकल सिलवाल* १८८

२३. सिकिस्त बिरामीको किनबेच *प्रमोद आचार्य* १९४

२४. मेडिकल माफियाको चंगुलमा न्यायालय *कृष्ण ज्ञवाली* २००

२५. राहत रकममा घिनलाग्दो राजनीति *युवराज पुरी* २०८

२६. मेडिकल शिक्षामा माफिया : यसरी हुन्छ ज्यानमारा डाक्टरको उत्पादन *रामु सापकोटा* २१४

२७. महाभूकम्प २०७२ : यसरी बने ज्यानमारा घर *रामेश्वर बोहरा* २२६

२८. सम्माननीय प्रधानन्यायाधीश 'यस्तो पनि हुन्छ ?' *भृकुटी राई* २४१




# ९.

# पेन्सन वितरणको आवरणमा फैलँदो भारतीय रक्षा सञ्जाल

'भूतपूर्व गोर्खा सैनिक र उनीहरूका आफन्तलाई पेन्सन वितरण तथा अन्य कल्याणकारी काम गर्ने' नाममा नेपालमा भारतीय रक्षा सञ्जाल बेपत्तासँग फैलिंदै गएको छ, कसरी ?

● सरोजराज अधिकारी

१२ नोभेम्बर २०१६ । नेपाल भ्रमणमा रहेका भारतीय सेनाध्यक्ष दलवीर सिंह सुहागले नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटमा भने, "बुटवलमा पेन्सन पेइङ अफिस (पेन्सन वितरण कार्यालय-पीपीओ) स्थापना सम्बन्धमा हामीले धेरै अघि राखेको प्रस्ताव स्वीकृत गरिदिनुपर्‍यो ।" सुहागभन्दा १० दिनअघि नेपाल भ्रमणमा आएका भारतीय राष्ट्रपति प्रणव मुखर्जीले पनि दाहालसँगको २ नोभेम्बर २०१६ को भेटमा यो विषयमा चर्चा गरेका थिए ।

झट्ट सुन्दा सामान्य लाग्न सक्छ यो भारतीय आग्रह । तर करीब १३ वर्षदेखि भारतले बुटवलमा पेन्सन वितरण कार्यालय स्थापनाका लागि पटक-पटक ताकेता गरिरहेको छ । 'इन्डियन एक्स-सर्भिसम्यान वेलफेयर अर्गनाइजेसन इन नेपाल' (आईईडब्ल्यूओएन) को काठमाडौंमा १८ मे २०१६ मा सम्पन्न चौबीसौं वार्षिक कल्याणकारी बैठकको एक प्रमुख एजेण्डा थियो, बुटवलका लागि प्रस्तावित पीपीओ ।

'नेपाल सरकारले कूटनीतिक नोट नम्बर एसए/६३-३६/३५१५ मार्फत २३ जनवरी २००४ मै बुटवलमा पेन्सन वितरण क्याम्प स्थापनाका लागि मन्जुरी जनाएको थियो । यो विषयमाथि आईईडब्ल्यूओएनको २३औं सम्मेलनमा पनि छलफल भएको थियो । बुटवलमा पेन्सन वितरण क्याम्प स्थापना सम्बन्धमा तत्कालीन प्रधानमन्त्री (स्व.) सुशील कोइरालासँग राजदूत रणजित रायले छलफल गर्नुका साथै तत्कालीन रक्षासचिव आत्माराम पाण्डे समेतलाई सूचित गरेर तत्कालीन परराष्ट्रसचिव अर्जुनबहादुर थापासँग १२ नोभेम्बर २०१३ मा कुराकानी गर्नुभएको थियो'- सम्मेलनमा सीमित संख्यामा वितरण गरिएको आईईडब्ल्यूओएनको दस्तावेजमा उल्लेख छ ।

यसबाहेक पनि भारतकी विदेश मामिलामन्त्री सुष्मा स्वराज नेपाल आएका बेला दुई देशका परराष्ट्रमन्त्रीको अध्यक्षतामा बसेको संयुक्त बैठकमा पनि एउटा मुद्दाका रूपमा यस विषयमा छलफल भएको थियो । भारतकी विदेश मामिलामन्त्री स्वराजले आफ्नो शुरूआती सम्बोधनमा मात्र होइन, छलफलका क्रममा पनि यो कुरा उठाएको दस्तावेजमा उल्लेख छ । नेपालका तत्कालीन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले सम्बन्धित मन्त्रालयसँग बुझेर यस विषयमा शीघ्र समाधान दिने भनेर आश्वस्त समेत पारेका थिए । 'सोहीअनुरूप हामीले १ सेप्टेम्बर २०१५ मा नेपाल सरकारलाई परराष्ट्र मन्त्रालयमार्फत केएटी/एमबी/बुटवल नम्बरको कूटनीतिक नोट पनि पठाएका थियौं । यो विषयमाथि भारतीय सेनाध्यक्ष दलवीर सिंहले पनि आफ्नो भ्रमणका बेला नोभेम्बर २०१४ मा नेपालका राष्ट्रपति र प्रधानमन्त्रीसँगको भेटमा चर्चा गरेका थिए'- दस्तावेजमा उल्लेख छ, 'तर अपेक्षा गरेअनुरूप बुटवलमा पेन्सन क्याम्प स्थापनाका लागि आवश्यक जमीनको स्वीकृति अझै पाइएको छैन ।'

## फैलँदो भारतीय रक्षा सञ्जाल

भूतपूर्व गोर्खा सैनिक र उनीहरूका आफन्तलाई पेन्सन वितरण तथा अन्य कल्याणकारी काम गर्नका लागि भनेर भारतले नेपाली भूमिमा पीपीओ र डीएसबी जस्ता इकाइ बढाउँदै लगेको छ । भारतीय राजदूत अध्यक्ष रहने इन्डियन एक्स-सर्भिसम्यान वेलफेयर अर्गनाइजेसन इन

नेपाल (आईईडब्ल्यूओएन) ले २५ जिल्लामा डीएसबी विस्तार गरिसकेको छ भने अहिलेसम्म दुई वटा पीपीओ छन् । यी सबै इकाई नेपालस्थित भारतीय दूतावासको 'डिफेन्स विङ' को अह्रन-खटनमा चल्छन् । नेपालका लागि भारतीय सैनिक सहचारी समेत रहेका कर्णेल मनराज सिंह मान हाल 'डिफेन्स विङ' को प्रमुख छन् । भारतीय दूतावासको वेबसाइटअनुसार करीब ९० हजार सैनिक र ३६ हजार अर्धसैनिक बल गरी करीब एक लाख २६ हजार अवकाशप्राप्त गोर्खा सैनिक छन् भने हाल ३२ हजार नेपाली भारतीय सेनामा कार्यरत छन् । यिनै करीब डेढ लाख सैनिक र तिनका परिवारलाई सेवा दिने नाममा नेपालमा भारतले यति ठूलो रक्षा सञ्जाल निर्माण गरिरहेको छ ।

भारतले चितवन, रूपन्देही, दाङ, सुर्खेत, गुल्मी, बैतडी, पोखरा, बाग्लुङ, तनहुँ, पाल्पा, ओखलढुंगा, भोजपुर, तेह्रथुम, ताप्लेजुङ, इलाम, दोलखा, लमजुङ, कैलाली, बाँके, सुनसरी, खोटाङ, म्याग्दी, अर्घाखाँची, स्याङ्जा र कञ्चनपुर गरी २५ वटा जिल्लामा डीएसबी स्थापना गरिसकेको छ ।

आईईडब्ल्यूओएनले सन् २०१५ मा प्रकाशन गरेको 'भूपू' जर्नलका अनुसार डीएसबीको मुख्य कार्यहरूमा सिजनल पेन्सन वितरण क्याम्प संचालनमा सहयोग पुऱ्याउनु, त्यस क्षेत्रका पेन्सनरको गुनासो सुन्ने इकाईका रूपमा कार्य गर्नु, भारत सरकारद्वारा प्रायोजित कल्याणकारी कार्यक्रमको कार्यान्वयन, रेखदेख र व्यापक प्रचार-प्रसार गर्नु रहेका छन् । त्यसबाहेक भर्ती अभियान सहज रूपमा संचालन गर्न प्रशासनिक सहायता प्रदान गर्नु, सैन्य दल (पल्टन) को ट्रेकिङ टीम र अन्य प्रतिनिधिमण्डलको भ्रमणको प्रबन्ध गर्नु लगायतका जिम्मेवारी डीएसबीलाई तोकिएको छ । भारतीय सेनाका अधिकृत (मेजर-क्याप्टेन) नेतृत्वको ट्रेकिङ टीमले भर्ती केन्द्र आसपासको संस्कृति, जीवनस्तरबारे जानकारी लिनुका साथै भर्ती योग्य युवाहरूसँग छलफल समेत गर्छ । त्यसैले नाम ट्रेकिङ दिइए पनि कामले यो 'ट्र्याकिङ' टीम हो ।

डीएसबीमा पूर्व भारतीय गोर्खा सैनिक रहन्छन् । भारतीय सेनाको सुवेदार मेजरबाट अवकाशप्राप्त भोजपुर डीएसबीका 'सेक्रेटरी' भोजकुमार राईका अनुसार त्यस जिल्लाबाट पेन्सन बुझ्नेको संख्या करीब ४०० मात्रै छ । बेलाबेलामा भारतीय सेनाका प्रतिनिधिमण्डल र भारतीय सैनिकका ट्रेकिङ टीम भ्रमणका लागि आइरहन्छन् । भारतीय सेनाको सुवेदार मेजरबाट अवकाशप्राप्त वसन्तकुमार श्रेष्ठ यतिबेला कोहलपुरस्थित डीएसबीको सेक्रेटरी छन् । उनका अनुसार बाँके जिल्लाका ८ हजार पेन्सन थाप्नेहरूका लागि ६/६ महीनामा पेन्सन क्याम्प संचालन हुन्छ । आगामी पेन्सन क्याम्प मार्च ४-५ मा हुँदैछ । त्यसका साथै काठमाडौं दूतावासस्थित केन्द्रलाई सूचित गरेर भारतीय सेनाका प्रतिनिधिमण्डल आइरहन्छन् । त्यसबाहेक १०-१५ जनासम्मको ट्रेकिङ टीमलाई घुमाउनु डीएसबीको दायित्व हो । कोहलपुरस्थित डीएसबीमा २५-३० जनासम्म बस्न मिल्ने सुविधा छ । एट्याच बाथरूमसहितका अधिकृत कोठा मात्रै चार वटा छन् । श्रेष्ठका अनुसार, "सबै खाले कल्याणकारी कार्यक्रम केन्द्रकै टोली आएर संचालन गर्छन् ।"

२०६३ सालअघि १६ वटा डीएसबी रहेकोमा त्यसयता ९ वटा थपिएका छन् । नेपाल सरकारसँग सन् १९९६ मा विभिन्न स्थानमा १३ वटा अतिरिक्त सैनिक बोर्ड स्थापना गर्न प्रस्ताव गरिएकोमा, ६ नोभेम्बर २००६ को नेपाल सरकार, परराष्ट्र मन्त्रालयको एसए/६३-डीएसबी/३५६ नम्बरको स्वीकृति-पत्र अनुरूप कोहलपुर (बाँके), वालिङ (स्याङ्जा) दिक्तेल (खोटाङ), बेसीशहर (लमजुङ), टीकापुर (कैलाली) र गोरखामा गरी ६ वटाको निर्माण कार्य सम्पन्न भएको दस्तावेजमा उल्लेख छ । भारतीय मागअनुरूप गिरिजाप्रसाद कोइराला (स्व.) नेतृत्वको तत्कालीन सरकारको १३ कात्तिक २०६३ को मन्त्रिपरिषद् बैठकले यी ६ स्थानमा १० वर्षका लागि डीएसबी स्थापना गर्न स्वीकृति दिएको थियो । त्यसैगरी माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको १६ पुस २०६५ मा महेन्द्रनगर (कञ्चनपुर), बेनी (म्याग्दी) र सन्धिखर्क (अर्घाखाँची) मा १० वर्षका लागि थप तीन डीएसबी स्थापनाका लागि स्वीकृति दिएको थियो ।

भारतले २०५७ सालमा पनि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई थप १३ स्थानमा डीएसबी स्थापनाका लागि अनुरोध गरेको थियो । 'यस्ता संस्था थप स्थापना गर्न दिनु राष्ट्रिय हित अनुकूल नहुन पनि सक्छ' प्रक्रिया अगाडि बढाउने क्रममा राय माग्दा नेपाली सेनाले यस्तो जवाफ दिएको थियो । त्यसपछि ३० असार २०५७ मा बसेको रक्षा, गृह र परराष्ट्रसचिवको त्रिपक्षीय बैठकले बैंकमार्फत नै पेन्सन वितरण गर्न सकिने अवस्थामा वर्षेनि लाखौं खर्च हुने गरी डिस्ट्रिक सोल्जर बोर्ड खोल्ने भारतीय माग शंकास्पद भएको ठहर गरेको थियो ।

त्यसबेला बैठकमा सहभागी एक सचिव भन्छन्, "भारतीय राजदूतको अध्यक्षतामा हुने गरी अब पनि त्यस्ता संस्थाहरू खोल्न दिंदा राष्ट्रिय हित सम्वर्द्धन हुन नसक्ने देखिन्छ भन्ने बैठकको निचोड थियो ।" नेपालको सुरक्षा निकायले पनि यसलाई संवेदनशील मामिला ठानेको छ । नेपाली सेनाका पूर्वउपरथी शिवराम प्रधान भन्छन्, "बैंकमार्फत सहजै पेन्सन दिन सकिने अवस्थामा भारतीय रक्षा संयन्त्रको उपस्थिति बढ्ने गरी पेन्सन कार्यालय र डिस्ट्रिक सोल्जर बोर्डहरू स्थापना गर्न दिनु उचित होइन ।"

पेन्सन वितरणकै लागि काठमाडौंमा भारतीय मिलिटरी पेन्सन ब्राञ्च छ । जसले केन्द्र र सिजनल पेन्सन वितरण क्याम्प संचालन गरी तराई र सुदूरपश्चिमका ४६ हजार ५५४ जनालाई पेन्सन वितरण गर्छ । सन् १९४९ सम्म दूतावासले वितरण गर्ने पेन्सनसम्बन्धी कार्यको जिम्मा त्यसपछि सैन्य सहचारीलाई दिइयो । सन् १९५५ मा मिलिटरी पेन्सन ब्राञ्च स्थापना भएको हो । 'डिफेन्स विङ' अन्तर्गत नै रेकर्ड अफिस छ, जसले भारतीय सेनाबाट अवकाशप्राप्त नेपालीको विवरण अद्यावधिक गर्छ । पेन्सन बाँड्ने प्रयोजनका लागि पोखरामा १ अक्टोबर १९६० र धरानमा १९६८ देखि पीपीओ संचालनमा छन् । पीपीओहरूले पनि आसपासका जिल्लामा रहेका डीएसबीमा पेन्सन वितरण क्याम्प संचालन गर्छन् । भारतले सबै डीएसबीहरूमा वर्षमा कम्तीमा दुई पटक पेन्सन क्याम्प संचालन गर्दै आएको छ ।

बुटवलमा पीपीओ स्थापनाका लागि १३ वर्षदेखि ताकेता गरिरहेको भारतले दैलेख, धादिङ, प्यूठान र पाँचथर गरी थप चार जिल्लामा डीएसबी स्थापनाका लागि ५ फेब्रुअरी २०१६ मा

नेपाल सरकारसमक्ष प्रस्ताव गरेको छ । साथै बुटवलमा पीपीओ स्थापनाका लागि हाल डीएसबी रहेकै स्थानमा थप १५ कट्ठा जग्गा मागेको छ । त्यहाँ संभव नभए बुटवल नगरपालिकास्थित हिल पार्क छेउमा ८ बिघा जग्गा दिन आग्रह गरेको छ । आफ्ना पालामा बुटवलमा पीपीओ स्थापना र डीएसबीको संख्या थप्न भारतीय पक्षले मरिहत्ते गरेको तर आफूले ठाडै अस्वीकार गरेको पूर्वउपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले बताए । उनी भन्छन्, "नेपाली भूमिमा भारतीय प्रभाव बढाउने खालका यस्ता संरचनाले राष्ट्रिय स्वाधीनता कमजोर पार्छ ।"

नेपालस्थित भारतीय दूतावासको वेबसाइटको विवरणअनुसार 'डिफेन्स विङ' मा कर्णेलदेखि मेजर तहका १० जना अधिकृतसहित १७ जना कार्यरत छन् । मिलिटरी पेन्सन ब्राञ्चमा ४० र रेकर्ड अफिसमा २३ जना कार्यरत छन् । भारतीय सेनाका लेफ्टिनेन्ट कर्णेल श्रीरङ एस मूलीको कमाण्डमा रहेको पोखराको पीपीओमा ६८ र मेजर सतिश पाटिलको कमाण्डमा रहेको धरानको पीपीओमा हाल ४२ जना कार्यरत छन् ।

## निरीह नियमन निकाय

नेपाली भूमिमा कति वटा डीएसबी तथा पीपीओ छन् भन्ने बारेमा हाम्रा सरकारी निकायसँग कुनै आधिकारिक तथ्यांक छैन । डीएसबी तथा पीपीओ स्थापना तथा नवीकरणको प्रक्रिया के हो भन्नेबारेमा पनि सरकारी निकाय अलमलमा छन् । परराष्ट्र मन्त्रालयका सहसचिव तथा दक्षिणएशिया महाशाखाका प्रमुख भृगु ढुंगाना भन्छन्, "हाम्रो काम भारतीय दूतावासबाट आउने डीएसबी र पीपीओसम्बन्धी प्रस्ताव रक्षा मन्त्रालयमा पठाइदिने हो । त्यसपछिको प्रक्रिया रक्षा मन्त्रालयले नै तय गर्छ ।" उनका भनाइमा, "परराष्ट्र मन्त्रालयको काम समन्वय गरिदिने मात्र हो ।" रक्षा मन्त्रालयसँग भने यस विषयसम्बन्धी आफ्नै कुनै विवरण छैन । दुई महीनाभन्दा लामो समयदेखि ताकेता गरे पनि रक्षा मन्त्रालयले डीएसबी र पीपीओबारे कुनै जानकारी दिन सकेन । 'भूकम्पपछि मन्त्रालय सरेको, कतिपय कागजपत्र पुरानै कार्यालयमा रहेको र कर्मचारीहरू नयाँ भएकाले तथ्यांक र प्रक्रियाबारे बुझ्न बाँकी नै रहेको' रक्षासचिव श्रीधर सापकोटाको भनाइ थियो ।

भारतीय दूतावासले पनि यस सम्बन्धमा कुनै प्रतिक्रिया जनाउन चाहेन । नेपालस्थित भारतीय दूतावासका प्रवक्ता रूवी जसप्रित शर्माले पहिलो इमेल पत्राचारको एक सातापछि १३ डिसेम्बर २०१६ मा भेट्न बोलाइन् । भेटका क्रममा उनले थप प्रष्टतासहित पत्राचार गर्न भनिन् । नेपाली भूमिका कति वटा डीएसबी र पीपीओ छन्, बैंकबाटै पेन्सन वितरण गर्न सकिने अवस्थामा किन डीएसबी र पीपीओ थप्न खोजिएको हो जस्ता प्रश्नसहित पटक–पटक इमेल गर्दा पनि दूतावासले कुनै प्रतिक्रिया जनाएन ।

बुटवलमा पेन्सन वितरण कार्यालय स्थापनाका लागि ताकेता गरिरहेको भारतको बुटवलकै डिस्टिक सोल्जर बोर्डको नवीकरण पनि २४ अगस्ट २०१३ देखि विचाराधीन छ । आईईडब्ल्यूओएनको चौबीसौं सम्मेलनका लागि तयार पारिएको दस्तावेज अनुसार, यस सम्बन्धमा २३ अगस्ट २०१२, ५ डिसेम्बर २०१३, १ डिसेम्बर २०१४ र १ सेप्टेम्बर २०१५ मा पनि मौखिक रूपमा चासो जनाइएको

थियो । त्यसैगरी ३१ डिसेम्बर २०१५ मा धरान र पोखराको पेन्सन वितरण कार्यालयको जग्गा सम्झौताको अवधि बढाउन लिखित पत्राचार गरिएको थियो ।

३ सेप्टेम्बर २०१५ मा सैनिक सहचारी मानराज सिंह मानले नेपाल सरकारले बुटवलस्थित डीएसबीका लागि २१ फेब्रुअरी २००३ मा १.१४.५ बिघा जग्गा २४ अगस्ट २०१३ सम्म (१० वर्ष) का लागि उपलब्ध गराइएको उल्लेख गर्दै सम्झौताको अवधि सकिएकाले पुरानै नियम र शर्तमा थप १० वर्षका लागि नवीकरणका लागि पत्राचार गरेका छन् । पत्र अनुसार यसअघि २३ अगस्ट २०१३, ५ डिसेम्बर २०१३ र १ डिसेम्बर २०१४ मा पनि यस सम्बन्धमा आग्रह गरिएको उनले उल्लेख गरेका छन् ।

भारतीय मागअनुरूप गिरिजाप्रसाद कोइराला (स्व.) नेतृत्वको तत्कालीन सरकारको १३ कात्तिक २०६३ को मन्त्रिपरिषद् बैठकले कोहलपुर (बाँके), वालिङ (स्याङ्जा) दिक्तेल (खोटाङ), बेसीशहर (लमजुङ), टीकापुर (कैलाली) र गोरखामा गरी १० वर्षका लागि ६ वटा डीएसबी स्थापनाका लागि दिएको अनुमतिको पनि म्याद कटिसकेको छ । यसको अर्थ हाल कतिपय डीएसबी र पीपीओहरू नवीकरणविनै संचालनमा छन् । भारतले डीएसबीका लागि सेक्रेटरी, सुपेरीटेन्डेन्ट/हेड क्लर्क, वेलफेयर अर्गनाइजरसहित ७ जना कर्मचारी राख्ने सम्बन्धमा पनि स्वीकृति मागेको छ । कति डीएसबी र पेन्सन क्याम्प नवीकरण विनै चलिरहेका छन्, त्यस्ता संरचनामा को बस्छन् भन्ने कुनै आधिकारिक विवरण सरकारी निकायसँग छैन ।

## बैंक होइन नगदमै पेन्सन

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय स्वतन्त्रता दिवसको अवसरमा १५ अगस्ट २०१४ मा 'जनधन योजना' को घोषणा गर्दै सन् २०१८ भित्रै ७५ लाख भारतीय घर-परिवारका कम्तीमा दुई जना सदस्यको बैंक खाता खोलिसक्ने जनाएका थिए । तर नेपालमा रहेका पूर्वसैनिकलाई पेन्सन वितरणका लागि भन्दै डीएसबी र पीपीओ जस्ता संरचना विस्तारमा जोड दिनुपछाडिको भारतीय उद्देश्य के हो ? जानकारहरूका अनुसार नेपाली भूमिमा आफ्नो प्रभाव विस्तार गर्ने उद्देश्यले भारतले डीएसबी र पीपीओको संख्या बढाउन चाहेको हो । भारतीय सेनामा मेजर रहिसकेका सुरक्षा मामिलाका जानकार दिनकर नेपालका अनुसार, "पेन्सन बाँड्नकै लागि डीएसबी र पीपीओजस्ता संरचना आवश्यक छैन । नेपाली भूमिमा आफ्नो उपस्थिति बढाउन मात्र भारतले यस्ता संरचना बढाउन खोजेको हुनसक्छ ।" पूर्व रक्षासचिव ईश्वरीप्रसाद पौड्यालका अनुसार, "बैंकबाटै पेन्सन वितरण गर्न सकिने अहिलेको अवस्थामा डीएसबी र पीपीओको विस्तार गरेर भारतले अन्य केही निगरानी गर्न खोजिरहेको हो कि भन्ने आशंका उब्जाएको छ ।"

रक्षा मन्त्रालयका एक पूर्वसचिवका अनुसार १ लाख २६ हजार पूर्व गोर्खा सैनिकका परिवारसँग प्रत्यक्ष जोडिन र उनीहरूमा तिम्रा लागि हामी नै सबैथोक हौं भन्ने सन्देश दिन पनि भारत यस्ता संरचना बढाउन लागिपरेको हुन सक्छ । "कर्मचारी संयन्त्रबाट हामीले जग्गा उपलब्ध गराउनेलगायतका कार्यका लागि अन्य मन्त्रालयसँग पनि समन्वय गर्नुपर्छ भन्दै टार्दै


आएका छौं । तर, राजनीतिक नेतृत्वको कमजोरीका कारण यस्ता संरचना थपिंदै गएका छन्", ती पूर्व रक्षासचिव भन्छन् ।

गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभागका पूर्वअतिरिक्त मुख्य अनुसन्धान निर्देशक देवराज भट्ट भन्छन्, "नेपाललाई आफ्नो प्रभाव क्षेत्रबाट बाहिर जान नदिने भारतीय परराष्ट्र नीतिअनुरूप नै उसले डीएसबीजस्ता संरचना बढाउँदै लगेको हो । हाम्रो राजनीतिक नेतृत्वले यससम्बन्धमा सजगता अपनाउनुपर्छ ।" उनका अनुसार सांस्कृतिक केन्द्र, पुस्तकालय, अस्पताल, शैक्षिक संस्थामार्फत पनि भारतले आफ्नो प्रभाव विस्तार गर्दै गइरहेको छ ।

द्विपक्षीय व्यापार सहजीकरणका लागि भन्दै वीरगन्जमा २०६० सालमा महावाणिज्य दूतावास स्थापना गरेको छ, भारतले । जहाँ करीब ५० कर्मचारी छन् । २ जेठ २०६९ मा प्रमुख राजनीतिक शक्तिबीच ११ प्रदेशमा सहमति भएको भोलिपल्टै वीरगन्जस्थित महावाणिज्य दूतको कार्यालयका राजनीतिक मामिला हेर्ने कन्सुलर एसडी मेहताले मध्य तराईका राजनीतिक दलहरूलाई आन्दोलन गर्न उक्साएका थिए । वीरगन्जस्थित भिस्वा होटलमा ३ जेठमा पर्सा र बारा जिल्लाका कांग्रेस, एमाले, मधेशसम्बद्ध दलका नेताहरूलाई दिइएको भोजमा उनले ११ प्रदेशका विरूद्ध १४ जेठअघि नै मधेशमा आन्दोलनको आँधीबेहरी ल्याउनुपर्नेमा जोड दिंदै भनेका थिए, "मधेशलाई टुक्रा गर्दा मलाई आफ्नै कलेजो टुक्रा पारे जस्तो अनुभूति भइरहेको छ । तपाईंहरूलाई केही हुँदैन ?"

बेलायती सेनामा काम गरिरहेका पूर्व गोर्खाका लागि बेलायतले के गरेको रहेछ भनेर हामीले जान्न खोज्यौं । नेपालस्थित बेलायती दूतावासले हामीले जिज्ञासा राखेको पाँच दिनभित्रै विवरण पनि उपलब्ध गरायो । उपलब्ध विवरण अनुसार, नेपालमा बेलायती सेनामा काम गरिसकेका पूर्व गोर्खा सैनिक र बेलायतको रक्षा मन्त्रालय मातहत काम गरेका सहित २५ हजारभन्दा बढी पेन्सनर छन् । परराष्ट्र मन्त्रालय युरोप शाखाका उपसचिव भरत रेग्मीले उपलब्ध गराएको तथ्यांक अनुसार पूर्व गोर्खा सैनिकका लागि पेन्सन तथा अन्य कल्याणकारी काम गर्न बेलायतले पनि काठमाडौं, पोखरा र धरान गरी तीन स्थानमा पेन्सन वितरण कार्यालय र २१ स्थानमा 'एरिया वेलफेयर सेन्टर' स्थापना गरेको छ । बेलायती रक्षा मन्त्रालयको वेबसाइट ( http://www.army.mod.uk/gurkhas/27900.aspx) का अनुसार ६९ प्रतिशत गोर्खा भूतपूर्व सैनिकको पेन्सन बैंक खातामा दाखिला गरिन्छ । २० प्रतिशतले पेन्सन वितरण कार्यालय र बाँकी ११ प्रतिशतले एरिया वेलफेयर सेन्टरमार्फत पेन्सन बुझ्छन् । "कुनै प्रकारको ठगीबाट जोगिन र पेन्सन वितरण कार्यालयमा घण्टौं लाइनमा बस्नु नपरोस् भनेर सबैलाई बैंक खातामार्फत पेन्सन लिन प्रोत्साहित गरिएको छ", बेलायती रक्षा मन्त्रालयको वेबसाइटमा उल्लेख छ ।

बेलायतको नेपालस्थित एरिया वेलफेयर सेन्टर गोर्खा भूतपूर्व सैनिक संघका सदस्यहरूले संचालन गरिरहेका छन् । बेलायत सरकारबाट सञ्चालित ब्रिटिश गोर्खा वेलफेयरको सेन्ट्रल कोअर्डिनेसन कमिटीको अध्यक्ष नेपालकै रक्षा सचिव हुन्छन् । पूर्व रक्षासचिव तथा हाल अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्त नवीन घिमिरेका अनुसार बेलायतले एरिया वेलफेयर सेन्टरमार्फत संचालन गर्ने कल्याणकारी कार्य पनि रक्षासचिव अध्यक्ष रहने कमिटीले नै गर्छ । तर



(Please ref to item No I of 24th IEWDN Agenda Points)

भारतीय राजदूतावास
काठमाण्डू (नेपाल)
Embassy of India
Kathmandu (Nepal)

Authority : KAT/MPB/Dharan/ 31 December 2015

The Embassy of Republic of India in Kathmandu presents its compliments to the Ministry of Foreign Affairs, Government of Nepal and has the honour to refer to its Note Verbale No. KAT/MPB/Dharan dated 29 July 2015 (copy attached) regarding the lease of the land leased to Embassy of India, Pension Paying Office Dharan. The lease of the land expired on 16th November 2015.

The esteemed Ministry is requested to renew the lease for a further period of [illegible] years.

The Embassy of Republic of India in Kathmandu avails itself of this opportunity to renew to the Ministry of Foreign Affairs, Government of Nepal the assurances of its highest consideration.

Government of Nepal
Ministry of Foreign Affairs
Department of Consular Services
Kathmandu (Nepal)

Copy to :-

Mr Prakash Subedi
Joint Secretary (South Asia),
Ministry of Foreign Affairs
Government of Nepal
Singha Darbar, Kathmandu (Nepal)

Appendix-'B'
(Please ref to item No I of 24th IEWDN Agenda Points)

भारतीय राजदूतावास
काठमाण्डू (नेपाल)
Embassy of India
Kathmandu (Nepal)

Authority : KAT/MPB/Pokhara/ 31 December 2015

The Embassy of Republic of India in Kathmandu presents its compliments to the Ministry of Foreign Affairs, Government of Nepal and has the honour to refer to its Note Verbale No. KAT/MPB/Pokhara dated 29 July 2015 (copy attached) regarding the lease of the land leased to Embassy of India, Pension Paying Office, Pokhara. The lease of the land expired on 19th November 2015.

The esteemed Ministry is requested to renew the lease for a further period of 10 years.

The Embassy of Republic of India in Kathmandu avails itself of this opportunity to renew to the Ministry of Foreign Affairs, Government of Nepal the assurances of its highest consideration.

Government of Nepal
Ministry of Foreign Affairs
Department of Consular Services
Kathmandu (Nepal)

Copy to :-


Mr Prakash Subedi
Joint Secretary (South Asia),
Ministry of Foreign Affairs
Government of Nepal
Singha Darbar, Kathmandu (Nepal)

**भारतीय पक्षबाट लेखिएका पत्रहरू ।**

आईईडब्ल्यूओएनको अध्यक्ष भने भारतीय राजदूत हुन्छन् । सहसचिव सरहका भारतीय राजदूतको अध्यक्षता हरेक वर्ष हुने आईईडब्ल्यूओएनको सम्मेलनमा रक्षासचिव आमन्त्रित सदस्यका रूपमा सहभागी हुने गरेका छन् । आईईडब्ल्यूओएनको अध्यक्ष पनि रक्षासचिव नै हुनुपर्ने नेपाली पक्षको मागलाई भने भारतले कहिल्यै रूचाएन ।

## बिर्सन नमिल्ने विगत

नेपाली सेनाको इतिहास, २०६९ को पाँचौं अध्याय 'नेपाली सेनाको पुनःनिर्माण र आधुनिकीकरण' (पृष्ठ २५९-४०८) का अनुसार तत्कालीन सरकारका प्रधानमन्त्री मोहनशमशेर जबरा, अर्थमन्त्री सुवर्णशमशेर, गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालालगायत अन्य पदाधिकारीहरू भारतीय सरकारसँग आपसी सहयोगका लागि सरसल्लाह गर्न २५ वैशाख २००८ मा दिल्ली गए । विभिन्न चरणमा भएका भेटवार्तापछि २ जेठ २००८ का दिन दुवै पक्षबीच ४५ मिनेटसम्म संयुक्त बैठक बस्यो । सोही वार्ताका क्रममा अन्य विषयका साथै नेपाली सेनाको आधुनिकीकरणमा भारत सरकारको सहयोगबारे पनि प्रारम्भिक छलफल भएको थियो ।



Appendix 'B'
(Please ref to Item No I of 24th (EWON Agenda Points)

Embassy of India
Welfare Branch
Kathmandu (Nepal)

EWON/121/H

Sep
Aug 2015

The Embassy of Republic India in Nepal presents its compliments to the Ministry of Foreign Affairs, Government of Nepal with reference to Para 1 of their Note Verbale No SA/63-36A/2/37 dated 21 Feb 2003 and has the honour to state that the land area 1.14.6 Bighas was provided on lease for District Soldier Board at Butwal for a period of 10 years i.e upto 25 Aug 2013 for the purpose of distribution of pension to Nepal Domiciled, Indian Armed Forces Ex-servicemen and their families.

The Embassy of Republic India has the honour to request the esteemed Ministry that the above mentioned lease be renewed on the same terms and conditions, for a further period of 10 years commencing from the date of expiry of the lease i.e 24 Aug 2013 as requested vide this Embassy's Note Verbale No EWON/121/H dated 23 Aug 2013, ... 2013 and 01 Dec 2014.

The Embassy of Republic India in Nepal avails itself of this opportunity to renew to the Ministry of Fo... ...ernment of Nepal the assurances of its highest consideration.

Government of Nepal
Ministry of Foreign Affairs
Department of Consular ...
Kathmandu (Nepal)

Colonel
Defence Attache
Embassy of India, Nepal

Appendix 'A'
(Please ref to Item No I of 24th (EWON Agenda Points)

भारतीय राजदूतावास
काठमाण्डू (नेपाल)
Embassy of India
Kathmandu (Nepal)

KAT/MB/Butwal

September 01, 2015

The Embassy of Republic of India in Kathmandu presents its compliments to the Ministry of Foreign Affairs, Government of Nepal and has the honour to refer to the sanctions for establishment of a Pension Paying Office at Butwal, by the Governments of India and Nepal on 29 Jan 2004, 23 Jun 2004 and 30 Jun 200.. respectively, our Note Verbale No MA/S/2018/Vis dated 01 Jan 2015 and Department of Forest, Ministry of Forest and Land Conservation, Govt of Nepal Note No. 2/3/068/69-154 dated (2069/09/04) addressed to Ministry of Forest and Soil Conservation, Singha Durbar, regarding use of land of forest area for Pension Paying Office (PPO) in Butwal (photocopies attached).

It is clarified to the Esteemed Ministry that the Embassy of India is seeking to establish the Pension Paying Camp Butwal at the existing location of the District Soldier Board, Butwal. Hence, the additional requirement of land is of 15 Kathas only, adjacent to the existing District Soldier Board location. 08 Bighas of land at the foothills of Hill Park, Butwal Municipality was asked for, only if the above 15 Kathas of land, was not feasible. However, 15 Kathas of additional land, which is mainly a forest slope descending into a 'Nallah' adjacent to the DSB, will be sufficient for the establishment of the Pension Paying Office.

May we once again request the esteemed Ministry to kindly assist in early allotment of the land, for which approval of both the Governments was given ... 2004 and 2009.

The Embassy of Republic of India in Kathmandu avails itself of this opportunity to renew to the Ministry of Foreign Affairs, Government of Nepal the assurances of its highest consideration.

Ministry of Foreign Affairs
Government of Nepal
Kathmandu

Copy to :-

Department of Forest
Ministry of Forest and Land Conservations
Government of Nepal, Kathmandu

१ मंसीर २००८ मा मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा मन्त्रिमण्डल गठन भयो । २३ देखि २७ पुस २००८ सम्म प्रधानमन्त्री कोइरालासहित ६ मन्त्रीले दिल्लीमा राजनीतिक भेटघाटका क्रममा भारतीय नेतासँग एउटा सिभिल सल्लाहकार र सैनिक मिसन नेपाल पठाइदिन आग्रह गरेका थिए । डा. केआई सिंहको नेतृत्वमा रक्षा दलले विद्रोह गरेपछि भारतीय सैनिकको नेपाल प्रवेशका लागि वातावरण झनै सहज भयो । २००७ सालको क्रान्तिका लागि हातहतियार दिई भर्ना गरिएका नेपाली कांग्रेसका मुक्ति सेनाका जवानलाई सिंहदरबारमा रक्षा दलको नाममा मुख्यालय बनाई राखिएको थियो । २००७ सालको दिल्ली सम्झौताको विरोधमा रहेका डा. सिंहलाई २६ साउन २००८ मा बुटवलबाट पक्राउ गरी रक्षा दलकै पहरामा बन्दी बनाई सिंहदरबारमा राखिएको थियो ।

८ माघ २००८ राति डा. सिंहको नेतृत्वमा रक्षा दलले विद्रोह गर्‍यो । विद्रोहीले राजधानीको बारूदखाना, तोपखाना, बन्दूकखाना र अन्य प्रमुख स्थान कब्जामा लिएका थिए । गृष्मबहादुर देवकोटाको पुस्तक *नेपालको राजनीतिक दर्पण* (२०३६), पृष्ठ ६१-६२ का अनुसार यो घटनालगत्तै १४ माघ २००८ मा प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र मन्त्रीहरू दिल्ली गएर भारत सरकारसँग नेपाली राष्ट्रिय सेनाको पुन:निर्माणमा सैनिक सहयोग गर्न आग्रह गरे ।



स्रोत: भारतीय दूतावासको वेबसाइट

**भारतीय राजदूत रंजित रेको अध्यक्षतामा भएको आईईडब्ल्यूओएनको २४औं सम्मेलनमा तत्कालीन रक्षासचिव महेशप्रसाद दाहाल ।**

२७ फागुन २००८ मा भारतीय सेनाका मेजर जनरल वाईएस परांजपेको नेतृत्वमा ८ जना सैनिक अधिकारी सम्मिलित शिष्टाचार मण्डल नेपाल आएको थियो । उनीहरूसँगको छलफलपछि नेपाल सरकारले भारतीय सेनाका २० जना अधिकृत र उनीहरूका स्टाफसहितको सैनिक टोली निम्त्याउने निर्णय गर्‍यो । उक्त सैनिक टोलीले एक वर्ष वा त्यसभन्दा पनि चाँडो नेपाली सेनाको शिक्षा, तालीम र पुनःसंगठनको योजना चालू गराउन नेपाली सेनाका अधिकृतलाई सघाउने निर्णय भएको थियो ।

३ वैशाख २००९ मा भित्रिएको भारतीय सैनिक मिसनमा २० अधिकृत, १७ जुनियर अधिकृत र १२० सिपाही गरी १५७ जना थिए । यसबाहेक काठमाडौंको गौचर हवाई मैदान बनाउन पाँच अधिकृतसहित १४५ जनाको छुट्टै टोलीसमेत नेपाल आएको थियो । २००९ को शुरूमै बढीमा एक वर्षका लागि आएको भारतीय सैनिक मिसन २०१५ सम्मै रह्यो । ७ साउन २०१५ को *नेपाल आर्मी अर्डर* नम्बर २१३१/१५ अनुसार १ साउन २०१५ मा मात्र भारतीय सैनिक मिसन फर्कियो । त्यसमध्येको एउटा सानो टोली भारतीय सैनिक प्रशिक्षण सल्लाहकार दलको नामले नेपालमै रह्यो । १७ मंसीर २०२० को रक्षा मन्त्रालयको पत्र संख्या ए/१/च/३/२४/०२०/२१ क २३३१ अनुसार समयक्रममा सल्लाहकार दलको नाम परिवर्तन भई इन्डियन मिलिटरी स्टोर्स लियाजो ग्रुप (आईएमएसएलजी) हुँदै २०२० सालमा इन्डियन मिलिटरी लियाजो ग्रुप (आईएमएलजी) रहन गयो ।

पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्टका अनुसार २०२६ सालसम्म चीन-तिब्बतको नेपालसँग जोडिएको उत्तरी सिमानामा १६ वटा चौकी नै स्थापना गरेको थियो भारतीय फौजले । राजधानी

काठमाडौंलाई आधार बनाएर त्यो भारतीय फौज नेपालको उत्तरी सिमानामा परिचालित थियो । त्यसमार्फत भारतले अमेरिकाको समेत सहयोगमा चीनविरूद्ध सुराकी गर्थ्यो । "सन् १९६२ को चीन-भारत युद्धताका त त्यसरी उत्तरी सीमामा तैनाथ भारतीय फौजको सक्रियता उदेकलाग्दो थियो । मेरै प्रधानमन्त्रीकालमा ती चौकीहरू हटाउने निर्णय गरिएको हो", २०६४ असोजमा पूर्वप्रधानमन्त्री विष्टले भनेका थिए, "भारतीय सुरक्षा फौजको उपस्थितिले एकातिर नेपालको सार्वभौम सत्तामाथि आँच पुऱ्याइरहेको थियो भने अर्कोतर्फ छिमेकी मुलुक चीनलाई चिढ्याउने काम गरिरहेको थियो । त्यससँगै २०२६ सालमा भारतीय सेनाको लियाजो ग्रुपको कार्यालय पनि बन्द गरी उनीहरूलाई फिर्ता पठाइयो ।"

जुनसुकै प्रयोजनका लागि आए पनि काम सकिएपछि समेत किलो गाडेर बस्न चाहने भारतीय रवैयाको पछिल्लो उदाहरण हो, विराटनगरस्थित फिल्ड अफिस । भारतले नेपाल सरकारको आदेशको अवज्ञा गर्दै ८ वर्षदेखि विराटनगरमा फिल्ड अफिस संचालन गर्दै आएको छ । २०६५ भदौमा पूर्वी नेपालमा आएको बाढीपहिरोले कोशी नदीमाथिको नियमित सडकमार्ग भत्काएको थियो । त्यसपछि सवारी आवागमन सहजीकरणका लागि बिहार हुँदै नेपाल छिर्नुपर्ने अवस्था आइपरेको थियो । भारतीय दूतावासले पूर्व-पश्चिम यातायात आवागमनका लागि रूट पर्मिट दिन भन्दै विराटनगरमा फिल्ड अफिस खोलेको हो । जुन अहिले कूटनीतिक सम्पर्क कार्यालयको रूपमा छ । भारतले सो कार्यालय बन्द नगर्ने स्पष्ट पार्दै त्यसको साटो 'रेसिप्रोकल' आधारमा भारतका कुनै शहरमा नेपाली कन्सुलर अफिस खोल्न अनुमति दिन सकिने जनाएको छ ।

माओवादी केन्द्रका वरिष्ठ नेतासमेत रहेका श्रेष्ठले आफू पूर्वपरराष्ट्रमन्त्री छँदा जुन प्रयोजनका लागि सो कार्यालय स्थापना भएको हो, त्यसको आवश्यकता सकिएकाले बन्द गर्न निर्देशन दिए पनि भारतले अटेर गरेको बताए । आफूले यस सम्बन्धमा उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा पनि पटकपटक कुरा उठाएको उनको भनाइ छ । श्रेष्ठका अनुसार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो नेपाल भ्रमणका बेला काठमाडौंमा उनको उपस्थितिमा भएको सर्वदलीय बैठकमा पनि कार्यालय बन्द गरिनुपर्नेमा उनले जोड दिएका थिए ।

तर, भारतीय राजदूत रणजित रायले विराटनगर पुगेर 'यो कार्यालय बन्द गर्ने योजना नारायणकाजीको मात्र हो, नेपाल सरकारको होइन' भनेर आफूप्रति टिप्पणी समेत गरेको उल्लेख गर्दै श्रेष्ठले भने, "नेपाली भूमिमा आफ्नो प्रभाव विस्तार गर्दै हाम्रो राष्ट्रियतालाई संकुचनमा पार्ने त भारतीय नीति नै हो । तर सरकारले कार्यालय बन्द गर्न आदेश दिंदासमेत त्यसको अवज्ञा गर्नु भनेको नेपालको सार्वभौमिकतालाई नै अस्वीकार गर्नु हो ।" एक वरिष्ठ सुरक्षा अधिकारीका अनुसार नेपाली भूमिमा आफ्ना संरचना विस्तार गर्ने र प्रयोजन सकिएपछि पनि रहिरहन चाहने भारतीय रणनीति नै हो । ती सुरक्षा अधिकारीले भने, "त्यसैले इतिहासलाई समेत स्मरण गर्दै सरकार र राजनीतिक दलहरू भारतको फैलँदो रक्षा सञ्जालबारे सचेत हुनैपर्छ ।"

*(२ फागुन २०७३, www.cijnepal.org.np)*




# २.

# बैंक ब्याजः पहुँचवाला पोस्न एघार लाखमाथि ज्यादती

तरलता अभावको नाममा अहिले बैंकहरूले निक्षेप र कर्जाको ब्याजमा सीमित पहुँचवाला व्यक्ति तथा संस्थालाई फाइदा पुऱ्याउँदै ११ लाख सर्वसाधारण सेवाग्राहीलाई अन्याय गरिरहेका छन्, कसरी ?

● सुदर्शन सापकोटा

ऋण लगानी गर्ने पैसा सकियो भनेर बैंकहरू अहिले पैसाको जोहो गर्न निक्षेपको ब्याज बढाइरहेका छन् । तर, ब्याज बढाउँदा यसरी चलाखी गरिएको छ कि बढेको भनिएको निक्षेपको ब्याज सर्वसाधारणले पाएका छैनन् । उल्टो निक्षेप महँगोमा लिएको भनेर बैंकहरूले यही मौकामा बेपत्तासँग ऋणको ब्याज पनि बढाएका छन् ।

उत्तम मास्के ग्लोबल आईएमई बैंकका बचतकर्ता हुन् । शेयर बजारका लगानीकर्ता मास्केले बैंकबाट ऋण पनि लिएका छन् । उनले एक वर्षअघि ८.५ प्रतिशतमा लिएको ऋणको ब्याजदर अहिले बैंकले ११ प्रतिशत पुऱ्याइसकेको छ । तर, उनले दुई प्रतिशतमा राखेको बचत खाताको ब्याजदर भने अहिले पनि त्योभन्दा माथि उक्लिएको छैन । मास्के एक जना प्रतिनिधि पात्र मात्रै हुन् । उनी जस्ता लाखौं सर्वसाधारण छन् जो नेपालका बैंकको यो धूर्त व्यवहारको शिकार भइरहेका छन् ।

बैंकको सीईओ भइसकेका शोभनदेव पन्तले 'निक्षेपको ब्याज बढेको' विज्ञापन पत्रिकामा छापिएपछि आफ्नो खाताको रकममा किन ब्याज बढेन भनेर शाखा प्रबन्धकलाई सोधे । प्रबन्धकले उनलाई 'यो सुविधा नयाँ खाता खोल्नेलाई मात्र हो, पुरानालाई होइन' भने ।

सर्वसाधारणलाई अहिले बैंक ब्याजका बारेमा चासो लाग्नु स्वाभाविक छ । किनकि बैंकहरूले धमाधम निक्षेपको वार्षिक ब्याजदर १२ प्रतिशत पुगेको विज्ञापन गरिरहेका छन् । एनआईसी एशिया, नेपाल क्रेडिट एण्ड कमर्स (एनसीसी) र सिभिल बैंकले १२ प्रतिशत ब्याज दिने भनेर विज्ञापन नै निकालेका छन् । सानिमा, सीटीजन्स बैंक इन्टरनेशनल, ग्लोबल आईएमई, माछापुच्छ्रेले १० प्रतिशतभन्दा माथि ब्याज दिने विज्ञापन गरेका छन् । विज्ञापन नगरिकन पनि सहमतिमा बैंकहरूले ठूला निक्षेपकर्तालाई १३ प्रतिशतसम्म ब्याज दिइरहेका छन् । जस्तो कि पछिल्लो १० दिनभित्र मात्रै सिभिल, सीटीजन्स, मेगा, एनसीसी बैंकले नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषले निक्षेप राख्न गरेको सूचनामा १३.०९ प्रतिशतसम्म ब्याज दिने प्रस्ताव गरेर निक्षेप लगेका छन् । स्ट्याण्डर्ड चार्टर्ड बैंकले नेपाल विद्युत् प्राधिकरणसँग १२.७६ प्रतिशत ब्याजमा निक्षेप लगेको छ ।

बैंकले विज्ञापनमा उल्लेख गरे बमोजिमको ब्याज सर्वसाधारणले नपाउनुमा व्यावसायिक चलाखीले काम गरेको छ । विज्ञापनको पुछारमा उनीहरूले स्टारको चिह्न **(*)** राखेका हुन्छन् । यसको अर्थ 'शर्तहरू लागू हुनेछन्' भन्ने हुन्छ । यही अमूर्त शर्तहरूका कारण ब्याज बढेको होहल्ला मच्चिंदा पनि सर्वसाधारणले चाहिं बढेको ब्याज पाउँदैनन् । यस्तो ब्याज पाउन बैंकका 'शर्तहरू' पूरा गर्नुपर्छ ।

बढेको ब्याज पाउन १० लाख रूपैयाँभन्दा माथि निक्षेप जम्मा गर्नुपर्ने एउटा शर्त छ । यस्तो चलाखीपूर्ण विज्ञापनको भाषा नबुझी पैसा राख्न जाँदा काठमाडौं काँडाघारीका मनिष कार्की खिस्रिक्क भए । चार महीना पैसा राख्दा १२ प्रतिशत ब्याज दिने सिभिल बैंकको विज्ञापन देखेर उनी आफूसँग भएको एक लाख रूपैयाँ राख्न २०७३ माघ पहिलो साता सिभिल बैंक पुगेका थिए ।

उनी त्यतिबेला खिन्न भए जब सिभिल बैंकको काउन्टरका कर्मचारीले उनलाई 'साढे पाँच प्रतिशत मात्रै ब्याज दिन सकिने' बताए । कर्मचारीले विज्ञापनभित्रको स्टार (शर्तहरू लागू हुनेछन् भनेर लेखिएको) देखाउँदै १० लाख रूपैयाँ जम्मा गर्ने भए मात्र १२ प्रतिशत ब्याज दिने बताए । मनिष कार्की भन्छन्, "यो उमेरमा आएर म अज्ञानी ठहरिएँ । भाषा पढ्न अब विश्वविद्यालय होइन, बैंकरकहाँ जानुपर्ने भयो ।"

पत्रिकामा छापिएका बैंकका विज्ञापन हेर्दा लाग्छ अब लगानीको चिन्ता नगरे हुन्छ । अब बैंकमा पैसा राखेर ब्याज खाए पुग्छ । तर, अहिले पनि साना निक्षेपकर्ताले पैसा जम्मा गरेको खाताको औसत ब्याजदर २.०४ प्रतिशत मात्रै छ । बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा एक करोड ७५ लाख वटा निक्षेप खाता खोलिएका छन् । जसमा २२ खर्ब १३ अर्ब रूपैयाँ जम्मा छ, यसको ४२.८७ प्रतिशतले हुने ९ खर्ब ४९ अर्ब रूपैयाँको ब्याज भनेको २.०४ प्रतिशत मात्रै हो ।


## ऋणमा पनि फाइदा ठूलैलाई

सर्वसाधारणको निक्षेपमा ब्याज बढाएको प्रचार गरेर बैंकले सर्वसाधारणलाई दिएको ऋणमा अचाक्ली ब्याज वृद्धि गरेका छन् । निक्षेपमा ब्याज बढेको नाममा 'क' वर्गका वाणिज्य बैंकहरूले सर्वसाधारणलाई साढे ६ प्रतिशतमा दिएको घर कर्जाको ब्याज अहिले ११ प्रतिशतसम्म पुऱ्याइसकेका छन् । नयाँ ग्राहकले त यो भन्दा बढी ब्याज तिर्नुपर्छ । 'ख' र 'ग' वर्गका विकास बैंक र फाइनान्स कम्पनीले ऋणमा अझ धेरै ब्याज बढाएका छन् ।

यसरी हेर्दा तीन महीनाअघि साढे ६ प्रतिशत रहेको ऋणको ब्याज अहिले ११ प्रतिशतसम्म पुग्दा सर्वसाधारणको बजेट नै चौपट भएको छ । तीन महीना पहिले २० लाख रूपैयाँ २० वर्षका लागि घर कर्जा लिंदा मासिक १४ हजार ९११ रूपैयाँ किस्ता तिरे पुग्थ्यो । अहिले बैंकले ब्याज ११ प्रतिशत पुऱ्याइदिंदा सर्वसाधारण ऋणीको काँधमा अतिरिक्त पाँच हजार ७३३ रूपैयाँ थपिएर मासिक किस्ता २० हजार ६४४ रूपैयाँ पुगेको छ । "यो बैंकले नाफाका लागि सर्वसाधारणमाथि गरेको अन्याय हो" बैंकर्स संघका पूर्व उपाध्यक्षसमेत रहेका पन्तले भने, "सीमित व्यक्ति र संस्थाहरू मात्रै बैंकबाट पोसिएका छन् ।"

सर्वसाधारणसँग सस्तोमा उठाएको पैसा महँगोमा लगानी गरेर नै बैंकहरूले नाफा कमाउने हुन् । तर, जसले बैंकहरूलाई नाफा कमाउन पैसा दिइरहेका छन् अहिले बैंकहरू उसैलाई अन्याय गरिरहेका छन् ।

यसको भित्री कथा रोचक छ । नेपालका बैंकहरूले देशभरका करीब ३०० ठूला निक्षेपकर्तालाई तिरेको महँगो ब्याजको खर्च सर्वसाधारणसँग उठाउन अहिले ऋणको ब्याज वृद्धि गरिरहेका हुन् । हिजोसम्म ५/६ प्रतिशत मात्रै ब्याज दिइरहेका ठूला निक्षेपकर्तालाई अहिले आएर बैंकहरूले १३ प्रतिशतसम्म ब्याज दिएपछि उनीहरूको आम्दानी प्रत्यक्ष रूपमै घटेको छ । त्यसैले आफ्नो आम्दानी घट्न नदिन अहिले बैंकहरू आफूसँग ऋण लिएका सर्वसाधारणको ब्याज बढाइरहेका छन् । अहिले बैंकले ठ्याक्कै गरेको यही हो । यही सूत्र




अवलम्बन गरेका कारण हिजो भूकम्प र नाकाबन्दीको समयमा पनि नेपालका बैंकहरूले आफ्नो नाफा ४० प्रतिशतसम्मले बढाएका थिए ।

ठूला ३०० हाराहारी निक्षेपकर्ताहरू को हुन् ? यो सूचीमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, बीमा कम्पनीहरू, नेपाली सेना, नेपाल प्रहरीको कल्याणकारी कोष, नेपाल टेलिकम, गुठी संस्थान पर्छन् । त्यस बाहेक 'ख' र 'ग' वर्गका विकास बैंक तथा वित्तीय संस्थाहरू र केही व्यावसायिक घरानाहरू यसमा पर्छन् ।

सामान्य अर्थमा ऋणको ब्याज बढ्दा त्यसको असर समान रूपमा सबैलाई पर्नुपर्ने हो । तर, नेपालमा ऋणको ब्याज बढ्दा पनि त्यसको भार पहुँचवाला र ठूलाबडालाई खासै पर्दैन । बैंकहरूले सधैंभरि व्यापार दिइरहने ठूलाबडाको खातिरदारी गर्न उनीहरूको ब्याजदर भने खासै वृद्धि गर्दैनन् ।

ठूलाबडाले कसरी सहुलियत पाइरहेका छन् भन्ने थाहा पाउन यो तथ्यांक हेरौं । वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूबाट ऋण लिनेको संख्या ११ लाख एक हजार २४० छ । वाणिज्य बैंकहरूबाट मात्र ऋण लिने संख्या ७ लाख ६१ हजार ८५१ छ । राष्ट्र बैंकका अनुसार, व्यावसायिक क्षेत्रबाट ऋण लिनेहरूको संख्या कुल ऋणीको ५ प्रतिशत अर्थात् करीब ५५ हजार हाराहारी हुन आउँछ ।

"ती ५ प्रतिशतले ऋण लिंदा पनि ब्याजदरमा सहुलियत पाएका छन् । अहिले पनि व्यावसायिक कर्जाको औसत ब्याजदर ८ प्रतिशत मात्रै छ" राष्ट्र बैंकको अनुसन्धान विभाग प्रमुख नरबहादुर थापाले भने, "ब्याज बढ्दा पनि घट्दा पनि फाइदा ठूलाठालुलाई नै भइरहेको छ । सर्वसाधारणलाई फाइदा पुग्ने गरी बैंकहरू चल्दै चलेनन् ।"

व्यवसायीहरूले ब्याज बढ्दा देखावटी विरोध गरे पनि चर्को असहमति राख्ने गरेका छैनन् । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष पशुपति मुरारकाले भने, "निक्षेपको ब्याज बढ्दा फाइदै भइरहेको छ ।" उनले पैसा राख्दा पाइने ब्याजदर ५/६ प्रतिशतले बढ्दा ऋण लिंदा तिर्नुपर्ने ब्याजदर ३/४ प्रतिशतले मात्रै बढेको अनुभव सुनाए ।

## तर्क नै गलत

अहिले बैंक तथा वित्तीय संस्थासँग २२ खर्ब १३ अर्ब रूपैयाँ निक्षेप छ । यसमध्ये दुई खर्ब १२ अर्ब रूपैयाँ बीमा कम्पनीहरू, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको हो । गुठी संस्थान, नेपाल प्रहरी, नेपाली सेनासमेत जोड्दा यस्तो निक्षेप तीन खर्ब २९ अर्ब रूपैयाँ पुग्छ ।

कुल निक्षेपमा सबैभन्दा बढी हिस्सा ४२.८७ प्रतिशत बचत खाताको छ । सर्वसाधारणले मात्र बचत खाता खोल्न पाउँछन्, संघसंस्था, कम्पनीहरूले पाउँदैनन् । राष्ट्र बैंकले ५ माघ २०७३ मा सार्वजनिक गरेको तथ्यांक अनुसार यस्तो खाताको ब्याजदर अहिले पनि औसत २.०४ प्रतिशत मात्रै छ ।

ब्याज नै दिनु नपर्ने चालू खाताले कुल निक्षेपको ८.१० प्रतिशत हिस्सा ओगट्छ । बचतपछि बढी हिस्सा मुद्दती निक्षेपको ३१.८३ प्रतिशत छ । यो खाता सर्वसाधारणसँगै संस्थागत तथा ठूला निक्षेपकर्ताले पनि खोल्न पाउँछन् । यसमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष जस्ता संस्थागत निक्षेपकर्ताले १३ प्रतिशतसम्म ब्याज पाइरहेका छन् ।

संस्थाहरूका लागि चालू र बचत खाताको 'हाइब्रिड' रूपमा ल्याइएको कल डिमान्ड (माग्नेवित्तिकै पैसा फिर्ता गर्नुपर्ने र ब्याज पनि तिर्नुपर्ने) खाताको हिस्सा १६.४ प्रतिशत छ । यसको ब्याजदर ८/१० प्रतिशत छ । प्रतीतपत्रलगायतका सेवा लिन जम्मा गर्नुपर्ने निक्षेप खाता 'मार्जिन डिपोजिट' हिस्सा ०.८० प्रतिशत छ । यसमा खासै ब्याज दिनुपर्दैन ।

राष्ट्र बैंकको तथ्यांक अनुसार, कुल निक्षेप २२ खर्ब १३ अर्ब रूपैयाँमध्ये तीन खर्ब २९ अर्ब रूपैयाँ ठूला निक्षेपकर्ताको देखिन्छ । उनीहरूले धेरैजसो पैसा बढी ब्याज आउने मुद्दती खातामा राखे पनि केही पैसा ब्याज नआउने चालू खातामा पनि राखेका हुन्छन् ।

"सर्वसाधारणले खोल्ने बचत खातामा बैंकहरूले दुई प्रतिशत ब्याज दिएर ठूला निक्षेपकर्ताको मात्र ब्याज बढाइरहेका छन्" राष्ट्र बैंकको अनुसन्धान विभागका कार्यकारी निर्देशक थापाले भने, "बैंकहरूले दोहोरो मापदण्ड अपनाउँदा सर्वसाधारणलाई अन्याय भइरहेको छ ।"

बैंकहरूले सर्वसाधारणले लैजाने घरकर्जाको ब्याज मात्र बढाएका छैनन्, यही मेसोमा कृषि क्षेत्रमा जाने कर्जाको ब्याज पनि महँगो पारेका छन् । अहिले कृषि कर्जाको ब्याजदर १३ प्रतिशत माथि छ । ठूला निक्षेपकर्तामा बढाएको ब्याजदरको भार देशलाई आर्थिक रूपमा फाइदा पुऱ्याइरहेका जलविद्युत् आयोजनाहरूले पनि बेहोर्नु परिरहेको छ । यस बीचमा जलविद्युत् क्षेत्रको ब्याजदर तीन प्रतिशतसम्म बढेको छ ।

## प्राविधिक जवाफ

ब्याजदरमा सर्वसाधारण किन मारमा परिरहेका छन् ? बैंकहरूसँग यसको 'प्राविधिक' उत्तर मात्र छ । नेपाल राष्ट्र बैंकले १०० रूपैयाँ निक्षेप उठाएबापत ८० रूपैयाँ मात्र ऋण लगानी गर्न पाउने व्यवस्था गरेको छ । बैंकहरूले ८० रूपैयाँको सिलिङ पार गरिसकेका छन् । यसलाई

८० भन्दा तल नझारे कारबाही हुन्छ । त्यसैले नयाँ ऋण दिनका लागि बाटो बन्द छ ।

"त्यसैका लागि तत्काल ठूलो रकम उपलब्ध गराउने संस्थालाई आकर्षित गर्न बैंकले निक्षेपको ब्याज बढाउनु परेको हो", कुनै बेला शोभनदेव पन्तले जिम्मा लगाएको लुम्बिनी बैंक मर्ज गर्ने बैंक अफ काठमाण्डू लुम्बिनीका प्रमुख कार्यकारी अधिकृत अजय श्रेष्ठले भने ।

राष्ट्र बैंकले शेयरधनीले बैंकमा हाल्नुपर्ने दुई अर्बको पूँजीलाई ८ अर्ब रूपैयाँ पुऱ्याइदिएको छ । अर्थात् हिजो दुई अर्ब पूँजी हुँदा बैंकहरूले जति मात्रामा व्यापार गरेका थिए अब ८ अर्ब पुग्दा त्यही अनुपातमा ब्यापार बढाउनुपर्ने दबाब छ ।

भूकम्प र नाकाबन्दीका कारण गएको आर्थिक वर्षमा एक प्रतिशतभन्दा तल आर्थिक वृद्धि हासिल भएको पृष्ठभूमिमा सरकारले चालू आर्थिक वर्षमा साढे ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको छ ।

वाणिज्य बैंकहरूको छाता संगठन बैंकर्स संघका अध्यक्ष अनिल शाहले भने "एकातिर पूँजी वृद्धि र अर्कोतिर फराकिलो आर्थिक वृद्धिबाट हौसिएर हामीले धमाधम लगानी गर्न थाल्यौं ।" हुन पनि नेपाल राष्ट्र बैंकले वर्षभरि २० प्रतिशतले कर्जा विस्तार गर्ने लक्ष्य राखेकोमा बैंकहरूले ६ महीनामै ३० प्रतिशतले कर्जा विस्तार गरे । यसले गर्दा बैंकहरूसँग पैसा चाँडै सकियो र तरलता अभाव हुनपुग्यो ।

बैंकहरूलाई तरलता प्रदान गर्ने सरकारी खर्चले हो । बैंकले धमाधम कर्जा विस्तार गरिरहँदा बजेट ल्याएको केपी ओलीको सरकार ढल्यो र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वमा अर्को सरकार बन्यो । पुरानो सरकारले ल्याएको बजेट नयाँ सरकारको प्राथमिकतामा परेन । अहिलेको सरकारले विकास निर्माणमा खर्च नगरेर पैसा आफ्नो खातामा जम्मा मात्रै गऱ्यो ।

"नयाँ सरकारले विकास निर्माणमा गर्नुपर्ने खर्च गरेको छैन । विकास निर्माणमा खटाएका ठेकेदारलाई दिने भुक्तानीदेखि पूर्वाधार निर्माणमा लाग्ने सामान आयातको सबै खर्च बैंकमार्फत हुन्थे", शाहले भने, "सरकारले खर्च नगर्दा बैंकमा निक्षेपका रूपमा पैसा आएन ।"

## झारा टार्दै राष्ट्र बैंक

बैंकर अजय श्रेष्ठका अनुसार, साना निक्षेपकर्ताबाट पैसा उठाएर बैंकको अहिलेको गर्जो टर्ने अवस्था छैन । ठूलाको ब्याज बढाउँदा उनीहरूले एकमुष्ट पैसा दिन्छन् र बैंकको गर्जो टर्छ ।

"सानालाई १५ प्रतिशत ब्याज दिए पनि पैसा जम्मा गर्न आउँदैनन्" अजयले दाबी नै गरे । उनको तर्क छ "अचेल घरमा कसैले पैसा राख्दैन । सबै पैसा बैंकिङ क्षेत्रमै हुन्छ । सर्वसाधारणलाई महँगो ब्याज दिंदैमा बैंकमा थप पैसा आउँदैन ।"

अहिले प्रत्येक बैंकलाई ३/४ अर्ब रूपैयाँ अभाव भएको अनुभव बैंकरहरू सुनाउँछन् । सर्वसाधारणबाट एकै पटक सबै संस्थालाई पुग्ने गरी त्यत्रो पैसा आउँदैन । त्यही भएर ठूलाको निक्षेपमा ब्याज बढाउनु परेको हो ।

बैंकहरूलाई पैसा जुटाउन सजिलो माध्यम वैदेशिक रोजगारीमा गएका नेपालीले पठाउने रेमिट्यान्स पनि थियो। ६ महीनायता रेमिट्यान्स वृद्धिदर घटिरहेको छ। राष्ट्र बैंकका अनुसार, गत वर्ष यसको वृद्धिदर १९.४ प्रतिशत थियो। यसपालि घटेर ६ प्रतिशतमा सीमित छ। चालू आर्थिकमा मंसीर मसान्तसम्म देशमा दुई खर्ब ८७ अर्ब ६६ करोड रूपैयाँ भित्रिएको छ।

निक्षेप बढाउनका लागि राष्ट्र बैंकले सर्वसाधारणलाई दिने ब्याजदर वृद्धि गर्न बैंकहरूलाई पटकपटक आग्रह गरिरहेको छ। राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले सार्वजनिक कार्यक्रममा सर्वसाधारणको बचतको ब्याजदर बढाउन पटक पटक आग्रह गरिरहेका छन्।

२ माघ २०७३ मा वाणिज्य बैंकहरूका एकदर्जन प्रमुख कार्यकारी अधिकृतहरू समेत रहेको एक कार्यक्रममा गभर्नर नेपालले भनेका थिए, "तपाईंहरू संस्थागतलाई मात्र बढी ब्याज दिनुहुन्छ। बढी ब्याजका लोभमा उनीहरू एउटा संस्थाबाट अर्को संस्थामा पैसा सार्छन्। बढी ब्याज सर्वसाधारणलाई दिनुस्। सर्वसाधारणलाई १३ र १४ प्रतिशत ब्याज दिनुभयो भने पैसा जति पनि उठ्छ।" तर, गभर्नर नेपालको यो आग्रहलाई बैंकहरूले टेरपुच्छर लगाएनन्।

राष्ट्र बैंकले पनि औपचारिक अनुरोधमा जे भने पनि सर्वसाधारणलाई ब्याज बढी दिलाउन सक्रिय पहल भने केही पनि गरेन। जलविद्युत्, कृषिमा लगानी गर्न निर्देशन दिएको राष्ट्र बैंकले सर्वसाधारणको ब्याज वृद्धिमा भने मौखिक आग्रहमार्फत भारा टार्ने काम मात्र गरिरहेको छ। जबकि विद्युत्, कृषि जस्ता क्षेत्रमा लगानी नगर्नेलाई उसले कारबाही नै गर्ने गरेको छ।

"खुला बजार सिद्धान्त अनुसार ब्याजदर तोक्ने जिम्मा एकदशक अघिबाटै बैंकलाई छाडिदिएकाले अहिले बढाउ भनेर कानूनी व्यवस्था गर्न गाह्रो हुन्छ", राष्ट्र बैंक अनुसन्धान विभाग प्रमुख थापाले भने, "उनीहरूले त्यही अवस्थाको फाइदा उठाइरहेका छन्।" तर, खुला बजारको दुहाइ दिइरहँदा पनि राष्ट्र बैंकले कर्जामा लिने र निक्षेपमा दिने ब्याज अन्तर ५ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था चाहिं अहिले पनि कडाइका साथ लागू गरिरहेकै छ।

*(२० माघ २०७३, www.cijnepal.org.np)*



पूर्वी रोल्पाको जेल्बाङस्थित ठूलोगाउँ । जहाँका धेरै युवा वैदेशिक रोजगारीको सिलसिलामा खाडी मुलुकमा छन् ।

# ३.

# रेमिट्यान्सको महङ्गो सामाजिक मूल्य

संकटमा पनि अर्थतन्त्रको मेरुदण्ड बनेको भनिएको ‘रेमिट्यान्स’ को सामाजिक मूल्य असाध्यै महङ्गो हुँदैछ। नेपालमा पारिवारिक विघटन र अपराधको स्रोत बन्दैछ विदेशको रोजगारी, कसरी ? पाँचथर र रोल्पाको कथा।

● **लक्ष्मी गौतम,** पाँचथर; **हीराबहादुर घर्तीमगर,** रोल्पा

२०७२ पुस पहिलो साता पाँचथर रानीगाउँ-२ का सोमबहादुर सम्बाहाम्फे दुई वर्ष कतारमा काम गरेर घर फर्कने तयारीमा थिए । टिकटको टुंगो लागिसकेपछि उनले श्रीमती सरितालाई फोन गरे । सरिताले 'मोबाइल चाहिएको थियो' भनिन्, ३० हजार हालेर मोबाइल किने । सँगै एउटा कम्बल र क्यामेरा पनि किने । श्रीमतीले 'पैसा बोकेर आउँदा जोखिम हुन्छ, मेरो नाममा आईएमई गरिदिनू' भनिन् । त्यसै गरे । काठमाडौं आइपुगेर फोन गरे, श्रीमतीको फोन उठेन । एकछिनपछि सोमबहादुरको फोनमा 'मेसेज' आयो । लेखिएको थियो– 'मैले अर्कै केटासँग बिहे गरिसकें । मलाई नखोज्नु, छोराछोरी मसँगै छन् ।'

सरिताले त्यसअघि नै इलाम पशुपतिनगरका बिक्रम राईसँग दोस्रो विवाह गरिसकेकी थिइन् । उनले ७ वर्षीय छोरा र ५ वर्षीया छोरी आफूसँगै राखेकी छन् । अहिले सोमबहादुर रानीगाउँको घरमा एक्लै छन् । सरिता र सोमबहादुरको आठ वर्षअघि विवाह भएको थियो । गाउँठाउँमा विवाह दर्ता गर्ने चलन थिएन । अहिले सम्बाहाम्फेलाई कानूनी प्रक्रियामा जान समस्या भइरहेको छ ।

"कतार गएपछि कमाएको सबै पैसा श्रीमतीकै नाममा पठाएँ । पशुपतिनगरमा घडेरी खरीद गर्न, छोराछोरीको फी तिर्न भनेर दुई वर्षमा ८ लाख रूपैयाँ पठाएछु । घर फर्कने बेलामा आईएमई गरेको समेत जोड्दा एघार लाख रूपैयाँ भयो होला ।" सम्बाहाम्फे दुःखेसो पोख्छन्, "कत्ति विदेश बस्नु, सानोतिनो व्यवसाय गरेर यतै बसौं भनेर घर फिरेको । न सम्पत्ति, न सन्तान, न श्रीमती पो भएँ ।"

रोल्पा तालाबाङ–६ खाराबाङका हरि घर्तीमगर २०६८ सालमा विदेशिए । उनी विदेश रहेको बेला श्रीमती मनकुमारी गर्भवती भइन् । लोग्ने विदेशिएपछि देवरसँग मनकुमारीको हिमचिम बढेको थियो । गर्भवती भएको आठ महीनापछि घटना सार्वजनिक भयो । मनकुमारीका दुई छोराहरू कमल कक्षा ६ मा र हिमाल कक्षा १ मा पढ्दैथिए ।

गाउँका मानिस भेला भएर मनकुमारीलाई देवर कर्णबहादुरको जिम्मा लगाए । कर्णबहादुरले दाजु हरिलाई जरिवानास्वरूप दुई लाख रूपैयाँ तिरे । विवाद मिलाउन सक्रिय स्थानीय नेकपा माओवादी केन्द्रका कार्यकर्ता दलबहादुर घर्तीमगर भन्छन्, "के गर्नु गाउँठाउँको कुरा मिलाउनै पर्‍यो ।" वैदेशिक रोजगारीले हरि घर्तीमगरको परिवार चकनाचूर भयो ।

पाँचथर प्राङ्बुङ–४ का भीमबहादुर ज्ञाङमी मगरको पीडा मार्मिक छ । उनी स्थानीय साहूकहाँ सयकडा तीन रूपैयाँका दरले ऋण काढेर पाँच वर्षअघि रोजगारीका लागि साउदी अरब गएका थिए । २०६३ सालमा विवाह गरेका भीमबहादुर विदेश गएपछि छोरो युगल र घरव्यवहार हेर्ने जिम्मा श्रीमती फूलकुमारीको काँधमा आयो । भीमबहादुरले साउदीमा 'हेभी ड्राइभिङ' को काम पाए । कमाइ मासिक ६० हजार रूपैयाँ पुग्थ्यो । ६ महीना लगाएर साहूबाट काढेको सावाँ–व्याज ऋण तिरे । बाँकी चार वर्षको कमाइ श्रीमतीका नाममा पठाए ।

२१ वैशाख २०७३ का दिन उनी काम गरिरहेका थिए । कसैले उनलाई फोन गरेर 'श्रीमती घरका झ्यालढोका थुनेर छोरो लिएर हिंडिन्' भन्ने खबर सुनाइदियो । एक महीना लगाएर घर फर्किने चाँजोपाँजो मिलाए । ५ असारमा घर आइपुगे । फूलकुमारी छिमेकी मेमेङ गाविस–२



राहदानी लिन जिल्ला प्रशासन कार्यालय रोल्पामा लाइन बसेका युवा ।

मच्छेवुङका ज्ञानबहादुर केरूङसँग दोस्रो विवाह गरेर बसेकी थिइन् । फर्किएलगत्तै भीमबहादुरले जिल्ला अदालत पाँचथरमा धनमाल अपचलन गरेको मुद्दा हाले । भीमबहादुर भन्छन्, "विदेशमा पैसा कमाएर यहाँ सुखसँग जीवन बिताउँला भन्ने थियो, सपना भयो ।" भीमबहादुरले अदालतमा प्रमाणका रूपमा फूलकुमारीका नाममा पठाएको रकम आईएमई गरेका रसिद र सुन किनेको बिलको प्रतिलिपि पेश गरेका छन् । आक्रोशित भीमबहादुर भन्छन्, "जीत हार जे सुकै होस्, समय र पैसा जतिसुकै खर्च होस्, म मुद्दा किनारा नलागेसम्म लडिरहन्छु ।"

तीन छोराछोरीकी आमा पाँचथर भारपा-८ निवासी चन्द्रमाया थापाले २०७२ असोजमा पति प्रेम योक्पाङदेनसँग सम्बन्धविच्छेद गरिन् । विवाह गरेको १५ वर्षपछि सम्बन्धविच्छेद गर्नुको कारण थियो- पतिको वैदेशिक रोजगारी ।

१३ वर्ष उमेर पुग्दा नपुग्दै प्रेमसँग प्रेम विवाह गरेकी चन्द्रमायाको विदेश जानुपूर्व पतिसँग सम्बन्ध सहज थियो । उनीहरू भारपा-८ स्थित मेची राजमार्गमा होटल व्यवसाय र सुँगुरपालन गरेर बसेका थिए । कमाइ पनि नराम्रो थिएन । २०६८ सालमा प्रेमले 'साथीभाइ सबै गए, कमाइ पनि राम्रो हुन्छ भन्छन्' भनेर विदेश जाने इच्छा देखाए । चन्द्रमायाले पनि 'हुन्छ' भनिन् । प्रेम कतार गएपछि चन्द्रमायाका काँधमा पसल सम्हाल्ने, सुँगुर पाल्ने, छोराछोरीको रेखदेख गर्ने अभिभारा थपियो । दैनिक सोह्र/अठार घण्टासम्म खट्न थालिन् उनी ।

कतार पुगेको केही समयदेखि प्रेमको व्यवहार बदलियो, धेरै शंकालु भए । यतिसम्म भयो कि- चन्द्रमायाले प्रत्येक महीनाको १ गते नजिकैको देवालयमा गएर एकहातले घण्टी बजाउँदै अर्को हातमा बोकेको फोनबाट 'म अरू केटासँग लागेकी छैन' भनेर कसम खानुपर्ने भयो ।

यो क्रम चलिरहेकै बेला २०७२ भदौमा प्रेम घर फर्के । चन्द्रमायाका भनाइमा, भोलिपल्ट बिहानै आलो गोबर ल्याएर घरको मूल खाँबो वरिपरि लिप्न लगाए । अनि पाथी ओढ्न लगाएर 'अरू

केटासँग लसपस गरेकी छैन' भनेर कसम खान लगाए । त्यसरी कसम खुवाउँदा चन्द्रमायाकी आमा र बडीआमालाई पनि साक्षी राखिएको थियो । तर प्रेमले चन्द्रमायाको आरोप अस्वीकार गरे । उनले भने "त्यो काम मैले जबर्जस्ती गरेको होइन, चन्द्रमायाले मेरो विश्वास जित्न स्वेच्छाले गरेकी हुन् ।"

प्रेम कतारमै हुँदा छोरीलाई मुटुको समस्या देखिएको थियो । पसलको कमाइबाट ३ लाख रूपैयाँ खर्च गरेर चन्द्रमायाले उपचार गरिन् । प्रेमले पनि दुई वर्षमा ५ लाख रूपैयाँ कमाएर पठाएका थिए । चन्द्रमायाले प्रेमलाई त्यो पैसा फिर्ता गरिदिइन् । अन्त्यमा छोरीको उपचारमा लागेको खर्च श्रीमान्ले व्यहोर्ने, छोराछोरी श्रीमान्ले नै पढाउने शर्तमा सम्बन्धविच्छेद भयो । चन्द्रमायाका भनाइमा, "प्रेमले पढाइ खर्च नदिएपछि अहिले तीनमध्ये दुई जना छोराछोरी उनीसँगै छन् ।"

अहिले झापाको बिर्तामोडमा बस्दै आएकी चन्द्रमायालाई मुटुको समस्या छ र मिर्गौलामा पत्थरी देखिएको छ । निराश चन्द्रमाया भन्छिन्, "वैदेशिक रोजगारीले मेरो परिवारको खुशी खोस्यो । बिरामी छु अब भीख माग्नु बाहेक मसँग अरू उपाय छैन ।"

१२ पुस २०७२ मा पाँचथर मौवा-१ का रामबहादुर थापा मगरकी १९ वर्षीया पत्नी प्रमिला मगर हराएको भनेर आफन्तले जिल्ला प्रहरी कार्यालय पाँचथरमा निवेदन दिए । निवेदनमा 'लोग्नेले विदेशमा कमाएको सम्पत्ति लिएर श्रीमती हराएको' भनिएको थियो । खोजबीनका क्रममा प्रहरीले प्रमिला झापाको कन्काई नगरपालिका वडा नम्बर ७ निवासी राजबहादुर मगरसँग दोस्रो विवाह गरेर बसेको पत्ता लगायो ।

प्रमिलाले दोस्रो विवाह गर्नुको कारण उनका पूर्वपति रामबहादुरले प्रहरीमा दिएको निवेदनमा उल्लिखित व्यहोरा भन्दा बिल्कुलै फरक थियो । विवाह गर्दा प्रमिला सत्र वर्षकी थिइन् । केटो माग्न आएको भनेर परिवारले कर गरे । २०७० माघमा विवाह भयो । एक महीना नबित्दै श्रीमान् साउदी अरब हान्निए ।

प्रमिलाका भनाइमा, "श्रीमान् विदेश गएपछि बुहारीलाई पैसा नपठाउनु अर्कैसँग लागेकी छे, कुम्ल्याएर हिंड्छे भनेर घरकाले पोल लगाएछन् क्या हो । मलाई त पैसा पठाउनै छाडे ।" उनले भनिन्, "यो उमेरमा परिवारबाटै अपहेलित भएर के बस्नु भनेर अर्को विवाह गरें ।"

श्रीमान् विदेश गएपछि कतिपय परिवारमा महिलालाई कस्तोसम्म समस्या आइलाग्छ भन्ने एउटा उदाहरण हुन् पाँचथर अमरपुर-९ की सीता चौहान । २०७० सालमा विदेश गएका श्रीमान्ले के सोचेर हो उनलाई पैसा पठाउँदै पठाएनन् । सीता भन्छिन्, "दुई चार रूपैयाँ माग्दा पनि सासूआमाले तेरो पोइले कमाएर पठाको भा'पो दिनु भन्नुहुन्थ्यो । साथीसँगी चाहिं 'लाहुरेकी बूढी' भनेर फुर्क्याउँथे । मर्नु हुन्थ्यो मलाई ।" उनले भनिन्, "हातखुट्टा धुने साबुन किन्ने पैसा थिएन मसँग । मन लागेको लाउन र खुशी मनले खान नपाएपछि मैले दोस्रो विवाह गरें ।"

पाँचथरका प्रहरी नायव उपरीक्षक कृष्णप्रसाद कोइराला 'श्रीमान् वैदेशिक रोजगारीमा रहेका बखत श्रीमतीले दोस्रो विवाह गरेको, घरबाट हराएको र सम्पत्ति अपचलन गरेको' भनेर जिल्ला प्रहरी कार्यालय पाँचथरमा सातामा दुई/तीन वटा मुद्दा आउने बताउँछन् ।

आर्थिक वर्ष २०७२/७३ मा पाँचथर जिल्लामा मात्रै ५६ जना महिला हराएको निवेदन जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको थियो । हराएका भनिएका ५६ मध्ये २५ महिलाका श्रीमान् विदेशमा रहेको प्रहरी नायव उपरीक्षक कोइराला बताउँछन् । जसमध्ये १४ जनाले दोस्रो विवाह गरेको पुष्टि भयो । अघिल्लो आर्थिक वर्ष २०७१/७२ मा ७६, २०७०/७१ म ६७ र २०६९/७० मा ५८ महिला हराएको निवेदन पाँचथर प्रहरीमा परेको थियो ।

अदालतमा पुगेका यस्ता पारिवारिक विवाद हेर्दै आएका अधिवक्ता टीका तिम्सिना भन्छन्, "वैदेशिक रोजगारमा गएका पुरूषले श्रीमतीलाई खर्च नपठाउने, वास्ता नगर्ने र कतिपयले विदेशमा नै घरजम गर्ने कारणले पनि महिलाहरू नयाँ जीवन शुरू गर्न बाध्य हुन्छन् ।" तिम्सिना भन्छन्, "तर केही महिलाले चाहिं सम्पत्तिका लागि विवाह गर्ने र तुरून्तै सम्बन्धविच्छेद गर्ने गरेको पनि देखियो ।"

## रेमिट्यान्सले पुऱ्यायो जेल

पाँचथर यासोक-२ की शान्ता परियार (२२) दुई वर्षअघि हाडनाता करणी र ज्यान मारेको अभियोगमा पक्राउ परिन् । दुवै मुद्दामा दोषी ठहर गरेर जिल्ला अदालत पाँचथरले उनलाई कारागार पठाएको छ । चौध वर्षको उमेरमा विवाह गरेकी शान्ता जेल जानुपर्ने कारण मार्मिक छ । उनले २०६५ सालमा उमेरमा आफूभन्दा ८ वर्ष जेठा यासोक-२ का जीवन परियारसँग बिहे गरिन् । विवाह हुँदा जीवन तीन वर्ष मलेशियामा रोजगारी गरेर फर्केका थिए । फोन वार्ताका क्रममै बिहे गर्ने टुंगो गरेका उनीहरूले लगनगाँठो कसेको १० महीनामा एक छोरा पनि जन्माए । उनी अहिले ७ वर्षका छन् ।

छोरो जन्मेको दुई महीनापछि जीवन पुनः वैदेशिक रोजगारीका लागि मलेशिया गए । शान्तालाई पैसा पठाइदिन थाले । घर खर्च चलाउन ८-१० हजार र कहिले बचत गर्न भनेर एक-डेढ लाख रूपैयाँसम्म पठाउन थाले । चार वर्षमा उनले झण्डै १० लाख रूपैयाँ पठाए । लामो समयसम्म उनी घर नफर्कदा शान्ता आफ्नो उमेरका देवरसँग नजिकिइन्, यौन सम्पर्क हुनथाल्यो । तिनै देवरसँगको शारीरिक सम्पर्क पछि जन्मेको शिशु मारेर फ्याँकेको पोल खुलेपछि शान्ता र उनका देवर पक्राउ परे ।

पाँचथर जेलमा भेटिएकी शान्ताले भनिन्, "चार वर्षसम्म नआउँदा श्रीमान्को यादले खूब सताउँथ्यो । उमेर मिल्ने देवरसँग मनका कुरा साटासाट गर्दागर्दै शारीरिक सम्पर्क शुरू भयो । समाजले थाहा नपाओस् भनेर गर्भ फाल्दा आज यो हालत भयो ।" निराश शान्ता दुःखेसो गर्छिन्, "उहाँ घर आउजाउ गरिरहेको भए मेरो यो हालत हुँदैनथ्यो ।" जिल्ला अदालत पाँचथरले शान्तालाई २० वर्ष कैद गर्ने फैसला गरेको छ ।

पाँचथर यासोक-५ की राजकुमारी लावती (३०) अहिले शिशु हत्या अभियोगमा पाँचथर कारागारमा छिन् । उनका श्रीमान् इन्द्रकुमार २०६५ सालदेखि वैदेशिक रोजगारीका लागि मलेशियामा छन् ।

जेठाजु नाताका मुखराम लावतीसँगको शारीरिक सम्पर्क पछि जन्मिएको छोरो मारेर सामुदायिक वनमा गाडेको अभियोगमा ३० चैत २०७२ मा राजकुमारी र मुखरामलाई प्रहरीले पक्राउ गऱ्यो । पक्राउ परेपछि राजकुमारीले दिएको प्रतिक्रिया साँच्चिकै मार्मिक थियो । उनले भनेकी थिइन्, "पैसा पठाउनुहुन्थ्यो, के गर्नु लोग्नेसँग साटिने सबै दुःखसुख पैसासँग साट्न मिलेन । उमेरकी श्रीमती सम्झेर बेलाबखत घर आउनुभएको भए म यो हालतमा पुग्ने थिइनँ ।" अहिले राजकुमारी र मुखराम दुवै पुर्पक्षका लागि पाँचथर कारागारमा थुनामा छन् । यो कारागारमा शान्ता र राजकुमारी जस्ता १३ महिला कैदी बन्दी छन् । १३ मध्ये चार ज्यान मुद्दामा समातिएका छन् । चारै जनाका श्रीमान् वैदेशिक रोजगारीमा गएका छन् ।

रोल्पा पश्चिम इरिबाङमा सौतेनी आमा र काकाबीचको सहवास देखेकै कारण एक बालकको ज्यान गएको छ । १० साउन २०७३ मा १४ वर्षीय भरत पुनमगरको ज्यान गएको हो । इरिबाङ–१ ओगाउँका सौतेनी आमा विमला पुनमगर र स्थानीय गोविन्द पुनमगरबीच यौन सम्पर्क भइरहेको बालकले देखेका थिए । विमला र गोविन्दले 'आफूहरूबीचको शारीरिक सम्बन्ध खुलासा हुने डरले बालकको हत्या गरेको' बयान प्रहरीमा दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रवक्ता केशवबहादुर बस्नेतका भनाइमा, "आत्महत्या गरेको देखाउन विमला र गोविन्दले बालकलाई सलले बाँधेर घरको बार्दलीमा झुण्ड्याइदिएका थिए ।" बालकका बुवा वीरसिंह दुई वर्षदेखि वैदेशिक रोजगारीका लागि कतारमा छन् । २५ वर्षे विमलाको साथमा साढे दुई वर्षको छोरो छ । अहिले गोविन्द र विमला पुर्पक्षका लागि रोल्पा कारागारमा थुनामा छन् ।

२७ चैत २०७१ मा रोल्पाको पूर्वी मिझिङ–१ की अनिता विष्टले गढवा–९ दाङका २१ वर्षीय प्रकाश चौधरीको अण्डकोष थिचेर हत्या गरिन् । २६ वर्षीय अनिता मिझिङ–७ सुलिचौर बसपार्क छेउमा किराना, चिया, नास्ता पसल गर्दै आएकी थिइन् । चौधरी सुलिचौरमै रहेको शंकर फर्निचर उद्योगमा मिस्त्री काम गर्थे ।

दुई वर्षदेखि अनिता र चौधरीबीच यौन सम्बन्ध रहँदै आएको थियो । प्रहरीका भनाइमा, चौधरीले अनितासँग २७ चैत राति पनि एक पटक यौन सम्पर्क राखेका थिए । चौधरीले दोस्रो पटक यौन सम्पर्क गर्न खोज्दा अण्डकोषमा जोडले थिचिदिएकाले उनको मृत्यु भएको बयान अनिताले दिएकी छन् । आफूलाई यौन सम्पर्क गर्न मूड नचलेकाले ख्यालख्यालैमा अण्डकोष थिचिदिंदा चौधरीको मृत्यु भएको अनिताको भनाइ थियो । वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेका अनिताका श्रीमान् बमबहादुर विष्ट तीन महीनापछि नेपाल फर्कने तयारीमा थिए । प्रहरीले अनितालाई ज्यान मुद्दा लगाएको छ । जिल्ला अदालत रोल्पाले उनलाई १० वर्ष कैद गर्ने फैसला गरेको छ । अनिता अहिले रोल्पा कारागारमा छन् ।

उवा–८ घोडाबाङका बस्ती घर्तीमगरले साउदी अरबमा १२ वर्ष बिताए । यो अवधिमा उनले ४४ लाख रूपैयाँ कमाए । तर विदेशमा कमाएको यो पैसाकै कारण उनको ज्यान गयो । वैदेशिक रोजगारीबाट फर्केपछि बस्तीले श्रीमतीसँग चार दिन बिताए । चार दिनपछि विदेशमा कमाएको

पैसाको विषयलाई लिएर श्रीमान्-श्रीमतीबीच खटपट शुरू भयो । बस्तीले आफूले कमाएर पठाएको पैसाको हिसाबकिताब खोजे । २८ वर्षीया श्रीमती चान्चीले लोग्नेले विदेशमा कमाएर पठाएको पैसाको हिसाब देखाउन सकिनन् । घरमा झगडा भयो । बस्ती आमाको घर गएर केही दिन बसे । गाउँमा नानाथरी टीकाटिप्पणी हुन थालेपछि चान्चीले श्रीमान्लाई आफ्नै घर लिएर गइन् ।

७ फागुन २०७२ का दिन बस्तीको आफ्नै घरमा हत्या भयो । प्रहरीका अनुसार राति घरमा सुतिरहेका बस्ती माथि खुकुरी प्रहार गरिएको थियो । घरमा अरू पनि मान्छे बस्थे । उनीहरूले घटनाको सुइँको समेत पाएनन् । चान्चीले प्रहरी र मिडियालाई 'लुटेरा समूहले लुटपाट गरी श्रीमान्को हत्या गरेको' बताइन् । आक्रमणमा परेका श्रीमान्को स्थानीय क्लिनिकमा उपचार गर्दागर्दै ज्यान गएको चान्चीको भनाइ थियो । चान्चीको भनाइको विश्वास गरेर गाउँलेहरू मलामी पनि गए । उनले प्रहरीमा गाउँकै दुई युवाबाट हत्या गरिएको आशंका छ भनेर उजुरी दर्ता गराइन् । प्रहरीले ती युवालाई पक्राउ पनि गऱ्यो । तर, प्रहरीले पोलिग्राफ परीक्षण गरेपछि घटनाको यथार्थ बाहिर आयो । चान्ची र उनका प्रेमी भनिने भरतले मिलेर हत्या गरेको खुल्यो । अदालतमा मुद्दा दर्ता भयो । जिल्ला अदालत रोल्पाले उनीहरूलाई पुर्पक्षका लागि थुनामा पठायो । अहिले उनीहरू दुवै रोल्पा कारागारमा छन् ।

## कोही खोरमा, कसैलाई एचआईभी

तेह्रथुम चुहानडाँडा-८ बोखिमका उदयनारायण दाहाल (३३) लाई चार वर्षदेखि घरको एउटा कुनामा फलामको खोरमा थुनेर राखिएको छ । उनलाई फलामे खोरमा पुऱ्याउने कारक थियो– वैदेशिक रोजगारी ।

कक्षा ८ मा पढ्दापढ्दै उदयनारायणलाई कमाउन विदेश जाने हावाले छोयो । बा-आमाले एकलाख पचास हजार रूपैयाँ खर्च गरेर दुबई पठाइदिए । ६ महीनापछि उनले कमाएर ६०



**वैदेशिक रोजगारीका क्रममा मानसिक सन्तुलन गुमाएर दुबईबाट फर्किएका तेह्रथुम चुहानडाँडा-८ का उदयनारायण दाहाल (दायाँ) र उनका बाबु-आमा ।**



हजार रूपैयाँ घर पठाए । दशौं महीनामा उनी बिरामी भएको खबर आयो । बुवा चूडामणि भन्छन्, "काठमाडौं ल्याएर उपचार गऱ्यौं । ६ महीनासम्म औषधि खाएपछि सञ्चो भयो ।"

निको भएपछि उदयनारायण पुनः भारतको मद्रास गए । दुई महीना नपुग्दै फेरि बिरामी भएर फर्किए । बुवा आमाले उनलाई उपचारका लागि ललितपुर लगनखेलको मानसिक अस्पताल लगे । त्यहाँ डाक्टर सुरेन्द्र शेरचनले उदयनारायणलाई 'बाइपोलार डिस्अर्डर' रोग लागेकाले लामो समयसम्म नियमित औषधि सेवन गर्नुपर्ने सल्लाह दिए ।

आमा मैना भन्छिन्, "औषधि उपचारमा करीब पाँचलाख रूपैयाँ सकेर घर लिएर आयौं । एक वर्षसम्म ठीकै थियो । एकदिन अचानक रोग बल्भेछ । घरमा काम गरिरहेका बुवालाई काठको मुंग्रोले हिर्काएर लडायो । बुवा बेहोश भएपछि एम्बुलेन्स भिकाएर उपचार गर्न लानुपऱ्यो ।"

बुवा चूडामणिले बेलिबिस्तार लगाएर भने, "नियन्त्रणमा नराखे थप क्षति हुने देखेर छिमेकी जिल्ला पाँचथरको फिदिम पुगेर खोर अर्डर गऱ्यौं । अहिले त्यही खोरमा थुनेर राखेका छौं ।" विरक्तिंदै उनले भने, "पैंतीसहजार रूपैयाँमा खोर किनेर छोरालाई थुनेर राख्नुपर्दा कुन बाबुआमाको मन नरोला र ?"

उनलाई आमाले खोरभित्रै लगेर खानेकुरा दिन्छिन् । उदयनारायण खानेकुरा थापेर खान्छन् । कपडा फेर्न, कपाल, दाह्री काट्न दुईचार जना लाठे खोजेर उनलाई बाहिर निकाल्नुपर्छ । खटियामुनि प्वाल पारेर प्यान राखी दिसापिसाब गर्ने प्रबन्ध मिलाइएको छ । बेलाबेला सामान्य अवस्थामा आउँछन् र कुरा गर्छन् । सामान्य अवस्थामा भेटिएका उदयनारायणले भने, "औषधि गर्न पाए ठीक हुन्थें होला !"

पाँचथरको रानीटार-२ की चन्द्रमा (नाम परिवर्तन) लाई एचआईभी पोजिटिभ भएको छ । श्रीमान् चन्द्रेश्वर (नाम परिवर्तन) वैदेशिक रोजगारीबाट फर्किएपछि २७ वर्षीया चन्द्रमालाई एचआईभी संक्रमण भएको हो । २०६३ सालयता दुई पटक कुवेत गएका चन्द्रेश्वरलाई आफूलाई कसरी एचआईभी संक्रमण भयो भन्ने पनि थाहा रहेछन् । उनले भने, "कुवेत जान दिल्लीमा भेला हुँदा रमाइलो गर्न भनेर साथीहरूको लहैलहैमा लागियो, त्यही बेला भयो होला ।"

दुवै अहिले जिल्ला स्वास्थ्य कार्यालय पाँचथरको एचआईभी परामर्शदाता ओमप्रकाश यादवको निगरानीमा औषधि सेवन गरिरहेका छन् । चन्द्रमा भन्छिन्, "घरखेत धितो राखेर १ लाख ५० हजार ऋण गरेर कुवेत पठाएँ । कमाएर ल्याउलान् र सुखका दिन फिर्लान् भनेको त आगो ल्याएर सल्काए ।" जिल्ला स्वास्थ्य कार्यालय पाँचथरको विवरण अनुसार, पछिल्लो एक आर्थिक वर्ष (२०७२/७३) मा मात्रै पाँचथरमा चार पुरूष र एक महिलामा एचआईभी पोजेटिभ देखिएको छ । तीमध्ये चारै पुरूष वैदेशिक रोजगारीबाट फर्केका हुन् । चारमध्ये तीन जना २५-३० वर्ष उमेर समूहका युवा छन् ।

तर, विदेशको कमाइ 'रेमिट्यान्स' को बखानमा रमाइरहेको नेपाली राज्य-व्यवस्था र नीति-निर्मातालाई त्यो कमाइ समाजलाई कति महङ्गो परिरहेको छ भन्ने कुनै हेक्का देखिंदैन ।

*(११ पुस २०७३, www.cijnepal.org.np)*




# ४.

## नेपाली सेनाः प्रतिरक्षा जिम्मेवारी, नाफामा ध्यान

एकदशक यता नेपाली सेना पूर्वाधार विकास र नाफामूलक व्यवसायमा अस्वाभाविक रूपमा आकर्षित हुँदै गएको छ। उसलाई परिभाषित जिम्मेवारी दिने नेपालको संविधान, सैनिक ऐन र राष्ट्रिय सुरक्षा नीतिसँग यसको छेउटुप्पो मेल खाँदैन।

• **रूद्र पंगेनी**

- जाजरकोट-दुनै सडक खण्डको देवस्थल कैनडाँडा सडक निर्माणका लागि शुरू लागत अनुमान रू.१९ करोड ५४ लाख ६६ हजार गरिएकोमा रू.८ करोड ८४ लाख २८ हजार प्राविधिक पुष्ट्याईं बेगर बढी खर्च गरेको देखियो ।
- सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७ अनुसार सम्भाररथी विभाग, विकास निर्माण तथा स्थपति महानिर्देशनालय र सैनिक कल्याणकारी कोषले यो वर्ष (२०७२) रू.१० करोडभन्दा बढीको खरीद कार्य गरेको छ । तर यो वर्ष पनि खरीद गुरूयोजना बनाएको छैन ।
- नेपाल मेडिकल काउन्सिलले निर्धारण गरेको मापदण्डअनुसार एकजना एमबीबीएस विद्यार्थीको लागि अस्पतालमा ६ बिरामी शैय्या हुनुपर्दछ । मापदण्डअनुसार अस्पतालमा रहेको ४९१ शैय्याको आधारमा ८२ जना मात्र विद्यार्थी भर्ना गर्नुपर्नेमा १३० विद्यार्थी भर्ना गरेको देखियो । अस्पतालमा पर्याप्त शैय्या नभएको कारण पर्याप्त मात्रामा व्यावहारिक अभ्यास हुन नसकी गुणस्तरीय चिकित्सक उत्पादन गर्ने उद्देश्य हासिल गर्ने कार्यमा असर पर्ने देखिन्छ ।
- सार्वजनिक खरीद नियमावली, २०६४ को नियम २७ (१) बमोजिम बोलपत्रको माध्यमबाट ६ आपूर्तिकर्तासँग घटी इकाई दरको आधारमा औषधि खरीद गर्न सैनिक स्वास्थ्य महानिर्देशनालयले रू.२२ करोड ५१ लाखको खरीद सम्झौता गरेको छ । खरीद सम्झौता गर्दा आइटमगत लागत अनुमानभन्दा रू.१ करोड ५६ लाख बढी देखिएकोले औषधि खरीद कार्य मितव्ययी देखिएन ।

माथि उल्लिखित प्रसंगहरू महालेखा परीक्षकका तीन वार्षिक प्रतिवेदन (२०७०-७२) बाट लिइएको हो । झट्ट पढ्दा यी कैफियत आर्थिक लाभ-हानि हासिल गर्ने कुनै सरकारी अड्डाको विवरणजस्तो लाग्छ । तर, यी विवरण नेपाली सेनामाथि महालेखाले उठाएका प्रश्नहरू हुन् । त्यसअघिका महालेखा परीक्षकका वार्षिक प्रतिवेदन पल्टाउने हो भने पनि करीब १०-१२ पृष्ठमा सेनाको आर्थिक कारोबारका कैफियतहरू समेटिएका छन् । यी तथ्यहरूले नै प्रष्ट पार्छन्, मुलुकको सुरक्षाको प्रमुख दायित्व बोकेको नेपाली सेनाको प्राथमिकता कसरी नाफामूलक क्षेत्रतिर डोरिंदैछ ।

पछिल्लो समय सेनाको रूचि आर्थिक उपार्जनतिर अस्वाभाविक मात्रामा बढ्दै गइरहेको छ । संक्रमणकालीन अवस्था र राज्य संचालकको कमजोर कार्यशैलीको फाइदा सेनाले राम्ररी नै उठाइरहेको छ । त्यही काम सडक विभाग वा अन्य सरकारी निकायले गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतका निकायले निगरानी राख्ने हुनाले राजनीतिज्ञलाई पनि सेनालाई यस्तो विकासे काम सुम्पनु आफ्नो स्वार्थ पूरागर्न सहयोगी भइरहेको बुझिन्छ । कानूनी र व्यावहारिक परिस्थितिका नाममा सेनाले काम पाउने र सेनालाई काम दिने निर्णय भित्रभित्रै भइरहेका छन् । यसको दीर्घकालीन प्रभावबारे कसैले चासो दिएको पाइन्न ।

काठमाडौं-तराई द्रूतमार्गलगायत सडक निर्माणका केही परियोजनामा सेना संलग्न भइसकेको




वेत्रावती (मैलुङ, स्याफ्रुबेसी) सडकमा ट्र्याक खोल्दै नेपाली सेना ।

छ । सिन्धुलीको चारनाथ भिमानमा मध्यमस्तरका जहाज उडान र अवतरण गर्ने क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउने योजनामा छ, सेना । मापदण्ड मिचेरै भए पनि उसले स्वास्थ्य शिक्षामा आफ्नो पकड फैलाउँदै लगेको छ । पछिल्लो समय त सेनाले जग्गा प्लटिङ र आवास निर्माणमा समेत हात हालेको छ । पेट्रोल पम्प संचालन र आफ्नै कल्याणकारी कोषको रकम ब्याजमा लगाउने कार्य सेनाभित्र वर्षौंदेखि प्रचलनमा छ ।

## सेनाले टेरेन : महालेखा

सेनाले हाल जाजरकोट–डोल्पा, कालीगण्डकी करिडोर, कर्णाली करिडोर, रसुवाको मैलुङ–स्याफ्रुबेसी सडक निर्माण गरिरहेको छ । महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७२ अनुसार,सबै मिलाएर कुल ३८८ किलोमिटर लम्बाइमध्ये १५१ किलोमिटर सडक निर्माण गर्दा सेनाले रू.१ अर्ब ५५ करोड १९ लाख खर्च गरिसकेको छ । उसले अहिलेसम्म कुल २२ वटा सडकको १२०० किलोमिटर बाटो खन्ने काम गरेको छ । सैनिक प्रवक्ता सहायकरथी ताराबहादुर कार्की भन्छन्, “नेपाली सेनाले सरकारले लगाएको काम गरेको हो । जोखिमपूर्ण तथा अरूले गर्न नसक्ने काम सेनाले गर्दै आएको छ ।”

जोखिमपूर्ण कामको जिम्मा लिएर सेनाले मुलुकको विकासमा योगदान दिएको तर्क सैनिक मुख्यालयको छ । झट्ट सुन्दा यो तर्क सही हो झैं लाग्छ । तर, यथार्थमा सेनाको भूमिका ‘ठूलो ठेकेदार’ को जस्तो छ । कहिलेकाहीं तालीमका सिपाहीलाई प्रयोग गरिएकोमा बाहेक सेनाले



**वेत्रावती मैलुङ, स्याफ्रुबेसी सडकको चट्टान फोड्दै कामदार ।**

स-साना ठेकेदारमार्फत अमानतमा कामदार र औजार ल्याएर काम गराउने र उनीहरूलाई जिल्ला दर बमोजिम ज्याला दिने काम गरिरहेको छ ।

रसुवाको स्याफ्रुबेसी मैलुङ सडकको ट्र्याक खोल्ने कामका लागि सेनालाई मजदूर उपलब्ध गराइरहेका ठेकेदार महेशकुमार भुजेलले भने, "मेजर संजय केसी सा'बसँग चिनजान भएकोले काम पाएको हो । विकास निर्माण निर्देशनालयका प्राविधिक सहायक रथी उद्धव बिष्ट सा'बले पनि काम गरौं भन्नुभयो र गरियो ।" आफूले सेनालाई जनशक्ति आपूर्ति गर्न थालेको १३ वर्ष भएको र कालीकोट, मुस्ताङ र सिन्धुपाल्चोकमा पनि सेनालाई कामदार उपलब्ध गराएको उनको भनाइ थियो ।

सिभिल प्राविधिकहरूका अनुसार, ट्रयाक खोल्नका लागि माटो काट्ने काममा श्रमिक प्रयोग भए 'म्यान डे' (कामदारले एकदिनमा गर्न सक्ने काम) का आधारमा दररेट तय गरिन्छ । सामान्यतया एउटा व्यक्तिले एक दिनमा १.२५ घनमिटर माटो फाल्छ । केन्द्रीय पारिश्रमिक निर्धारण समितिले श्रमिकको न्यूनतम ज्याला प्रतिदिन रू.३९५ निर्धारण गरेको छ । जिल्लाको हकमा सम्बन्धित जिल्लाको पारिश्रमिक निर्धारण समितिले निर्णय गर्ने भएकाले न्यूनतम ज्याला जिल्लापिच्छे फरक हुन्छ । कम्तीमा रू.३९५ देखि रू.८०० सम्म न्यूनतम ज्याला तय गरिएको छ ।

त्यसैगरी डिभिजन सडक कार्यालय काठमाडौंले स्काभेटरले काम गर्दा नरम माटो काट्ने दर प्रति घनमिटर रू.१०० हाराहारीमा निर्धारण गरेको छ । "मेशीनले एक घनमिटर माटो फाल्दा बढीमा रू.१०० मात्र खर्च भएको हुन्छ", महालेखाका एक अधिकारी भन्छन्, "त्यही काम श्रमिकमार्फत सम्पन्न भएको कागज तयार गरेर रू.४०० भन्दा बढी खर्च देखाउने गरिएको छ ।" उनका भनाइमा, "यसरी माटो फ्याँक्ने काममा एक घनमिटरमै कम्तीमा पनि रू.३०० का दरले अतिरिक्त आम्दानी गर्दै आएको छ सेनाले ।" सडक निर्माणका क्रममा लम्बाइ-चौडाइ हेरेर एउटै बाटोमा पनि लाखौं घनमिटरको परिमाणमा माटो फ्याँक्ने काम हुन्छ ।

सडक पूर्वाधार तथा आफ्नै भौतिक संरचना निर्माणमा सेनाले सार्वजनिक खरीद ऐन मिचेको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याउँदै आएको छ । 'आर्थिक वर्षको अन्त्यमा निकासा भएको रकम पनि शतप्रतिशत खर्च भएको देखाएको' प्रतिवेदनमा उल्लेख छ । जस्तो, २०६९ माघमा रिडी रूद्रवेनी अर्गलीको ट्रयाक खोल्ने काम सेनालाई जिम्मा दिइयो । सेनालाई आव २०७०/७१ को शुरूमा रू.२ करोडको अख्तियारी दिइएकोमा त्यसै आवभित्रै ६ पटकसम्म रकम थप गरी रू.१३ करोड ८० लाख निकासा गरियो । त्यसमध्येको छैटौं निकासा रू.३ करोड २५ लाख असारको २५ गते दिइयो । भोलिपल्ट मात्र राष्ट्रिय योजना आयोगले उक्त कार्यक्रम संशोधन गरेको थियो । यसरी आव सकिनुभन्दा चार दिन पहिले लगेको रकम पनि पूरापूर खर्च भएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ, जुन असम्भवप्रायः हो ।

त्यसैगरी खरीद ऐनले निर्माण कार्य सम्पन्न भएपछि कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्छ भनेको छ । तर सेनाले गर्ने विकास निर्माणका काममा त्यस्तो प्रतिवेदन तयार गरिंदैन । महालेखाका प्रवक्ता बाबुराम गौतम 'सेनाको विकास निर्माण तथा स्थपति महानिर्देशनालयले त्यस्ता प्रतिवेदन पेश नगरेको' बताउँछन् । गौतम भन्छन्, "कार्य सम्पादन प्रतिवेदन बनाऊ भनेर महालेखाले गएको तीनै वर्षमा एउटै कुरा दोहोऱ्याइरहेको छ । तर सेनाले टेरेको छैन ।" कार्य सम्पादन प्रतिवेदन पेश नहुनुको अर्थ निर्माण कार्य नभइकनै खर्च प्रगति देखाइएको पनि हुनसक्छ भन्ने हो ।

महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७२ अनुसार, नेपाली सेनाले कल्याणकारी बोर्ड अन्तर्गतको इपिसेन्टर भवन निर्माणको लागि रू.१३ करोड ५० लाख र भेट्रान्स अस्पताल निर्माणतर्फ रू.६८ करोड बजेट तथा कार्यक्रम स्वीकृत नगरी निकासा गरेको महालेखाले औंल्याएको छ । सैनिकका लागि खरीद गरिने खाद्य सामग्रीमा पनि पर्याप्त कैफियत देखिएको छ । महालेखाको २०७१ को प्रतिवेदन अनुसार, एउटै कम्पनीको बिस्कुट दुई आपूर्तिकर्ताबाट

क्रमशः रू.११ र रू.१३.७६ प्रति प्याकेट आपूर्ति गर्ने प्रस्ताव भएकोमा सेनाले रू.१३.७६ को रू.९ करोड ५८ लाख ८१ हजार बढीको ठेक्का स्वीकृत गरेको भेटिएको छ । त्यसैगरी दूधमा पनि रू.६ करोड ४ लाख ७१ हजार बढीको ठेक्का स्वीकृत गरेको छ ।

लागत अनुमान तय र त्यसको प्राविधिक पुष्ट्याईं नगर्ने, खरीद गुरूयोजना नबनाउने, बजेट तथा कार्यक्रम स्वीकृत नभई आफूखुशी काम थाल्ने, कार्य सम्पादन प्रतिवेदन नबुझाउने जस्ता कैफियत महालेखाले पटकपटक औंल्याए पनि अहिलेसम्म सेनाले अटेर गर्दै आएको छ । महालेखा प्रवक्ता गौतम भन्छन्, "सेनाको वस्तु तथा सेवा खरीदमा बारम्बार लागत अनुमान गर्नुपर्ने कुरा औंल्याएका छौं ।" सार्वजनिक खरीद अनुगमन कार्यालयका प्रवक्ता नरेश चापागाईका भनाइमा, "खरीद कानूनले लागत अनुमान तयार नगरी खर्च गर्ने परिकल्पना नै गरेको छैन ।"

विज्ञहरूका भनाइमा, लोकतान्त्रिक मुलुकमा सेना राज्यले आवश्यक ठानेका विभिन्न परियोजनामा संलग्न हुन्छ तर, त्यसको नेतृत्व चाहिं नागरिक निकायले गर्ने प्रचलन छ । नेपालमा भने सेनाको ब्यानरमै यी कामहरू भइरहेका छन् । सरकारले पर्याप्त सुपरीवेक्षण गर्न नसक्नुमा रक्षा मन्त्रालय सानो हुनु र त्यो मन्त्रालय राजनीतिक दलको प्राथमिकतामा नपर्नुलाई प्रमुख कारण मान्छन् पूर्वरक्षा सचिव ईश्वरीप्रसाद पौड्याल । निजामती कर्मचारी करीब ८० हजार छन् तिनको व्यवस्थापन गर्ने सामान्य प्रशासन मन्त्रालयमा १५० बढी कर्मचारी छन् । तर, ९६ हजार सेनाको व्यवस्थापन गर्नुपर्ने मन्त्रालयमा जम्मा ५० कर्मचारी छन् । पौड्याल भन्छन्, "ती भएका कर्मचारी पनि सधैंजसो सरूवा मागिरहेका हुन्छन् ।"

## 'नाफा गर्ने उद्देश्य छैन'

पछिल्लो समय सेनाले स्वास्थ्य शिक्षामा पनि लगानी बढाउँदै गएको छ । 'नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान' नै स्थापना गरेर कलेज अफ मेडिसिन र कलेज अफ नर्सिङ संचालन गरिसकेको छ । कलेज अफ मेडिकल पोलिटेक्निक र कलेज अफ डेन्टल सर्जरी संचालन गर्दैछ । सेनाको सिभिल अस्पताल पनि निर्माणाधीन छ ।

सेनाले एमबीबीएस अध्ययनमा नेपाल सरकार, शिक्षा मन्त्रालयको लागि १० प्रतिशत छात्रवृत्ति छुट्याएको छ । त्यसैगरी सहुलियत शुल्क छात्रवृत्तितर्फ नेपाली सेनाका बहालवाला तथा अवकाशप्राप्त सैनिकका परिवारहरूको लागि १५ प्रतिशत छुट्याएको छ । बाँकी ७५ प्रतिशत सीट स-शुल्क खुला प्रतिस्पर्धाका लागि छुट्याएको छ । त्यो ७५ प्रतिशतलाई १०० प्रतिशत मानेर ४५ प्रतिशत नेपाली सेनाका बहालवाला तथा अवकाशप्राप्त परिवारको लागि ४५ प्रतिशत सर्वसाधारण नेपाली र १० प्रतिशत विदेशी शिक्षार्थीका लागि छुट्याइएको छ ।

सैन्य प्रवक्ता कार्कीका अनुसार, एमबीबीएस शुल्क सर्वसाधारणका लागि रू.३६ लाख ५१ हजार ८६० र सैनिक परिवारका लागि नियमिततर्फ रू.३३ लाख ९१ हजार ८६० लाग्छ । जुन शुल्क अन्य मेडिकल कलेजको भन्दा खासै फरक छैन । १० प्रतिशत कोटा छुट्याइएको

विदेशीको हकमा भारतीयलाई २५ लाख भारू, भारतबाहेकका दक्षिण एशियाली मुलुककालाई ६० हजार अमेरिकी डलर र अन्य मुलुककालाई ७५ हजार अमेरिकी डलर शुल्क लिने गरेको छ । आन्तरिक परीक्षा, पुस्तकालय, अतिरिक्त गतिविधिका लागि बेग्लै शुल्क लाग्छ । सरकार र सैनिक परिवारका लागि मात्र छुट्याएको कोटामा दर्जा, अवस्था अनुसार फरक शुल्क लिने गरिएको छ । जस्तो कि अधिकृतलाई ५० प्रतिशत, पदिकलाई ६५ र अन्य दर्जालाई ८० प्रतिशत छूट दिने गरिन्छ । त्यसमाथि वीरगति प्राप्त र शतप्रतिशत अशक्त अवकाशप्राप्तका सन्तानलाई शतप्रतिशत छूट दिने व्यवस्था छ ।

तर सेनाले नेपाल मेडिकल काउन्सिलले निर्धारण गरेको मापदण्ड विपरीत बढी संख्यामा भर्ना लिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । एकजना एमबीबीएस विद्यार्थीको लागि अस्पतालमा ६ बिरामी शैय्या हुनुपर्छ । सेनाले भने ४९१ शैय्याको आफ्नो अस्पतालको आधारमा ८२ मात्र विद्यार्थी भर्ना गर्नुपर्नेमा १३० विद्यार्थी भर्ना गरेको प्रतिवेदनमा औंल्याइएको छ ।

चिकित्सा क्षेत्र सुधारका लागि पटकपटक अनशन बसेका डा. गोविन्द केसीसँग सरकारले एमबीबीएसका लागि रू.३५ लाखभन्दा बढी लिन नपाउने प्रतिबद्धता जनाइसकेको छ । तर, सेनासहितका चिकित्सा शिक्षण संस्थाले बढी रकम लिइरहेका छन् । त्यसमाथि सेनाले मापदण्डभन्दा ४८ बढी विद्यार्थी पढाइरहेको छ । सेनाले लिंदै आएको साढे ३६ लाख रूपैयाँका आधारमा ४८ विद्यार्थीको हिसाब गर्दा उसले मापदण्डभन्दा साढे १७ करोड रूपैयाँ बढीको कारोबार गरिरहेको देखिन्छ । जबकि, सैनिक वेबसाइटमा राखिएको 'नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान'को परिचयमा संस्थालाई गैरनाफामूलक भनिएको छ । सुरक्षाविद् तथा *मिलिटरी एण्ड डेमोक्रेसी इन नेपाल* पुस्तककी लेखिका इन्द्रा अधिकारी भन्छिन्, "निजी र सेनाको मेडिकल कलेजको शुल्कमा खासै भिन्नता छैन । कोषबाट संचालित कलेज पनि नाफामुखी भइसकेको छ ।"

सैनिक कल्याणकारी कोषले चितवनको चैनपुरमा ९ बिघा, १८ कट्ठा ७ धुर, काठमाडौंको छाउनीमा १० रोपनी १ आना र इचंगुनारायणमा १५ रोपनी ७ आना ३ पैसा जग्गा रू.५२ करोड २५ लाखमा खरीद गरेको विवरण महालेखालाई बुझाएको छ । तर, कोषले खरीद गरेको सरकारी जग्गाको विवरण र ती जग्गामा निर्मित भवनलगायत भौतिक संरचनाको एकमुष्ट लगत यो वर्ष (२०७२) पनि नराखेको महालेखा स्रोतले बतायो । कल्याणकारी कोषको नाउँमा के कति भवन र अचल सम्पत्ति छ भन्ने प्रश्नमा सैनिक प्रवक्ता कार्कीले 'त्यस्तो रेकर्ड नभएको' बताए ।

सेनाले बहालवाला र अवकाशप्राप्त सैनिकका लागि सहुलियत दरमा जग्गा र घर उपलब्ध गराउने भन्दै रियलस्टेटमा लगानी बढाउन खोजेको छ । त्यसैगरी नयाँ आयमूलक क्षेत्रको रूपमा सुन्दरीजलमा 'सुन्दरीजल मिनरल वाटर प्लान्ट' स्थापना गर्ने काम शुरू भएको छ । २०७३ असार मसान्तसम्म त्यसमा रू.२ करोड ३५ लाख लगानी भइसकेको छ । शुरूमा आफ्नै उपभोगका लागि मिनरल वाटर उत्पादन गरिने तथा भविष्यमा व्यावसायिक उत्पादन गर्ने सोच पनि रहेको प्रवक्ता कार्कीले बताए ।



**५ जेठ २०७३ का दिन सेनाले ट्र्याक खोलेको टाकुरी मालढुंगा सडक उद्घाटनमा रिबन काट्दै प्रधानसेनापति क्षत्री । सँगै ताली बजाउँदै बाग्लुङ्का सांसद् प्रकाश पौडेल (बायाँ) र संसद्को विकास समितिका सभापति रवीन्द्र अधिकारी (दायाँ) ।**

ऊर्जामन्त्री भएलगत्तै जनार्दन शर्माले प्रधान सेनापति राजेन्द्र क्षत्रीलाई टेलिफोन नै गरेर जलविद्युत्का ठूला आयोजना बनाउन प्रस्ताव गरेका थिए । शर्माले 'एउटा परियोजना रोजेर लिन' भनेपछि हौसिएको सेनाले आन्तरिक तयारी अगाडि बढाएको छ । त्यसका लागि जलविद्युत्मा सेनाको लगानीका लागि कानूनी जटिलता हटाउने गृहकार्य भइरहेको छ ।

जलविद्युत्मा सेनाको लगानी विवादको विषय बन्ने गरेको छ । तर, सैनिक प्रवक्ता कार्की भने 'सेनाले राखेको रकम निकालिदिंदा आफ्नो निक्षेपमा असर पर्ने भएकाले केही बैंकले जलविद्युत्मा सेनाको लगानीको विषय विवादित हुने गरी हल्ला फैलाएको' बताउँछन् । कार्की भन्छन्, "कल्याणकारी कोष बैंकको ब्याज र शान्ति सेनामा सहभागी भएबापत आर्जित आम्दानीले मात्र चलेको छ । त्यसैले कल्याणकारी कार्यको दिगोपनाका लागि विकल्पहरूमा जलविद्युत्लगायतका परियोजनामा काम गर्न खोजिएको हो । नाफा गर्ने भन्ने हुँदै होइन ।"

सेनाको बढ्दो व्यावसायिक लगावबारे सुरक्षाविद् इन्द्रा अधिकारी चिन्ता व्यक्त गर्छिन् । उनी भन्छिन्, "सेनाको कल्याणकारी कोषको रकमबाट संचालित व्यवसाय अहिले उसको महत्वपूर्ण प्राथमिकता बन्न पुगेको छ । गैरनाफामुखी भनेर खोलिए पनि कोषले चलाउने व्यवसाय नाफा कमाउने ध्येयमा चल्दैछन् ।"

## रू.३३ अर्ब ६७ करोडको कोष

नेपाली सेनाले २०७३ असोज महीनामा पत्रकार सम्मेलन गरेर दिएको जानकारी अनुसार, सैनिक कल्याणकारी कोषमा रू.३३ अर्ब ६७ करोड पुगेको छ । विभिन्न बैंकहरूमा मुद्दती खातामा राखेको यो रकम र त्यसको ब्याज कोषको आम्दानीको प्रमुख स्रोत हो ।

सेनाले २०७२/७३ मा आर्जित ब्याज आम्दानीमा उसले तिरेको १५ प्रतिशत कर अर्थात् २२ करोड ३८ लाख रूपैयाँलाई आधार मान्दा कोषले रू.३३ अर्ब ६७ करोड विभिन्न वित्तीय संस्थामा राखी त्यस वर्ष औसत ब्याज ४ प्रतिशत मात्रै कमाएको देखिन्छ अर्थात् कोषले त्यस आवमा करीब रू.१ अर्ब ४९ करोड ब्याज आम्दानी गरेको देखिन्छ । बजारको ब्याजदरलाई आधार मान्ने हो ४ प्रतिशत ब्याजदर बजारको औसत ब्याजदरभन्दा झण्डै आधा कम हो । यसले सेनाका उच्चपदस्थले कोषको रकम कम ब्याजदरमा बैंकमा राख्न दिएर अतिरिक्त लाभ लिइरहेका त छैनन् भन्ने प्रश्न गर्ने ठाउँ दिन्छ । पूर्वप्रधानसेनापति छत्रमानसिंह गुरूङले सार्वजनिक रूपमै 'बैंकमा राखिएको पैसाको ब्याजदर बढाएर आफ्नो पालामा कोषको रकममा उल्लेख्य वृद्धि गरेको' दाबी गरेका थिए ।

'कोषमा २०६६ असार मसान्तसम्म रू.१३ अर्ब ५२ करोड ७८ लाख रहेकोमा २०६९ असार ११ सम्म रू.२२ अर्ब ७४ करोड ९ लाख ७२ हजार पुगेको छ । कोषको रकम लगानीलाई सुरक्षित पार्न २०६६ सालमा 'क' वर्गको वित्तीय संस्थामा ८१.९ प्रतिशत रकम रहेकोमा हाल ९६.६ प्रतिशत पुऱ्याइएको छ'– आफ्नो तीनवर्षे कार्यकालमा कोषको रकम उल्लेख्य वृद्धि हुनुको कारण गुरूङले यसरी प्रस्तुत गरेका छन् । गुरूङले २०६६ भदौ २५ देखि २०६९ भदौ २५ सम्म सेनाको नेतृत्व सम्हालेका थिए । यो विवरण गुरूङको कार्यकालको अन्त्यमा २०६९ साउनमा सेनाले प्रकाशन गरेको 'नेपाली सेनाको इतिहास' नामक पुस्तकको बाह्रौं अध्यायको 'नेपाली सेनामा हाल भएका महत्वपूर्ण कार्यहरू (वि.सं. २०६६–२०६९)' उपशीर्षक अन्तर्गत राखिएको छ । पुस्तकका लेखकहरूमा प्रा. डा. त्रिरत्न मानन्धर, प्रा. डा. तीर्थप्रसाद मिश्र, प्रा. दिनेशराज पन्त, सह-प्रा. डा. भवेश्वर पंगेनी, सहप्राध्यापक कमलराज सिंह राठौर छन् ।

सेनाले २०७३ असोजसम्म कोषमा रू.३३ अर्ब ६७ करोड पुगेको जनाएको छ । कोषको रकम २०६६ असारबाट २०६९ असारसम्मको तीन वर्षमा ६८ प्रतिशतले वृद्धि भई करीब साढे १३ अर्बबाट करीब रू.२३ अर्ब पुगेको देखिन्छ । जबकि त्यसयताको चार वर्ष तीन महीनामा कोषको रकम रू.२३ अर्बबाट जम्मा ४८ प्रतिशतले बढेर साढे ३३ अर्ब ६७ करोड पुगेको देखिन्छ । बैंकमा राखेको पैसाको ब्याजदर यसको प्रमुख कारण हो । सैनिक प्रवक्ता कार्की कुन-कुन बैंकमा लगानी छ भन्ने कुरा पारदर्शी रहेको तर पाउने ब्याजदर सार्वजनिक गर्न नमिल्ने बताउँछन् । उनी भन्छन्, "यस्तो संस्थाले ब्याजमा मोलमोलाइ गर्ने कुरा हुँदैन ।"

## '३५ प्रतिशत सेना बंकरमा'

द्वन्द्वकाल उत्कर्षमा रहेको बेला (२०५८ सालतिर) पनि सेनाको संख्या ४५ हजार हाराहारी थियो । क्रमशः बढ्दै गएर अहिले स्वीकृत दरबन्दी ९६ हजार ६०० पुगेको छ । विश्व महाशक्तिमध्येको

एक बेलायतले 'इनफ्यान्ट्री' सैनिक संख्या ९५ हजारमा झारेको छ । यो सन्दर्भमा नेपाल जस्तो मुलुकमा यति ठूलो संख्याको सेना आवश्यक छ/छैन भन्ने बहस हुनथालेको छ । आधुनिक प्रविधिको प्रयोग गरी सैनिक सामर्थ्य बढाउनुपर्ने तर संख्या घटाउनुपर्नेमा त्यसो हुन सकिरहेको छैन ।

नेपाली सेनामा पद-सोपान (तहगत संरचना) पनि मिलेको छैन । ४५ हजार जनशक्ति हुँदा जस्तो संरचना र पदहरू थिए, सामान्य परिवर्तनबाहेक अहिले पनि त्यो कायमै छ । संख्या बढे पनि सोहीअनुरूप उपल्ला पद नबढ्दा राज्यले लाखौं लगानी गरेर तयार पारेको ठूलो सैन्य जनशक्ति २०-२२ वर्षमै अवकाशको अवस्थामा पुग्छन् । उनीहरू सेनानी (मेजर), प्रमुख सेनानी (लेफ्टिनेन्ट कर्णेल), महासेनानी (कर्णेल) जस्ता 'मिड करिअर' पदबाटै बाहिरिन्छन् ।

बेलाबखत राज्यका विभिन्न तहबाट सेनाको पुनर्संरचना र आधुनिकीकरणको कुरा उठे पनि त्यसले मूर्तरूप पाउन सकेको छैन । सेनाका हातहतियार, साधनहरू पुराना र अपर्याप्त छन् । २०६५/६६ सम्म झण्डै ४९ प्रतिशत फौजका लागि मात्रै आवास पूर्वाधार थियो । त्यो क्रमशः आव २०६६/६७ मा ७ प्रतिशत, २०६७/६८ मा ९ प्रतिशत र २०६८/६९ लाई 'बंकरबाट ब्यारेक वर्ष' का रूपमा लागू गरी थप १५ प्रतिशत बासस्थान निर्माण गरी करीब ८० प्रतिशत जवानका लागि आवासको व्यवस्था गरिएको थियो । तर, विनाशकारी महाभूकम्पका कारण कतिपय संरचना भत्किएपछि 'बंकर टु ब्यारेक' अभियानले पूर्णता पाउन सकेको छैन । सैन्य प्रवक्ता कार्कीका अनुसार, "अझै ३५ प्रतिशत सैनिक बंकरमै छन् ।"

तर सैनिक नेतृत्वको अभिरूचि र प्राथमिकता आन्तरिक सुधारभन्दा बाह्य व्यापारमा बढ्दै गएको छ । आश्चर्यजनक रूपमा सेनाको व्यवसायप्रति रूचि बढ्दै जानु खतराको सूचक मान्छन् सुरक्षाविद् प्राध्यापक ध्रुबकुमार । पछिल्ला दिनमा नेपाली सेना पाकिस्तानी मोडेलमा विकसित भइरहेको ठान्छन् उनी ।

"सेना नेशनल ट्रेडिङ कर्पोरेशनले जस्तो व्यवसाय चलाउनका लागि होइन । सेनाको प्राथमिक काम राष्ट्रिय सुरक्षाको रखबारी गर्ने हो । नाफामूलक व्यवसाय चलाउने नै होइन" ध्रुबकुमार भन्छन्, "अहिले सेनाले खोजेजस्तो व्यापार व्यवसाय गर्न दिंदै जाने हो भने उसले छिट्टै निजी क्षेत्रमाथि समेत थिचोमिचो गर्न थाल्नेछ ।"

सुरक्षाविद् अधिकारी पनि सेनाको व्यावसायिक उद्देश्य राष्ट्रिय सुरक्षा भएकाले अहिले उसले गरिरहेका नाफामुखी 'कर्पोरेट' काम गलत भएको बताउँछिन् । "डिफेन्स सेवा हो, यो नाफामूलक व्यवसाय हुन सक्दैन" अधिकारी भन्छिन्, "विश्वव्यापी मान्यता र प्रचलन नाघेका कारण सेना खरीद प्रक्रिया र यससँग जोडिएका आर्थिक अपारदर्शिताको विवादमा परेको हो । प्रजातान्त्रिक मुलुकमा सेनाले खरीद-बिक्रीको काम आफैं गर्दैन ।"

*(४ पुस २०७३, www.cijnepal.org.np)*



तस्वीरहरूः बिक्रम राई

# ५.

# भूकम्पले नढालेका 'अपार्टमेन्ट' त्रासले ढले

भूकम्पपछि राजधानीमा 'अपार्टमेन्ट' निर्माण र बिक्री ठप्प छ। केही अपार्टमेन्ट निर्माताले गरेको मनपरीबाट सिर्जित त्रासले अहिले यो व्यवसाय नै धरासायी हुनपुगेको छ। निर्माता, ब्यांक र सर्वसाधारणको गरेर रु. १२५ अर्ब लगानी रहेको अपार्टमेन्ट व्यवसायको यो हविगत कसरी भयो ?

**रामेश्वर बोहरा**

१२ वैशाख २०७२ को महाभूकम्पमा करीब ९ हजार नेपालीको ज्यान गयो, हजारौं अंगभंग र ६ लाखभन्दा बढी परिवार बेघर भए । त्यो कहालीलाग्दो कम्पन धेरैले बिर्सिई पनि सके । तर, त्यो कम्पनपछि काठमाडौं उपत्यकामा आइलागेको एउटा संकटले शहरी जीवनको भविष्य नै अनिश्चयमा पारिदिएको छ । अर्बौं लगानीमा बनेका यहाँका अपार्टमेन्ट (बहुतले घर) का फ्ल्याटहरूको किनबेच भूकम्पयता ठप्प छ । उपत्यकाभित्रको खाली जमीन आवासीय घरहरूले भरिँदै गएपछि राजधानीमा बढ्दो बसाइँसराइको चाप थेग्ने गरी पछिल्लो दशकमा बन्न थालेको 'अपार्टमेन्ट संस्कृति' धरासायी हुने अवस्थामा पुग्दैछ । भूकम्पयता नयाँ अपार्टमेन्ट निर्माणको स्वीकृति लिने काम ठप्प छ, स्वीकृति लिएकाले निर्माण कार्य शुरू गर्न सकेका छैनन् । कतिपयले स्वीकृत परियोजना नै रद्द गरेका छन् । बनिसकेका अपार्टमेन्टको किनबेच त ठप्पै छ ।

## विश्वास फर्काउन कठिन

काठमाडौं उपत्यकामा २०६१ सालपछि अपार्टमेन्ट निर्माणको काम शुरू भएको हो । माओवादीको हिंसात्मक विद्रोहसँगै तीव्र रूपमा बढेको शहरकेन्द्रित बसाइँसराइले उपत्यकामा जग्गाको संकुचन हुन थालेपछि शुरू भएको अपार्टमेन्ट निर्माणले एक दशकमै कस्तो रफ्तार लियो भने यो शहरी जीवनको 'संस्कार' कै रूपमा स्थापित हुन थालेको थियो । २०६१ सालमा एउटा अपार्टमेन्टले निर्माण स्वीकृति लिएकोमा २०७१ सालमा आइपुग्दा त्यो संख्या ७२ पुगिसकेको थियो ।

१२ वैशाख २०७२ को भूकम्प नै त्यो विन्दु थियो, जहाँबाट 'हाइराइज' भवनहरूको निर्माणमा ब्रेक लाग्यो । संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन अनुसार काठमाडौं उपत्यकाभित्र बन्ने बहुतले यस्ता भवनहरूको निर्माण स्वीकृति दिने, नियमित रेखदेख र अनुगमन गर्ने तथा निर्माण सम्पन्न भइसकेपछि प्रयोग तथा किनबेचको अनुमति दिने काम सरकारको शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको डिभिजन कार्यालय काठमाडौंले गर्छ । डिभिजन कार्यालयको अभिलेखले देखाउँछ, भूकम्पयता अपार्टमेन्ट निर्माणको स्वीकृतिका लागि एउटा पनि निवेदन दर्ता भएको छैन । स्वीकृति लिएकामध्ये भूकम्प जाँदासम्म ५२ वटा अपार्टमेन्ट निर्माण भइसकेका र पाँचवटा निर्माणाधीन अवस्थामा थिए । डिभिजन कार्यालयका सिनियर डिभिजनल इन्जिनियर सागरकृष्ण जोशी भन्छन्, "अहिले नयाँ अपार्टमेन्टको स्वीकृति लिने काम मात्रै ठप्प छैन, स्वीकृति लिएका अपार्टमेन्टले समेत निर्माण कार्य शुरू गरेनन् ।"

नयाँले स्वीकृति नलिने मात्रै होइन, डिभिजन कार्यालयको अभिलेखमा अपार्टमेन्ट निर्माणका लागि स्वीकृति लिइसकेका, तर निर्माण शुरू नगरेका अपार्टमेन्ट निर्माताले परियोजना रद्द गर्न माग गर्दै निवेदन दिन थालेका छन् । काठमाडौं महानगरपालिका-११, बबरमहलमा १०८ वटा आवास इकाइ (फ्ल्याट) सहितको 'इको अपार्टमेन्ट' निर्माण गर्न कार्यालयबाट १३ जेठ २०६६ मा स्वीकृति प्राप्त गरेको 'इको हाउजिङ एण्ड रियल्टी प्रा.लि' ले परियोजना रद्द गरिदिन माग गरेको छ । त्यसैगरी काठमाडौं महानगरपालिका-३२, अनामनगरमा ३२ वटा आवास इकाइ भएको





डिभिजन कार्यालय काठमाडौं

विषय: विनायक अपार्टमेन्टका सम्बन्धमा ।

श्री आइ.एस.एम.ई. हाउजिङ प्रा.लि.,
कमलादी, काठमाडौं ।

उपरोक्त विषयमा त्यस हाउजिङ प्रा.लि. ले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटारमा निर्माण गरेको विनायक अपार्टमेन्ट नामक संयुक्त आवास भवनको मिति २०७३/०९/३१ मा पेश गर्नुभएको Retrofitting Design को कारवाही सम्बन्धमा "भूकम्प प्रभावित भवन संचालन प्रस्ताव स्वीकृति निर्देशिका २०७२" अनुसारको थप कागजात तथा Design Input को Digital Copy पेश गर्न यस कार्यालयबाट मौखिक अनुरोध गरिएकोमा हाल सम्मपनि पेश नभएको हुँदा अविलम्ब पेश गर्नुहुन अनुरोध गरिन्छ ।

(ई. अनन्त कुमार राई)
डिभिजन प्रमुख

वास्तुले बर्बादः स्वीकृत स्ट्रक्चरल डिजाइन फेरबदल गरी 'वास्तु अनुसार' बनाइएको बालुवाटार, काठमाडौंस्थित विनायक अपार्टमेन्ट । भूकम्पमा बस्नै नमिल्ने गरी क्षति पुगेको यो अपार्टमेन्टले रिनोभेसनपछि पूर्ण क्षमता लिन सक्छ या सक्दैन भन्ने विस्तृत डिजाइन पेश नै नगरी धमाधम मर्मत गरिरहेको छ ।

'ए एन अपार्टमेन्ट' निर्माण गर्ने गरी १५ असोज २०६५ मा स्वीकृति प्राप्त गरेकी प्रमिला शाक्यले परियोजना रद्दका लागि निवेदन दिएकी छन् ।

डिभिजन कार्यालयमा अर्को पत्र भेटियो– अर्किड होल्डिङ्स प्रालिका नाममा दर्ता भएको । प्रालिका प्रबन्ध सञ्चालक सुधीरमान मास्केले १ भदौ २०७३ मा दर्ता गराएको पत्रमा 'यस कम्पनीले त्यहाँबाट स्वीकृत प्राप्त गरी अपार्टमेन्ट भवन अर्किड टावरको निर्माण गरेकोमा हाल आएर विभिन्न कारणले गर्दा कम्पनीले सोही भवनमा होटल सञ्चालन गर्ने निर्णय गरेको हुनाले अपार्टमेन्टको स्वीकृति रद्द गरी पाऊँ' भनिएको छ । डिभिजन कार्यालयको अभिलेख अनुसार अर्किड होल्डिङ्स प्रालिले काठमाडौं महानगरपालिका–१४, रविभवनमा ४८ वटा आवासीय इकाइसहितको 'अर्किड टावर' अपार्टमेन्ट निर्माणका लागि ३ भदौ २०६५ मा कार्यालयबाट स्वीकृति लिएको थियो । "कारण जेसुकै देखाइए पनि परियोजना रद्द गर्न माग गर्नुको कारण भूकम्पको धक्का नै हो", अपार्टमेन्ट व्यवसायमाथि आइलागेको संकट नियालेका विभागका एक इन्जिनियर भन्छन्, "निर्माताहरूकै त अपार्टमेन्टमाथिको विश्वास हराउन थाल्यो भने किनेर बस्नेको विश्वास फर्काउन सजिलो छैन ।"

निर्माण सम्पन्न भएर प्रयोगका लागि तयार रहेका अपार्टमेन्टहरूको अवस्थाले यो व्यवसायमा लागेका वा लाग्न चाहनेहरूकै सातो लिएको देखाउँछ । काठमाडौं उपत्यकामा निर्माण स्वीकृति लिएका कुल ७१ अपार्टमेन्टको क्षमता ६ हजार ८१३ आवास इकाइ (फ्ल्याट) छ । तीमध्ये निर्माण शुरू नै नगरेका ७ वटा अपार्टमेन्टको कुल आवास इकाइ ३०९ छ, जसमध्ये दुई वटाले

परियोजना रद्द गर्न निवेदन दिएका छन् । सातवटा अपार्टमेन्टले होटल वा अन्य प्रयोजनका लागि प्रयोग गर्न क्षेत्र नै परिवर्तन गरेकाले आवास इकाइको संख्या करीब ६ हजार हाराहारी देखिन आउँछ । भूकम्प अघिसम्म ती अपार्टमेन्टका करीब ६० प्रतिशत फ्ल्याट मात्र बिक्री भएका थिए । यो हिसाबले दुई हजारभन्दा बढी फ्ल्याट अहिले पनि बिक्री हुन बाँकी छन् ।

अवस्था कस्तोसम्म छ भने अपार्टमेन्ट खरीद गरेर बसेका सबै जना भूकम्पपछि त्यहाँ फर्केका छैनन् । कतिपयले आफूले किनेका अपार्टमेन्ट नै बेच्न खोजिरहेका छन् भने केहीले भाडामा लगाउन विज्ञापन निकालिरहेका छन् । नेपाल जग्गा तथा आवास विकास संघका महासचिव मीनमान श्रेष्ठ 'डेढ वर्षसम्म व्यवसाय ठप्प रहेको' स्वीकार गर्छन् । उनी भन्छन्, "बिस्तारै किनबेच हुनथालेको छ, आशावादी छौं ।"

भूकम्पमा क्षति नपुगेका र बस्न मिल्ने अवस्थामा रहेका अपार्टमेन्टहरूले 'पूर्ण फर्निसिङसहितका अपार्टमेन्टहरू भाडामा दिन खाली रहेको' भनेर छ्याप्छ्याप्ती निकालेका विज्ञापनले 'अपार्टमेन्ट अर्थशास्त्र' को वास्तविकता छर्लङ्ग पार्छन् । "केही अपार्टमेन्ट किनबेच भएका पनि होलान्", शहरी विकास तथा भवन निर्माण विभागका एक इन्जिनियर भन्छन्, "तर, किन्नेले आफू बस्नलाई होइन, विदेशीलाई भाडामा लगाउन सकिन्छ भनेर किनिरहेका छन् । आफैं बस्ने गरी अपार्टमेन्ट किन्ने आँटी मैले अहिलेसम्म देखेको छैन ।"

उपत्यकामा भर्खर बस्दै गरेको 'अपार्टमेन्ट संस्कार' नै धरासायी हुने यो अवस्था आउनुको कारण के हो ? केही अपार्टमेन्ट निर्माताहरूको बदमासी यसको मुख्य कारण देखिन्छ । केहीलाई छाडेर धेरैजसो अपार्टमेन्ट भवन भूकम्पमा क्षतिग्रस्त भए । केही त धराप नै बने । हामीले अपार्टमेन्ट संस्कृतिमै अविश्वास निम्त्याउने कारक बनेका केही अपार्टमेन्टहरूको भित्री कथा खोतलेका छौं ।

## वास्तुका नाममा खेलाँची

१२ वैशाख २०७२ को महाभूकम्पमा १८–२० तलाका अग्ला भवन मात्र होइन, ५–७ तलाका सामान्य अपार्टमेन्टसमेत नराम्ररी क्षतिग्रस्त भए । काठमाडौं महानगरपालिका–४, बालुवाटारस्थित विनायक अपार्टमेन्ट तिनैमध्ये एक थियो । ७ तलाको यो अपार्टमेन्ट बस्नै नमिल्ने गरी क्षतिग्रस्त भयो ।

शहरी विकास तथा भवन निर्माण विभागको डिभिजन कार्यालय, काठमाडौंले २२ असार २०६५ मा 'आईएसएमई हाउजिङ प्रालि' लाई यो अपार्टमेन्ट भवन निर्माण गर्न स्वीकृति दिएको रहेछ । नापी नक्शा सीट नम्बर १०२–१०२६–१६, कित्ता नम्बर ३ र २१ को जम्मा २–१–२–० क्षेत्रफलमा २० वटा आवास इकाइ निर्माण गर्ने गरी आर्किटेक्ट र स्ट्रक्चरल डिजाइन समेत स्वीकृत गरिएको रहेछ । तर, आईएसएमई हाउजिङले अपार्टमेन्ट निर्माण गरे/नगरेको बारे डिभिजन कार्यालयलाई थाहा थिएन । उसले कार्यालयबाट अनिवार्य लिनुपर्ने निर्माण सम्पन्न प्रमाणपत्र लिएको थिएन ।




**भूकम्पपछि अपार्टमेन्ट बिक्री हुनै छाडेपछि ललितपुरको सीटी भ्यू अपार्टमेन्टले पूर्ण फर्निसिङसहितका फ्ल्याटहरू भाडामा दिन निकालेको सूचना ।**

डिभिजन कार्यालयको टोली भूकम्पलगत्तै क्षतिग्रस्त भवनको प्रारम्भिक चेकजाँच गर्न पुग्दा विनायक अपार्टमेन्टका फ्ल्याटहरू किनबेच भई मान्छे बस्न थालिसकेको भेटियो । अपार्टमेन्ट किनबेच गर्नुअघि निर्माण सम्पन्न प्रमाणपत्र लिनुपर्ने व्यवस्था संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन-२०५४ र नियमावली-२०६० ले गरेको छ । प्रमाणपत्र दिनुअघि डिभिजन कार्यालयले स्वीकृत डिजाइन अनुसार भवन निर्माण भए/नभएको चेकजाँच गरी सुरक्षाका दृष्टिले मान्छे बस्न उपयुक्त भए/नभएको निर्क्योल गर्छ । 'आईएसएमई हाउजिङ प्रालि' ले प्रमाणपत्र नलिएरै अपार्टमेन्ट बिक्री गरी मान्छे बसाइसकेको थियो ।

विनायकले गरेको अर्को बदमासी अझै डरलाग्दो छ । डिभिजन कार्यालयले आरडीई (रनिङ ड्यामेज इभ्यालुएसन) गर्दा शंका लागेपछि विनायकलाई 'डिटेल ड्यामेज इभ्यालुएसन' (डीडीई) गर्न निर्देशन दिएको थियो । डीडीई कन्सल्ट्यान्टमार्फत अपार्टमेन्ट निर्माता स्वयम्ले गर्नुपर्छ । डिभिजन कार्यालयले आरडीईबाट देखिएको क्षति र डीडीईको विवरण भेरिफाइ गरेर हेर्दा स्वीकृत आर्किटेक्ट र स्ट्रक्चरल डिजाइन नै परिवर्तन गरिएको भेटियो । डिजाइनले एउटा भन्यो, भवन अर्कै गरी निर्माण गरियो । जस्तो- स्वीकृत स्ट्रक्चरल डिजाइन अनुसार राख्नुपर्ने ठाउँमा बीम राखेको भेटिएन । "एउटा मात्रै बीम डिजाइनभन्दा फरक पर्‍यो भने त्यो भवन असुरक्षित हुन्छ",

डिभिजन कार्यालय काठमाडौंका सिनियर डिभिजनल इन्जिनियर सागरकृष्ण जोशी भन्छन्, "चेकजाँचमा भवन सुरक्षित छ/छैन भनेर हेर्ने हो, स्ट्रक्चरल डिजाइन नै बदलेको भेटिएपछि हामीले विनायकसँग भवनको डिटेल डिजाइन माग्यौं ।"

२० परिवारको ज्यानमाथि खेलबाड गर्ने अपराध गरेको विनायक अपार्टमेन्टका निर्मातालाई डिभिजन कार्यालयका प्राविधिकहरूले 'स्वीकृत डिजाइन किन फेरेको ?' भनेर सोधेका थिए । "अपार्टमेन्ट किन्नेहरूले वास्तु अनुसार बनाउनुपर्छ भने, त्यही भएर हामीले वास्तु अनुसारको डिजाइनमा बनायौं भन्ने जवाफ दिए", इन्जिनियर जोशी भन्छन्, "स्वीकृत डिजाइन अनुसार कोठाभित्र पर्ने बीमहरू 'क्यान्टिलिबर' निकाल्दै घुमाएर बाहिर निकालिएको रहेछ ।" उनले थपे, "भवनको सुरक्षाका लागि स्ट्रक्चरल डिजाइन गरिन्छ, त्यसमा एकइन्च दायाँबायाँ गर्नु भवनलाई जानीजानी असुरक्षित बनाउनु हो । तर, सुरक्षाका उपायमा गरिएको लापर्वाही र वास्तुप्रतिको झुकाव डरलाग्दो देखियो ।"

भूकम्पमा चिराचिरा भएर भवन पछिल्तिर ढल्कनुको कारण यही थियो । धन्न अपार्टमेन्ट लडेन र २० परिवार एकै चिहान हुनबाट जोगियो ।

स्वीकृत डिजाइन अनुसार भवन नबनेको ठहर गर्दै डिभिजन कार्यालयले यो प्रक्रिया बीचमै रोकेर 'डिटेल क्यापासीटी डिजाइन' पेश गर्न आईएसएमई हाउजिङलाई निर्देशन दियो । बीम, पिलरलगायतका स्ट्रक्चरमै 'क्र्याक' आएमा क्यापासीटी डिजाइन गर्न लगाइन्छ, जसमार्फत उक्त संरचनाले 'रिनोभेसन' पछि पूर्ण क्षमता लिन सक्छ/सक्दैन भन्ने निर्क्योल गरिन्छ । यो डिजाइन प्रारम्भिक भेरिफिकेसनपछि डिभिजन कार्यालयले विशेषज्ञ टीमसमक्ष राख्छ र त्यसले उपयुक्त ठहर गरे मात्र 'रिनोभेसन' को अनुमति दिइन्छ ।

आईएसएमई हाउजिङले ३१ वैशाख २०७३ मा डिभिजन कार्यालयमा पेश गरेको 'रेट्रोफिटिङ डिजाइन' सम्बन्धी डिटेल क्यापासीटी डिजाइन चित्तबुझ्दो देखिएन । 'भूकम्प प्रभावित भवन सञ्चालन प्रस्ताव स्वीकृति निर्देशिका २०७२' अनुसार डिजाइन उपयुक्त नभएको भन्दै थप कागजात र डिजाइनको 'डिजिटल इनपुट कपी' पेश गर्न डिभिजन कार्यालयले पुनः निर्देशन दियो । उसले त्यो विवरण पेश नगरेपछि कार्यालय प्रमुख बसन्तकुमार राईले 'अविलम्ब पेश गर्न' भन्दै ११ साउन २०७३ मा आईएसएमईलाई पत्र काटे । तर, त्यसपछि पनि आईएसएमईले माग गरिएको विवरण बुझाएको छैन ।

संयुक्त आवास निर्माणमा थुप्रै परिवारको ज्यान जोडिएको हुन्छ । त्यसकारण विनायक अपार्टमेन्टले गरेको यो मूर्ख्याइँ गम्भीर अपराध थियो । हामीले स्ट्रक्चरल डिजाइन वास्तु अनुसार फेरबदल गरिएको यो तथ्य वरिष्ठ स्ट्रक्चरल इन्जिनियर डा. राजन सुवालसमक्ष राखेर सोध्यौं– यसरी डिजाइन परिवर्तन गर्न मिल्छ ? "स्ट्रक्चरल डिजाइनको एउटा नर्म्स हुन्छ र निर्माणका क्रममा त्यसलाई फेर्नै मिल्दैन, पहिले एउटा डिजाइन गर्ने र फेरि वास्तु अनुसार अर्को डिजाइनमा बनाउने हो भने स्ट्रक्चरल सिस्टमको क्याल्कुलेसनमै असर पर्छ, अनि सिङ्गो विल्डिङ जोखिमपूर्ण हुन्छ" डा. सुवालले भने, "जहाँ कोलम (पिलर) र बीम हुनुपर्ने हो, कोठालाई डिस्टर्ब



**काठमाडौंको धापासीस्थित पार्क भ्यू होराइजन अपार्टमेन्टको भूकम्पमा क्षतिग्रस्त टावर । १३ तले भवनका लागि बनाइएको फाउण्डेशनमा १७ तला बनाउँदा यो अपार्टमेन्ट धराप घर बनेको छ ।**

हुने भो भनेर अर्कोतिर सार्दा भूकम्पमा अपार्टमेन्टहरू धेरै ड्यामेज भए । वास्तु अनुसार राख्न खोज्दा धेरै विल्डिङ ड्यामेज भएको देखियो ।" पहिले वास्तु अनुसारको डिजाइन निर्क्योल गरेर स्ट्रक्चरल डिजाइन गरेमा भने क्षति कम गर्न सकिने उनको सुझाव छ । सुवाल भन्छन्, "तर, स्ट्रक्चरल डिजाइन फेरेर वास्तु अनुसार बनाउन खोजियो भने त्यत्रो विल्डिङ कोल्याप्स भएर धेरै मान्छेको ज्यान जान सक्छ । यो जानाजान जोखिम निम्त्याउने काम हो ।"

## 'घर होइन धराप'

शहरी विकास तथा भवन निर्माण विभागका अनुसार, २०७१ अन्त्यसम्म निर्माण भएका ५१ अपार्टमेन्ट भवनमध्ये भूकम्पमा ६ वटा मात्र सद्दे थिए । क्षतिग्रस्त बाँकी अपार्टमेन्टहरूलाई विभाग अन्तर्गतको डिभिजन कार्यालय, काठमाडौंले तीन समूहमा वर्गीकरण गरेको थियो । सामान्य मर्मत गरी सञ्चालन गर्न सकिने ८ वटा अपार्टमेन्टलाई कार्यालयले मर्मत गर्न निर्देशन दियो । मर्मतपश्चात् 'नन डिस्ट्रक्टिभ टेस्ट' (एनडीटी) मा सफल भएपछि ती ८ वटाले सञ्चालन अनुमति पाए ।

स्ट्रक्चरमा 'लोकल ड्यामेज' भएका, तर स्ट्रक्चर 'फेलियर' नै नभएका अर्काथरी अपार्टमेन्टलाई कार्यालयले 'रिस्टोरेसन गर्न' निर्देशन दिएको छ । रिस्टोरेसनपछि कार्यालयले 'नन डिस्ट्रक्टिभ टेस्ट' गरी तिनलाई प्रयोगमा ल्याउने अनुमति दिन्छ ।

अर्कोथरी चाहिं 'स्ट्रक्चरल फेलियर' भएका अपार्टमेन्ट छन् । पिलर र बीममा 'क्र्याक' आएका यस्ता अपार्टमेन्टलाई कार्यालयले 'क्यापासीटी डिजाइन रिक्वायर्ड' भनेको छ । पूर्ण मर्मत

वा रेट्रोफिटिङपछि पनि भवनले पूर्ण क्षमता लिन सक्छ/सक्दैन, पूर्णतः सुरक्षित हुन्छ/हुँदैन, पछि आउने भूकम्पमा लोड लिन सक्छ/सक्दैन भन्ने हेर्न यस्तो डिजाइन माग गरिन्छ । धापासीस्थित पार्क भ्यू होराइजन 'स्ट्रक्चरल फेलियर' भएको अपार्टमेन्ट हो ।

काठमाडौं उपत्यकाभित्रको सबैभन्दा ठूलो (२१३ फ्ल्याटको) र अग्लो (बेसमेन्टबाहेक १७ तलाको) अपार्टमेन्ट हो, यो । निर्माता 'बरूण डेभलपर्स प्रालि' ले 'भूकम्प प्रतिरोधी' भनेको यो अपार्टमेन्ट भूकम्पमा चिराचिरा परेर सबभन्दा भयानक देखिने अपार्टमेन्ट बन्यो । भूकम्प जाँदा यहाँका २१३ मध्ये १४३ फ्ल्याट बिक्री भइसकेका र ७५ भन्दा बढी परिवार बसिसकेका थिए ।

डिभिजन कार्यालयले भूकम्पपछि यसमा 'इलास्टिक हिल फर्मेसन' भएको निर्क्योल गऱ्यो, अर्थात् भवनका बीम र पिलर क्षतिग्रस्त भेटिए । डिभिजन कार्यालय काठमाडौंका अधिकारीका भनाइमा, "स्वीकृत डिजाइन अनुसार भवन बनेको देखिएन, डिजाइन फेरबदल भएको रहेछ ।" अपार्टमेन्ट निर्माताले नियुक्त गरेका कन्सल्ट्यान्टले 'ड्यामेज म्यापिङ' गरी 'डिटेल क्यापासीटी डिजाइन' गर्नुपर्ने राय दिए पनि अहिलेसम्म बरूण डेभलपर्सले त्यस्तो डिजाइन पेश गरेको छैन ।

पार्क भ्यू होराइजन अपार्टमेन्ट निर्माणमै गम्भीर त्रुटि भएको दस्तावेजहरूले देखाउँछन् । कागजात खोतल्दा भेटियो- १६ वैशाख २०६४ मा काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयका तत्कालीन नगर नियोजक भाइकाजी तिवारीले हस्ताक्षर गरेको पत्रमा ११ तले अपार्टमेन्ट निर्माण गर्न 'प्लानिङ परमिट' दिइएको रहेछ । त्यसैको आधारमा शहरी विकास तथा भवन निर्माण विभागबाट निर्माण स्वीकृति लिएको बरूण डेभलपर्सले धापासी गाविसबाट नक्शापास गरी निर्माणको काम शुरू गऱ्यो । २२ रोपनी ७ आना जग्गामा १८५ फ्ल्याटको अपार्टमेन्ट बनाउने स्वीकृति लिएर जग र फाउण्डेशन बनाउन शुरू गरिसकेको डेभलपर्सले थप पाँच रोपनी जग्गा लिएर २५ फागुन २०६६ मा २८ फ्ल्याट र थप ३ देखि ६ तला थप्ने गरी नयाँ 'प्लानिङ पर्मिट' का लागि समितिमा निवेदन दियो । समितिले २४ जेठ २०६८ मा उसलाई 'संशोधित प्लानिङ पर्मिट' दियो, जसमा तिवारीकै हस्ताक्षर छ । जबकि, त्यतिन्जेल भवन निर्माण शुरू भइसकेको थियो ।

नयाँ पर्मिट अनुसार डेभलपर्सले बेसमेन्टसहित १४ देखि १८ तलासम्म निर्माण गर्ने स्वीकृति पायो । १९ पुस २०६९ मा विभागको डिभिजन कार्यालय काठमाडौंले डेभलपर्सलाई निर्माणसम्पन्न भएको प्रमाणपत्र दियो, जसमा विभागको डिभिजन कार्यालय काठमाडौंका तत्कालीन प्रमुख इन्जिनियर शिवहरि शर्माको हस्ताक्षर छ । डिभिजन कार्यालय काठमाडौंका पूर्व प्रमुख इन्जिनियर बुद्धिसागर थापा भन्छन्, "बाहिरबाट हेर्दा पनि प्रष्ट देखिन्छ, दुइटा ब्लक ह्यामोरिटी भएको (ठोक्किएको) छ, पिलर ठोक्किएर भाँचिएको छ, यो त निकै डरलाग्दो अवस्था हो ।" तर, ११ तलाका लागि बनाइएको फाउन्डेशनमा १८ तलासम्म लैजान सहजै प्राप्त भएको स्वीकृति अझै पनि छानबीनको दायरामा आएको छैन । 'पार्क भ्यू होराइजन' अपार्टमेन्टमा बस्नेहरूले गठन गरेको विकास समितिका अध्यक्ष दानबहादुर बुढाथोकी भन्छन्, "घर हैन, धराप बनाइएको रहेछ । हामी कसो जोगिएछौं ।"



**निर्माण सम्पन्न भइसकेपछि मात्र नक्शापास गरिएको कुलेश्वर, काठमाडौंस्थित ओरियन्टल-२ पाँचतले अपार्टमेन्टको भुईंतलाका पिलर नै भाँचिएका छन् ।**

## डिजाइन र निर्माणमा त्रुटि

काठमाडौं महानगरपालिका-१४, कुलेश्वरमा रहेको ओरियन्टल कोलोनी-२ समस्याग्रस्त अर्को अपार्टमेन्ट हो । ८ वटा ब्लक भएको पाँच तलाको यो अपार्टमेन्टका दुइटा ब्लक १२ वैशाख २०७२ को भूकम्पमा क्षतिग्रस्त भए । शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको डिभिजन कार्यालय, काठमाडौंको टोली भूकम्पलगत्तै 'र्‍यापिड भिजुअल एसेसमेन्ट' गर्न जाँदा दुइटा ब्लकका भुईंतलाका पिलर भाँचिएको भेटियो । पाँचतले भवनका पिलर नै कसरी भाँचिए ?

हामीले १२६ वटा आवास इकाइ (फ्ल्याट) रहेको यो अपार्टमेन्टका दस्तावेज खोतल्यौं । ओरियन्टल बिल्डर्स एण्ड डेभलपर्स प्रालिले निर्माण गरेको यो अपार्टमेन्टलाई डिभिजन कार्यालय काठमाडौंले १८ मंसीर २०६५ मा निर्माण स्वीकृति दिएको रहेछ । भूकम्पलगत्तै डिभिजन कार्यालयले 'र्‍यापिड भिजुअल एसेसमेन्ट' गरेपछि ओरियन्टल बिल्डर्स एण्ड डेभलपर्स प्रालिले 'डिटेल ड्यामेज एसेसमेन्ट' (डीडीई) का लागि कन्सल्ट्यान्ट नियुक्त गर्‍यो । कन्सल्ट्यान्टले तयार पारेको डीडीई रिपोर्टमा भनिएको छ- 'भवनको डिजाइन र निर्माणमा त्रुटि देखियो । नक्शा पास गर्दा पिलरमा जति डण्डी हुनुपर्ने उल्लेख थियो, त्यहाँ त्यति डण्डी पाइएन ।'

दस्तावेज खोतल्दै जाँदा ओरियन्टल अपार्टमेन्टका डरलाग्दा कृत्य भेटिए । ओरियन्टलले डिभिजन कार्यालयबाट निर्माण स्वीकृति लिनुभन्दा अघि नै अपार्टमेन्ट निर्माण गरेर मान्छे समेत

बसाइसकेको रहेछ । भवन निर्माण भइसकेपछि मात्र उसले त्यसको नक्शा स्वीकृतिका लागि डिभिजन कार्यालयमा निवेदन दिएको रहेछ । त्यसबेला कार्यालयसँग निर्माण भइसकेका भवनको गुणस्तर परीक्षण गर्ने प्रविधि-क्षमता थिएन । त्यहीकारण उसले 'नन डिस्ट्रक्टिभ टेस्ट' (एनडीटी) का लागि भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) लाई आग्रह गरेको रहेछ । एनसेटले त्यसबेला दिएको अध्ययन प्रतिवेदनमा भनिएको छ- 'पिलरमा प्रयोग भएका डण्डीको संख्या नक्शा अनुसार नै भए पनि डण्डीको साइज भने यकिन गर्न सकिएन ।' यही प्रतिवेदनका आधारमा डिभिजन कार्यालयले ओरियन्टललाई 'क्लिन चिट' दिएको रहेछ । "हामीले गर्न सक्ने अधिकतम सजाय भनेको अधिकतम जरिवाना हो, त्यही अनुसार रू.५० हजार जरिवाना गरेर उसलाई प्रमाणपत्र दियौं", डिभिजन कार्यालयका सिनियर डिभिजनल इन्जिनियर सागरकृष्ण जोशी भन्छन्, "हाम्रो जानकारीबेगर निर्माण भइसकेका भवनलाई प्रमाणपत्र दिने काममा ठूलो समस्या छ, तर कानून नै त्यस्तै छ ।"

दुइटा ब्लकको पिलर नै भाँचिने गरी भवन निर्माणमा लापरबाही गर्ने ओरियन्टलको अपराधले कैयौं परिवारको ज्यान लिन सक्थ्यो । ती दुवै ब्लकको पुनःनिर्माणका लागि ओरियन्टलले नियुक्त गरेका कन्सल्ट्यान्टले पेश गरेको 'रेट्रोफिटिङ डिजाइन' को प्रस्ताव डिभिजन कार्यालयले अस्वीकृत गरेको छ । "त्यो चित्तबुझ्दो भएन, अर्को डिजाइन पेश गर भनेका छौं" डिभिजन कार्यालय प्रमुख बसन्त राई भन्छन्, "अहिलेसम्म अर्को डिजाइन पेश गरेको छैन ।"

संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन २०५४ तथा नियमावली २०६० अनुसार निर्माण सम्पन्नताको प्रमाणपत्र प्राप्त नगर्दासम्म अपार्टमेन्ट निर्माताहरूले आफूले बनाएका अपार्टमेन्टका फ्ल्याट बिक्री गर्न पाउँदैनन् । मान्छे बसाउने त झन् त्यसपछिको कुरा हो । कारण, सम्पन्नताको प्रमाणपत्र दिनुअघि निर्मित भवनहरू मानवीय सुरक्षाका दृष्टिले पूर्ण सुरक्षित छन् कि छैनन् भनेर चेकजाँच गरिन्छ ।

तर, अपार्टमेन्ट निर्माताहरूले यो कानूनी व्यवस्थाको धज्जी उडाएका उदाहरण छ्याप्छ्याप्ती छन् । जस्तो, भूकम्पअघि सीजी ग्रुपले ललितपुरको हात्तीवनमा बनाएको १८ तले 'सीटीस्केप अपार्टमेन्ट' का १९७ फ्ल्याटमध्ये धेरैजसो बिक्री भएर मानिस बस्न थालिसकेका थिए । ललितपुरकै धापाखेलस्थित सिभिल अपार्टमेन्ट प्रालिको १८ तलाकै सिभिल अपार्टमेन्ट कम्प्लेक्सका ३७६ फ्ल्याटमध्ये धेरैजसो बिक्री भइसकेका र केहीमा मानिस बस्न थालेका थिए । दुवै अपार्टमेन्टले त्यसबेलासम्म डिभिजन कार्यालयबाट निर्माण सम्पन्न प्रमाणपत्र लिएका थिएनन् ।

## रू.१२५ अर्ब जोखिममा

एकल परिवार बढ्दै गएको शहरी जीवनका लागि अपार्टमेन्ट रोजाइमा पर्नुको प्रमुख कारण हो- सुरक्षा । चोरी, डकैतीलगायतका अपराधबाट सुरक्षित रहन मात्र होइन, व्यक्तिगत जीवनका हर सुरक्षाका निम्ति मानिसहरू अपार्टमेन्ट रोज्छन् । २४ घण्टा सुरक्षा हुन्छ, पानी र बिजुलीको सुविधा हुन्छ, आगलागीदेखि आइपर्ने सबैखाले भवितव्यमा सहयोग-सहारा-सुरक्षा मिल्छ भन्ने सुनिश्चितताले पनि अपार्टमेन्टप्रति आकर्षण हुने गर्छ । सानो क्षेत्रमा पनि समुदायको सान्निध्यता

मिल्ने यसको अर्को विशेषता हो । तर, व्यक्तिका लागि सबैभन्दा महत्वपूर्ण कुरा हो– ज्यानको सुरक्षा । उपत्यकामा बनेका अपार्टमेन्ट भवनहरूले खासगरी भूकम्पपछि 'ज्यान सुरक्षित छ' भन्ने विश्वास दिलाउन सकेका छैनन् । अपार्टमेन्ट निर्माणमा पैसाका निम्ति कानूनी प्रक्रियाको धज्जी उडाइएका घटनाहरूले मानवीय सुरक्षाको विषय कति गौण बनेको छ भन्ने देखाउँछन् । नेपाल जग्गा तथा आवास विकास संघका महासचिव मीनमान श्रेष्ठ पनि यसलाई अस्वीकार गर्दैनन् । उनी भन्छन्, "एकाध अपार्टमेन्टले गर्दा यो व्यवसायलाई नै असर गऱ्यो, अपार्टमेन्टप्रति नै अविश्वास पैदा गऱ्यो ।"

यो अविश्वासको असर व्यवसायी, ब्यांक र सर्वसाधारणको लगानीमा परेको छ । काठमाडौं उपत्यकामा बनेका आवासीय अपार्टमेन्टमा रू.१ खर्ब २५ अर्ब लगानी भएको छ । नेपाल जग्गा तथा आवास विकास संघका अनुसार यसमध्ये रू.४२ अर्ब ब्यांकहरूको लगानी हो भने बाँकी रू.८३ अर्बमध्ये आधा व्यवसायी र आधा सर्वसाधारण ग्राहकको । रू.३० लाखदेखि साढे दुई करोड रूपैयाँसम्ममा बिक्री भएका करीब चार हजार फ्ल्याटमा बस्ने परिवार र तीसँग प्रत्यक्ष जोडिने रोजगार बजार आफैंमा ठूलो क्षेत्र हो । भूकम्पपछि अपार्टमेन्ट व्यवसायमाथि मडारिएको संकटले यो लगानीसँगै त्यसमाथि आश्रित रोजगारी समेत जोखिममा परेको छ ।

काठमाडौं उपत्यकामा अपार्टमेन्ट निर्माण शुरू भएको एक दशकमै बढेको आकर्षणले शहरी जीवनको आवासीय चाप थेग्ने यो 'संस्कार' उपत्यकाबाहिर समेत विस्तार हुन थालेको थियो । वीरगञ्ज र विराटनगरमा त अपार्टमेन्ट निर्माण शुरू समेत भइसकेका छन् । भरतपुर, बुटवल, भैरहवा, नेपालगञ्ज जस्ता जनघनत्व बढी भएका शहरमा बढ्दो चाप थेग्न एक न एक दिन 'हाइराइज' भवन बाहेक अर्को उपाय हुने छैन । काठमाडौं उपत्यकामा त खाली जग्गा भेट्नै मुश्किल भइसकेकाले शहरी जीवनको चाप थेग्न र व्यवस्थित शहर बसाउन भोलिका दिनमा योभन्दा अर्को उपाय हुने छैन ।

आवासीय चाप थेग्न मात्र होइन, 'हाइराइज' भवनहरू शहरका सुन्दरता पनि हुन् । एउटा अपार्टमेन्टमा सिंगै गाउँको बराबर जनसंख्या अट्न सक्ने भएकाले व्यवस्थित शहर बसाउन, हरियाली जोगाउन पनि यो उति नै आवश्यक छ । १२ वैशाख २०७२ को भूकम्पमा थोरबहुत क्षति सबैमा पुगे पनि धेरैजसो अपार्टमेन्ट राम्रैसँग जोगिए । तर, विधिको धज्जी उडाएर बनाइएका एकाध अपार्टमेन्ट निर्माताहरूलाई कानूनी कारबाहीको दायरामा नल्याउँदा शहरी जीवनको यो अपरिहार्य क्षेत्रप्रति आशंका र अविश्वास चुलिएको छ । परिणाम यसको निर्माण, खरीद र बिक्री ठप्प छ । डिभिजन कार्यालय काठमाडौंका प्रमुख बसन्त राई अपार्टमेन्ट पनि एउटा प्रोडक्ट भएकाले त्यो गुणस्तरको हुनैपर्ने बताउँछन् । "कमी–कमजोरी धेरै छन्, कानून मिचिएको छ, कानून मिच्नेलाई अब सहुलियत होइन, रद्द गरेर कारबाही गर्नुपर्छ" उनी भन्छन्, "राम्रो काम गर्नेहरूलाई सुविधा दिन पनि बदमासी गर्नेहरूलाई सजाय दिनैपर्छ, नभए अपार्टमेन्टप्रति गुमेको जनविश्वास वर्षौंसम्म फर्काउन सकिन्न ।"

*(२९ मंसीर २०७३, www.cijnepal.org.np)*



नन्दसरा सार्की ।

तस्वीरहरूः मीना शर्मा

# ६.

# सुत्केरी संवाद : 'आफ्नो राम्रोको लागि देउताको मन दुखाउनुहुन्न'

बाजुरा, हुम्ला र मुगुका गाउँमा अहिले पनि सुत्केरीलाई गाईबस्तुको गोठमा, अमानवीय कष्टमा राखिन्छ। 'नियमित गर्भ परीक्षण', 'सुरक्षित मातृत्व' र 'पोषणयुक्त खाना' जस्ता सरकारी प्रचारवाजी भन्दा फरक हदै दयनीय छ सुत्केरीको अवस्था।

● मीना शर्मा

## नन्दसरा सार्की (२३) बाजुरा, बाँधु

११ कात्तिक, २०७३ । आज मैले बच्चा जन्माएको १२ दिन भयो । सुत्केरी भएपछि म यो गोठमा बस्दै आएकी छु । बच्चा जन्मिसकेपछि सुत्केरी र बच्चालाई घरमा छुन नहुने भएकाले म गाईगोठमा बसेकी हुँ । छुई (महीनावारी) र सुत्केरी भएको समयमा म मात्र होइन हाम्रो घरका सबै महिला यसैगरी गाईगोठमा बस्ने गर्छौं ।

मेरो माईत हुम्ला हो, त्यहाँ पनि म जस्ता सबै गोठमा नै बस्छन् । अहिलेसम्म मैले पाँचवटा बच्चा जन्माइसकेकी छु । प्रत्येक पटक एक महीना गोठमा बस्दै आएकी छु । हाम्रोतिर सुत्केरी भएको बेलामा १० दिन मात्र घरकाले पकाएर खान दिन्छन् । ११औं दिनदेखि मैले आफैं पकाएर खान थालेकी हुँ ।

मेरा दुई बच्चा भगवानका नजिक भए । यो बच्चालाई चिसो लागेको छ । चिसोले गर्दा खोकी लागेको र पातलो दिसा गरेको छ । त्यसैले बच्चा लिएर घाममा बसेकी छु । आगो नबाल्दा कोठा धेरै चिसो हुन्छ । पहिलेका दुई बच्चा पनि चिसो हुँदाहुँदै मरेका हुन् । तर, जन्माएका सबै बच्चा कहाँ बाँच्छन् र ? सबैका बच्चा मरेका हुन्छन् त्यसैले मेरा पनि मरे ।

स्वास्थ्य चौकीमा बच्चा जन्माउँदा डाक्टरले गोठमा बस्न हुन्न भने तर पनि हामी बस्ने गोठमै हो । घरमा बस्न हुन्न । देउता रिसाउनुहुन्छ । देउता लागेपछि परिवारमा समस्या हुन्छ, बालीनाली राम्रो हुँदैन । जीवित भएका बच्चालाई पनि राम्रो हुँदैन । म पनि गोठमा जन्मिएँ, आमासँगै एक महीना गोठमा बसें । मलाई केही भएको छैन । त्यसैले गोठमा बसेर केही हुने होइन । आफ्नो राम्रोको लागि देउताको मन दुखाउनुहुन्न । देउता रिसाउनुभयो भने विनाश हुन्छ ।

संस्थाका 'सर' र 'म्याडम' आएर गोठमा बस्नुहुन्न भन्नुहुन्छ तर हामीलाई गोठमा बसेर राम्रो भइरहेको छ । खान पाएकै छौं, परिवारसँगै छौं । मैले अरू बच्चा जन्माएँ भने अब पनि बस्ने गोठमै हो । परिवारलाई नराम्रो हुने काम गर्नुहुँदैन । पहिलाका सबै जना गोठमा बस्दा केही भएको छैन भने हामी बस्दा के समस्या हुन्छ र ? चल्दै आएको चलन किन नमान्ने ? गोठमा बस्दा बच्चा मर्‍यो भने आमा मात्र चाहिं धेरै दिन गोठमा बस्नु पर्दैन । मेरा छोरी मात्र छन्, अंश खाने छोरो जन्माउनु छ । पाप गर्‍यो भने छोरो जन्मिंदैन । छोरो जन्मँदा पनि गोठमै बस्ने हो ।



## सरस्वती बुढथापा (२१), बाजुरा रूगिन

१२ कात्तिक । बच्चा जन्मिएको आज १२ दिन भयो । स्वास्थ्य चौकीमा बच्चा जन्मिसकेपछि २४ घण्टा म स्वास्थ्य चौकीमै बसें । डाक्टरले बच्चा र आमाको स्वास्थ्य राम्रो छ भनेपछि घर आयौं । घर आएदेखि म यही गोठमा बसेकी छु । बच्चा जन्माउँदा हाम्रो गाउँमा सबैजना गोठमा बस्छौं । भान्सा र घरको अन्य ठाउँमा जाँदा देउता रिसाउने हुँदा हामी गोठमा बस्ने गरेका हौं । स्वास्थ्य (चौकी) मा जाँदा सफा बस्नुपर्दछ, गोठमा बस्नुहुन्न भन्नुहुन्छ तर यस्तो छुई भएको समयमा गोठमै बस्नु पऱ्यो नि ! आमा, हजुरआमाले पनि गोठमै बच्चा जन्माउनुभयो, गोठमै बस्नुभयो । उहाँहरूलाई केही भएको छैन, हामीलाई पनि केही हुँदैन ।

यस्तो बेलामा म भान्सामा बसेर घरमा केही अनिष्ट भयो भने के गर्ने ? देउता नमान्दा देउता रिसाउँछन् र देउता रिसाए भने अन्न फल्दैन, बच्चाहरू अपाङ्ग हुन्छन्, खडेरी हुन्छ, पहिरो जान्छ । यस्तो थाहा हुँदाहुँदै कसरी घरमा बस्ने ?

गोठमा बस्दा भूतप्रेत नआओस् भनेर ढोकामा बन्चरो झुन्ड्याउने र कम्मरमा हँसिया राख्छौं । देउता खुशी बनायो भने भूत डराउँछ तर कहिलेकाहीं गल्ती हुँदा भूत लाग्न सक्छ भनेर हँसिया र बन्चरो सँगै राखेका हौं । सुत्केरी बस्ने गाईगोठमा एक महीनासम्म कोही बस्दैन, आमा र बच्चा मात्र बस्छन् । सबैले गरिरहेको काम किन नगर्ने ? आफ्नो संस्कार मान्नु पऱ्यो । स्वास्थ्यका 'सर' 'म्याडम' ले भनेको सबै कुरा घरमा गर्न मिल्दैन ।

# मागी चदारा (१७) मुगु, ह्याङ्लु



१४ कात्तिक । आज छोरी जन्मिएको १३ दिन भयो । छोरीलाई गोठमा सुताएर धान काट्न खेत गएकी । अब (दिनको ११ बजेको छ) यो घाँस भैसा (भैंसी) लाई हालिदिएर, खाना खाने अनि छोरीलाई दूध खुवाएर फेरि घाँस काट्न जान्या (जाने) हो । स्वास्थ्य (चौकी) नजिकै छ, पाँच मिनेटमा पुगिन्छ । स्वास्थ्यमा गयो भने नियमित जँचाउनुपर्छ, गोठमा बस्नुहुन्न भन्नहुन्छ त्यसैले घरमै बच्चा जन्माएँ, स्वास्थ्य गइनँ ।

स्वास्थ्य र संस्थाका 'सर' 'म्याडम' हरू आएर गोठमा बस्नुहुन्न सफा ठाउँमा बस्नुपर्छ भन्नुहुन्छ तर भनेजस्तो सबै कुरा कहाँ पुग्छ र ? गाउँका मान्यजन र ठूलाले गोठमा बस्नुपर्छ भनेपछि घरमा बस्नु भएन । मलाई बच्चा जन्माउने बेथा लागेपछि गोठमा गएँ, छोरी त्यहीं जन्मिई । आमा, सासू, जेठानी, भाउजू र छिमेकी सबै जना गोठमा बस्नुहुन्छ तिनीहरूलाई केही भएको छैन, मलाई के हुन्छ र ? १५ वर्षमा भागेर विवाह गरेकी हुँ । लभ परेर बिहे गरे पनि बिहेपछि सधैं कहाँ माया गर्छन् र ? अहिले सबै काम गर्नुपर्छ ।

छुई भएर घरको काम गर्न नभए पनि मेलापातको काम गर्न हुन्छ । त्यसैले धान काट्न आएकी हुँ । धान काट्ने ठाउँमा केटीहरू मात्र हुन्छन् । हामी जस्ता छुई भएका महिलाले पुरूषलाई छुनुहुँदैन । अब अर्को बच्चा जन्माउँदा पनि म गोठमा नै बस्छु । देउता रिसाउँछन् भन्ने थाहा हुँदा भान्सामा बस्छु भन्न मिल्छ र ? पढे पनि संस्कार मान्नुपर्छ । तपाईं के आफ्नो संस्कार मान्नुहुन्न ? छुई हुँदा छुनुहुन्छ देउता ? रिसाउन्नन् ? किन गोठमा बस्नहुन्न भन्नुहुन्छ ? बच्चासँग सुत्केरी सबैका अगाडि बस्दा लाज लाग्दैन र ? सबैले मानेको कुरा हामीले पनि मान्नुपर्छ ।



## चिनकला चदारा (२२) मुगु, ह्याङ्गलु

१४ कात्तिक । आज बच्चा जन्मिएको ६ दिन भयो । बच्चा यही गोठमा जन्मिएको हो । गर्भवती भएको समयमा स्वास्थ्य (केन्द्र) मा जँचाउन गएकी थिएँ । डाक्टरले बच्चा जन्माउन स्वास्थ्यमा आउनुपर्दछ भने पनि गइनँ । स्वास्थ्यमा गएपछि पैसा दिन्छ भन्नुहुन्थ्यो । समस्या केही भएन, घरमै जन्माएँ ।

सबैजना गोठमा बस्नुहुन्छ त्यसैले म पनि गोठमा बसें । मेरो घर नजिकै अर्की सुत्केरी पनि गोठमा बसेकी छन् । सुत्केरी भएको बेलामा आफैं खाना बनाएर खानुपर्छ । छुई हुने भएकाले कोहीलाई छुन हुँदैन । घाँस काट्ने, कोदो काट्ने, कपडा धुने जस्तो घर बाहिरको काम गर्न हुन्छ । सबै जना बसेको गोठमा हामी बस्न किन समस्या हुन्छ र, हुँदैन ।

सुत्केरी हुँदा आमा र बच्चा दुवै फोहोर हुन्छन्, त्यसैले गोठमा बस्नुपर्दछ । देउताले दुःख पर्दा सबैलाई बचाउनुहुन्छ । अनि भान्सामा बसेर देउता रिसाउने काम गर्नु भएन नि ! अरू बच्चा जन्मँदा पनि गोठमै बस्ने हो । देउता रिसायो भने घरका लोग्नेमान्छेलाई समस्या हुन्छ । बालोबैंसमा मर्नुपर्छ । सन्तान अपाङ्ग हुन्छन् । घरमा संकट आउँछ । यस्तो थाहा पाएर पनि घरमा बस्न हुन्छ र ? ३० दिन गोठमा बस्दा परिवारका सबैलाई राम्रो हुन्छ । पाप गऱ्यो भने सन्तानलाई नराम्रो हुन्छ । ३० दिन मैले दुःख काट्दा के हुन्छ र ?

## दुधारी धामी (२४) हुम्ला, मैला

२०७२ माघमा मैले गोठमै बच्चा जन्माएँ । एक महीना गोठमा बसें । सुत्केरी बेथा लागेपछि छिमेकी महिलाले मलाई गोठमा लगेका थिए । अरूको जस्तै हँसियाले बच्चाको नाल काटेको हो । म २४ वर्षकी भएँ, मेरा दुई बच्चा छन् । पहिलाको बच्चा हुँदा पनि म गोठमै बसेकी हुँ । केही भएको छैन । हाम्रो यहाँको चलन यस्तै छ ।

आमाले मलाई गोठमै जन्माउनुभएको हो । अहिलेसम्म मलाई केही भएको छैन । घरभित्र बसेर देउता रिसाएर समस्या भयो भने कसरी पाप कटाउने त ? पुर्खाहरूको पालादेखि देउता रिसाउने भएकाले गोठमा बसेको भन्नुहुन्छ आमाले । भनेको मान्नु पर्‍यो नि ! सुत्केरी भएको समयमा दूध खाँदा गाई भैसा (भैंसी) ले दूध नदिने हुँदा दूध खान मिल्दैन । गोठमा बस्दा आधा ज्यान घटे पनि आफ्नो चलन मान्नु पर्‍यो । पानी पर्दा वर्षाको समयमा गोठमा कीरा आउँछन् अलि समस्या हुन्छ । तर जे जसरी भए पनि बस्नुपर्दछ ।



## रामुदेवी मल्ल, बाजुरा बाँधु



म स्वास्थ्य स्वयंसेविका हुँ । १० वर्षदेखि यो काम गर्दै आएकी छु । गोठमा बस्नुहुन्न भनेर बुझाउन मुश्किल छ । गर्भवती परीक्षण, भिटामिन, जुकाको औषधि, आइरन चक्कीलगायतका औषधि खानुपर्दछ भन्ने कुरामा केही चेतना फैलाउन सकिएको छ तर गोठमा बस्नुहुन्न भनेर बुझाउन मुश्किल छ । देउता लाग्दा (लाग्छ) भन्दाउन (भन्दा हुन) अरू के हुनु । केही लाग्या (लागेको) नाइँ (होइन), चेतनाको कमी हो ।

गोठमा बस्नुहुन्न भनेर घरपरिवार सबैलाई एकठाउँमा राखेर भने पनि बुझाउन सकिएन । कोल्टी टाढा छ । रेडियो, टेलिभिजन केही छैन । संस्थाका 'सर' 'म्याडम' आएको बेला उहाँहरूको अगाडि हुन्छ भने पनि बेथा लाग्यो कि गोठमा लगिहाल्छन् । आफ्नै गाउँको भएर हामीले भनेको नसुनेको होला कि ?

घरमा बस्दा केही हुँदैन भनेर मेरो बच्चा जन्मँदा म घरभित्र बसें तर पनि बुझाउन सकिनँ । भान्सामा र देउता भएको कोठामा नराखे पनि सफा र घरको अर्को कोठामा राख्नुपर्छ भन्दा मान्दैनन् । सयमा दुई–तीन प्रतिशतले घरमा राख्छन् होला अरूले मान्दैनन् । सुत्केरीलाई घरमा राखेको बेलामा घरमा कोही बिरामी भयो, बस्तुभाउ बिरामी भयो भने छुई भएर हो भन्छन् ।

रूढिवादी हटाउनु गाह्रो काम रहेछ । बुहारीहरूले संस्कार तोड्न सक्दैनन् । सासू ससुराहरूले हाम्रा पालामा गोठमा बस्दा केही भएन अहिलेकालाई के हुन्छ भन्छन् । हाम्रा पालामा १० बच्चा गोठमा जन्माइयो, बसियो केही भएन । अहिलेका स्वास्थ्य (केन्द्र) जानुपर्छ, गोठमा बस्नुहुन्न भन्छन् । के जमाना आयो भनेर कराउँछन् । यस्तो भएपछि कसैले पनि परम्परा तोड्ने हिम्मत गर्दैन ।

पहिला त गाईको गोठमा पोस्रो (मल, गोबर) पनि सफा नगरी राख्थे अहिले भने चिसो पोस्रो फाले पनि फोहोर चाहिं सफा गर्दैनन् । कसैले सफा गरेर पराल ओछ्याउँछन् । तर धेरैको त फोहोरै हुन्छ । हामीले नियमित परीक्षण गर्नुपर्दछ सफा बस्नुपर्दछ, पोषिलो खानुपर्दछ भनेर सिकाउने मात्रै हो । सबैलाई त्यो कहाँ पुग्छ र ? गाईकै गोठमा राखे पनि लिपपोत गरेर सफा बनाऊ भन्दा छाउ बस्ने गोठ पनि के सफा गर्नु भन्ने जवाफ दिन्छन् । पोहोरसाल मात्र फोहोरमा बसेकी एउटी सुत्केरीको धेरै रगत बगेर कोल्टी लैजाँदा बाटोमै मृत्यु भयो । फोहोरले गर्दा पाठेघरमा संक्रमण भएको रहेछ । बच्चालाई निमोनिया हुने, बिरामी हुने, आमालाई तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरमा संक्रमण हुने कारण गोठमा बसेर हो भन्दा देउता खुशी पाऱ्यो भने केही हुँदैन भन्छन् । आफ्नै गाउँकालाई बुझाउन झनै मुश्किल ।

## भावना बुढा (२२) हुम्ला, मैला

२०७२ मा मैले तीन बच्चा गोठमै जन्माएँ । एक महीनासम्म गोठमै बसें । समस्या भएर बच्चा जन्माउन नसके मात्र स्वास्थ्य (केन्द्र) जाने हो । स्वास्थ्य टाढा छ, घरको काम छोडेर कसरी त्यहाँ जानु । हरियो तरकारी, झोल खानेकुरा खाँदा बच्चालाई कुवत (पखाला) लाग्न सक्छ । यसमा होस पुऱ्याउनुपर्छ । आफैं खाना बनाउनुपर्दछ । छुई नबार्नेलाई देउताले धेरै दुःख दिएको आमाले सुनाउनु हुन्छ । परिवार, बालीनाली र आफ्ना सन्तानलाई राम्रो होला भनेर हामी गोठमा बस्ने गर्छौं ।



## धनबहादुर फडेरा, रूगिन स्वास्थ्य चौकीका निमित्त प्रमुख



सुत्केरी निकै संवेदनशील अवस्था हो । तर पनि यहाँ गाई गोरू राख्ने गोठमा सुत्केरी राख्ने चलन छ । घरमा राखे देवीदेवताले सराप्छ भन्ने मान्यता छ । स्वास्थ्य अवस्था एकदमै नाजुक छ । दुई वर्षदेखि म यहाँ छु । गोठमा बस्दा ज्वरो आउने, सेतो पानी बग्ने, तल्लो पेट दुख्ने समस्या हुन्छ । अवस्था जटिल भएपछि मात्र स्वास्थ्यमा आउँछन् । कहिलेकाहीं बचाउनै समस्या हुन्छ । सरसफाइ छैन, पानी छैन । गाई गोरू बस्न नसक्ने साँघुरो गोठमा बस्नुपर्छ । कपडा पनि राम्रो हुँदैन । गोठ चिसो हुन्छ, सुक्खा हुँदैन । निमोनियाको डर धेरै छ ।

चेतनाको कार्यक्रम छ तर उनीहरू आफ्नो संस्कार छोड्न चाहँदैनन् । सुत्केरीलाई दूध, दही, घ्यू दिन्नन् । एक महीनासम्म मासु पनि दिंदैनन् । हिजोको भन्दा अवस्था अहिले केही सुधारिएको छ । मेरो घर कालीकोट हो, कर्णालीका पाँचै जिल्ला घुमेको छु । अहिले पनि यस क्षेत्रका ८० प्रतिशतले सुत्केरी राख्ने गोठमै हो । बीए पास गरेका श्रीमान्ले पनि श्रीमती सुत्केरी हुँदा गोठमै राख्छन् । अनि कसरी चेतना अभाव भन्नु ?



रिपोर्टरको डायरी

# गोठमा हुर्कंदैछ एउटा पुस्ता

## बाजुरा, हुम्ला र मुगुमाः मैले जे देखें !

महिला भएकाले पनि होला 'छाउ' का बारेमा अलि बढी नै चासो लाग्छ । छाउ त नेपालभरि नै छ भन्ने मलाई जानकारी छ । तर आफ्नै आँखाले दुर्गम ठाउँको समस्या हेर्न भनेर मैले बाजुरा, हुम्ला र मुगुका दुर्गम गाउँबस्ती जाने निधो गरें ।

६ कात्तिक २०७३ मा काठमाडौंबाट सुदूरपश्चिम निस्किएँ । बसको यात्रा पछि ८ कात्तिकमा बाजुराको मार्तडी पुगें । त्यसपछि १० दिनको पैदल यात्राको तयारी भयो । जिल्लाको अति दुर्गम गाविस बिच्छ्या, रूगिन, छिमेकी हुम्लाका मैला, मदेना र अर्को छिमेकी मुगुको ह्याङ्लु, श्रीकोट र सेरी पुग्ने योजना तय भयो ।

९ कात्तिक बिहान बाजुराका पत्रकार प्रकाश सिंह र मेरो यात्रा मार्तडीबाट शुरू भयो । पाण्डुसैन जान हिंडेको एक घण्टा नहुँदै जीप हिलोमा फस्यो । आधा घण्टाको प्रयास पछि हिलो बाटोबाट बल्लतल्ल जीप निकालियो । चार घण्टामा हामी पाण्डुसैन पुग्यौं । त्यहाँबाट

तीन घण्टा पैदल हिंडेर हामी कोल्टी पुग्यौं । १० कात्तिक बिहान कोल्टीबाट बाँधुतर्फ हाम्रो यात्रा शुरू भयो ।

अब हामी हिंड्ने बाटोमा मालबाहक खच्चरको एकछत्र राज थियो । पत्रकारको यात्राको उद्देश्य के हुन्छ र भेटेसम्म समाचार हुने कुनै पनि विषय नछोड्ने । तर हाम्रो यात्राको अर्को विशेष उद्देश्य थियो– गोठमा बसेका सुत्केरीको अवस्था खोज गर्ने । हामी चार सय ७० घरधुरी भएको बाँधुको धिम गाउँ जाने उकालो बाटोतिर लाग्यौं । धिम बाजुराको उत्तरी क्षेत्रमा पर्ने सबैभन्दा ठूलो बस्ती भएको गाउँ हो । राँघे भीरको उकालो र अप्ठ्यारो बाटो, भोक, प्यासले एकैचोटि गलाइरहेको थियो हामीलाई । पानीको बोत्तल र शरीरको शक्ति सँगसँगै रित्तिंदै थियो । तर पनि धिम पुग्नु थियो ।

नाकै ठोक्किने ठाडो उक्कालोमा सातघण्टा लगाएर ११ कात्तिक दिउँसो १.३० बजे हामी धिम पुग्यौं । सोझै स्वयंसेविका रामुदेवी मल्लको घर गयौं । मल्लको घरमा झोला राखेर अर्की स्वयंसेविका चन्द्रकला बुढालाई खोज्न निस्कियौं । उनले सुत्केरीहरूको घरसम्म पुग्न हामीलाई सहयोग गरिन् ।

गोठको अवस्था हेरेपछि मेरो भोक, तिर्खा र दुखाइ करूणामा बदलियो । यस्तो दुःख शायदै हामीले भोगेका छौं । फोहोर गाईगोठमा सुत्केरी बसेका छन् । साँच्चिकै ढुंगे युग– सानो ढुंगाको चिसो, अँध्यारो, हावा ओहोरदोहोर गर्न नसक्ने गोठ । जहाँ भविष्यका कर्णधारहरू हुर्काइरहेका छन् आमाहरू । 'सुरक्षित मातृत्व', 'नियमित गर्भ परीक्षण', 'पोषणयुक्त खाना' भन्ने नारा मैले काठमाडौंमा पटक–पटक सुनेकी छु । सुदूरपश्चिमको यो दुर्गम पहाडमा आज त्यो सरकारी नारा सम्झिएर मेरो मन खिन्न भयो । एकपछि अर्को सुत्केरीसँग कुरा गरें । उनीहरूसँगको संवाद आफैंमा पूर्ण समाचार लाग्यो मलाई । तिनका भनाइमा के छैन ? राज्यको विभेद, समाजको भेदभाव, आर्थिक विपन्नता, अन्धविश्वास र शोषण उत्पीडन । क्यामेरा निकालें, रेकर्डर 'अन' गरेर धमाधम अन्तर्वार्ता लिएँ । तीन जिल्लामा एक सातामा भेटिएका सुत्केरीसँग गरिएका ती कुराकानीहरू वास्तवमा अन्तर्वार्ता नभएर उनीहरूले भोगेका दुःख–कष्ट र वेदनाको एकोहोरो प्रस्तुति थियो ।

आखिर किन उनीहरू यतिविघ्न कष्ट भोगिरहेका छन् ? अँध्यारो कोठा, फोहोर गोठमा परालमाथि पुरानो कम्मल, झिंगाको बथान, नजिकै अँगेनो, अँगेनोमाथि बिहानको बासी भात । यो दृश्य देखेपछि काठमाडौंका अस्पतालमा बच्चा जन्माउने सुत्केरीहरूलाई सम्झें । एउटै पुस्ता, एउटै भूगोल, एउटै नागरिकता भएर के गर्नु जीवनशैलीमा आकाश–धरतीको फरक छ । हामी सम्मानजनक जीवन बाँच्न पाउनुपर्दछ भनेर महिला अधिकारको कुरा गर्दछौं । आफ्नो शरीर आफ्नो अधिकार भन्छौं । घर शान्ति नै विश्व शान्तिको अधार, लैङ्गिक हिंसारहित समाज भनेर महिला हिंसा विरूद्धको १६ दिने अभियानमा छौं । तर, मैले भेटेका ती महिलाले देउता खुशी बनायो भने परिवार खुशी हुन्छ भनेर गोठमा बसेको हाकाहाकी बताए । उनीहरू दुःख भोगिरहेका थिए, झन् दुःखद् पक्ष उनीहरू भगवानको डरले आफ्नो परिवारको हित होस् भनेर गोठमा बच्चा हुर्काइरहेका थिए । अन्धविश्वासको पराकाष्ठा !

गोठमा बसेका तीन सुत्केरीलाई भेटिसकेपछि मलाई खपिनसक्नु भयो । अभाव, कुपोषण सहेर महीना दिनसम्म दु:खका साथ गाई गोठमा बसेका छन् । आफूभन्दा साना र आफ्नै उमेर हाराहारीका महिलाको यो अवस्था देख्दा लाग्थ्यो– उनीहरूलाई जवानी, जीवन, अधिकार, हिंसा र स्वतन्त्रता के हो भन्ने बुझाउनै बाँकी छ । त्योभन्दा पहिला उनीहरू गोठमा बस्नु कति जोखिमपूर्ण कुरा हो भनेर बुझाउनु जरूरी छ ।

समाजका गन्यमान्य व्यक्तिलाई भेटेपछि अर्को कुरा थाहा भयो । त्यो भनेको गोठका सुत्केरीलाई घरमा सार्न सहज छैन । ११ गते राति धिममा एउटा घरमा बास बसेका थियौं । लिपपोत गरेको सफा घरमा समेत हामी उडुसले टोकेर रातभर सुत्न सकेनौं । फोहोर गोठमा सुतेका सुत्केरी आमाहरूको हालत के होला ?

१२ गते बिहान हामी धिमबाट रूगिनका लागि हिंड्यौं । साँघुरो बाटो मसिना चिप्लिने ढुङ्गा । बाटो हेर्दै जीउ सिरिङ्ग हुने । तल कर्णाली बगिरहेको थियो । माथि डाँडामा थोरै सिस्नु र सिउडीका रूख बाहेक केही थिएनन् । लट्ठीको सहारामा साँघुरो बाटो पार गर्दै हामी साढे दुई घण्टामा रूगिनको फैती पुग्यौं ।

फैतीका शिक्षक देवराज पाण्डेसँग कुराकानी भयो । उनले गोठका सुत्केरीको कुरालाई त्यति महत्व दिएनन् । बरू स्वास्थ्य चौकी टाढा भएको दु:खेसो पोखे । सामान्य अवस्थामा फैतीबाट रूगिन पुग्न चार घण्टा लाग्छ । बच्चा जन्मने अवस्थाकी गर्भवती श्रीमतीलाई चार घण्टाको बाटो हिंडाएर स्वास्थ्य चौकी लैजान नसकेको गुनासो गर्दै पाण्डेले भने "डक्टरले दिएको समयभन्दा तीन दिन ढिलो भइसक्यो बच्चा जन्मिएको छैन, म त तपाईं डाक्टर हो कि भनेर दौडेर भेट्न आएको !"

त्यहाँबाट सात घण्टा लगाएर हामी रूगिन स्वास्थ्यचौकी पुग्यौं । स्वास्थ्यकर्मी भेटिंदैनन् कि भन्ने चिन्ता थियो । काठमाडौंबाट पत्रकार आएका छन् भनेर स्वास्थ्यकर्मी हाम्रो पर्खाइमा बसेका रहेछन् । गोठमा सुत्केरी राखेको बारेमा हामीले चासो मात्रै के राखेका थियौं, रूगिन स्वास्थ्य चौकीका अहेव धनबहादुर फडेराले बेलीबिस्तार लगाइहाले । उनले भने, "यो बाजुराको मात्रै समस्या होइन, मध्य र सुदूरपश्चिमका दुर्गम गाउँमा सुत्केरीलाई गोठमा राख्छन् ।" अब उनलाई सोध्ने अर्को प्रश्नै रहेन । कालीकोटवासी फडेराले आफ्नो गाउँमा पनि यस्तै अवस्था रहेको बताए ।

स्वास्थ्यकर्मीसँगको कुराकानी पछि हामीले गोठमा बसेका सुत्केरीहरूलाई भेट्यौं । बिहान सात बजे कालो चिया र कोदाको रोटी, दिउँसो १२ बजे चिसो कोदाको रोटी र पानी, चार बजे कोदाकै रोटी र चाउचाउको तरकारी खाएपछि 'भोक मीठो कि भोजन ?' भन्ने नेपाली उखानको याद आयो ।

त्यही दिन हामीले गोठमा बसेकी १२ दिनकी सुत्केरी सरस्वती बुढथापालाई भेट्यौं । उनी ढोकामा बन्चरो झुण्ड्याएर भित्र बसेकी थिइन् । उनले भनिन्, "भूत लाग्छ भनेर बन्चरो झुण्ड्याएको ।" अरू सुत्केरीले जस्तै उनले पनि कम्मरमा हँसिया घुसारेकी थिइन् ।

यतिसम्म अन्धविश्वास ? रूगिन स्वास्थ्य चौकीकी अनमी प्रेमकला मल्लले भनिन्, "हामीलाई परम्परागत संस्कार तोड्न मुश्किल परिरहेको छ । हँसिया साथमा भयो भने भूत लाग्दैन भन्ने अन्धविश्वास छ ।"

रूगिनबाट हामी बाजुराको कवाडी भन्ने ठाउँतिर लाग्यौं । त्यो मुगु, हुम्ला र बाजुराको केन्द्र थियो । रात पर्न थालिसकेको थियो । डरलाग्दो ओरालो बाटो, लट्ठीको सहाराले झरिरहेका थियौं । बाटामा आठ जना स्थानीयहरू थकाइ मारेर बसिरहेका थिए । हामी पनि त्यहाँ एकछिन बस्यौं । त्यो समूहमा काखमा सानो बच्चा लिएर बसेकी एक जना गर्भवती महिला थिइन् । मैले सोधें, "तपाईंको बच्चा जन्मने कहिले हो ?" उनले मसिनो स्वरमा भनिन् "पुसमा ।" अब पुसको चिसोमा पनि गोठमा बस्नुहुन्छ होला नि ? यसो मात्रै के भनेकी थिएँ त्यहाँका पुरूषले एकैस्वरमा भने "संस्कार मान्नु परिहाल्यो नि !"

बाजुराका दुर्गम गाउँको अवस्था हेरेर दिक्क भएको मन हुम्लाको मैला पुग्दा झन् विरक्तियो । गोठमा बस्नुपर्ने अवस्थालाई त्यहाँका महिलाले वास्तै गरेनन् । परिवारलाई राम्रो हुन्छ भने गोठमा किन नबस्ने ? आफू गोठमा जन्मिएको हो, आफूले पनि गोठमा बच्चा जन्माउँदा राम्रै भइरहेको छ भन्ने उनीहरूको बुझाइ थियो ।

हुम्लाका गाउँमा अर्को अनौठो मान्यता 'सुत्केरीलाई हरियो सागसब्जी र पोषिलो खानेकुरा दिनुहुन्न' भन्ने रहेछ । यसको असर बच्चा जन्मन नपाउँदै आमालाई पोषणको अभाव हुने रहेछ । हामीले एमालेका जिल्ला नेता देउचे सार्कीलाई भेटेका थियौं । उनले भने, "महिला आफैं देउताको डरले गोठमा बस्छन् हामीले कसरी रोक्नु ।" अचम्म छ, समाजमा जो पीडामा छ दोष पनि उसैको थाप्लोमा ।

बाटो हिंड्दा धेरै ठाउँमा दूध, दही र मोही छ भनेर सोध्यौं । कसैले पनि छ भनेन । गाई, भैंसी भएको घरमा पक्कै होला भनेर सोध्यो 'छैन' भन्छन् । मुगुको श्रीकोट पुगेपछि मात्रै किन 'छैन' भनेका रहेछन् भन्ने थाहा भयो । ती दुर्गम बस्तीहरूमा दूध खानलाई दलित होइन भन्ने प्रमाणित हुनुपर्ने रहेछ । हामीले भन्यौं, 'हामी दुई जना बाहुन, एक जना क्षेत्री र एक जना ठकुरी छौं ।' यस बाहेक मैले महीनावारी भएको छैन, भएको भए यसरी पैदल हिंड्न सकिन्थ्यो भनेर थप एउटा स्पष्टीकरण दिनु पर्‍यो । महीनावारी भएकालाई पनि दूध दिने चलन रहेनछ । त्यो अवस्था बुझेर मैले आफ्नै समूहका साथीसँग पनि आफूलाई महीनावारी भएको बताइनँ । सुदूर दूरदराजका गाउँमा २२ दिन बिताएर राजधानी फर्किंदा पनि बारम्बार मेरो मनमा एउटै प्रश्न आउँछ, 'आखिर देउता रिझाउन महिलाले कहिलेसम्म सहने यस्तो कष्ट ?'

*(२० मंसीर २०७३, www.cijnepal.org.np)*



# ७.

# ‘सिकल सेल एनिमिया’ः थारू परिवारमा मानवीय संकट

शरीरका रक्तकोषहरू हँसिया जस्तो बाङ्गो हुने र रक्त प्रवाहमा अवरोध आउने ‘सिकल सेल एनिमिया’ रोगले पश्चिम तराईका धेरै थारू परिवारमा मानवीय संकट सृजना गराइरहेको छ। एउटा समुदायविशेषमा देखिएको यो शान्त महामारीबारे दाङ, बर्दिया, सुर्खेत र कैलालीका पाँच उदाहरण।

● **कृष्ण अधिकारी**





तस्वीरहरू: कृष्ण अधिकारी

**जुगराम आफ्नो परिवारका साथ । उनको परिवारका सबैलाई 'सिकल सेल एनिमिया' भएको छ ।** *(तस्वीर बायाँ)* **र, 'सिकल सेल एनिमिया' बाट पीडित दाजुभाइ भेरी अञ्चल अस्पताल बाँकेमा ।**

सकेसम्म राम्रै स्याहारसुसार गरेर हुर्काएका आफ्ना छोराछोरी र नातिनातिना किन बारम्बार बिरामी भएका होलान् भन्ने लाग्थ्यो दिवानीदेवीलाई । एक पछि अर्को सन्तान बिरामी हुँदा उनी गाउँका गुरूवा (धामीझाँक्री) कहाँ पुगिन्, नजिकका औषधि पसलेसँग औषधि सोधिन् । केही पार नलागेपछि अस्पताल गइन् । करीब पाँच वर्षको दौडधूप पछि मात्रै कैलाली मसुरिया गाविस-७ की दिवानीदेवी डगौराले आफ्ना चारै सन्तानमा 'सिकल सेल एनिमिया' भएको थाहा पाइन् ।

समयमै रोग पत्ता लगाएर उपचार गर्न नसक्दा उनको ३२ वर्षीय कान्छो छोरो रमेशको मृत्यु भयो । अरू छोराछोरी र नातिको चिन्ताले अहिले पनि दिवानीदेवीलाई पिरोलिरहेको छ । सिकल सेलबाट आफ्नो छोरो गुमाउने यी आमा अब आफ्नो १२ वर्षीय नाति आर्यनलाई कसरी बचाउने भन्ने चिन्तामा छिन् । किनकि नाति आर्यनमा समेत 'सिकल सेल एनिमिया' देखिएको छ । लेखपढ गर्न नजान्ने र राम्ररी बोल्न पनि नसक्ने ७० वर्षीया दिवानीदेवी भन्छिन्, "१०/१२ वर्ष भो उपचार गराउन दौडिएको ।" मृतक रमेशका दाजु बहुमत चौधरीले बेलिबिस्तार लगाउँदै भने, "कान्छो धेरै बिरामी भएपछि क्यान्सर लागेको हो कि भनेर चितवन लगियो । सबैतिर गरेर उपचारमा झण्डै ६ लाख रूपैयाँ खर्च भयो । जति प्रयास गर्दा पनि बचाउन सकिएन ।"

बहुमत आफैंलाई पनि 'सिकल सेल एनिमिया' छ । उनलाई आफ्नो भन्दा पनि बुहारी (रमेशकी श्रीमती) मिस्मा र भतिज आर्यनको चिन्ता छ । किनकि उनीहरू दुवैमा 'सिकल सेल'



**धनगढीमा 'सिकल सेल एनिमिया' परीक्षण गराउँदै एक युवती ।**

देखिएको छ । बुहारी मिस्मा सापकोटा चौधरी ऋणमा चुर्लुम्म डुबेकी छन् । गाउँका बचत समूह र नवजीवन सहकारी बैंकमा गरेर करीब रू.६ लाख ऋण छ । त्यो पनि महीनाको सयकडा तीन प्रतिशत ब्याजमा ।

१२ वर्षीय छोरामा 'सिकल सेल' देखिए पछि मिस्मा चिन्तित छन् । सापकोटाकी छोरी मिस्माले रमेश डगौरासँग प्रेम विवाह गरेकी थिइन् । रमेशको परिवारका सदस्यहरूमा 'सिकल सेल एनिमिया' भएको त परै जाओस्, यस्तो पनि रोग हुनसक्छ भन्ने पनि मिस्मालाई थाहा थिएन । "बहिनीको भाग्यमै दुःख पाउन लेखेको रहेछ, यस्तै भयो" मिस्माका दाजु विष्णु सापकोटाले भने ।

बहुमत र उनका भाइहरू छुट्टिंदा १०/१० कट्ठा जग्गा भागमा परेको थियो । बिरामी भएर खेतीपाती गर्न नसक्ने भएपछि बहुमतले खेतबारी 'बटैया' (अर्काको खेतबारी जोतेर गरेको उत्पादनको ५० प्रतिशत हिस्सा जग्गा धनी र ५० प्रतिशत खेती गर्ने किसानले पाउने गरी जग्गाधनी र कमाउने व्यक्तिबीच भएको सहमति) मा दिएका छन् । बटैयाबाट आएको कमाइले अहिले बहुमतको परिवारलाई खानसम्म पनि पुग्दैन । त्यसैले हिजोआज के खाने, कसरी उपचार गर्ने र ऋण कसरी तिर्ने भन्ने समस्याको त्रिवेणीमा छ बहुमतको परिवार ।

बहुमतको परिवारमा उनी आफैं, भाइ रमेश ३२ (उपचारका क्रममा मृत्यु), दिदी सुनितादेवी चौधरी ४२ र भतिज आर्यनमा सिकल सेल एनिमिया भएको पुष्टि नै भइसकेको छ । उनका दाजु बेचनराम ३७, भतिजा दिपेश १७, भतिजी पुण्या १८, छोरी इन्जु ८ र भान्जा महेश १७ मा पनि सिकल सेलसँग मिल्दा लक्षणहरू देखिएका छन् । स्थानीय घोडाघोडी अस्पतालमा रगत



**'सिकल सेल एनिमिया' परीक्षण शिविरमा डाक्टर राजन पाण्डे ।**

चेक गराउँदा 'सिकलिङ पोजेटिभ' देखिएको छ । 'सिकल सेल एनिमिया' रोगका जानकार डा. राजन पाण्डेका भनाइमा "सिकलिङ पोजेटिभ देखिएका करीब ९० प्रतिशत बिरामीमा 'सिकल सेल पोजेटिभ' देखिने सम्भावना हुन्छ ।" लक्षण देखिए पनि उनीहरूको स्वास्थ्य अवस्था परिवारका अन्य सदस्यहरूको भन्दा केही राम्रो भएकाले उपचारमा ध्यान दिन नसकिएको बहुमतको भनाइ छ ।

## संकटमा कुलराज

दाङ सिसहनियाका कुलराज चौधरी पेशाले 'हेल्थ असिस्टेन्ट' हुन् । दुई दशकदेखि स्वास्थ्यकर्मी रहेका कुलराजले वर्षौंपछि मात्रै बारम्बार बिरामी भइरहने श्रीमती सीता, सालीहरू सम्झना र सुमनको रोग थाहा पाए ।

श्रीमतीलाई हाडजोर्नी दुख्ने, शरीर पहेंलो र कमजोर महसूस हुने गर्थ्यो । पटक पटक यो समस्या देखिन थालेपछि कुलराजले सकी नसकी उपचार गरे । गाउँको हेल्थपोष्ट, उपक्षेत्रीय अस्पताल दाङ घोराही, भेरी अञ्चल अस्पताल नेपालगञ्ज, नेपालगन्ज मेडिकल कलेज, भारतको लखनऊका विभिन्न अस्पताल पुगे, रोग थाहा भएन । काठमाडौंका अस्पतालहरूसम्म पुगे, त्यहाँ पनि ठ्याक्कै रोग यही हो भन्ने जानकारी भएन । त्यही बीचमा छोरा आकाश पनि बिरामी परे । आमासँगै उनको पनि औषधि उपचार शुरू भयो । तर, पनि स्वास्थ्यमा खासै सुधार भएन ।

निराश भएका कुलराजले पैसाको जोहो गरेर छोरो लिएर काठमाडौं गए । बल्खुस्थित स्टार अस्पतालका फिजिसियन डा. रञ्जन सिंहलाई देखाए । डा. सिंहले स्वास्थ्य परीक्षण पछि



**सेती अञ्चल अस्पतालमा 'सिकल सेल एनिमिया' का बिरामीलाई काउन्सिलिङ गरिंदै ।**

आकाशलाई 'सिकल सेल एनिमिया' भएको बताए । उनले आमा बुवामा पनि 'सिकल सेल एनिमिया' हुन सक्छ भनेर कुलराजसहित परिवारका अरू सदस्यलाई पनि स्वास्थ्य परीक्षण गर्न सल्लाह दिए ।

डाक्टरको सल्लाह अनुसार कुलराजले श्रीमतीलाई भेरी अञ्चल अस्पताल नेपालगञ्जका चिकित्सक डा. राजन पाण्डेसँग जाँच गराए । डाक्टर पाण्डेले सीताको रगतको नमूना परीक्षणका लागि दिल्लीको प्रयोगशालामा पठाए । प्रयोगशालाको रिपोर्टमा सीतालाई 'सिकल सेल एनिमिया' देखियो । यो अस्पताल र त्यो अस्पताल गर्दागर्दै कुलराजको सात वर्ष बित्यो । यति गर्दासम्म उनको ६ लाख ७५ हजार रूपैयाँ सकिइसकेको थियो । कुलराजले आफ्नो चाहिं परीक्षण गरिनसकेको हुँदा उनलाई 'सिकल सेल एनिमिया' छ/छैन यकिन भइसकेको छैन ।

## चारै सन्तान पीडित

कैलाली चौमाला उदासीका मुक्त कमैया जुगराम चौधरीको परिवार ऐलानी जग्गामा बनेको सानो छाप्रोमा बस्छ । उनीहरू बटैयामा जग्गा जोतेर जीविकोपार्जन गर्दै आएका छन् ।

४० वर्षीय जुगरामका तीन छोरा र एक छोरी छन् । चारै सन्तानका हातखुट्टाका जोर्नी दुख्ने, शरीर पहेंलो हुँदै जाने र पेट दुख्ने समस्या छ । मजदूरी गरेर गुजारा चलाउनुपर्ने जुगराम चार सन्तान पटक-पटक बिरामी हुँदा खपिनसक्नु तनावमा पर्छन् । कस्तोसम्म हुन्छ भने- एउटा छोराको उपचार गरेर घर फर्कन नपाउँदै अर्कोलाई अस्पताल लैजानुपर्छ । पाँच वर्षदेखि यो हैरानी खेपिरहेका छन् उनी ।

गाउँका धामीझाँक्री, वैद्य, औषधि पसल, हेल्थपोष्ट, सेती अञ्चल अस्पताल, नेपालगन्ज मेडिकल कलेज, भारतको लखनऊ पुगेर उपचार गराउँदा भएको सम्पत्ति सिद्धियो । तर, पाँच वर्षपछि अहिले आएर मात्र जुगरामले समस्या थाहा पाए– छोराछोरीमा 'सिकल सेल एनिमिया' रहेछ ।

जिन्दगीभर औषधि उपचार गराउनुपर्ने रोग लागेको थाहा पाउँदा पनि खुशी हुनुपर्ने अवस्थामा छन् जुगराम । चार सन्तानको उपचार गराउँदा उनले झण्डै ७ लाख रूपैयाँ सके । ऋण माथि ऋण थपिएको छ । चिन्ताको बोझले थिचिएका जुगराम भन्छन्, "रोग पत्ता लागेपछि तनाव अलिक कम भएको छ । के भएको रहेछ भन्ने त पत्ता लाग्यो ।"

९ असोज २०७३ का दिन हामीले सेती अञ्चल अस्पताल कैलालीमा जुगरामलाई भेट्यौं । त्यहाँ उनी कान्छो छोरा आयुषलाई अस्पतालमा भर्ना गरेर बसेका थिए । साथमा श्रीमती घिनु थिइन् । माइलो छोरो अशोकलाई अस्पतालबाट लगेको एक महीना नबित्दै सात वर्षे आयुष जोर्नी र पेट दुखेर छटपटाउन थालेपछि जुगराम दम्पती उनलाई लिएर अस्पताल आएका थिए ।

जुगरामकी छोरी मीनालाई पनि भाइहरूको जस्तै हुन्छ । जोर्नी र पेट दुख्छ, कमजोर महसूस हुन्छ । तर, यसरी दुख्ने, पोल्ने हुँदा पनि खप्न सक्ने भएकोले उनलाई चाहिं अहिलेसम्म अस्पताल भर्ना गरिएको छैन । जुगराम भन्छन्, "आर्थिक अवस्था झन् झन् कमजोर हुँदैछ । अहिलेसम्म छोरीको त रगत जँचाएकै छैनौं ।"

सिकल सेल एनिमिया भए/नभएको यकिन गर्न रगतको 'हिमोग्लोबिन इलेक्ट्रोफोसिस' को परीक्षण गर्नुपर्छ । सिकल सेल प्रभावित पश्चिम नेपालका सरकारी अस्पतालमा अझै यो सुविधा उपलब्ध छैन । महँगो शुल्क तिरेर काठमाडौं या भारतको दिल्ली या हरियाणाका निजी प्रयोगशालामा पठाउनुपर्छ । सेती अञ्चल अस्पतालकी 'नर्सिङ सुपरभाइजर' एवं 'सिकल सेल एनिमिया' की 'फोकल पर्सन' स्टाफ नर्स यशोदा ढकालका अनुसार "सिकल सेल एनिमिया भएका बिरामीहरू पूर्ण रूपमा निको हुन सक्दैनन् । तर, नियमित रूपमा औषधि खुवाएर रोगलाई नियन्त्रणमा राखेर आयु लम्ब्याउन सकिन्छ ।" त्यस्ता बिरामीलाई उनीहरूको स्वास्थ्य अवस्था अनुसार एक महीनादेखि पाँच वर्षको अवधिमा नियमित रूपमा रगत चढाइरहनुपर्छ । जीवन जिउन धौ-धौ पर्ने थारू परिवारका मूली र सदस्यहरूले कसरी नियमित रूपमा रगत जुटाउनु र औषधि किन्नका लागि पैसाको जोहो गर्नु ? अनि कसरी लम्ब्याउनु आफ्नो जीवन ? बाँकेका राजनीतिकर्मी चन्द्रबहादुर चौधरीका भनाइमा, "यसरी संकटमा परेको थारू परिवार माथि सरकारले सहयोग नगर्नु तिमीहरू मर भने जस्तै हो ।"

नेपाल र भारतका अस्पताल धाउँदा धाउँदा जुगराम र श्रीमती घिनुले मार्मिक अनुभव सँगालेका छन् । बिरामी चार सन्तानकी आमा घिनु भन्छिन्, "जेठो छोरो धनबहादुरलाई जन्डिस भएको भनेर डाक्टरले तीन वर्षसम्म मुख बार्न लगाए । नुन र भात मात्रै खान भने । नुन र भात मात्रै खाँदा छोरो दुब्लाएर मर्ने अवस्थामा पुग्यो । अर्को डाक्टरकोमा लगें । उनले पनि जन्डिस नै हो भने । फेरि अर्को डाक्टरकोमा लगें त्यहाँ पनि रोग पत्ता लागेन । धेरै पछि थाहा भयो छोरालाई

जन्डिस होइन सिकल सेल भएको रहेछ ।" घिनु भन्छिन्, "सिकल सेल भएका बिरामीले मुख बार्नै पर्ने रहेनछ । तर मुख बार्ने भएर मेरो छोरा झन्डै मरेन ।" जुगराम थप्छन्, "धेरै चिकित्सकले रोगको यकिन नै नगरी अनुमानका भरमा बिरामीलाई औषधि लेख्दा रहेछन् ।"

बिरामी भएकाले जुगरामका तीन वटै छोराको पढाइ चौपट छ । कान्छो छोरो आयुष सात वर्षको भइसक्दा पनि कक्षा १ मै छन् । साथीहरू २/३ कक्षामा पुगिसके । आयुषको भन्दा उनका माइला दाजु अशोकको अवस्था झन् नाजुक छ । १६ वर्षीय अशोक बल्ल ६ कक्षामा पुगेका छन् । ठूलो छोरो धनबहादुरले बिरामी भएर कक्षा १२ को दुई वटा विषयको परीक्षा नै दिन सकेनन् । छोरी २२ वर्षकी भइन् । बिहेबारी कसरी गर्ने भन्ने चिन्ता छ परिवारमा । जुगराम परिवारले भोगेको दुःख देखेपछि मात्रै थाहा हुन्छ वास्तवमा दुःख भनेको के हो ।

## 'भुजीलालको मन रून्छ'

सुर्खेत उत्तरगंगा गाविस–७ का ५५ वर्षीय भुजीलाल चौधरीको परिवारमा 'सिकल सेल एनिमिया' को तनाव छ । तीन छोरी र एउटा नाति पटक पटक बिरामी हुने रोग पत्ता लागेपछि भने केही राहत महसूस गरेका छन् भुजीलालले । चार छोरीका बुवा भुजीलालले सबै छोरीहरूको बिहेबारी गरिदिए । छोरीहरू बारम्बार बिरामी भइरहँदा उनको मनमा शान्ति भएन । भुजीलाल भन्छन्, "छोरा छैनन्, छोरीहरूको यो अवस्था देख्दा अहिले पनि मन रून्छ ।"

बिहे गरेर दिएको केही दिनदेखि नै जेठी छोरी सीतालाई शरीरका हाडजोर्नी दुख्ने, शरीर पहेंलो हुने, कमजोर महसूस हुने जस्ता लक्षणहरू देखिन थाले । ज्वाइँ आफैं हेल्थ असिस्टेन्ट थिए । ज्वाइँले गाउँको हेल्थपोष्ट, घोराही, नेपालगन्ज, भारतको लखनऊ र काठमाडौंका विभिन्न अस्पताल पु¥याए । यो अस्पताल र त्यो अस्पताल गर्दै सात वर्ष बित्यो । छोरी सञ्चो होली भन्ने आशामा बसेका भुजीलाल त्यसबेला झन् निराश भए, जब नाति पनि बिरामी हुन थाल्यो ।

जेठी छोरी र नातिको उपचार नसकी अर्की छोरी सम्झना र सुमन पनि बिरामी भए । भुजीलाल भन्छन्, "किन एक पछि अर्को मेरै सन्तानहरू बिरामी हुन्छन् । मैले कहिल्यै कसैको कुभलो चिताइनँ । देवीदेवताहरूको पनि पूजाआजा गर्दै आएको छु ।" निराश भुजीलालले भने, "बुढेसकालका सहारा सबै रोगी भए । भगवानको प्रार्थना गर्ने भन्दा मसँग अरू उपाय छैन ।"

## २० वर्षमा रोग पहिचान

बर्दिया सोरहवाका महादेव थारू बिरामी हुन थालेको २० वर्ष पुग्यो । उनी डाक्टरले भने अनुसारको औषधि खाँदै आइरहेका छन्, रोग अझै निको भएको छैन । औषधि खाँदासम्म ठीक भएजस्तो हुन्छ, खान छाडेपछि फेरि बल्झिन्छ ।

महादेवले नेपालगन्ज, काठमाडौं र भारतको लखनऊका धेरैजसो अस्पतालमा चेक गराए । रोग पत्ता लागेन । उपचार गराउँदा गराउँदै सम्पत्ति सकिन थाल्यो । वैदेशिक रोजगारीमा गयो

भने केही होला कि भनेर मलेशिया गए । मलेशियाको अस्पतालमा पनि दुई पटक चेक गराए । चिकित्सकले दिएको औषधि खाए, तर रोग निको भएन ।

सिकिस्त बिरामी भएपछि २०७२ माघ दोस्रो साता उपचारका लागि नेपालगन्जको भेरी अञ्चल अस्पताल गए । औषधि उपचार गर्दा गर्दा ऋणमा चुर्लुम्म डुबेका महादेव थोरै पैसामा उपचार हुने आशामा तेस्रो पटक भेरी अञ्चल अस्पताल पुगेका थिए । अस्पतालका चिकित्सक डा. राजन पाण्डेले उनलाई 'सिकल सेल एनिमिया' भएको शंका गरेर स्वास्थ्य परीक्षण गरे । रगतको नमूना संकलन गरेर 'हिमोग्लोबिन इलेक्ट्रोफोसिस' परीक्षणका लागि भारतको हरियाणा पठाइयो । रगत परीक्षण पछि उनलाई 'सिकल सेल एनिमिया' रोग लागेको टुङ्गो भयो । यसरी बिरामी भएर उपचार गर्न थालेको २० वर्षपछि १० लाख रूपैयाँ खर्च भइसकेपछि महादेवले आफूलाई के भएको हो भनेर थाहा पाए ।

## सिकल सेल, थारू र सरकार

'सिकल सेल एनिमिया' रोगको उपचारमा संलग्न भेरी अञ्चल अस्पतालका 'फिजिसियन' डा. राजन पाण्डेका अनुसार, "यो वंशाणुगत रूपमा सर्ने रक्तअल्पता सम्बन्धी रोग हो । स्वस्थ मानिसको शरीरमा हुने रक्तकोष गोलो हुन्छ तर सिकल सेल एनिमियाका बिरामीहरूको रक्तकोष हँसिया आकारको हुन्छ ।" उनका भनाइमा "रक्तकोषको आयु सामान्यतया १२० दिन हुन्छ तर गोलो हुनुपर्ने रक्तकोष हँसिया आकारको हुने र त्यो रगतमा दौडन नसक्ने हुँदा त्यस्ता बिरामीका रक्तकोषहरू २०/२२ दिन मै मर्छन् । अनि शरीरका अंगहरूमा 'अक्सिजन' र 'न्युट्रेसन' पुग्दैन र त्यहाँको तन्तु मर्छ । त्यसपछि मांसपेशी, जोर्नी र छाती दुख्ने समस्या देखिन थाल्छ ।"

भेरी अञ्चल अस्पतालका प्रमुख डा. श्यामसुन्दर यादवका भनाइमा, "सिकल सेलका बिरामीमा देखिने प्रमुख समस्या भनेको शरीरमा रगतको कमी र सामान्य संक्रमण हुँदा पनि अन्य बिरामीको तुलनामा बढी असर देखिने हो । समयमै उपचार नपाए बिरामीको मृत्युसम्म हुन सक्छ ।"

यस मामिलाका विभिन्न अध्ययनहरूमा समेत संलग्न डा. पाण्डे भन्छन्, "थारू समुदाय कुनै बेला मलेरिया प्रभावित मानिने नेपालको तराईका जिल्लामा बसोबास गर्ने आदिवासी हुन् । ४०/५० पुस्तादेखि निरन्तर मलेरिया प्रभावित ठाउँमा बसोबास गरेका कारण मलेरियासँग लड्दा लड्दा उनीहरूको जीनमा नयाँ परिवर्तन आयो । जीनमा आएको यो नयाँ परिवर्तनले 'सिकल सेल एनिमिया' हुन पुग्यो । 'सिकल सेल एनिमिया' भएका बिरामीबाट उनीहरूका सन्तानहरूमा वंशाणुगत रूपमा सर्दै जाँदा यो अवस्था आएको हो ।"

२०७३ सालमा पोखरा विश्वविद्यालय अन्तर्गतको 'स्कूल अफ हेल्थ एन्ड एलाइड साइन्स' का विद्यार्थीले बाँके जिल्लामा र केही मुक्त कमैया शिविरहरूमा गरेको अध्ययन अनुसार, थारू समुदायको १२ प्रतिशत जनसंख्यामा यो समस्या रहेको देखाएको छ । राष्ट्रिय जनगणना, २०६८

अनुसार, नेपालमा थारूको जनसंख्या १८ लाख जति छ भने चितवन पश्चिम तराईका १० जिल्लामा बसोबास गर्ने थारू समुदायको संख्या ११ लाख हाराहारी छ ।

सरकारले १ साउन २०७२ देखि सिकल सेल एनिमियाका बिरामीलाई १ लाख रूपैयाँसम्म उपचार खर्च दिने व्यवस्था थालेको छ । मानवीय संकट भोगिरहेका पीडित थारू परिवारका लागि यो सरकारी कार्यक्रम आशाको किरण भएको छ ।

तर यो रकम पाउने प्रक्रिया सहज छैन । सिकल सेल भए/नभएको पुष्टि गर्न रगत परीक्षण गर्ने सुविधा अझैसम्म पश्चिम नेपालका सरकारी अस्पतालमा उपलब्ध छैन । सरकारले नेपालगन्जको भेरी अञ्चल अस्पतालका लागि उपलब्ध गराएको 'हिमोग्लोबिन इलेक्ट्रोफोसिस' परीक्षण गर्ने मेशीन अस्पताल व्यवस्थापनको लापरबाहीका कारण अझैसम्म संचालनमा आएको छैन । त्यो मेसिन थन्किएका कारण बिरामीहरूले निजी प्रयोगशालामा महँगो शुल्क तिरेर परीक्षण गराउनु परिरहेको छ । प्रयोगशालाबाट रगतको रिपोर्ट आएपछि गाविस/नगरपालिकाबाट सिफारिश बनाएर जिल्ला जनस्वास्थ्य कार्यालयमा पुग्नुपर्छ । जनस्वास्थ्य कार्यालयको सिफारिश पत्र लिएपछि पनि यो रोगको निःशुल्क उपचार सेवा उपलब्ध भएका अस्पतालमा पुग्नुपर्छ । थारू अगुवा तथा सभासद् गोपाल दहित भन्छन्, "सिकल सेल एनिमिया रोग लागेको पुष्टि हुने चिकित्सकको रिपोर्ट र जिल्ला जनस्वास्थ्य कार्यालयको सिफारिशलगायतका कागजात तयार गर्न ग्रामीण क्षेत्रका विपन्न परिवारका बिरामीलाई महीनौं लाग्छ ।" सभासद् दहितका विचारमा "टीबीका बिरामीहरूका लागि जस्तै गाउँ गाउँका हेल्थ पोष्टबाटै स्वास्थ्य परीक्षण र औषधि वितरण गर्ने गरी सरकारले कार्यक्रम संचालन गर्नुपर्छ ।"

ग्रामीण क्षेत्रका बिरामीलाई औषधि लिन, 'फलोअप चेक' का लागि महीना/दुई महीनामा अस्पताल पुगिरहनुपर्छ । जाँदा आउँदा र बास बस्दा लाग्ने खर्च आफैंले बेहोर्नु पर्दा विपन्न परिवारका बिरामीहरू ठूलो मारमा पर्छन् । १० रूपैयाँको पुर्जी बनाएर हुने चेक जाँच र एक सय रूपैयाँ मूल्य बराबरको औषधि लिन घरबाट अस्पताल जाँदा आउँदा र त्यसमा खाना खर्च समेत जोड्दा धेरैजसो बिरामीको हजार पन्ध्रसय रूपैयाँसम्म खर्च हुन्छ । विपन्न थारू परिवारका लागि यो ठूलो आर्थिक भार हो ।

सरकारले 'सिकल सेल एनिमिया' भएका बिरामीको उपचारका लागि आवश्यक पर्ने रगत परीक्षण गर्ने मेशीन खरीद, स्वास्थ्यकर्मीका लागि तालीम, जनचेतना अभिवृद्धिका लागि गाउँ तहमा सचेतना कार्यक्रम गर्न तत्कालै पर्याप्त बजेटको व्यवस्था गर्नु जरूरी देखिन्छ । आउने पुस्तामा सिकल सेल एनिमिया सर्न नदिन गाउँ तहमा जनचेतना अभिवृद्धि गरी बिहेबारीमा ध्यान पुर्‍याउनुपर्छ । के कुरामा ध्यान दियो भने उनका सन्तानमा सिकल सेल सर्दैन भनेर परिवारमा जानकारी दिनुपर्छ । यी कामका लागि थारू गाउँका बढघर, गुरूवा, गाउँको वडा तहमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय, स्वास्थ्य चौकी जस्ता संयन्त्रलाई परिचालन गर्न सकिन्छ ।

*(२९ कात्तिक २०७३, www.cijnepal.org.np)*




# ८.

## प्रहरीको पसिनामा अरूको रजाइँ

ज्यानको बाजी राखेर अपराधीलाई कानूनी कठघरामा ल्याउने प्रहरीलाई प्रोत्साहनस्वरुप दिइने पुरस्कार रकममा अदालत र राजस्व अनुसन्धान विभागका कर्मचारीले लूट मच्चाइरहेका छन्, कसरी ?

● **रामेश्वर बोहरा**

काठमाडौं महानगरपालिका-९ सिनामंगल बस्ने सुमन श्रेष्ठ (३४) लाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले २१ जेठ २०७१ मा भक्तपुरबाट पक्राउ गर्‍यो । उनी ठगी मुद्दामा अदालतले दोषी ठहर गर्दै तोकेको कैद र जरिवाना भुक्तान नगरी फरार रहेका थिए । जिल्ला अदालत काठमाडौंले २०७० मंसीरमा दुई वर्ष कैद र रू.१ करोड २ लाख जरिवाना हुने सजाय सुनाएपछि फरार रहेका श्रेष्ठलाई पक्राउ गरेको भोलिपल्टै सीआईबीले प्रतिवेदनसहित जिल्ला अदालतमा बुझायो । 'रोबियस जी स्टार बिल्डर्स एण्ड डेभलपर्स प्रालि' का नाममा ललितपुरको छम्पी-५ मा १४ तलाका दुई वटा अपार्टमेन्ट बनाउने सूचना पत्रपत्रिकामा प्रकाशित गरी ७६ जनाबाट रू.८ करोड २१ लाख उठाएको भन्ने ठगी मुद्दामा अदालतले श्रेष्ठलाई दोषी ठहर गरेको थियो ।

पक्राउ परेका श्रेष्ठले लगत्तै जरिवाना रकम बुझाए र जेल गए । अदालती फैसला बमोजिम दोषी ठहर भएको व्यक्ति फरार रहेको अवस्थामा उसलाई पक्राउ गरी बुझाएबापत प्रहरीले पुरस्कार पाउने कानूनी व्यवस्था छ । जिल्ला अदालत नियमावली २०५२ ले 'जरिवानाबाट असुल हुने रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरूप दिइने' व्यवस्था गरेको छ । यो व्यवस्था अनुसार सुमनलाई पक्रेर अदालतमा बुझाउने प्रहरी टोलीले कुल जरिवानाको २५ प्रतिशत हुन आउने रकम अर्थात् रू.२५ लाख ६६ हजार ८९० मा 'आकस्मिक लाभबापत' २५ प्रतिशत कर कट्टी गरेर रू.१९ लाख २५ हजार १६७ पाउनुपर्ने थियो ।

तर, १७ भदौ २०७२ मा काठमाडौं जिल्ला अदालतका लेखा अधिकृत रविराज खनालले हस्ताक्षर गरेको पत्रका साथ एउटा चेक सीआईबी कार्यालय पुग्यो । सो चेकमा प्रोत्साहन स्वरूप दिइने रकम जम्मा रू.९ लाख ६२ हजार ५८३ उल्लेख थियो (चेकमा योसहित अन्य दुई मुद्दाका दोषीलाई पक्राउ गरी बुझाएबापतको समेत गरी कुल रू.११ लाख ६० हजार उल्लेख थियो) । प्रहरीले पाउनुपर्ने रकमको यो ५० प्रतिशत मात्र थियो । सीआईबीको टोलीले बाँकी ५० प्रतिशत रकम समेत भुक्तानी दिन माग गर्दै केही दिनसम्म चेक बुझ्न मानेन । तर, आफूले पाउनुपर्ने पुरस्कार रकम अदालतकै कर्मचारीले मिसिल सच्याएर बुझिसकेको थाहा पाएपछि उनीहरूले 'दशैंको मुखैमा आएको खर्च' भनेर पैसा बुझे ।

## यसरी हुन्छ भ्रूट र लूट

भएछ के भने, पक्राउ गरेको भोलिपल्ट सुमन श्रेष्ठलाई जिल्ला अदालतमा बुझाउँदा सीआईबीले दुई पृष्ठ लामो प्रतिवेदन बुझाएको रहेछ । प्रतिवेदनमा प्रहरी नायब उपरीक्षक (डीएसपी) भीम दाहालसहित पाँचजना प्रहरीको टोलीले श्रेष्ठलाई पक्राउ गरेको उल्लेख छ । तर, प्रहरीको एकल 'अप्रेशन' मा भएको यो काममा जिल्ला अदालतका कर्मचारीले भाषा मिलाएर आफ्नो पनि संलग्नता रहेको उल्लेख गरे । यसरी श्रेष्ठलाई पक्राउ गर्न कुनै भूमिका नै नभएका अदालतका कर्मचारीले पुरस्कार रकमको ५० प्रतिशत हिस्सा आफैंले लिए । यसको रहस्य खोल्दै सीआईबीका एक अधिकृत भन्छन्, "प्रहरीले अभियुक्त पक्राउ गरेर बुझाएपछि अदालतका कर्मचारी र प्रहरी

मिलेर पक्राउ गरेको भन्ने मिसिल तयार पारिएछ । त्यही कागजका आधारमा आधा रकम कर्मचारीले खाइदिएछन् ।"

अदालतको कागजात नियाल्दा पनि सीआईबीका अधिकृतको भनाइ पुष्टि हुन्छ । जिल्ला अदालतले २२ जेठमा कारागार कार्यालय, डिल्लीबजारलाई पठाएको 'कैद म्याद ठेकिएको' पत्रमा 'श्रेष्ठलाई पक्राउ गर्न सीआईबीका प्रहरी र अदालतका कर्मचारी संयुक्त रूपमा खटिएको' उल्लेख छ । अदालतका तहसिलदार ईश्वर आचार्यले हस्ताक्षर गरेको सो पत्रमा श्रेष्ठलाई पक्रन 'ब्यूरोका प्रहरी र अदालतका कर्मचारी संयुक्त रूपमा परिचालित भएको' उल्लेख छ । यही पत्रका आधारमा आधा पुरस्कार रकम अदालतका कर्मचारीले आफैँसँग राखेका रहेछन् ।

अदालतका कर्मचारीले आफ्नो गल्ती नदेखियोस् भनेर चलाखीपूर्ण भाषा प्रयोग गर्दा रहेछन् । पुरस्कारबापतको रकम भुक्तानी दिइएको व्यहोरा उल्लेख गरिएको पत्रमा जरिवाना रकम कति असुल भएको हो र त्यसबापत प्रहरीलाई कति प्रतिशत रकम पुरस्कार स्वरूप दिइएको हो भन्ने स्पष्ट गरिंदो रहेनछ । एकमुष्ट अंक उल्लेख गरेर यति रकम 'प्रोत्साहन स्वरूप उपलब्ध गराइएको' भनेर अदालतका कर्मचारीले यो कर्तुत ढाकछोप गर्दा रहेछन् । सुमन श्रेष्ठको मुद्दामा अदालतले सीआईबीलाई पठाएको भुक्तानी पत्रमा भनिएको छ, 'अदालतको फैसलाले लागेको कैद तथा जरिवाना असुल उपर गरी ल्याएबापत जिल्ला अदालत नियमावली, २०५२ को नियम ७० बमोजिम प्रतिवेदकहरूले प्रोत्साहन रकमबापत पाउने व्यवस्था अनुसार त्यहाँबाट फरार प्रतिवादीहरूलाई पक्राउ गरी दाखिला गरेबापत यसै पत्रसाथ संलग्न प्रतिवेदकहरूका नाउँमा निकासा भई आएको रकम रू.९ लाख ६२ हजार ५८३ संलग्न गरी पठाइएको छ ।'

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७० मा स्पष्ट भनिएको छ– '...डोरमा खटी जाने कर्मचारीले दैनिक तथा भ्रमण भत्ताको सट्टा असुल गरी ल्याएको रकमको पच्चीस प्रतिशत प्रोत्साहन रकम पाउनेछ । प्रोत्साहन रकम कैद वा जरिवाना असुल गरी ल्याउने प्रहरी, अन्य व्यक्ति वा संस्था समेत जोसुकैले पाउनेछ ।' नियमावलीको यो व्यवस्था अनुसार पनि प्रोत्साहन रकम भुक्तानी दिंदा कुल रकम खुलाएर त्यसको २५ प्रतिशत रकम खुलाउनुपर्ने हो । तर, २५ प्रतिशत अंक खुलाउँदा त्यसलाई प्रहरी र अदालतका कर्मचारीबीच भागबण्डा गर्न नपाइने भएकोले त्यसो गरिएन ।

जबकि, जिल्ला अदालत नियमावलीको नियम ७० ले फरार अभियुक्तबाट असुल गराई ल्याएको रकमको पाँच प्रतिशत रकम तहसिलदारले प्रोत्साहन स्वरूप पाउने व्यवस्था गरेको छ । यसरी पाँच प्रतिशत प्रोत्साहन भत्ता पाउने कानूनी व्यवस्था हुँदाहुँदै प्रहरीको पसिनामा न्याल चुहाउने प्रवृत्तिले अदालतभित्र कुन हदसम्मको भ्रूट र लूट भइरहेको छ भन्ने देखाउँछ ।

## न्यायालयभित्र अन्यायपूर्ण 'सेटिङ'

यो एउटा उदाहरण मात्र हो । खोज्दै जाँदा प्रहरीको पसिनामा अरूले लूट मच्चाएका धेरै दृष्टान्तहरू भेटिन्छन् । अदालतको फैसलापछि फरार रहेका सबैजसो अभियुक्तहरूलाई प्रहरीले

समातेर अदालतमा बुझाउँछ । एकाध घटनामा पनि अदालतका कर्मचारी फरार अभियुक्त पक्राउ गर्न खटिएको उदाहरण छैन । राजधानीमा रहेका सीआईबी र महानगरीय प्रहरी अपराध महाशाखासँगै देशभरका जिल्ला प्रहरी कार्यालयहरूले समेत यो काम गर्छन् । सीआईबीका प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) नवराज सिलवाल भन्छन्, "फरार रहेका अभियुक्तलाई पक्राउ गर्ने काम प्रहरीले गर्दै आएको छ, अरू यसमा संलग्न छैनन्, अदालतको फैसला कार्यान्वयन शाखाले डकुमेन्ट उपलब्ध गराउनेबाहेक केही गर्दैन ।" उनले थपे, "कि संयुक्त अप्रेशन भन्नुपर्‍यो । त्यसो भन्ने हो भने हामीसँगै अपरेशनमा पनि जानुपर्‍यो नि !"

अदालतका कर्मचारीले पुरस्कार बापतको आधा रकम खाइदिएकोमा प्रहरी अधिकारीहरू साँच्चिकै असन्तुष्ट छन् । अदालती प्रक्रियामा झन्झट लगाइदिने हुनाले आफूहरू कर्मचारीलाई आधा रकम दिन बाध्य भएको उनीहरूको भनाइ छ । "आधा रकम दिन तयार नभएसम्म फाइल नै अगाडि बढाइदिन्नन्, अनि मरीमरी गरेको काम लथालिंग हुन्छ", सीआईबीमा रहेर काम गरिसकेका एक वरिष्ठ प्रहरी अधिकृत भन्छन्, "कर्मचारीको काम हामीले मान्छे समातेर बुझाएपछि पुरानो फाइल निकाल्ने मात्र हो ।" उनले थपे, "तर सीधै हामीले पनि पाउनुपर्‍यो नि भन्छन् । दोषी पहिचान गरी पक्राउ गर्ने काममा कुनै भूमिका नहुने कर्मचारीले १७.५ प्रतिशत र सबै काम गर्ने प्रहरीले १२.५ प्रतिशत रकममा चित्त बुझाउनुपर्ने बाध्यता छ ।"

पुरस्कार बापतको रकम कति प्रतिशत हो भनेर भुक्तानी पत्रमा उल्लेख नहुने हुँदा यसको प्रमाण कतै हुँदैन । यसको अर्थ कर्मचारीको यो मनपरी कतै रेकर्डमा रहँदैन । अदालती प्रक्रियाबाट प्राप्त हुनेहुँदा यो 'ह्वाइट मनी' हो । अदालतका कर्मचारीहरू यसलाई न्यायालयको 'चलन' भनेर उम्कन्छन् । काठमाडौं जिल्ला अदालतका स्रेस्तेदार ध्रुवकुमार उप्रेतीले कर्मचारी माथिको आरोप अस्वीकार गरेनन् । बरू यसमा कर्मचारीको पनि भाग लाग्ने दाबी गरे । उनले भने, "पक्राउ गर्न डोरमा खटी जाने अदालतका कर्मचारीको पनि भूमिका हुने भएकाले पुरस्कारमा उनीहरूको पनि भाग लाग्छ ।" अनि प्रहरी एक्लैले अभियुक्त पक्रेर बुझाउँदा पनि भाग खोज्न मिल्छ ? उनको जवाफ थियो, "कहाँ प्रहरी एक्लैले गर्छ ? लगत त अदालतले उपलब्ध गराउँछ । लगत उपलब्ध नगराए प्रहरीले कहाँ गएर कसलाई पक्री ल्याउँछ ?"

आफ्नो पसिनामा लूट भइरहेको भनेर प्रहरीले न्यायाधीश समक्ष पनि गुनासो पुर्‍याएको छ । तर, आफ्ना कर्मचारीले पाइरहेको लाभका कारण होला, न्यायाधीशहरूको पनि सहानुभति कर्मचारीप्रति देखिन्छ । केही महीना अघि जिल्ला अदालत काठमाडौंमा आयोजित एक कार्यक्रममा काठमाडौंका ३० भन्दा बढी जिल्ला न्यायाधीश, प्रहरी, सरकारी वकीलको उपस्थिति थियो । कार्यक्रममा प्रहरीका अधिकारीहरूले 'फैसला कार्यान्वयनबापत आफूले पाउनुपर्ने पुरस्कारको आधा रकम झूटो विवरण तयार पारेर अदालतका कर्मचारीले खाइदिने गरेको' गुनासो गरे । गुनासो सुनेर बसेका जिल्ला न्यायाधीशहरू 'त्यस्तो त नहोला, केही कर्मचारीले गरेका हुनसक्छन्' भनेर पन्छिए । तर प्रहरी अधिकारीहरू यतिमै चूप नलागेपछि उनीहरूले 'यसबारे बुझौंला' भनेर कुरा पन्छाए । प्रहरी प्रधान कार्यालयका एक वरिष्ठ प्रहरी अधिकारीका भनाइमा, "जिल्लामा मात्र हैन,

पुनरावेदन र सर्वोच्च अदालतका न्यायाधीशहरू समेत यो मामिलामा जानकार छन् । तर यसलाई रोक्न कुनै पहल भइरहेको छैन ।"

## एक वर्षमा ६ करोड !

नेपाल प्रहरीका अरू निकाय बाहेक सीआईबीले मात्र पछिल्लो पाँच वर्षमा अदालतको फैसलाबाट तोकिएको रू.३ अर्ब ८४ करोड ८३ लाख ९५ हजार ७६३ जरिवाना तिर्न बाँकी रहेका अभियुक्त पक्राउ गरी काठमाडौं जिल्ला अदालतमा बुझाएको छ । पक्राउ परेका सबैले अदालतको फैसला अनुसारको जरिवाना तिर्दैनन् । कानूनमा भएको त्रुटिपूर्ण व्यवस्थाले थप दुई वर्ष कैद भुक्तान गर्दा जरिवाना तिर्नबाटै उन्मुक्ति मिल्ने भएकाले धेरैजसोले कैद बसेरै जरिवाना बापतको ठूलो रकम भुक्तान गर्छन् ।

कतिपयको जरिवाना असुली हुन समय पनि लाग्छ । आफूले पक्राउ गरी बुझाएका फरार अभियुक्तमध्येबाट असुल भएको जरिवानाबाट सीआईबीले यसबीचमा रू.७३ लाख ६९ हजार पुरस्कार स्वरूप प्राप्त गरेको छ । सोझो हिसाबले हेर्दा पनि सीआईबीले पाउनुपर्ने पुरस्कार रकमबाट अदालतका कर्मचारीले रू.७३ लाख ६९ हजार रकम बुझेको देखिन्छ । महानगरीय प्रहरी अपराध महाशाखालगायत देशभरका जिल्ला प्रहरी कार्यालयहरूमार्फत पक्राउ परेका फरार अभियुक्तबाट असुली हुने जरिवाना र त्यसबापत प्रहरीले पाउने पुरस्कारको रकम जोड्ने हो भने यो आँकडा निकै बढी हुन्छ ।

जिल्ला अदालत काठमाडौंको आँकडाले नै यो रकम कति ठूलो छ भन्ने देखाउँछ । साउन २०७२ देखि वैशाख २०७३ सम्मको ९ महीनाको आँकडा हेर्दा जिल्ला अदालतले रू.२ अर्ब ६७ करोड ४ लाख ५१ हजार ४३५ जरिवाना असुल गरेको छ । यद्यपि, यो रकमभित्र अदालतले गर्ने नियमित फैसलामा समेटिएको जरिवानाको रकम समेत पर्छ । फरार अभियुक्त पक्राउ परेपछि असुल भएको जरिवाना र नियमित प्रक्रियाबाट असुल हुने जरिवाना छुट्याएर राखिंदैन । फैसला कार्यान्वयनमा काम गर्ने अदालतकै कर्मचारीका भनाइमा, "फरार अभियुक्त पक्राउ परेपछि फछ्र्योट हुने जरिवाना रकम जम्मा असुलीको आधा भन्दा बढी नै छ ।"

सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयका अनुसार, आर्थिक वर्ष २०७१/७२ मा मात्र रू.३ अर्ब ५३ करोड ४६ लाख ८ हजार ५९४ जरिवाना फछ्र्योट भएको छ । जरिवानालाई कैदबाट भुक्तान गर्नुलाई पनि फछ्र्योट मानिने भएकाले यसबाट कति जरिवाना रकम असुल भयो भन्ने छुट्याउन गाह्रो छ । सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक महेन्द्र उपाध्याय 'अहिलेसम्म नगद र कैद फछ्र्योट सम्बन्धी छुट्टाछुट्टै अभिलेख नराखिएको र यस वर्षदेखि त्यो राख्न शुरू गरिएको' बताउँछन् ।

निर्देशनालयको गत आर्थिक वर्षको कुल जरिवाना फछ्र्योटको २० प्रतिशत मात्र फरार अभियुक्त पक्राउ गरेर असुली भएको मान्ने हो भने पनि यो रकम रू.७० करोड ६९ लाख हुन

जान्छ । त्यसको २५ प्रतिशत रकम पुरस्कारस्वरूप प्रहरीले पाउने हो भने रू.१७ करोड ६७ लाख हुन आउँछ । त्यसको २५ प्रतिशत करकट्टा गर्दा पनि प्रहरीले रू.१३ करोड २५ लाख पाउनुपर्ने हो । तर, प्रहरीको भागमा यसको आधा रकम अर्थात् रू.६ करोड ६२ लाख ७३ हजार ९११ मात्र आइपुग्छ । त्यति नै रकम अदालतका कर्मचारीले लिन्छन् । अर्थात्, अदालतका कर्मचारीले मात्रै एक वर्षमा करीब रू.६ करोड 'पुरस्कार' बापत पाउँदा रहेछन् ।

## एउटा अप्रेशनमा ७६ जना

१५ मंसीर २०७१ मा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोलीले काठमाडौंको बौद्धबाट सोलुखुम्बुको लोखिम-९ घर भएका दालाक्पा शेर्पालाई दुई किलोग्राम सुन र एक हजार युरोसहित पक्राउ गऱ्यो । भन्सार छलेर सुन तस्करी गर्दै आएको सूचना पाएपछि प्रहरीले शेर्पालाई सुनसहित समातेको थियो । सीआईबीले प्रतिवेदनसहित उनलाई भोलिपल्टै पुल्चोक, ललितपुरस्थित राजस्व अनुसन्धान विभागमा बुझायो । प्रतिवेदनमा उनलाई पक्रन खटिएका २९ जना प्रहरीको हस्ताक्षरसहितको नाम उल्लेख गरिएको थियो ।

१२ चैत २०७१ मा भएको यो मुद्दाको फैसला अनुसार शेर्पालाई बिगो असुली रू.८८ लाख ३० हजार ५९० र त्यति नै जरिवाना तोकियो । फैसलापछि विभागले उनलाई पक्राउ गरी सुनसहित बुझाएको सीआईबीको टोलीलाई पुरस्कार स्वरूप भन्दै रू.३ लाख २८ हजार ८०८ मात्र पठायो । विभागका लेखा अधिकृत दुर्णप्रसाद फुयाल र लेखापाल पदम केसीले प्रोत्साहन रकम निकासा सम्बन्धमा सीआईबीलाई २८ असार २०७२ मा पठाएको पत्रमा भनिएको छ, "त्यहाँबाट भन्सार चोरी पैठारीका क्रममा पक्राउ गरी यस विभागमा दाखिला हुन आएको सुन दुई केजीको नियमानुसार प्रतिवेदकले पाउने पुरस्कार रकममध्ये तहाँ ब्युरोको २९ जना देहायका कर्मचारीहरूको एकमुष्ट रू.३,२८,८०८ नगदै पठाइएको छ । प्राप्त भएपछि भरपाइ गरी पठाइदिनुहुन अनुरोध छ ।"

भन्सार नियमावली २०६४ को दफा ४७ मा सुराकी र पुरस्कार सम्बन्धी व्यवस्था छ । जस अनुसार, 'कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गर्न लागेमा वा गरेमा चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिनेलाई मालबस्तु लिलामी बिक्रीबाट आएको रकमको दश प्रतिशत, चोरी निकासी वा चोरी पैठारी गर्न लागेको माल बस्तु मानिससहित पक्राउ गरी पेश गर्नेलाई बीस प्रतिशत, चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालबस्तु मात्र पक्री पेश गर्नेलाई दश प्रतिशत मुद्दाको अन्तिम किनारा लागेपछि पुरस्कार स्वरूप दिइनेछ ।'

नियमावलीको यो व्यवस्था अनुसार सुन र मान्छे दुवै पक्राउ गरेको सीआईबीको टोलीले बिगो रकम रू.८८ लाख ३० हजार ५९० को २० प्रतिशतका दरले हुन आउने १७ लाख ६६ हजार ११८ मध्ये २५ प्रतिशत कर कट्टी गरेर रू.१३ लाख २४ हजार ५८८ पुरस्कारका रूपमा पाउनुपर्थ्यो । तर करीब रू.३ लाख मात्रै दिइयो । बाँकी रकम कहाँ गयो ? "त्यो रकम राजस्व अनुसन्धान विभागका कर्मचारीहरूले नै राखे" सीआईबीमा कार्यरत एक प्रहरी अधिकृत भन्छन्, "हामीले पाउने पुरस्कारको रकममध्ये कम्तीमा आधा रकम राजस्व अनुसन्धान विभागका

कर्मचारीले राख्छन् । त्यो रकम उनीहरूलाई दिन मानेनौं भने मुद्दा अगाडि बढ्दैन र हामीले यही रकम पनि पाउँदैनौं ।"

यसका पछाडि रोचक कथा छ । भएछ के भने सीआईबीले दुई केजी सुनसहित शेर्पालाई पक्रेर विभागको जिम्मा लगाउँदा बुझाएको प्रतिवेदनमा विभागका २५ जना कर्मचारीको पनि नाम थपियो, 'प्रतिवेदक' का रूपमा । त्यसपछि शेर्पालाई 'विभाग र सीआईबीको संयुक्त टोलीले पक्राउ गरेको' मिसिल तयार गरियो । अनि प्रतिवेदकले पाउने पुरस्कार रकममा उनीहरूको वैधानिक दाबेदारी कायम भयो ।

आफूले गर्दै नगरेको काममा झूटो विवरण तयार पारेर प्रहरीको भाग खोस्ने यो धन्दा पहिलेदेखि नै चल्दै आएको छ । भन्सार ऐन २०१९ मा भन्सार छलेर ल्याइएका मालबस्तु र त्यसमा संलग्न व्यक्तिलाई समातेर बुझाउने वा त्यसको सुराकी दिने व्यक्तिलाई निश्चित प्रतिशत रकम पुरस्कार दिने व्यवस्था थियो । यसबाट प्रोत्साहन स्वरूप पुरस्कार दिने व्यवस्था त्यसबेलादेखि नै रहँदै आएको देखिन्छ । "अरूको कमाइ खाइदिने यो आजको चलन होइन" प्रहरी प्रधान कार्यालयका एक वरिष्ठ अधिकृत भन्छन्, "यसरी पाइने रकम विशुद्ध ह्वाइट मनी हुने, कतै जवाफदेही पनि हुनु नपर्ने भएकाले आजसम्म पनि यो उसैगरी चलेको छ ।"

प्रतिवेदनमा पाँच जनाको नाम राख्दा १० जनाको नाम थप्ने, १० जनाको नाम राख्दा अरू १५ जनाको नाम थप्ने, १५ जनाको नाम राख्दा अरू २० जनाको नाम थपिदिने कामबाट आजित थियो, प्रहरी । "यो घटनामा हामीले २९ जना प्रहरीको हस्ताक्षरसहित प्रतिवेदन बुझाएका थियौं, यतिका नाम भएपछि त लाजले पनि नाम नथप्लान् भनेर", सीआईबीका ती अधिकृतले भने, "खाने बानी लागेपछि के लाज हुन्थ्यो, उनीहरूले अरू २५ जनाको नाम थपेर प्रतिवेदन तयार गरेछन् ।"

अर्को उदाहरण छ । सीआईबीले केही समयअघि भन्सार छलेर ल्याएको पाँच केजी सुन बरामद गऱ्यो । सुन समात्न सीआईबीमा कार्यरत ११ जना प्रहरीको टोली खटिएको थियो । पक्राउ परेका व्यक्ति र बरामद सुन राजस्व अनुसन्धान विभागमा बुझाउँदा सीआईबीले तिनै ११ जनाको नाम र हस्ताक्षरसहितको प्रतिवेदन बुझायो । त्यो प्रतिवेदनमा हेरफेर गरेर विभागले आफ्ना ३९ जना कर्मचारीको नाम थप्यो । र, सुन बरामद गर्न ५० जनाको टोली परिचालित भएको प्रतिवेदन तयार पारियो । पुरस्कारबापत आउने धेरै रकम विभागका कर्मचारीको भाग लाग्यो । "हामीले यो त सरासर अन्याय र लूट भो भनेर विरोध जनायौं", सीआईबीका एक प्रहरी अधिकृत भन्छन्, "उनीहरूले प्रहरीले त बरामद पो गर्छ, कानूनी प्रक्रिया मिलाएर मिसिल बनाउने काम हामीले गर्ने हो, हामीलाई नमिलाए मुद्दामा कसरी पो जानुहुन्छ भनेर उल्टै धम्क्याए ।"

यो क्रम नरोकिएपछि अहिले प्रहरीले कतिसम्म गर्छ भन्ने महानगरीय प्रहरी अपराध महाशाखा, काठमाडौंका दुइटा प्रतिवेदनबाट स्पष्ट हुन्छ । महाशाखाले २४ पुस २०७१ मा तातोपानी नाकाबाट तस्करी गरेर ल्याइएको चार केजी सुनसहित भक्तपुरको ठिमीबाट पक्राउ गरेका प्रवीण तिमिल्सिना र देउता तिमिल्सिनालाई त्यसको पर्सिपल्ट २६ पुसमा प्रतिवेदनसहित

राजस्व अनुसन्धान विभागको जिम्मा लगाउँदा ६३ जना प्रहरीको नाम प्रतिवेदकका रूपमा पेश गर्‍यो । त्यसैगरी २१ माघ २०७१ मा महाशाखाकै टोलीले काठमाडौं महानगरपालिका-२४ स्थित बालाजी एण्ड सन्सबाट भन्सार छलेर ल्याइएको दुई केजी १७६ ग्राम सुन, १५ केजी ८४० ग्राम चाँदी तथा रू.३ करोड २२ लाख र भारू.४० हजारसहित पक्राउ गरेका बालु जगन्नाथ धाङ्गेलाई राजस्व अनुसन्धान विभागको जिम्मा लगाउँदा प्रतिवेदकका रूपमा महाशाखाका ७६ जना प्रहरीको नाम उल्लेख गर्‍यो । महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षकदेखि प्रहरी जवानसम्मको नाम प्रतिवेदनमा थियो । "एउटा अपरेशनमा एसएसपीदेखि जवानसम्मका यति धेरै प्रहरी खटिए भन्ने कुरा सुन्दा पनि कस्तो कस्तो लाग्छ । तर यति धेरै नाम भइसकेपछि उनीहरूले आफ्नो तर्फबाट नाम नथप्लान् भनेर यसो गरिएको हो", महाशाखाका एक प्रहरी अधिकृत भन्छन्, "तर, लाजै पचाएर उनीहरूले यसमा पनि नाम थपिदिए ।"

## अख्तियारको चरम दुरूपयोग

राजस्व अनुसन्धान विभागका अनुसार पछिल्लो चार वर्षमा भन्सार छलेर ल्याइएको १५९.०११ केजी सुन बरामद भएको छ । प्रहरीले बरामद गरेको यो सुनबाट विभागले रू.१ अर्ब ६ करोड ११ लाख ७ हजार २९९ करोड राजस्व असुली गरेको छ । धरौटी वा जरिवानाबापतको रकमलाई छाडेर यसको बिगो रकम मात्र जोड्दा पनि राजस्वमा रू.८३ करोड ८७ लाख ३७ हजार ७९७ रकम दाखिला भएको छ ।

सुनसहित तस्करीमा संलग्न व्यक्तिलाई पक्रेर बुझाएको प्रहरीले कानूनतः यसको २० प्रतिशत रकम पुरस्कारस्वरूप पाउनुपर्छ । त्यो २० प्रतिशत रकम रू.१६ करोड ७७ लाख ४७ हजार ५५९ हुन आउँछ । त्यसमा २५ प्रतिशत कर कट्टा गरेपछि पनि प्रहरीले पाउनुपर्ने खुद पुरस्कार रकम रू.१२ करोड ५८ लाख १० हजार ६६९ हुन्छ । तर, प्रहरीले रू.६ करोड २९ लाख ५ हजार ३३४ मात्रै पाउँछ । "आफूले ज्यानको बाजी लगाएर गरेको कामबापत कानूनमै तोकिएको पुरस्कार पाउन प्रहरीले निकै दुःख गर्नुपर्छ", पूर्व प्रहरी महानिरीक्षक कुबेरसिंह राना भन्छन्, "यो अहिलेको होइन, धेरै पहिलेदेखिकै समस्या हो ।"

प्रहरी अधिकृतहरूका अनुसार, सुराकी खर्चमा पनि यही सिलसिला दोहोरिन्छ । भन्सार नियमावली अनुसार यस्ता सामान तस्करी भइरहेको सूचना दिने सुराकीलाई त्यसको लिलामी बिक्रीबापत हुने आम्दानीको १० प्रतिशत रकम पुरस्कार स्वरूप दिइन्छ । (साउन २०७२ देखि भने नियमावली संशोधन गरी यसलाई अधिकतम रू.५ लाखको सीमामा सीमित गरिएको छ ।) गोप्य रहने सुराकीको सूचीमा विभागका कर्मचारीले आफू निकटका व्यक्ति र बढी जसो आफन्तको नाम थपेर त्यहाँबाट पनि असुली गर्छन् । सुन मात्र होइन, भन्सार छलेर ल्याएका गाडीलगायतका अन्य सामग्रीको लिलामी प्रक्रियामा पनि यही क्रम दोहोरिन्छ । यी सबै जोड्दा प्रहरीको पसिनाको कमाइमा भइरहेको लूटको आँकडा अझै ठूलो हुन पुग्छ । जिल्लाका भन्सार कार्यालयहरूसम्म समेत यही लूटको जालो फैलिएको छ । पर्सा जिल्ला प्रहरी प्रमुख रहिसकेका

प्रहरी उपरीक्षक (एसपी) दिवेश लोहनी भन्छन्, "उनीहरूको नाम राख्न मानेन भने लिलामी प्रक्रियामै लगिदिंदैनन् । वीरगञ्जमा हामीले समातेका कैयौं गाडी र सामान सडेर खेर गएका छन् । यो अख्तियारको चरम दुरुपयोग हो ।"

यतिसम्म कि भन्सारमा यसबारे कुरा नमिल्दा धेरैजसो सामान लिलामीमै जाँदैनन् । सडेर खेर जान्छन् । एकातिर त्यसबाट मरिमेटेर काम गर्ने प्रहरी पुरस्कार पाउनबाट बञ्चित भएका छन् भने अर्कोतर्फ राज्यको ढुकुटीमा आउने रकम नै खेर गइरहेको छ । सीमित कर्मचारीको स्वार्थले राज्यकोषमा आउने ठूलो आम्दानी मार्ने काम भइरहेको छ ।

## रू.६९ हजार पनि छाडिएन

खानेपानी तथा ढल निकास विभागका तत्कालीन लेखा अधिकृत, काठमाडौं महानगरपालिका–३ महाराजगञ्जका प्रदीपराज पाण्डेलाई १६ असार २०३९ मा अख्तियार दुरूपयोग निवारण आयोगले आफ्नो जिम्माको सरकारी रकम मासी भ्रष्टाचार गरेको भन्दै तीन वर्ष कैद र रू.५ हजार जरिवानाको सजाय सुनाएको थियो । त्यसविरूद्ध पाण्डेले गरेको अपीलमाथि सुनुवाई गर्दै पुनरावेदन अदालतले ७ असार २०४१ मा आयोगको निर्णयलाई मनासिब ठहर गरी शुरूको कैद र जरिवाना १० प्रतिशतले बढाउने आदेश दियो । त्यसअनुसार पाण्डेलाई तीन वर्ष तीन महीना १९ दिन कैद र रू.५ हजार ५०० जरिवाना भयो । एक वर्ष पाँच महीना २२ दिन कैद भोगिसकेको हुँदा उनको बाँकी कैद एक वर्ष ९ महीना २७ दिन र जरिवाना असुल गर्नू भन्ने फैसलामा उल्लेख थियो ।

तर, पाण्डेले जरिवाना तिरेनन् । उनको सरकारी बिगो बढेर रू.७ लाख ४३ हजार पुगेका बेला ३ चैत २०७१ मा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पाण्डेलाई पक्राउ गरी जिल्ला अदालत काठमाडौंको जिम्मा लगायो । पाण्डेबाट बिगो रकम असुल भएपछि उनलाई पक्राउ गर्ने सीआईबीको टोलीलाई पुरस्कार स्वरूप भन्दै काठमाडौं जिल्ला अदालतले रू.६९ हजार ६५७ पठायो, ७ साउन २०७२ मा ।

पाण्डेबाट असुल भएको कुल बिगो रू.७ लाख ४३ हजारको २५ प्रतिशतका दरले हुन आउने रकममा २५ प्रतिशत आयकर कट्टा गरी सीआईबीले रू.१ लाख ३९ हजार ३१३ पाउनुपर्थ्यो । तर, त्यसको आधा रकम अदालतका कर्मचारीले लिए । अदालतको 'नोटिस' मा २०४१ देखि 'फरार' रहेका पाण्डे पक्राउ पर्दा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष थिए । फैसला कार्यान्वयनको सन्देश दिन प्रहरीले पदमै रहेका बेला उनलाई पक्रेको थियो । उनलाई पक्रन प्रहरी टोली मात्र परिचालित भएको सीआईबीले अदालतमा बुझाएको प्रतिवेदनमा प्रष्ट देखिन्छ । तर जिल्ला अदालतले तयार पारेको मिसिलमा उनलाई 'सीआईबीसहितको टोलीले पक्राउ गरेको' विवरण राखेर पुरस्कारबापत पाउने आधा रकम जिल्ला अदालतका कर्मचारीले लिए ।

प्रशासनविद् डा. मधुनिधि तिवारी उपभोगवादी संस्कृति मौलाउँदा सामाजिक प्रतिष्ठा पैसामा मूल्यांकन हुन थालेको र दण्डहीनताले त्यसलाई मलजल गर्दा यो अवस्था आएको बताउँछन् । "इज्जत र प्रतिष्ठा पैसामा पर्‍यो, त्यसलाई दण्डहीनताले छोपिदियो" डा. तिवारी भन्छन्, "हिजो भ्रष्टाचार गर्नेलाई राज्यले केही नगरे समाजले दण्डित गर्थ्यो, समाजमा मुख देखाएर हिंड्न नसक्ने र छोराछोरीको बिहे नहुने अवस्था आउँथ्यो ।" उनी थप्छन्, "अहिले प्रशासकहरू नै प्रशासनमा इज्जतभन्दा पैसा प्राथमिकतामा पर्‍यो भन्न थालेका छन् ।"

## प्रहरीको मोटिभेसन कमजोर

काठमाडौं जिल्ला अदालतको फैसलापछि फरार रहेका र सीआईबीले पक्राउ गरेका काठमाडौं, सिनामंगलका सुमन श्रेष्ठले तिरेको जरिवानाबाट सीआईबीले पाएको जरिवाना युनिटका सबै प्रहरीलाई बाँड्दा जनही रू.७-८ हजार मात्र भाग लाग्यो । त्यो प्रतिवेदनमा आफ्नो नाम थपेका जिल्ला अदालत काठमाडौंका कर्मचारी पाँच जना मात्र थिए । उनीहरूको भागमा जनही करीब रू.२ लाख पर्‍यो । "मरीमरी काम गर्नेको भागमा ७-८ हजार, कामै नगर्नेको भागमा २ लाख पर्दा काम गर्नेको मनोबल के होला ?" एक वरिष्ठ प्रहरी अधिकृत प्रश्न गर्छन्, "यस्तो भइदिएपछि यत्रो जोखिम मोलेर यो काम किन गर्नू भन्ने सोचाइ आफसेआफ मनमा आउँदो रहेछ ।"

यसको असर सुन तस्करी नियन्त्रणमा परेको छ । शुरू शुरूमा ठूलो परिमाणमा सुन बरामद गर्दै आएका सीआईबी र महानगरीय प्रहरी अपराध महाशाखासँगै जिल्ला प्रहरी कार्यालयहरूको रूचि पनि यसमा घट्दै गएको देखिन्छ । प्रहरीले पाउने पुरस्कार रकममा भइरहेको लूटसँगै पछिल्लो समय ठूलो परिमाणमा तस्करीको सुन पक्राउ पर्ने घटना कम हुँदै जानुमा सुराकीले पाउने पुरस्कार रकममा गरिएको संकुचन पनि एउटा कारण हो । भन्सार नियमावली संशोधन गरी २०७२ साउनदेखि लागू गरिएको व्यवस्था अनुसार सुराकीले अब अधिकतम रू.५ लाखसम्म मात्र पाउँछन् । यसअघि लिलामी बिक्रीबाट उठ्ने रकमको १० प्रतिशत सुराकीलाई दिने व्यवस्था थियो । "कस्ता मान्छेको दिमागले यो व्यवस्था गरियो थाहा छैन, अपराध नियन्त्रणमा सुराकीको भूमिका सबैभन्दा अहम् हुन्छ भन्ने ख्यालै गरिएन" प्रहरी प्रधान कार्यालयका एक वरिष्ठ अधिकारी भन्छन्, "सुराकीको कमिशन घटाइएपछि तस्करीको सुनबारे सूचना आउनै छाडिसक्यो । जति धेरै रकम हुन्छ, त्यति धेरै जोखिम लिएर काम गरिन्छ । सुराकी दिनेको प्रमुख उद्देश्य पैसा हुन्छ, त्यही नै नभए कसैले किन जोखिम लिएर यो काम गर्छ ?" 'र्‍यान्डम्ली चेकजाँच' हुने अन्तर्राष्ट्रिय विमानस्थल बाहेक अन्यत्र सुन पक्राउ हुन छाड्नुको एउटा कारण यो पनि हो ।

संगठित अपराधदेखि कालो अर्थतन्त्रसँग सीधा जोडिने सुन तस्करी रोक्न होस् या अदालतको आदेशपछि फरार रहेका अभियुक्तहरू पक्रन, प्रहरीको जाँगर कम भएको भनेर प्रहरी अधिकृतहरू औपचारिक रूपमा स्वीकार गर्दैनन् । तर, पुरस्कार रकममा भइरहेको लूटले 'मोटिभेसन' को पाटो नै कमजोर भएको भने उनीहरू हाकाहाकी बताउँछन् ।

*(१० असोज २०७३, www.cijnepal.org.np)*




# ९.

# त्रिविमा थेसिसको खरीदबिक्री

त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभाग र उपत्यकाका आंगिक क्याम्पसमा सजिलै थेसिस किन्न पाइन्छ। 'बौद्धिक-उत्पादन' खरीदबिक्रीको यो बजारमा विश्वविद्यालयका नाम चलेका प्राध्यापक, कर्मचारी, क्याम्पसका शिक्षक र विद्यार्थीदेखि फोटोकपी पसलेसम्म संलग्न छन्।

● प्रमोद आचार्य

आफ्नो नाम शिवराम गौतम बताउने त्रिभुवन विश्वविद्यालय डीन कार्यालयका शाखा अधिकृत शिवशंकर गौतम विद्यार्थीलाई थेसिस बेच्ने काम गर्छन् । उनको अर्को काम पुराना थेसिस 'स्वीकृत गर्न' विश्वविद्यालयभित्र 'सेटिङ' मिलाउने पनि हो । हामीले उनलाई "समाजशास्त्रको थेसिस चाहियो, त्यो स्वीकृत पनि हुनुपर्‍यो" भन्यौं । उनले तुरून्तै "आफूसँग पहिल्यैको थेसिस भएकोले १२ हजार रूपैयाँमा दिनसक्ने" र "त्यो स्वीकृतसमेत गराइदिने" बताए । उनले हाकाहाकी भने "कृष्ण भट्टचनलाई राखेर गराइदिन्छु । चिन्तै लिनुपर्दैन ।" 'अरूलाई राख्न सकिंदैन ?' भन्ने प्रश्नमा शाखा अधिकृत गौतमले भने, "जसलाई पनि भन्न सकिन्छ ।"


गौतम त्रिविकै पूर्वकर्मचारी तथा नयाँबजारस्थित युनिभर्सल फोटोकपी सञ्चालक जनक केसीसँग मिलेर यो 'धन्दा' चलाउँदा रहेछन् । 'समाजशास्त्रको थेसिस मिलाउन सक्नुहुन्छ ?' भन्दा केसीले भने "साइन्सबाहेक अरू सबै विषयको मिलाउन सक्छु । १६ हजार रूपैयाँ पर्छ ।" किन यति महँगो भनेर प्रश्न गर्दा उनले भने "थेसिस लेख्ने/मिलाउनेलाई दिनुपर्‍यो । सरलाई दिनुपर्‍यो । फेरि सरले 'डिपार्टमेन्ट' मा पनि मिलाउनुपर्छ । लास्टमा दुई/तीन हजार गोजीमा पर्ने हो ।"

अंग्रेजी विभागमा एक लाख रूपैयाँसम्म खर्च गरेमा 'प्रपोजल' नै नलेखिकन र भाइवाको बेलामा मात्र गाइडलाई भेटेर पनि थेसिस स्वीकृत गराउन सकिनेरहेछ । अंग्रेजी विभागका कर्मचारी, लेक्चरर र विद्यार्थीको बीचमा अहिले सेटिङ मिलाउने काम खगराज लामिछाने भन्ने व्यक्तिले गर्दा रहेछन् । उनका भनाइमा सबैलाई मिलाउनुपर्ने भएकोले पैसा धेरै लागेको हो । उनले भने, "सबैतिर च्यानल मिलाउनुपर्छ । इन्टर्नल, एक्सटर्नल र प्रशासनका सबैलाई खुवाउनुपर्छ । कहींबाट 'लिक' नहुने गरी बनाउनुपर्छ ।" कसले तयार गर्छ यति महङ्गो थेसिस भन्ने प्रश्नमा उनले, "आवश्यकता अनुसार डिपार्टमेन्टकै सरहरूले लेख्ने" बताए । त्रिवि अंग्रेजी केन्द्रीय विभागमै पढेका खगराज हाल स्यूचाटारस्थित एक निजी स्कूलमा पढाउँछन् ।

त्रिवि परिसरकै कला बुक्सका गोकुल घिमिरेले फाइनान्सको थेसिस २० हजारमा 'लेख्न लगाइदिने' बताए । उनले 'थेसिस स्वीकृत गराउन विभागका सरहरूसँग कुरा गरिदिने' जिम्मा पनि लिए । घिमिरेले भने, 'सरोज सर, महानन्द सर, भवानी सर हुन् भन्ने मान्छे चाहिं ।' उनले नाम लिएकामध्ये भवानी (शंकर आचार्य) त्रिविका विद्यावारिधि प्राध्यापक हुन् ।

घिमिरे जस्ता पुस्तक पसलेहरूको पहुँच यतिसम्म हुँदोरहेछ कि उनीहरूले जतिसुकै पुरानो र जोसुकैले लेखेको होस् त्यो थेसिस सहजै स्वीकृत गराइदिन सक्दारहेछन् । त्रिविकै पूर्व कर्मचारी जनक केसीले "समाजशास्त्र विभागमा आफ्नो राम्रो चिनजान भएकोले प्रपोजल नै पेश नगरी थेसिस स्वीकृत गराइदिने" बताए । उनले भने, "सुरेन्द्र मिश्र सरलाई भनेपछि अरू केही गर्नुपर्दैन, म च्यानल मिलाइदिन्छु । तपाईंलाई प्रपोजल नदिइकन एकैपटक 'भाइवा' मिलाइदिन्छु ।"

व्यवस्थापन र ग्रामीण विकास विभागका लागि पनि आफूले भनसुन गरिदिनसक्ने केसीको भनाइ थियो । उनले भने "हाम्रो च्यानल छ । बाहिर हल्ला गर्नुहुँदैन ।" कुराकानीकै क्रममा उनले पोखराको पृथ्वीनारायण क्याम्पससम्म पनि आफूले थेसिस पठाउने गरेको खुलाए ।




**अरूको थेसिस तलमाथि गरेर आफ्नो बनाउने गरिन्छ ।**

नयाँबजारको एभरेष्ट फोटोकपीका केशव अधिकारीले ग्रामीण विकास, समाजशास्त्र, अंग्रेजी जुन विषयको पनि थेसिस मिलाइदिने बताए । तर, रकम भने २२/२३ हजार रूपैयाँसम्म लाग्ने उनको भनाइ थियो । उनले भने "त्रिविकै टिचरले लेखिदिन्छन् । राम्रो लेखिदिन्छन् । पहिले आरडी पढाएकै टिचर हुन् ।" उनले पहिले ५० हजारसम्म लिएर थेसिस गराइदिएको र भाइवामा अप्ठेरो परेको बेला सरहरूलाई भनसुन गरेर पास गराइदिएको दाबी गरे ।

## लेख्नेलाई दश हजार

थेसिस लेख्ने र बेच्ने धन्दामा संलग्नहरूले विश्वविद्यालयको केन्द्रीय र विभागीय पुस्तकालय तथा विभिन्न क्याम्पसहरूमा संग्रहित पुराना थेसिस तल-माथि गरेर बेच्ने गर्दा रहेछन् । यस्ता खेताला लेखकहरूसँग पुराना थेसिसको संग्रह हुने र उनीहरूमा त्यसलाई पटकपटक स्वीकृत गराउन सक्ने सामर्थ्य हुँदोरहेछ । क्याम्पस प्रशासन र थेसिस कमिटीमा रहेका व्यक्तिसम्म पहुँच पुऱ्याएर उनीहरू थेसिस पास गराउँदा रहेछन् ।

अरूका पुराना थेसिस तल-माथि पारेर विद्यार्थीलाई बेच्ने एकजना व्यक्ति हुन्, मनमोहन थापा । कसैलाई पाटन क्याम्पस त कसैलाई एशियन कलेज पढाउने व्यक्ति हुँ भन्ने थापा त्रिवि परिसरको ज्ञानकुञ्ज फोटोकपी र हिराबुक्स सेन्टरमार्फत काम गर्छन् । पहिल्यैदेखि 'थेसिस कारोबार' गर्दै आइरहेको बताउने उनी एउटा थेसिसको पन्ध्रहजार रूपैयाँ लिन्छन् । हामीसँगको कुराकानीमा उनले "व्यवस्थापन, ग्रामीण विकास र राजनीतिशास्त्रका सरलाई 'राम्ररी चिनेको' भन्दै

सजिलै थेसिस पास गर्न सकिने" बताए । उनले "ग्रामीण विकास विभागका लेक्चरर उमेशप्रसाद आचार्यलाई अनुरोध गरे पास गर्न सजिलो हुने" ठोकुवा गरे । उनले यस्तोसम्म दाबी गरे कि तीस हजार रूपैयाँ खर्च गरे व्यवस्थापन विभागको थेसिस विना प्रपोजल पास गर्न सकिन्छ । "म मिलाइदिन्छु टिचर" उनले भने "सही गर्नेले दश हजार लिन्छन् । लेख्नेले दशहजार । कर्मचारीलाई पनि दिनुपर्छ ।" उनले राजनीतिशास्त्र विभागका प्रा.डा. रामकुमार दाहाललाई मनाएर प्रपोजल नबुझाइकनै पनि थेसिस स्वीकृत गर्न सकिने बताए । मनमोहन थापाप्रति विश्वास गर्न भन्दै त्रिवि परिसरको ज्ञानकुञ्ज फोटोकपी पसले टुकानाथ शर्माले भने, "अहिलेसम्म सयौं थेसिस गरिसकेका मान्छे हुन् । चिन्ता लिनै पर्दैन । ढुक्क भए हुन्छ ।"

त्रिविमै अंग्रेजी साहित्यमा एमफिल गर्दै गरेका राजु अधिकारी र एनजीओकर्मी राजेन्द्र पौडेल पनि खेताला थेसिस लेखक हुन् । दुवैले पहिल्यै पेश गरेको थेसिस तलमाथि पारेर अक्सफोर्ड पुस्तक पसलमार्फत विद्यार्थीकहाँ उपलब्ध गराउँछन् । त्रिवि केन्द्रीय विभागबाटै अंग्रेजी विषयमा स्नातकोत्तर गरेका अधिकारी र पौडेलले "आफूहरू दुवै मिलेर थेसिस लेख्ने गरेको" बताए । प्रति थेसिस बीस हजार रूपैयाँ लिने उनीहरू सोझै विद्यार्थीसँग भेटेर नभई त्रिवि परिसरकै अक्सफोर्ड पुस्तक पसलमार्फत काम गर्छन् । थेसिस लेख्न चाहने विद्यार्थी मिलाइदिएबापत अक्सफोर्डकी रूमा हमालले चाहिं कमिशन लिन्छिन् ।

पुराना थेसिस तलमाथि गरेर बेच्ने अर्का व्यक्ति हुन् रामहरि सुवेदी । उनी पनि केन्द्रीय पुस्तकालयमा भएका थेसिसहरू ल्याएर अलिअलि तोडमोड गरेर बिक्री गर्छन् । उनले चितवनको वीरेन्द्र क्याम्पसका विद्यार्थीलाई पनि आफूले थेसिस बेचेको सुनाए । स्थायी घर नवलपरासी, गैंडाकोट बताउने उनी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका जागिरे पनि हुन् ।

## मच्छेगाउँको विवरण कर्मैयामा

कर्मचारी, पुस्तक र फोटोकपी पसलेहरूले लगाएको आरोप परीक्षण गर्न हामीले सकेसम्म धेरै थेसिस खोतलेर हेर्न खोज्यौं । कीर्तिपुरस्थित केन्द्रीय, विभागीय र क्याम्पसहरूका छुट्टाछुट्टै पुस्तकालय पुगेर हेर्दा एउटै थेसिस विभिन्न व्यक्तिका नाममा सूचीकृत भएको भेटियो । विद्यार्थीहरू खेताला लेखक खोज्दै हिंड्ने, खेताला लेखकले पहिल्यैका थेसिसलाई काँटछाँट गरेर एउटा स्वरूपमा ल्याउने र थेसिस सुपरभाइजरसँगको मिलेमतोमा स्वीकृत गर्ने गरिएकाले एउटै थेसिस एकभन्दा बढी विद्यार्थीका नाममा प्रयोग भएको प्रशस्तै भेटियो ।

एउटा उदाहरण हो, त्रिवि अन्तर्गतको ग्रामीण विकास विभागमा रहेको नेपालका बालश्रमिक सम्बन्धी थेसिस । यादव भट्टराई, बिन्दुकुमारी घर्तीक्षेत्री र मुनाकुमारी आचार्यको *'डोमेस्टिक चाइल्ड लेबर इन नेपाल'* थेसिसले सबैलाई हँसाउँछ । अनुसन्धान गरिएको भनिएको ठाउँको नाममा कसैले पुतलीसडक, कसैले ठमेल त कसैले गोंगबु भनेर लेख्ने बाहेक बाँकी विवरण एउटै छ ।

यी तीनमध्ये दुई वटाको थेसिस सुपरभाइजर (उमेशप्रसाद आचार्य), एक्सटर्नल एक्जामिनर (सुमन बास्कोटा) समेत उही व्यक्ति छन्, जसमा विभागीय प्रमुख प्रा.डा. प्रदीपकुमार खड्काले


हस्ताक्षर गरेका छन् । यसैगरी शान्ता पहाडी र अन्जना बिष्ट भण्डारीको नाममा लेखिएका बालश्रमिक सम्बन्धी थेसिसको शिरपुछार एउटै छ । यिनलाई चन्द्रलाल श्रेष्ठ र विमल पौडेलले स्वीकृत गरेका छन् । पहाडी र बिष्टको थेसिससँग मिल्दोजुल्दो थेसिस प्रतिमा शर्माले पेश गरेकी छन् । जसलाई चन्द्रलाल श्रेष्ठले नै स्वीकृत गरिदिएका छन् ।

अर्को उदाहरण ग्रामीण विकास विभागका प्राध्यापकहरू डा. मंगला श्रेष्ठ र डा. उमाकान्त सिलवालले दुई विद्यार्थीका नामबाट बुझाइएको एउटै व्यहोराको थेसिस एकै वर्ष स्वीकृत गरेका छन् । पारस भण्डारीको नामको *'रोल अफ रेमिट्यान्स इन दी रिडक्सन अफ रूरल पोभर्टी-अ केस स्टडी अफ मच्छेगाउँ भीडीसी अफ् काठमाडौं डिस्ट्रिक, नेपाल'* र तुलसीराम नेपालको नाममा रहेको *'रोल अफ रेमिट्यान्स इन दी रिडक्सन अफ रूरल पोभर्टी-अ केस स्टडी अफ कर्मैया भीडीसी अफ सर्लाही डिस्ट्रिक, नेपाल'* शीर्षकको थेसिसमा सबैजसो विवरण एउटै छ । पारसले सन् २०१४ मा र तुलसीरामले सन् २०१५ मा बुझाएका यी थेसिसकै भाषासँग जुनमाया घर्तिको नाममा रहेको अर्को थेसिसको भाषा पनि धेरै हदसम्म मिल्दोजुल्दो छ, जसको सुपरभाइजर छन् प्रा. डा. चन्द्रलाल श्रेष्ठ । ग्रामीण विकास विभागबाटै स्वीकृत भएका थेसिसहरू हेर्दा रेमिट्यान्स, सोसल इन्क्लुजन र टुरिजम विषयका प्रायः थेसिसहरूको भाषा एउटाको अर्कोसँग मिल्दो छ ।

समाजशास्त्र, राजनीतिशास्त्र र अर्थशास्त्र विभाग पनि यो रोगबाट मुक्त छैनन् । वैदेशिक रोजगारीले निम्त्याएको असर/परिवर्तन, विभिन्न जातजातिमा आएको सामाजिक, आर्थिक परिवर्तन, सहभागिता र समावेशिता जस्ता विषयमाथि लेखिएका थेसिसहरूको भाषा र तथ्यांकसमेत धेरै मिल्छ । राजनीतिशास्त्र विभागमा बुझाइएका थेसिसमध्ये नेपालको संविधानसभामा महिला सहभागिता विषयमा लेखिएका दुईवटा थेसिस हुबहु भेटिए । बमबहादुर रावल र राजु कुँवरको नाममा रहेको एउटै शीर्षकको थेसिसका सुपरभाइजरहरू क्रमशः सिद्धिलक्ष्मी वैद्य र मनोहर पराजुली छन् ।

राजनीतिशास्त्र विभागमै नेपाली पत्रकारिताको विकासबारे २०६३ र २०६४ सालमा लेखिएको राजेश झा (२०६३) र तेजविलास अधिकारी (२०६४) को थेसिस पनि एउटै छ । यी दुवै थेसिसले नेपाली पत्रकारिताको अवस्था नै चित्रण गर्दैनन् । जस्तो कि 'नेपालमा कार्यरत आमसंचारमाध्यम र पत्रकारिताका व्यावसायिक संगठनहरू' शीर्षकमा नेपालका सञ्चारमाध्यमहरूमा रेडियो नेपाल, नेपाल टेलिभिजन र राससको नाम मात्रै उल्लेख छ । यतिसम्म कि नेपाल पत्रकार महासंघ नाम गरेको संस्था छ भन्ने यो थेसिस पढ्दा थाहा हुन्न । थेसिसका सुपरभाइजरहरू क्रमशः प्रा.डा. अनन्तराज पौडेल र प्रा.डा. रामकुमार दाहाल छन् ।

राजनीतिशास्त्र विभागमा नेपालमा संयुक्त राष्ट्रसंघको भूमिका, नेपाल-भारत तथा नेपाल-चीन सम्बन्ध, नेपालको मानवअधिकार र शान्तिप्रक्रिया जस्ता विषयमा लेखिएका थेसिसहरू छन् । आश्चर्यको कुरा तिनमा पनि धेरैको भाषा एक अर्कासँग हुबहु मिल्छ । समाजशास्त्र विभाग अन्तर्गत पूजा बस्नेत र ललिताकुमारी पराजुलीले लेखेका थेसिसहरूको भाषा र व्याख्या अधिकांश एउटै छ । यी दुवै थेसिसका सुपरभाइजर छन् डा. कृष्ण भट्टचन । पराजुलीको नाममा रहेको 'महोत्तरी


ROLE OF REMITTANCE IN RURAL POVERTY REDUCTION: A CASE STUDY OF SISAKHANI VDC BAGLUNG DISTRICT

A Thesis Submitted to
The Central Department of Rural Development,
Tribhuvan University,
in partial fulfillment of the requirements for the
Degree of the Master of Arts (M.A.)
in
Rural Development

By
Jun Maya Gharti
Central Department of Rural Development
Tribhuvan University, Kathmandu
T.U. Regd. No.: 9-1-48-420-2004
Symbol No.: 282104
November 2014

ROLE OF REMITTANCE IN THE REDUCTION OF RURAL POVERTY
(A Case Study of Machhegaun VDC of Kathmandu District, Nepal)

A Thesis Submitted to
The Central Department of Rural Development,
Tribhuvan University,
in partial fulfillment of the requirements for the
Degree of the Master of Arts (M.A.)
in
Rural Development

By
PARAS BHANDARI
Central Department of Rural Development
Tribhuvan University, Kathmandu
T.U. Registration No: 5-2-37-978-2005
Exam Roll No.: 282187
January 2014

**कुन सक्कली कुन नक्कली !**

जिल्ला हाथिलेट गाविसका कामी जातिको अन्य जातजातिसँगको सम्बन्ध' शीर्षकको थेसिस र बस्नेतको नाममा रहेको 'महोत्तरी जिल्ला हाथिलेट गाविसका मगर जातिको अन्य जातजातिसँगको सम्बन्ध' शीर्षकको थेसिस स्वीकृत गर्ने थेसिस कमिटीमा डा. सुरेन्द्र मिश्र, मधुसूदन सुवेदी र प्रा.डा. तुलसीराम पाण्डे छन् ।

अर्थशास्त्र विभागको लागि नेपालमा पर्यटनको सम्भावना र चुनौतीका विषयमा लेखिएका सृष्टि कर्माचार्य र इन्दिरा घिमिरेको नाममा रहेका थेसिसहरूको भाषा र विषयवस्तु मिल्दो छ । जसलाई स्वीकृत गर्ने थेसिस कमिटीमा डा. रामप्रसाद ज्ञवाली, डा. उमाशंकर प्रसाद, रश्मि राजकर्णिकार र सञ्जयबहादुर सिंह छन् ।

## आंगिक क्याम्पस : उही ताल

शंकरदेव क्याम्पसछेउको डिजिटल फोटोकपीका डीआर पोखरेल पनि थेसिसको व्यापार गर्दा रहेछन् । 'एउटा थेसिस चाहियो' भनेर पसलमा पुग्दा उनले हाकाहाकी भने, "अकाउन्ट या फाइनान्सको भए १३ हजार रूपैयाँ लाग्छ र अंग्रेजीको लागि १८ हजार चाहिन्छ ।"

कुराकानीबाट थाहा भयो उनले थेसिस तयार पार्न पैसा दिएर केही मान्छे खटाएका रहेछन् । अंग्रेजी विषयको थेसिस तयार पार्न सेडाइँ थरका एक व्यक्तिलाई आग्रह गर्दा रहेछन् । अकाउन्ट र फाइनान्सको थेसिस आफैं पनि तयार गर्दा रहेछन् । 'अंग्रेजीको चाहिं किन महङ्गो नि !' भन्ने प्रश्नमा उनले भने, "प्रायः हाइली स्किल्ड मान्छेले यस्तो काम गर्दैन । ऊ हाइली स्किल्ड हो त्यसैले अलि महँगो पर्न सक्छ ।"

पोखरेलले हामीलाई 'आफूसँग गरेको कारोबार कच्चा नहुने' विश्वास दिलाए । उनले भने "मैले एउटा थेसिस पास गराइदिनुस् भनेर भन्नैपर्दैन, भन्ने गरेको पनि छैन । मैले आफूले गरेको कामको जिम्मा लिन्छु ।" क्षणभरमै यो विघ्न आत्मविश्वासको स्रोत खोल्दै उनले भने, "मेरो कमलदीप ढकालसँग घरमा जाने-आउने सम्बन्ध छ ।" उनले नाम लिएका 'कमलदीप' शंकरदेव क्याम्पसका प्रमुख प्रा.डा. कमलदीप ढकाल हुन् ।

'कमलदीप' ले प्रमाणित गरेका केही थेसिसहरू हेरेपछि थाहा भयो, पोखरेलले भनेको साँचो रहेछ । उनले प्रमाणित गरेका थेसिसहरू पटकपटक दोहोरिएका र एकअर्कासँग हुबहु भेटिए । जस्तो कि सृजना ढकाल र सप्तसिंह तामाङले बुझाएका 'डिभिडेन्ड पोलिसी अफ कमर्सियल बैंक' शीर्षकको एउटै व्यहोराको थेसिस उनी संलग्न थेसिस कमिटीले पास गरिदिएको छ । थेसिसहरू स्वीकृत गर्ने अन्यमा एसोसिएट प्रोफेसर रूचिला पाण्डे (थेसिस सुपरभाइजर), प्रोफेसर विश्वेश्वरमान श्रेष्ठ (रिसर्च हेड) र डा. सिलु बज्राचार्य (थेसिस सुपरभाइजर) छन् । यस्तै ढकालले शंकरदेव क्याम्पसमा प्रमाणित गरेको अर्को एउटा थेसिस सोही वर्ष (सन् २००९) पिपल्स क्याम्पसबाट स्वीकृत भएको थेसिससँग हुबहु मिलेको भेटियो । महिम भट्टराईले शंकरदेवबाट र पुरूषोत्तम लामिछानेले पिपल्सबाट बुझाएको एउटै व्यहोराको थेसिस प्रमाणित गर्नेहरूमा प्रोफेसर विश्वेश्वरमान श्रेष्ठ, श्रीभद्र न्यौपाने, एसोसिएट प्रोफेसर लक्ष्मण जोशी, मंगलदास प्रधानाङ्ग र भरतकुमार प्रधान छन् । भट्टराई र लामिछानेमध्ये कसले कसको थेसिस सारेको हो वा दुवैले अरू कसैको 'कपी' गरेका हुन् भन्ने यकिन गर्न मुश्किल छ ।

मीनभवनस्थित नेपाल कमर्स क्याम्पसछेउको ओमसाई फोटोकपीका पवन श्रेष्ठ पुराना थेसिस एकअर्कामा मिसमास गरेर १० हजारमा बेच्छन् । उनले क्याम्पस पुस्तकालयबाट 'प्रपोजल' र थेसिस निकाल्न र स्वीकृत गराउन आफूले क्याम्पसका कर्मचारी राजन लामामार्फत रिसर्च कमिटीसम्म पहुँच राख्ने खुलासा गरे । उनले यस्ता थेसिसहरू सहजै स्वीकृत गराउन 'रिसर्च हेड' प्रा.डा. सुशीलभक्त माथेमा, मदन कँडेलसँग भनसुन गर्दारहेछन् । पवनले हामीसँग भने "तपाइँले केही टेन्सन नै लिनुपर्दैन । जसरी पनि थेसिस पास गर्ने हो ।"

उनको भनाइ परीक्षण गर्न हामीले सो क्याम्पसमा संग्रहित केही थेसिसहरू निकालेर हेऱ्यौं । अवस्था पवनले भनेजस्तै देखियो । त्यहाँ एउटै थेसिस पटकपटक दोहोरिएका थिए । स्वीकृत गर्ने थेसिस सुपरभाइजरहरूमा डा. सुशीलभक्त माथेमा र मदन कँडेलकै नाम भेटियो । सन् २०१० मा माथेमा र कँडेल दुईले हस्ताक्षर गरेको रवीन्द्रप्रसाद ओझाको नाममा रहेको थेसिस एक वर्ष अगाडि सुरक्षा नेपालको नाममा लेखिएको थियो । सुरक्षा नेपालका थेसिस सुपरभाइजरहरू

प्रा.डा. विहारीविनोद पोखरेल र उमेशकुमार कोइराला थिए । दुवै थेसिसमा क्याम्पस प्रमुख दिवाकर पोखरेलले पनि सही गरेका छन् । यी दोहोरिएका थेसिसहरूबाट थपघट गरेर देवकी आचार्यले अर्को थेसिस बुझाइएकी छन्, जसको अधिकांश जानकारी र व्याख्या अघिल्ला दुवै थेसिसहरूसँग मिल्छ । यो थेसिस स्वीकृत गर्नेमा पनि माथेमा, पोखरेल र गणेश भट्टराई छन् । क्रेडिट म्यानेजमेन्ट, क्यापिटल एडेक्वेसी, क्यास फ्लो, कस्ट भोल्यूम एनालिसिस जस्ता विषयमा लेखिएका थेसिसको धेरै विवरण हुबहु छ, जसमा माथेमाकै हस्ताक्षर छ ।

## पचास रूपैयाँमा फोटोकपी

थेसिसको उत्पादन र किनबेचमा पुस्तक/फोटोकपी पसलका व्यक्ति, विश्वविद्यालयका कर्मचारी र प्राध्यापकसम्मको मिलेमतो हुन्छ । विद्यार्थीहरूसँग आफैंले सम्पर्क राख्दा 'लिक' हुने डरले थेसिस लेख्ने/बेच्नेहरूले पुस्तक पसले र कतिपय एजेन्टमार्फत चाँजोपाँजो मिलाउँछन् । पुस्तक/फोटोकपी पसलेहरू कमिशन लिन्छन् ।

खेताला लेखकले केन्द्रीय पुस्तकालय, विषयगत विभाग या अन्यत्रका क्याम्पसहरूको अभिलेखालयमा भएका थेसिस 'मिसमास गर्ने, तलमाथि गर्ने र नयाँ बनाउने' काम गर्छन् । बाहिर बुद्धिजीवी र प्राज्ञ भनेर चिनिने धेरै शिक्षक, लेक्चरर र उपप्राध्यापकहरू यो काम गर्छन् । थेसिस बेचेर आएको पैसा प्राध्यापक, उपप्राध्यापक, कर्मचारी र पसलेले मिलेर लिन्छन् । कतिपय अवस्थामा विद्यार्थीको थेसिस विना प्रपोजल छिट्टै पास गर्नुपरेमा विभागको प्रशासनमा काम गर्ने कर्मचारीसँग पनि 'सेटिङ' मिलाउनुपर्छ । यस्तो बेला प्रशासनका व्यक्तिले पनि पैसा लिन्छन् । थेसिस खोजिदिए/मिलाइदिएबापत खेताला लेखकले, विना रोकतोक स्वीकृत गरिदिएबापत कर्मचारी र सुपरभाइजरले र सबै प्रक्रियामा सहयोग गरेबापत फोटोकपी पसलका व्यक्तिले पैसा पाउँछन् । सामान्यतया जसले शुरूमा विद्यार्थीसँग 'डिल' गरेको छ पैसा उसले बुझ्छ र अरूलाई वितरण गर्छ ।

थेसिस तयार गर्न धेरै समय लाग्दैन । खेताला लेखक, पुस्तक पसले, थेसिस प्रिन्ट, वाइन्डिङ र फोटोकपी गर्न भनेर पसल खोलेर बसेका व्यक्तिसँग त्रिभुवन विश्वविद्यालयको केन्द्रीय तथा विभागीय लाइब्रेरीमा रहेका प्रायःजसो थेसिसको 'हार्ड कपी' र 'इलोक्ट्रोनिक कपी' हुन्छ । कतिपयलाई जस्ताको तस्तै, कतिपयको तथ्यांक मात्र परिवर्तन गरेर, कतिपयलाई 'पाराफ्रेज' गरेर 'नयाँ' थेसिस तयार हुन्छ । केन्द्रीय पुस्तकालयमा पचास रूपैयाँ तिरेपछि एउटा थेसिसको विद्युतीय प्रति (इलेक्ट्रोनिक कपी) पाइन्छ । यसले 'खेताला लेखक' लाई 'नयाँ थेसिस तयार पार्न' हाइसन्चो भएको छ ।

थेसिस किनबेचको अभ्यास कहिलेदेखि हुन थालेछ भनेर खोज्दा रोचक सामग्री भेटियो । त्रिवि केन्द्रीय पुस्तकालयमा पाइएको विवरण हेर्दा वर्षौं अघि र हालसालै लेखिएका थेसिसहरू हुबहु चोरेर प्रयोग गरेको भेटियो । तीस वर्ष अगाडि अर्थशास्त्र विभागका विद्यार्थीहरू सिद्धिबहादुर शाह र जय सत्यालले 'कृषि विकास बैंकको पर्फमेन्स इभ्यालुएसन' सम्बन्धमा एउटै जानकारी

र भाषा लेखेर थेसिस बुझाएका रहेछन् । ती थेसिसहरू लेक्चरर आरडी सिंहले एकै वर्ष (सन् १९८५) स्वीकृत गरेका रहेछन् ।

व्यवस्थापन विभाग अन्तर्गत 'नेपालका बैंकहरूको डिभिडेन्ड पोलिसी' माथि सन् १९९७ मा हरिराम अर्यालले र सन् २००३ मा शिवनाथप्रसाद साहले लेखेको थेसिसको भाषा पनि करीब करीब एउटै भेटियो । अघिल्लो थेसिस सुपरभाइजर प्रा.डा. मनोहरकृष्ण श्रेष्ठ र पछिल्लो थेसिसको सुपरभाइजर प्रा.डा. भवानीशंकर आचार्य छन् ।

नेपालका 'केही फाइनान्स कम्पनीहरूको डिभिडेन्ड पोलिसी' बारे अजित पोखरेल र रवीन्द्रकुमार पौडेलको नाममा रहेको थेसिसको भाषा र डाटा लगभग एउटै छ । यी दुवैका सुपरभाइजर अजयप्रसाद ढकाल छन् । केन्द्रीय पुस्तकालयमा संग्रहित थेसिसहरू हेर्दा फाइनान्स र अकाउन्ट विषय पढ्ने विद्यार्थीले धेरैजसो बैंक, इन्सुरेन्स कम्पनी र उद्योगहरूको क्यापिटल स्टक्चर, डिभिडेन्ड पोलिसी, रेसियो एनालिसिस र एकाउन्टिङ प्राक्टिसमा थेसिस लेखेका छन् । यिनमा पनि धेरैको भाषा एकअर्कासँग मिल्छ ।

थेसिस अनुसन्धानमूलक लेखन हो । अनुसन्धानमूलक भएकैले यो आफैंमा एउटा लामो प्रक्रिया पनि हो । यसका लागि समय लाग्छ, खर्च र त्याग चाहिन्छ । विश्वका राम्रा विश्वविद्यालयहरूले थेसिस लेखनमा ठूलो रकम लगानी पनि गर्छन् । विद्यार्थी मात्रै होइन, प्राध्यापक समेतले आफ्नो महत्वपूर्ण समय अनुसन्धानमा लगाउँछन् र नयाँ तथ्य सार्वजनिक गर्छन्, नयाँ निष्कर्षमा पुग्छन् । त्यो बौद्धिक उत्पादन दुनियाँका लागि ज्ञानको स्रोत मानिन्छ ।

थेसिस चोरी नैतिक दृष्टिले मात्रै होइन कानूनी रूपमा समेत गम्भीर अपराध हो । विश्वका कतिपय विश्वविद्यालय तथा क्याम्पसले त 'बौद्धिक चोरी' थाहा पाउन 'प्लेजरिजम डिटेक्सन सफ्टवेयर' को प्रयोग गर्न थालेका छन् । नेपालमा विश्वविद्यालय र क्याम्पसहरूको चरम लापरवाही र हेलचेत्र्याइँ, विद्यार्थीमा हुर्किएको चोर मनोविज्ञान र पैसामुखी प्राध्यापकको अनैतिक तथा अविवेकी कामले यो प्रवृत्ति बढ्दो छ । व्यवस्थित अभिलेखालय र वैज्ञानिक प्रणालीको अभावमा अनुसन्धानमूलक सिर्जना समेतमा चोरी मौलाएको छ । गम्भीर पक्ष यो हो कि– यसरी अर्काको सिर्जना चोरेर पास गरेकाहरू समाजमा प्राज्ञिक वा बौद्धिक व्यक्तिको परिचय बनाएर बसेका छन् ।

*(२९ भदौ २०७३, www.cijnepal.org.np)*



# १०.

# भावी प्रधानन्यायाधीशको प्रतिलिपि नागरिकता

प्रधानन्यायाधीशको रोलक्रममा रहेका सर्वोच्च अदालतका न्यायाधीश गोपाल पराजुलीले सेवा प्रवेशताका भन्दा फरक विवरण उल्लेख भएको नागरिकताको प्रतिलिपि न्यायपरिषद्मा पेश गरेका छन्। ५८ दिन प्रधानन्यायाधीश हुने पराजुली यो प्रतिलिपिले मान्यता पाए थप ८ महीना २७ दिन सो पदमा बस्नेछन्।

● **तुफान न्यौपाने**

सर्वोच्च अदालतको वेबसाइट www.supremecourt.gov.np को 'नेभिगेसन बार' मा रहेका 'क्याटेगोरी' मध्ये 'न्यायाधीश' मा क्लिक गरेपछि खुल्ने पेजमा प्रधानन्यायाधीशसहित २० न्यायाधीशको तस्वीर र नाम देखिन्छ । तीमध्ये वरियताक्रममा तेस्रो नम्बरमा रहेका न्यायाधीश गोपाल पराजुलीको तस्वीरमाथि क्लिक गरेमा उनको सीभी (वैयक्तिक विवरण) सहितको नयाँ पेज खुल्छ । जसको पहिलो लाइनमै न्यायाधीश पराजुलीले आफ्नो जन्ममिति लेखेका छन्- २८ अप्रिल १९५३ । जसलाई नेपालीमा रूपान्तरण गर्दा हुन्छ, १६ वैशाख २०१० । जबकि १८ कात्तिक २०४८ मा पुनरावेदन अदालतको न्यायाधीशबाट न्याय सेवा प्रवेश गर्दा पेश गरेको नागरिकता प्रमाणपत्रका आधारमा न्यायपरिषद्ले कायम गरेको उनको जन्ममिति हो, २१ साउन २००९ ।

न्यायपरिषद्ले हरेक वर्ष प्रकाशन गर्ने बुलेटिनमा न्यायाधीशहरूको वैयक्तिक विवरण उल्लेख गर्दै आएको छ । योग्यता, सेवा प्रवेश र जन्ममिति जस्ता तथ्यहरू समावेश गरिने यो विवरणलाई न्यायिक क्षेत्रमा आधिकारिक अभिलेख मानिन्छ । २०६७ सालको बुलेटिनमा कुनै पनि न्यायाधीशको त्यस्तो विवरण उल्लेख गरिएको छैन, उक्त साललाई छोडेर २०६६ देखि २०७२ सम्मका ६ वटै बुलेटिनहरूमा परिषद्ले पराजुलीको जन्ममिति २१ साउन २००९ उल्लेख गरेको छ ।

न्यायाधीश पराजुलीले पेश गरेको नागरिकताको प्रतिलिपिको अन्तरवस्तु न्याय क्षेत्रसँगै सिङ्गो मुलुकको चासोको विषय हो । किनकि यो कागजातले मान्यता पाउने/नपाउने विषयले नेपालको भावी प्रधानन्यायाधीशको कार्यकाल करीब दुई महीना हुने कि ११ महीना भन्ने निर्धारण गर्दछ ।

## ३४ वर्षपछि प्रतिलिपि

नेपालको संविधानले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीशले ६५ वर्षसम्म पदमा रहेर काम गर्नसक्ने व्यवस्था गरेको छ । यसै व्यवस्था अनुसार सर्वोच्च अदालतबाट न्यायाधीशले अवकाश पाउँदै आएका छन् । ६५ वर्ष उमेर हद पार गरेपछि अनिवार्य अवकाश पाउने संवैधानिक व्यवस्थाका कारण आगामी २४ जेठ २०७४ मा प्रधानन्यायाधीश सुशीला कार्कीले अवकाश पाउनेछिन् ।

अहिले दोस्रो वरियतामा रहेका न्यायाधीश वैद्यनाथ उपाध्यायले त्यसअघि नै २९ पुस २०७३ मा अनिवार्य अवकाश पाउने भएकाले प्रधानन्यायाधीश कार्कीको अवकाशपछि अन्यथा निर्णय नभएमा हाल वरियता क्रममा तेस्रो नम्बरमा रहेका सर्वोच्च अदालतका न्यायाधीश गोपाल पराजुली प्रधानन्यायाधीश बन्नेछन् ।

अहिले न्यायाधीश पराजुलीले बनाएको नागरिकताको प्रतिलिपिमा उल्लिखित जन्ममितिले सुशीला कार्कीले अवकाश पाएपछि उनी प्रधानन्यायाधीश भएमा कति समय उक्त पदमा रहन पाउनेछन् भन्नेसँग जोडिएको छ । यसअघि न्यायपरिषद्ले कायम गरेको नागरिकताको विवरण अनुसार पराजुली प्रधानन्यायाधीशको पदमा जम्मा ५८ दिन बसेपछि ६५ वर्ष पुग्ने हुनाले २० साउन २०७४ मा अवकाश पाउनेछन् । तर, उनले पेश गरेको नागरिकताको प्रतिलिपिमा





६.३ न्यायाधीशहरुको विवरण

६.३.१ सर्वोच्च अदालतका न्यायाधीशहरु

| क.सं | नाम, थर, वतन | न्याय सेवा प्रवेश मिति | हालको पदमा नियुक्त मिति | जन्म मिति | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ, बाग्लुङ | २०३३।३।२० | २०६२।४।२९ अ. २०६४।३।२५ | ई.स. १९५१।४।१४ | एम.ए., डी.एल., पि.जि.डि. |
| २ | माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल, महोत्तरी | २०४८।७।१८ | २०६५।१०।९ अ. २०६७।८।२ | वि.सं. २००७।९।२९ | बी.एस्सी.,बी.एल. |
| ३ | माननीय न्यायाधीश श्री सुशीला कार्की, मोरङ | २०६५।१०।९ | २०६५।१०।९ अ. २०६७।८।२ | ई.स. १९५२।६।७ | एम.ए.,बी.एल. |
| ४ | माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, महोत्तरी | २०४८।७।१८ | २०६७।८।२० अ. २०६९।१२।३० अ.२०७१।२।१३ | वि.सं. २००८।१०।१ | एम.एस्सी.बी.एल. |
| ५ | माननीय न्यायाधीश श्री गोपाल पराजुली, नवलपरासी | २०४८।७।१८ | २०७१।२।१३ | वि.सं २००९।४।२१ | एम.ए.बी.एल. |
| ६ | माननीय न्यायाधीश श्री दीपकराज जोशी, काठमाडौं | २०४८।७।१८ | २०७१।२।१३ | वि.सं. २०११।६।२४ | बी.एल. |
| ७ | माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय, रौतहट | २०५२।४।२३ | २०७१।२।१३ | वि.सं. २००८।७।१५ | बी.ए.बी.एल. |

२०७२ सालको न्यायपरिषद बुलेटिन : ६ वर्षदेखि न्यायपरिषदका बुलेटिनमा न्यायाधीश पराजुलीको पुरानै जन्ममिति उल्लेख हुँदै आएको छ

**न्यायपरिषद्मा रहेको पराजुलीको पुरानो जन्ममिति र उनले नयाँ जन्ममिति राखेर निकालेको प्रतिलिपि नागरिकता ।**

उल्लिखित जन्ममितिले मान्यता पाएमा चाहिं उनी १५ वैशाख २०७५ सम्म (करीब ११ महीना) प्रधानन्यायाधीश पदमा रहनेछन् ।

पराजुलीले २१ साउन २०३० मा पहिलो पटक नागरिकता लिएका थिए । त्यो बेला जन्ममितिको स्थानमा वर्ष मात्रै उल्लेख गर्ने प्रचलन अनुसार उनको उमेर '२१ वर्ष' लेखिएको छ । २०४८ मा न्याय सेवा प्रवेश गर्दा उनले नागरिकताको यही प्रमाणपत्र पेश गरेका थिए, जसका आधारमा न्यायपरिषद्ले उनको जन्ममिति '२१ साउन २००९' कायम गरेको थियो ।

न्यायपरिषद्का एक पूर्वसचिव भन्छन्, 'वर्ष मात्र उल्लेख भएको नागरिकताको प्रमाणपत्र पेश हुँदा त्यसकै आधारमा यसरी नै जन्ममिति निर्धारण गरी थुप्रै न्यायाधीशले अवकाश पाएका छन् ।' पुनरावेदन अदालतका न्यायाधीशद्वय देवेन्द्रराज शर्मा र फणीन्द्रदत्त शर्मा तथा जिल्ला न्यायाधीश विष्णुप्रसाद पौडेल यसका उदाहरण हुन् ।

जिल्ला प्रशासन कार्यालय काठमाडौं स्रोतका अनुसार, पराजुलीले २५ माघ २०३४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नागरिकता प्रमाणपत्रको प्रतिलिपि निकालेका थिए त्यसमा पनि जन्ममितिबारे सबै व्यहोरा पुरानै उल्लेख छ । तर, ३३ वर्षपछि ९ मंसीर २०६७ मा आएर जिल्ला प्रशासन कार्यालय काठमाडौंबाटै पराजुलीले अर्को प्रतिलिपि निकाले । सो प्रतिलिपिमा (नागरिकता प्रमाणपत्र नम्बर १८०३/४४१/३०१०) भने जन्ममिति १६ वैशाख २०१० उल्लेख छ । यसरी शुरूमा नागरिकता प्रमाणपत्र बनाएको ३७ वर्षपछि पराजुलीले जन्ममिति उल्लेख गरेर नागरिकताको प्रतिलिपि प्रमाणपत्र किन निकाल्नुपर्‍यो ? भावी प्रधानन्यायाधीशको कार्यकाल निर्धारण गर्ने यो दस्तावेजमा किन तलमाथि गर्नुपर्‍यो ? चासोको विषय भएको छ ।

## 'अवकाश हुने उमेर गणना'

१३ जेठ २०७१ मा सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएदेखि पराजुली सर्वोच्च अदालतको सूचनाप्रविधि समितिको सदस्य छन् । यही समिति अन्तर्गत सञ्चालन हुने सर्वोच्च अदालतको वेब पेजमा पराजुलीले प्रतिलिपि बमोजिमको जन्ममिति उल्लेख गरेका छन् ।

न्यायाधीश पराजुलीले नागरिकता प्रमाणपत्रको प्रतिलिपि निकालेपछि परिषद्मा सोही मिति कायम गर्न निवेदन दिएका छन् । प्रधानन्यायाधीशको रूपमा रामकुमारप्रसाद साह न्यायपरिषद्को अध्यक्ष रहेका बखत २०७१ सालको अन्तिमतिर दिएको उक्त निवेदनमाथि परिषद्ले 'पुरानै मिति कायम हुने' निर्णय गरेको छ । न्यायपरिषद् सदस्यसमेत रहेर सर्वोच्च अदालतबाट अवकाशप्राप्त एक न्यायाधीश उक्त निर्णय सार्वजनिक जानकारीमा नरहेकाले जुनसुकै बखत परिवर्तन हुनसक्ने खतरा देख्छन् । तर, न्यायपरिषद्का सचिव तथा प्रवक्ता जस्ता माथिल्लो तहका कर्मचारीहरू यसबारे केही खुलाउन चाहँदैनन् । सचिव कृष्ण गिरीले भने, "नागरिकता, शैक्षिक प्रमाणपत्र तथा जन्ममिति जस्ता विवरण व्यक्तिगत कुरा हुन्, तिनलाई परिषद् बुलेटिनमै प्रकाशित गर्दै आइरहेकोले थप बताइरहनु पर्दैन ।"

पराजुली २०३१ सालमा नेपाल ल क्याम्पसमा सीएल (सर्टिफिकेट इन ल) तहमा भर्ना (कक्षा रोल नम्बर ११८) भएका थिए । विद्यार्थीको नाम, ठेगाना, जन्ममिति, पिताको नाम जस्ता व्यक्तिगत विवरणहरूको अभिलेख राखिने रजिष्ट्ररमा अहिले पराजुलीसहित उनीभन्दा तलमाथिका गरी चार जना विद्यार्थीको पुरानो विवरण पूरै छोपिएको छ । नयाँ कागजमा जन्ममितिसहितका अन्य नयाँ विवरण भरेर पुरानो माथि टाँस गरिएको छ । जसका कारण उनले भर्ना हुँदाका बखत लेखिएको विवरण देख्न सकिंदैन ।

जन्ममिति फरक पर्ने समस्या धेरै नै आएपछि त्यसको समाधान खोज्न १ माघ २०६१ मा नेपाल सरकारले एउटा नीतिगत निर्णय गरेको थियो । निर्णयमा 'न्यायपरिषद् ऐन २०४७ र न्यायपरिषद् कार्यविधि २०५६ बमोजिम न्यायाधीशको उमेर कायम गर्ने र अनिवार्य अवकाशको सूचना दिने काम न्यायपरिषद् सचिवालयले नै गर्ने हो' भन्दै उमेर कायम गर्ने आधार तय गरिएको थियो ।

निर्णयमा 'निजले (न्यायाधीश वा कर्मचारीले) पेश गरेको शैक्षिक प्रमाणपत्रमा किटान गरिएको जन्ममिति वा वर्षबाट हुन आउने उमेर वा नागरिकताको प्रमाणपत्रमा किटान गरिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर र वैयक्तिक नोकरी विवरण (सीटरोल) मा लेखिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेरमध्ये जुन आधारबाट गणना गर्दा पहिले अवकाश हुन्छ, सोही आधारमा उमेरको गणना गरिनेछ' भनिएको थियो । यसको जानकारी निजामती किताबखानाले पत्र लेखेर न्यायपरिषद्लाई दिएको थियो । पछि २०६३ सालमा आएर नेपाल सरकारको त्यही निर्णयका आधारमा न्यायपरिषद्ले 'जेठो उमेर नै मान्य हुने' निर्णय गरेको थियो । त्यही निर्णयका आधारमा परिषद्ले देवेन्द्रराज शर्मा, फणीन्द्रदत्त शर्मा तथा विष्णुप्रसाद पौडेललगायत अन्य न्यायाधीशहरूलाई अवकाश दियो । यीमध्ये देवेन्द्रराज र फणीन्द्रदत्तले

त न्यायपरिषद्को निर्णय चित्त नबुझाएर सर्वोच्च अदालत नै गुहारे, तर सर्वोच्चले पनि न्यायपरिषद्कै निर्णयलाई सही ठहऱ्यायो ।

## एउटा उदाहरण : देवेन्द्रराज शर्मा

पुनरावेदन अदालत विराटनगरमा दरबन्दी भई पुनरावेदन अदालत पाटनमा कार्यरत रहेका बेला न्यायाधीश देवेन्द्रराज शर्माले जन्ममिति सम्बन्धी यस्तै विवादमा सर्वोच्च अदालत गुहारेका थिए । २४ चैत २०२८ मा नागरिकताको प्रमाणपत्र लिंदा उनको उमेर २५ वर्ष लेखिएको थियो । सेवा प्रवेश गर्दा शुरूमा सोही नागरिकता पेश गरेका कारण न्यायपरिषद्ले उनको जन्म २४ चैत २००३ कायम गरेको थियो ।

तर, न्यायाधीश शर्माका सम्पूर्ण शैक्षिक प्रमाणपत्रमा जन्ममिति ११ जनवरी १९४८ (२७ पुस २००४) थियो । उनले २०३३ देखि २०३७ सालसम्म नेपालगञ्जको महेन्द्र बहुमुखी क्याम्पसमा अध्यापन गराउँदा पनि सोही मिति कायम गरेका थिए । नागरिकता हराएको भन्दै ८ पुस २०६५ मा निकालेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा समेत जन्ममिति ११ जनवरी १९४८ (२७ पुस २००४) कायम गराएका थिए । निजामती सेवा प्रवेशपछि सीटरोलमा तथा राहदानी, संचयकोष तथा नागरिक लगानी कोषमा समेत सोही मिति उल्लेख भएको थियो ।

तर, ३ पुस २०६६ मा प्रकाशित न्यायपरिषद् बुलेटिन (वर्ष ६, अंक ६) मा उनको जन्ममिति २४ चैत २००३ उल्लेख थियो । यस्तो देखेपछि शर्माले फरक पर्नुको कारणको जानकारी माग्दै सच्याउन अनुरोधसहित २० फागुन २०६६ मा न्यायपरिषद् अध्यक्ष रहेका प्रधानन्यायाधीश अनुपराज शर्मासमक्ष निवेदन दिए । तर परिषद्ले 'न्यायपरिषद् सचिवालयमा रहेको निजामती किताबखानासमेतबाट प्राप्त अभिलेख अनुसार २३ चैत २०६६ मा ६३ वर्ष पूरा भई अनिवार्य अवकाश पाउने' जानकारी दियो । त्यसपछि न्यायाधीश शर्माले शैक्षिक प्रमाणपत्रहरूका साथै सम्पूर्ण व्यवहारमा जन्ममिति ११ जनवरी १९४८ (२७ पुस २००४) भएकोमा परिषद्ले २४ चैत २००३ कायम गरी अवकाश दिने निर्णय गरेको भन्दै उक्त निर्णय खारेजीको माग लिएर सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए ।

सर्वोच्चले शर्माको जन्ममिति २४ चैत २००३ कायम गर्नुको कारण मागेपछि न्यायपरिषद्ले 'न्यायाधीश शर्माको शैक्षिक योग्यताको प्रमाणपत्र र सीटरोलमा जन्ममिति ११ जनवरी १९४८ कायम भएको भए पनि नागरिकताको प्रमाणपत्र जारी हुँदा २४ चैत २०२८ मा २५ वर्ष उल्लेख भएकाले त्यसका आधारमा जन्ममिति २४ चैत २००३ कायम गरिएको साथै शैक्षिक प्रमाणपत्र, सीटरोल र नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको मध्येबाट सबैभन्दा जेठो उमेर गणना गर्ने निर्णय बमोजिम अवकाश दिइएको' जवाफ पठायो ।

६ जेठ २०६८ मा यो मुद्दामा आदेश गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय कल्याण श्रेष्ठ र कृष्णप्रसाद उपाध्यायले शर्माको रिट खारेज गरिदिए । सो आदेशमा भनिएको छ, 'अघिल्लो


नागरिकता पेश भइरहेकोमा सोको व्यहोरा परिवर्तन हुनसक्ने अवस्था देखिंदैन । २०२८/१२/२४ गते जारी भएको नागरिकतामा निवेदकले कुनै विवादसमेत उठाएको देखिंदैन । उक्त नागरिकताको अस्तित्वको सम्बन्धमा विवादसमेत नभएको यस्तो अवस्थामा सोही आधारमा अवकाशको उमेर कायम गरी भएको न्यायपरिषद् सचिवालयको निर्णयलाई तथ्यहीन र कानूनसम्मत नभएको भनी भन्न मिलेन ।'

त्यस्तै पुनरावेदन अदालत पाटनका न्यायाधीश फणीन्द्रदत्त शर्माको समेत सोही व्यहोराको रिट सर्वोच्च अदालतका न्यायाधीशद्वय प्रकाश वस्ती र डा. भरतबहादुर कार्कीको इजलासले २४ कात्तिक २०७० मा खारेज गरिदिएको थियो ।

सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धी ऐनको दफा २ (क) ले 'उमेरको गणना गर्दा नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक नोकरी विवरणमा उल्लेख भएको जन्मदिन वा वर्षमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गरिने' भनेको छ । यसले पनि न्यायाधीश पराजुलीले पेश गरेको प्रतिलिपिले कार्यकाल लम्ब्याउन सक्दैन ।

पूर्व प्रधानन्यायाधीश अनुपराज शर्मा भन्छन्, "नागरिकता, सीटरोल र शैक्षिक प्रमाणपत्र तीनवटै 'डकुमेन्ट' सम्बन्धित वैयक्तिक 'क्रियसन' हो । त्यसमा विवाद भए कुन कागजातलाई गणना गर्दा उसले पहिले अवकाश पाउँछ, त्यसलाई नै मान्ने सिद्धान्त हो । अहिले त यसरी कानून नै बनिसकेको छ । यसमा विवाद छैन ।"

*(२० भदौ २०७३, www.cijnepal.org.np)*




# ११.

# डाक्टर बन्न नक्कली कागजात

गुणस्तरीय शिक्षा दिएर नेपालकै लागि डाक्टर उत्पादन गरिरहेको गफ गर्ने नेपालका मेडिकल कलेजहरू पत्याउन मुश्किल पर्ने अपराध गरिरहेका छन्। मात्र पैसा कमाउनका लागि उनीहरू मापदण्ड विपरीत नेपाली विद्यार्थीलाई 'चोर बाटो' बाट विदेशी कोटामा डाक्टर बनाउँदैछन्।

● रामु सापकोटा






दाँतको उपचार गर्दै डा. पुष्कर तिवारी ।

एमबी केडिया डेन्टल कलेजमा बीडीएस तहमा भर्ना हुन पेश गरेको भारतीय परिचयपत्र (माथिपट्टि) । तिनै विद्यार्थीले चिकित्सकीय अभ्यास गर्न नेपाल मेडिकल काउन्सिलले लिएको दर्ता प्रमाणपत्र परीक्षामा पेश गरेको नेपाली नागरिकता ।

नेपालका मेडिकल कलेज सञ्चालकहरू हाकाहाकी भन्छन्, "हामीले नेपाली विद्यार्थी पढाएर डाक्टर उत्पादन गरेका छौं र नेपालको अर्बौं रूपैयाँ विदेश जानबाट जोगिएको छ ।" यति मात्र होइन, उनीहरूले डा. गोविन्द केसीलाई नेपाली विद्यार्थी विदेश पठाउने एजेन्टसँग साँठगाँठ गरेको आरोपसम्म लगाउन भ्याए ।

२० भदौ २०७२ मा काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा एसोसिएसन अफ प्राइभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपालका अध्यक्ष डा. सुरेशकुमार कनोडियाले भनेका थिए, "मेडिकल कलेजको सीट घटाएर विदेशमा विद्यार्थी पठाउने वातावरण सृजना गर्नेहरूले डा. गोविन्द केसीलाई पर्दा पछाडिबाट बोकेका छन् । जसका कारण वार्षिक ८०० विद्यार्थी नेपालमा मेडिकल शिक्षा पढ्नबाट वञ्चित भएका छन् ।" झट्ट सुन्दा यो ठूलो काम र मुलुककै लागि ठूलो योगदान जस्तो लाग्छ । के कलेज सञ्चालकहरूले भने जस्तै अवस्था छ त ? हामीले एकदशक यता उनीहरूले गरेको काम नियाल्न खोजेका छौं ।

## जति विदेशी, उत्ति पैसा

सबैभन्दा पहिले मुलुकका प्रमुख मेडिकल कलेजको पछिल्लो दशकको विद्यार्थी संख्या र तिनको राष्ट्रियता हेरौं ।

काठमाडौं विश्वविद्यालयको सन् २००० देखि २०१२ सम्मको विवरण हेर्दा उसको सम्बन्धन प्राप्त विभिन्न मेडिकल कलेजमा एमबीबीएस, बीडीएस (डेन्टल) र एमडी (विशेषज्ञ) तहमा नेपालीभन्दा धेरै विदेशी विद्यार्थी भर्ना गरेको भेटियो । जस्तो कि, पोखराको मणिपाल कलेज अफ

मेडिकल साइन्सेजले दश वर्षमा १ हजार ३५३ विद्यार्थी पढाएकोमा ६१३ मात्रै नेपाली थिए । *(हे. तालिका)* विदेशी विद्यार्थीमा भारतका ५२७, श्रीलंकाका १२८, अष्ट्रेलियाका २, क्यानडाका ५, संयुक्त राज्य अमेरिकाका १७, बेलायतका ४, दक्षिण अफ्रिकाका ९, बंगलादेशका १ र केन्याका २ गरी कुल ७४० थिए ।

| वर्ष | नेपाली | स्नातक | विदेशी | वर्ष | नेपाली | स्नातक | विदेशी |
|---|---|---|---|---|---|---|---|
| २००० | ४३ | २४ | ६७ | २००७ | ५५ | ६३ | ११८ |
| २००१ | ५१ | २९ | ८० | २००८ | ३४ | ८९ | १२३ |
| २००२ | ५८ | २८ | ८६ | २००९ | ५३ | ९३ | १४६ |
| २००३ | ६६ | ४५ | १११ | २०१० | ५० | ९९ | १४९ |
| २००४ | ५१ | २५ | ७६ | २०११ | ४६ | ७९ | १२५ |
| २००५ | ५० | २५ | ७५ | २०१२ | ३७ | ८० | ११७ |
| २००६ | १९ | ६१ | ८० | कुल | ६१३ | ७४० | १३५३ |

यस्तै कलेज अफ मेडिकल साइसेन्ज (सीओएमएस), भरतपुरले वितेको दश वर्षमा नेपालीको तुलनामा झण्डै दोब्बर विदेशी विद्यार्थी भर्ना लिएको देखिन्छ । सीओएमएसले सन् २००२ देखि २०१२ सम्ममा ३६२ नेपाली विद्यार्थी भर्ना लिएको थियो, जबकि सोही अवधिमा सो कलेजमा अध्ययनरत भारतीय विद्यार्थीको संख्या ६७० थियो । *(हे. तालिका)*

संख्या यतिसम्म असन्तुलित छ कि सन् २००५ मा कलेजले ८० भारतीय विद्यार्थी भर्ना लिंदा नेपाली विद्यार्थीको संख्या जम्मा ३५ मात्रै थियो । विदेशी विद्यार्थीमध्ये पनि भारतका ६६४, अमेरिकाका १, दक्षिण अफ्रिकाका ४ र श्रीलंकाका १ थिए ।

| वर्ष | नेपाली | स्नातक | विदेशी | वर्ष | नेपाली | स्नातक | विदेशी |
|---|---|---|---|---|---|---|---|
| २००२ | २३ | ४४ | ६७ | २००८ | ३६ | ७६ | ११२ |
| २००३ | २९ | ६० | ८९ | २००९ | ३६ | ६४ | १०० |
| २००४ | ३६ | ३२ | ६८ | २०१० | ३९ | ४९ | ९८ |
| २००५ | ३५ | ८० | ११५ | २०११ | ३४ | ७६ | ११० |
| २००६ | २७ | ६२ | ८९ | २०१२ | ३१ | ६६ | ९७ |
| २००७ | ३६ | ५१ | ८७ | कुल | ३६२ | ६७० | १०३२ |

नेपालगञ्ज मेडिकल कलेज सन् २००३ देखि प्रारम्भ भएको हो । सो कलेजले सन् २००३ देखि २०१२ सम्ममा कुल ९८३ विद्यार्थी भर्ना लिएकोमा विदेशी विद्यार्थीको संख्या ५५५ छ । यस अवधिमा मात्र ४३१ नेपाली विद्यार्थीले त्यहाँ अध्ययन गर्ने मौका पाए । *(हे. तालिका)* कलेजले सन् २००७ मा १९ जना नेपाली विद्यार्थी भर्ना लिंदा विदेशी विद्यार्थीको संख्या ५४ थियो ।

| वर्ष | नेपाली | स्नातक | विदेशी | वर्ष | नेपाली | स्नातक | विदेशी |
|---|---|---|---|---|---|---|---|
| २००३ | २० | २६ | ४६ | २००८ | ४० | ६५ | १०५ |
| २००४ | ४२ | ३७ | ७९ | २००९ | ४३ | ५९ | १०२ |
| २००५ | ५७ | ४६ | १०३ | २०१० | ३५ | ६२ | ९७ |
| २००६ | ४२ | ७० | ११२ | २०११ | ६५ | ७३ | १३८ |
| २००७ | १९ | ५४ | ७३ | २०१२ | ६८ | ६३ | १३१ |
| | | | | कुल | ४३१ | ५५५ | ९८६ |

सन् २०१२ पछि पनि मेडिकल कलेजहरूले नेपाली भन्दा धेरै विदेशी विद्यार्थी भर्ना लिने क्रमलाई जारी राखे । सन् २०१३ मा मणिपाल मेडिकल कलेज पोखराले ७८ भारतीय र ९ श्रीलंकनसहित ८६ विदेशीलाई स्नातकको उपाधि दिएकोमा नेपालीको संख्या ५७ छ । यही वर्ष, कलेज अफ मेडिकल साइसेन्ज भरतपुर (सीओएमएस) ले ७५ भारतीय विद्यार्थी भर्ना लियो भने, सो संख्या सन् २०१४ मा बढेर ८४ पुग्यो ।

यस अवधिमा भारतीय विद्यार्थीको संख्या किन ह्वात्तै बढ्यो ? हामीले जान्ने कोशिश गर्‍यौं ।

भारतबाट मेडिकल शिक्षामा स्नातक गर्न इच्छुक विद्यार्थीलाई केयूले प्रवेश परीक्षा नै नलिई अध्ययन गर्ने छूट दिएको रहेछ । विश्वविद्यालयले आफू सम्बन्धित मेडिकल कलेजलाई योग्य विद्यार्थी भर्ना गर्न दिएको यो छूटको निजी मेडिकल कलेजहरूले राम्रैसँग दुरूपयोग गरे, बढी पैसा कमाउने नाममा कमजोर विदेशी विद्यार्थीलाई समेत भर्ना लिएर ।

शुरूका वर्षहरूमा भारतबाट ठूलै संख्यामा महिला विद्यार्थी डाक्टरी पढ्न नेपाल आउने गरेको केयूका पूर्व रजिष्टार डा. सीताराम अधिकारी बताउँछन् । त्यसरी भारतबाट आउने विद्यार्थी पढाइमा कमजोर हुने गरेको अधिकारीको भनाइ छ । अधिकारी भन्छन्, "ती विद्यार्थी बेसिक साइन्सको परीक्षामा समेत अनुत्तीर्ण भएपछि कतिपयले बीचमै पढाइ छोडेर भारत फर्किएका थिए ।"

## नारा राष्ट्रमुखी, नियत नाफामुखी


केही अघिसम्म नेपाली विद्यार्थीले विशेषज्ञ तह (पीजी) पढ्न रू.१८ लाख र विदेशीले रू.२८ लाख तिर्नुपर्थ्यो । हाल भने विशेषज्ञ तह पढाउन मेडिकल कलेजले रू.१ करोडसम्म लिन्छन् । यसरी बढी पैसा कमाइने भएपछि केयू अन्तर्गतका मेडिकल कलेजले नेपालीको तुलनामा बढी भारतीय विद्यार्थी भर्ना लिएका हुन् । विश्वविद्यालयको फ्याकल्टी विकास योजनाअन्तर्गत सन् २००३ देखि २०१२ सम्म पोस्ट ग्र्याजुएट (पीजी) मेडिकल शिक्षामा ८२२ जनाले उपाधि हासिल गरेकोमा, विदेशीको संख्या ४७४ र नेपालीको संख्या ३४८ छ । *(हे. तालिका)*

यसले पनि देखाउँछ, नेपालका मेडिकल कलेजहरूले पैसा विदेश जान नदिएको राष्ट्रवादी नारा जति लगाए पनि उनीहरूको भित्री ध्येय मात्रै पैसा कमाउनु हो ।

वितेको ९/१० वर्षमा, काठमाडौं विश्वविद्यालय (केयू) अन्तर्गतका कलेजहरूले सबैभन्दा बढी इन्टरनल मेडिसिनमा ६९, पेडियाट्रिक्समा ५३, रेडियोडाइग्नोसिसमा ५५, जनरल मेडिसिनमा ७१ र अर्थोपेडिक्समा ५९ जना विदेशी विद्यार्थी भर्ना गरेका थिए । केयूले रेडियसन अंकोलोजीमा एक जना नेपाली विद्यार्थीलाई पनि भर्ना नलिएर ६ जना विदेशी विद्यार्थी पढाएको थियो ।

| उपाधि | नेपाली विशेषज्ञ चिकित्सक | विदेशी विशेषज्ञ चिकित्सक | जम्मा |
|---|---|---|---|
| एमसीएच न्यूरो सर्जरी | ४ | ० | ४ |
| डीएम न्यूरोलोजी | १ | ० | १ |
| एमडी इन्टरनल मेडिसिन | ३० | ६९ | ९९ |
| एमडी अब्स्ट्रियट्रिक एण्ड गाइनेकोलोजी | २ | १९ | ७८ |
| एमडी पेडियाट्रिक्स | १९ | ५३ | ७२ |
| एमडी डर्माटोलोजिष्ट | ११ | ३८ | ४९ |
| एमडी साइक्याट्री | २ | ३ | ५ |
| एमडी रेडियोडाइग्नोसिस् २३ | ५५ | ७८ | |
| एमडी एनेस्थेसियोलोजी | १० | १९ | २९ |
| एमडी रेडियसन अंकोलोजी | ० | ६ | ६ |
| एमडी प्याथोलोजी | ३० | २ | ३२ |
| एमडी कम्प्युनिटी मेडिसिन | २ | ० | २ |

| उपाधि | नेपाली विशेषज्ञ चिकित्सक | विदेशी विशेषज्ञ चिकित्सक | जम्मा |
|---|---|---|---|
| एमडी फोरेन्सिक मेडिसिन | २ | १ | ३ |
| एमडी फर्माकोलोजी | ४ | १ | ५ |
| एमडी माइक्रोबायोलोजी | २ | ० | २ |
| एमडी फिजियोलोजी | १ | ० | १ |
| एमएस एनाटोमी | २ | ० | २ |
| एमएस जनरल मेडिसिन | २६ | ७१ | ९७ |
| एमएस अप्थाल्मोलोजी | ६ | १३ | १९ |
| एमएस अर्थोपेडिक्स | ३२ | ५९ | ९१ |
| एमएस ओटोरिन्हो-लेन्गोलोजी | ९ | ३ | १२ |
| एमडीएस कन्जरभेटिभ डेन्टिस्ट्री एण्ड इन्डोडोन्टिक | १० | ११ | २१ |
| एमडीएस म्याक्सिलो फेसियल सर्जरी | १४ | ४ | १८ |
| एमडीएस प्रोस्थोडोङ्टिक्स | ६ | ६ | १२ |
| एमडीएस कम्युनिटी डेन्टिस्ट्री | ५ | ० | ५ |
| एमडीएस ओरल मेडिसिन एण्ड रेडियोलोजी | ७ | ० | ७ |
| एमडीएस पेरियोडोन्टिक्स् | ८ | १ | ९ |
| एमडीएस पेडोडोन्टिक्स् | १२ | २ | १४ |
| एमडीएस ओरल प्याथोलोजी | ६ | ० | ६ |
| एमएस्सी माइक्रोबायोलोजी | १३ | ० | १३ |
| एमएस्सी बायोकेमेस्ट्री | १० | ० | १० |
| एमएस्सी फिजियोलोजी | १२ | ० | १२ |
| एमएस्सी फार्माकोलोजी | ३ | ० | ३ |
| एमएस्सी एनाटोमी | ५ | ० | ५ |
| कुल | ३४८ | ४७४ | ८२२ |





सन् २०११ मा केयूबाट सम्बन्धन पाएका मेडिकल कलेजले एमडी, एमएस र एमडीएस तहमा १०४ विदेशी भर्ना लिएका थिए भने २०१० मा १०९ । सन् २००९ मा कलेजहरूले एमडी, एमएस र एमडीएस तहमा ६७ भारतीयलाई स्नातकोत्तरको उपाधि दिएकोमा नेपालीको संख्या जम्मा २१ थियो ।

भारतलगायतका मुलुकबाट चिकित्साशास्त्र अध्ययनका लागि नेपाल आउनेमा कमजोर विद्यार्थी पनि धेरै छन् । तर, यी विद्यार्थी कलेजले लिएका एमबीबीएस तथा बीडीएस तहको परीक्षामा भने सजिलै पास हुन्छन् । कलेजमा मोटो रकम तिरिसकेका हुनाले कलेज सञ्चालकले उनीहरूलाई जसरी पनि पास गराउँछन् । किनकि धेरैजसो यस्ता विद्यार्थीलाई भर्ना हुँदा नै 'जसरी भए पनि पास गराउने' सहमति गरिएको हुन्छ । २०७२ सालमा युनिभर्सल मेडिकल कलेजका प्रशासन अधिकृत ध्रुव पौडेलले जाँच सेन्टर र कापी जाँच्ने व्यक्ति सबैसँग सेटिङ मिलाएर भारतीय विद्यार्थी पास गराउने गरिएको खुलासा गरेका थिए । खोज पत्रकारिता केन्द्रसँगको अन्तर्वार्तामा उनले भनेका थिए, 'जस्तोसुकै कमजोर विद्यार्थीलाई पनि पास गराउने जिम्मा मेरो भयो ।'

## कमजोर विद्यार्थी, मोटो रकम

नेपाली विद्यार्थीले एमबीबीएस तहमा भर्ना हुन विश्वविद्यालयले लिने गरेको प्रवेश परीक्षा पास हुनुपर्ने बाध्यकारी व्यवस्था छ । तर, १ असोज २०७२ मा मन्त्रिपरिषद्ले निर्णय गरेर बाध्यकारी नबनाउँदासम्म विदेशी विद्यार्थीले नेपालका मेडिकल कलेजमा भर्ना हुन प्रवेश परीक्षा दिनुपर्दैनथ्यो । यति हुँदा-हुँदै, २०७२ सालमा नोबेलले ९५, सीओएमएसले १०५, मणिपालले ६७, नेपालगञ्जले ९० र विराटले ३६ जना विदेशीलाई प्रवेश परीक्षा विनै भर्ना लियो । यसरी मेडिकल




कलेजहरूले सम्बन्धित विद्यार्थी चिकित्साशास्त्र अध्ययनका लागि योग्य भए–नभएको जाँच्ने काम नै नगरी ठूलो संख्यामा कमजोर विदेशी विद्यार्थीलाई भर्ना गरिरहेका थिए ।

काठमाडौं विश्वविद्यालयको नियम अनुसार एमबीबीएस तह अध्ययनका लागि विद्यार्थी भर्ना गर्दा मेडिकल कलेजहरूले नेपाली विद्यार्थीबाट रू.३५ लाख र विदेशी (भारतीयसहित) बाट रू.५६ लाख लिन पाउँछन् । तर, मेडिकल कलेजहरूले नियम मिचेर नभई डाँक बढाबढमा (जसले धेरै पैसा दिन्छ उसैलाई भर्ना गर्ने) विद्यार्थी भर्ना लिने गरेका छन् । प्रवेश परीक्षा सम्बन्धी विश्वविद्यालयको खुकुलो नियम र फितलो अनुगमनका कारण पनि कलेजहरूले मनपरी गर्ने छूट पाएका हुन् ।

विदेशी विद्यार्थीलाई मनलाग्दी भर्ना गर्ने प्रवृत्ति रोक्न शिक्षा मन्त्रालय र मन्त्रिपरिषद्को कार्यालयले प्रवेश परीक्षा अनिवार्य विश्वविद्यालयले लिने निर्णय त गर्‍यो, तर कलेज सञ्चालकहरूले घुमाउरो पारामा त्यसलाई लत्याउने उपाय पनि निकालिसकेछन् ।

गत वर्ष, काठमाडौं विश्वविद्यालयअन्तर्गत सम्बन्धन पाएका कलेज सञ्चालकहरूले विश्वविद्यालयका डीन डा. नरेन्द्र राणासँगको मिलेमतोमा, दुई दिनअघि नै प्रश्नपत्र विद्यार्थीको हातमा पुर्‍याएका थिए ।

यसको कथा रोचक छ । प्रवेश परीक्षाको प्रश्नपत्र र उत्तरपुस्तिका लिक गर्न मेडिकल कलेज सञ्चालकहरूले डीन राणासँग २१ मंसीर २०७२ मा होटल द्वारिकाजमा 'डिल' गरेका थिए । द्वारिकाजमा भएको उक्त 'डिल' मा डीन राणाले भारतीय विद्यार्थीलाई ४० देखि ५० वटा प्रश्नको उत्तरमा टिक नलगाई छाड्न भन्ने र पछि आवश्यकता अनुसार सही जवाफमा टिक लगाएर सबैलाई पास गराउने सहमति भएको थियो । उक्त डिलमा सहभागी एक कलेज सञ्चालकका भनाइमा, 'सहमति अनुसार नै परीक्षा भयो र विद्यार्थी उत्तीर्ण गराउने काम भयो ।' डिल भएको

भोलिपल्ट २२ मंसीर २०७२ मा डीन राणाले केयूबाट सम्बन्धन प्राप्त आठ मेडिकल कलेजलाई गोप्य पत्र पठाएर मनपरी विदेशी विद्यार्थी भर्ना गर्न छूट दिएका थिए । उनले पत्रमार्फत सबै कलेजलाई विदेशी विद्यार्थीको प्रवेश परीक्षा लिन एकै खालको प्रश्नपत्र तयार पारिएको जानकारी समेत दिएका छन् ।

डा. भोला रिजाल अध्यक्ष रहेको नेपाल मेडिकल कलेज जोरपाटीले चाहिं दुई दिनअघि प्रश्नपत्र नपाएर होला, जाँच चलिरहेको समयमा कलेजको नोटिस बोर्डमा उत्तर लेखिएको पुस्तिका नै टाँसिदियो । डा. रिजाल मेडिकल शिक्षामा भएको विकृति रोक्न आन्दोलनरत डा. गोविन्द केसीको विरूद्ध सडकमा उत्रिने एक अगुवा चिकित्सक हुन् ।

यसरी काठमाडौं विश्वविद्यालय आफैंले लिनुपर्ने प्रवेश परीक्षा पास गराउने सुविधासहित कलेजहरूलाई नै लिन दियो । जस अनुसार कतिले दुई दिन अगावै प्रश्नपत्र विद्यार्थीका हातमा पुऱ्याए भने कतिले परीक्षा हलमै उत्तरपुस्तिका बोर्डमा टाँसिदिए । डा. भोला रिजालको कलेजले परीक्षा हलमै उत्तरपुस्तिका टाँसेको थाहा पाएपछि माओवादीको विप्लव समूह निकट विद्यार्थी संगठनले रंगेहात समातेको थियो ।

विप्लव माओवादी केन्द्रीय सदस्य नरेन्द्र विकले कलेजसँग मिलेमतोमा केयूले सञ्चालन गरेको जाँचमा अनियमितता भएको थाहा पाएपछि भोला रिजालको नेपाल मेडिकल कलेज (एनएमसी) बाट उत्तरपुस्तिका जफत गरेको बताउँछन् । विक भन्छन्, "त्यतिबेला कुल ३६२ विदेशी विद्यार्थी प्रवेश परीक्षामा सहभागी थिए । तीमध्ये एनएमसीका १३ जना विद्यार्थीलाई परीक्षा भएको बेलामा निरीक्षकले नै सिकाइरहेको अवस्थामा फेला पाऱ्यौं ।" जाँचको बारेमा बुझ्न कलेज पुगेको बताउने बिक भन्छन्, "जाँच भइरहेको ठाउँमा प्रहरी थिएनन् । कक्षा कोठामा सीसीटीभी पनि थिएन । त्यहाँ दुई जना निरीक्षक बाहेक कोही पनि थिएनन् ।" अनियमितता देखेपछि कलेज पुगेका माओवादी विद्यार्थीले उत्तरपुस्तिका जफत गरेका थिए ।

दुई दिनअघि नै प्रश्नपत्र पाइसकेका मेडिकल कलेजहरूले पनि विदेशी विद्यार्थीको परीक्षा लिए, जसको नतीजामा अधिकांशले ९० प्रतिशत भन्दा बढी अंक ल्याएर पास गरेका थिए । तर परीक्षा त देखाउनका लागि मात्र थियो, अधिकांश मेडिकल कलेजहरूले विदेशी विद्यार्थीलाई प्रवेश परीक्षा हुनुअघि नै भर्ना लिइसकेका थिए । उनीहरू परीक्षामा ती विद्यार्थी उत्तीर्ण हुनेमा निश्चिन्त थिए ।

एनएमसीसहित अन्य कलेजहरूले लिएको प्रवेश परीक्षामा व्यापक धाँधली भएको भन्दै विद्यार्थी संगठनले केयूको डीन कार्यालयमा तालाबन्दी गरे भने डीन डा. नरेन्द्र राणाको राजीनामा माग गरे । १६ पुस २०७२ मा केयूका रजिष्ट्रार भोला थापाको संयोजकत्वमा छानबीन समिति गठन गर्ने सहमति भयो । तर छानबीन कार्य अघि नबढ्दै केयूले एनएमसीलगायत कलेजमा परीक्षा दिने विदेशी विद्यार्थी पास भएको नतीजा सार्वजनिक गऱ्यो । विद्यार्थी नेता विक भन्छन्, "हामीले राखेको मागलाई केयूले बाइपास गऱ्यो र, छानबीन पनि अघि बढाएन ।"

## विदेशी भनेर परीक्षा विना नेपाली भर्ना

१. एम बी केडिया डेन्टल कलेजमा २०६४ सालमा भर्ना भएका शशिकान्त चौधरी वीरगञ्ज पर्साका स्थानीय हुन् । पर्सा जिल्ला प्रशासन कार्यालयबाट १३ माघ २०६० मा नेपाली नागरिकता लिएका चौधरीले डेन्टल कलेजमा भर्ना हुन भारतीय परिचय पत्र बनाए । कलेजमा भर्ना हुनैका लागि उनले भारत सरकारबाट जारी 'दत्तक-पत्र' पेश गरेका छन् । उक्त प्रमाणपत्रका अनुसार चौधरी भारतको राजस्थानस्थित फत्तेपुर जिल्लाकी चौधरी बनारसी देवी (७२) का 'दत्तक-पुत्र' हुन् । सोही प्रमाणपत्रलाई आधार मानेर कलेजले चौधरीलाई विदेशी कोटामा प्रवेश परीक्षा विनै भर्ना लियो ।

२. महोत्तरी इटहवा कट्टीका स्थायीवासी कविता सिंहले पनि सोही कलेजमा भर्ना हुँदा सीतामढी भारतबाट लिएको शपथ-पत्र पेश गरिन् । शिवहर, सीतामढीका जितेन्द्र सिंहले कविताको पढाइलेखाइलगायतका सारा खर्च आफैंले बेहोर्ने भन्दै 'शपथ-पत्र' बनाइदिए । १ असोज २०६३ मा नेपाली नागरिकता लिएकी कविताले 'शपथ-पत्र' पेश गरेकै आधारमा कलेजले विना प्रवेश परीक्षा विदेशी विद्यार्थी बनाएर भर्ना गरिदियो । तर नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्रको परीक्षाका बेलामा भने सिंहले नेपाली नागरिकता पेश गरेकी थिइन् । सिंहले पेश गरेको नेपाली नागरिकतालाई आधार मानेर काउन्सिलले '१५५६२ नम्बर' को लाइसेन्स दियो ।

३. मठिया रौतहटकी विनिता सिंहले पनि कलेज भर्ना हुँदा 'शपथ-पत्र' पेश गरिन् । कलेजमा पेश गरेको 'शपथ-पत्र' अनुसार, भारतको चैनपुरका हरेन्द्रप्रसाद चौधरीले सिंहलाई १५ वर्षदेखि लालनपालन गरेको भन्दै उनी आफ्नो 'दत्तक-पुत्री' भएको दाबी गरेका छन् । त्यही प्रमाणपत्रका आधारमा सिंहलाई कलेजले भारतीय नागरिक मानेर विना प्रवेश परीक्षा भर्ना लियो । तर यथार्थमा विनिता नेपाली नागरिक हुन् । उनले २२ असार २०६४ मा रौतहटबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएकी छन् ।

४. नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर ६ का सभासद् प्रेमकिशोरप्रसाद साहकी छोरी प्रेक्षा साहले पनि कलेज भर्ना हुन आफू भारतीय नागरिक भएको प्रमाण पेश गरिन् । भारत सरकारबाट जारी भएको सो 'आवासीय प्रमाण-पत्र' का आधारमा प्रेक्षा र सभासद् प्रेमकिशोर साहलाई भारतीय नागरिक मान्नुपर्छ । किनकि सो प्रमाणपत्रमा उनीहरूको स्थायी ठेगाना मोतिहारी, भारत लेखिएको छ । सभासद् प्रेमकिशोरको भारतको मतदाता सूचीमा ६२८ नम्बरमा नाम रहेको उल्लेख छ । यसैबीच प्रेक्षाले जिल्ला प्रशासन कार्यालय धनुषाबाट जारी गरेको नागरिकता प्रमाणपत्र पेश गरेर मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षा पास गरी १३०४१ नम्बरको लाइसेन्स समेत लिइसकेकी छन् ।

५. महोत्तरीको सादामा घर भएकी पूजाकुमारी झाले पनि एम केडिया डेन्टल कलेजमा बीडीएस तहमा भर्ना हुँदा भारतीय नागरिक भएको प्रमाणपत्र पेश गरिन् । झालाई भारतीय दूतावासका कन्सुलर एन बरूवाले भारतीय नागरिक भएको प्रमाणित पत्र दिएका छन् । तर कलेजबाट

बीडीएस तह पूरा गरेपछि काउन्सिलबाट लाइसेन्स परीक्षा दिने बेलामा उनले ४ कात्तिक २०६६ मा बनेको नेपाली नागरिकता नै पेश गरिन् । त्यसैका आधारमा परीक्षा दिएर उनले दर्ता नम्बर १३९११ को लाइसेन्स पाइन् ।

६. वीरगञ्ज, पर्साका पुष्करकुमार तिवारीले एम बी केडिया डेन्टल कलेजमा भर्ना हुँदा भारतीय नागरिक भएको जनाउने 'शपथ–पत्र' पेश गरे । बसन्तपुर भारतका कमलदेव मिश्रले तिवारीलाई बाल्यकालदेखि नै आफूले पालनपोषण गरेको भन्दै उनका नाममा 'शपथ–पत्र' बनाइदिए । जसलाई भारतको नोटरी पब्लिकले प्रमाणित पनि गरिदिएको छ । तर उनले पनि २१ साउन २०६० मा लिएको नेपाली नागरिकता पेश गरेर परीक्षा दिई मेडिकल काउन्सिलबाट '१५४३१' नम्बरको लाइसेन्स लिइसकेका छन् ।

७. भारतको नक्कली 'आवासीय प्रमाण–पत्र' पेश गरेर एम बी केडिया डेन्टल कलेजमा भर्ना हुने अर्का विद्यार्थी हुन् वीरगञ्ज, पर्साका राजकृष्ण श्रेष्ठ । उक्त प्रमाण–पत्र अनुसार श्रेष्ठ रक्सौलका स्थायी बासिन्दा हुन् र उनको भारतीय मतदाताको सूचीमा १६०१ नम्बरमा नाम छ । तर, श्रेष्ठले पनि नेपाल मेडिकल काउन्सिलको लाइसेन्सिङ परीक्षामा सहभागी हुन १७ असार २०६० मा जारी भएको नेपाली नागरिकता नै पेश गरे । त्यसैका आधारमा उनले काउन्सिलबाट १४३८५ नम्बरको लाइसेन्स पाए ।

८. रौतहटकी रञ्जुकुमारी साहले पनि एम बी केडिया डेन्टल कलेजमा भर्ना हुन भारतको 'आवासीय प्रमाण–पत्र' पेश गरिन् । उक्त प्रमाणपत्र अनुसार साह मोतिहारीकी स्थायी बासिन्दा हुन् र उनको भारतीय नागरिकको रूपमा मतदाता सूचीमा २०२ नम्बरमा नाम दर्ता छ । तर रौतहटको वर्गजवा माविबाट पास गरेको २०५९ सालको एसएलसी परीक्षाको लब्धांक पत्रमा उनी नेपाली नागरिक देखिन्छिन् ।

खोज्दै जाने हो भने, मेडिकल कलेजहरूले नेपाली विद्यार्थीलाई भारतीय बनाएर पैसाका लागि भर्ना गरेका दृष्टान्त धेरै छन् । ८ वैशाख २०७३ मा चिकित्साशास्त्र अध्ययन संस्थान डीनको कार्यालयले नेपाल मेडिकल काउन्सिललाई लेखेको पत्रमा नेपालका विभिन्न मेडिकल कलेजले १८ जना नेपाली विद्यार्थीलाई भारतीय बनाएर भर्ना गरेको विवरण उल्लेख छ ।

चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) का सहायक डीन शरद वन्त, विदेशीले प्रवेश परीक्षा दिनु नपर्ने साबिकको व्यवस्थाको फाइदा उठाउँदै एम बी केडिया डेन्टल कलेजले धेरै नेपाली विद्यार्थी भारतीय बनाएर भर्ना गरेको बताउँछन् । उनी भन्छन्, "यस्तो अनियमितता भएको विषयमा विभिन्न निकायमा उजुरी परे पनि किन हो, अनुसन्धान नै भएन ।"

नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रार डा. दिलीप शर्मा भारतीय बनेर पढेका विद्यार्थीले नेपाली नागरिकता पेश गरेर काउन्सिलको दर्ता प्रमाणपत्र (लाइसेन्स) लिने गरेको स्वीकार्छन् । शर्मा भन्छन्, "दोष कलेजको हो, काउन्सिलको होइन ।"

केयूमा पनि फर्जी भेटिएको छ । सन् २०१४ मा केयूले एमबीबीएसका लागि नेपाली विद्यार्थीको

## 'व्यापारीकरणको हद'

**—डा. केदारभक्त माथेमा**



मेडिकल कलेजलाई यसका सञ्चालकहरूले विदेशी विद्यार्थी भर्ना गरेर कमाउने भाँडो बनाएका छन् । हामीले विदेशीलाई पनि प्रवेश परीक्षा लिनुपर्ने भनेपछि उनीहरू आत्तिए । विदेशी फेल भए आफूहरूलाई नोक्सान हुने उनीहरूको बुझाइ छ । विदेशीलाई भर्ना गर्दा लिइने शुल्कको बारेमा कानून नभएकाले उनीहरूले मनपरी ढंगबाट शुल्क उठाइरहेका छन् । व्यापारीकरणले हद नाघ्दा यस्तो विकृति निम्तिएको हो । यस्ता विकृति रोक्न एकीकृत प्रवेश परीक्षा र योग्यताक्रम अनुसार भर्ना लिइनुपर्छ ।

यो समस्या काठमाडौं विश्वविद्यालयमा मात्रै होइन, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पनि उत्तिकै छ । धरानले पनि बढी शुल्क तिर्ने विदेशीलाई भर्ना लिने गरेको छ । यसरी धेरै विदेशी विद्यार्थी भर्ना लिने मेडिकल कलेजको सही लेखा परीक्षण नगर्दा अपारदर्शिता बढेको छ । मोटो रकम लिएर मनलाग्दी विदेशी भर्ना लिंदा कलेजवालाहरू मोटाउने बाहेक अन्य उपलब्धि छैन ।

प्रवेश परीक्षामा ४२ भन्दा कम अंक आएका १२५ जनाले पुनर्योग (रि-टोटलिङ) का लागि निवेदन दिएका थिए । यसरी निवेदन दिनेमा निकित कार्की पनि थिए । उनको 'सीट नम्बर' ३९२१ र 'सिम्बोल नम्बर' ११८ थियो । तर केयूले निवेदन दिएका सबै विद्यार्थीको पुनर्योग गर्दा पनि ४२ भन्दा कम अंक नै आएको सूचना निकालेपछि निकित कार्कीले एमबीबीएस पढ्न पाएनन् । यसपछि उनी विराट मेडिकल कलेज पुगे । रसियन नागरिक भएर भर्ना भए । भएको के रहेछ भने, कलेज सञ्चालक ज्ञानेन्द्रमानसिंह कार्कीका छोरा निकितले शुरूमा नेपाली नागरिकता पेश गरेर प्रवेश परीक्षा दिए । प्रवेश परीक्षामा अनुत्तीर्ण भएपछि लगत्तै उनी विदेशी विद्यार्थी भएर सोही कलेजमै भर्ना भइछाडे । त्यसबेला विदेशी विद्यार्थीले प्रवेश परीक्षा दिनुपर्दैनथ्यो । अहिलेसम्मको परम्परा हेर्दा अब उनी मेडिकल काउन्सिलले लिने डाक्टरको दर्ता प्रमाण पत्र परीक्षामा आफ्नो नेपाली नागरिकता प्रयोग गरेर परीक्षा दिनेछन् । निकितकी आमा एरिना कार्की रसियन नागरिक हुन् । उनी विराट मेडिकल कलेजकी उपाध्यक्ष हुन् ।

*(२ भदौ २०७३, www.cijnepal.org.np)*



आश्मा (बीचमा), ताहिरा (बायाँ) र अमिरून खातुन ।

# १२.

## आश्मा खातुन कक्षा ८

कपिलवस्तु जिल्लाको दक्षिणी भेगका २७ गाउँ विकास समितिमा माध्यमिक विद्यालय छैनन्। असुरक्षा र अन्धविश्वासका कारण त्यहाँका धेरै छात्रा ८ कक्षा उत्तीर्ण गरेपछि पढाइ छाड्छन्। त्यस्ता करीब १० हजार छात्रामध्ये एक हुन्, आश्मा खातुन।

● मुकेश पोखरेल

पश्चिम तराईको जिल्ला कपिलवस्तुको दक्षिणमा पर्छ, सिंहखोर गाविस । गाविसको वडा नम्बर ७ की आश्मा खातुन (१४) ले गाउँकै राष्ट्रिय निम्न माध्यमिक विद्यालयबाट यो वर्ष आठ कक्षा उत्तीर्ण गरिन् । पढाइ राम्रै थियो । धेरै पढ्छु भन्ने अठोट पनि थियो । तर, आश्माको पढाइमा पूर्णविराम लाग्यो । आमाबाबुले पढाइ छुटाउने निधो गरे । आश्माकी आमा सजरून निसा भन्छिन्, "छोरीले पढोस् भन्ने सबै आमाबुबाको इच्छा हुन्छ, तर उसको जीउज्यानभन्दा पढाइ ठूलो कुरा होइन ।"

आश्मासँगै आठ कक्षा उत्तीर्ण गरेका ताहिरा खातुन र अमिरून निसामाथि पनि त्यही समस्या आइलाग्यो । उनीहरूले आठ कक्षा उत्तीर्ण गरेपछि आमाबुबाले पढाइ छुटाइदिन्छन् भन्ने अनुमान ६ महीना पहिल्यै लगाइसकेका थिए । किनकि गाउँमा उनीहरू भन्दा अघि कक्षा ८ सिध्याउनेको हालत उनीहरूलाई थाहा थियो । त्यही भएर आश्मा, ताहिरा र अमिरूनले बुबाआमालाई सम्झाइदिन गाउँमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिलाई गुहारेका पनि थिए । एउटा गैरसरकारी संस्थाको लागि सिंहखोरमा शैक्षिक सहजकर्ताको काम गरिरहेकी चन्द्रमा पौडेल भन्छिन्, "गाउँका बहिनीहरूले हामी पढ्न चाहन्छौं, घरमा आएर आमाबुबालाई सम्झाइदिनुस् भनेकाले घरमै पुगेर अभिभावकलाई सम्झायौं, तर असुरक्षा हुन्छ भनेर छोरी पढाउन कोही तयार भएनन् ।"

## 'नजिक भए पढाउँथें'

सिंहखोर र यसको छिमेकी सोमडी गाउँ विकास समितिमा माध्यमिक विद्यालय छैनन् । नौ र दश कक्षा पढ्न भारतीय सीमावर्ती बैदौली गाविस पुग्नुपर्छ । त्यहाँसम्म पुग्न साइकलमा एक घण्टा लाग्छ । हिंडेर जाँदा झण्डै तीन घण्टा ।

त्यसैले गाउँको विद्यालयमा निम्न माध्यमिक तह (८ कक्षा) को पढाइ पूरा गरेपछि अधिकांश छात्राको पढाइ आमाबुबाले छुटाइदिन्छन् । सिंहखोरको राष्ट्रिय निम्न माध्यमिक विद्यालयकी शिक्षक गुनेश्वरी श्रीवास्तवका अनुसार, आर्थिक अवस्था बलियो भएका केहीले छोरीलाई सदरमुकाम तौलिहवामा राखेर पढाउँछन् । तर गरीब परिवारका छोरीहरूले कक्षा ८ मै चित्त बुझाउनुपर्छ । "हुर्के-बढेका छोरीलाई टाढाको विद्यालय पठाउनु सुरक्षित हुन्न, अरूले आँखा लगाए र चरित्रमा प्रश्न उठ्यो भने बिहेवारीमै समस्या हुन्छ भन्ने डर अभिभावकमा देखिन्छ", श्रीवास्तव भन्छिन्, "यसमा पनि बढीजसो दलित र मुस्लिम समुदायका अभिभावकले छोरीलाई टाढाको विद्यालय पठाउनै चाहँदैनन् ।"

किशोरीलाई विद्यालय नपठाउनुमा अन्धविश्वासी सोच मात्र जिम्मेवार छैन, छोरीहरूको सुरक्षाको चिन्ताले पनि काम गरेको छ । किनभने गाउँघरमा बालिका र किशोरीमाथि बलात्कार र यौनहिंसाका घटना बढ्दै जाँदा आमाबुबामा बेचैनी पनि बढेको हो । उनीहरू टाढाको विद्यालयमा छोरीलाई एक्लै छाड्नै चाहँदैनन् । "गाउँभन्दा टाढाको विद्यालय जाँदा आउँदा छोरी सुरक्षित हुँदैनन् भन्ने डर अभिभावकमा छ, थुप्रै अभिभावकले यही गुनासो गर्नुहुन्छ र छोरीलाई विद्यालय पठाउनुहुन्न" सोमडीको

इटहवास्थित सिद्धार्थ प्राथमिक विद्यालयकी शिक्षिका मीनाकुमारी थारू भन्छिन्, "अभिभावकमा छोरीको सुरक्षा चिन्ता ठूलो छ, यसले पढ्न चाहनेले पनि पढ्न पाउँदैनन् ।"

२०७२ असार र मंसीर महीनामा सोमडी गाविसको इटहवा नजिक दुई किशोरी बलात्कृत भए । २०७२ को तिहार आसपास इटहवा गाउँ पश्चिमतर्फको बगैंचामा दाउरा खोज्न गएकी एक किशोरीलाई पाँच युवाले सामूहिक बलात्कार गरे । त्योभन्दा केही अघि इटहवा गाउँमा दिदी भेट्न आएकी एक युवती बलात्कृत भइन् । यी घटनाले अभिभावकमा छोरीको जीउज्यान र भविष्य भन्दा पढाइ ठूलो कुरा होइन भन्ने पारेको छ ।

कपिलवस्तुमा भएका बलात्कारका घटनामा सबभन्दा बढी दलित र मुस्लिम समुदाय पीडित देखिन्छन् । ८ कक्षापछि पढाइ छुटाइने छोरीचेली पनि अधिकांश यिनै समुदायका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार, आर्थिक वर्ष २०७१/७२ मा भएका ३७ वटा बलात्कारका घटनामा चौधरी समुदायका ११, दलित समुदायका ७ र मुस्लिम समुदायका ६ जना चेली शिकार भए । २०७२/७३ मा भएका १९ वटा बलात्कारका घटनाबाट पीडितमध्ये दलित समुदायका ६ र मुस्लिम समुदायका ५ जना छन् ।

बलात्कारको शिकार हुनेमा पनि विद्यालय जाने उमेरकै किशोरी ज्यादा छन् । २०७१/७२ मा १० देखि १४ वर्ष उमेरका नौ जना बालिका–किशोरी बलात्कृत भए । १४ देखि १६ वर्षका ७ र १६ देखि १८ वर्षका तीन जना किशोरी बलात्कृत भएको प्रहरीको आँकडाले देखाउँछ । २०७२/७३ मा १० देखि १४ वर्ष उमेरका चार जना, १४ देखि १६ वर्षका तीन जना र १६ देखि १८ वर्षका पाँच जना बालिका–किशोरी बलात्कृत भएका छन् ।

कसैसँग सँगै हिंडेको देखेको भरमा कुरा काट्ने समाजमा बलात्कार जस्तो घटनाले किशोरीको भविष्य समाप्त पारिदिन्छ । सिंहखोरकै प्रभावती धोवी अहिले यस्तै चिन्तामा छिन् । आमाको यही चिन्ताका कारण छोरी संगीता धोवीको नौ कक्षा पढ्ने सपना पूरा भएन । "नजिक स्कूल भए पढाउँथें", प्रभावतीले भनिन्, "उसकै जीउ जोगाउन पढाइ छुटाउनुपऱ्यो ।"

## १० हजार किशोरी मारमा

कतिपय अनुसन्धानकर्ता, विज्ञ र सरकारी कर्मचारीले गरीबी, अन्धविश्वास, बालविवाह आदि कारणले यहाँका दलित तथा मुस्लिम समुदायका महिला शिक्षामा पछिपरेको चर्चा गर्छन् । तर, चुरो कुरा अर्कै छ । उनीहरूको पहुँच माध्यमिक तहको विद्यालयसम्म छैन । नजिकमा नहुँदा कतिपयले त विद्यालयमा पाइलै टेक्न पाउँदैनन् । जसले निम्न माध्यमिक तह उत्तीर्ण गर्ने मौका पाउँछन् उनीहरू माध्यमिक विद्यालय पुग्नै पाउँदैनन् । सोमडीस्थित अल्ले सुन्नत फयजुल उल्लुम चिस्तिया प्राविका प्राचार्य (मौलाना) मन्नान अली मुसलवान भन्छन्, "छोरीलाई टाढाको विद्यालय पठाएर अभिभावक ढुक्क हुनै सक्दैनन् र पढाइ छुटाउँछन् ।"

जिल्ला शिक्षा कार्यालयका अनुसार कपिलवस्तुका २७ गाउँ विकास समितिमा माध्यमिक




तस्वीरहरू: मुकेश पोखरेल

**कक्षा ८ उत्तीर्ण गरेपछि स्कूल जान नपाएका सिंहखोरकी संगीता धोबी र हथिहवाकी उर्मिला राजभर ।**

विद्यालय छैनन् । अधिकांश दक्षिणी सीमाका यी गाविसमा तराईका दलित तथा मुस्लिम समुदायको बाहुल्य छ । यी गाविसबाट माध्यमिक तहसम्मको पढाइ हुने विद्यालय पुग्न सरदर दुईदेखि तीन घण्टा पैदल हिंड्नुपर्छ । माध्यमिक तह पढ्ने १० देखि १४ वर्ष उमेर समूहका विद्यार्थीको संख्या हिसाब गर्दा ती गाविसका १० हजारभन्दा बढी किशोरी पढाइ छाड्नुपर्ने समस्यामा छन् ।

दुःखको कुरा यो समस्या तत्कालै समाधान हुने सम्भावना पनि छैन । जिल्ला शिक्षा अधिकारी हरि गौतम ती गाविसमा तत्काल माध्यमिक तहको विद्यालय स्थापना गर्न सम्भव नरहेको बताउँछन् । स्थानीय तहबाट स्रोत-साधन जुटाएर समुदायले आफैं माध्यमिक विद्यालय सञ्चालन गरेमा समयक्रममा शिक्षा कार्यालयले सहयोग गर्न सक्ने उनको तर्क छ । तर, 'समय क्रममा सहयोग गर्न सक्ने' सरकारी आश्वासनका भरमा समुदायले विद्यालय सञ्चालन गर्न सक्ने अवस्था नरहेको प्राचार्य मुसलवान बताउँछन् ।

जिल्ला शिक्षा अधिकारी गौतम अभिभावकले छोरीलाई मावि तहमा नपढाउनुको मुख्य कारण 'सुरक्षा' सँगै 'संकीर्णता' पनि कारक भएको बताउँछन् । कतिसम्म संकीर्णता छ भने हरिहरपुर-८ झुसियास्थित सरस्वती निम्न माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत गुडिया मुसलवानले कापीमा 'आई लभ यू' लेखेको कारण अभिभावकको कुटाइ खानुपर्‍यो । कक्षाकोठामा साथी रहिमुन निसाले जिस्किंदै रमाइलो गर्न भनेको कुरा गुडियाले कापीमा सारेकी थिइन् । उनलाई अभिभावकले मुख सुन्निने गरी कुटेको विद्यालयकी प्रधानाध्यापक रमा खनाल बताउँछिन् ।

त्यसपछि रहिमुनलाई अभिभावकले विद्यालय नै पठाएनन् । गुडिया परीक्षा दिन मात्र विद्यालय आइन् । त्यो घटना पछि लगत्तै अरू चार छात्राले समेत विद्यालय छाडे ।

जिल्ला शिक्षा अधिकारी गौतमका भनाइमा जिल्लाभर ५ देखि १४ वर्षसम्मका १७ हजार बालबालिका विद्यालयभन्दा बाहिर छन्, यसमा छात्राको संख्या ८० प्रतिशतभन्दा बढी छ । प्राचार्य मुसलवानका भनाइमा मुस्लिम समुदायका चेली किशोरावस्थामा पुगेपछि कसैसँग आँखा नजुधोस् र उनीहरूमाथि कसैको आँखा नलागोस् भनेर अभिभावक विद्यालय पठाउन हच्किन्छन् । त्यसमाथि गाउँघरमा बलात्कार र यौनहिंसाका घटना सुनेपछि त उनीहरूको सातो उड्छ । यतिसम्म कि पुरूष शिक्षक भएको विद्यालयमा समेत असुरक्षित ठान्ने अभिभावकले हत्पत्ति आफ्ना नानीहरू विद्यालय पठाउन मान्दैनन् । यही मनोविज्ञानले हुनसक्छ गत वर्ष जिल्ला विकास समितिको परिषद् बैठकमा दक्षिणी भेगका छात्राहरूलाई मात्र पढाउन कन्या स्कूलको माग भएको थियो ।

हुन त महिला शिक्षिका र छात्रा मात्र हुने विद्यालयमा अभिभावकको ज्यादा विश्वास देखिन्छ । सोमडीस्थित इटहवामा एक गैरसरकारी संस्थाले विद्यालय नटेकेका र विभिन्न कारणले बीचमै विद्यालय छाडेका ५ देखि १६ वर्षसम्मका बालिका र किशोरीलाई लक्षित गरी कक्षा सञ्चालन गरेको छ । सो बालिका कक्षामा १० देखि १६ वर्षसम्मका ६० छात्रा पढ्छन् । तीमध्ये मुस्लिम समुदायका १६, दलित समुदायका ३६ छन् ।

किशोरी असुरक्षाको असर कपिलवस्तुको दक्षिणी भेगका माध्यमिक विद्यालयहरूमा स्पष्ट देखिन्छ । त्यहाँ छात्रको तुलनामा छात्रा संख्या एकदमै न्यून छ । हथिहवा गाविसको मुटफुटुवा माध्यमिक विद्यालयबाट गत वर्ष एसएलसी परीक्षामा सहभागी ६० विद्यार्थीमध्ये छात्रा १५ थिए । त्यसमध्ये दलित समुदायका तीन जना । सो विद्यालयबाट नौ कक्षा उत्तीर्ण गरेर १० मा भर्ना भएका ५० मध्ये छात्रा १४ छन् । तीमध्ये दलित समुदायका त चार जना मात्र । प्रधानाध्यापक लालचन्द्र पाण्डे भन्छन्, "कतिपय समुदायमा छोरीचेली घरबाहिर जानुहुँदैन भन्ने भावना छ, झन् नजिकमा विद्यालय नभएपछि किशोरीहरूको पढाइ रोकिने नै भयो ।"

यसको उदाहरण हुन् हथिहवा-७ का रामसवार भर । स्थानीय राजु यादव निम्न माध्यमिक विद्यालयबाट एक वर्षअघि ८ कक्षा उत्तीर्ण गरेकी छोरी उर्मिलालाई उनले नौ कक्षा भर्ना गर्ने प्रयास नै गरेनन् । उनले हाकाहाकी भने, "छोरीको शील-स्वभाव राम्रो छ । टाढाको मुटफुटुवा मावि पठाउँदा सुरक्षा हुन्न ।" रामसवार भन्छन्, "अचेल मानिस खराब छन्, छोरी मान्छेको बाटो छेक्छन्, केही नराम्रो घटना गराइदिए भने ?" सामान्य आर्थिक हैसियत भएका रामसवारका छोरा राजकुमार घर भन्दा तीन किलोमिटर टाढाको लवनीमा रहेको बोर्डिङ स्कूलमा तीन कक्षामा पढ्छन् । रामसवारले छोराको सुरक्षाप्रति भने कुनै चिन्ता प्रकट गरेनन् ।

*(५ भदौ २०७३, www.cijnepal.org.np)*



# १३.

## सेनामा कागजात किर्तेः प्रधानसेनापतिले नै फेरे जन्ममिति

नागरिक नियन्त्रण खुकुलो हुँदा सेनाभित्र यतिविधि मनपरी बढेको छ कि- जन्म, सेवा प्रवेश र शैक्षिक योग्यताका कागजात किर्ते गर्ने प्रवृत्ति व्यापक छ। प्रधानसेनापति स्वयंले सो पदमा पुग्न आफ्नो जन्ममिति नै सच्याएको खुलासा भएको छ।

● **सरोजराज अधिकारी**


प्रधानसेनापति राजेन्द्र क्षत्रीले आफ्नो उमेर एक वर्ष सच्याएको प्रमाण फेला परेको छ । १ मंसीर २०१६ मा जन्मिएका क्षत्रीले प्रधानसेनापति हुन प्रवेशिका परीक्षा (एसएलसी) को मार्कशीट र प्रमाणपत्रमा १ मंसीर २०१७ बनाएको खुलासा भएको हो ।

क्षत्रीले तत्कालीन परीक्षा नियन्त्रण कार्यालयको 'मार्क रजिष्टर' मै केरमेट गरी एक वर्ष उमेर सच्याएका हुन् । *(हे. तस्वीर)* जसमा १ मंसीर २०१६ लाई केरेर १ मंसीर २०१७ बनाएको देख्न सकिन्छ । क्षत्रीको उमेर सच्याइएको व्यहोरा 'मार्क रजिष्टर' को माथिल्लो भागमा पनि उल्लेख छ । परीक्षा नियन्त्रण कार्यालयबाट ९ साउन २०७३ मा हामीले ल्याएको मार्कशीट र प्रमाणपत्रको सक्कल प्रतिलिपि अनुसार क्षत्रीले शान्ति विद्या गृह, काठमाडौंबाट तेस्रो श्रेणीमा एसएलसी उत्तीर्ण गरेका हुन् । क्षत्रीको सिम्बोल नम्बर १४०५६ 'पी' छ । सच्याइएको उमेरलाई आधार मान्ने हो भने क्षत्रीले १५ वर्ष नपुग्दै एसएलसी उत्तीर्ण गरेको देखिन्छ ।

शान्ति विद्या गृहका प्रधानाध्यापक शिवकुमारी घिमिरेका अनुसार क्षत्रीले २०३१ सालमै एसएलसी दिएका थिए । "तर पहिलो परीक्षा बिग्रिएपछि चिफसाबले दोस्रो एटेम्प्टमा २०३२ सालमा पास गर्नुभएको रहेछ", उनले भनिन् । शिक्षाविद् विद्यानाथ कोइरालाका अनुसार पाँच पूरा भएर ६ पुगेपछि विद्यालय भर्ना हुने र लगातार पास गरे १६ वर्षमा एसएलसी उत्तीर्ण हुने नेपालको शिक्षा नीतिको परिकल्पना हो । "उमेरअनुसारको सिकाइ हुन्छ, हामीकहाँ मात्र होइन भारतमा पनि यही हो", उनले भने । तर २०३१ सालमा एसएलसी दिंदा क्षत्री सच्याइएको उमेरअनुसार १४ वर्षका मात्र देखिन्छन् । क्षत्रीले विद्यालयको रजिष्टरमा पनि केरमेट गरेर उमेर सच्याएका रहेछन् । विद्यालयको डायरीमा उनको रजिष्ट्रेशन नम्बर २५६५/०३१ उल्लेख छ । विद्यालय प्रशासनले डायरीको तस्वीर खिच्न अनुमति दिएन ।

उमेर सच्याएसँगै सेनापति क्षत्रीको सेना प्रवेशको मिति पनि विवादित बनेको छ । सेनाको सीट रोल (सैनिक व्यक्तिको व्यक्तिगत विवरण रहने डायरी) अनुसार क्षत्री ७ कात्तिक २०३५ मा सेकेन्ड लेफ्टिनेन्टका रूपमा सेना प्रवेश गरेको देखिन्छ । सच्याइएको उमेरसँग सेवा प्रवेशको मिति तुलना गर्दा क्षत्रीले १८ वर्ष नपुग्दै सेनामा जागिर खाएको देखिन्छ । "सेनामा १८ वर्ष नपुग्दै इन्फेन्ट्री (पैदल सैनिक) तर्फ अधिकृतमा प्रवेश गर्ने व्यवस्था रहेको मेरो जानकारीमा छैन", क्षत्रीभन्दा दशकअघि सेना प्रवेश गरी करीब ३९ वर्ष काम गरेका पूर्वरथी बालानन्द शर्माले भने । तर उमेर सच्याउँदा क्षत्री १८ वर्ष पुग्नुभन्दा करीब २४ दिनअघि नै सेनामा भर्ना भएको देखिन्छ । सेनामा अधिकृत क्याडेटको भर्नाका लागि प्रमाणपत्र तह उत्तीर्णले १८ वर्ष पूरा गरी २१ वर्ष र स्नातक तह उत्तीर्णले १८ वर्ष पूरा गरी २४ वर्ष नकटेको हुनुपर्छ । यही विवाद बाहिर आउने भयले हुनसक्छ– क्षत्रीको सेवा प्रवेशसम्बन्धी मिति सेनाले उनी सेनापति भएदेखि नै गोप्य राख्न खोजेको देखिन्छ । किनकि, सेनाबाट वितरीत कुनै पनि दस्तावेज र सेनाको वेबसाइटमा पनि क्षत्रीको सैन्य सेवा प्रवेशको मिति उल्लेख छैन ।

मन्त्रिपरिषद्को २८ साउन २०७२ को निर्णयअनुरूप तत्कालीन राष्ट्रपति तथा नेपाली सेनाका परमाधिपति रामवरण यादवले २४ भदौ २०७२ मा राजेन्द्र क्षत्रीलाई प्रधानसेनापति पदमा



नियुक्ति गरी दर्ज्यानी चिह्न लगाइदिएका थिए । त्यसबेला सैनिक जनसम्पर्क निर्देशनालयले संचारमाध्यमहरूलाई समाचार, तस्वीरका साथै क्षत्रीको जीवनी पनि पठाएको थियो । तर, त्यो जीवनीमा क्षत्रीको उमेर र सैन्य सेवा प्रवेश दुवैको मिति छैन । जबकि त्यसअघिका सेनापतिको जीवनीमा सेवा प्रवेशलाई महत्वका साथ उल्लेख गरिएको हुन्थ्यो ।

नेपाली सेनाको आधिकारिक वेबसाइट *नेपालआर्मी डटमिलडटएनपी* मा राखिएको सेनापति क्षत्रीको जीवनीमा पनि सेवा प्रवेशको साल, महीना र मिति खुलाइएको छैन । सेनापति क्षत्रीको कुन मितिमा सेनाको कुन दर्जामा सेवा प्रवेश भएको हो र उनले कति सालमा कुन स्कूलबाट एसएलसी उत्तीर्ण गरेका हुन् भन्ने विषयमा जिज्ञासा राख्दा सैनिक प्रवक्ता सहायकरथी ताराबहादुर कार्कीले भने, "आवश्यक विवरण सेनाको वेबसाइटमा राखिएको प्रधानसेनापतिज्यूको जीवनीमै छ, अन्य कतिपय कुराहरू नितान्त व्यक्तिगत हुन् ।"

सेनापतिले खुलाउन नचाहेको र सैन्य प्रवक्ताले नितान्त व्यक्तिगत बताएको सेवा प्रवेशको मिति क्षत्रीपछिका दुई रथीको जीवनीमा भने बकाइदा उल्लेख छ । सेनापतिको जीवनी हेर्न यो लिंकमा जानुहोस् http://www.nepalarmy.mil.np/coascorner.php? । त्यसैगरी दुई रथीहरू बलदेवराज महत र पूर्णचन्द्र थापाको जीवनी हेर्न क्रमशः यी दुई लिंकमा जानुहोस्ः http://www.nepalarmy.mil.np/cgscorner.php? र http://www.nepalarmy.mil.np/coscorner.php? ।

वरिष्ठ सैनिक अधिकारीका यस्ता किर्ते कामको परीक्षण गर्न सजिलो छैन । रक्षा मन्त्रालयमा पनि सेनाले उपल्ला सैनिक अधिकृतका सम्पूर्ण विवरणहरू पठाउँदैन । पूर्वरक्षासचिव ईश्वरीप्रसाद पौड्यालले २०७२ वैशाखमा प्रमुख सेनानी (लेफ्टिनेन्ट कर्णेलभन्दा माथिल्लो दर्जाका सबै सैनिक अधिकृतको जन्म, सेवा प्रवेश, शैक्षिक योग्यताको प्रमाणपत्र, बढुवा भएको मिति जस्ता विवरण मागेका थिए, सैनिक मुख्यालय जंगीअड्डासँग । "उपल्लो तहका सैनिक अधिकृतको विवरण रक्षा मन्त्रालयमा पनि डाटा बैंक बनाएर राख्न खोजिएको थियो । ताकि पछि सेनाले कुनै सैनिक

अधिकृतको सरूवा, बढुवाका लागि प्रस्ताव गर्दा पठाएको विवरण र रक्षामा रहेको विवरण जुधाएर हेर्न सकियोस् । तलमाथि भए, नभएको यकिन गर्न सकियोस् भन्ने उद्देश्य थियो" पौड्यालले भने, "नत्र त सेनाले जे पठायो त्यसैलाई सही मानेर टिप्पणी उठाउनुपर्ने अवस्था थियो ।"

खासगरी पूर्ववर्ती प्रधानसेनापति गौरवशमशेर जबराले उपरथीमा सिफारिश गरेका तत्कालीन सहायकरथी ज्ञानेन्द्रजंग रायमाझीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भेटिएपछि सबै उच्चपदस्थ सैनिक अधिकृतका विवरण जाँच गर्न कस्सिएका थिए, पौड्याल । तर, २७ फागुन २०७१ मा रक्षा आएका पौड्याल साढे आठ महीनामै १३ मंसीर २०७२ मा रक्षाबाट लखेटिए । सेनालाई विधिमा बाँध्न खोज्दा भएको टकरावकै कारण पौड्यालअघिका कामु सचिवको जिम्मेवारी सम्हालेका देवेन्द्रप्रसाद सीटौलाले पनि २१ कात्तिक २०७१ मा पदबाटै राजीनामा दिएका थिए । संगठन तथा पद्धति (ओएण्डएम) सर्भेक्षणविना सेनाबाट प्रस्तावित पुनर्संरचनाको प्रस्ताव अघि नबढाउने अडान र सेनाले खरीद गर्न लागेको दुई वटा एमआई-१७ हेलिकप्टरको मूल्य बढी प्रस्तावित भएको भनेर फाइल रोकेकाले उनीसँग सेना चिढिएको थियो ।

पूर्वरथी शर्मा जंगीअड्डाले राख्ने सैनिक अधिकृतको सबै विवरणको एकप्रति रक्षा मन्त्रालयलाई पनि दिनु उचित हुने बताउँछन् । "सरोकारवाला मन्त्रालयलाई त विश्वास गर्नुपर्‍यो नि", उनले भने, "त्यसो हुँदा चेक एण्ड ब्यालेन्स पनि हुन्छ ।" तर अर्का एक उच्चपदस्थ पूर्वसैनिक अधिकृत भन्छन्, "कर्णेल (महासेनानी) र त्यसमाथिका सैनिक अधिकृत सबैका व्यक्तिगत विवरणको जाँच गर्ने हो भने आधै जति घर जानुपर्ने हुन्छ । कसैले उमेर त कसैले सेवा प्रवेश र कसैले शैक्षिक योग्यताका प्रमाणपत्रमा किर्ते गरेका छन् । कुनै विवरण पनि एकआपसमा मेल खाँदैनन् ।' पूर्व रक्षासचिव पौड्यालको बुझाइमा, "शायद त्यसैले होला सैनिक अधिकृतको विवरण माग्यो कि जंगीअड्डा जंगिइहाल्छ ।"

यसअघिका प्रधानसेनापति रूक्मांगद कटवाल पनि उमेर विवादमा फसेका थिए । २७ कात्तिक २००१ मा जन्मिएका कटवालले राजाको ठाडो आदेश हुकुमप्रमाङ्गीबाट चार वर्ष उमेर घटाएर २७ कात्तिक २००५ बनाएको भन्दै सर्वोच्च अदालतमा अधिवक्ता दिलहरि शर्माले रिटसमेत हालेका थिए । हुकुमप्रमाङ्गी सबै खारेज हुने निर्णय जनआन्दोलन-२ पछि भइसकेको थियो, यस हिसाबले कटवाल सेनापति हुनबाट बन्चित हुनेथिए । तर, कटवाल सेनापति नियुक्त भएकै भोलिपल्ट २६ भदौ २०६३ मै रिट दायर भए पनि फैसला गर्ने मामिलामा सर्वोच्च अदालत पनि उदार भइदियो । कटवालले तीनवर्षे कार्यकाल पूरा गरेको केही समयपछि अदालतले 'अवकाश पाइसकेकाले केही गर्न नपर्ने' फैसला गर्‍यो ।

कटवालले हुकुमप्रमाङ्गीबाट जन्ममिति घटाएकोबारे दरबारका पूर्वसैनिक सचिव विवेककुमार शाहले आफ्नो पुस्तक *मैले देखेको दरबारमा* लामो व्याख्या गरेका छन् । पुस्तकको १९५, १९६, १९७ र ५६८ पृष्ठमा शाहले यसबारे चर्चा गरेका छन् । पुस्तकअनुसार, २०३३ सालमा तत्कालीन राजा वीरेन्द्र पूर्वी क्षेत्रको भ्रमणका क्रममा धनकुटा पुगेका रहेछन् । त्यसबेला कटवाल सेनाको इन्डिपेन्डेन्ट गुल्मको गुल्मपति रहेछन् । सवारी शिविरको मुख्य अधिकृत सहायकरथी सच्चितशमशेर

जबरालाई हारगुहार गरी उनीमार्फत दरबारमा बिन्तीपत्र हालेर कटवालले उमेर सच्याएका रहेछन् ।

"सहायकरथी कटवालको उमेरसम्बन्धी कागजात करीब २५ वर्षअघिको भएको हुँदा पुरानो फाइल खोज्ने क्रम चलिरहेको थियो । यसैबीच मेरो मुमाको स्वर्ग भयो । म पशुपति आर्यघाटमा काजक्रियामा बसें । कोरा बसेको ठाउँमा कटवाल मलाई भेट्न बेलुकीपख नियमितजस्तो आउनुहुन्थ्यो । त्यसबेला उहाँ सेनाको सैनिक गुप्तचर विभाग (डीएमआई) को प्रमुख हुनुहुन्थ्यो । एक दिन उहाँ मसँग रूनुभयो । उहाँले मलाई भन्नुभयो– जर्साब, मैले चाँडै नै अवकाश पाउने भएँ । चिफसाब र कार्यरथी सदीप जर्साबले सैनिक सचिव सहायकरथी गोविन्दबहादुर गुरूङलाई लगाएर मेरो व्यक्तिगत फाइलबाट हुकुमप्रमाङ्गीको कागज गायब पारिदिए । मलाई अन्याय भयो । म गाउँको मान्छे । मलाई स्वर्गीय श्री ५ महेन्द्रले पालनपोषण गरी पढाइबक्सेको जर्साबलाई थाहै छ । यस अवस्थामा जर्साबबाहेक अरू कसैले मलाई सहयोग गर्दैन । यसोभन्दा उहाँ भक्कानो फुटाएर रूनुभएको थियो", शाहको पुस्तकमा २०५८ जेठको कुनै एक दिनको प्रसंग यसरी उल्लेख छ । शाहले आफूले सहयोग नगरेको भए कटवाल सहायकरथीबाटै अवकाश पाउने कुरा उल्लेख गरेका छन् । शाहपछि आफ्नो जीवनी प्रकाशनमा ल्याए पनि कटवालले हुकुमप्रमाङ्गीको प्रसंग कतै उल्लेख गरेका छैनन्, न शाहको दाबीको खण्डन नै गरेका छन् ।

सेनापति मात्र होइन सेनाभित्र अन्य दर्जाका उपल्ला अधिकृतहरूले पनि उमेर, सेवा प्रवेश र शैक्षिक योग्यता किर्ते गर्ने प्रवृत्ति ठूलो छ । सहायकरथी हेम खत्रीले उमेर मिलाएको र शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिएपछि उनलाई जंगीअड्डाले २७ कात्तिक २०७० मा बर्खास्त गरेको थियो । त्यसै गरी शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भेटिएपछि तत्कालीन रक्षासचिव पौड्यालले उपरथीमा बढुवाका लागि जंगीअड्डाले २०७२ वैशाखमा सिफारिश गरे पनि सहायकरथी ज्ञानेन्द्रजंग रायमाझीको फाइल अगाडि बढाएनन् । रायमाझीले राजीनामा दिए । उच्च सैनिक स्रोतका अनुसार पहिले खेलाडीका रूपमा १८ वर्ष उमेर देखाएर सेना प्रवेश गरेका विनोज बस्न्यातले करीब दुई वर्षपछि १८ वर्ष नै उमेर देखाएर अधिकृत क्याडेटमा भर्ना भएको खुलेपछि उनको उपरथीमा दुईवर्षे पदावधि नथपिएको हो । पदावधि नथपिएसँगै उनले १५ चैत २०७२ मा अवकाश पाए ।

सरकारी सेवामा यो प्रवृत्ति बढेको छनक पाएर हुनसक्छ, १६ फागुन २०५० मै मन्त्रिपरिषद्ले निर्णय गरेर 'नागरिकता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममिति फरक परेमा एसएलसी वा सोसरहको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित मितिलाई आधार मान्ने' निर्णय गरेको थियो । यस अनुसार पनि प्रधानसेनापति क्षत्रीको काम अवैध प्रमाणित हुन्छ ।

सेनाको अनुगमन गर्ने निकाय संसद्को राज्यव्यवस्था समिति भने निष्क्रियप्रायः छ । समितिका सदस्य तथा सांसद् यज्ञराज सुनुवारले भने, "सभापतिको निष्क्रियताले केही ज्वलन्त विषय ओझेलमा परेको देखिए पनि हाम्रो अनुगमन क्षेत्रभित्र पर्ने सेनाका विषयबारे हामी जानकार छौं । सार्वजनिक भइरहेका तथ्यहरूमा हामी छानबीन अघि बढाउँछौं ।"

*(२९ साउन २०७३, www.cijnepal.org.np)*



# १४.

## कर्जाले बनायो कंगाल

लिएको ऋणको चारगुणा बढाएर कपाली तमसुक बनाउने प्रचलनले मधेशमा गरीबको बिल्लीबाठ भइरहेको छ। तर, दुर्भाग्य राजनीतिक दल, समाज र न्यायालयले समेत यस्ता नक्कली लिखतलाई मान्यता दिइरहेका छन्। कर्जाले कंगाल भएका महोत्तरीका पहुँचहीन नागरिकको कथा।

● एकल सिलवाल



**१० हजार ऋण लिंदा रू.३ लाखको तमसुक बनाउन बाध्य तुफानी अन्सारी (बायाँ) र सर्वस्व गुमाएका रामाशिष महतो दम्पती ।**

मधेशका गाउँगाउँमा गरीबहरूलाई साहूसँग कर्जा नलिए बाँच्न मुश्किल छ । यहाँका अति विपन्न तथा बेरोजगार परिवारले छोरीको बिहेमा दिनुपर्ने तिलक र दहेज, कामको खोजीमा खाडी र मलेशिया जाँदा तिर्नुपर्ने पैसाका लागि साहूमहाजनसँग ऋण लिनैपर्ने बाध्यता छ । यस बाहेक बिरामी हुँदा उपचार गर्न, सामान्य घर खर्च चलाउन पनि ऋण खोज्नुपर्छ ।

मुलुकी ऐनले साहूलाई आसामीबाट सावाँको वार्षिक दश प्रतिशतभन्दा बढी ब्याज लिन बन्देज लगाएको छ । वर्ष दिन पुगेपछि ब्याजलाई पनि सावाँमा जोडेर एकमुष्ट बनाई ब्याज लगाउने र सवादुई वर्षपछि सावाँमा दोब्बर तमसुक बनाउनु सोझै कानून विपरीत हो । अधिवक्ता कोषराज काफ्ले भन्छन्, "सावाँमा लागेको ब्याजलाई समेत सावाँ बनाएर त्यसको पनि ब्याज लिनु सरासर गैरकानूनी काम हो । कसैले त्यसरी लिएको छ भने फिर्ता गर्नुपर्छ ।" काफ्लेका भनाइमा, "मुलुकी ऐन लेनदेनसम्बन्धी महलको दफा ६ र ७ ले सयकडा १० प्रतिशत र सावाँ बराबर भन्दा बढी ब्याज भराउनै नपाइने कानूनी व्यवस्था गरेको छ ।"

तर मधेशमा जे सुकै परेर ऋण लिए पनि स्थानीय साहूलाई वार्षिक ३६ प्रतिशत ब्याज तिर्नुपर्छ । त्यति मात्रै होइन, आफ्नो लगानीको सुरक्षाका लागि ऋण दिने साहूले सावाँ रकममै चार गुणा बढाएर तमसुक बनाउँछन् । त्यसमा ऋणीले हस्ताक्षर वा ल्याप्चे लगाउनुपर्छ । यो पुस्तौंदेखि चलिआएको चलन हो । यसरी वास्तविक लेनदेनको अंकभन्दा चार गुणा बढीको



**मृत्युपछि पनि ऋणमुक्त नभएका सत्यनारायण यादवकी विधवा र उनका सन्तान ।**

कागजात तयार गर्नु किर्ते काम हो । दुर्भाग्य त्यही किर्ते लिखतलाई राजनीतिक दल, समाज र सरकारी अड्डा अदालतले मान्यता दिंदै आएका छन् । यसरी मधेशी समाजमा खुलेआम ठगी धन्दाले प्रोत्साहन पाइरहेको छ र त्यसको शिकार भइरहेका छन् निमुखाहरू ।

## प्रधानमन्त्री भन्दा साहू ठूला

सरपल्लो-८ महोत्तरीका तुफानी अन्सारीले सात वर्षअघि छिमेकी सोनेलाल साहसँग घरखर्च चलाउन १० हजार रूपैयाँ ऋण लिएका थिए । वार्षिक ३६ प्रतिशत ब्याज दिने शर्त थियो । सोनेलालले गएको वर्षसम्म तीन लाख २० हजार रूपैयाँ पुगेको भनेर अर्को तमसुक गराएका छन् । तुफानी एक लाख रूपैयाँसम्म तिर्न तयार भए तर साहूले मानेनन् । निराश भएका ६६ वर्षीय तुफानी सोनेलालले कुनै पनि दिन अदालतमा लेनदेन मुद्दा दर्ता गर्लान् भन्ने त्रासमा छन् ।

चर्को ब्याजमा साहूमहाजनको ऋण बोकेर बसेका तुफानी समाजका अगुवा नागरिक हुन् । २०५४ सालको स्थानीय निर्वाचनमा नेकपा (एमाले) बाट चुनाव जितेर उनी वडाध्यक्ष भएका थिए । सर्वहारा वर्गको हितमा राजनीति गरेको ठान्ने तुफानी ऋण खाएर आफैं सर्वहारा भएका छन् । तर उनले पार्टीमा कुनै दुःखेसो गरेका छैनन् । तुफानी भन्छन्, "यो चलन बदल्न कसैको ताकतले नसक्ने भएपछि कोसँग किन भन्नु ?" उनको विचारमा "जसको पासमा पैसा छ उही ठूलो । त्यसकारण गाउँका साहूमहाजनहरू देशका प्रधानमन्त्री भन्दा ठूला हुन् ।"



तस्वीरहरू: एकल सिलवाल

**आँशु पुछ्दै रामाशिष र रोइरहेका ठकन राम ।**

सरपल्लो-९, पछियारीटोलका सत्यनारायण यादवले २०६३ असोजमा वार्षिक ३६ प्रतिशत ब्याजमा गाउँकै साहू गंगा महतोसँग १३ हजार रूपैयाँ ऋण लिएका थिए । समयमा ऋण तिर्न सकेनन् । उनले साहूको खेत खनजोत गरेर ऋण चुक्ता गर्ने विचार गरे । गंगाकै खेतमा काम गर्दागर्दै बिरामी भए । खाना नरूच्ने र पेट फुल्ने समस्या देखियो । काम गर्न सकेनन् । उपचार गर्न पैसा थिएन । २०७० चैतमा उनी सिकिस्त भए । गाउँलेले चन्दा उठाएर उपचारका लागि पहल गरे । जनकपुर अस्पताल लैजाँदा बाटैमा सत्यनारायणको मृत्यु भयो । गंगाको खेतबारीमा सत्यनारायणले पाँच वर्ष काम गरे । तर च्यात्न नसकी छाडेर गएको तमसुकका कारण त्यो ऋण उनकी विधवा श्रीमती र चार नाबालिग छोराछोरीको थाप्लामा सऱ्यो ।

साहू गंगा महतो भन्छन्, "उसले लगेको १३ हजार रूपैयाँ हो । काम गरेर सधाउँछु (चुक्ता गर्छु) भनेर जन (मजदूरी) मा बसेको थियो । पाँच वर्ष जति काम गरेर ऋण नसधाई मऱ्यो । तमसुक छ । अब म के भनूँ ? उसको परिवारले तिर्नुपऱ्यो नि !" गंगाका भनाइमा, "अझै पनि सत्यनारायणका दाजु जगदीशले काम गरे ऋण काटिन सक्छ ।" सत्यलाई १३ हजार रूपैयाँ ऋण दिएकै दिन सावाँ रकम ५२ हजार लेखिएको तमसुक देखाउँदै गंगाले भने, "तमसुक यही हो, १० वर्ष भयो । अब यस अनुसार हिसाब गर्ने हो भने एक लाख नाघिसक्यो । तर गाउँ समाजले जति भन्छ त्यति लिएर चित्त बुझाउँछु ।"

१९ चैत २०७२ को बिहान बलवा-५, देमनवा टोलमा बाटो नभएको जग्गामा छाप्रो बनाइरहेको

**ऋण तिर्न साउदी गएका श्रीमान् वितेपछि भावविह्वल गंगा छोरीका साथ र सत्यनारायणका नाममा रहेको कपाली तमसुक देखाउँदै साहू गंगा महतो ।**

अवस्थामा भेटिए ५० वर्षीय सुबलाल यादव । १० वर्ष पहिलेसम्म सडकसँगै जोडिएको १२ धुर जग्गामा सुविधाजनक घर थियो उनको । ऋण गरेर खेत किने । एकपछि अर्को साहू थपिँदै गए । पैसा तिर्न नसकेर उनी कतार गए । आठ वर्षसम्म त्यहाँ कमाए जति सबै पैसा साहूहरूलाई पठाए । तर कसैको पनि ऋण तिरेर सकिएन ।

तीन जना साहू मिलेर अदालतमा लेनदेनको मुद्दा दिए । ८० हजार रूपैयाँ ऋण लिएको पाँच वर्षपछि साहूहरूमध्येका एक रामेश्वर यादवले सुबलालको खेत पास गराएर लिए । रामेश्वरले सुबलालबाट पटक पटक गरी पाँच लाख नगद लगिसकेका थिए । सुबलालले अर्का साहू रासविहारी चौधरीलाई चार लाख सावाँको ब्याज समेत जोडेर १० लाख ७५ हजार रूपैयाँ तिरे । त्यो पैसा तिर्न उनले २०७२ माघमा छिमेकी सोनवा साहलाई १२ लाखमा घरघडेरी बेचे । अहिले उनको उठीबास भयो । गाउँकै भगलु चौधरीको बाटो नभएको ६ धुर जग्गा किनेर त्यहाँ छाप्रो हालेर सरेका छन् । सुबलाल भन्छन्, "पहिले खेत किन्ने, बालबच्चाको शिक्षा अच्छा बनाउने सपना थियो, अहिले त सिर्फ दुःख मात्रै छ ।"

बनौटा-९, सरञ्चियाका रामाशिष महतोले ६ वर्षअघि ज्वाइँ भोला महतोलाई विदेश पठाउन छिमेकी सरपल्लो गाविसका साहू मुजावीर बैठासँग ८० हजार रूपैयाँ ऋण लिएका थिए । जमानत

बापत रामाशिषले बैठालाई १२ कट्ठा जग्गा रजिष्ट्रेशन पास गरेर दिने सहमति जनाए । तर, बैठाले झुक्याएर उनको लालपुर्जामा भएजति सबै १८ कट्ठा जग्गा नै पास गरेर लिएछन् ।

विदेश पठाएका ज्वाइँले ऋण तिरेनन् । उनले कान्छा छोरा जोगिन्दरलाई अर्को ऋण खोजेर कमाउन कतार पठाए । तीन वर्ष काम गरेर फर्केका जोगिन्दरले आफू जाँदाको ऋण मात्र तिर्न सके । जग्गा फिर्ता गर्न नसकेको चिन्ताले जोगिन्दर बिरामी परे । घर फर्किएको ६ दिनपछि हृदयघातबाट उनको मृत्यु भयो ।

जोगिन्दरकी श्रीमती छोराछोरी लिएर माइत गइन् । जेठा छोरा बुनिलाल पनि आफ्नो परिवार लिएर घर छाडेर हिंडे । विरक्तिएका बुनिलाल साधु भए । यसरी हेर्दाहेर्दै हुँदाखाँदाका रामाशिषको परिवार छिन्नभिन्न भयो । ऐलानी जग्गामा बनेको छाप्रोभित्र वृद्धावस्थामा सहाराविहीन उनको दम्पती मात्रै बाँकी रहे । उनलाई भेट्न हामी उनको छाप्रोमा पुगेका थियौं । आफ्नो कथा सुनाउन के थालेका थिए–पत्नीका अगाडि रामाशिष भक्कानिए ।

## सिंगै जीवन साहूका लागि

बलवा–५, चमारटोलका ठकन रामले ऋण तिर्नुपर्ने साहूहरू ६ जना छन् । स्थानीय राजेश यादवसँग पाँच वर्ष पहिले छोरा लक्ष्मणदेवलाई विदेश पठाउन ६० हजार रूपैयाँ लिएका थिए । त्यो ६० हजार तिरिसके । तर, साहूले ब्याज जोडेर गत वर्ष दुई लाख ५० हजार सावाँ बाँकी रहेको तमसुक बनाएका छन् । अहिले तीन लाख जति पुगेको हुनसक्ने ठकनको अनुमान छ ।

ठकनले सबैभन्दा पहिले २०६७ सालमा ऋण गरेर छोरा लक्ष्मणलाई मलेशिया पठाएका थिए । तर जीउमा दाग देखिएपछि कम्पनीले लक्ष्मणलाई काम दिएन । दुई महीनापछि खालीहात नेपाल फर्किए । त्यसपछि साहूहरू चन्देश्वर यादवसँग एक लाख ६० हजार र राजकिशोर यादवसँग एक लाख ऋण काढेर उनले छोरालाई साउदी अरब पठाए । जानेवित्तिकै बिरामी भएका लक्ष्मणले काम गर्न सकेनन् । तीन महीनापछि त्यहाँबाट पनि फर्किए । तीन महीना घर बसे । केही होला कि भनेर तेस्रो पटक कतार गए । त्यहाँ उनले राम्रो काम पाएनन् । दुई महीनापछि फर्किए । कमाइको आशामा छोरालाई पटक पटक विदेश पठाउँदा लागेको खर्चको सावाँ–ब्याज गरेर अहिले उनको टाउकोमा ११ लाख रूपैयाँको ऋण छ । महीनाको सयकडा तीन रूपैयाँका दरले ६ वर्षदेखि जोडिंदै गएको ब्याजले ऋणको अंक यसरी आकाशिएको हो ।

सम्पत्तिको नाममा उनीसँग चार धुर घडेरीमा बनेको एउटा छाप्रो छ । आम्दानी केही छैन । ऋण सम्झिंदा आँखाको डिलमा टिलपिलाउन आइपुगेका आँशुका ढिका गम्छाले पुछ्दै ठकनले भने, "मैले यति ऋण कमाएँ । अब यही ऋण मेरा दुई छोराहरूलाई भाग लगाइदिन्छु । सके तिर्छन्, नसके उनीहरूले पनि आफ्ना छोराहरूलाई भाग लगाएर जान्छन् ।"

सरपल्लो–८ महोत्तरीका बलिरामप्रसाद महतोले २०५९ सालमा मलेशिया जान जनकपुरका बिल्टु महतोसँग एक लाख रूपैयाँ कर्जा लिएका थिए । १८ महीनापछि खुट्टा भाँचिएर मलेशियाबाट घर फर्किए । साहूलाई ब्याज तिर्ने पैसा पनि पुगेन । तीन कट्ठा खेत लाख रूपैयाँमा बेचेर



**ऋणमा डुबेपछि साहूले लिन बाँकी छाप्रो आधा–आधा बारेर बसेको बलिराम महतोको परिवार ।**


ब्याज बुझाए । दोस्रो पटक उनै साहूसँग थप एक लाख रूपैयाँ कर्जा लिएर फेरि मलेशिया गए । त्यसबेला पनि कम्पनी राम्रो परेन । दुई वर्षपछि फर्कंदा दुई लाख रूपैयाँ मात्र कमाएर ल्याए । ल्याएजति सबै उनै साहूलाई बुझाए ।

पहिलो पटक ऋण लिएको १२ वर्षपछि २०७१ मा साहूले हिसाब गरेअनुसार दुई पटक गरी लिएको दुई लाख रूपैयाँको सावाँ–ब्याज जोड्दा बलिरामले तिर्नुपर्ने १५ लाख रूपैयाँ पुगेको देखियो । त्यसबेलासम्म बलिरामले नगद आठ लाख रूपैयाँ तिरिसकेका थिए । तिरेको सो रकम कटाउँदा अब तिर्न बाँकी रू.७ लाख देखियो । साहूले त्यसलाई सावाँ मानेर दुई वर्षयता वार्षिक ३६ प्रतिशतका दरले ब्याज लगाइरहेका छन् । बलिराम भन्छन्, "पहिलो पटक ऋण लिएर मलेशिया जाँदा पक्की घर बनाउने, खेत किन्ने, छोराछोरीलाई राम्रो स्कूलमा पढाउने सपना थियो । अब त सके कमाएर, नसके बाँकी रहेको सबै सम्पत्ति बेचेर पनि साहूको ऋण तिर्न पाए पुग्छ ।"

## मृत्युपछि ऋणमुक्तः परिवारको विचल्ली

सहसौला–३, महोत्तरीका ३० वर्षीय रामस्नेही मण्डल २०७२ मंसीरमा छिमेकी शिवजी खत्वेसँग ३६ प्रतिशत ब्याजमा एक लाख ३० हजार रूपैयाँ ऋण लिएर साउदी अरब गएका थिए । राम्रो





**श्रीमान् विदेशमा वितेपछि पाएको बीमा रकमले ऋण तिरेर मुक्त भएपछि श्रीमान्को तस्वीर देखाउँदै भगरू सदाकी श्रीमती कुश्मा देवी (बायाँ) । फुलगेन रामले लिएको ऋणभन्दा चार गुणा बढाएर बनाएको कपाली तमसुक ।**

काम परेन, पाँच महीनासम्म एक रूपैयाँ पनि पठाउन सकेनन् । ११ चैत २०७२ का दिन सुतेको ओछ्यानमै उनको मृत्यु भयो । हामी उनको घरपुग्दा पनि रामस्नेहीका बाबुआमा मानसिक पीडा खप्न नसकेर रूने र बर्बराउने गरिरहेका थिए । गर्भवती श्रीमती गंगा आँखै नहेरी रोइरहेकी थिइन् । एक वर्षकी छोरी आँचल आमाको काखमा बसेर आमाको अनुहार नियाल्दै उसरी नै रूँदै थिइन् ।

रामस्नेहीको मृत्युको खबर सुनेपछि उनका बाबु रामशोभितले नौ जना साहूलाई तिर्नुपर्ने सावाँ जोडेर हिसाब निकाले । सबैलाई गरी करीब सवा ६ लाख रूपैयाँ तिर्न बाँकी देखियो । यो ऋणको सूचीमा तीन वर्षअघि छोरा जन्मियोस् भन्ने भाकल गर्दै रामस्नेहीका दुई दाजुभाइले महोत्तरीकै परवलमा रहेको कारिकस्थान मन्दिरमा बलि चढाएका चार बोका किन्दा अनिल मण्डलसँग लिएको ३० हजार रूपैयाँ पनि समावेश थियो । त्यो समेत ६ लाख २० हजार रूपैयाँ सावाँको वार्षिक ३६ प्रतिशत अर्थात् मासिक सयकडा तीन रूपैयाँका दरले ब्याज लागिरहेको थियो ।

मृत्यु भएको २४ दिनपछि रामस्नेहीको शव घरमा आइपुग्यो । उनलाई काम लगाउने कम्पनीले नै शव पठाइदिए पनि मृत्युअघि काम गरेको तलब वा क्षतिपूर्ति केही पनि आएन ।

परिवारले ऋण खोजेर काजक्रिया गऱ्यो । श्रम स्वीकृति लिएर गएका रामस्नेहीको परिवारलाई पछि नेपाल सरकारले बीमा र क्षतिपूर्ति वापत ७ लाख रूपैयाँ दियो । त्यही रकमले रामस्नेहीलाई मृत्युपश्चात् ऋणमुक्त बनायो । अहिले परिवारमा रामस्नेही छैनन् । उनको परिवारले तिर्नुपर्ने ठूलो ऋण पनि बाँकी छैन ।

रामगोपालपुर-३ महोत्तरीका झगरू सदा २०६८ असारमा गाउँका महाजनहरूबाट ३६ प्रतिशत ब्याजमा डेढ लाख रूपैयाँ कर्जा लिएर पैसा कमाउन साउदी अरब गएका थिए । १० महीनापछि काम गर्दागर्दै उनको त्यहीं मृत्यु भयो । श्रीमती कुश्मादेवीले ६० हजार रूपैयाँ ऋण खोजेर ६ महीनापछि उनको शव नेपाल ल्याएर दाहसंस्कार गरिन् । सरकारबाट बीमा बापतको पाएको पाँच लाख रूपैयाँ साहूको कर्जा र श्रीमान्‌को काजक्रिया गर्दा सकियो । घरजग्गा जोड्ने योजनाले कमाउन विदेश गएका श्रीमान् गुमाएकी ४० वर्षीया कुश्मादेवी ऐलानी जग्गामा बनेको छाप्रोमा बसेर ज्यालामजदूरी गर्दै चार छोराछोरी पालिरहेकी छन् ।

## साहूको हतियार चार गुणाको तमसुक

ऋण लिंदै सावाँ रकमलाई चार गुणा बढाएर तमसुक बनाउने चलन छ मधेशका गाउँमा । साहूमहाजनसँग ऋण लिने गरीबनिमुखालाई सताउने तरबार हो यो तमसुक । एउटै गाउँका दुई जना ऋणीमध्ये ज्यालामजदूरी गरेर परिवार पाल्ने विपन्न वर्गको ऋणीलाई सावाँको चार गुणा बढाएर ३६ प्रतिशत ब्याजदरको तमसुकमा ल्याप्चे लगाएपछि मात्र ऋण दिने चलन छ । तर, उही ठाउँको मध्यम तथा उच्च वर्गीय ऋणीले भने न चार गुणा बढीको तमसुकमा सहीछाप गर्नुपर्छ न त ३६ प्रतिशत ब्याज नै तिर्नुपर्छ । उनीहरूलाई सरकारी बैंक तथा गाउँका वित्तीय संस्थाले सस्तो ब्याजमा कर्जा दिन्छन् । सरपल्लो-९, पछियारीटोलका श्रमिक सत्यनारायण यादवलाई छिमेककै साहू गंगा महतोले १३ हजार रूपैयाँ ऋण दिएर ५२ हजारको तमसुक बनाए र ३६ प्रतिशत ब्याजमा कर्जा दिए । त्यही ऋण कट्टी गर्न पाँच वर्षसम्म साहूको खेत खनजोत गर्दागर्दै बिरामी भएर सत्यनारायणको मृत्यु भयो । अहिले पनि ऋण जतिको त्यति नै छ ।

सत्यनारायणका साहू गंगाका भाइ जामुनप्रसाद महतोले चाहिं कृषि विकास बैंकबाट १५ प्रतिशत ब्याजदरमा तीन लाख रूपैयाँ ऋण पाएका छन् । गाउँकै एक धनाढ्य व्यक्तिसँग अर्को तीन लाख रूपैयाँ ३० प्रतिशत ब्याजमा लिएको र त्यसको तमसुक नै नबनाएको उनको भनाइ छ । त्यति मात्र होइन, उनले अरू दुई लाख रूपैयाँ ऋण छोटो समयका लागि नजिकको साथीबाट निर्ब्याजी पाएका छन् । उनी भन्छन्, "आयस्रोत नभएका र विश्वास गर्न नसकिने मान्छेलाई ऋण दिंदा कसैलाई तमसुक बनाए पुग्छ, कसैबाट त पहिले नै जमानतस्वरूप जग्गा पास गरेर लिनुपर्छ । नत्र साहूको पैसा डुब्छ ।"

बलवा-६, रामटोलकी परमदेवी रामले ६ वर्षअघि छिमेकी भोला रामका ज्वाइँ फुलगेन रामका लागि साहू रामप्रसाद यादवसँग एक लाख रूपैयाँ ऋण लिइदिइन् । पैसा एजेन्टले खाइदिए । फुलगेन विदेश जान पाएनन् र पैसा तिर्न सकेनन् । ऋणको भार परमदेवीकै थाप्लामा थियो ।

उनले पटक पटक गरेर साहूलाई पाँच लाख ६० हजार रूपैयाँ तिरिसकिन् । साहूले अझै चार लाख ४० हजार तिर्न बाँकी देखाएका छन् । फुलगेनका लागि लिइदिएको ऋणको फन्दामा आफू परेपछि परमदेवीले पनि फुलगेनलाई ९ माघ २०७१ मा वार्षिक १० प्रतिशत ब्याजमा १३ लाख ९२ हजार रूपैयाँ ऋण दिएको तमसुक बनाएकी छन् ।

यो तमसुक वास्तवमा तीन लाख ३८ हजार रूपैयाँ सावाँको हो । त्यसको ३६ प्रतिशतका दरले ब्याज लाग्ने भए पनि चलनचल्ती अनुसार सावाँ रकमलाई चार गुणा बढाएर १३ लाख ९२ हजार देखाई ब्याजदर १० प्रतिशत राखेर तमसुक बनाइएको हो । तमसुकको व्यहोरामा चार गुणा बढी रकम र १० प्रतिशत ब्याजदर तथा पुछारको छेउमा वास्तविक रकम र ३६ प्रतिशत ब्याजदर लेखिएको छ । तराईमा ऋण लेनदेन गर्दा प्रायः यसरी नै तमसुक लेख्ने गरिन्छ । पैसा नउठेर मुद्दामामिला गर्नुपरेमा साहूले तमसुकको अन्त्यमा लेखिएको वास्तविक सावाँ र ब्याजदर उल्लिखित भाग काटेर फ्याँकिदिन्छन् र माथिल्लो व्यहोरा अनुसार चार गुणा बढाएको सावाँ र त्यसको १० प्रतिशत ब्याज दाबी गर्दै अदालतमा निवेदन दिन्छन् । साहू रामप्रसाद यादवले परमदेवीको नाममा पनि यस्तै तमसुक लेखाएर राखेका छन् । एउटै ऋणको दुष्चक्रमा डुबेका परमदेवी र फुलगेन तराईमा व्याप्त शोषणको साङ्लोमा बाँधिएका पीडितका प्रतिनिधि पात्र हुन् ।

## 'एजेण्टका चम्चा' हरू

यो ज्यादती कसरी हुन्छ भन्ने थाहा पाउन मधेशको समाज, राजनीति, अर्थतन्त्र र नेपालको राज्यप्रणालीका कामकारबाही थाहा पाउनुपर्छ । राजधानी काठमाडौंमा रहेका वैदेशिक रोजगार कम्पनीका एजेण्टहरू जिल्ला सदरमुकाम जलेश्वर तथा नजिकको शहर जनकपुरमा कार्यालय खडा गरेर बसेका छन् । उनीहरू मुख्यतया खाडी मुलुकका लागि श्रमिक आपूर्ति गर्छन् । त्यस्ता एजेण्टहरूले कमिशन दिएर गाउँगाउँमा आफ्ना प्रतिनिधि खटाएका छन् । 'एजेण्टका चम्चा' भनेर चिनिने त्यस्ता व्यक्तिहरू गाविसका प्रत्येक वडामा कम्तीमा पाँच जना भेटिन्छन् । भिन्नाभिन्नै वैदेशिक रोजगार कम्पनीका लागि काम गर्ने तिनै 'चम्चा' हरूको धन्दाबाट शुरू हुन्छ यो शोषणको घातक शृंखला ।

उनीहरू घरघरमा पुगेर बेरोजगार गरीबहरूलाई आकर्षक वैदेशिक रोजगारीको प्रलोभन दिन्छन् । कसैको बनिसकेको पासपोर्ट पाए संकलन गर्नु र बनाइनसकेकालाई आफैंले ऋण समेत हालिदिएर पासपोर्ट बनाउन प्रेरित गर्नु उनीहरूको काम हो । त्यसरी बटुलिएका पासपोर्ट एजेण्ट हुँदै काठमाडौंका म्यानपावर एजेन्सीसम्म पुग्छन् ।

गाउँका बेरोजगार गरीबलाई पासपोर्ट बनाउँदादेखि नै ऋण चाहिन्छ भन्ने ज्ञान 'चम्चा' हरूलाई हुन्छ । पासपोर्ट बनाउने र म्यानपावर कम्पनीलाई बुझाउने पैसा उनीहरूले आफैं या आफ्नो वृत्तका साहूबाट ऋण मिलाइदिन्छन् । बेरोजगारी र विपन्नताको फाइदा उठाउँदै चर्को ब्याजमा ऋण लगानी गर्ने साहूसँग 'चम्चा' हरूको साँठगाँठ हुन्छ । गरीबलाई कंगाल बनाउने त्यही ऋणको जगमा फस्टाइरहेको छ रोजगार व्यवसायी कम्पनी, एजेण्ट र स्थानीय 'चम्चा' हरूको ठगी धन्दा ।

यस्तो धन्दा सहजै फस्टाएको छ । बेरोजगार र अनपढ युवा सोझै ठगिन्छन् । स्वास्थ्य जाँचमा फेल भएकालाई पास भएको किर्ते प्रमाणपत्र दिइन्छ । पैसा लिइन्छ तर महीनौंसम्म अलमल्याएर राखिन्छ । पैसा र पासपोर्ट गायब बनाएर 'चम्चा' हरू बेपत्ता हुन्छन् । यसको परिणाम चर्को ब्याजमा ऋण दिने गाउँका साहूहरू चार गुणा सावाँ बढाएर बनाएको किर्ते तमसुकको आडमा गरीब ऋणीका परिवारलाई 'घर छाड' भनेर तर्साउन थाल्छन् ।

समाजमा साहूको पक्षमा हाकाहाकी तर्क गर्नेहरू भेटिन्छन् । नेकपा माओवादी केन्द्र सरपल्लो गाउँ कमिटी इञ्चार्ज, लालबाबु साह भन्छन्, "ऋण लिएकै बेलामा चार गुणा सावाँको तमसुक बनाएपछि गाउँमा पैसा उठेन भने अदालत गएर लेनदेनको मुद्दा लड्नुपर्दा सजिलो हुन्छ । यसो हुँदा साहूलाई नोक्सान पर्दैन ।"

समाजवादी फोरम नेपाल सरपल्लो गाउँ इकाई कमिटी अध्यक्ष उमेशकुमार महतो भन्छन्, "एक लाख ऋण लिंदा चार लाखको कागज बन्छ । वार्षिक ३६ प्रतिशत ब्याजको हिसाबले ऋण लिएको सवा दुई वर्षमा दोब्बर हुन्छ । त्यसपछि तमसुक बदलिन्छ । यहाँ ऋणीलाई भगवानले पनि बचाउन सक्दैनन् ।"

## तमसुकको सामाजिक अर्थ–राजनीति

सोझा गरीबहरू साहूले लेखाएको तमसुकमा ल्याप्चे लगाएका वा हस्ताक्षर गरेका दिनदेखि ऋणको तलाउमा डुब्छन् । शोषणको यो अर्थतन्त्रबाट गाउँगाउँका लेखनदासहरूको लेखापढी पेशा चलेको छ । टोलटोलमा तमसुक लेखेरै जीविका चलाउने लेखनदासहरू भेटिन्छन् । उनीहरू एउटा तमसुक लेखेको एक सयदेखि तीन सय रूपैयाँसम्म लिन्छन् । यो पैसा ऋणीले तिर्नुपर्छ । लेखनदासले औसतमा दिनको तीन वटा तमसुक लेख्छन् । दैनिक सरदर पाँच सयका दरले उनीहरूको मासिक आम्दानी १५ हजार रूपैयाँ हुन्छ । खाडी मुलुक गएका कामदारले जोखिम मोलेर कमाएको श्रमबाट हुने कमाइभन्दा यो रकम बढी हो ।

एउटै ऋणीले धेरै जना साहूसँग थोरैथोरै ऋण लिने र प्रत्येक साहूले हरेक सवा दुई वर्षमा तमसुक बदलिरहने हुनाले लेखनदासहरूले काम पाइरहेका हुन्छन् । तमसुक लेख्दा खर्च हुने समयको बचत गर्न हिजोआज उनीहरूले नेपाली कागजमा छपाइ भएका तयारी तमसुक फारामहरू प्रयोग गर्न थालेका छन् । यसमा साहू, ऋणी र साक्षीको विवरण तथा सावाँ र ब्याजको अंक लेखे पुग्छ । जलेश्वर बजारमा किन्न पाइने यस खालका फारामको माग बढ्दै गएपछि तमसुक अर्थतन्त्रबाट हुने लाभको अंश स्टेशनरी व्यवसायी र छापाखानासम्म पुग्न थालेको छ । यसरी सबैले कमाइरहँदा गुमाउने चाहिं तल्लो वर्गका ऋणी मात्रै छन् ।

महोत्तरी जिल्ला अदालतमा चलेका मुद्दामामिलाको तथ्यांकले यहाँको साहूमहाजनी प्रथाको सामाजिक असर कति व्यापक छ भन्ने देखाउँछ । अघिल्लो आर्थिक वर्ष २०७१/७२ मा जिल्ला अदालतमा दर्ता भएका ३८ प्रकारका तीन हजार ५३१ मुद्दामध्ये सबैभन्दा बढी ९४१ वटा

लेनदेनसँग सम्बन्धित थिए । यो संख्या कुल मुद्दाको झण्डै २७ प्रतिशत हो । जिल्ला अदालत महोत्तरीले वर्षभरि गर्ने न्याय सम्पादनको झण्डै एकतिहाई काम लेनदेन मुद्दामै केन्द्रित हुने यो आँकडाबाट स्पष्ट हुन्छ ।

साहूले लेखाएको किर्ते तमसुकलाई न्यायालयले मान्यता दिने गरेको छ । किनभने ऋण लेनदेनका प्रायः सबै मुद्दामा अदालतले चार गुणा सावाँ बढाएर बनाएको नक्कली तमसुकलाई नै प्रमाण मानेर साहूको पक्षमा फैसला गर्दै ऋणीबाट बिगो बराबरको सावाँब्याज भराइदिएको देखिन्छ । अदालतका स्रेस्तेदार भोजकुमार बस्नेत भन्छन्, "ऋणीको मौखिक दाबीलाई भन्दा साहूको लिखित तमसुकलाई मान्यता दिने प्रचलित कानूनका कारण यस मामिलामा सामाजिक न्याय दिन नसक्नु अदालतको बाध्यता हो ।" गरीब ऋणीहरूमाथि ठगी गर्ने साहूमहाजनको नियतले न्यायालयबाट यसरी नै वैधानिकता पाइरहेको छ ।

यस्ता मुद्दा अदालत पुगेमा ऋणीहरूको हालत कतिसम्म नाजुक हुन्छ भन्ने उदाहरण गाउँमा बग्रेल्ती भेटिन्छन् । सरपल्लो-३, खुशनगरीका अघनु मण्डलले छिमेकका साहू ठगा साहसँग दुई पटक गरी दुई लाख पाँच हजार रूपैयाँ ऋण लिएका थिए । साहले त्यसमध्ये एक लाख पाँच हजारको पाँच गुणा र अर्को एक लाखको आठ गुणा बढाएर तमसुक बनाएका कारण चार वर्षमै त्यो ऋणले अघनुको सिंगो परिवारलाई सुकुम्बासी बनाइदियो । २०७३ असार २५ गते बिहान १० बजे चर्को घाममा भैंसी चराइरहेको अवस्थामा भेटिएका अघनु मानसिक रूपमा विक्षिप्त देखिन्थे ।

अघनुलाई ऋण दिंदा बनाएको आठ गुणासम्म बढी सावाँका किर्ते तमसुकहरू लिएर उनका साहू ठगा साह न्यायालयसम्म पुगे । महोत्तरी जिल्ला अदालतले तिनै तमसुकलाई मान्यता दिंदै एक वर्षअघि साहूकै पक्षमा फैसला सुनाएपछि अदालतकै आदेशमा अघनुको नाममा रहेको घरसहितको डेढ कट्ठा घडेरी र आठ कट्ठा खेत साहूका छोरा रामबाबु साहले पास गरेर लिए । खेत साहले कब्जा गरेर पनि पाँच कट्ठा बेचिसकेका छन् । अघनुको १९ जनाको परिवार अन्यत्र जाने ठाउँ नभएकाले पुरानै घरमा बसिरहेको छ । साहू ठगा साह अब उनको परिवारलाई निकालेर घर कब्जा गर्ने तयारीमा छन् ।

शोषणको यो जालोमा नेपालका सबैजसो बैंक तथा वित्तीय संस्थाहरू पनि कुनै न कुनै रूपमा जोडिएका छन् । नेपाल राष्ट्र बैंक र सहकारी विभागको पछिल्लो तथ्यांक अनुसार महोत्तरी जिल्लामा विभिन्न बैंक तथा वित्तीय संस्थाका ४८ वटा शाखा छन् । बचत तथा ऋणको कारोबार गर्ने ६७४ वटा सहकारी संस्था कार्यरत छन् । तीमध्ये स्थानीय सहकारी संस्थाहरूले गरेको ऋण लगानीको अंश ४८ करोड ६७ लाख ८७ हजार रूपैयाँ छ । यो रकमको धेरथोर अंश ती साहूमहाजनकहाँ पुगेको छ जो गरीब र विपन्न माथि अत्याचारपूर्ण ब्याजमा कर्जा लगाएर उनीहरूको उठिबास गराइरहेका छन् ।

*(२९ साउन २०७३, www.cijnepal.org.np)*



रुक्माङ्गद कटवाल र छत्रमानसिंह गुरुङ ।

# १५.

# प्रधानसेनापतिहरूको मनपरी

प्रधानसेनापतिहरूका आदेश र निर्णय यतिविघ्न मनमौजी छन् कि यो सैनिक संगठन मुलुकको संविधान र कानून मातहत छ भन्न असजिलो लाग्छ।

● **सरोजराज अधिकारी**



गौरवशमशेर जबरा
र राजेन्द्र क्षत्री ।

पुनरावेदन गरेको झण्डै ३० महीनापछि १३ जेठ २०७३ मा उपरथी प्रेमप्रकाश थापामगर सैनिक विशेष अदालतबाट निर्दोष ठहर भए । पुनरावेदन अदालत पाटनका न्यायाधीश तिलप्रसाद श्रेष्ठ अध्यक्ष, रक्षासचिव महेशप्रसाद दाहाल र नेपाली सेनाको प्राड विवाक (कानूनी विभाग) प्रमुख उपरथी होमकुमार लावती सदस्य रहेको विशेष अदालतले थापालाई निर्दोष ठहर गरेको हो ।

प्रधानसेनापति राजेन्द्र क्षत्रीपछि प्रधानसेनापति बन्ने संभावना रहेका मगरलाई तत्कालीन प्रधानसेनापति गौरवशमशेर जबराले विभिन्न आरोप लगाई २७ कात्तिक २०७० मा उपरथीबाट बर्खास्त गरेका थिए । सैनिक ऐन, २०६३ को व्यवस्था मिचेर जबराको ठाडो आदेशमा गठन गरिएको 'समरी जनरल सैनिक अदालत' ले मगरलाई बर्खास्त गरेको थियो । सेनाको आन्तरिक फौजी अदालतबाट बर्खास्तीमा परेका मगरलाई नागरिक (पुनरावेदन न्यायाधीश र रक्षासचिव) सम्मिलित अदालतले सफाइ दिएको हो । न्यायिक प्रक्रियामा भएको ढिलाइले २३ चैत २०६८ मा उपरथी बनेका मगरको पहिलो तीनवर्षे पदावधि २२ चैत २०७० मा सकिएको छ । तर सैनिक ऐनमा कारबाहीमा नपरे र उपरथीको उमेर हद ५७ वर्ष पार नगर्ने अवस्थामा थप दुई वर्ष पदावधि थपिने प्रावधान छ ।

यतिखेर मगर आफ्नो पुनर्बहालीका लागि प्रधानसेनापति क्षत्रीलाई 'बिन्तीपत्र' लेखेर जवाफ पर्खिरहेका छन् । पत्रको बोधार्थ तत्कालीन उपप्रधान तथा रक्षामन्त्री भीम रावल र रक्षासचिव




**पूर्व रक्षासचिव ईश्वरीप्रसाद पौड्याल र सैन्य मामिला जानकार दीपकप्रकाश भट्ट (दायाँ) ।**

दाहाललाई समेत दिएका छन् । ७ असार २०७३ मा फैसलाको पूर्ण पाठ लिएपछि उनले १६ असारमा जंगीअड्डामा निवेदन दिएका छन् । पत्रमा मगरले २०६५ सालमा अदालतको आदेशबाट ८ जर्नेलको पुनर्बहाली भएको दृष्टान्तसमेत दिएका छन् । 'अतीत प्रभावी रूपमा त्यस्तो म्याद थप भएको दृष्टान्त नेपाली सेनाको इतिहासमा श्री पवन पाण्डेलगायत ८ जना सहायक रथीहरूको हकमा नेपाल सरकारबाट पहिले पनि अभ्यास भइसकेको विषय हो । अतः सोही बमोजिम मेरो हकमा समेत दफा १७ (३) बमोजिम दुई वर्षको म्याद थपको लागि नेपाल सरकारसमक्ष सिफारिश गरी पुनर्बहाली भई सेवा गर्ने अवसर प्राप्त होस् भनी निवेदन पेश गरेको छु' मगरको पत्रमा छ, 'श्रीमान्‌को जो आदेश ।'

## प्रेमप्रकाश प्रकरण

यो कारबाही प्रकरण रोचक छ । तत्कालीन प्रधानसेनापति गौरवशमशेर जबराले आफैं अध्यक्ष रहेको बोर्डले गरेको निर्णयलाई त्रुटिपूर्ण भएको भनेर मगरमाथि कारबाही गरेका हुन् । जबराले आफू प्रधानसेनापति भएको एक वर्षपछि छानबीन प्रक्रिया अगाडि बढाएर सो बोर्डको निर्णय प्रक्रियामा संलग्न उपरथी प्रेमप्रकाश थापा मगरलाई २७ कात्तिक २०७० मा बर्खास्त गरेका हुन् । जबरा निरीक्षणाधिकृत उपरथी रहेका बेला उनकै अध्यक्षतामा गठित बोर्डले ७ असार २०६८ मा सहायकरथी हेम खत्रीलाई पाकिस्तानको नेशनल डिफेन्स युनिभर्सिटी इस्लामावादमा नेशनल सेक्युरिटी र वार कोर्स गर्न सिफारिश गरेको थियो । त्यसबेला सहायकरथी रहेका थापा मगर जबरा नेतृत्वको बोर्डमा सदस्यसचिव थिए । 'खत्रीले पेश गरेको झूटो विवरण आधिकारिक यकिन नगरी पेश गरेको' आरोपमा मगरलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त

गरिएको थियो भने खत्रीलाई चाहिं सोही मितिमा 'भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी' बर्खास्त गरिएको थियो ।

जबरा अध्यक्ष रहेको त्यसबेलाको बोर्डमा तत्कालीन उपरथीहरू नेपालभूषण चन्द (पछि रथी), रामबहादुर गुरूङ, डम्बरसिंह गुरूङ र दमनबहादुर घले सदस्य थिए । जबराले त्यसबेलाका सम्भाररथी उपरथी प्रदीपविक्रम राणाको अध्यक्षतामा 'समरी जनरल सैनिक अदालत' गठन गरी त्यसको सिफारिशका आधारमा मगर र खत्रीलाई बर्खास्त गरेका हुन् । खत्रीले पेश गरेका सबै कागजपत्र सहसेनानी सनोजप्रसाद पाठकले प्रमाणीकरण गरेका छन् । यस प्रक्रियामा सहभागी अन्यलाई भने सोधपुछसमेत गरिएन । त्यसमाथि जबरा स्वयम् बोर्ड अध्यक्ष थिए ।

प्रधानसेनापति जबराले मगरको मुद्दामाथि फैसलाका लागि उनीसरहकै उपरथी राणाको नेतृत्वमा 'समरी जनरल सैनिक अदालत' गठन गरेका थिए । सैनिक ऐन, २०६३ को परिच्छेद ८, दफा ६७ को (ख) मा 'कम्तीमा दुई जना सेनानी दर्जाका अधिकृत रहने गरी कम्तीमा तीन जना अधिकृत रहेको समरी जनरल सैनिक अदालत गठन गरिने' उल्लेख छ । तर जबराले सेनानी (मेजर) दर्जाले नेतृत्व गर्ने अदालतको प्रमुख उपरथी (मेजर जनरल) राणालाई बनाए । राणा नेतृत्वको अदालतका ६ सदस्यमा पनि सेनानीभन्दा कम्तीमा दुई तहमाथिका अधिकृत राखिएको थियो । अन्य सदस्यमा सहायकरथीद्वय रमीन्द्र छेत्री, शरद गिरी, महासेनानीहरू गणेश खत्री, होमनाथ दवाडी र रत्नप्रकाश थापा (कानून विभाग) थिए ।

सैनिक ऐनको दफा ६७ को (क) मा 'कम्तीमा एकजना रथीवृन्द, दुई जना महासेनानी वा प्रमुख सेनानी र दुई जना सेनानी दर्जाका अधिकृत रहने गरी पाँचजना अधिकृत रहेको जनरल सैनिक अदालत गठन गरिने' उल्लेख छ । खासमा मगरको हकमा 'जनरल सैनिक अदालत' गठन गर्नुपर्ने थियो । प्रधानसेनापति जबराले 'जनरल सैनिक अदालत' मा रहने र त्यसभन्दा माथिको हैसियतका सैनिक अधिकृत छनोट गरे पनि 'समरी जनरल सैनिक अदालत' गठन गरे । 'जनरल सैनिक अदालत' मा रहने हैसियतका अधिकृत राखेर 'समरी जनरल सैनिक अदालत' गठन गर्नुका पछाडि पनि मगरलाई हटाउने उद्देश्य देखिन्छ । किनकि, सैनिक ऐनको दफा १०८ मा 'जनरल सैनिक अदालत' को ठहर वा सजाय 'नेपाल सरकारले वा नेपाल सरकारले अधिकार दिएको अधिकारीले सदर गर्न सक्नेछ' भन्ने उल्लेख छ । यसको अर्थ 'जनरल सैनिक अदालत' को निर्णय कार्यान्वयनका लागि जबराले सरकारसमक्ष सिफारिश गर्नुपर्थ्यो । त्यस्तोमा सरकारले निर्णय पुनर्विचार गर्न भन्न सक्थ्यो । त्यसैले जबराले आफैंले बर्खास्त गर्न सक्ने गरी प्रक्रिया मिचेका थिए ।

सेनाभित्र समरी जनरल सैनिक अदालत उपसचिव स्तरको सैनिक अधिकारीले नेतृत्व गर्छ भने जनरल सैनिक अदालतको प्रमुख विशिष्ट श्रेणीको सैनिक अधिकृत हुन्छन् । सेनाभित्र मेजर पद उपसचिव स्तरको मानिन्छ भने उपरथी र सो माथिका पदहरू विशिष्ट श्रेणीका मानिन्छन् ।

थापा मगर यतिखेर जंगीअड्डाको जवाफ पर्खिरहेका छन् । "मैले साढे तीनदशक बिताएको संगठनबाटै न्याय हुन्छ भन्ने विश्वासमा छु" मगरले भने, "त्यहाँबाट पनि न्याय नपाए कता-कता

गुहार्ने वा निवेदन दिने विचार गरौंला ।" रक्षासचिव महेशप्रसाद दाहालका अनुसार, मगरको बारेमा रक्षा निर्देशक समितिको बैठकमा चर्चा भएको थियो । तर सेनाले मगरको पहिलो तीनवर्षे कार्यकाल सकिएकाले म्याद थप गर्न नमिल्ने तर्क गर्‍यो । "हामीले लिखित राय मागेका छौं, त्यसपछि मात्रै के गर्ने तय हुन्छ", दाहालले भने । रक्षा निर्देशक समितिमा रक्षामन्त्री प्रमुख, सेनापति सदस्य र रक्षासचिव सदस्यसचिव रहन्छन् । मगरले सेनालाई दिएको निवेदनको बोधार्थ रक्षामन्त्री र सचिव दुवैलाई दिएका छन् ।

## 'सेनापतिको मनलाग्दी'

सेनामा 'चेन अफ कमाण्ड' का नाममा बढ्दो मनपरी गर्ने प्रवृत्ति यो पहिलो थिएन । लोकतन्त्र पुनर्बहालीलगत्तै आफ्नो पदावधि थप नगरिएपछि उपरथी प्रदीपप्रताप बम मल्लले सर्वोच्च अदालत गुहारे । अदालतले मल्लको म्याद थप गर्न सरकार र जंगीअड्डालाई आदेश दियो । तर मल्लको पुनर्बहाली गरिएन । तर तत्कालीन प्रधानसेनापति रूक्मांगत कटवालले प्रधानमन्त्री पुष्पकमल दाहाल र रक्षामन्त्री रामबहादुर थापाको सेखी झार्न अवकाश पाइसकेका ८ जर्नेललाई अदालतको आदेशपछि सेनाकै गाडीमा जंगीअड्डा भित्र्याए ।

जंगीअड्डाबाट सिफारिश भए पनि माओवादी नेतृत्वको तत्कालीन सरकारले २ चैत २०६५ देखि लागू हुने गरी ८ सहायक रथी (जर्नेल) को म्याद थपिदिएन । सहायकरथीमा पहिलो चार वर्षको पदावधि पूरा गरेपछि अर्को तीन वर्ष पदावधि थप्ने व्यवस्था सैनिक ऐनमा छ । म्याद नथप्ने सरकारी निर्णयविरूद्ध ९ चैतमा आठ जर्नेलले संयुक्तरूपमा सर्वोच्च अदालतमा मुद्दा दायर गरे । १० चैतमा सर्वोच्च अदालतले रक्षा मन्त्रालयको पत्र कार्यान्वयन नगर्न आदेश दियो । अदालतको फैसलाअनुरूप सरकारले पुरानो निर्णय सच्याएर म्याद थप्ने निर्णय गर्नुपर्थ्यो । तर सरकारले निर्णय नगर्दै तत्कालीन सेनापति कटवालले आदेश भएकै साँझ ती ८ जर्नेललाई जंगीअड्डामा हाजिर गराए । कटवाललाई हटाउने तत्कालीन सरकारको निर्णय राष्ट्रपतिले उल्ट्याइदिएपछि प्रधानमन्त्री दाहालले राजीनामा दिए । नयाँ सरकारको रक्षामन्त्री विद्या भण्डारीले साढे दुई महीना पछि १७ जेठ २०६६ मा २ चैत २०६५ देखि नै लागू हुने गरी ती ८ जर्नेलको म्याद थपिदिइन् ।

१४ फागुन २०६९ मा सेनापति गौरवशमशेर जबराले आफ्ना मानिसलाई अघि बढाउन 'फास्टट्र्याक बढुवा' को अवधारणा ल्याएर १६ जना प्रमुख सेनानीलाई महासेनानीमा बढुवा गरे । त्यसै दिन दर्ज्यानी चिह्न पनि लगाइदिए । त्यसविरूद्ध ८ प्रमुख सेनानीले आफूभन्दा कनिष्ठलाई बढुवा गरिएकाले बदर गरिपाऊँ भनेर सर्वोच्च अदालतमा निवेदन दिए । अदालतले बढुवा प्रक्रिया जेजस्तो अवस्थामा छ, रोक्नू भन्ने अन्तरिम आदेश दियो । तर, दर्ज्यानी चिह्न लगाइसकेको भन्दै जंगीअड्डाले बढुवा भएकालाई काममा लगाइरह्यो । अन्तिम फैसला ढिलो गराउन जबराले सर्वोच्च अदालतमै पुगेर तत्कालीन प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मालाई समेत भेटेका थिए । अन्ततः अन्तिम फैसला आउनुअघि नै २८ साउन २०७० मा निवेदक आठै

जना प्रमुख सेनानीले अवकाश पाए । बढुवा नगरिदिएको भन्दै सैनिक अधिकारीले सरकारविरूद्ध अदालत गुहारेका प्रशस्त उदाहरण भए पनि अनुशासित मानिने र चेन अफ कमाण्डमा रहनुपर्ने आफ्नै संगठनविरूद्ध यति ठूलो संख्याका सैनिक अधिकृतले अदालत गुहारेको त्यो नै पहिलो पटक थियो ।

तत्कालीन उपरथी नरेश बस्न्यातको हकमा त प्रधानसेनापति जबराले सबै हद पार गरे । सैनिक ऐनमा उपरथीको पदावधि पाँच वर्ष कायम छ । तर जबराले मरिमेटेरै १५ पुस २०६९ मा अवकाश पाउन लागेका प्राविधिक उपरथी बस्न्यातको पदावधि दुई वर्ष थपिदिए । माओवादी लडाकूको समायोजन सहज पार्न सेना रिझाउनुपर्ने अवस्थामा रहेका तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले सैनिक ऐन विपरीतको जबराको प्रस्ताव सदर गरिदिए । १५ पुस २०७१ मा बस्न्यातको थपिएको दुई वर्ष पनि सकिन लाग्दा जबराले रथी पद सिर्जना गरेर फेरि उनको म्याद थप्न भरमग्दुर प्रयास गरेका थिए । तर सफल भएनन् ।

मगरमाथिको पछिल्लो कारबाही तत्कालीन प्रधानसेनापति छत्रमानसिंह गुरूङका निर्णयप्रतिको प्रतिशोध थियो । मगर तत्कालीन प्रधानसेनापति छत्रमान सिंह गुरूङका सैनिक सचिव थिए । मगरमाथिको कारबाहीको पहिलो अभ्यासअनुरूप गठन गरिएको कोर्ट अफ इन्क्वायरीमा हालका सेनापति राजेन्द्र क्षत्री थिए । र समरी जनरल सैनिक अदालतमा रमीन्द्र छेत्री थिए । वर्तमान सेनापतिका भाइ रतीन्द्र खत्री (दुई दाजु हालका सेनापति राजेन्द्र र मानार्थ उपरथी रमीन्द्रले चाहिं आफ्नो थर क्रमशः क्षत्री र छेत्री लेख्छन्) छत्रमानकै पालामा सेनाबाट बाहिरिए । राजेन्द्रले छत्रमानका पालामा आफ्ना भाइ रतीन्द्रलाई बढुवा नदिइएको प्रतिशोध मगरसँग साधे ।

तत्कालीन प्रधानसेनापति रूक्मांगद कटवाल आफ्नो तीनवर्षे पदावधि सकिन लाग्दा एक वर्ष थप्ने खेलमा लागेका थिए । पूर्वप्रधानसेनापति छत्रमान सिंह गुरूङले आफ्नो पुस्तक 'जनताको छोरो' मा यो सन्दर्भ उल्लेख गरेका छन् । त्यसबेला कटवालका सैनिक सहायक थिए, राजेन्द्र क्षत्री (हाल प्रधानसेनापति) । कटवालको म्याद थप अभियानमा क्षत्री लागेको बुझाइका आधारमा गुरूङले खत्रीलाई सहायकरथीमा बढुवाका लागि सिफारिश नै गरिदिएनन्, खत्रीले २३ असार २०६८ मा कर्णेलबाटै अवकाश पाए । आफ्ना बहिनी ज्वाईं तत्कालीन उपरथी दमनबहादुर घलेलाई दरबन्दी थपेर रथी बनाउने अभियानमा लागेका थिए । सेनापतिको रोलक्रम नै भत्किन सक्छ भन्ने शक्तिकेन्द्रको चासोका कारण यसमा गुरूङ सफल भएनन् ।

यतिखेर प्रधानसेनापति राजेन्द्र क्षत्रीपछि सेनापतिको रोलक्रममा एकमात्र उम्मेदवार बनाइएको छ, पूर्णचन्द्र थापालाई । २०७२ असोजमा रथी बनेका थापाले दुईवर्षे सेवाअवधिका कारण २०७४ असोजअघि नै रथीबाट अवकाश पाउने छन् । जबकि, हालका सेनापति क्षत्रीले २४ भदौ २०७५ मा मात्रै अवकाश पाउनेछन् । तर सैनिक ऐन, २०६३ मा ५८ वर्ष नकट्ने अवस्थामा रथीको एक वर्ष सेवाअवधि थप्ने प्रावधान छ । २५ भदौ २०१७ मा जन्मिएका थापा म्याद थप भएको अवस्थामा २५ भदौ २०७५ सम्म रथी पदमा बहाल रहन कानूनतः योग्य छन् । रथी पदमा थापाको पदावधि थपिए अहिलेसम्मको अवस्थामा उनी भावी सेनापतिको एक मात्र दाबेदार रहनेछन् ।

यदि मगरमाथि कारबाही हुन्थेन भने पनि यतिखेर भावी सेनापतिको वरियतामा रहेका थापा पाँचवर्षे पदावधि पूरा गरी उपरथीबाटै बाहिरिन्थे । तर सेनापति क्षत्रीले गत चैतमा उपरथी विनोज बस्न्यातको पदावधि थपको सिफारिश नगरेर थापाको बाटो थप फराकिलो बनाइदिए । विनोजको उपरथीको पहिलो तीनवर्षे पदावधि सकिएलगत्तै सैनिक ऐन, २०६३ अनुरूप अनिवार्य थपिनुपर्ने दुईवर्षे पदावधिका लागि क्षत्रीले सिफारिश नै गरेनन् । बस्न्यातले १५ चैत २०७२ मा अवकाश पाए । सैनिक अभ्यासअनुरूप रथीको पदावधि नथपिए थापा २०७४ असोजमै घर जान्थे र बस्न्यात सेनापतिको वरियतामा अघि आउँथे । यसरी अभ्यासलाई आधार देखाएर थापालाई सेनापति बन्नबाट रोक्छन् कि भनेर प्रत्यासी बस्न्यातलाई पहिल्यै पाखा लगाइयो ।

म्याद थपको अपवाद थिए रथी बालानन्द शर्मा । २०६३ सालमा तत्कालीन रथी बालानन्द शर्माको पदावधि थपिएको थियो । "राजतन्त्रकालमा दरबारतिरका सैनिक कर्मचारीको पदावधि थपिएको भए बेग्लै कुरा तर म अघि र पछि पनि रथीमा पदावधि थपिएको मलाई सम्झना छैन" म्याद थपिंदा गोलानहाइटमा राष्ट्रसंघीय शान्ति सेनाको फोर्स कमाण्डर रहेका शर्माले भने, "मेरो पदावधि नथपिएको भए फर्कनुपर्थ्यो । मिसनमै रहेकाले पनि मेरो म्याद थपिएको होला ।"

पछिल्लो उदाहरण लिंदा, गौरवशमशेर जबरा सेनापति भएपछि उनका प्रतिद्वन्द्वी मानिएका रथी नेपालभूषण चन्द पनि पदावधि थपिएको अवस्थामा सेनामा थप सात महीना काम गर्न पाउँथे । तर जबराले उनको पदावधि थपको सिफारिश नै गरिदिएनन् । रथी नेपालभूषण चन्दको दुईवर्षे पदावधि २८ असार २०७० मा सकिंदै थियो । ७ माघ २०१२ मा जन्मिएका चन्द ५८ वर्ष पुग्न आठ महीना बाँकी रहेकाले पदावधि थप्न सकिने स्थिति थियो । तर राणाले चन्दलाई दुई साताअघि नै अवकाश पत्र थमाए । यस्ता उदाहरण सेनामा प्रशस्त छन् ।

"राजतन्त्र रहुन्जेल सेनाको अह्रन-खटन दरबारबाटै हुन्थ्यो । खासमा तत्कालीन दरबारलाई आफ्नो मान्छे सेनापति बन्छ/बन्दैन भन्नेमा मात्र चासो थियो । अन्य अधिकृतमाथि बदनियत राख्दा दरबारले कारबाही गर्छ कि भन्ने डर सेनापतिहरूमा थियो" पूर्वरक्षासचिव ईश्वरीप्रसाद पौड्याल भन्छन्, "अहिले त सेनापति सर्वेसर्वा देखिए । मनलाग्दी छ ।" २७ फागुन २०७१ मा रक्षासचिवका रूपमा आएका पौड्याल एक वर्ष नपुग्दै १३ मंसीर २०७२ मा रक्षाबाट लखेटिए । सेनालाई विधिमा बाँध्न खोज्दा उनले रक्षा मन्त्रालय छोड्नु पऱ्यो ।

## कटवाल प्रकरणको भूत

सेनामा ५३ वर्ष उमेरभित्रै एनडीसी (नेशनल डिफेन्स कोर्स) गरिसक्नुपर्ने प्रावधान छ । एनडीसी र वार कलेज कोर्स उपरथीमा बढुवाका लागि आवश्यक मानिन्छ । तर तत्कालीन सहायकरथी हेम खत्रीले सेनामा प्रवेश गर्दा भरेको विवरण (सीटरोल) अनुसार ५३ वर्षभन्दा दुई दिन ढिला एनडीसी गरेको देखियो । सैनिक अभिलेखमा खत्रीको जन्ममिति २१ जेठ २०१६ उल्लेख छ । २३ जेठ २०६९ मा एनडीसी सक्दा उनी ५३ वर्ष दुई दिन पुगेको देखियो । खासमा तत्कालीन प्रधानसेनापति जबराको स्वार्थमा चौथो वरियतामा रहेका सैनिक सहायक हिमालय थापालाई

बढुवा गर्नकै लागि कोर्स सकेर फर्केको एक वर्षपछि खत्रीमाथि कारबाही प्रक्रिया अघि बढाइएको थियो । त्यसबेला सेनामा तीन उपरथी पद रिक्त थिए । वरियतामा एक नम्बरमा रहेका खत्रीलाई नपन्छाई थापाको बढुवा गर्न अप्ठेरो थियो ।

एनडीसी सक्दा ५३ वर्षे उमेर हदभन्दा दुई दिन कटेको भनेर खत्रीलाई कारबाही गर्ने पूर्ववर्ती प्रधानसेनापति जबराले आफूनिकटका सहायकरथी ज्ञानेन्द्रजंग रायमाझी र आमोदनरसिंह राणालाई भने ५३ वर्ष कटिसकेपछि एनडीसी कोर्स गर्न पठाएका थिए । १७ जेठ २०१७ मा जन्मिएका रायमाझीले १७ जेठ २०७० मा ५३ वर्ष पूरा गरिसकेका थिए । त्यसैगरी १४ जेठ २०१७ मा जन्मिएका अर्का सहायकरथी राणाको पनि उमेर ५३ वर्ष पूरा भइसकेको थियो । तर जबराले ५३ वर्ष कटेको तीन महीनापछि दुवैलाई २०७० भदौमा एनडीसीका लागि पठाए । रायमाझी र राणा एनडीसी सकेर फर्कंदा ५४ वर्ष पनि नाघिसक्थे ।

एनडीसी गर्न जानुअघि रायमाझी प्रधानसेनापति जबराका सैनिक सचिव थिए । सेनापतिनिकट रहेर सरूवा, बढुवादेखि नीति निर्माणसम्मका काम गर्ने भएकाले सेनाभित्र सैनिक सचिव पद कतिपय विभागीय प्रमुखको तुलनामा आकर्षक मानिन्छ । कोर्सका लागि सेनाले आवश्यक भनी तोकेको अंग्रेजी भाषाको अन्तर्राष्ट्रिय मापदण्ड आईएलटीएस गर्नुपर्ने व्यवस्था पनि यी दुईको हकमा लागू गरिएन । उपरथी बनाउने उद्देश्यले रायमाझीलाई उमेर कटेपछि पनि एनडीसी कोर्स गर्न पठाएका थिए, जबराले । तर रायमाझीलाई उपरथी बनाउने उनको त्यो चाहना भने तत्कालीन रक्षासचिव पौड्यालले पूरा हुन दिएनन् । रायमाझी फर्किएपछि उनलाई उपरथीमा बढुवाका लागि जबराले गरेको सिफारिश मन्त्रिपरिषद्मै पुगेन । "उनको शैक्षिक योग्यताको प्रमाणपत्र नै नक्कली भेटियो । अनि मैले प्रस्ताव अघि बढ्नै दिइनँ" पौड्यालले भने, "त्यसबेला मलाई रायमाझीको सिफारिश मन्त्रिपरिषदमा पेश गर्न सबै पार्टीका प्रभावशाली भनिने नेताहरूको दबाब आएको थियो । तर मैले अडान छाडिनँ ।"

सैन्य मामिला जानकार दीपकप्रकाश भट्ट राजनीतिक दलले सेनाप्रति खासै चासो नदिएकाले त्यो एउटा टापुको रूपमा रहेको बताए । "सेनाको अनुगमन गर्ने राज्यव्यवस्था, आर्थिक पक्षबारे प्रश्न गर्ने सार्वजनिक लेखा समिति जस्ता निकायहरू सक्रिय हुनुपर्‍यो । तब मात्र सेना जनप्रतिनिधि मातहत आउँछ" उनले भने, "त्यसैगरी रक्षा मन्त्रालयमा सैनिक अधिकृत समेत राखेर नियमित समन्वय गर्ने परिपाटी विकास गर्नुपर्छ ।"

प्रहरी प्रमुखलाई दर्ज्यानी चिह्न नै गृहसचिवले लगाइदिन्छन् तर सेनापतिलाई राष्ट्रपतिले । प्रोटोकलमा पनि प्रधानसेनापति रक्षासचिवभन्दा माथि छन् । "कम्तीमा दुवैको प्रोटोकल समान भयो भने पनि सेनापतिले रक्षासचिवलाई हेप्न सक्दैनन्", भट्टले भने । एक वरिष्ठ पूर्व सैनिक अधिकृतका अनुसार कटवाल प्रकरणमा सरकार नै ढलेकाले पनि गणतन्त्रअनुरूप सैनिक नेतृत्व बदलिन नसकेको बताए । "हामीसँग जोरी खोज्दा सरकार त ढल्छ, अरू को हुन् र भन्ने धारणा सबै सेनापतिमा विकास भएको पाइन्छ", ती अधिकृतले भने ।

*(१७ साउन २०७३, www.cijnepal.org.np)*




लेदोले पुरिएको बेनी बजार ।

# १६.

# घटना अध्ययनः बेनीको सातो लिने विकास आयोजना

एशियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा पाँच वर्षदेखिबनिरहेको म्याग्दीको बेनी-अर्थुङ्गे-तोरीपानी कृषि सडक जसले अहिले पनि आकाशमा बादल मडारिनासाथ घरभित्र सुतेका बेनीवासीको सातो लिन्छ। विकास र समृद्धिको आधार भनिने सडक विपत्तिको कारक बन्न सक्छ, कसरी ?

● **घनश्याम खड्का**

२८ जेठ २०७३ राति आएको बाढीले बेनी नगरपालिका-६ र ७ मा पर्ने मंगलाघाट र क्याम्पसचोकका ५० भन्दा बढी घर र पसल पुरिए । त्यो रात कुनै नदी वा खोलामा बाढी आएको थिएन । तैपनि, सामान्य वर्षाको पानीले जिल्ला सदरमुकाममा ठूलो विनाश गऱ्यो । सदरमुकामवासीको सातो लियो । बेनीको सिरानतर्फ भइरहेको ग्रामीण कृषि सडक विस्तारका क्रममा सडकमा थुपारिएको माटो बोकेर बर्खे भेल सदरमुकामतिर सोझिएपछि मंगलाघाट र क्याम्पसचोकमा बाढीले वितण्डा मच्चाएको हो ।

विनाश निम्त्याउने कारक थियो- जिल्ला विकास समितिमार्फत विश्व खाद्य संगठनको 'कामका लागि खाद्यान्न' कार्यक्रम अन्तर्गत निर्माणाधीन बेनी-अर्थुङ्गे-तोरीपानी कृषि सडक आयोजना । सडक खन्दा निस्किएको माटो-ढुङ्गाको व्यवस्थापन राम्ररी भएन । सामान्य पानी पर्दासमेत सदरमुकामवासी डराउनुपर्ने भयो । महारानीथान, बुद्धविहार, भगवती मन्दिर, ग्रामीण वातावरण तथा महिला सशक्तीकरण केन्द्र (रिक), महिला तथा बालबालिका कार्यालय, वन, भूसंरक्षण, पशु, सिंचाइलगायतका सरकारी कार्यालय, आवासगृह, म्याग्दी क्याम्पस, बेनी सामुदायिक उच्च मावि र बेनी खानेपानी आयोजनाको ट्यांकी अहिले पनि उच्च जोखिममा छन् ।

एशियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा आर्थिक वर्ष २०६२/६३ देखि जिल्लामा विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम (डीआरएलपी) कार्यक्रम लागू भएको हो । यही कार्यक्रम अन्तर्गत बनिरहेको यो सडक खन्न शुरू गरेको पहिलो वर्षदेखि नै बेनीवासीको लागि विपत्ति बन्न थाल्यो । २०६३ यताका चार वर्ष बाढीको विनाश देखेका जिल्ला भू-संरक्षण अधिकृत दिवाकर पौडेलको बुझाइमा, 'विकासका नाममा नेता र विकासे अड्डाले निम्त्याएको विनाश हो यो ।'

सुन्दा अचम्म लाग्छ, ट्र्याक खुलिसकेको बेनी-अर्थुङ्गे-तोरीपानी सडकको तीन किलोमिटर क्षेत्रमा पाँच वर्षदेखि काम भइरहेको छ । यो नयाँ बनाइएको सडक पनि होइन, पुरानै सडकको स्तरोन्नति हो । तर, प्रशासनिक खर्च बाहेक रू.१३ करोड ५० लाखभन्दा बढी खर्च भइसकेको सडक स्तरोन्नतिको काम अझै सकिएको छैन । यसबाहेक आयोजनाले सडकको 'वातावरण संरक्षण' शीर्षकमा गरेको खर्च सार्वजनिक गरेकै छैन । कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार चालू आर्थिक वर्ष (२०७२/७३) मा जिल्ला विकास समितिको कुल पूँजीगत बजेट रू.८ करोड ४९ लाख ९६ हजार भन्दा दुई करोड बढी बजेट (रू.१० करोड ५८ लाख) आयोजना एक्लैको छ ।

"पहाडी क्षेत्रमा सामान्यतया सिङ्गल लेन ग्राभेल सडकको स्तरमा सडक निर्माण गर्न प्रति किलोमिटर एक करोड र एक किमी ग्रामीण सडक पीच गर्न दुई करोड रूपैयाँ लाग्छ" डिभिजन सडक कार्यालय बाग्लुङ्गका प्रमुख राजेशप्रसाद पौडेल भन्छन्, "म्याग्दीको भूगोलमा नदी किनारमा सडक पीच गर्नुपरे प्रति किलोमिटर दुई करोड र ग्रामीण सडकमा पीच गर्न केही बढी लाग्न सक्छ । तर ग्रामीण सडकमा ग्राभेल स्तरमा प्रति किमी एक करोड ठीकठीकै हो ।"

तर, बेनी-अर्थुङ्गे कृषि सडकको स्तरोन्नतिमा यति ठूलो रकम खर्च भइसक्दा पनि न सडक

चौडा भएको छ, न नाली बनेको छ । बरू फेदीको बस्तीमा चैन उडाउने गरी खहरे 'एम्बुस' भएको छ, जसले अहिले पनि बेलाबेलामा आकाशमा बादल मडारिनासाथ घरभित्र बसेका बेनीवासीको सातो लिन्छ ।

## ठेकेदार भाग्यो, काम उस्तै

एउटा सानो सडक विकासको काम कसरी बाढीको विपत्ति निम्त्याउने कारक बन्यो त ? यसका पछाडि रोचक कथा छ ।

सडक विस्तार शुरू भएको वर्ष २०६३ जेठ अन्तिम साता निर्माणकार्य अघि बढेसँगै बेनी–अर्थुङ्गे सडक खण्डमुनिको बस्तीमा अचानक ठूलो बाढी पस्यो । भेलबाढीले बगाएर ल्याएको माटो र ढुंगाले क्याम्पसचोक र मंगलाघाटका धेरै घर र पसल पुरिए । खोज्दै जाँदा, सडक विस्तार र सुधारका लागि भन्दै डोजर लगाएर पहाडको टुप्पामा खनेर थुपारेको माटो तल बगेर आएको भेटियो । "डोजरले जथाभावी खनेर थुपारेको माटो र ढुंगाले प्राकृतिक रूपमा रहेका खोल्सा थुनिए । पानी परेपछि खोल्साले निकास खोज्दा त्यही माटो र ढुंगा तल बस्तीमा बगाएर ल्यायो", भू-संरक्षण अधिकृत पौडेल सम्झन्छन् ।

अधिकांश भूभाग ६० डिग्री भिरालोमा रहेको म्याग्दीको बेनी–अर्थुङ्गे सडकखण्डबाट बाढी बजारमा पस्न थालेपछि स्थानीयले विरोध गरे, जसले गर्दा सडक विस्तार कार्य तत्काल रोकियो । "सडक विस्तार प्राविधिक डिजाइन अनुसार नभएर डोजर अपरेटरले जस्तो चाहे, त्यसैगरी बनाइयो" सडक निर्माणलाई नजिकबाट हेरेका जिल्लास्थित एक इन्जिनियर भन्छन्, "भिरालो पाखामा जथाभावी डोजर चलाएकोले बेनीवासीको जीउज्यान खतरामा परेको छ ।"

जिल्ला प्रहरी कार्यालय म्याग्दीका अनुसार यस वर्ष आएको बाढीले क्याम्पसचोक र मंगलाघाट बजारमा मात्र ५४ पसलहरूमा रू.१ करोड ३८ लाख मूल्य बराबर क्षति पुग्यो । १२० घरमा हिलो पस्यो । मानवीय क्षति नभए पनि अघिल्ला वर्षको भौतिक क्षति योभन्दा दोब्बर थियो ।

बाढीले घर र पसलमा क्षति मात्र पुऱ्याएन, सडक र घरपसलमा पसेको डेब्रिज हटाउन मात्रै जिविस र बेनी नगरपालिकाले अतिरिक्त रू.१० लाख खर्च गर्नुपऱ्यो । बाढीले बनाएको खोल्सामा बेनी नगरपालिकाको २८ लाख र समुदायको ११ लाख लागतमा तटबन्ध निर्माणको काम भैरहेको छ ।

स्थानीयको विरोधपछि रोकिएको सडक निर्माण पाँच वर्षपछि पुनः शुरू भयो । २५ वैशाख २०६८ मा डीआरएलपीले बेनी–अर्थुङ्गे सडक विस्तारका लागि गोल्डेनगेट/खानी/लामा जेभी कम्पनीलाई चार महीनामा काम सम्पन्न गर्ने गरी रू.२ करोड ८२ लाखमा ठेक्का दियो । जेठ अन्तिम साताबाट काम शुरू गरेको कम्पनीले उसैगरी डोजर चलाएर सडकको भित्ताबाट माटो झिक्ने र ग्रेडिङ मिलाउने भन्दै त्यो माटो बस्तीतर्फको भिरालो पाखोमा फाल्न थाल्यो । तर, वर्ष दिन नबित्दै काम अधुरो छाडेर ठेकेदार भाग्यो । बस्तीको सिरानमा डोजर लगाएर खनेको माटो बाढीले बगाएर



तस्वीरहरू: घनश्याम खड्का

**डोजर प्रयोग गरी लेदोले भरिएको सडकबाट गिट्टी, माटो निकालिंदै ।**

क्याम्पसचोक र मंगलाघाट बजारमा क्षति पुऱ्याएपछि स्थानीयको दबाब थेग्न नसकेर ठेकेदार भागेको चर्चा चले पनि आयोजनाले ठेकेदार किन भाग्यो र उसलाई कति भुक्तानी दिइयो भन्नेबारे जानकारी दिन चाहेन । आयोजनाको जिल्लास्थित व्यवस्थापन कार्यालयले उपलब्ध गराएको लिखित पत्रमा 'ठेकेदारले अन्तिम किस्ता रकम लिए/नलिएको लेखाबाट प्रष्ट नखुलेको' उल्लेख छ । लेखापाल रामबाबु यादव पुराना अभिलेख खोज्न नसकिने भन्दै पन्छिए ।

३० जेठ २०७१ मा जिल्ला विकास समिति र जिल्ला प्राविधिक कार्यालय अन्तर्गत रहने गरी डीआरएलपीले बेनी–अर्थुङ्गे सडक विस्तारका लागि अतिरिक्त लगानी गर्दै पहिलो चरणमा ग्याभिन जाली, मेशीनरी वाल र नाली, ग्याभेल र आरसीसी/पीसीसी गर्न ललितपुरको सानेपास्थित शिवशक्ति/नाना जेभीलाई रू.२ करोड ८४ लाखमा दुईवर्षे ठेक्का दियो । ठेक्का सम्झौता लगत्तै बर्खा लागेकाले ठेकेदारले कात्तिकसम्म काम गरेनन् । प्रशासनिक खर्च बाहेक घरटहरा, रूखबिरूवा, खेतीबालीलाई क्षतिपूर्ति तिर्दा आयोजनाको रू.१ करोड ३१ लाख सिद्धियो ।

हिउँद लागेपछि ठेकेदारले उसैगरी डोजर चलायो । माटो झिक्यो र बाटोमै छाडिदियो । २०७२ जेठ अन्तिम साताको भीषण वर्षासँगै सडकबाट बस्तीमा पसेको बाढीले फेरि सदरमुकामका घरहरू पुऱ्यो । आयोजना र उसको काम हेर्ने जिविसको चौतर्फी विरोध भएपछि नाली पक्की बनाउने, ग्याभिन भर्ने र भेल–बाढीलाई विभिन्न स्थानबाट निकास दिने काम गरियो ।

## 'ठूला दलहरू जिम्मेवार'

जब पानी दर्किन्छ, सडकका खोल्साबाट उर्लंदो बाढी वितण्डा मच्चाउँदै बेनीबजारको बस्तीमा पस्छ । अनि शुरू हुन्छ; सांसद्हरू, दलहरू, जिल्ला प्रशासन कार्यालय, भूसंरक्षण, जिविस, उद्योग वाणिज्य संघ र स्थानीयवासीहरू प्रभावित क्षेत्र डुल्ने शृंखला । उनीहरू फोटो खिच्छन्, फेसबूकमा बेनीबजार संरक्षणका योजना र सपना बाँड्छन् । पानीको निकास निकाल्ने योजना पनि बनाउँछन् । तर कार्यान्वयन हुँदैन ।

किनभने, सडकको नक्शा (ड्रइङ) नै प्राविधिक रूपमा त्रुटिपूर्ण छ । आयोजनाले सडकको नक्शांकन गर्दा तल बस्ती छ भन्ने हेक्का राखेको देखिंदैन । सडक निर्माणपूर्व जुन-जुन खोल्साबाट प्राकृतिक भेलबाढीको बहाव थियो, त्यो अवरूद्ध बनेपछि पानीले बहाव खोज्दै सडक काट्छ र बस्तीतर्फ सोझिन्छ । आयोजना शुरू हुनुपूर्व जिविसले क्याम्पसचोकमा झर्ने बाढी तर्काउन सडकको २.३ किमी माथि आँपका रूखछेउको घुम्तीमा ह्यूमपाइप राखी बाढीलाई नालीबाट ल्याएर पुरानै खोल्साबाट बगाएको थियो । तर आयोजनाका प्राविधिकले भेल भिरालो सडकको नालीबाट बगाउँदा सडक र आयोजनाको छवि बिग्रने भन्दै जोखिमयुक्त बस्तीतर्फ सोझ्याइदिए । जिल्ला सडक समन्वय समिति (डीआरसीसी) का सदस्यहरूका अनुसार आयोजनाका प्राविधिक र ठेकेदारको मिलेमतोमा राजनीतिक दलहरू सम्मिलित डीआरसीसीलाई कथ्य र लेख्य भाषामा झुक्याइन्छ ।

"स्थलगत अध्ययनपछि डीआरसीसीको बैठकमा प्रष्टसँग सडकको भेलपानी तर्काउने ठाउँ तोकिन्छ, तर प्राविधिकहरूले योजनाको नक्शांकन गर्दा ती स्थान छुटाएका हुन्छन्" डीआरसीसीका सदस्य रहेका एमाले म्याग्दीका सचिव बालकृष्ण सुवेदी भन्छन्, "आयोजनाका काठमाडौंस्थित कन्सल्टेन्सीका प्राविधिक र ठेकेदारको काम शंकास्पद छ ।"

डिजाइन इष्टिमेटमा सडक खन्दा निकालिएको ढुङ्गा र माटो कहाँ व्यवस्थापन गर्ने भन्ने उल्लेख छैन । आयोजनालाई सहयोग गर्न बनेको जिल्ला सडक समन्वय समिति र आयोजनाकै जिल्ला कार्यालयले फरक-फरक समयमा सडक खण्डको स्तरोन्नति गर्ने क्रममा पानी तथा नाली व्यवस्थापनमा समस्या आएकोले 'रि-डिजाइन इष्टिमेट' गरी आयोजना समन्वय इकाई (पीसीयू) काठमाडौंलाई पत्राचार गरे पनि बेवास्ता हुँदै आएको छ । पछिल्लो पटक २३ जेठमा आयोजनाको जिल्लास्थित कार्यालयले पीसीयूलाई लेखेको पत्रमा भनिएको छ- 'बेनी-पाखापानी सडकअन्तर्गत पर्ने क्याम्पसचोक र मंगलाघाटको पहिरो नियन्त्रण गर्ने डीपीआर स्वीकृत गरिदिनुहुन अन्यथा आयोजना समयमै सम्पन्न गर्न नसकिने, आयोजना लागू भएदेखि हालसम्मको प्रगति नदेखिने र जिल्लामा डीआरएलपी आयोजना असफल हुनेछ ।'

सडक विस्तार गर्ने डिजाइन इष्टिमेटमै बस्तीको सिरानमा रहेको भीरमा डोजर चलाउँदा निस्कने माटो व्यवस्थापनको परिकल्पना गरिएको छैन । त्यहीकारण पनि ठेकेदारले 'इष्टिमेटमा माटो कहाँ फाल्ने भन्ने उल्लेख नभएको' भन्दै जथाभावी फाल्छन् । "आयोजनाले नियुक्त गरेका कन्सल्ट्यान्ट/प्राविधिकहरूले डिजाइन इष्टिमेट गर्दा माटोको सुरक्षित व्यवस्थापनको कल्पना गरिएन, हामीले बनाएको डिजाइन पनि स्वीकृत गरिएन", जिल्ला इन्जिनियर ओमबहादुर केसीले भने ।

बेनीको पछाडि ८० डिग्री भिरालो बलौटे पहाड छ । त्यही पहाडको टुप्पोमा पर्छ, अर्थुङ्गे । बेनी–अर्थुङ्गे–पाखापानी सडक यही भीर चिर्दै बस्तीको बीचबाट लेकाली बस्तीतर्फ उकालो लागेको छ । सदरमुकाम झर्ने भेल र बाढीलाई अर्थुङ्गे बस्तीबाट बाँड्ने योजनामा अवरोध हुनु विपत्तिको अर्को कारण हो । तोरीपानीतर्फको सडकबाट आउने भेललाई सैनिक ब्यारेकभन्दा माथिबाट नाली बनाएर जामुनाखर्कतर्फ झर्ने खोल्सामा खसाउने, पुलाचौरतर्फको सडकबाट आउने भेललाई देउरालीबाट दक्षिण भ्याप्ले खोलामा पु¥याउने र ब्यारेकको गेटछेउबाट तल झार्ने, बेनी खानेपानीछेउको खोल्साबाट केही र बाँकी मंगलाघाट झर्ने भेलपानी महारानीथान छेउबाट कटाएर फाल्ने योजना थियो । तर स्थानीयले त्यो हुन दिएनन् ।

डीआरएलपीको अतिरिक्त लगानीको दोस्रो चरण भन्दै सोही सडकको माथिल्लो खण्डमा काम गर्न २२ कात्तिक २०७२ मा ललितपुरस्थित 'हिम्दुग एण्ड थोकरनाना जेभी' कम्पनीलाई रू.६ करोड ५१ लाखमा ठेक्का दिइयो । फेरि उही सिलसिला दोहोरियो– बस्तीको सिरानमा डोजर चल्यो, अनि माटोको थुप्रो भेलपानीसँगै २५ जेठ २०७३ मा बेनीबजार पस्यो । आयोजनाको पहिलो चरणमा गरिएको काम भिरालो पाखो तथा भीर खण्डमा हो भने दोस्रो चरणको काम भेलबाढी जम्मा हुने मुख्य बस्ती क्षेत्रमा हो ।

"हामी दोस्रो ठेक्काबाट नियुक्त भएका हौं, आयोजनाका कन्सल्टेन्ट इन्जिनियर, नियामक प्राविधिक कार्यालय/जिविसका प्राविधिकले दिएको डिजाइन इष्टिमेट र लाइन अनुसार तोकिएको गुणस्तरमा काम गरिरहेका छौं" बेनी–अर्थुङ्गे सडक खण्डमा काम गरिरहेका पेटी ठेकेदार विपिन खड्काले भने, "जेठ अन्तिममा सम्झौता भयो, बर्खाको सिजनमा काम गर्न सकिएन, पछि नाकाबन्दी भयो । इन्धन आपूर्ति सहज भएपछि काम गरिरहेका छौं । हामीले बनाएका संरचनाको सुरक्षा गर्नु पेशागत दायित्व भए पनि भेलपानीको निकास खोज्ने काम आयोजना, जिविस र स्थानीय दलहरूको हो ।"

सडकको स्तर सुधार भएसँगै भेलबाढीको समस्या स्वतः समाधान हुने भन्दै स्थानीयको विरोधलाई बेवास्ता गरिएको छ । स्थानीय विकास अधिकारी प्रमुख रहने आयोजनाको जिल्ला व्यवस्थापन कार्यालयले सदरमुकाममा झर्ने भेलबाढीलाई माथिल्लो अर्थुङ्गेबाटै विभिन्न प्राकृतिक खोल्साहरूमा विभाजन गर्ने आश्वासन दिए पनि कार्यान्वयन नहुँदा वर्षेनि सदरमुकाममा बाढीको विपत्ति निम्तिन्छ । बेनीबाट बढीमा १५ सय मिटर माथि अर्थुङ्गे डाँडामा पोखरी निर्माण गरी भेलबाढी जम्मा गर्ने र ठूला पाइप राखेर तल म्याग्दी खोलामा सोझै खसाल्ने हो भने समस्या सुल्झन सक्छ । तर आयोजना र जिविसले स्थानीयले अघि सारेको यो विकल्पलाई बेवास्ता गरेका छन् ।

सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसारको डिजाइनमा काम भएन, ठेकेदारको इच्छाअनुसार डोजर चालकले जस्तो चाहे, त्यसैगरी पहाडको भित्ता ताछ्ने छूट दिइयो । पटकपटक बाढीले वितण्डा मच्चाउँदा पनि यसको प्राविधिक पक्षबारे सोच्न आवश्यक ठानिएन । "दाताको शर्तमा ल्याएको ऋणको पैसाले तलबभत्ता खाएका आयोजनाका अधिकारी र कन्ट्रयाक्टरहरूले एउटै गल्ती दोहो¥याउँदा पनि चूप लाग्नु चरम लापरबाही हो" प्रमुख जिल्ला अधिकारी केशवराज आचार्य भन्छन् ।

क्याम्पसचोक र मंगलाघाटमा बारम्बार बाढीको समस्या आएपछि स्थानीयले सडकको अलाइमेन्ट (रेखांकन) परिवर्तन गरी महारानीथान माथिको घुम्ती हुँदै पश्चिम थाकनपोखरीबाट अर्थुङ्गे देउरालीमा जोड्न सुझाएका थिए । तर, आयोजना, जिविस र दलहरूले 'ठूलो लगानी भइसकेको' भन्दै त्यसलाई सुनेको नसुन्यै गरे । अलाइमेन्ट परिवर्तन गर्दा बढीमा एक किलोमिटर नयाँ ट्र्याक खोल्नुपर्छ । "बारम्बार एकै ठाउँबाट उस्तै विपत्ति निम्तिइरहँदा ठेकेदार र आयोजनाका प्राविधिकको चिप्ला कुरामा नफसी सडकको अलाइमेन्ट परिवर्तन गर्न सुझाव दियौं । त्यसो गर्दा बेनीमा झर्ने भेलबाढी सडकसँगै सुरक्षित खोल्सामा पुग्छ, तर ठूला दलहरू नै मान्दैनन्" राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष पहलबहादुर खत्री भन्छन्, "खै कहाँबाट प्रभावित भएर हो, जबर्जस्ती एकैठाउँमा विपत्ति घोप्ट्याउन सबै एकमत छन् ।"

स्थानीय विकास मन्त्रालयले २२ असार २०६७ मा जिल्ला यातायात गुरूयोजना निर्देशिका जारी गर्दै स्थानीय सडक निर्माण गर्दा वातावरणीय तथा प्राविधिक दृष्टिले उपयुक्त भए मात्र काम गर्न निर्देशन दिएको थियो । निर्देशिका अनुसार सडक निर्माण गर्दा पहाडी क्षेत्रमा वातावरणीय मूल्यांकन नगरी डोजर चलाउन पाइँदैन, श्रममूलक प्रविधि (मान्छे) बाट काम हुनुपर्छ । २०७२ जेठमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि वातावरणीय अध्ययन विना पहाडी क्षेत्रमा डोजर नचलाउन निर्देशन दियो ।

तर, जिविस र डीआरएलपीले मन्त्रालयको परिपत्र तथा अख्तियारको निर्देशन मानेनन् । बेनी–अर्थुङ्गे–पाखापानी कृषि सडक कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत निर्माण गरिए पनि स्तरोन्नतिको काममा नाली खन्न र केही भागमा माटो कटिङका लागि मात्र डोजर प्रयोग गर्न छूट दिइएको जिविसको जिकिर छ । तर, डोजरले झिकेको ढुंगामाटो कहाँ व्यवस्थापन गर्ने भन्ने कुरा डिजाइन इष्टिमेटमा उल्लेख नगरिएको फाइदा उठाउँदै भित्तो काटेर डिलमुनि फ्याँक्ने काम गरियो । "पहिला के भएको हो भन्ने खोज्नै मुश्किल छ, हामीलाई दोस्रो फेजका डकुमेन्ट मात्र उपलब्ध गराइएको छ । वातावरणीय प्रभाव मूल्यांकन अनुसार काम गर्न सडकको डिजाइन इष्टिमेटमै त्रुटि छन्, सच्याएर रि-डिजाइन गर्न बजेट र स्वीकृति माग्दा आयोजनाले वास्ता गर्दैन" जिल्ला प्राविधिक कार्यालयका प्रमुख, इन्जिनियर ओमबहादुर केसी भन्छन् ।

यसको परिणाम २८ जेठ २०७३ को राति आएको बाढीले ढुङ्गामाटो बगाउँदा बेनी नगरपालिका-७ क्याम्पसचोकस्थित ठाकुर शर्माको सगुन स्टेसनरीको पसल तथा गोदाम माटोमा मिसिंदा रू.२५ लाख बराबरको धनमाल नष्ट भयो । शर्मा भन्छन्, "हामीलाई सडक चाहिएको थियो, तर त्यही सडक आयोजनाका कारण घरबाट आफैं सडकमा पुगियो ।"

## जिम्मेवारी कसको ?

जिल्ला विकास समिति म्याग्दीका स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेल सम्झौता अनुसार सडकको माटो–ढुंगा व्यवस्थापन नहुनुमा ठेकेदार, आयोजना र नियमन निकाय जिविसको समेत जिम्मेवारी ठान्छन् । पौडेल भन्छन्, "आयोजना, ठेकेदार र जिविस सबैबाट धेरथोर गल्ती भएकै


हो । ठेकेदारलाई काममा जिम्मेवार बनाउन नसक्नु, बारम्बार दोहोरिएको समस्यामा ख्याल पुऱ्याउन नसक्नुमा दाता र आयोजनासँगै हामी पनि दोषी छौं ।"

विकासले ल्याएको विपत्तिको बेनी–अर्थुङ्गे सडक एउटा उदाहरण मात्र हो । भौगोलिक जोखिमको अध्ययन नगरी इन्जिनियरिङ डिजाइन–निर्माण गर्दा र निर्माणका क्रममा क्षति पुगेको क्षेत्रको आवश्यक संरक्षण 'ट्रिटमेन्ट' पनि नहुँदा जिल्लाका धेरै सडक पहिरोको जोखिममा छन् । कमजोर भौगर्भिक बनोटलाई पहिचान गर्न नसक्दा वा बेवास्ता गर्दा सडक पूर्वाधार विनाश र विपत्तिको कारक समेत बन्न थालेको छ ।

जिल्ला विकास समिति म्याग्दीले चालू आर्थिक वर्ष (२०७२/७३) मा विभिन्न शीर्षकमा ६३ वटा सडक निर्माण गरिरहेको छ । स्थानीय यातायात पूर्वाधार विकासतर्फ १३ वटा, दुई जिल्ला जोड्ने ७ वटा, निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत १२ वटा, सांसद् विकास कार्यक्रमका ११ वटा, विद्युत् कार्यक्रम (विद्युत् रोयल्टी रकम) बाट ११ वटा, जिविस अनुदानबाट ६ वटा र मर्मत १ समेत गरी सडक योजनामा ११ करोडभन्दा बढी रकम खर्च भइरहेको छ । तर जिल्लाभरका सडकको यो बजेटभन्दा बढी रकम खर्च हुँदा पनि सडकको अवस्था नसुध्रिनुले योजनामा भएको चरम लापरवाही पुष्टि गर्छ ।

जिल्ला भू–संरक्षण कार्यालयले गत वर्ष गरेको अध्ययन अनुसार बेनी नगरपालिका क्षेत्र बाहेक कालीगण्डकी, म्याग्दी खोला र राहुघाट जलाधार क्षेत्रका ३८ वटा बस्ती पहिरोको उच्च जोखिममा छन् । तीमध्ये कुइनेको चौरखानी पहिरो, पुलाचौरको चिप्लेटी, ओखरबोट, पात्लेखेतको बान्द्रखाल्टी, पाखापानीको रायोखोर र बेसी, भकिम्लीको तोराखेत, चील बस्ने डाँडो, बरंजाको खस्रुपानी, झिङको घ्याङ्ग्रीखोला, शिखको घट्टेखोलाको पहिरो वर्षेनि बग्छन् । यी पहिरोबाट जिल्लाका एक हजार घरधुरी प्रत्यक्ष जोखिममा रहेको भू–संरक्षण कार्यालयको तथ्यांकमा उल्लेख छ । भू–संरक्षण अधिकृत दिवाकर पौडेल भन्छन्, "पहिरो नियन्त्रण गर्न विस्तृत सर्वे डिजाइन भए पनि न्यून बजेटमा टालटुले काम गर्दा हिउँदमा ग्याबिन भरिए पनि बर्खामा पहिरोले बगाइदिन्छ ।"

*(३० असार २०७३, www.cijnepal.org.np)*



इन्फोग्राफिक्सः दीपेन्द्र कर्ण

# १७.

## कागजी निकासः असारमा विकास

राजनीतिज्ञ, कर्मचारी र ठेकेदारहरू विकास बजेट खर्च गर्न किन असार महीना नै पर्खन्छन् ? यसनिम्ति हाम्रो आर्थिक कानून, अर्थ प्रशासन र कार्यप्रणाली कति जिम्मेवार छ ? समग्रमा मुलुकको विकास बजेट राजनीतिक दल, सांसद्, सम्बन्धित मन्त्रालय र स्थानीय तहका नेताहरूको स्वार्थमा कसरी प्रयोग भइरहेको छ ?

● **कृष्ण आचार्य**

३२ जेठ २०७३ मा अर्थ मन्त्रालयले पाँच वटा सडकका लागि रू.१ करोड १० लाख खर्च गर्ने अनुमति दिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई पत्राचार गर्‍यो । मन्त्रालयले त्यो पत्र २ असारमा जिविस बझाङ पठायो । जुन स्थानीय विकास मन्त्रालय आफैंले ९ जेठ सबै जिविसहरूलाई पठाएको परिपत्र विरूद्ध थियो । मन्त्रालयले 'स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९' परिमार्जन गरी वैशाख मसान्तसम्म सम्झौता गर्ने अवधि जेठ पुर्‍याएको थियो । तर यो व्यवस्था छल्ने योजना सिंहदरबारभित्रै बनाइयो ।

अर्थ हुँदै स्थानीय विकासले हेमन्तवाडा, भण्डार, कोटदेवल, मेलविसौना सडकका लागि रू.३० लाख, चैनपुर सुइल मयाना, सिमखेत सुर्मा, बागथला भामचौर र किमतोला छयाला सडकका लागि रू.२०/२० लाखका योजना पठायो । त्यसको भोलिपल्ट छुट्टाछुट्टै पाँच वटा निर्माण समितिको बैठक बस्यो । एकै व्यहोराको 'योजना सञ्चालनका लागि सम्झौता गर्न निवेदन दिने' निर्णय गरे । ४ गते निवेदन दिए । सोही दिन '१५ असारसम्म काम सम्पन्न गर्नू' भनेर सम्झौता भएको कागज तयार भयो ।


तर, उपभोक्ता समितिसँग औपचारिक सम्झौता चाहिं १२ असारमा भएको जिविसका एक कर्मचारीले बताए । यसको भित्री कथा चाहिं पहिला भएको काम देखाएर भुक्तानी लिने तयारी हो । "यसअघि नै अन्य स्रोतबाट काम भइसकेकाले सोही रकम पूर्ति गर्न नयाँ योजना हालिएको भन्ने सुनेको छु", गएको १४ असारमा सरूवा भएका पूर्व स्थानीय विकास अधिकारी आत्माराम सत्यालले टेलिफोनमा भने, "आर्थिक वर्षको अन्त्यमा आएर सम्झौता नगर्ने भनेको हो, राजनीतिक दबाबले गर्न बाध्य भइयो ।"

जिविस स्रोतका अनुसार काम सम्पन्न भइसकेको मूल्यांकन गरी सबै रकम भुक्तानी दिने तयारी छ । इन्जिनियर लालबहादुर थापाले यसको संकेत गर्दै भने, "धमाधम काम भइरहेको छ । कुनै सडकमा त दुई/दुई वटा डोजर पनि चलाइएका छन् । २४ गतेसम्म शतप्रतिशत प्रगति हुन सक्छ ।"

झापा मेचीनगर नगरपालिकाले मध्य असारमा रू.१६ लाख ६२ हजार खर्च गरेर शान्ति मार्ग (सुपारी लाइन) मा दर्जनौं खाल्डाखुल्डी टाल्यो । अघिल्लो वर्ष पनि यसैगरी टालटुल गर्न रू.१५ लाख खर्च भएको थियो । यी दुवै वर्षको कामको प्रकृति एउटै छ । शान्ति निर्माण सेवाले सडक मर्मत र ग्राभेल ठेक्का लिएको छ । अघिल्लो पटक पनि उसैले यो काम गरेको थियो ।

कृषि मन्त्रालयले २०७३ असार ६ गते कृषि विकास कार्यालय झापालाई यो वर्ष बजेट खर्च गर्न रू.१९ लाख २० हजारका ६ वटा योजनाको 'गोप्य' अख्तियारी पठायो । गौरादहमा कृषि उपज संकलन केन्द्र बनाउन, संकलन केन्द्रलाई डिजिटल तराजु खरीद, बुधबारेका सुपारी कृषकका लागि प्रशोधन औजार खरीद, धाइजन-६ मा हाते ट्याक्टर खरीद, सतासीधाममा मह प्रशोधन मेशीन खरीद गर्न, दुवागढीमा माछापोखरी निर्माण गर्न ढिलो गरी गोप्य बजेट पठाइएको हो ।

यति हतारमा किन लुकिछिपी यो काम गर्नु परेको हो ? "यस पटक त चाँडै पो आएछ", कार्यालय प्रमुख मेघराज तिम्सिनाले भने, "असार १८ मा पनि योजना आएको उदाहरण छ ।




६ वटै योजनाको सम्झौता भइसकेको छ । २५ दिनभित्र काम सकेर रकम भुक्तानी गर्ने तयारी कार्यालयको छ ।"

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय आफैंले झापाका ७ नगरमा सौर्य बत्ती जडानका लागि असार २ गते रू.१२ करोड ५७ लाखको बजेट पठाएको छ । ७ वटै नगरले बजेट फ्रिज हुन नदिन हतारमा काम गर्दैछन् ।

असारमा बजेट सक्नकै लागि माथिदेखि तल्लो निकायको मिलेमतोमा कानूनी व्यवस्था र मापदण्ड उल्लंघन गर्दै कसरी काम गरिरहेका छन् भन्ने यी केही उदाहरण मात्रै हुन् । अहिले मुलुकभर यही शैलीमा धमाधम काम भइरहेको छ । असार मसान्तमा बजेट नसकिए खर्च बढी देखाउने अन्य उपायहरू समेत सरकारी निकायहरूसँग छ ।

## रकम लुकाउन 'ग' खाता

बढी खर्च देखाउन कानून, मापदण्ड उल्लंघन गर्दै असारको अन्तिममा खर्च गरेर बाँकी रहेको रकममा स्थानीय निकायले चलाखीपूर्ण धूर्त्याइँ गर्छन् । जस्तो कि जिविससहित स्थानीय निकायमा

केन्द्रीय निकायबाट अनुदानका रूपमा एकमुष्ट बजेट जान्छ । उसको आफ्नै स्रोतबाट पनि बजेट संकलन गर्छ । केन्द्रीय निकायबाट जाने बजेटमा कोष तथा लेखा नियन्त्रक कार्यालयको निगरानी हुन्छ । आफ्नै स्रोतबाट संकलित शीर्षकको खातामा भने उसको नियन्त्रण हुँदैन । आर्थिक कार्यविधि नियमावली, २०६४ ले आर्थिक वर्षभित्र खर्च गरेर रहेको बाँकी रकम 'फ्रिज' गरी सरकारको सञ्चित कोषमा जम्मा गर्नुपर्छ । 'फ्रिज' हुनबाट जोगाउन स्थानीय निकायको छुट्टै खातामा लुकाउँछन् । जसलाई स्थानीय निकायमा चल्तीको भाषामा 'ग' खाता भनिन्छ । कुनै शीर्षकमा विकास निर्माणको काम सम्पन्न भएको भन्दै यो खातामा बजेट लैजान्छन् । वास्तविकतामा काम नै भएको हुँदैन ।

'ग' खाताको बजेट 'फ्रिज' हुँदैन । गएको आर्थिक वर्षमा मात्रै स्थानीय निकायले रू.२८ करोड ८२ लाख फ्रिज नगरी 'ग' खातामा लुकाएका थिए । "सञ्चित खातामा जम्मा गरे राज्यको ढुकुटीमा हुनेथियो । बाँकी बजेटले अर्को वर्ष खर्च गर्ने योजना बनाउन सरकारलाई सजिलो हुन्थ्यो", महालेखा परीक्षकको कार्यालयका प्रवक्ता एवं नायब महालेखा परीक्षक बाबुराम गौतमले भने, "लुकाएर राख्दा यो वर्षको पूँजीगत खर्चको प्रगति झूटो देखिने भयो । काम नै नभएको खर्च देखाउनु अर्को झूट भयो । यो रकम अर्को वर्ष बजेटले निर्धारण गरेको क्षेत्र बाहिर पनि खर्च गर्छन् । यो सरासर संसद्लाई छल्ने काम भयो ।" जनप्रतिनिधिविहीन अवस्थाको फाइदा उठाउँदै पैसा लुकाउने र पहुँचवाला खुशी पार्न अनुकूलका आयोजनामा लुकाइएको बजेट खर्च गर्ने गरेका छन् । उनले भने, "क्रमशः घट्दो क्रममा भए पनि जुन मात्रामा घट्नुपर्ने हो, छैन ।"

## खर्च देखाउन पेश्की

पूँजीगत खर्च बढी देखिने अर्को आधार पनि छ, पेश्की । हरेक वर्ष बढिरहेको पेश्कीको ग्राफले खर्च बढी देखाउने मात्र नभएर, ठेकेदार र कर्मचारीबीचको मिलेमतो समेत स्पष्ट पार्छ । खरीद व्यवस्थामा ठेक्काको प्रकृति अनुसार २० देखि ३३ प्रतिशत रकम पेश्कीको रूपमा ठेकेदार वा उपभोक्ता समितिले लैजान पाउँछ । कतिपय ठेकेदारले पेश्की लैजान्छन्, काम गर्दैनन् । गर्नेले समेत अन्तिम समयसम्म पेश्की फर्स्योट नगरेको उदाहरण गएको वर्षको महालेखा परीक्षकको प्रतिवेदनमा देख्न सकिन्छ । प्रतिवेदनअनुसार गत वर्षको बेरूजु अर्थात् सरकारी निकायले रीत नपुऱ्याई गरेको आर्थिक कारोबारको रकम रू.५६ अर्ब ६५ करोड ३० लाख हो । यसमध्ये ४६.१६ प्रतिशत पेश्की अन्तर्गतको हो । यसमा पनि ठेक्का सम्झौता भएपछि ठेकेदारले लैजाने 'मोबिलाइजेशन' पेश्कीको हिस्सा मात्रै १८.७३ अर्थात् रू.१० अर्ब ६१ करोड ३७ लाख छ । यो रकम समेत पूँजीगत खर्चको प्रगतिमा देखिए पनि काम भएको हुँदैन । यसले विकासको काममा मात्रै असर गरेको छैन, आर्थिक प्रणालीमा बेइमानी गर्नेहरूलाई बलियो बनाउँदै लगेको छ ।

"तत्कालीन अवस्थामा ठेकेदारलाई निर्माण कार्यमा संलग्न गराउनकै लागि सार्वजनिक खरीद ऐन उनीहरूप्रति लचक बनाइयो । परिस्थिति बदलिंदै गएपछि कर्मचारीको मिलेमतोमा यो व्यवस्थाको दुरूपयोग भयो", पूर्व महालेखा परीक्षक भानु आचार्य भन्छन्, "त्यसैले सार्वजनिक

खरीद ऐन संशोधन गर्नुपर्ने आवश्यकता परेको हो ।" कतिपय कार्यालयले वर्षान्तमा वित्तीय प्रगति देखाउनकै लागि उपभोक्ता समिति वा ठेकेदारलाई पेश्की दिएर खर्च बढी देखाउँछन् । यससम्बन्धी अनुगमनको जिम्मेवारी प्रधानमन्त्री कार्यालय मातहतको 'सार्वजनिक खरीद अनुगमन कार्यालय' को हो । अनुगमन गर्नुपर्ने सरकारी निकायहरू झन्डै ४० हजारको संख्यामा छन् । जम्मा ५० कर्मचारी भएको यो निकायको काम केही ठेकेदार कम्पनीलाई कालोसूचीमा राख्नेमा सीमित छ ।

प्रगति देखाउने उपाय यति मात्रै हैन । एउटा शीर्षकमा आएको बजेट अर्को क्षेत्रमा समेत खर्च गरिन्छ । गोरखा नगरपालिकाको बजेटमध्ये केहीमा यस्तै काम हुँदैछ । यहाँ २०७२ चैत मसान्त (१० महीना) सम्ममा १२ वटा मात्रै योजना सम्झौता भएका थिए । आर्थिक वर्ष सकिन दुई महीना बाँकी हुँदा २०७३ वैशाख र जेठमा मात्रै २२० सम्झौता भइसकेका छन् । दुई महीनामा सम्झौता भएका यी योजनाको बजेट रू.५ करोड ३४ लाख ६५ हजार छ । यसैभित्र नगरपालिकाले महिला स्वयम्सेविका प्रोत्साहन कार्यक्रम असार १४ गते, वडानम्बर ११ को स्वास्थ्य चौकी मर्मत गर्न १७ र वडा नम्बर १० को स्वास्थ्य चौकी मर्मतलाई असार १५ गते सम्झौता भयो । अझ स्वास्थ्य चौकी मर्मतका लागि विनियोजन भएको बजेटबाट औषधि खरीद गर्ने योजना रहेको स्रोतको दाबी छ । यी तीन वटा योजनाको काम यसै महीना सकेर रू.१ लाख ६७ हजार भुक्तानी दिने तयारी छ ।

विकास निर्माणका अलावा गोष्ठी र सचेतना कार्यक्रममा पनि बजेट सकिन्छ । गोष्ठीमा फर्जी बिल पेश भएको पर्साको उदाहरण छ । जिविसले खानेपानी तथा सरसफाइ चेतना तालीम गर्न जेठ १६ मा स्थानीय विकास कोषसँग सम्झौता गऱ्यो । कोषले असार १० गते १५ गाविसमा तालिम सम्पन्न गरेको विवरण बनाई रू.६ लाख भुक्तानी लिइसक्यो । जिविसकै १२ कर्मचारीले तालीम दिए । एक दिनको रू.१२५० र रू.१००० भत्ता बुझे ।

कोष अधिकृत हरिप्रसाद कुर्मीले उपलब्ध गराएको प्रगति विवरण फाइलमा राखिएका बिलहरूमा खरीद नगरिएका सामग्रीको समेत मूल्य छ । ५ रूपैयाँको डटपेन ३५ रूपैयाँ राखिएको छ । मनोकामना बुक्स एण्ड स्टेशनरी सप्लायर्सको बिल नम्बर ८६ मा असार २ गते ५ हजार ३८५ रूपैयाँको तालीम सामग्री खरीद गरिएको छ । त्यसको भोलिपल्ट बिल नम्बर ६० मा ४ हजार ६३५ रूपैयाँको खरीद देखिन्छ । एउटै पसलबाट एक दिन अगाडिको बिल नम्बर ८६ र भोलिपल्टको ६० । जेठ २८ र ३१ गते स्टेशनरीबाट खरीद गरिएका बिल पनि यस्तै छन् । प्रगति फाइलका तस्वीरहरूमा मिति र स्थानमा कागज टाँसी पुरानै व्यानरले काम चलाइएको छ । प्रशिक्षार्थीलाई एक थान स्पाइरल नोटबूक र कलम दिइयो । बिलमा माइक्लियर ब्याग, मेटा कार्ड, न्यूज प्रिन्ट खरीद गरेको उल्लेख छ । भत्ता फारममा कलम, कापी, ह्यान्डस आउट वितरण गरिएको अभिलेख छ । प्रशिक्षण र रकमको परिमाण थोरै भए पनि बजेट सक्ने नाममा गोष्ठीकै कसरी दुरूपयोग भयो भन्ने प्रष्ट्याउँछ ।

## जनताको कर अरूको मस्ती

नेपालमा बजेट तयारी सधैंजसो राजनीतिक स्वार्थको शिकारमा हुने गरेको छ । सत्ता स्वार्थ र राजनीतिक समीकरणका कारण यसअघि मध्य असार अगावै कहिल्यै बजेट पेश हुन सकेनन् । २०६७/६८ को बजेट संसद्मा पेश गर्ने क्रममा तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेले प्रमुख प्रतिपक्षी पार्टी माओवादीका सांसद्बाट कुटाइ नै खानुपऱ्यो । यो प्रवृत्तिले साउन १ गते नै बजेट पास भएन ।

नयाँ आर्थिक वर्ष लागेपछि पास नहुन्जेलसम्म पेश्की विधेयकबाट मुलुकको खर्च प्रणाली सञ्चालन गर्ने प्रावधान छ । तर पेश्की विधेयकलाई कर्मचारी प्रशासनले विश्वासै गर्दैन । 'यदि संसद्बाट बजेट पास भएन भने ?' भन्ने वहानामा विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको बजेट अख्तियारी तल्लो तहमै पठाइँदैन । आर्थिक कार्यविधि नियमावली २०६४ यसमा बाधक छैन । नियमावलीको दफा ३२ ले पेश्की खर्च विधेयक पास भएपछि अर्थ सचिवले सम्बन्धित मन्त्रालयका सचिवलाई अख्तियारी पठाउनुपर्नेछ । त्यसको पन्ध्र दिनभित्र सम्बन्धित सचिवले मातहतका कार्यालयलाई खर्च गर्ने अख्तियारी पत्र पठाउनुपर्नेछ । नियमावलीले सम्बन्धित कार्यालयले प्रथम चौमासिक (साउनदेखि कात्तिक) सम्म ठेक्का स्वीकृत गरिसक्नुपर्ने व्यवस्था समेत गरेको छ । तर यो व्यवस्था कार्यान्वयन हुँदैन । "प्रथम चौमासिकमा ठेक्का बन्दोबस्त हुन नसकेको कारण सञ्चालित कार्यक्रममा लक्ष्य अनुसार प्रगति भएको छैन", महालेखा परीक्षकको ५३औं प्रतिवेदनले भनेको छ ।

एउटा उदाहरण गएको वर्ष सडक विभागले आफू मातहत पूँजीगततर्फ रू.३६ अर्ब ४६ करोड ३३ लाख अख्तियारी दिएको थियो । त्यसमध्ये रू.३ अर्ब ५४ करोड ५९ लाखको अख्तियारी आर्थिक वर्ष शुरू भएको ११ महीनापछि दियो । विभागबाट बजेट सिध्याउनकै लागि असार सकिन दुई दिन बाँकी हुँदा असार २८ गते पनि रू.२ अर्ब १३ करोडको अख्तियारी गयो । माथिल्लो निकायले नै अख्तियारी मापदण्ड उल्लंघन गरेपछि मातहतका कार्यालयले नियम पालना गर्ने कुरै भएन । यसरी मन्त्रालय, विभाग र कार्यालयभित्र ऐन नियम भनेको देखाउने विषय हुन् भनेर उल्लंघनमा एक खालको सहमति नै छ ।

सडक विभागले नियम पालना नगरेपछि तल्लो निकायले पनि समयसीमा उल्लंघन गरेको प्रमाण ठेक्का सम्झौताको विवरण हो । गत वर्षका रू.४१ अर्व ५८ करोड २३ लाखको ठेक्कामध्ये प्रथम चौमासिकमा मातहत निकायबाट करीब ११ प्रतिशत मात्रै सम्झौता भए । कार्यविधिले ठेक्का सम्झौता गर्न निषेध गरेको अवधि दोस्रो र तेस्रो चौमासिकमा क्रमशः २५ र ६४ प्रतिशत सम्झौता भएको छ । ६४ प्रतिशत ठेक्का सम्झौता असारमै भयो । असारमा योजना सम्झौता पुऱ्याइनाले कार्यविधिको उल्लंघन मात्रै भएन यो प्रक्रियामा संलग्नहरूलाई 'धमिलो पानीमा माछा मार्न सजिलो' हुनेभयो । निर्माण व्यवसायी, उपभोक्ता समिति र सरकारी निकायबीच यही विषयमा मुख मिलेका कारण बाहिर जतिसुकै विरोध भए पनि असारमा विकास गर्ने क्रम रोकिएन ।

"निर्माण व्यवसायीले काम गर्ने सडकतर्फको ठेक्कामा १० देखि १७ प्रतिशतसम्मको

कमिशनले अघोषित वैधता पाइसक्यो । असार महीनामा कोटेशनका आधारमा हुने ठेक्कामा त ३४ प्रतिशतसम्म कमिशन कर्मचारीले नै बुझ्छन्", लामो समय यस क्षेत्रमा काम गरेका एक उच्च अधिकारीको दाबी छ, "अब बुझ्नुस् जनताले तिरेको कर माथिदेखि तलसम्मका अधिकारी मिलेर कसरी उडाइरहेका छन् !"

समानुपातिकका सभासद् शिवचन्द्र चौधरीले यस्तै कमिशनको खेलमा परेको गत बिहीबारको विकास समितिको बैठकमा सुनाए । "मैले पोहोर फागुनमा योजना दिएँ, जिविसले कामै गरेन । वैशाखमा सम्झौता गऱ्यो" उनले भने, "किनभने शुरूमै केही प्रतिशत कमिशन माग्दोरहेछ, नदिए सम्झौता नगरिदिने । मेरो योजनाका उपभोक्ता समिति पदाधिकारीलाई जिविस कर्मचारीले २० प्रतिशत मागे, नभए कामै गरिदिंदैनौं भनेर दुःख दिएछन् ।"

असारमा काम गर्नकै लागि सार्वजनिक खरीद ऐन र नियमावलीको व्यवस्था छल्न अनेक उपाय छन् । टेण्डर गर्नुपर्ने योजनाको अख्तियारी सम्बन्धित निकायमा गएपछि सम्बन्धित कार्यालयले खरीद योजना बनाई माथिल्लो निकायबाट स्वीकृत गराउनुपर्छ । स्वीकृत पछि टेण्डर कागजात र मापदण्डहरू तोकिन्छन् । यति काम गर्नमै कर्मचारीले महीना दिन बिताइदिन्छन् । त्यसपछि २० लाखभन्दा कम बजेटको योजना टेण्डर गर्नुपरे सूचना प्रकाशित गरी १५ दिनको समय दिनुपर्छ । त्यसभन्दा माथिको योजनाको समयावधि ३० दिन । अन्तर्राष्ट्रिय टेण्डर भए ४५ दिन । टेण्डर परिसकेपछि मूल्यांकन समितिले पाँच दिनदेखि एक महीनासम्म लगाउँछ । टेण्डरमा त्रुटि देखिए पुनः सूचना जारी गर्नुपर्छ ।

यदि कुनै ठेकेदारको प्रस्ताव योग्य भए एक साताको समय दिई सार्वजनिक जानकारी गराउनुपर्छ । कसैले उजुरी गरे पुनः छानबीन गर्नुपर्छ । नपरे बल्ल सम्बन्धित ठेकेदारले योजनाको सम्झौता गर्छ । दोस्रो चौमासिकमा अख्तियारी आएपछि प्रक्रिया शुरू गर्दा पनि कम्तीमा तीन महीना लाग्छ । यो कानूनी जटिलता कर्मचारीका लागि काम पर सार्ने उपयुक्त बहाना हो । असारमा योजना ल्यायो र ठेक्का गर्ने तोकिएको समयावधि छैन भने अर्को उपाय पनि छ, 'अमानत' मा काम । सार्वजनिक खरीद ऐन र नियमावली अनुसार सरकारी कार्यालयले हतारमा कुनै काम गर्नुपरे 'अमानत' मा गर्न सक्छन् । अमानत भन्नाले कुनै सार्वजनिक निकाय आफैंले कुनै निर्माण कार्य गर्ने भन्ने हो । अमानतमा काम गर्न सजिलो छ । एक तह माथिको सरकारी अधिकारीबाट स्वीकृत लिई ज्यालादारीमा काम गराउन पाइन्छ । त्यसका लागि आयोजनाको बजेट भने एक लाख रूपैयाँ भन्दा कम हुनुपर्छ । अहिले स-साना सडक टाल्न, गोष्ठी गर्न, धेरै ठाउँमा यसरी पनि पैसा सिध्याउने काम भइरहेको छ ।

## काम नगरे हाइसञ्चो

अख्तियारी ढिलो जाने, गएपछि समयमा सम्झौता नहुने र भए पनि कानूनी छिद्र हेरेर अनियमित आर्थिक प्रणाली खडा गर्ने काममा कर्मचारी तथा ठेकेदारबीच मिलेमतो हुन्छ । नहुँदो हो त

कुनै कर्मचारीले तोकिएको मापदण्ड उल्लंघन गरेको भनेर कारबाही हुन्थ्यो । त्यसका लागि कानूनै नभएको हैन । आर्थिक कार्यविधि नियमावलीको २६ अनुसार बजेटको चौमासिक प्रगति विवरण प्राप्त भएपछि त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्छ । प्रगति कम भए कारण र जिम्मेवार व्यक्ति पहिचान गर्नुपर्छ । कारबाही गर्नुपर्छ । आर्थिक कार्यविधि ऐन २०५५ ले एक तहमाथिको अधिकृतले पहिलो पटक चेतावनी दिने र दोस्रो पटकदेखि पचास रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गरेको छ । तर कसैलाई छुनेबित्तिकै 'लहरो तान्दा पहरो थर्किने' डरले सिङ्गो कर्मचारी वृत्त मौन बस्छ ।

"वित्तीय उत्तरदायित्व र बजेट कार्यान्वयनका लागि केही समय पहिला केही सरकारी अधिकारीलाई यो व्यवस्था अनुसार कारबाही शुरू गरिएको थियो", पूर्व महालेखा परीक्षक आचार्य भन्छन्, "५० रूपैयाँ भए पनि कारबाही गरिसकेपछि कर्मचारीको बढुवामा असर पर्न थाल्यो भनेर यसलाई बीचैमा रोकियो । यो व्यवस्था कडाइसाथ कार्यान्वयन हुनै सकेन । सकेको भए यति धेरै बेथिति निम्तिंदैनथ्यो ।" यसरी कर्मचारीतन्त्रमा काम नगरेबापत कारबाही हुनै छाड्यो, बढुवा तथा पुरस्कारमा समेत कार्यसम्पादनलाई आधार मानिन छाड्यो । यसरी राजनीतिक नेतृत्वका स्वार्थै स्वार्थ र त्यसमाथि कर्मचारीले उठाइरहेको फाइदाको दुष्चक्रमा विकासका कामहरू पर्दै गए ।

कुनै त्रुटि भए अख्तियार दुरूपयोग अनुन्धान आयोग, सतर्कता केन्द्र र संसदीय समितिले अनुसन्धान, छानबीन र कारबाही गर्न सक्ने डरमा केही कर्मचारी त्यत्तिकै बस्न थाले । कर्मचारी वृत्तमा मौलाउँदै गएको कामचोर मानसिकताको उपचार गर्न चार वर्षदेखि बजेटमा 'बजेट प्रस्तुति, विनियोजन र कार्यान्वयन पक्षलाई जिम्मेवार र उत्तरदायी बनाउन बजेट व्यवस्थापन तथा वित्तीय जवाफदेहिता सम्बन्धी कानून तर्जुमा गर्ने' भनिरहेको छ ।

अनुत्तरदायी प्रशासन प्रणालीलाई निरूत्साहित गर्न यो कानून आवश्यक छ । यो बहस चलेको झन्डै १० वर्ष भयो । तर आएन । "आफैंले आफैंलाई बाँध्न धेरै ठूलो साहस र नैतिक बल चाहिन्छ । कुनै दाताले यो कानून चाहिन्छ भनिदियो, बजेट वक्तव्यमा हालियो", पूर्व मुख्यसचिव लीलामणि पौडेल भन्छन्, "यो कानून बनाउने कुरा निकालियो भने पहिला चाहिं गर्न नपर्ने मेरो पालामा किन भन्ने कुरा आउँछ ।" फलतः असारे विकास र अनुत्तरदायी शासनप्रणाली प्रोत्साहित भइरहेको छ ।

## मौलायो रकमान्तरको रोग

दुई वर्षअघिको बजेट अधिवेशन बोलाएलगत्तै तत्कालीन प्रतिपक्ष एमाओवादीले दुई वटा कारण देखाएर संसद् अवरोध गऱ्यो । पहिलो थियो– दोस्रो संविधानसभा निर्वाचनमा भएको भनिएको धाँधली छानबीन गर्न संसदीय समिति गठन र दोस्रो सरकारले गरेको रकमान्तर रोक्नुपर्ने । लगातार ६ दिन संसद् अवरोध भएपछि धाँधली छानबीन गर्न सात सदस्यीय समिति बन्यो । रकमान्तरबारे केही भएन । संसद् खुल्यो । "तत्कालीन अर्थमन्त्री रामशरण महतसँग माओवादी नेताहरूले पनि माग भएर

आए बमोजिमका योजनामा बजेट अभाव हुन नदिने भद्र सहमति भयो", अर्थका एक अधिकारीले त्यतिबेला भनेका थिए, "त्यसकारण रकमान्तर विवादको विषय नै बनेन ।"

आर्थिक वर्षको अन्तिममा आफूले भने अनुसारका आयोजनामा बजेट पार्न 'बार्गेनिङ' गर्न त्यसमा नेताहरूबीच हुने 'मिलिभगत' को त्यो एउटा उदाहरण थियो । सत्ता वा प्रतिपक्षका नेता/कार्यकर्ता रिझाउन आर्थिक वर्षको बीचमा बजेट चाहिने भएपछि कतिपय अर्थमन्त्रीले खर्च नहुने शीर्षकमा बढी बजेट राख्ने र पछि रकमान्तर गरी खुशी पार्छन् । खासगरी अर्थ मन्त्रालयको विविध शीर्षकमा यस्तो बजेट हुन्छ । विगत पाँच वर्षको रकमान्तरको तथ्यांक हेर्दा यो रोग फैलँदो छ । आर्थिक वर्ष २०७१/७२ मा विविध शीर्षकबाट रू.३५ अर्ब ८४ करोड १२ लाख रकमान्तर गरियो । यसभन्दा अघिल्लो वर्ष रू.६१ अर्ब ४३ करोड १४ लाख रकमान्तर गरिएको थियो । आर्थिक कार्यविधि नियमावलीले सम्बन्धित शीर्षकमा विनियोजन भएको बजेटमध्ये २५ प्रतिशत भन्दा बढी नहुने गरी रकमान्तर गर्न पाउने व्यवस्था गरेको छ । तर दुई वर्षअघि ७ वटा योजनाको रू.१ अर्ब ३७ करोड बजेट पूरै रकमान्तर गरिएको थियो । आर्थिक अनुशासनहीनताको बलियो प्रमाण हो, यो ।

रकमान्तरले संसद्ले पास गरेका योजनालाई बेवास्ता मात्रै होइन, अपमान गरिरहेको छ । त्यस बाहेक अन्तिम चौमासिक अर्थात् चैतपछि गरिने यो कामले असारे विकासलाई प्रोत्साहन गरिरहेको छ । यो बेथितिको विषयमा मन्त्रीहरूलाई आफू 'मतियार' बनिरहेको छु भन्ने थाहा नभएको हैन । तर राजनीतिक र निजी स्वार्थका कारण उनीहरू यो गलत काम गरिरहेका छन् । रोक्ने आँट गर्दैनन् । रकमान्तरको विषयलाई लिएर तत्कालीन अर्थमन्त्री रामशरण महत र पूर्व अर्थमन्त्री बाबुराम भट्टराईबीचको सार्वजनिक संवादबाट यो बुझ्न सकिन्छ । दोस्रो संविधानसभाको निर्वाचनलगत्तै गठन भएको सरकारका अर्थमन्त्री महतले करीब रू.१५ अर्ब रकमान्तर गरे । पूर्व प्रधानमन्त्री समेत भइसकेका भट्टराईले सामाजिक सञ्जाल ट्वीटरमा लेखे, 'आर्थिक वर्षको अन्त्यमा करोडौं गैरबजेटरी रकम मनपरी ढंगले मन्त्रालयहरूबाट पार्टी कार्यकर्ताहरूको बलमा वितरण गर्नु राज्य कोषको ब्रह्मलूट हो ।'

भट्टराईले पनि आफ्नो पालामा पूँजीगततर्फ मात्रै रू.२८ अर्ब ४१ करोड ७७ लाख रकमान्तर गरेका थिए । महत पनि के कम उनले पनि लेखे 'तपाईंकै पार्टीले यो कामको शुरूआत गरेको हैन ? यो त हाँडीले कित्लीलाई कालो भन्ने काम भयो ।' अर्थमन्त्री विष्णु पौडेल आगामी वर्षका लागि रकमान्तरको प्रक्रिया थप सजिलो बनाउने दाउमा छन् । उनले रकमान्तरका लागि अर्थ मन्त्रालय धाइरहनुपर्ने बाध्यता हटाउन निर्देशिका बनाउने घोषणा गरेका छन् । निर्देशिका बनाएर सम्बन्धित मन्त्रालय आफैंले रकमान्तर गर्न सक्ने व्यवस्था गरे यो प्रवृत्ति घट्ने हैन, झन् बढ्ने निश्चित छ । जसको फाइदा असारे विकासलाई नै पुग्नेछ । अहिले अर्थमन्त्रीले मात्रै बढी रकमान्तर गर्ने चलन छ, अर्थ मन्त्रालय नै धाउनु नपर्ने व्यवस्था भएपछि सम्बन्धित मन्त्रीहरूले नै यो प्रावधानको धज्जी उडाउने निश्चित छ ।

## असफल प्रयास

असारे विकास र न्यून पूँजीगत खर्चको विषयमा नीतिगत तहका अधिकारीहरूलाई जानकारी नभएको हैन । राष्ट्रिय योजना आयोगले तयार पार्ने वार्षिक विकास कार्यक्रम, सरकारका योजना, मन्त्रालयगत निर्देशिका, संसदीय समितिको निर्देशन र हरेक वर्षको बजेटमा सुधारका घोषणाले यो मामिलामा उनीहरू जानकार छन् भन्ने स्पष्ट हुन्छ । त्यसमा पनि हरेक वर्षको बजेटमा छुट्टै शीर्षक राखी सुधार घोषणा हुने गरेका छन् । तर त्यो उल्लंघन भइरहेको छ । उदाहरणका लागि योगी कमलनयनाचार्यले भक्तपुरमा विस्तार गरिरहेको आलिसान आश्रमलाई दिइएको बजेट र त्यसको प्रक्रिया हेरे पुग्छ । योजना आयोगले वार्षिक विकास कार्यक्रम (रातो किताब भाग-२) मार्फत यसै वर्षदेखि लागू हुने गरी जिविस परिषद्बाट पारित भएका आयोजना एवं कार्यक्रमलाई मात्रै समावेश गर्नुपर्ने विशेष निर्देशन दियो ।

तर प्रमुख दलका उच्चस्तरीय नेतादेखि प्रशासकसम्म पहुँच राख्ने कमलनयनाचार्यको भक्तपुर छालिङको आश्रममा जिविस परिषद्बाट पासै नभएको योजनालाई रू.९ लाख विनियोजन भयो । स्थानीय विकास मन्त्रालयले योजना सम्झौता गर्न तोकिदिएको अन्तिम समयमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भक्तपुर जिविसमा योजना र बजेट पठाइदियो । जेठ मसान्तमा उपभोक्ता समितिसँग सम्झौता भयो । असार लागेपछि काम शुरू भयो । अहिले रकम भुक्तानीको तयारी भइरहेको छ ।

गत वर्ष पनि उक्त आश्रममा यस्तै प्रवृत्ति देखिएको थियो । "संस्कृति मन्त्रालयले परिषद्बाट पासै नभएको रू.१ करोड ११ लाख सोझै पठाइदियो", भक्तपुर जिविसका एक अधिकारीले भने, "असार अन्तिममै काम भयो । सबै बजेट भुक्तानी पनि भयो ।" यस्तो प्रवृत्ति रोक्न पटक-पटक विभिन्न नियमावली तथा निर्देशिका बनाइएका छन् । तर गत वर्ष मात्रै २५ जिविसले यो व्यवस्थाको

### संसद्को आश्चर्यजनक मौनता

स-साना आयोजना र विषयमा संसदीय समितिहरूले चासो राख्छन् । तर, असारे विकासकै विषयमा मात्र अहिलेसम्म उनीहरूको एजेन्डा बनेको छैन । वित्तीय उत्तरदायित्व र विकास निर्माणसँग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक लेखा, अर्थ र विकास समिति हुन् । उनीहरू किन यसमा चासो दिंदैनन् ? "असारे विकासमा राजनीतिक दल, सभासद्हरूकै संलग्नता हुन्छ । मलाई बजेट लेऊ भन्दै चिठी लिएर दौडने नै सांसद् हुन् । बजेट आजै निकासा देऊ भनेर बढी दबाब उनीहरूकै हुन्छ" पूर्व मुख्यसचिव लीलामणि पौडेल भन्छन्, "असारमा सबैभन्दा बढी बजेट कसले लैजाने भनेर होडबाजी गर्ने, त्यही विषयमा संसदीय समितिमा गएर आफैंले बोल्ने, निर्णय गर्ने नैतिक साहस पनि त हुनुपर्‍यो नि ! कसलाई प्रश्न गर्नु ?"

उल्लंघन गरेका थिए । परिषद्ले पास नगरेका एक हजार २९६ योजनामा रू.४४ करोड १९ लाख खर्च भएको थियो । "योजना छनोटका लागि स्थानीय निकायले १४ चरण पार गर्नुपर्छ । यो गर्न सबै निकायले जिविससँग समन्वय गर्नुपर्छ । तर स्थानीय जनप्रतिनिधि विहीनताको फाइदा उठाउँदै अरू सरकारी निकायले जिविसलाई टेरेनन्", योजना आयोगका पूर्व उपाध्यक्ष गोविन्द पोखरेल भन्छन्, "चालू वर्षको बजेटका लागि परिषद्बाट योजना पास गराएर पठाउने जिविस २६ वटा मात्रै भए । अन्य जिल्लामा बजेट रोक्ने कुरा भएन । बाध्यतामा पर्‍यौं ।"

बजेट कार्यान्वयन गर्न संसद्को अर्थ समितिले सुधारको प्रयासस्वरूप २०७१ चैत ९ गते आर्थिक वर्ष नै परिवर्तन गर्न सरकारलाई निर्देशन दियो । 'आगामी वर्षदेखि असार १ गतेलाई नयाँ आर्थिक वर्षको पहिलो दिनको रूपमा गणना गर्ने'- निर्देशनमा भनियो । यसको उद्देश्य आर्थिक वर्षको अन्तिम जेठ हुनेछ । असारमा अर्को वर्षको बजेट आउनेछ, वर्षायाममा खर्च हुँदैन । अन्तिम महीना जेठमा केही बढी काम भए गुणस्तरीय हुनेछ । तर, समितिले जुन दिन निर्णय गर्‍यो त्यसपछि यो विषयले कतै चर्चा नै पाएन ।

संसद्को लेखा समितिले पनि २०७१ भदौमा मंसीर १५ गतेभित्र सबै ठेक्का स्वीकृत गरिसक्नुपर्ने, ७० प्रतिशतसम्म निकासा चैत मसान्तसम्म सक्नुपर्ने र बाँकी कामको निकासा प्रगतिको आधारमा गर्दै जाने सरकारलाई निर्देशन दियो । "यो निर्देशन दिए यता न समितिले सरकारलाई के गर्‍यौ भनेर सोध्यो, न सरकारी निकायले कार्यान्वयन गरे", समितिको सचिवालयका एक अधिकारीले भने ।

(झापाबाट **पर्वत पोर्तेल**, वीरगञ्जबाट **भूषण यादव**,
गोरखाबाट **सुदीप कैनी** र बझाङबाट **बसन्तप्रताप सिंह** ।)

*(२७ असार २०७३, www.cijnepal.org.np)*



शशिकुमार
तितुङ 'शक्ते' ।

# १८.

## शंकाको भरमा २० वर्ष कैद

प्रहरी, सरकारी वकील र न्यायाधीशको कमजोरी, लापर्वाही र बदनियतले आज पनि सामान्य शंकाका भरमा नेपालका जेलमा धेरै निर्दोष कठोर सजाय भोगिरहेका छन्। भीमफेदी कारागारमा रहेका शशिकुमार तितुङ यसको एक उदाहरण हुन्।

● **मुकेश पोखरेल**

माछा बेच्ने र साइकल मर्मत गर्ने काम गरेर गुजारा गर्थे मकवानपुर पदमपोखरीका शशिकुमार तितुङ । १२ वैशाख २०६९ को दिन एकाबिहानै उनलाई प्रहरीले घरबाट पक्राउ गरेर जिल्ला प्रहरी कार्यालय, हेटौंडा पुऱ्यायो । उनले 'करेण्ट लगाएर माछा मार्नेसँग माछा खरीद गरेकोले पक्राउ गरिएको होला' भन्ने अनुमान गरेका थिए ।

भोलिपल्ट प्रहरीले म्याद थप गर्न अदालत पुऱ्यायो । अनि मात्रै उनले आफूलाई 'मानव बेचबिखन' अभियोगमा पक्राउ गरिएको थाहा पाए । "सोच्दै नसोचेको अभियोग सुन्दा पृथ्वीले थिचेजस्तै भयो" उनले भने "म माछा व्यापारी हुँ, कसरी मान्छे बेच्न सक्थें ?"

अब कानूनका अगाडि उनको यो मानवीय याचनाको कुनै अर्थ छैन । मानव बेचबिखन मुद्दामा उनलाई जिल्ला अदालत मकवानपुरले २३ असोज २०६९ मा २० वर्ष कैद र २ लाख रूपैयाँ जरिवाना गर्ने फैसला गरेको छ । अहिले उनी भीमफेदी कारागारमा छन् ।

शशिकुमार तितुङ मानव बेचबिखन अपराधमा जेल पर्नुको कथा रमाइलो रहेछ । २०४६ साल भदौको घटना हो, मकवानपुर मनहरी गाविसका सीताराम थिङ, उनकी श्रीमती विन्दिया र विन्दियाकी फुपू काठमाडौंको एउटा गलैंचा कारखानामा काम गर्दा रहेछन् । त्यसबेला आफ्ना श्रीमान्का साथी मकवानपुर पदमपोखरी गाविस वडा नम्बर १ बस्ने श्यामकुमार बम्जन र मकवानपुरकै अर्को एक जना 'सत्य' नाम गरेको व्यक्तिले 'भारतमा राम्रो तलब पाइन्छ काम गर्न जाऊँ' भनेर उनीहरूलाई मुम्बई पुऱ्याएका रहेछन् । विन्दिया र उनकी फुपूलाई मुम्बई पुऱ्याइएको मामिला २२ वर्षसम्म कतै चर्चामा आएन ।

२२ वर्षपछि विन्दिया नेपाल फर्किइन् । उनकी फुपूको चाहिं अहिलेसम्म अत्तोपत्तो छैन । नेपाल फर्केपछि विन्दियाले २०६८ सालमा आफूलाई मुम्बई लगेर बेचेको भनेर आफ्ना श्रीमान् सीताराम थिङ, उनका साथीहरू श्यामबहादुर बम्जन र 'सत्य' भन्ने एक व्यक्ति विरूद्ध 'मानव बेचबिखन तथा ओसारपसार' मुद्दा हालिन् । यी व्यक्तिहरूले रू.५० हजारमा आफूलाई बिक्री गरेको भन्ने विन्दियाको उजुरी थियो । यो उजुरीका आधारमा प्रहरीले विन्दियाका श्रीमान् सीताराम थिङ, सीतारामका साथी श्यामबहादुर बम्जन र 'सत्य' भन्ने व्यक्तिको खोजी गर्न थाल्यो ।

सीताराम र श्यामबहादुरलाई पक्राउ गरेपछि 'सत्य' भन्ने व्यक्ति खोजिरहेको प्रहरीले १२ वैशाख २०६९ मा मकवानपुरको साविक पदमपोखरी गाविस हाल हेटौंडा उपमहानगरपालिका वडा नम्बर १३ बस्ने शशिकुमार तितुङलाई पक्राउ गऱ्यो । गाउँमा 'शक्ते' भनेर चिनिन्थे शशिकुमार तितुङ ।

पक्राउ परेपछि उनले आफू 'सत्य' नभएर 'शक्ते' भएको बताए । प्रहरीले उनको कुरा सुनेन । तीन पेज लामो हातले लेखेको कागजमा ल्याप्चे हान्न लगायो । मुश्किलले नाम लेख्न सक्ने 'शक्ते' ले त्यसमा ल्याप्चे हानेर शशिकुमार भनेर सही गरे । यसपछि तयार भए कागजात । बयानमा प्रहरीले जे लेख्यो त्यसमा उनले सही गरे । अनि शुरू भयो कानूनी प्रक्रिया । त्यस क्रममा तयार भएका सबै दस्तावेजमा 'सत्य' भनिने शशिकुमार तितुङ लेखियो । अदालतमा पुगेपछि कसैले उनलाई सुनाउँदा थाहा पाए प्रहरीमा उनले हस्ताक्षर गरेको भनिएको कागजमा 'सीताराम थिङ,

सीतारामका साथी श्यामबहादुर बम्जन र उनी भएर विन्दिया र उनकी फुपूलाई मुम्बई लगेर बिक्री गरेको' बेहोरा लेखिएको थियो ।

मुद्दा अदालत पुग्यो । अदालतमा शक्तेले आफू २०४६ साल आसपासमा काठमाडौं नगएको, गाउँमै माछा बेचेर बसेको, विन्दिया नाम गरेकी महिलालाई नचिनेको, त्यसबेलासम्म भारत नगएको, प्रहरीले डरत्रासमा हस्ताक्षर गराएको बयान दिए । उनले 'विन्दिया र उनकी फुपूलाई बिक्री गर्ने काममा म संलग्न छैन, जाहेरवाली विन्दियालाई सोधे हुन्छ' भने ।

उनको भनाइमा विश्वास गरिएन । जीउ मास्ने-बेच्ने काम गम्भीर अपराध भएको लामो विधिशास्त्रीय व्याख्या गर्दै मकवानपुर जिल्ला अदालतका तत्कालीन न्यायाधीश टेकनारायण कुँवरले प्रहरी मागदाबीका आधारमा शशिकुमार तितुङलाई २० वर्ष कैद र २ लाख रूपैयाँ जरिवाना हुने फैसला गरे । जिल्ला अदालत मकवानपुरको फैसला विरूद्ध तितुङ पुनरावेदन गए । पुनरावेदन अदालत हेटौंडाले १६ वैशाख २०७१ मा जिल्ला अदालतको फैसला सदर गऱ्यो ।

पुनरावेदन अदालतको निर्णय सुनेपछि 'यो त अत्ति भो' भनेर शक्तेका गाउँलेहरू कस्सिए । उनीहरूले प्रहरीले 'सत्य' भन्ने मान्छे खोज्न अल्छी मानेर 'शक्ते' लाई फसाउँदैछ भन्ने आवाज उठाए । हूल बाँधेर पुनरावेदन अदालत मकवानपुर पुगे । उनीहरूको जोड 'सत्य' भन्ने मान्छे नै अर्कै छ यो निर्दोष थुनिएको छ भन्ने थियो । उनीहरूमध्ये एकजनाले त हामी 'सत्य' लाई समातेर अदालतमा ल्याउँछौं समेत भने । गाउँलेको कुरा सुनेर पुनरावेदन अदालत हेटौंडाका तत्कालीन एक न्यायाधीशले 'प्रक्रिया अघि बढिसकेको हुँदा अब सम्बन्धित निकायले बाहेक अरूले 'सत्य'लाई पक्राउ गर्न नमिल्ने' जानकारी दिएका थिए ।

यो प्रकरणको भित्री पाटो खोतल्न हामीले मुद्दाको मिसिल पढ्यौं । त्यसपछि आफ्नै श्रीमती बिक्री गरेको अभियोगमा भीमफेदी कारागारमा थुनिएका विन्दियाका श्रीमान् सीताराम थिङलाई भेट्यौं । उनले भने "त्यतिवेला मुम्बई जाने टोलीमा शशिकुमार तितुङ हुनुहुन्थेन । उहाँलाई मैले पहिलो पटक जिल्ला प्रहरी कार्यालय, हेटौंडामा भेटेको हुँ ।" सीतारामले भने, "विन्दियालाई मुम्बई पुऱ्याउने काममा संलग्न भएको 'सत्य' भन्ने मानिस अग्लो र हट्टाकट्टा थियो । प्रहरीमा बयान दिंदा नै मैले यी व्यक्ति दोषी होइनन् भनें । तर प्रहरीले यही हो तैंले भुलिस् भन्यो । किन हो निर्दोषलाई फसाए ।"

बेचिएकी विन्दियाको धारणा जान्न सम्भव भएन । तीन वर्ष अघि नै उनको निधन भइसकेको थियो । उनले जीवित छँदा अदालतमा के भनेकी रहिछन् भनेर हामीले खोज्यौं । विन्दियाले १४ असार २०६९ मा मकवानपुर जिल्ला अदालतका न्यायाधीशसामु बयान दिंदै 'निज शशिकुमारको मलाई बिक्री गर्ने कार्यमा संलग्नता छैन । मेरो श्रीमान् सीताराम थिङले गरेको हो । निज शशिकुमारले बिक्री गरेको अपराध नगरेको हुँदा निज निर्दोष छ' भनेकी रहिछन् । बयान दिएको ६ महीनापछि उनको मृत्यु भएको रहेछ ।

पुनरावेदन अदालतको फैसलापछि शशिकुमार तितुङ 'शक्ते' लाई कसैले 'संसद्ले अन्याय विरूद्ध सुनुवाइ गर्छ' भनेर सिकाएछ । उनले ६ फागुन २०७१ मा जेलबाटै संसदीय सुनुवाइ

समितिमा निवेदन दिए । सो निवेदनमा भनिएको छ, 'घटनामा संलग्न भएको भनिएको 'सत्य' भन्ने व्यक्ति साविक चुरियामाई गाविस हाल हेटौंडा उपमहानगरपालिका १३ बस्ने मोतिलाल भोलानको छोरा रामबहादुर भोलान हुन्, म होइन ।' सर्वोच्च अदालतको अन्तिम निर्णय पर्खिंदै हाल भीमफेदी कारागारमा रहेका शशिकुमार तितुङ 'शक्ते' ले ४ चैत २०७२ मा आफ्ना छोराछोरीको नाममा कसम खाँदै भने, "नखाएको विष लाग्यो । अब मलाई दैवले मात्रै न्याय दिन सक्छन् ।"

सामान्य आशंकाका भरमा कुनै व्यक्तिलाई २० वर्ष कैद सजाय गर्ने नेपालको फौजदारी न्याय प्रणालीमा कहाँनेर समस्या छ ? महान्यायाधिवक्ता हरि फुँयाल भन्छन्, "नेपालको अभियोजन प्रणालीमा पर्याप्त मात्रामा खराबी छन् । जेलमा रहेका अधिकांश बन्दीहरू गरीब, ग्रामीण, सीमान्तकृत र पिछडिएको वर्गका छन् । शहरिया, सम्भ्रान्त र अति उच्च परिवारका व्यक्तिहरू या त अपराध नै गर्दैनन्, या त उनीहरू फौजदारी अभियोजनबाट छुटकारा लिन्छन् ।" महान्यायाधिवक्ता फुँयालले भने, "हाम्रो अभियोजन नीति पुनःपरिभाषित गर्नुपर्छ ।"

## निर्दोष थुन्ने न्यायप्रणाली

'दश अपराधी छुटुन् तर एकजना पनि निर्दोषले सजाय नपाओस्' फौजदारी न्यायको प्रचलित सिद्धान्त हो यो । तर, घटनाको अनुसन्धान गर्ने प्रहरी, सरकारवादी मुद्दाको बहस पैरवी गर्ने सरकारी वकील र फैसला गर्ने न्यायाधीशको कार्यक्षमता, प्रलोभन र परिस्थितिजन्य कारणले निर्दोषहरू जेल बस्न बाध्य छन् ।

अढाइ वर्षअघि ओखलढुंगाका तीन बाबुछोरा अनाहकमा ६५ दिन जेल बसे । १९ कात्तिक २०७०, भाइटीकाको दिन थियो । ओखलढुंगाको पलापु गाविस-८ का कमल माझीले कुदाएको मोटरसाइकलले गाउँकै ६० वर्षीय ज्ञानबहादुर माझीलाई ठक्कर दियो । सामान्य भनाभन भएर विवाद सकियो । तर त्यसदिनदेखि ज्ञानबहादुर बेपत्ता भए । श्रीमती पञ्चमाया माझी र भतिजा भूपालले 'ज्ञानबहादुरलाई बेपत्ता बनाइएको' भनेर कमल, उनका बुबा चित्रबहादुर र भाइ सुरेन्द्र विरूद्ध प्रहरीमा उजुरी गरे । सरकारी वकीलले 'यतिका भरमा मुद्दा चलाउन सकिंदैन' भनेपछि उनीहरूलाई छाडियो । यसलगत्तै 'गाउँमा ज्ञानबहादुरको हत्या आफूले गरेको भनेर कमलले स्वीकार गरेको' भन्दै ज्ञानबहादुर पक्षका मानिस चौकी पुगे । प्रहरीले फेरि तीनै जनालाई पक्राउ गऱ्यो । २८ माघ २०७० मा उनीहरू विरूद्ध 'कर्तव्य ज्यान' मुद्दा दर्ता भयो । ओखलढुंगा जिल्ला अदालतका न्यायाधीश सुवासबाबु पुरीको इजलासले 'प्रमाणको मूल्यांकन गर्दा तत्काल प्राप्त प्रमाणका आधारमा उनीहरू दोषी हुनसक्ने' भनेर पुर्पक्षका लागि थुनामा पठाए ।

तर गाउँमा नसोचेको कुरा भयो । हराएको पाँच महीनापछि ३० चैतमा ज्ञानबहादुर टुप्लुक्क गाउँमा झुल्किए । आफूलाई फौजदारी न्याय प्रणालीका अङ्ग हौं भन्नेहरू लुकाउन नसकिने समस्यामा परे । प्रहरी, सरकारी वकील र न्यायाधीश तीनै पक्षले लाज जोगाउन केही न केही उपाय नखोजी नहुनेभयो ।

## 'निर्दोष मान्छे थुनिएको छ'

### सुदर्शन लामा
### पूर्व प्रधानपञ्च, पदमपोखरी गाउँ विकास समिति

म २०४३ सालदेखि २०४६ सालसम्म पदमपोखरी गाउँ पञ्चायतको अध्यक्ष थिएँ । 'शक्ते' भन्ने शशिकुमार तितुङलाई म सानैदेखि राम्ररी चिन्छु । उमेरमा ऊ मेरो भाइ हो । सधैं यही गाउँमा छ । जुन बेला बेचबिखनका लागि मुम्बई गयो भनिएको छ, त्यसबेला गाउँमा तास खेलेर हल्लिएर बसेको थियो । यसले धेरै वर्षसम्म साइकल मर्मत गर्ने काम गऱ्यो । त्यसबाहेक माछा मार्ने र साइकलमा राखेर गाउँ गाउँमा डुलाउँदै बेच्ने काम गर्दथ्यो ।

मानव बेचबिखन मुद्दामा उसलाई जेल हालिएको छ । ऊ केटी बेचबिखन गर्नसक्ने मान्छे नै होइन । यो मान्छे अहिलेसम्म मुम्बई गएकै छैन । अदालतमा गएर मैले बयान पनि दिएँ । म अहिले पनि ग्यारेण्टीका साथ भन्छु, 'शक्ते' ले यो काम गरेकै होइन । निर्दोष मान्छे थुनिएको छ ।

### पुण्यसिद्धि लामा
### अध्यक्ष, बुद्ध माध्यमिक विद्यालय व्यवस्थापन समिति

'शक्ते' म भन्दा एक वर्ष जेठो छ । यही पदमपोखरीमा बस्दाबस्दै बूढो भयो । म उसलाई सानैदेखि चिन्छु । उसको नराम्रो बानी भनेको तास खेल्ने हो । अलिकति पैसा भयो कि तासको खालमा बस्थ्यो । १७ वर्षजति साइकल मर्मत गर्ने काम गऱ्यो । अनि साइकलमा राखेर माछाका भुरा बेच्थ्यो ।

'शक्ते' कसरी फस्यो भन्ने गाउँका सबैलाई थाहा छ । पदमपोखरी गाउँ विकास समिति जिल्लामै केटी बेच्ने दलालको गाउँ भनेर बद्नाम छ । यहाँ दलालको बिगबिगी थियो । कति दलाललाई पक्राउ गर्ने काममा म आफैं पनि लागेको थिएँ । प्रहरीलाई पक्राउ गर्न सूचना दिएर सहयोग पनि गरें । गलत काम गर्नेलाई संरक्षण गर्नुपर्ने जरूरी छैन ।

तर, यो 'शक्ते' निर्दोष छ । हामी सँगै खेलेका हौं । उसले कहिल्यै त्यस्तो काम गरेन । विचरा अर्कोसँग नाम मिल्दा जेल बस्नु परेको छ । बेचिएकी महिलाले गाउँमा आएर हामी गाउँलेका सामुन्नेमा 'मलाई बेच्न लैजाने 'सत्य' भन्ने मान्छे यो हुँदै होइन भनेकी थिइन् । हामी साक्षी छौं । 'सत्य' भन्ने मानिस अग्लो र मोटो थियो भनेकी थिइन् । बिचरा उनी पनि मरिन् ।

(सुदर्शन लामा र पुण्यसिद्धि लामासँग २ वैशाख २०७३ का दिन उनीहरूकै घरमा गरिएको कुराकानी ।)

अनुसन्धानमा संलग्न प्रहरी निरीक्षक भगीरथ रेग्मीले आफ्नो बचाउ गर्दै भने, "हामीले मारेका हौं भनेपछि मुद्दा चलाइएको हो, कुनै करकापमा होइन ।" उनका भनाइमा "तीनै बाबुछोराले प्रहरी र सरकारी वकीलको अगाडि नै लट्ठीले कुटेर बाँधेर सुनकोशीमा फालेको" बयान दिएका थिए । रेग्मीले थपे, "हिर्काउन प्रयोग गरेको लट्ठी र लट्ठीमा लागेको रगत समेत हामीले पेश गरेका छौं ।"

केही नगरी नहुने भएपछि २०७२ जेठमा जिल्ला अदालत ओखलढुंगाले तीनै जनालाई सफाइ दिने निर्णय सुनायो । सँगै अदालतले झूटो जाहेरी दर्ता गरेको भनेर जाहेरवालामध्येको ज्ञानबहादुरका भतिजा भुपाल माझीलाई 'सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ बमोजिम ३ हजार रूपैयाँ जरिवाना र तीन महीना कैद गर्ने' फैसला सुनायो ।

अदालतबाट रिहा भएपछि मात्रै वास्तविकता खुल्यो । "हामीलाई कुटपिट गरेर मार्ने अवस्थामा पुऱ्याएपछि स्वीकार गर्दा बाँचिन्छ कि भनेर अपराध स्वीकारेका हौं" चित्रबहादुरले भने, "अदालतमा पनि नस्वीकारे घर गएपछि फेरि गाउँलेले कुट्लान् भन्ने डर भो ।" पछि गाउँलेहरूले नै स्वीकार गरे कि प्रमाण जुटाउने काम योजनाबद्ध रूपमा भएको थियो । हिर्काउन प्रयोग गरेको भनिएको लट्ठीमा लागेको रगत कुखुरा काटेर दलिएको थियो ।

चित्रबहादुरकी श्रीमती उमालाई अब नेपालको न्यायप्रणालीप्रति विश्वास छैन । उनी भन्छिन्, "वकील, पुलिस सबैलाई पैसा खर्च गरियो । दुःखमा सोझासीधालाई सबैले लुट्नसम्म लुटे ।" सरकारी वकील लगायतलाई खर्च गर्दा आफ्नो चार-पाँच लाख रूपैयाँ सकिएको बताउँदै उमाले भनिन् "करीब पाँच महीनासम्म घरमा कसैको बास भएन । अहिले पनि १५ लाख रूपैयाँ ऋण छ ।"

विना कसूर दोषी ठहर भएर अपमान खेप्ने अर्का व्यक्ति हुन् इलाम श्रीअन्तु-८ का ५५ वर्षीय मणिकुमार राई । उनले ५० दिन व्यर्थमा जेलमा बिताउनुपऱ्यो । श्रीअन्तु-८ का सचेन राईलाई पक्राउ गर्न गएको प्रहरीले २१ पुस २०७१ मा मणिकुमारलाई पक्राउ गऱ्यो । २०३७ सालमा हर्कप्रसाद गुरूङ नाम गरेका व्यक्तिको हत्या गरेको अभियोगमा सचेन राईलाई इलाम जिल्ला अदालतले १० वर्ष कैद गर्ने फैसला गरेको थियो ।

अन्यायपूर्वक जेल हालिएपछि ११ फागुन २०७१ मा मणिकुमारको तर्फबाट पुनरावेदन अदालत इलाममा बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता भयो । सुनुवाइ गर्दै पुनरावेदन अदालत इलामका न्यायाधीशद्वय रमेश पोखरेल र माधव पोखरेलको इजलासले १३ फागुनमा जिल्ला अदालत, इलाम कारागार र जिल्ला प्रहरी कार्यालय इलामसँग मणिकुमारलाई थुनामा राख्नुपर्ने कारण माग गऱ्यो । यो मुद्दामा संलग्न अधिवक्ता वीरबहादुर खड्का भन्छन्, "राज्यले प्रमाण दिनसक्ने कुरै थिएन । मणिकुमार छुटे ।" अधिवक्ता खड्काको भनाइमा "कुनै निर्दोष नागरिकलाई ५० दिन थुनामा राख्ने काम आफैंमा राज्यको तर्फबाट भएको अक्षम्य अपराध हो, यस्तो विषयमा व्यक्तिलाई निर्दोष भनेर रिहा गरेर मात्रै पुग्दैन । व्यक्तिको मानमर्यादा माथिको आक्रमण हो यो यस्तोमा उपयुक्त क्षतिपूर्ति दिनुपर्छ ।" तर राईलाई पक्राउ गरेर जेल पठाइएकोमा कुनै पनि सरकारी निकायले क्षमासम्म पनि मागेका छैनन् ।

अर्को उदाहरण छ महोत्तरीको । आफू जन्मिएको भन्दा १५ वर्षभन्दा अघि भएको अपराधमा दोषी ठहर भएर महोत्तरीमा एक वृद्धलाई जेल चलान गरियो । मटिहानी–१ का जुगल केवट २०१५ सालमा जन्मेका हुन् । तर २००१ सालमा फैसला भएको एउटा डाँका मुद्दाको उनलाई दोषी ठहर गरियो र ९ असार २०७१ मा प्रहरीले पक्राउ गर्‍यो । सोझै जलेश्वर कारागार चलान गर्‍यो । भएछ के भने २००१ सालमा अदालतबाट ६ वर्ष कैद सजाय पाएको व्यक्तिको नाम पनि जुगल केवट रहेछ । पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा यो नाम देखेपछि प्रहरीले उनलाई पक्राउ गर्‍यो ।

उनलाई जेल हालिएपछि केवट परिवारले नागरिकताको प्रमाणसहित निवेदन दियो । महोत्तरी प्रशासनबाट २०४१ कात्तिक ३० मा जारी भएको ६१५५७२१४ नम्बरको नागरिकतामा उनको जन्म २०१५ साल र बाबुको नाम सुखारी मल्लाह उल्लेख छ । जन्ममिति र फैसलामा उल्लेख मिति आनकातान फरक परेपछि उनलाई एक सातापछि जेलमुक्त गरियो ।

कारागारबाट बाहिर आएपछि उनले भने, "मैले पटकपटक निर्दोष छु भनें । तर कसैले सुनेन । म यो संसारमा आउनुभन्दा १५ वर्ष अगाडिको अपराधमा एक साता जेल बस्नु पर्‍यो । यसको पीडा कसले बुझ्ने ?"

तीन छोरा, चार छोरीका बाबु जुगल बनिबुतो गरेर परिवार पाल्दै आएका छन् । उनको आफ्नो भन्नु जम्मा दुई कट्ठा जमीन छ । अहिले उनलाई जेल परेदेखि बाहिर निस्कँदासम्म लागेको ७ हजार २०० रूपैयाँ ऋण कसरी तिर्ने भन्ने चिन्ता छ । यत्रो ज्यादती हुँदा पनि प्रहरीलाई कुनै पश्चात्ताप देखिंदैन । प्रहरी 'नाम, ठेगाना मिलेको र अदालतको लगतमा बाबुको नाम उल्लेख नभएकाले समस्या भयो' भनेर पन्छियो ।

जेल सजाय भोगेर कारागारबाट निस्किएका थिए महोत्तरी नैनही–३ का मोती साह फकिर । उनलाई २०७१ सालमा पुनः पक्राउ गरियो । सप्तरी जिल्ला अदालतले २०५३ सालमा ४ वर्ष ९ महीना कैद गर्ने फैसला गरेको थियो । पक्राउ गरेपछि उनका आफन्तले कारागारमा सजाय भुक्तान गरेको प्रमाण अदालतमा पेश गरेपछि मात्रै उनलाई रिहा गरियो । १८ वर्षपछि फकिर पुनः पक्राउ पर्दा उनको परिवार चकित भएको थियो । अदालतका स्रेस्तेदार लेखनाथ भट्टराईले 'थाहा पाउने बित्तिकै त्रुटि सच्चाएको' बताए । उनले भने, "जानी–जानी भएको होइन, मकैसँगै घून पिसिएको जस्तै हो ।"

अनुसन्धानमा खटिने प्रहरीको आर्थिक लाभ प्राप्त गर्ने स्वार्थले कसरी निर्दोषलाई जेल पुर्‍याउन सक्छ भन्ने उदाहरण हुन्, भारतको तामिलनाडू कन्याकुमारीका अरविन्द्र दास शर्मा । २०३७ सालमा उनी मुम्बईबाट काठमाडौं आएका हुन् । बिहान ६ देखि राति १२ बजेसम्म काठमाडौंका दुई–तीन वटा उद्योगमा कटिङ र सिलाइको काम गर्दा उनको पूरा दिन र आधा रात बित्थ्यो । २६ पुस २०५३ का दिन उनी कालीमाटीको बार्सोलोना गार्मेन्टमा कपडा काटिरहेका थिए । उद्योग हेर्ने वहानामा गएको प्रहरीले उनलाई पक्रेर हत्कडी लगायो । सुर्ती, चूरोटसम्म नखाने उनले अर्को दिन अदालतमा म्याद थप गरेपछि मात्रै 'लागूपदार्थ ओसारपसार गरेको' अभियोगमा पक्राउ परेको थाहा पाए । प्रहरीले उनको डेरामा छापा मार्‍यो, केही भेटिएन । अरविन्द्र भन्छन्

"म खाने मान्छे पनि होइन । कारोबार गर्ने पनि होइन । एक ठाउँमा फुल टाइम र दुई ठाउँमा पार्ट टाइम काम गर्दै फुर्सद हुँदैनथ्यो ।"

भएको के थियो भने, आफैंले काम सिकाएको आदम खान भन्ने व्यक्तिलाई उनले पुरानो बानेश्वरको गिरी गार्मेन्ट उद्योगमा काम लगाइदिएका थिए । तर, अग्रिम पेश्की लिएर काम नगरेपछि खान त्यहाँबाट निकालिए । गार्मेन्ट मालिक किरण गिरीको आग्रहमा अरविन्द्रले त्यहाँ 'पार्ट टाइम' काम शुरू गरे । खान चाहिं त्यहाँबाट निकालिएपछि वीरगञ्जमा बसेर काठमाडौंमा चिनजान भएकाहरूलाई लागूपदार्थ बिक्री गर्न थाले । यसै क्रममा उनी पक्राउ परे । अरविन्द्रका भनाइमा, "जागीरको रिसइवीले उसले मेरो नाम पोलेको हुनुपर्छ ।"

अरविन्द्र भन्छन्, "मलाई हनुमानढोकाका तत्कालीन प्रहरी निरीक्षक रोशन भट्टराई नेतृत्वको टोलीले पक्राउ गरेको हो । शुरूमा प्रहरीले ५० हजार रूपैयाँ मागेको थियो । पछि ४० हजारसम्म भए हुन्छ भने । तर म अदालतबाट न्याय पाइहाल्छु भनेर ढुक्क थिएँ । काठमाडौं जिल्ला अदालतले ७ वर्ष कैद र साढे दुई लाख रूपैयाँ जरिवाना हुने फैसला गऱ्यो ।"

उनलाई थप बज्रपात आइलाग्यो आठ वर्षपछि । जिल्ला अदालत काठमाडौंले तोकेको साढे दुईलाख रूपैयाँ तिर्न नसकेर थप थुनामा बसिरहेका वेला सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश खिलराज रेग्मीको इजलासले त्यही मुद्दामा १५ वर्ष कैद र पाँचलाख रूपैयाँ जरिवाना हुने फैसला सुनायो । कैद सजाय भुक्तान गरेर रिहा हुने तयारीमा रहेका अरविन्द्र थप जेल बस्नुपऱ्यो ।

काठमाडौंमा बिहेबारी गरी घरजम गरेका उनी १५ असार २०७१ मा कैद सजाय भुक्तान गरेर रिहा भए । तपाईंले कैद सजाय भुक्तानी गरेर आउनुभयो । अब सत्य भन्नुस् कि तपाईंले अपराध गरेको हो/होइन ? भन्ने हाम्रो प्रश्नमा उनले भने, "के विराएर यस्तो देशमा आएछु हजुर ! व्यर्थमा १८ वर्ष जेल बस्नु पऱ्यो ।"

## कानूनी परिबन्दका 'दोषी'हरू

२०६५ सालको घटना हो । जिल्ला प्रहरी कार्यालय रूपन्देहीका एकजना प्रहरी अधिकृतलाई 'एउटा मोटरसाइकलमा लागूपदार्थ लुकाएर राखिएको छ' भन्ने सूचना आयो । गएर हेर्दा मोटरसाइकलमा लागूपदार्थ भेटियो । प्रहरीले मोटरसाइकल धनी देवीप्रसाद सुनारलाई पक्राउ गऱ्यो । उनलाई म्याद थप गरेर अनुसन्धान गर्दै जाँदा घटनाले अर्कै मोड लियो ।

प्रहरीले तपाईंले यो सूचना कसरी थाहा पाउनुभयो भनेर केरकार गर्दा सूचना दिने व्यक्ति अत्तालिए । उनले तत्कालै अपराध स्वीकार गर्दै भने, "घरभाडाको विषयमा भएको व्यक्तिगत रिसइवीका आधारमा सुनारको मोटरसाइकलमा मैले नै लागूपदार्थ राखेर प्रहरीलाई खबर गरेको हुँ ।"

अब प्रहरी झन् समस्यामा पऱ्यो । अदालतबाट म्याद थप गरेर ल्याएको व्यक्तिलाई छाडौं भने सार्वजनिक कारण चाहिने, नछाडौं त निर्दोष मानिस जेल जाने । यो घटना अनुसन्धान गर्ने प्रहरी

अधिकारी भन्छन्, "सुनारलाई छोड्न सकिन्थ्यो । तर, लागूपदार्थको मुद्दामा प्रहरीले पैसा खाएर छोड्यो भन्ने हल्ला मिडियामा हुन्थ्यो । मेरा पनि शत्रु थिए । त्यसैले मैले जोखिम मोलिनँ ।"

प्रहरीले ती सूचना दिने व्यक्तिलाई पनि पक्राउ गरेर मुद्दा चलायो । तर, अदालतबाट मुख्य अभियुक्त मानिएका सूचना दिने व्यक्ति तारेखमा रिहा भए भने सुनार पुर्पक्षका लागि थुनामा गए । सात वर्षअघिको यो घटना सुनाउँदै ती प्रहरी अधिकारी भन्छन्, "हाम्रो सामाजिक दबाब, मान्यता र कानूनले कहिलेकाहीं निर्दोषलाई फँसाइरहेको हुन्छ । म आफैं त्यसको एउटा साक्षी हुँ ।"

गुल्मी विशुखर्क-१ की पार्वती सार्कीको घरमा ७ मंसीर २०७० मा जेठा छोरा राजु सार्कीको बिहे भोज गर्ने तयारीका लागि इष्टमित्रको जमघट थियो । ४ मंसीरमा विवाह गरेर दुलही घर भित्र्याइएकी थिइन् । तर, अर्को दिनका लागि आयोजना गरिएका सबै कार्यक्रम अकस्मात् विथोलिए । प्रहरीले राजुलाई 'ललाईफकाई जबर्जस्ती करणी गरेको' आरोपमा पक्राउ गऱ्यो ।

अहिले जिल्ला कारागार तम्घास, गुल्मीमा रहेका राजु भन्छन्, "मैले सीताकी दिदी कमला र भिनाजु मने नेपालीको आग्रह टार्न नसकेर विवाह गरें तर त्यो विवाह नै मेरा लागि अभिशाप भयो । यस्तो हुने थाहा पाएको भए बिहे नै गर्ने थिइनँ ।"

तीन दिनसम्म राजुको घरमा घाँसदाउरा गरेर विताएकी सीतालाई राजुले जबर्जस्ती आफ्नो घरमा लगी करणी गरेको ठहर गर्दै जिल्ला अदालत, गुल्मीले ३१ असार २०७१ मा आठ वर्ष कैद सजाय तोक्यो । १४ वर्षकी किशोरी सीताको सहमतिमै यौन सम्पर्क गरेको भए पनि जबर्जस्ती करणी हुने हुनाले सार्कीलाई आठ वर्ष कैद गरिएको अदालती फैसलामा उल्लेख छ ।

प्रहरीले राजुलाई पक्राउ गरेपछि भाउजू गीताले ५० हजार रूपैयाँ दिए मिलापत्र हुने खबर गरेकी थिइन् । छोरो छुट्ने भए ५० हजार रूपैयाँ दिन तयार भएकी पार्वतीलाई पैसा सापटी खोज्न एकदिन लाग्यो । अर्कोदिन पैसा बोकेर चौकी पुग्दा प्रहरीले राजुलाई सदरमुकाम तम्घास पुऱ्याइसकेको थियो ।

यसैगरी 'उमेर नपुगेकी प्रेमिकासँग शारीरिक सम्पर्क राखेको' अभियोगमा गुल्मी कारागारमा रहेका सूर्य विश्वकर्मा भलिबल खेलाडी हुन् । दुई वर्ष अघिको कुरा हो, उनी खालिडाँडामा दह देउराली युवा क्लबको तर्फबाट २०७० सालको चैते दशैंको अवसरमा आयोजना गरिएको खेलमा सहभागी थिए ।

खालिडाँडाकै विद्यालयमा अध्ययनरत (नाम परिवर्तन) १५ वर्षीया रीना मगरसँग उनको सम्बन्ध झाङ्गियो । तीनदिनमै उनीहरू विवाह गर्ने तहमा पुगे । राजु सहभागी टीम फाइनलमा पुगेकाले २६ गते नै भाग्ने रीनाको आग्रहलाई उनले २७ गते सारे । २६ गते सहमतिमा यौन सम्पर्क गरे । सूर्य भन्छन्, "उसले त भागौं भनेर कर गरेकी थिई । तर, अर्को दिन फाइनल खेल भएकाले मैले मानिनँ । आखिर म फँसें ।"

भएछ के भने खालिडाँडाका किरण शाहको घरमा घरेलु कामदार बसेकी थिइन् रीना । शाहको परिवारलाई उनले आफ्नो सम्बन्ध बताइदिएपछि किरणले प्रहरीमा उजुरी गरे । राजु

आफू बसेको होटलबाटै पक्राउ परे । उनलाई उमेर नपुगेकी किशोरीसँग शारीरिक सम्पर्क राखेको भनेर 'जबर्जस्ती करणी' मुद्दा चलाइयो । जिल्ला अदालत गुल्मीले उनलाई ६ वर्षको कैद सजाय तोकेको छ । सूर्यकी आमा लालमाया बिक भन्छिन्, "किरण शाहले २ लाख ६० हजार दिए केस मिल्छ भनेर खबर पठाएका थिए । छोरो छुट्ने ग्यारेण्टी नभई कसरी त्यति धेरै पैसा दिनु भनें । यस्तो बिजोग भयो ।"

चितवन माडीका एक १७ वर्षीय युवकको मृत्युको विषयलाई लिएर पीडितका पक्षबाट प्रहरी विरूद्ध नबोलेको भए माडी पदमपुरका मोहनीलाल बस्याल (६६) शायद अहिले जेलमा हुने थिएनन् । एक दिन, त्यो पनि एकछिन प्रहरी कार्यालयअघि भीडको नेतृत्व गरेका कारण बस्याल नख्खु कारागारमा अपहरण मुद्दामा जेल जीवन विताइरहेका छन् ।

घटना विवरण अनुसार भारत चम्पारनका विनय शंकर पटवारी २४ मंसीर २०६५ मा माडीका बच्चु पण्डितसँग ग्रहदशा हेराउन आएका रहेछन् । आफन्तकहाँ बसेका वेला प्रदीप श्रीवास्तव, लालप्रसाद शाह, तुलसी पटवारी, आशाराम महतोसहितले २७ मंसीरमा उनलाई अपहरण गरे । अपहरणकारी सबै भारतीय थिए । उनीहरू माडी आसपासमा काम गर्ने निर्माण मजदूर थिए ।

पदमपुरमा बस्यालको किराना पसल र लज थियो । बस्याल भन्छन्, "उनीहरूले पहिलादेखि नै मेरो पसलबाट रासन लैजान्थे । लगेको रासन के गरे, कसलाई खुवाए, मलाई थाहा भएन । नियमित ग्राहक भएकाले उधारो पनि दिन्थें ।" २१ दिनपछि विनय शंकर पटवारी अपहरणमुक्त भए । उनको उजुरीको आधारमा प्रहरीले अपहरणकारी पक्राउ गऱ्यो ।

अभियुक्तहरू पक्राउ परे । उनीहरूलाई म्याद थपेर हिरासतमा राखियो । मोहनीलाल बस्याललाई एक पटक जिल्ला प्रहरी कार्यालय चितवनमा बोलाएर 'रासन दिएको हो' भनेर सोधियो र छाडियो । हाल ललितपुरस्थित नख्खु कारागारमा अपहरण अभियोगमा कैद सजाय काटिरहेका बस्याल भन्छन्, "मेरो उठबस नै प्रहरीसँगै हुन्थ्यो । मलाई यो सब थाहै भएन ।"

१ असार २०६७ मा चितवन जिल्ला अदालतले अन्य अभियुक्तसरह मोहनीलाललाई पनि सात वर्ष कैद र ५० हजार जरिवाना गर्ने फैसला गरेको रहेछ । उनले पाँच वर्षपछि आफू पक्राउ पर्दा मात्रै त्यो फैसला थाहा पाए । जबकि २०६७ असारपछि पनि माडी इलाका प्रहरी कार्यालय कम्पाउण्डको घाँस काट्ने ठेक्का उनकै थियो । माडीका प्रहरीसँग हरेक दिन उनको उठबस थियो । २०७० सालको संविधानसभा निर्वाचन पछि एउटा स्थानीय कार्यक्रममा सभासद् र प्रहरीसँग उनी एउटै मञ्चमा बसेको तस्वीर छ । पदमपुरका स्थानीय श्री दवाडी भन्छन्, "सामाजिक अगुवाकै रूपमा देखिन्थे । एकजना युवकको मृत्युको घटनामा भीडको नेतृत्व गरेपछि प्रहरीसँग सम्बन्ध बिग्रिएको थियो ।" जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायव निरीक्षक देवराज शर्मा चाहिं "आफूहरूले अदालतको फैसला कार्यान्वयन मात्रै गरेको" बताउँछन् ।

अनुसन्धानबाट पुष्टि नहुँदा नहुँदै पनि कहिलेकाहीं सामाजिक दबाबले मुद्दा दर्ता गर्न प्रहरी बाध्य हुन्छ भन्ने काठमाडौंकै उदाहरण छ । वि.सं. २०६९ मंसीरमा अनामनगरका कृष्ण प्रसाईंको

घरमा काम गर्ने धादिङकी सरस्वती सुवेदीले आत्महत्या गरिन् । पोस्टमर्टम रिपोर्टबाट समेत उनको मृत्यु अरू कसैको कारणबाट भएको ठहर भएन । तर, केही अधिकारकर्मी र विभिन्न संघसंस्थाको दबाबपछि कृष्ण प्रसाईं र उनको परिवारलाई दोषी बनाएर मुद्दा दर्ता गरियो । प्रहरी अनुसन्धानमा 'झुण्डिएर आत्महत्या गरेको' भन्ने देखिंदा देखिंदै पनि तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई समेतले दबाब दिएको घटनाको अनुसन्धान गरेका एक प्रहरी अधिकृत बताउँछन् । स्वयं प्रसाईंले भने यसबारेमा धेरै कुरा गर्न चाहेनन् । उनले "पुराना कुरा सोधेर मेरो त्यो घाउ नबल्झाइदिनुस् । म नयाँ बाटो हिंड्ने प्रयासमा छु" भनेर कुरा टुंग्याए ।

## 'मलाई झण्डै फँसाइएको': पवन हलुवाई

'मेरो नाम पवन हलुवाई हो । म होटल पवन, भैरहवाको सञ्चालक हुँ । घटना २०६४ सालको हो । त्यस दिन म भर्खर उठेको थिएँ । जिल्ला प्रहरी कार्यालयबाट कसैले टेलिफोनमा भन्यो, 'तपाईं कहाँ हुनुहुन्छ ? ब्राउन सुगरको कारोबार गर्ने ? तपाईंको होटलमा ब्राउन सुगर भेटियो । तुरून्त जिल्ला प्रहरी कार्यालय आउनुस्, नभए हामी तपाईंलाई लिन आउँछौं ।'

अचम्म मान्दै १० मिनेटमा होटल पुगें । एकजना सिभिलमा आएको प्रहरीले काउण्टरमा खामबन्दी गरेको लिफा छोडेर गएका रहेछन् । उनी होटलबाट बाहिरिन नपाउँदै पोशाकमा आएको अर्को प्रहरीले लिफा समातेर 'यो के गरेको ? ब्राउन सुगरको कारोबार गर्ने' भनेर होटलका कर्मचारीलाई थर्काएछ । त्यसपछि प्रहरीले मलाई फोन गरेको रहेछ ।

लिफामा थोरै सेतो पदार्थ थियो । मैले ब्राउन सुगर भन्ने चिज पहिलो पटक देखेको । सादा पोशाकका मानिस जसले लिफा छोडेर गएका थिए, उनी प्रहरी हुन् भनेर होटलका कर्मचारीले पहिलेदेखि चिन्थे । त्यसैले लिफा छोड्ने मानिसको पहिचान गर्न हामीलाई समस्या थिएन ।

प्रहरी प्रमुख एसपी रविराज श्रेष्ठ थिए । "सर, म आएँ । किन बोलाउनुभएको हो ?" एसपी श्रेष्ठसँग भनें । "अहिले म खेल्न जान्छु । त्यतिन्जेलसम्म डीएसपीसँग बस्नुस्, अनुसन्धान गर्नुपर्छ" भनेर उनी बाहिरिए ।

भैरहवामा म र मेरो परिवारलाई सबैले बच्चैदेखि चिन्थे । मैले ब्राउन सुगरको कारोबार र सेवन गर्ने कुरा कसैले विश्वास गर्ने कुरै थिएन । घटना नियोजित भन्ने सबैले बुझे । व्यापारी र चिनेजानेका मानिस जिल्ला प्रहरी कार्यालयमा जम्मा भए । करीब ४०० मानिस जम्मा भएर निर्दोषलाई फसाउने भनेर कराउन थाले । चर्को दबाबपछि जिल्ला प्रहरी नेतृत्वको त्यो प्रयत्न सफल भएन । मलाई छाडियो ।

## पैसा छ, न्याय छ

आफ्नै घरमा काम गर्न राखेकी १४ वर्षीया सदीक्षा कुमाल (नाम परिवर्तन) लाई करणी गरेको आरोपमा ९ असार २०७१ मा बुटवलका होटल व्यवसायी लेखनाथ भण्डारी पक्राउ परे । स्थानीय साधना महिला विद्यालयमा कक्षा ६ मा पढ्ने सदीक्षाले विद्यालयमा देखाएको अस्वाभाविक व्यवहारबाट सो बलात्कार घटना पर्दाफास भएको थियो । विद्यालयकी प्राध्यापक सुमन पन्थी भन्छिन्, "सदीक्षामा देखिएको अस्वाभाविक व्यवहारले शंका लागेर पिसाब परीक्षण गर्दा उनको पेटमा आठ महीनाको गर्भ देखियो ।"

१० असारमा 'गर्भ फाल्न अप्रेसन गर्नुपर्छ' भनेर लेखनाथले सदीक्षालाई भनेपछि डराएर उनले अस्वाभाविक व्यवहार देखाएकी थिइन् । विद्यालयले जाहेरी दिएपछि भण्डारी पक्राउ परे । प्रहरीमा उनले आफूले बलात्कार गरेको स्वीकार गरेका थिए । तर, नाबालिकासँग सहमतिमा हुने यौनसम्पर्क पनि जबर्जस्ती करणी हुने भएपछि उनले साम–दाम प्रयोग गरे र अदालतबाट सफाइ पाए ।

उनले पाल्पाको भुवनपोखरी गाउँ विकास समितिका सचिव भूपालसिंह खाम्चा मगरको सहयोगमा नक्कली कागजात बनाए । सचिव खाम्चाले ११ असार २०७१ को मितिमा जारी गरेको प्रमाणपत्रमा सदीक्षाको जन्म १५ कात्तिक २०५२ बनाइदिए । यो प्रमाणपत्र अनुसार उनी १८ वर्ष माथिकी भएको देखिन्छ । जसले उनलाई जबर्जस्ती करणी नभएर सहमतिमा यौन सम्बन्ध भएको देखाउन सघायो । तर सदीक्षा कुमालको वास्तविक जन्ममिति २६ पुस २०५५ हो । यसअघि १ असोज २०७० मा उनैले दिएको जन्ममितिको प्रमाणपत्रले यो पुष्टि गर्छ । कतिसम्म भने खाम्चाले दिएको पछिल्लो प्रमाणपत्रले दिदीभन्दा बहिनी दुई वर्ष जेठी हुन पुगेकी छन् । कमजोर पक्षको वकील बलियो हुने कुरै भएन । अदालतमा यो विषय उठेन । भण्डारीले जेल बस्नु परेन ।

शंकाको भरमा मुद्दा चलाउँदा कसरी निर्दोषहरू फस्न पुग्छन् भन्ने एउटा बलियो उदाहरण हुन्, बुटवलका पशुपति भुज । व्यापार व्यवसाय गर्दै घरपरिवार चलाएर आएका पशुपति टोलमा सामाजिक अगुवाका रूपमा चिनिन्थे । १२ चैत २०६३ मा बुटवलको पुरानो बसपार्कको एउटा होटलमा भएको झगडामा स्थानीय नारायण आचार्य माथि आक्रमण भयो । आक्रमणमा आचार्यको मृत्यु भयो । प्रहरीले झगडा छुट्याउन गएका पशुपतिलाई पनि पक्राउ गर्‍यो । 'कपडामा रगतको टाटो भेटिएको' भनेर प्रहरीले उनलाई पनि मुद्दा चलायो । जिल्ला अदालत रूपन्देहीले २४ भदौ २०६४ मा भुजलाई जन्मकैद गर्ने फैसला गर्‍यो । आठ वर्षपछि २०७२ भदौमा सर्वोच्च अदालतले पशुपति निर्दोष भएको ठहर गर्‍यो ।

## चर्को सामाजिक मूल्य

पशुपतिको जीवनमा त्यो घटनाले पुऱ्याएको क्षति सर्वोच्च अदालतको फैसलाले पूर्ति गर्न सक्दैन । पशुपति भन्छन्, "विवाह गर्न ठिक्क परेको थिएँ, व्यापार व्यवसाय बढ्दो थियो । सबै बरबाद भयो ।" उनले भने, "अब जस्तोसुकै फैसला होस्, मलाई मतलब छैन, जे हुनु भइसक्यो ।"

१८ वर्ष जेल बस्दा अरविन्द्र दासको ऊर्जाशील उमेर सकियो । घरपरिवारले उनलाई मरिसकेको ठानेर बिर्सिसकेका रहेछन् । १९ वर्षपछि उनी आफ्नो कान्छो छोरासहित २०७२ वैशाखमा तामिलनाडूस्थित घर पुग्दा परिवारका कसैले पनि चिनेनन् । अरविन्द्र भन्छन्, 'बुवाआमा बितिसक्नुभएछ । मलाई कसैले चिनेनन् । मरिसक्यो भन्ने परेको रहेछ ।"

ज्ञानबहादुरलाई बेपत्ता पारेको आरोप लाग्नुअघिसम्म चित्रबहादुरको पारिवारिक अवस्था र सामाजिक शानमान राम्रो थियो । सडक नजिक खोलाछेउको होटल र किराना पसलमा मानिसको भीडभाड हुन्थ्यो । कमाइ राम्रो थियो । बुहारी उमा माझी भन्छिन्, "सामान बेच्न भ्याई नभ्याई हुन्थ्यो । त्यही हालतमा व्यापार भएको भए अहिले हामी लखपति भइसक्थ्यौं ।"

यसैगरी गुल्मी कारागारमा रहेका सूर्य विश्वकर्मा र राजु सार्की मन मिलेर माया लगाउँदा बलात्कारको आरोपमा जेल बस्नु परेकोमा खिन्न छन् । अब कसरी गाउँघरमा मुख देखाउने भन्ने समस्या छ उनीहरूलाई । राजु भन्छन्, "कम उमेरकी केटी बिहे गरेको भनेर अपहरण र बलात्कारको मुद्दा लगाइयो ।" सूर्य भन्छन्, "राम्रो खेलाडीको परिचय बनेको थियो । सबै खत्तम भयो ।"

## बाध्यता, दबाब र लापर्वाही

किन यस्तो हुन्छ ? हामीले अपराध अनुसन्धान, कानूनी व्यवस्था र न्यायका छिद्रहरू बुझेका एकजना प्रहरी अधिकारीलाई सोध्यौं । उनले भने, "अपहरण, हातहतियार खरखजाना, जीउ मास्ने बेच्ने, लागूपदार्थको प्रयोग, ओसार प्रसार र बिक्रीवितरण जस्ता कडा कानूनी सजाय भएका मुद्दामा निर्दोषहरू पर्ने सम्भावना रहन्छ । किनकि यी मामिलामा प्रहरी, सरकारी वकील र न्यायाधीश समेतले घटनाको वास्तविकतासम्म पुगेर निर्णय गर्ने आँट गर्न सक्दैनन् ।"

आफूले ठूलो दुःख गरेर पक्राउ गरेको अभियुक्तलाई अदालतले सामान्य धरौटीमा छोडिदिने हुनाले कतिपय अवस्थामा प्रहरीले जानाजान मुद्दा बलियो बनाउन लागूपदार्थ थमाएर मुद्दा चलाइदिने गर्दछन् । चलनचल्तीको भाषामा यसलाई 'धूलो बोकाइदिने', 'फसाइदिने' वा 'सडाइदिने' भनिन्छ । कसूर अनुसार सजाय नहुने वा कानूनले नै न्यून सजाय गर्ने भएकोले लामै समय जेल पठाउनुपर्ने ठानेको मुद्दामा प्रहरीले यस्तो काम गर्छ । यसको जोखिम औंल्याउँदै भर्खरै जेल मुक्त भएका एक पूर्व कैदीले भने, "अहिलेसम्म नेपाल प्रहरीले कहाँ कहाँबाट कति लागूपदार्थ पक्राउ गऱ्यो ? त्यो कहाँ छ ? कति नष्ट गऱ्यो ? यसको यकिन विवरण नखोज्ने हो भने आउने दिनमा धेरै निर्दोषहरू 'धूलो' बोकेर जेल यात्रा गर्न बाध्य हुनेछन् ।"

महानगरीय प्रहरी अपराध अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक सर्वेन्द्रनाथ खनाल प्रहरी संगठनको बचाउ गर्दै यसमा समाज पनि उत्तिकै गम्भीर हुनुपर्ने बताउँछन् । उनका भनाइमा, प्रहरीको असजिलो बुझेर कानूनमा सुधार गर्न दबाब दिने काम समाजको पनि हो । "सामाजिक दृष्टिकोण पनि गलत छ" खनाल भन्छन्, "अपराधीलाई छुटाउन दिइने चर्को दबाब झेलेको प्रहरीले कहिलेकाहीं कसूरको मात्रा भन्दा बढी सजाय माग गर्ने बाटो खोज्न सक्छ । त्यसकारण सुधार सबैतिर आवश्यक छ ।"

कस्तो अवस्थामा निर्दोषहरू जेल पुग्न सक्छन् भनेर हामीले एकजना न्यायाधीशलाई सोधेका थियौं । उनी भन्छन्, "करणी र मानव बेचबिखन मुद्दामा निर्दोषहरू धेरै पर्ने सम्भावना हुन्छ । जस्तो कि सहमतिमा यौन सम्पर्क गर्छन् । अनि चित्त नबुझ्दा जबर्जस्ती भनिदिए हुने अवस्था छ । यस्ता घटनामा महिलाले कुनै प्रमाण पेश गर्नुपर्दैन ।" उनका भनाइमा, "सामाजिक दबाब ठूलो हुन्छ । संघसंस्थाले होहल्ला मच्चाउँछन् । जान्दाजान्दै पनि वास्तविकता भन्दा बाहिर गएर काम गर्नुपर्ने अवस्था आउँछ । बलात्कार वा उमेर नपुगेकी किशोरीसँग शारीरिक सम्पर्क राखेको मुद्दामा अभियुक्त छुट्ने हो भने, पैसा खाएर छुट्यो भन्छन् । न्यायाधीश पनि चर्को मनोवैज्ञानिक दबाबमा हुन्छन् ।"

साथमा **रवीन्द्र उप्रेती** महोत्तरी र **कुम्भराज राई** ओखलढुङ्गा

*(१ जेठ २०७३, www.cijnepal.org.np)*



# १९.

## चार सूचनाका लागि चार महीना : ‘अर्को आइतबार आउनुस् !’

सूचना माग्ने र पाउने संवैधानिक हक कार्यान्वयनमा ल्याउन सूचनाको हक सम्बन्धी ऐन २०६४ बनेको आठ वर्ष भयो। अझै पनि नेपालका सरकारी कार्यालयमा सूचना दिनुपर्छ भन्ने सामान्य संस्कार निर्माण हुनसकेको छैन। प्रधानमन्त्री कार्यालय, गृह, परराष्ट्र र स्थानीय विकास मन्त्रालयमा चार वटा सूचना माग्न चार महीना धाउँदा भोगेको हैरानी।

● **निमा काफ्ले**

१८ माघ २०७२, दिनको ११ बजे म मन्त्रिपरिषद् सचिवालय सिंहदरबार पुगें । २०४७ सालयताका प्रधानमन्त्रीले आफ्नो पद बहाली गरेपछिको पहिलो निर्णय र त्यसको कार्यान्वयन अवस्था के रहेछ भनेर थाहा पाउनु थियो । खोज्न त्योभन्दा अगाडिदेखिकै मन थियो । तर, जनताप्रति उत्तरदायी रहेको प्रजातान्त्रिक शासन प्रणालीको प्रमुख कार्यकारीले लिने निर्णय र त्यसको कार्यान्वयन अवस्था जान्न २०४७ साललाई आधार वर्ष बनाएँ । मलाई चाहिएको सूचना थियो– स्वर्गीय कृष्णप्रसाद भट्टराईदेखि केपी ओलीसम्मले प्रधानमन्त्रीको हैसियतमा गरेको पहिलो निर्णय र त्यसको कार्यान्वयन अवस्था ।

म सोझै उपसचिव हीरामणि शर्मालाई भेट्न गएँ । उनले 'यस्तो निर्णय त हाम्रो अफिसको वेबसाइटमै हुन्छ' भने । वेबसाइट खोलेर हेर्दा त्यहाँ विवरण उपलब्ध थिएन । म त्यत्तिकै फर्किएँ । भोलिपल्ट १९ माघ दिउँसो १ बजे सचिव महेश दाहालको कार्यकक्षमा पुगें । आफूलाई चाहिएको सूचना बारे जानकारी गराएँ । उनले सहसचिव बुद्धिबहादुर खड्कालाई भेट्न भने । म १ बजेर ३० मिनेटमा खड्काको कार्यकक्षमा पुगें । उनले एउटा निवेदन लेख्न भने । निवेदन लेख्ने तयारीमा थिइनँ । म त्यहाँबाट निस्किएँ ।

भोलिपल्ट २० माघमा म निवेदन लिएर गएँ । यो त मुख्यसचिवले तोक नलगाई दर्ता हुँदैन भनियो । म मुख्यसचिव कहाँ गएँ । मुख्यसचिव हुनुहुन्थेन । म फेरि सचिव महेश दाहालको कार्यकक्षमा पुगें । उनले उपसचिव गोकुल बस्नेतकहाँ जान भने । म गोकुल बस्नेतको कार्यकक्षमा गएँ । बस्नेतले 'निवेदनमा तोक लगाएर म तपाईंलाई खबर गर्छु' भनेपछि म त्यहाँबाट निस्किएँ ।

भोलिपल्ट बस्नेतले फोन गरेर बोलाए 'बैठक शाखा' का नाममा तोक लगाएको निवेदन दिए । त्यो निवेदन लिएर २२ माघमा सहसचिव बुद्धिबहादुर खड्काको कार्यकक्षमा पुगें । उनी बिदामा रहेछन् । शुक्रबार त्यत्तिकै बित्यो । आइतबार कार्यालय पुग्दा त्यो दिन पनि उनी भेटिएनन् । म फेरि गोकुल बस्नेतकहाँ पुगेर खड्काको मोबाइलमा फोन गरें । उनले फोन उठाएनन् ।

२७ माघमा फेरि बुद्धिबहादुर खड्कालाई फोन गरेर भेट्न गएँ । उनले शाखा अधिकृत सुदर्शन श्रेष्ठलाई बोलाएर निवेदन उपर छलफल गरे । अधिकृत श्रेष्ठले यस सम्बन्धी जानकारी बैठक शाखामा नहुने बताए । मैले '२०४७ सालयताका प्रधानमन्त्रीले पद बहालीपछि लिएको पहिलो निर्णय र त्यसको कार्यान्वयन अवस्था मलाई चाहियो' भनेर दोहोऱ्याएँ । उनले 'क्याबिनेटको निर्णय धेरै हुन्छ, तपाईंलाई चाहिएको निर्णय हाम्रो प्रशासन शाखामा हुन्छ त्यहाँ जानुस्' भने । म प्रशासन शाखामा गएँ । कुरा भन्न नपाई प्रशासन शाखाका गोपाल दाहाल हाँस्न थाले । उनले भने, 'यस्तो सूचना यहाँ हुन्छ भनेर तपाईंलाई कसले भन्यो ? माथिकाले खोज्न अप्ठेरो मानेर तल पठाएका हुन् ।' संविधानबमोजिम 'सूचना माग्ने र पाउने हक भएको' म सार्वभौम नेपाली नागरिक घरी तल र घरी माथि गर्दै कर्मचारीको कोठा कोठामा चक्कर लगाइरहेकी थिएँ ।

म फेरि निवेदन लिएर शाखा अधिकृत सुदर्शन श्रेष्ठलाई भेट्न गएँ । उनले आफूले यस बारेमा केही भन्न नसक्ने बताए । फेरि गोकुल बस्नेतसमक्ष पुगेपछि उनले सचिव महेश

दाहालसमक्ष जान भने । दाहालको कार्यकक्षमा सहसचिव खड्का पनि आइपुगे । निवेदनले तनाव दियो भनेर एकछिन छलफल भयो । बल्ल बल्ल दाहालले 'निवेदन दर्ता गरेर जानुस् हामी तपाईंलाई फोन गरेर बोलाउँछौं' भने । तर, दुई महीनासम्म प्रधानमन्त्री कार्यालयबाट फोन आएन ।

२१ चैतमा मैले आफ्नो निवेदन माथि के भइरहेको छ भनेर जान्न खोजें । सोझै गोकुल बस्नेतको कार्यकक्षमा पुगें । उनले ल आउनुस् भनेर आफूले जम्मा पारेको सूचना दिए । उनले दिएको विवरण यस्तो थियो– पहिलो गोरखापत्रलाई चिठी लेखेको, दोस्रो राष्ट्रिय सतर्कता केन्द्र र स्थानीय विकास मन्त्रालयमा फोन गरेको र तेस्रो कर्मचारी जम्मा गरेर १५ दिनसम्म काम गरेको ।

चार महीनासम्म निरन्तर पछिलाग्दा अन्तिममा पाएको सूचना भनेको पछिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीले 'आगामी दुई वर्षभित्र ३५० वटा तुइन विस्थापित गरी झोलुङ्गे पुल निर्माण गर्ने' भनेर गरेको निर्णय हो । यो निर्णय थमाउँदै बस्नेतले भने, 'बाँकी सकिएन ।' उनको भनाइ यस्तो थियो– तपाईंको निवेदनले केही न केही सूचना जम्मा गरी राख्नुपर्छ भन्ने हामीलाई सिकायो ।

## 'त्यस्ता कागज हामीसँग हुँदैनन्'

मलाई २०४७ सालयताका कुन कुन गृहमन्त्रीले कुन विषयमा कतिपटक हेलिकप्टर प्रयोग गरे र त्यसबापत कति रकम खर्च भयो भनेर जान्नु थियो । १२ फागुन २०७२ ठीक १२ बजे म गृहमन्त्रालय पुगें । सहसचिव तथा प्रवक्ता यादवप्रसाद कोइरालाकहाँ गएँ । उनीसँग मैले आफ्नो विषय राखें । उनले दैवीप्रकोप भएका ठाउँमा आवश्यकता अनुसार हेलिकप्टर प्रयोग हुने सजिलो जवाफ दिए । उनले भने, 'हेलिकप्टर कि सेनाको हुन्छ, कि निजी । जुनवेला आवश्यक हुन्छ त्यसवेला गृहमन्त्रालयले झिकाउँछ ।'

आफ्नो प्रस्तुति सिलसिला लम्ब्याउँदै कोइरालाले भने, 'कतिपय अवस्थामा गृहले तेल हाल्दिने शर्तमा पनि गृहमन्त्रीले हेलिकप्टर चढेको हुन्छ । धेरैजसो गृहमन्त्रीले सेनाको हेलिकप्टर चढ्ने हुनाले त्यसको हिसाबकिताब सेना सँगै होला ।' उनले गृह मन्त्रालयमा यसको यकिन विवरण हुँदैन भनेर कुरा टुंग्याउन खोजे । प्रवक्ताले नै हुन्न भनेपछि के गर्ने भनेर म केही दिन अलमलमा परें ।

१ चैतमा म फेरि निवेदन लिएर गृह मन्त्रालय गएँ । यस पटक मलाई प्रवेश पाउन सहज भएन । प्रहरीले किन र कसलाई भेट्ने भनेर पटक पटक सोधपुछ गरे । निवेदन दर्ता गर्न जान लागेको भनेपछि 'दर्ता फाँटमा मात्रै जाने कि अन्यत्र पनि' भनेर सोधे । मैले 'पहिले दर्ता फाँटमा जाने त्यसपछि अन्यत्र जानु परे पनि जाने' भनेपछि 'हिंड्नुस्' भनेर उनी मसँगै लागे ।

म ११ बजे गृह मन्त्रालयको दर्ता फाँटमा पुगें । त्यहाँका कर्मचारीले 'यहाँ आन्तरिक निवेदन मात्रै दर्ता हुन्छ तपाईंको निवेदन सूचना अधिकारीकहाँ देखाउनुस्' भने । म निवेदन बोकेर सूचना अधिकारीकहाँ गएँ । कार्यकक्ष बाहिर सूचना अधिकारीसँग भेट भयो । मेरो निवेदन हेरेर उनले

'वार्षिक अडिट भएपछि यस्तो रेकर्ड मन्त्रालयसँग नहुने' बताए । मैले निवेदन दर्ता गर्न भनें र दर्ता नम्बर ४ टिपेर त्यहाँबाट निस्किएँ ।

मेरो निवेदन माथि के सुनुवाइ भयो भनेर २१ चैतको ११ बजे म फेरि गृह मन्त्रालय पुगें । सूचना समन्वय शाखामा एक जना नायब सुब्बा थिए । आफ्नो निवेदनबारे सोधेपछि उनले 'हामीले तपाईंको निवेदन सूचना शाखा र शान्ति सुरक्षा शाखामा पठाइदिइसकेका छौं' भन्ने जवाफ दिए । निवेदन जहाँ पुगे पनि 'मैले मागेको सूचना चाहियो' भनेपछि उनले अनकनाउँदै भने 'अब के भन्नु र खै, शान्ति सुरक्षा शाखाले तपाईंको निवेदनमा माग गरिएको कुनै कुरा आफूहरूसँग छैन भनेको छ । लेखाले पनि अहिलेसम्म कुनै जवाफ पठाएको छैन ।'

त्यत्तिकैमा नायव सुब्बा शुक्र भट्टराईले निवेदन मसँगै छ म फेरि एक पटक 'फलोअप' गर्छु भने । २३ चैतमा मैले नायव सुब्बा भट्टराईलाई फोन गरें । उनले अलिक आश्चर्यलाग्दो जवाफ दिए । उनले भने, 'अडिट भएका कागजात एक वर्षपछि सबै जलाइने भएकोले त्यस्ता डकुमेन्ट हामीसँग हुँदैनन् ।' उनले मलाई उदारता देखाउँदै भने 'तपाईंले मागी हाल्नु भो, एक डेढ वर्षको चाहिं लेखाले उपलब्ध गराउने भनेको छ दुई बजेतिर फोन गर्नुस् न ।'

भोलिपल्ट ११ बजे नासु भट्टराईले फोन गरेर 'लेखाले डकुमेन्ट पठाएको छ लिन आउनुस्' भने । म १२ बजे गृह मन्त्रालय पुगें । यस पटक मलाई गेटमा झन् समस्या भयो । अनुरोध गरेर म सूचना शाखाभित्र छिरें । त्यहाँ कागजात तयार भएको तर त्यसमा सूचना अधिकारीले हस्ताक्षर गर्नुपर्ने भएकोले एकछिन पर्खन भनियो । साँझ ४ बजे गृह मन्त्रालयले एकपाने विवरण उपलब्ध गरायो । जसमा विजयकुमार गच्छदार, माधव घिमिरे, बामदेव गौतमले हेलिकप्टर प्रयोग गर्दा खर्च गरेको विवरण उल्लेख थियो ।

## चार महीनामा अपुरो सूचना

२००७ सालयता कहिलेदेखि कुन मुलुकसँग कूटनीतिक सम्बन्ध स्थापना भयो र कुन मितिमा कुन देशका लागि राजदूतमा कसको नियुक्ति भयो जानकारी पाऊँ भनेर म परराष्ट्र मन्त्रालय पुगें । १२ फागुन ११ बजे मन्त्रालयको रिसेप्सनमा गएँ । मलाई प्रवक्तालाई भेट्न भनियो । सीधै प्रवक्ता ताराप्रसाद पोखरेलको कार्यकक्षमा गएँ । आफूलाई चाहिएको सूचना बारे बताएपछि प्रवक्ता पोखरेलले यस्तो एकमुष्ट सूचना आफूसँग नभएको भन्दै पटक पटक प्रशासनका सहसचिव डा. दुर्गाबहादुर सुवेदीलाई भेट्न भने । म सुवेदीलाई भेट्न उनको कार्यकक्षमा गएँ ।

सहसचिव सुवेदीले 'तपाईंले खोजेको जानकारी पाउनुहुन्छ तर समय लाग्छ' भने । म त्यहाँबाट फर्किएँ । कुनै खबर नआएपछि म फेरि १८ फागुनमा मन्त्रालय पुगें । सहसचिव सुवेदीले शाखा अधिकृत सुरेन्द्र यादवलाई सम्पर्क गर्न भने । अधिकृत यादवले 'धेरै जानकारी हामीले वेबसाइटमा राखेका छौं, बाँकी सूचना खोज्न समय लाग्छ तर हामी उपलब्ध गराउँछौं' भने । म निवेदन दर्ता गरेर दर्ता नम्बर २८५२ टिपेर त्यहाँबाट फर्किएँ ।

एक महीनापछि २१ चैतमा म परराष्ट्र मन्त्रालय गएर सूचना अधिकारी उपसचिव सुधीर भट्टराईलाई भेटें । उनले 'राजदूतहरूको नाम संकलन गर्न केही समय लाग्नेभयो' भनेर आफूले नाम खोजिरहेकोले पर्सि आउन भने । पर्सिपल्ट २३ चैतमा म फेरि परराष्ट्र मन्त्रालय पुगें । भट्टराईले 'डकुमेन्ट तयार पारेको छु प्रिन्ट गर्न मात्र बाँकी छ एकैछिन है' भने । झन्डै एक घण्टा पर्खंदा पनि प्रिन्ट गर्ने स्टाफ आएनन् । 'म पछि आउँछु' भनेर बाहिरिएँ । त्यसैदिन दिउँसो उनले फोन गरेर 'डकुमेन्ट तयार छ लिन आउनू' भने । यसपटक पनि मलाई मन्त्रालयको वेबसाइडमा भएको कूटनीतिज्ञ सम्बन्धको सूचना र १५ वटा देशमा नियुक्ति भएका राजदूतको नामावली दिंदै भने 'बाँकी खोज्दैछौं केही समय पर्खनु है !' तर चार महीना बितिसक्यो, परराष्ट्र मन्त्रालय विवरण खोजिरहेको छ ।

## 'अर्को आइतबार आउनुस्'

१. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) को पहिलो र दोस्रो चरणमा कुन कुन दातृ निकायले कति सहयोग गरे ? त्यसमा नेपाल सरकारको के कति योगदान रह्यो ?

२. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले अहिलेसम्म कुल कति बजेट परिचालन गऱ्यो ? त्यसमा परामर्शदातामा कति खर्च भयो ? स्थानीय निकायमा कति अनुदान गयो ?

३. परामर्श सेवामा कुन व्यक्ति वा संस्थाले के के काम गरेबापत कति पारिश्रमिक बुझे ?

यी तीन वटा सूचना माग्न म १८ फागुनमा सिंहदरबारस्थित स्थानीय विकास मन्त्रालय पुगें । ११ बजेको थियो । सीधै दर्ता फाँटमा गएर मेरो निवेदन दर्ता गराइदिनुस् भनें । दर्ता फाँटले यस सम्बन्धी पहिला सूचना शाखामा गएर सोध्नुपर्छ भने । म सीधै सूचना शाखामा गएँ । त्यहाँ दुई जना कर्मचारी थिए । निवेदन दर्ता गर्नुथियो । मैले 'कोसँग सम्पर्क गर्ने ?' भनेर सोधें । एक जना कर्मचारीले 'खै निवेदन हेरौं' भने । निवेदन देखाएँ । उनले व्यंग्यपूर्वक मुस्कुराउँदै त्यो निवेदन अर्का कर्मचारीको हातमा दिए । ती दुवै कर्मचारी सूचना शाखाका अधिकृतद्वय देवेन्द्रकुमार झा र अशोककुमार थापा थिए ।

देवेन्द्र मज्जाले हाँसे । अशोककुमार थापाले गम्भीर हुँदै भने 'यस्तो सूचना त लम्बेतान हुन्छ ।' सूचना नै नपाउने, पाए नि धेरै गाह्रो हुने उनको भनाइ थियो । त्यत्तिकैमा अर्का एक कर्मचारी पनि भित्र पसे । उनी थिए सहायक सूचना अधिकारी कमल ज्ञवाली । मैले उनलाई निवेदन दिएँ ।

निवेदन पढेर उनले तपाईंको निवेदन यहाँ नभई एलजीसीडीपीमा दर्ता हुन्छ भने । उनले एलजीसीडीपीको कार्यालयमा शाखा अधिकृत रमेशकुमार पौडेललाई गएर भेट्न भने । दिउँसो १ बजेर ४५ मिनेटमा म एलजीसीडीपीको कार्यालय बबरमहल पुगें । कार्यकक्षमा रमेश नाम देखेर छिरें । मैले 'रमेशकुमार पौडेललाई भेट्न आएको' भनेपछि उनले भने म रमेश हो, तर पौडेल

होइन शर्मा हो भने । मलाई 'स्थानीय विकास मन्त्रालयबाट तपाईंलाई नै भेट्न भनिएको छ' भनेपछि उनले आफ्नो बोली फेरे र भने 'यस सम्बन्धीको सूचना धेरै हुन्छ तपाईंलाई कुन चाहिं चाहिएको हो ?' उनले 'कार्यक्रम प्रमुख रेश्मीराज पाण्डेलाई भेटेर तोक लगाउन' भने ।

अब म रेश्मीराज पाण्डे खोज्दै स्थानीय विकास मन्त्रालय पुगें । उनका सहयोगीले 'सर त भर्खरै बाहिर निस्कनुभयो' भने । भोलिपल्ट ११ बजे म फेरि पाण्डेको कार्यकक्षमा पुग्दा तीनै सहयोगीले 'सर जिल्ला बाहिर जानुभएको' बताए । भोलि पल्टै मैले पाण्डे काठमाडौंमा भएको थाहा पाएँ । २० फागुन बिहान म उनलाई भेट्न स्थानीय विकास मन्त्रालय पुगें ।

मलाई उनको कार्यकक्षमा बोलाइयो । आफ्नो परिचय दिंदै मलाई यो यो जानकारी चाहिएको छ भनें । उनले भने 'मेरो कार्यकक्षमा धेरैथरी मान्छे आउँछन् । यहाँ ब्ल्याकमेल गर्नेदेखि समाचार लेख्नेसम्म सबै खाले पत्रकार आउँछन् ।' मलाई पाण्डेले मौखिक उत्तर दिएर पन्छाउन खोजे । उनले भने, १४ वटा विकास साझेदार संस्थाले यस योजनालाई सघाएका छन् । नेपाल सरकारको तर्फबाट १ अर्ब १३ करोड डलर र दाताको २३ करोड डलरको सहयोगमा यो कार्यक्रम चार वर्षका लागि हो ।' बाँकी कुरा नभन्दै उनी ११ बजे अर्को मिटिङमा जानु छ भन्दै बाहिरिन खोजे । मेरो निवेदन सरसर्ती पढेर तोक लगाए ।

म निवेदन लिएर एलजीसीडीपीको कार्यालय बबरमहल गएर रमेश शर्मालाई सो निवेदन दिएँ र मेरो निवेदन दर्ता गर्नुस् भनें । अचम्म मान्दै अधिकृत रमेशले सो निवेदन हेरे अनि सहयोगीलाई भनेर दर्ता गर्न लगाए । निवेदन दर्ता भएपछि 'अर्को आइतबार आउनू' भने । एक हप्तापछि २८ फागुन दिउँसो १ बजे म फेरि एलजीसीडीपीको कार्यालय पुगें । आफ्नो निवेदन बारे जान्न खोजें । उनले फेरि 'तपाईंले धेरै सूचना माग्नुभएको छ, पछि आउनुस्' भने । सम्पर्क नम्बर टिपाएर म हिंडें । कसैले सम्पर्क नगरेपछि एक महीनापछि २१ चैतमा म फेरि त्यहाँ गएँ । रमेश सर फिल्डमा जानुभएको भनियो । यसको झण्डै एक महीनापछि मैले फेरि ताकेता गरें । शाखा अधिकृत रमेश शर्माले भने, 'काम भइरहेको छ । अर्को आइतबार आउनुस् !'

*(१७ वैशाख २०७३, www.cijnepal.org.np)*




# २०.

## ‘सूटर’ हरू झण्डावाल गाडीमा

जनकपुरको शिवचोकमा अरुण सिंघानियालाई गोली हानेर ढालेपछि चार जना ‘सूटर’ राज्यमन्त्री संजय साहको झण्डावाल गाडी चढेर काठमाडौं आएका थिए।

● **नवीन झा**

१७ चैत २०७२ मा जिल्ला प्रहरी कार्यालय धनुषाले एउटा सशस्त्र समूहका अध्यक्ष चन्द्रदीप यादवलाई सार्वजनिक गर्‍यो । प्रहरीले आफ्नो प्रेस विज्ञप्तिको शीर्षकमै भन्यो 'सिंघानिया हत्याका योजनाकार पक्राउ ।' विज्ञप्तिको पहिलो वाक्यमा महत्वका साथ भनिएको थियो, 'सिंघानिया हत्याका योजनाकार र मुख्य भूमिका खेल्ने चन्द्रदीप यादवलाई पक्राउ गर्न हामी सफल भएका छौं ।'

जनतान्त्रिक टाइगर जनशक्ति पार्टीको प्रमुखको आवरणमा आपराधिक गतिविधिमा थिए चन्द्रदीप यादव । उनलाई पक्राउ गरेर प्रहरीले ६ वर्षअघि जनकपुरमा मारिएका संचार उद्यमी अरूण सिंघानिया हत्याको छानबीनलाई एउटा निष्कर्षमा पुर्‍याएको दाबी गरेको छ ।

१७ फागुन २०६६ होली पर्वको दिन थियो । जनकपुरको शिवचोकमा होली मनाइरहेका सिंघानियालाई गोली हानियो । लगत्तै तराई जनतान्त्रिक पार्टी मधेश सशस्त्र समूहका मुकेश चौधरीले स्थानीय संचारकर्मीलाई फोन गरेर घटना आफूले गराएको भनेर जिम्मेवारी लिए । अर्को सशस्त्र समूह जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन मुक्ति समूहका राजन मुक्तिले पनि घटना आफूले गराएको भनेर दाबी गरे । चौधरी र मुक्ति दुवै अहिले जेलमा छन् । प्रहरीले उनीहरूलाई डेढ वर्षअघि भारतबाट पक्राउ गरेर ल्याएको थियो ।

चन्द्रदीप पक्राउ परेपछि अरूण सिंघानिया हत्याकाण्डको भित्री पाटो खोतल्न हामीले कारागारमा रहेका मुकेश चौधरीलाई भेट्यौं । उनले हाकाहाकी भने, 'मलाई सिंघानियाको हत्या भएलगत्तै संजयले ९८५४०२०२०७ नम्बरबाट फोन गरेर हत्याको जिम्मा लिन भनेका थिए । त्यसपछि मैले घटनाको जिम्मा लिएँ ।'

## दुई डनको चक्रव्यूह

भर्खरै पक्राउ परेका चन्द्रदीप यादवले समेत यसलाई पुष्टि गर्दै प्रहरीलाई घटनाको बेलिबिस्तार लगाएका छन् । उनको बयानले अनुसन्धानलाई निष्कर्षमा पुर्‍याउन सघाएको प्रहरीको भनाइ छ ।

२०६६ फागुनमा सिंघानियाको हत्या हुँदा संजय साह भौतिक योजना राज्यमन्त्री थिए । तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्री विजयकुमार गच्छदारको फोरम लोकतान्त्रिकका एक जना प्रभावशाली नेता पनि थिए, उनी । जनकपुर बम काण्डमा साहका मानिस पक्राउ परेपछि तिनीहरूलाई छुटाउन विजय गच्छदारले वास्ता नगरेपछि उनी केही दिन फोरम क्रान्ति नाम गरेको संगठनमा सक्रिय भए । संविधानसभाको दोस्रो चुनाव भन्दा केही अघि साह राजेन्द्र महतो अध्यक्ष रहेको सद्भावना पार्टीमा प्रवेश गरेर उपाध्यक्ष भएका उनी हालसम्म पनि सोही पदमा छन् ।

चन्द्रदीप पक्राउ परेपछि सिंघानिया हत्याको नयाँ पाटो खुलासा भएको छ । चन्द्रदीपका अनुसार, *जनकपुर टुडे* मा श्रृंखलाबद्ध रूपमा प्रकाशित समाचारहरू यो हत्याको मुख्य कारण थियो ।

२०६५ सालपछि जिविस धनुषाका सह लेखापाल रहेका जीवनाथ चौधरी र राज्यमन्त्री भएका

**स्व. अरूण सिंघानिया र संजय साह (दायाँ) ।**

साहबीच सम्बन्ध बिग्रिएपछि विवादमा *जनकपुर टुडे* पत्रिका पनि जोडिन पुग्यो । संजय साहले जनकपुरमा भ्रष्टाचार विरोधी आन्दोलन चर्काए । आन्दोलनमा जनकपुरका युवा सक्रिय देखिए पनि त्यसको लगाम संजय साहका हातमा थियो ।

संयोगवश त्यही समयमा चौधरीको घरमा डकैती भयो । चौधरीले संजय साहले आफ्नो घरमा डकैती गराएको भनेर उजुरी दिए । त्यसपछि अरूण सिंघानिया प्रकाशक रहेको *जनकपुर टुडे* दैनिकमा डकैतीमा संजय साहको संलग्नतालाई जोडेर लगातार समाचार प्रकाशित भए । अनुसन्धानमा संलग्न एक प्रहरी भन्छन्, त्यसपछि संजयले प्रकाशक सिंघानियालाई फोन गरेर धम्क्याएका थिए । अलि जिद्दी स्वभावका सिंघानियाले संजय साहको धम्कीलाई वास्ता गरेनन् । लगत्तै संजयकै योजनामा उनका दाहिने हात मानिने रामविनोद यादव र चन्द्रदीप यादवले सिंघानिया हत्याको योजना बनाए । १७ फागुन २०६६ मा होली मनाइरहेको बेला सिंघानियाको हत्या गरियो ।

## 'सूटर' मन्त्रीको गाडीमा

घटनाको ६ वर्षपछि पक्राउ परेका चन्द्रदीप यादवले प्रहरी समक्ष नयाँ तथ्य उद्घाटन गरेका छन् । अरूण सिंघानियालाई गोली हानेपछि उनी र 'सूटर' हरू एकल सहनी, अन्सी राइन, मनक लामा र पवन लामा तत्कालीन राज्यमन्त्री साहको भ्ाण्डावाल गाडी चढेर राजधानी भित्रिएका थिए ।

प्रहरीका अनुसार, जीवनाथ चौधरीको प्रभावमा *जनकपुर टुडे* ले आफूलाई लखेटेको भन्ने संजयलाई लागेपछि प्रकाशक सिंघानियाको हत्या गर्ने योजना बन्यो । उनले यो कामको जिम्मा मुकेश चौधरी, रामविनोद यादव र चन्द्रदीप यादव तीन जनालाई दिए । साह निकट रामविनोदमार्फत चन्द्रदीप यादवलाई १० लाख रूपैयाँ पठाएर सूटरहरूको व्यवस्था गरियो ।

सूटरको खोजी गर्न चन्द्रदीप बाबु थापा समूहको सम्पर्कमा पुगे । बाबु थापाको समूहले नै हो सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमलाई गोली हानेको । सोही समूहका चारजना सूटरहरू एकल सहनी, मनक लामा, पवन लामा र अन्सी राइनलाई सिंघानिया हत्याको जिम्मेवारी दिइयो । सहनी र राइन पक्राउ परे पनि लामाद्वय नक्कली पासपोर्ट बनाएर विदेश गइसकेको प्रहरीको बुझाइ छ ।

अनुसन्धान स्रोतका अनुसार, घटनाको अघिल्लो दिन चारै जना सूटरलाई जनकपुरको रामा होटलमा राखिएको थियो । रामा होटल *जनकपुर टुडे* को कार्यालय छेउमै पर्छ । संजय साह आफैं एउटा भारतीय नम्बरको गाडी चढेर होटलमा पुगेका थिए । उनले नै सूटरहरूलाई दुई वटा हतियार दिए, सिंघानिया हत्यामा तिनै हतियारको प्रयोग भयो ।

सिंघानियाको हत्या भएको साँझ चारै जना सूटरलाई लिएर राज्यमन्त्री संजय साहको गाडी काठमाडौं आयो । मन्त्रीले प्रयोग गर्ने झण्डावाल गाडी भएकोले प्रहरीले कतै पनि चेकजाँच गरेन । राज्यमन्त्री साह चाहिं भोलिपल्ट सिंघानियाको अन्त्येष्टिमा भाग लिन गए, श्रद्धाञ्जली दिएर काठमाडौं फर्के । नेपाल प्रहरीको तत्कालीन धनुषा नेतृत्वले चाहिं 'अपराधीहरू भारततिर भागेको हुनसक्ने' भनेर खोजबीन गर्न एउटा टोली पटनातिर पठाएको थियो ।

अनुसन्धान स्रोतका अनुसार साहले हत्या प्रयोजनकै लागि सूटरलाई दुई वटा मोटरसाइकल दिएका थिए । घटनापछि प्रहरीले ती मोटरसाइकल खोजे पनि फेला पार्न सकेको थिएन । रोचक पक्ष के रहेछ भने सिंघानिया हत्याको केही महीनापछि जनकपुरको स्टेसन एरियाको प्रहरी चौकीका असई विरूद्ध संजय साह र उनका समर्थकहरूले आन्दोलन गरे । मन्त्री आफैं आन्दोलनमा सहभागी थिए । त्यही आन्दोलनका क्रममा विरोध स्वरूप ती दुई मोटरसाइकलमा आगो लगाइयो । प्रमाण नष्ट गर्न योजनाबद्ध ढंगले गरिएको काम थियो, त्यो । एउटा मोटरसाइकल पूर्ण रूपमा जल्यो भने अर्को आंशिक रूपमा मात्रै जलेको थियो ।

आंशिक रूपमा जलेको मोटरसाइकललाई जनकपुरको एउटा वर्कशपमा लगेर फालियो । २०७० सालमा जनकपुरमा प्रहरी प्रमुखको रूपमा एसपी उत्तम सुवेदी पुगे । उनले सशस्त्र समूहमा लागेका झण्डै ७५ जनालाई समातेपछि सिंघानिया हत्यामा प्रयोग भएका ती दुई मोटरसाइकल संजय साहका मानिसले जलाएको रहस्य खुल्यो । त्यही रहस्यमय सूचना पछ्याउँदै अगाडि बढ्दा यो हत्याकाण्डमा संजय साह तानिन सक्ने सुईंको प्रहरीले पायो ।

सशस्त्र समूहका मानिसबाट प्रहरीले अर्को महत्वपूर्ण सूचना पायो । यो घटनामा संजय निकट रामविनोद यादव र चन्द्रदीप यादव संलग्न भएको प्रमाण खुल्यो । यसपछि मुकेश

**जीवनाथ चौधरी र मुकेश चौधरी ।**

चौधरी र चन्द्रदीप यादवसम्म पक्राउ परे र घटनाको भित्री पाटो बाहिर आयो । यसरी आधा जलेको मोटरसाइकलबाट शुरू भएको सिंघानिया हत्या काण्डको छानबीन १७ चैत २०७२ मा चन्द्रदीप यादव समातिएपछि एउटा अध्याय समाप्त भएको छ । यद्यपि सिंघानियालाई गोली हान्ने काममा संग्लन रामविनोद यादव, मनक लामा र पवन लामालाई अहिलेसम्म प्रहरीले पक्राउ गर्न सकेको छैन ।

सिंघानिया हत्याको जिम्मेवारी लिने मुकेश चौधरी अहिले ललितपुरको नख्खु कारागारमा छन् । उनी अहिले के सोचिरहेका होलान् भनेर हामीले सम्पर्क गऱ्यौं । मुकेशले 'जानी नजानी आफू प्रयोग भएको स्वीकार गरे ।' उनले भने, 'संजयले हामीसँग सबै कुरा भन्दैनथ्यो । भित्री खेल के हो उही जानोस् तर उसको आग्रहमा सिंघानिया हत्याको जिम्मा मैले लिएको हो ।'

## सशस्त्र समूहको सकस

सिंघानिया हत्याकाण्डको तीन वर्षपछि १८ वैशाख २०६९ मा जनकपुरमा बमकाण्ड भयो । संजय साह र मुकेश चौधरी सो बमकाण्डमा मुछिएका कारण जेलमा छन् । मिथिला राज्यको माग लिएर

धर्नामा बसेका बेला जनकपुरको रामानन्द चोकमा बम विस्फोट गराइएको थियो । विस्फोटमा पाँच जनाको मृत्यु भएको थियो ।

जनकपुर बमकाण्ड र अरूण सिंघानिया हत्याकाण्डलाई जोड्ने तन्तु भनेको संजय साह र जीवनाथ चौधरीबीचको शत्रुतापूर्ण सम्बन्ध थियो । कुनै बेला कवाडी सामान संकलन गर्ने संजय साह र जिविसका सह-लेखापाल जीवनाथ चौधरीबीचको सम्बन्ध दुश्मनीमा परिणत भएपछि आज त्यसको तनाव सिङ्गो जनकपुरले भोगिरहेको छ ।

जनकपुरले यो तनाव अझै कहिलेसम्म झेल्नुपर्ने हो टुङ्गो छैन । किनकि प्रहरीले जनकपुर बमकाण्डका आरोपी संजय साहलाई सिंघानिया हत्या अभियोगमा समेत मुद्दा दायर गर्दैछ । कुनै चमत्कार नभए संजय तत्कालै जेल बाहिर आउन सक्ने सम्भावना देखिंदैन । तर, संजयका प्रतिद्वन्द्वी र जनकपुरको अपराध मामिलाका अर्का केन्द्र जीवनाथ चौधरी जनकपुरका एक्लो डन भएका छन् । विशेष अदालतले २०७२ असारमा जीवनाथ चौधरीलाई भ्रष्टाचारको अभियोगमा रू.३ लाख जरिवाना र १८ महीना कैद गर्ने फैसला गरिसकेको छ । तर जीवनाथले सर्वोच्च अदालतमा पुनरावेदन गरेका कारण यो फैसला कार्यान्वयन भइसकेको छैन । त्यसैले अपराधको जालोमा जेलिएको जनकपुर तत्कालै पुरानै लयमा फर्किन्छ भन्न सकिने अवस्था अझै छैन ।

*(२४ चैत २०७२, www.cijnepal.org.np)*




महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जका पूर्व प्रमुख राजितराम पाठकका छोरा अभनिश श्रीमतीका साथ लखनऊमा ।

# २१.

# पारिको आकर्षण बढ्दो

सीमावर्ती भारतीय बजारहरू मज्जफरपुर, भिठ्ठामोड र लखनऊमा नेपालीको बढ्दो उपस्थिति र लोभलाग्दो प्रगतिले पारिको आकर्षण बढ्दो छ भन्ने देखाउँछ।

● नवीन झा

चितलाङका अमरकुमार श्रेष्ठ मज्जफरपुरमा अमर कुमारका नामले चिनिन्छन् । काठमाडौं थानकोट भन्दा तलको पहाडी बस्तीका अमर भारतको बिहार राज्यमा पर्ने व्यापारिक शहर मज्जफरपुरमा जमेर बसेका छन् । त्यहाँ बसोबास गरेको ३० वर्ष हुन लाग्यो । उनी त्यहाँका नागरिक हुन् । २५ वर्षअघि उतैबाट चितवनकी गीता प्रधानसँग विवाह गरे । विवाहपछि गीता प्रधानको नाम गीतादेवी भयो । एउटा स्थानीय औषधि कारखानामा काम गर्ने अमरले घरमा छुट्टै सानो उद्योग पनि संचालन गरेका छन् । मज्जफरपुरको जेलचोकमा शानदार तीनतले घर छ । अमर र गीताका दुई छोरा र एक छोरी छन् । दुई छोराले भर्खरै स्नातक सके । अमर भन्छन्, "सरकारी जागीरको तयारी गर्दैछन्, उनीहरू ।"

मज्जफरपुरको मुसहरी टोलका छोटु कुमार त्यहाँका नामूद जग्गा दलाल हुन् । छोटुका दाइ गणेशबहादुर चाहिं मज्जफरपुरमै भारत सरकारको कृषि विभागमा काम गर्छन् । छोटु नेपालको पूर्वी पहाड ताप्लेजुङका हुन् । उनको विवाह बुटवलकी नेपाली केटीसँग भयो । छोटु भन्छन्, "काम गर्न आएपछि यतै सेटल भएँ । नेपाल फर्कन मन लागेन । घर बनाइयो, काम धन्दा यतै शुरू गरियो ।"

उनका दुई छोरालाई पनि पुर्ख्यौली थलो नेपालसँग खासै सरोकार छैन । छोटु भन्छन्, "अब त ससुराली खलकका मानिस पो यता आउने योजना बनाउँदै छन् ।" अहिले उनको परिवारमा कसैसँग पनि नेपाली नागरिकता छैन । छोटु भन्छन्, "अब यतै बस्ने भयौं, नेपाली नागरिकता बनाउँदैनौं होला ।"

मज्जफरपुर जेलचोककी शोभादेवी थापा सपरिवार त्यहाँ बस्न थालेको २५ वर्ष भयो । काठमाडौं नयाँबानेश्वरकी शोभाका श्रीमान् शमशेरबहादुर थापा कम्प्युटर पसलमा काम गर्छन् । चारमध्ये तीन छोरी विश्वविद्यालयस्तरको पढाइसँगै काम पनि गर्छन् । शोभादेवी भन्छिन्, "हामी उहिल्यै यताका भइसक्यौं । नेपालतिरको कुनै कागजात पनि छैन । अब त छोरीहरूको पनि उता जाने इच्छा छैन ।"

मज्जफरपुरको जेलचोकमा घर बनाइरहेकी शोभाका दुई छोरी स्थानीय बैंकमा काम गर्छन् । सरकारी जागीर खाने उनीहरूको लक्ष्य छ त्यसैले सरकारी सेवाको तयारी गर्दैछन् । माइली छोरी आरतीसँगै उभिएकी शोभाले भनिन्, "यिनीहरूको विवाह चाहिं नेपालतिर गर्न पाए हुन्थ्यो ।"

भारतको दैनिक अखबार *जागरण* को मज्जफरपुर संस्करणमा कार्यरत वरिष्ठ पत्रकार प्रमोद कुमारका अनुसार, 'मज्जफरपुरमा एक हजार भन्दा बढी नेपालीको नाम त्यहाँको मतदाता सूचीमा छ ।" गएको लोकसभा निर्वाचनमा नेपाली मतदाताको भोट आफ्नो पक्षमा पार्न केही नेताहरू अहोरात्र खटेका थिए । फोरम नेपालका पर्सा अध्यक्ष प्रदीप यादव नेपाली मतदाताको भोट भारतीय जनता पार्टीका पक्षमा पार्न एक साता त्यहाँ बसेका थिए । यादव भन्छन्, "भाजपाका स्थानीय नेताहरूको आग्रहमा त्यहाँ गएर नेपाली मूलका मतदातालाई मोदीको पक्षमा भोट हाल्ने वातावरण बनायौं ।"

एउटा बाल क्लब समेत चलाइरहेका पत्रकार कुमारका अनुसार मज्जफरपुरमा तीन हजारभन्दा बढी नेपाली समुदायका मानिस छन् । केही समयअघिसम्म मज्जफरपुरको जोगिया



तस्बीर सौजन्य : पूर्णलाल चुके





तस्बीर सौजन्य : टी.एस. ठकुरी

**हेयर एन्ड शान्ति ब्युटिपार्लरका संचालक नारायण र विश्वशान्ति श्रेष्ठ । लखनऊको सहारा क्लबका मेनेजर बाँके सीतापुरका फूटबल खेलाडी धनबहादुर वली ।**

मठ नजिक नेपाली टोल नै थियो। विस्तारै उनीहरू आ–आफ्ना घर बनाउँदै अन्यत्र सर्दै गएकोले अहिले त्यो टोलको अस्तित्व छैन ।

मज्जफरपुरको मुसहरी टोल, जेलचोक वरिपरि ठूलो संख्यामा नेपाली बस्ने गर्छन् । पत्रकार प्रमोद कुमारका अनुसार, उनीहरू कोही व्यापार गरेर बसेका छन् भने कोही सरकारी जागीरमा छन् । कति त ठूल्ठूला उद्योगमा काम गर्ने पनि छन् ।

## रासनकार्डको चक्कर

बिहार मोतिहारीका अरूण खेम्काले २० वर्ष अगाडि जलेश्वरकी नेपाली केटीसँग विवाह गरे । त्यसपछि नेपाली नागरिकता बनाएर नेपालमै व्यापार गर्न थाले । शुरूमा जलेश्वरमा बरफ कम्पनी र कपडा व्यापार गरेका खेम्का १० वर्षअघि के सोचेर हो फेरि भारत छिरे । अहिले भिठ्ठामोडमा उनको नेपाल–भारत साडी संगम नाम गरेको चल्तीको कपडा पसल छ । खेम्का भन्छन्, "हिजो नेपाली नागरिकता बनाएर जलेश्वरमा घरजम र व्यापार गरियो । अहिले मलाई भिठ्ठामोडमा व्यापार गर्न पनि समस्या छैन । किनकि मेरो जन्मघर बिहारको मोतिहारीमा छ ।" खेम्का परिवारका सबै सदस्य अहिले भारतका नागरिक भइसकेका छन् ।

भिठ्ठामोडमा भेटिएका व्यापारी विक्रम अग्रवालले आफूलाई बिहार सुपौल जिल्ला निवासी भएको बताए । उनले भने, "बुवा नेपालबाट आउनुभएको हो । उहाँसँग नेपाली नागरिकता छैन । तर, हामी दाजुभाइ दुवैसँग नेपाली नागरिकता छ ।" सुपौलको ठूलो जमीनदार भएको बताउने अग्रवालका जेठा दाजु नारायणघाटमा हार्डवेयर पसल चलाएर बसेका छन् ।





**मज्जफरपुरमा बस्दै आएकी शोभादेवी आफ्नी छोरीका साथमा र भिठ्ठामोडमा व्यापार गर्दै आएका ऋषिकुमार मुरारका ।**

कुराकानी गर्दै जाँदा विक्रमले आफ्ना पुर्खाको बखान गर्न भ्याइहाले । उनले भने, "हामी मारवाडी भनेका राजस्थानी हौं । समयक्रममा हामी व्यापार गर्दै नेपालसम्म पुगेका हौं । कुनै मारवाडी नेपालका मूल बासिन्दा होइनन् । तर अहिले प्रायः सबैले नेपाली नागरिकता लिइसकेका छन ।" नागरिकता लिएपछि व्यापार र घरजम गर्न सजिलो हुने भन्दै उनले भने, "मैले त बिहे नै जलेश्वरकी केटीसँग गरेको छु ।" विक्रमले चलाउँदै आएको भिठ्ठामोडको पसल बुवाको नाममा छ ।

भिठ्ठामोडका अर्का व्यापारी रामजसो दास महोत्तरी मरैयाका हुन् । उनले बिहारमा रहेका आफन्तको सहारामा व्यापार गरिरहेका छन् । दास भन्छन्, "पसल दर्ता गरेर शुरू गर्न यहाँ आफन्तले सघाएका छन् । अब यहींबाट रासनकार्ड निकाल्ने बारे सोचिरहेको छु ।" भारतमा नेपालीले रासनकार्ड वा नागरिकता सरहको प्रमाण-पत्र 'पहिचान पत्र' निकाल्दा नेपालमा जस्तो राष्ट्रियताको नाममा हल्लाखल्ला मच्चिंदैन । केही महीना अगाडि मात्रै भिठ्ठामोडमा व्यापार गर्न छिरेका एक जना नेपाली भन्छन्, "पैसा खर्च गरेपछि यहाँ नेपालमा भन्दा पनि सजिलै सबै कुरा मिल्छ ।" उनका भनाइमा, त्यस्तो कागजात र कारोबारसँग यहाँका स्थानीयको कुनै सरोकार हुँदैन । कर्मचारीतन्त्र भ्रष्ट छ, पैसा तिरेपछि रासनकार्डदेखि पहिचान पत्र समेत घरमै ल्याइदिन्छन् ।

## मारवाडीः चन्दा दिने गाई

भिठ्ठामोडका प्रसिद्ध किराना व्यापारी ऋषिकुमार मुरारका भारतमा व्यापार गरे पनि हाकाहाकी आफू नेपाली भएको बताउँछन् । भिठ्ठामोड नजिकै रहेको 'नेपाली गाउँ' मलिवारमा आफ्नो

## 'अवसर नै महत्त्वपूर्ण र अन्तिम लक्ष्य हो'

**विद्यावीर सिंह कंसाकार,** वरिष्ठ भूगोलशास्त्री



नेपाल र भारतबीच खुला सीमाका कारण यताको उता र उताको यता सत्य हो । दुई देशको सांस्कृतिक सम्बन्ध नै हजारौं वर्ष पुरानो छ । अहिले विश्वव्यापी रूपमा मानिस अवसरको पछाडि दौडिरहेको छ । सन् १९६४ मा भारत र नेपालको मुद्रा स्थिति बराबरीमा थियो, त्यसपछि भारतको बढ्यो, हाम्रो बढेन । त्यही बेलादेखि नेपालबाट भारत काम गर्न जाने जमात बढ्यो । मुख्य गरी हरियाणा र पन्जाबमा जब हरित क्रान्ति शुरू भयो, त्यहाँ कामदारको व्यापक खाँचो देखियो ।

नेपालको तराईबाट ह्वात्तै उता जान थाले । त्यहाँ बाह्रै महीना काम पाउन थालेपछि यहाँ को बसुन् ? ज्याला पनि भारतीय रूपैयाँमा आउने । त्यसपछि मात्रै हो तराई मधेशमा खेतमा काम गर्नेहरूको ज्यालामा वृद्धि भएको । पछिल्लो दशकमा भारतले टेक्नोलोजीमा व्यापक फड्को मार्न थालेको छ । यसले अब यहाँका पढ्ने लेख्ने जमातलाई पनि तान्न थालेको छ । म यसलाई स्वाभाविक रूपमा लिन्छु । किनकि मानिस आफूसँग पढाइ-लेखाइ भएपछि त्यही अनुसारको काम, सेवा र सुविधा खोज्छ ।

जस्तो कि शुरू-शुरूमा किसानहरू हरियाणा र पन्जाब जान्थे । पछि उनीहरू त्यहाँभन्दा धेरै पैसा आउने कतार र मलेशिया जान थाले । अब नेपालको पढे-लेखेको जमातले भारतमा अवसर देखिरहेको छ त्यता लाग्छ । यो स्वाभाविक हो । पंचायतकालमा नेपालमा निर्माण कार्यको अवसर हुँदा त्यताबाट धेरै जना यता आए उनीहरूले राम्रो अवसरहरू पनि पाए । यो भइराख्छ, यसलाई कसैले रोक्न सक्दैन । अवसर नै मानिसको अन्तिम र सबैभन्दा महत्वपूर्ण लक्ष्य हो, जसले उसको जीवन व्यवस्थित हुन्छ ।

जग्गाजमीन रहेको मुरारकाले बताए । उनका काकाहरू जनकपुरका स्थायी बासिन्दा हुन् ।

तपाईंले किन नेपाल छाड्नुभयो भन्दा मुरारका भन्छन्, "तनावले ।" उनले आफ्नो दुःखको बेलिबिस्तार लगाउँदै भने, "पाँच वर्षअघि जस्तो लाग्छ, घरमा पटकपटक फोन आउँथ्यो । कहिले भारतीय नम्बर त कहिले नेपाली नम्बरबाट । बच्चाहरूको र स्कूलको नामै लिन्थ्यो । यति पैसा चाहियो भन्थ्यो । चन्दा आतंकले व्यापार दिनप्रति दिन धरासायी हुँदै गएपछि नेपाल छाड्ने टुङ्गोमा पुगें ।"

अहिले उनी भिठ्ठामोडका नाम चलेका होलसेल व्यापारी हुन् । पाँच वर्षअघि उनले महोत्तरीमा रहेको आफ्नो सम्पूर्ण व्यापार बन्द गरे । सदरमुकाम जलेश्वरबाट तीन किमी दक्षिणमा रहेको सीमावर्ती भारतीय बजार भिठ्ठामोडमा बस्न थाले । आवश्यक कागजात बनाए । अहिले उनी त्यहाँका स्थायी बासिन्दा भइसकेका छन् ।

२५ वर्षदेखि महोत्तरीको मरैया बजारमा कपडा व्यापार गर्दै आएका रामजसो दास पनि तीन वर्षदेखि भिठ्ठामोड बजारमा व्यापार गर्छन् । खुश्बू बस्त्रालयको नामले प्रख्यात उनको पसल त्यहाँको चिनिने मध्येमा पर्छ । दास अघिल्लो मधेश आन्दोलनपछि विस्थापित भएका थिए । उनी भन्छन्, "मरैया बजारमा घर थियो । बस्न नसक्ने अवस्था आएपछि भारत पसें ।"

महोत्तरी थरूवाहीका २५ वर्षीय दिलीप मण्डल दुई वर्ष अगाडि भारतको अरूणाञ्चल प्रदेशबाट केही पैसा कमाएर नेपाल फर्किएका थिए । गाउँमा व्यापार गर्ने योजना सुनाउँदा परिवारका सदस्यले बस्नै दिएनन् । दिनैपिच्छेको बन्द, च्याउसरी जन्मिएका सशस्त्र समूह र नानाथरी संस्थाको चन्दा आतंकले परिवार हैरानीमा थियो । त्यसपछि उनले सीमावर्ती भारतीय शहरमा गएर व्यापार शुरू गरे । इलेक्ट्रोनिक्सको होलसेल पसल चलाएर बसेका मण्डल अहिले भारतीय हुने प्रक्रियामा छन् । उनी भन्छन्, "म आफ्नै देशमा बसेर व्यापार गर्न चाहन्थे तर परिस्थितिले त्यहाँ बस्नै दिएन ।" व्यापार गर्ने क्रममा उनले 'भारतको नागरिक भए धेरै सजिलो हुने' थाहा पाए । त्यसपछि रासनकार्डलगायतका कागजातहरू बनाउन थाले । एक जना किराना व्यापारी भन्छन्, "कानूनतः रासनकार्डका लागि यहाँ चार वर्ष बसेपछि प्रक्रियामा गएर बनाउन मिल्ने हो तर स्थानीय सरकारी अधिकारीसँग कुरा मिलाएर छिट्टै पनि बनाउन सकिन्छ ।"

बाँके सीतापुरका फूटबल खेलाडी धनबहादुर वली फूटबल खेल्न नेपालगन्जको क्लबबाट लखनऊ गइरहन्थे । खेल्दै जाँदा उनी लखनऊको सहारा क्लबमा आबद्ध भए । उनले सहारा क्लबबाट थुप्रै खेल खेले । अहिले उनी क्लबको मेनेजर भएका छन् । उनी सहारा बैंकमा पनि काम गर्छन् । बच्चाहरू लखनऊमै पढ्छन् । पछिल्ला दिनमा उनी लखनऊमै 'सेटल' भएका छन् । उनको बाल्यकालका साथी खेल पत्रकार टीएस ठकुरीका भनाइमा, "ऊ लखनऊवासी भयो ।"

नेपालगञ्ज उपमहानगरपालिकाका पूर्व मेयर एवं भारत्तोलनका अन्तर्राष्ट्रिय खेलाडी समसुद्दीन सिद्दीकीका दुई भाइ स-परिवार लखनऊमा बस्दै आएका छन् । काइँला भाइ चाँद अलि सिद्दीकी समाजवादी पार्टीमा आबद्ध छन् । उनको ठेक्कापट्टाको व्यवसाय पनि छ । उनी उत्तरप्रदेश नगर निगमको 'क' वर्गको कन्ट्याक्टर हुन् । उनको वार्षिक ४०/५० करोडको कारोबार हुन्छ ।

समसुद्दीनका कान्छा भाइ आफताब सिद्दीकी स्पोर्टस् सप्लायर्स छन् । लखनऊको केशरबाग नजिकै रहेको जय हिन्द कम्प्लेक्समा उनको भव्य पसल छ । आफताब पनि व्यवसायमा राम्रैसँग जमेका छन् । पूर्व उपमेयर सिद्दीकी भन्छन्, "दुवै भाइ उतै सेटल भए । अब फर्कंदैनन् ।'

नेपालगन्जका चर्चित व्यापारी मामाराज अग्रवालका छोरा राजेश अग्रवाल एक दशकदेखि स-परिवार लखनऊमा छन् । जग्गा प्लटिङको व्यापार गरिरहेका राजेश नेपालमा संकटकाल

लागेपछि लखनऊ छिरेका हुन् । छोराको बसोबास उतै भएपछि बुवा मामाराज पनि ६ महीना लखनऊ र ६ महीना नेपालगन्ज बस्न थालेका छन् ।

बर्दिया गुलरियाका ४२ वर्षीया अशोक गुप्ता भारतको लखनऊमा बस्न थालेको २० वर्ष भयो । क्याम्पस पढ्न लखनऊ गएका अशोकले उतै बिहेबारी गरे । उनी अहिले समाजवादी पार्टीको युवा संगठनका केन्द्रीय तहका कार्यकर्ता हुन् । गुप्ता सो पार्टीका युवा नेता तथा उत्तरप्रदेशका मुख्य मन्त्री अखिलेश यादवका विश्वासपात्र मानिन्छन् ।

## पारिको आकर्षण

महोत्तरी साहूजीपटीका अनिल साह केही समयदेखि भारतीय बजार भिठ्ठामोडमा कस्मेटिक पसल चलाउँदै आएका छन् । जलेश्वर बजारको पुरानो 'टेन्ट हाउस' का मालिक साह भन्छन्, "मान्छेले अवसर खोज्ने हो । जता अवसर पाइन्छ, त्यतै जान्छ ।" साहका अनुसार, "सीमावर्ती नेपाली शहरबाट पछिल्लो समय धेरै नेपाली भारत छिरेका छन् । उद्देश्य र गन्तव्य फरक फरक भए पनि चाहना समृद्धि हो ।"

भिठ्ठामोडमा होलसेल व्यापार गरिरहेका जलेश्वर १३ का शम्भुप्रसाद साहका भनाइमा, "पहिला आवश्यकता अनि मात्रै समाज, राजनीति र प्रशासनिक सम्बन्ध हुँदोरहेछ ।" उनले थपे, "यताको उता र उताको यता अब सामान्य भयो । मान्छे बस्ने, रमाउने भनेको समाजको चरित्रसँग जोडिएको विषय हो ।" साहको बुझाइमा, "राम्रो अवसर र उपयुक्त वातावरणको खोजीले मानिसलाई तानेर लैजाने हो, बाँकी कुरा त्यसपछि मात्रै आउँछन् ।" भिठ्ठामोडका किराना व्यापारी श्रवण मुरारका झन् स्पष्ट छन् । मुरारका भन्छन्, "जसले जे-सुकै भनोस् मानिस जहिले पनि सम्भावनाको पछि लाग्छ ।"

साथमा **कृष्ण अधिकारी,** नेपालगञ्ज

*(१९ चैत २०७२, www.cijnepal.org.np)*



स्रोतः कायाकैरन दैनिक, चितवन

# २२.

# मोसो पखालियो, अपमान पखालिएन

कार्यकारी अधिकृत नारायणप्रसाद सापकोटामाथि एक वर्षअघि दलिएको कालोमोसो नेपालमा राजनीतिक दलहरूले जथाभावी लिने निर्णय र त्यसले व्यक्तिको मर्यादामा हदैसम्म गर्न सक्ने हमलाको एउटा उदाहरण थियो। चितवनका दलहरूको प्रतिष्ठा र परिपक्वतामाथि त यसले भविष्यसम्म पनि प्रश्न उठाइरहनेछ।

● एकल सिलवाल

धेरैले बिर्सिसके । करीब एक वर्षअघि १० साउन २०७२ का दिन भरतपुर उपमहानगरपालिकाका तात्कालीन कार्यकारी अधिकृत नारायणप्रसाद सापकोटालाई कालोमोसो दलियो । देखिने गरी मोसो दल्न अघि सर्नेमा नेत्रविक्रम चन्द (विप्लव) ले नेतृत्व गर्ने नेकपा (माओवादी) पार्टीका कार्यकर्ता थिए । तर यो घटनाका पछाडि नेपाली कांग्रेस, एमाले, एमाओवादी जस्ता प्रमुख दलका स्थानीय नेतृत्वको स्वार्थ पनि मिल्थो र धेरथोर उनीहरूको पनि सहयोग र सहानुभूति थियो ।

सापकोटामाथि लगाइएको आरोप थियो– उपमहानगरका लागि जग्गा र गाडी खरीद गर्दा 'करोडौं' रूपैयाँ भ्रष्टाचार गरेको ।

मोसो दलिएको दिन भन्दा दुई साताअघि २७ असारमा चितवनका १० वटा राजनीतिक दलले जग्गा खरीद गर्दा सापकोटाले आर्थिक अनियमितता गरेको भनेर सर्वदलीय संयन्त्रका तर्फबाट उनलाई बहिष्कार गर्ने घोषणा गरेका थिए । उनीहरूले अनियमितताको छानबीन र कारबाहीको माग गरेर त्यसै दिन प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र दिएका थिए । कुरा त्यतिमा सीमित भएन । त्यसको बोधार्थ प्रधानमन्त्री कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पनि पठाइयो ।

सापकोटाले गरेको भनिएको गल्ती थियो– उपमहानगरपालिकाले खरीद गरेको १५ बिघा जग्गा र एउटा ल्याण्ड क्रुजर गाडी ।

नगरको फोहोर फाल्न उपमहानगरपालिकाभित्रैको सार्वजनिक वन क्षेत्रमा बनाउन लागिएको स्यानिटरी ल्याण्डफिल साइटले ओगट्ने बराबरको जग्गा सरकारलाई सट्टा भर्ना गर्न किनिएको थियो । दलहरूको आरोप थियो कि जग्गालाई वास्तविक मूल्यभन्दा दोब्बर भुक्तानी गरिएको थियो । महङ्गो मूल्यको विलासी गाडी किनिएको थियो ।

१० दलको बहिष्कार र विप्लव माओवादीको दुर्व्यवहारपछि सापकोटा सरूवा भएर संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय हुँदै गृह मन्त्रालय मातहतको क्षेत्रीय प्रशासन कार्यालय सुर्खेत गए । उनी अहिलेसम्म त्यहीं छन् । उनी पछि ४ भदौ २०७२ नयाँ कार्यकारी अधिकृत महेश बराल आए ।

बराल आउनासाथ दलहरूले उपमहानगरपालिकाको बैठक बहिष्कार गर्ने आफ्नो निर्णय फिर्ता लिए । खरीद भएको जग्गा उपमहानगरपालिकाले संरक्षण गर्न थाल्यो । दलहरूको सल्लाह विपरीत किनिएको भनिएको महङ्गो गाडी नयाँ कार्यकारी अधिकृतले प्रयोग गर्न थाले । एक महीना अधिसम्म भ्रष्टाचार मुद्दा चर्काइरहेका दलहरू यसरी चूपचाप लागे कि मानौं उपमहानगरपालिकामा केही भएकै थिएन ।

## खरीद काण्ड के थियो ?

मन्त्रिपरिषद्को २८ पुस २०६८ को निर्णयबाट स्थानीय जलदेवी सामुदायिक वनको १५ बिघा क्षेत्र स्यानिटरी ल्याण्डफिल साइटका लागि भरतपुर नगरपालिकालाई भोगचलन गर्न दिइयो । त्यस बराबरको जग्गा अन्यत्र किनेर वृक्षरोपण गरी वनलाई शोध भर्ना दिनुपर्ने जिम्मेवारी

नगरपालिकाको थियो । त्यसै वर्षदेखि वनसँग जोडिएको उपयुक्त जग्गाको खोजी हुन थाल्यो । तर सट्टामा दिने जग्गा नपाइँदा ल्याण्डफिल साइट बनाउने काम अघि बढ्न सकेन । फोहोर तह लगाउने ठाउँको अभाव नगरपालिकाले झेलिरह्यो ।

प्रतिस्पर्धाबाट न्यूनतम मूल्यमा जग्गा खरीदका लागि बोलपत्र माग्दै नगरपालिकाले २०६९ जेठदेखि २०७१ असोजसम्म दैनिक पत्रपत्रिकामा तीन पटक सूचना निकाल्यो । तर वन बनाएर संरक्षण गर्न उपयुक्त हुने जग्गाको प्रस्ताव नआएपछि ल्याण्डफिलसाइट बनाउने योजना अड्किएर बस्यो । प्रस्तावित जग्गालाई जिल्ला वन कार्यालयले उपयुक्त ठहऱ्याएपछि मात्र नगरपालिकाले खरीद प्रक्रिया अघि बढाउन सक्ने शर्त वन विभागसँगको सम्झौतामा थियो ।

नगरपालिकाको क्षेत्र विस्तार भई उपमहानगरपालिका बनेपछि २८ पुस २०७१ मा भएको पहिलो नगरपरिषद्ले जग्गा खरीदका लागि १ करोड ६८ लाख रूपैयाँ बजेट अनुमान गर्दै आन्तरिक आम्दानीबाट व्यहोर्ने गरी ७२ लाख रूपैयाँ छुट्यायो । अपुग बजेट दिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय पनि सहमत भएपछि जग्गा खरीद गर्नुपर्ने दबाब उपमहानगरपालिकामाथि पऱ्यो ।

बजेटको बन्दोबस्त मिलेपछि उपमहानगरपालिकाले ७ माघ २०७१ मा एक राष्ट्रिय दैनिकमा चौथो पटक सूचना निकालेर स्यानिटरी ल्याण्डफिल साइटको शोधभर्ना दिने जग्गा खरीदका लागि बोलपत्र आह्वान गऱ्यो । त्यसको एक महीनापछि पाल्पा मदनपोखराका रमेश मुडभरीले भरतपुरदेखि करीब ४० किलोमिटर दक्षिणमा पर्ने माडी नगरपालिकाको अमिलियामा चितवन राष्ट्रिय निकुञ्जको वनसँग जोडिएको १५ बिघा जग्गा प्रति विघा १२ लाखका दरले उपलब्ध गराउने प्रस्ताव उपमहानगरपालिकामा पेश गरे ।

प्रस्तावसँगै उनले सात जना जग्गाधनीबाट जग्गा खरीदबिक्रीका लागि लिएको मञ्जुरीनामा पनि बुझाएका थिए । फागुन १० गते बोलपत्र खोलिंदा मुडभरीको प्रस्ताव रीत पुगेको ठहरियो तर स्वीकृत गर्ने या नगर्ने निर्णय चाहिं भएन । जम्मा दुई वटा प्रस्ताव पेश भएकोमा मुडभरीको प्रस्ताव मात्र योग्य ठहरिएको थियो ।

बोलपत्र दर्ता हुनुअघि नै स्थानीय जग्गा व्यापारी समूहको तर्फबाट नहेन्द्र खड्का र हरि श्रेष्ठले सात जना जग्गाधनीहरूसँग तीन अलग-अलग मूल्यमा बैना दिई प्रस्तावित जग्गा किन्ने पक्का गरेका थिए । १५ बिघा क्षेत्रफलमध्ये चार जनाको नाममा रहेको १० बिघा नौ कट्ठा जग्गा प्रतिकट्ठा ३० हजार, अरू दुई जनाको नाममा रहेको तीन बिघा ६ कट्ठा जग्गा प्रतिकट्ठा ३५ हजार र अर्का एक जनाको एक बिघा पाँच कट्ठा जग्गा प्रतिकट्ठा ३८ हजार रूपैयाँमा दिने गरी जग्गाधनीले उनीहरूबाट बैना लिएका थिए ।

सबैभन्दा सस्तो प्रतिकट्ठा ३० हजारको दरले बैना लिनेमा काठमाडौं कोटेश्वर निवासी वन विभागका पूर्व महानिर्देशक गोपालकुमार श्रेष्ठ पनि थिए । सबैभन्दा बढी १० बिघा नौ कट्ठा जग्गा श्रेष्ठ, उनका दुई भाइ र एक बुहारीको नाममा थियो । जङ्गली जनावरले दुःख दिएर बसोबास र खेतीपाती गर्न छाडेको जग्गा भएकाले सबै दाजुभाइले त्यो मूल्यमा बेच्न खुशीराजीपूर्वक बैना

लिएको श्रेष्ठ बताउँछन् । त्यो जग्गा नगरपालिकाले खरीद गर्न लागेको भन्ने चाहिं आफूहरूलाई त्यसबेला थाहा नभएको उनले बताए ।

प्रस्तावित जग्गा उपयुक्त देखिएको जनाउँदै जिल्ला वन कार्यालय चितवनले पनि खरीद प्रक्रिया अघि बढाउन उपमहानगरपालिकालाई सहमति दियो । जग्गा खरीद गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको जगेडा कोषबाट १ करोड ३६ लाख रूपैयाँ स्वीकृत भइसकेको थियो । बाँकी रकम उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी किन्न उपयुक्त हुने सुझाव वातावरण शाखाले दियो । त्यसपछि उपमहानगरपालिकाले जग्गा खरीद प्रक्रिया अघि बढायो । जग्गा किन्न मन्त्रालयबाट पैसा आउने पक्का भइसकेकाले असार मसान्तभित्र जग्गा खरीद गर्नुको विकल्प नभएको उपमहानगरका कर्मचारीहरू बताउँछन् ।

३१ वैशाख २०७२ मा बसेको उपमहानगरपालिका बोर्डको बैठकले सार्वजनिक खरीद ऐन, नियमावली र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली अनुरूप प्रस्तावित जग्गा खरीद प्रक्रिया अघि बढाउन कार्यकारी अधिकृतको अध्यक्षतामा पाँच सदस्यीय मूल्यांकन समिति बनायो । त्यसको प्राविधिक विशेषज्ञ सदस्यका रूपमा उपमहानगरपालिकाका वातावरण शाखा प्रमुख इन्जिनियर विराट घिमिरे छानिए । समितिमा मालपोत र नापी कार्यालयका जिल्ला प्रमुखहरूलाई पनि राखियो ।

१७ जेठमा नापी कार्यालयले जग्गाको नक्शा र क्षेत्रफल श्रेस्ताअनुसार ठीक देखिएको प्रतिवेदन उपमहानगरपालिकालाई बुझायो । त्यसै दिन माडी नगरपालिका कार्यालयले प्रस्तावित जग्गाको चलनचल्तीको मूल्य प्रतिकठ्ठा ६५ हजारका दरले १५ बिघाको १ करोड ९५ लाख रूपैयाँ हुने जानकारी भरतपुर उपमहानगरपालिकालाई गरायो ।

२५ जेठमा मूल्यांकन समितिले रमेश मुडभरीद्वारा पेश भएको बोलपत्र रीत पुगेको एक मात्र प्रस्ताव भएको तथा जिल्लास्थित वन, नापी र मालपोतका साथै सम्बन्धित जग्गा रहेको स्थल माडी नगरपालिका कार्यालयबाट पनि त्यो जग्गा उपयुक्त हुने सिफारिश आएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २५ (८) बमोजिम खरीद प्रक्रिया अघि बढाउने गरी मुडभरीको प्रस्ताव स्वीकृत गर्न उपमहानगरपालिका बोर्ड समक्ष सिफारिश गर्‍यो । ऐनको सो दफामा मूल्यांकन समितिले उपयुक्त देखिएको बोलपत्रको आधार र तरीका खुल्ने गरी मूल्यांकन प्रतिवेदन तयार गरी कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ ।

समितिले त्यस्तो प्रतिवेदन दिएपछि ४ असार २०७२ मा बसेको उपमहानगरपालिकाको बोर्ड बैठकले मुडभरीको प्रस्ताव उपयुक्त देखिएको र सार्वजनिक खरीद ऐन २०६३ र नियमावली २०६४ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिमको सार्वजनिक खरीद प्रक्रिया पूरा भएकोले प्रस्तावित जग्गा बोलपत्रमा उल्लेख भएको मूल्य प्रतिकठ्ठा ६० हजारका दरले १ करोड ८० लाखमा किन्ने निर्णय गर्‍यो ।

१४ असारमा मुडभरीसँग सम्झौता भयो । त्यसै दिन जग्गाधनीहरूले चितवन जिल्ला अदालतबाट मुडभरीलाई जग्गा बिक्रीका लागि वारेसनामा दिए । त्यसको भोलिपल्ट मुडभरीले

उपमहानगरपालिकालाई जग्गा पास गरिदिए र सम्झौता बमोजिमको १ करोड ८० लाख रूपैयाँ भुक्तानी लिए ।

गाडी खरीदका लागि २४ वैशाख २०७२ मा एक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि. काठमाडौंका तर्फबाट एउटा मात्र बोलपत्र दर्ता भएकोमा उपमहानगरपालिकाले त्यसलाई स्वीकृत गरेको सूचना १० असारमा पत्रिकाबाट सार्वजनिक सूचना गर्‍यो । सोही बिक्रेताबाट १८ असारमा उपमहानगरपालिकाले १ करोड ६३ लाख ६९ हजार रूपैयाँमा टोयोटा कम्पनीको ल्याण्ड क्रुजर जीप खरीद गर्‍यो ।

गाडी किन्न दलहरू समेत उपस्थित २०७१ पुसमा सम्पन्न उपमहानगरपालिकाको पहिलो नगरपरिषद्‌ले आन्तरिक स्रोतबाट व्यहोर्ने गरी विनियोजन गरेको ५० लाख, स्थानीय विकास मन्त्रालयको सिफारिशमा अर्थ मन्त्रालयबाट उपलब्ध ५० लाख र नगरपालिकाका पुराना गाडीहरूको लिलामबाट प्राप्त आम्दानी २६ लाख ८० हजार खर्च गरिएको थियो । अपुग करीब ६३ लाख रूपैयाँ नगरपरिषद्‌बाट पछि अनुमोदन हुने गरी उपमहानगरको आन्तरिक आम्दानीबाट व्यहोरिएको थियो । गाडी खरीदमा भएको खर्च २०७२ पुस २८ मा भएको उपमहानगरपालिकाको दोस्रो नगरपरिषद्‌ले अनुमोदन गरिसकेको छ, जसमा सबै राजनीतिक दलका प्रतिनिधि उपस्थित थिए ।

## सर्वदलीय अहंकार

सापकोटा माथिको देखिने आरोप यस्तो थियो– जग्गा किन्दा जग्गाधनीले बेचेको मूल्यभन्दा दोब्बर पैसा तिरेर उपमहानगरपालिकालाई नोक्सान पुर्‍याएको र जनप्रतिनिधि नभएको बेला आफ्नो लागि महङ्गो गाडी किनेर विलासिता देखाएको । दुवै काम तत्कालका लागि नगर्न दलहरूले दिएको दबाब नमान्नु उनको 'गल्ती' थियो ।

उपमहानगरपालिकामा गठित सर्वदलीय राजनीतिक संयन्त्रमा नेकपा एमालेबाट प्रतिनिधित्व गर्ने अरूणपीडित भण्डारीको भनाइमा स्थानीय राजनीतिक दलको अहंकार स्पष्ट देखिन्थ्यो । उनी भन्छन्, 'जनप्रतिनिधि नभएको बेला हाम्रो संलग्नताविना कार्यकारी अधिकृतको एकल इजलाश जस्तो बोर्डले गरेको निर्णय हामी किन मान्ने ?'

तत्कालीन कार्यकारी अधिकृत सापकोटाले खरीद प्रक्रिया सकिएपछि दलका नेताहरूले आफूमाथि देखाएको व्यवहार अहंकारको अभिव्यक्ति भएको प्रतिक्रिया दिएका छन् । सापकोटा भन्छन्, "नगरपालिकाले जग्गा खोजी गरेको वर्षौं भइसकेको थियो । गाउँगाउँसम्म कार्यकर्ता र संगठन भएका दलहरूलाई उपयुक्त जग्गा पहिल्याएर सीधै जग्गाधनीबाट सस्तो मूल्यमा दिलाउन कसैले रोकेको थिएन, तर त्यसो नगरी वैधानिक प्रक्रियाबाट खरीद भइसकेपछि मलाई दोषी देखाउनु उनीहरूको बेइमानी र अहंकार सिवाय केही होइन ।"

सम्पूर्ण शक्ति लगाएर आफूलाई दोषी देखाउने, बहिष्कार गर्ने र दुर्व्यवहारयोग्य पात्र सावित गर्ने कसरतमा दलका नेताहरू लागेको आरोप लगाउँदै सापकोटाले भने "उपभोक्ता समितिमार्फत

हुने ठूला निर्माण आयोजनाहरूको बजेटमाथि हुने दलीय हस्तक्षेप तोडेकाले त्यसको बदला लिन सबै दलहरू म विरूद्ध लागेका हुन् ।"

जग्गा खरीद प्रक्रियामा दलहरूबीच नै मत बाझिएको थियो । तीन ठूला दलहरूमध्ये कांग्रेस जनप्रतिनिधि नभएको बेला ठूलो धनराशी खर्च हुने खरीदको कुनै पनि काम गर्न नहुने पक्षमा थियो भने एमाले र एमाओवादी शुरूमा बोलपत्रबाट जग्गा र गाडी खरीदको पक्षमा लबिङ गरिरहेका थिए । पछि एमाले सस्तो गाडी किन्नुपर्ने पक्षमा उभियो । एमाओवादीको समर्थन महङ्गै भए पनि राम्रो गाडीको पक्षमा पछिसम्म कायम रह्यो । कांग्रेस तटस्थ बस्यो । खरीद सम्पन्न भइसकेपछि कार्यकारी अधिकृतविरूद्ध सबै दल एकठाउँमा उभिए ।

उता उपमहानगरपालिकालाई जग्गा उपलब्ध गराउने व्यवसायी रमेश मुडभरी भने जग्गा खोज्ने र जग्गाधनीसँग मूल्यको कारोबार गर्ने सबै काम चितवनकै जग्गा व्यापारीहरूले गरेको बताउँछन् । उपमहानगरपालिकाका कर्मचारीहरूले चार महीनासम्म बोलपत्र स्वीकृत नगर्दा दुःख पाएको र केही दलका स्थानीय नेताहरूले मुखै फोरेर माग्न नसके पनि आफूबाट कमिशनको आश गरेजस्तो व्यवहार देखाएको अनुभव उनले सुनाए । उनी भन्छन्, "जसले जसरी आशा गरे पनि जग्गा खरीद गरेबापत कसैलाई घूस वा कमिशन दिइएन ।"

उपमहानगरपालिकाको जग्गा र गाडी खरीदमा आर्थिक अनियमितता भएकोले छानबीन गरी दोषीमाथि कारबाहीको माग गर्दै चितवनमा क्रियाशील १० राजनीतिक दलहरूले संयुक्त उजुरी दिएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले छानबीनको जिम्मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई दिएको थियो । मन्त्रालयका उपसचिव श्यामराज अधिकारीसहितको तीन सदस्यीय टोलीले स्थलगत अनुगमनपछि दिएको प्रतिवेदनमा कुनै गडबडी भेटेन । उसले भन्यो, "जग्गा खरीदप्रक्रिया सार्वजनिक खरीद ऐनअनुसार भएको छ ।"

जग्गा खरीद गर्दा सम्बन्धित जग्गाधनीलगायत कसैलाई पनि प्रतिस्पर्धाबाट वञ्चित नगरिएको, ल्याण्डफिल साइटका लागि नेपाल सरकारलाई जग्गा शोधभर्ना गर्नुपर्ने समयसीमा गत आर्थिक वर्षभित्र रहेकाले जग्गा लिनैपर्ने दबाबमा उपमहानगरपालिका कार्यालय रहेको, गाडी पनि खुला प्रतिस्पर्धाबाटै खरीद गरिएको लगायतका बुँदा उल्लेख भएको प्रतिवेदनमा कुनै त्रुटि औंल्याइएको र कसैलाई दोषी पनि किटान गरिएको छैन ।

सापकोटा प्रकरण नेपालमा राजनीतिक दलहरूले लिने निर्णय र त्यसले व्यक्तिको मर्यादामा हदैसम्म गर्न सक्ने हमलाको एउटा उदाहरण हो । चितवनका दलहरूको प्रतिष्ठा र परिपक्वतामाथि त यसले भविष्यसम्म पनि प्रश्न उठाइरहनेछ ।

*(४ चैत २०७२, www.cijnepal.org.np)*




# २३.

## सिकिस्त बिरामीको किनबेच

राजधानीका ठूला अस्पतालहरूले एम्बुलेन्स चालकलाई कमिशन दिएर सिकिस्त बिरामी खरीद गर्छन्, कसरी ?

● प्रमोद आचार्य

एम्बुलेन्स चालकसँग मिलेर अस्पतालहरू सिकिस्त बिरामी किनिरहेका हुन्छन् भन्ने सुन्दा तपाईंलाई आश्चर्य लाग्ला । सामान्यतः विश्वास गर्न पनि सकिन्न कि रोगसँग संघर्ष गरिरहेको बिरामीले उपचार अघि किनबेचबाट गुज्रनुपर्छ । तर, जतिसुकै अविश्वसनीय लागे पनि काठमाडौंका अस्पतालहरूका लागि यो सामान्य चलन भइसकेको छ । यो कारोबारमा राजधानीका नामी अस्पतालहरू संलग्न छन् ।

यसअघि पनि अस्पताल र एम्बुलेन्स चालकबीच बिरामी किनबेच भएका दृष्टान्त सार्वजनिक भएका थिए । *खोज पत्रकारिता केन्द्र* ले नै डेढ वर्षअघि पहिलो पटक यस्तो धन्दालाई सार्वजनिक गरेको थियो । अहिले के भइरहेको होला भनेर हामीले बुझ्न खोज्यौं । त्यसक्रममा सबभन्दा पहिले एम्बुलेन्स चालकहरूसँग कुरा गर्‍यौं, जसबाट राजधानीमा यो अनैतिक काम नरोकिएको बरू अझ खुल्लमखुला कारोबारमा बदलिएको थाहा भयो । त्यसपछि हामीले राजधानीका नाम चलेका अस्पतालहरूमा एम्बुलेन्स चालक बनेर सम्पर्क गर्दा सबैले हाकाहाकी दर-भाउ बताए । ब्लू क्रस अस्पतालका सन्दिप भनिने व्यक्तिले स्वागत गर्दै भने, "कमिशन नदिने कुरै छैन, जमाना त्यसैको छ आउनुस् बिरामी लिएर ।"

हाम्रो अनुसन्धानले के देखायो भने, एम्बुलेन्स चालकहरूले तुरून्त विशेष उपचार चाहिने गम्भीर बिरामी भेटेपछि राजधानीका अस्पतालहरूमा फोन गरेर मोलतोल गर्छन् । बढी बिल उठाउन सकिने र लामो समय उपचार चाहिने बिरामी अस्पताल व्यवस्थापकहरूको प्राथमिकतामा पर्छन् । त्यस्ता बिरामी ल्याउने एम्बुलेन्स चालकले स्वाभाविक रूपमा बढी रेट पाउँछन् । यसरी आफू किनबेचमा परेको सुईंको न मृत्युसँग लडिरहेको बिरामीले पाउँछन् न त परिवार र अरूले नै ।

यो काम यति सहजै भइरहेको छ, मानौं यो वैधानिक हो । अस्पताल व्यवस्थापन हाकाहाकी संलग्न यो कारोबारको खुला बजार र नाफा-घाटा छ । कारोबारीहरूले सरकार वा नियमनकारी निकाय पनि छ भन्ने हेक्का राख्नुपरेको छैन । कारोबारीहरूप्रति स्वास्थ्य मन्त्रालय, नेपाल मेडिकल काउन्सिल जस्ता जनस्वास्थ्यको क्षेत्रमा आधिकारिक निकायहरू मात्रै होइन, कालोबजारी र दलालीलाई कारबाही गर्ने नेपाल प्रहरी र एम्बुलेन्स सञ्चालन अनुमति दिने जिल्ला प्रशासन कार्यालयहरू समेत मौन देखिन्छन् ।

## फस्टाउँदो धन्दा

बिरामी जति सिकिस्त उति बढी भाउ लाग्ने यो धन्दा कसरी फस्टाइरहेको छ ? एक जना एम्बुलेन्स चालकको भनाइले स्थिति स्पष्ट गर्छ । उनका अनुसार, धेरैले फोनमै कमिशनको कुरा मिलाउँछन् । अलिक होशियारी अपनाउने अस्पतालहरूले चालकलाई भेटेर मात्र कुरा गर्छन् । "केही अस्पतालले बिरामी मिलाउने एजेन्ट नै राखेका छन्", ती चालक भन्छन्, "धेरैमा कर्मचारी र डाक्टरहरूले नै कुरा मिलाउँछन् ।"

यस्ता अस्पताल व्यवस्थापक, एजेन्ट, कर्मचारी र डाक्टरहरू उपत्यका बाहिरबाट बिरामी




तस्वीरहरू: गोपेन राई

बोकेर ल्याउने एम्बुलेन्स चालकहरूको फिराकमा हुन्छन् । बिरामी ल्याइदिने चालकहरूलाई दुई तरीकाबाट पैसा दिने गरेको देखिन्छ– बिरामी ल्याएबापत आफ्नो दरभाउ अनुसार निश्चित रूपैयाँ दिने र बिरामीको उपचारमा अस्पतालमा उठेको बिलका आधारमा निश्चित कमिशन दिने । जस्तो, कलंकीस्थित सीटी सेन्टर अस्पतालको मार्केटिङ्ग हेर्ने बताउने शंकर लामाले चितवनका एम्बुलेन्स चालक बनेका हामीलाई फोनमा 'दाजुभाइ जस्तो भनेर' फकाउँदै भने, "बिरामी ल्याउनुस् १५ हजार दिन्छु ।"

त्यस्तै, वयोधा अस्पतालका बसन्त खड्काले भने, "बिल अनुसार मिलाएर दिन्छु नि, हुन्न !"

राजधानीको नामीमध्येको एक नर्भिक अस्पताल पनि यस्तो धन्दा गर्दोरहेछ । नर्भिकका डेपुटी जनरल म्यानेजर (डीजीएम) हनुमान गोल्छाले टेलिफोन कुराकानीमा कमिशनको अंकमा लामो गलफत्ती गरे । उनले 'बिरामी ल्याउनुस्, मिलाएर दिउँला' भने, पटक–पटक । पहिला कारोबार नगरेको एम्बुलेन्स चालक भएकोले हुनसक्छ, अन्तमा भने, "८ हजार त दिन मिल्दैन होला, म ६ हजारसम्म गर्दिन्छु ।"

अनुसन्धानका क्रममा यस्ता अस्पताल पनि भेटिए, जो सिकिस्त बिरामी किनबेचमाथि आईसीयूको व्यापार पनि चलाउँदा रहेछन् । एम्बुलेन्स चालकलाई प्रति बिरामी रू.५ हजार दिने त्रिपुरेश्वरको ब्लू क्रस अस्पतालले भेन्टिलेटर चलाउन पनि बिरामी खरीद गर्ने गरेको रहेछ । त्यस अस्पतालका आफूलाई सन्दिप नामले चिनाउने व्यक्तिले एम्बुलेन्स चालक बनेर फोन गरेका हामीसँग पटक–पटक जान्न खोजे-बिरामीलाई आईसीयू चाहिन्छ कि,




चाहिंदैन ? भेन्टिलेटरमा राख्नुपर्ने कि नपर्ने ? अन्त्यमा उनले भने, "ल्याउनुस् मिलाएर दिन्छु ।"

अर्को संवेदनशील पक्ष, बिरामी खरीद गर्ने मामिलामा अस्पताललाई डाक्टरहरूले नै साथ दिंदारहेछन् । कस्तो बिरामी हो, अस्पतालमा कति दिन बस्छ ? यसरी बस्दा कतिसम्म बिल उठ्न सक्छ भनेर डाक्टरको सल्लाह अनुसार नै अस्पतालले एम्बुलेन्स चालकसँग सौदाबाजी गर्दोरहेछ । अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालका डाक्टर बताउने व्यक्तिले एम्बुलेन्स चालकलाई पैसा लिने तरीका सिकाउँदै भनेका छन्, "बाबु ! क्यास काउन्टरमा गएर ड्राइभर दाइ भन्नु न, उसले कुरा बुझिहाल्छ ।"

डाक्टरहरूले पाउने पारिश्रमिकमा बिरामीको उपचार खर्चको अंकले पनि महत्व राख्ने यो अनुसन्धानबाट देखिन्छ । अरू अस्पतालका कर्मचारीसँगको कुराकानीबाट यो स्पष्ट हुन्छ । जस्तो, वयोधा अस्पतालका कर्मचारी बसन्त खड्काले एम्बुलेन्स चालकसँग कुरा गर्दा पटक–पटक 'डाक्टरलाई पनि दिनुपर्छ, त्यसपछि तपाईंलाई मिलाउँला' भने ।

नचिनेको चालकसँग टेलिफोनमा कमिशनको कुरा गर्नु जोखिमपूर्ण ठान्ने केही अस्पतालका कर्मचारीले भेटेरै कुरा गर्ने बताए । हामीले कुरा गरेको चितवनका एक जना एम्बुलेन्स चालकले बल्खुस्थित शिवज्योति अस्पतालले एउटा बिरामी ल्याइदिएबापत पाँच हजार रूपैयाँ दिने बताए । तर, हामीले टेलिफोन सम्पर्क गर्दा अस्पतालका कर्मचारी केशव तिमिल्सिनाले भने, "यहीं आउनुस्, फोनमा भन्न मिल्दैन ।"

त्यस्तै, जावलाखेलको अल्का अस्पतालले बिरामीबाट हुने खर्चको अवस्था हेरी एम्बुलेन्स




चालकलाई कमिशन दिन्छ । त्यो अंकबारे हामीले टेलिफोनमा अस्पतालका सञ्चालकमध्येका एक कुमार थापाले 'त्यस्ता कुरा बाहिर भन्ने होइन नि !' भन्दै सचेत गराए । कमिशन रकमबारे दोहोर्‍याएर सोध्दा थापाले भने, "यति नै भन्ने हुँदैन, यहाँ आएर मलाई फोन गर्नू ।"

कुनै बेला बिरामी ल्याइदिने एम्बुलेन्स चालकलाई 'बम्पर उपहार' मा मोटरसाइकल दिने सुन्धाराको लाइफ केयर अस्पताल अहिले नयाँ व्यवस्थापनको हातमा छ । नाकाबन्दीका कारण भन्दै अस्पतालको आईसीयू बन्द गरिएको छ । रिसेप्सनमा टेलिफोन उठाउने सुनयना नामकी महिलाले चालक कमिशनबारे केही थाहा नभएको बताइन् ।

## धेरै बिलमा बढी कमिशन

बल्खुस्थित वयोधा अस्पतालले बिरामीको बिल अनुसार एम्बुलेन्स चालकलाई कमिशन दिने नीति लिएको रहेछ । आईसीयूको बिरामी ल्याएमा चालकले अस्पतालमा रहँदा बिरामीले गरेको खर्चको १० प्रतिशतसम्म कमिशन पाउने रहेछ । कति प्रतिशतसम्म कमिशन दिनुहुन्छ भन्ने हाम्रो मागमा बार्गेनिङ् गर्दै अस्पतालका अन्तरंग सेवा (आईपीडी) इन्चार्ज बसन्त खड्काले आश्वस्त पार्दै भने, "बिरामीको बिल दुई लाख आएमा डाक्टरको कटाएर १५/२० हजारसम्म दिन सकिन्छ ।"

ललितपुर महालक्ष्मीस्थानस्थित गणेशमानसिंह अस्पतालले एउटा बिरामी ल्याएबापत कम्तीमा तीन हजार कमिशन दिने गरेको रहेछ । बिरामीको खर्च धेरै भए अस्पतालले बिरामी डिस्चार्ज

भइसकेपछि पनि चालकलाई बिल अनुसार कमिशन थपिदिने गर्दोरहेछ । अस्पतालका कर्मचारी गोविन्द घिमिरेले हामीलाई फोनमा भने, "पहिले बिरामी लिएर आउनुस्, डाक्टरसँग कुरा गरेर मिलाउँला ।"

त्यस्तै, बालाजुको जनमैत्री अस्पतालले आईसीयूमा एउटा बिरामी ल्याइदिएबापत चालकलाई तत्कालै कम्तीमा तीन हजार कमिशन दिने गरेको छ, त्यसपछि बिरामीले गर्ने खर्च अनुसार कमिशन । अस्पतालका अकाउन्टेन्ट फत्तेबहादुर चौधरीले हामीलाई टेलिफोनमा भने, "बिरामी ल्याउनु, भोलिपल्ट मलाई भेट्नु ।"

बुद्धनगरस्थित ह्याम्स अस्पतालले पनि बिरामी ल्याइदिने एम्बुलेन्स चालकलाई कमिशन दिन्छ । अस्पतालका ओपीडी इन्चार्ज कुमार घिमिरेले हामीलाई टेलिफोनमा रेट बताउँदै 'लोकल ड्राइभरलाई ६००, बाहिरबाट ल्याउनेलाई रू.१ हजारसम्म दिन्छौं' भने । आईसीयूमा बस्ने बिरामी ल्याइदिने चालकको फरक रेट रहेछ । घिमिरेले टेलिफोनमा भने, "ठीकै छ, बिरामी कति बस्छ त्यही अनुसार गरौंला ।"

## 'कमिशन लिन्छौं'

एम्बुलेन्स चालक आलोक थापाले बिरामी पुऱ्याइदिएबापत अस्पतालबाट कमिशन लिने गरेको लुकाएनन् । उनले बिरामी ल्याइदिन भनेर काठमाडौंका स्टार, सीटी सेन्टर, मेघा, वयोधा र अन्तर्राष्ट्रिय बालमैत्री, शिवज्योतिलगायतका अस्पतालबाट फोन आइराख्ने कुरा पनि खुलाए । "मेघा अस्पतालबाट त बिरामी ल्याउनुस् भनेर दिनदिनै फोन गर्छन्", थापा भन्छन्, "फोनमा पाँचदेखि पन्ध्र हजारसम्म दिन्छौं भन्दै फकाउँछन्, तर कुनैले पाँच हजारसम्म त कुनैले तीन/चार हजार दिन्छन् ।"

*(१४ पुस २०७२, www.cijnepal.org.np)*




रबिन सायमि

# २४.

# मेडिकल माफियाको चंगुलमा न्यायालय

मेडिकल कलेज निवेदक भएका सबैजसो मुद्दा एकै न्यायाधीशको बेञ्चमा परे। विराटनगर, पाटन र सर्वोच्च अदालत जहाँ पुगे ती न्यायाधीश मेडिकल कलेज सञ्चालकहरू मुद्दा लिएर त्यहीं गए। सबैजसो मुद्दामा कलेजकै पक्षमा आदेश भयो।

● **कृष्ण ज्ञवाली**

युनिभर्सल मेडिकल कलेजका प्रशासन प्रमुख ध्रुव पौडेलले 'मेडिकल कलेजहरूले पैसा खुवाएर अदालतबाट मुद्दा जित्छन् र अहिले पनि न्यायाधीशहरू लाइनमै छन्' भनेपछि न्यायपरिषद्ले २१ भदौ २०७१ मा 'मेडिकल कलेज सम्बन्धी मुद्दामा भएका आदेशहरू अध्ययन गर्न' दुई सदस्यीय समिति बनायो । न्यायपरिषद्का सदस्यहरू रामप्रसाद सीटौला र रामप्रसाद श्रेष्ठको समितिलाई ती आदेश अध्ययन गर्ने जिम्मेवारी दिइयो । तर नयाँ संविधान जारी भएपछि सीटौला र श्रेष्ठ न्यायापरिषद् सदस्य पद कायम रहे/नरहेको विवादले तीन महीनादेखि यो छानबीन अन्योलमा छ ।

तर हामीले यस बीचमा पुनरावेदन अदालत विराटनगर, पाटन र सर्वोच्च अदालतका आदेशहरू खोज्यौं । रिट निवेदन दर्ता भएको र मेडिकल कलेजले मागे बमोजिम अदालतले अन्तरिम आदेश दिएको मिति हेर्‍यौं । कलेजको पक्षमा हुने गरी जारी गरिएका आदेशको विवरण केलायौं । के देखियो भने सबैजसो मुद्दा एकै न्यायाधीशको बेञ्चमा परेका थिए भने केही मुद्दा उनी सहितका न्यायाधीशको बेञ्चबाट हेरिएको थियो । कलेजले जे मागेको हो अदालतले त्यही आदेश दिइएको छ । आदेशको निर्णयाधार भनेको 'कलेजलाई अपूरणीय क्षति हुने भएकोले', 'सुविधा र सन्तुलनको दृष्टिले दिनुपर्ने देखिएको' र 'पठनपाठनमा अवरोध पुग्न जाने भएकोले' भन्ने छ ।

## जे मागे त्यो पाए

मेडिकल कलेजहरूको नियमनकारी निकाय नेपाल मेडिकल काउन्सिलले २३ पुस २०७० मा जानकी मेडिकल कलेजमा 'आवश्यक पूर्वाधार नपुगेको' भनेर एमबीबीएस कक्षाका लागि कुनै सीट नदिने निर्णय गर्‍यो । अघिल्लो वर्ष ८० सीट पाएको जानकीले काउन्सिलको त्यो निर्णय विरूद्ध पुनरावेदन अदालत पाटनमा मुद्दा हाल्यो ।

त्यहाँ मुख्य न्यायाधीश थिए गोपाल पराजुली । मुद्दा दर्ता गरेको भोलिपल्ट उनले कलेजको मागदाबी अनुसार अन्तरिम आदेश दिए । एक वर्षपछि २ पुस २०७१ मा न्यायाधीशहरू बाबुराम रेग्मी र नारायणप्रसाद श्रेष्ठको इजलासले जानकी मेडिकल कलेजको मागदाबी खारेज गरिदियो । तर कलेजले पूर्वाधार नहुँदा नहुँदै पनि पराजुलीको आदेश बमोजिम अघिल्लो वर्षकै संख्यामा विद्यार्थी भर्ना गर्न पाएको हुनाले एक वर्षपछि मुद्दा हार्दा पनि उसको स्वार्थमा धक्का लागेन ।

अर्को उदाहरण छ पिपुल्स डेन्टल कलेजको । ७५ सीट सञ्चालन गर्न अनुमति पाएको पिपुल्सलाई पनि नेपाल मेडिकल काउन्सिलले 'आवश्यक पूर्वाधार नभएको' भनेर दन्तचिकित्सा विषयमा स्नातक (बीडीएस) को सीट संख्या ६० मा झारिदिएको थियो ।

त्यस विरूद्ध पिपुल्स डेन्टल कलेजले पुनरावेदन अदालत पाटनमा मुद्दा हाल्यो । मुख्य न्यायाधीश गोपाल पराजुली आफैंले अन्तरिम आदेश दिएर ७५ सीटमै विद्यार्थी भर्नाको बाटो खोलिदिए । करीब डेढ महीनापछि न्यायाधीशद्वय डम्बरबहादुर शाही र विमल ढुंगेलको संयुक्त

इजलासले 'विद्यार्थी भर्ना भइसकेपछि काउन्सिलले सीट संख्या घटाउने निर्णय गरेको देखिएको' भनेर काउन्सिलको निर्णय बदर गर्ने आदेश गर्‍यो । जबकि काउन्सिलको निर्णय बेगर पिपुल्सलाई विद्यार्थी भर्ना गर्ने अधिकार नै थिएन ।

अर्को उदाहरण छ विराटनगरको नोबेल मेडिकल कलेजको । निरीक्षण गर्दा पर्याप्त पूर्वाधार नपाइएको भनेर मेडिकल काउन्सिलले नोबेल मेडिकल कलेजको चिकित्साशास्त्र स्नातकोत्तर (एमडी/एमएस) को सीट ५० बाट ६ मा झार्ने निर्णय गर्‍यो । यस विरूद्ध नोबेलका सञ्चालक सुनिल शर्मा २५ जेठ २०७१ मा सर्वोच्च अदालत पुगे । काउन्सिलको निर्णय खारेज हुनुपर्ने र आफ्नो कलेजको पुरानै ५० सीट कायम हुनुपर्ने मागदाबी उनको थियो । मुद्दा दर्ता गरेको पर्सिपल्ट न्यायाधीश गोपाल पराजुलीको एकल इजलासले शर्माको पक्षमा अन्तरिम आदेश दिंदै भन्यो– 'पुरानै सीटका आधारमा कलेज सञ्चालन गर्न कुनै अवरोध खडा नगर्नु, नगराउनु ।'

पिपुल्स डेन्टल कलेजको स्नातकोत्तर एमडीएस कार्यक्रममा पनि यस्तै भयो । अघिल्लो वर्ष १२ सीट कायम रहेको दन्तचिकित्सातर्फको स्नातकोत्तर (एमडीएस) को कोटा नेपाल मेडिकल काउन्सिलले शून्यमा झारिदिएको थियो । काउन्सिलको निर्णय विरूद्ध पिपुल्स सर्वोच्च गएको थियो । यसमा पनि गोपाल पराजुलीले पर्सिपल्टै निवेदकको मागदाबी अनुसार अन्तरिम आदेश दिए ।

पाँचौं उदाहरण छ नेशनल मेडिकल कलेज वीरगञ्जको । निरीक्षण गर्न गएको नेपाल मेडिकल काउन्सिलको टोलीलाई कलेजले गेट बन्द गरेर भित्र छिर्न दिएन । कलेजले अवरोध गरेपछि प्रहरी बोलाएर छिर्न नपाएको सर्जमिन गरेर मेडिकल काउन्सिलको टोली फर्कियो । त्यसपछि काउन्सिलले 'आवश्यक पूर्वाधार नदेखिएको' भनेर एमडी/एमएसको ४० सीटलाई शून्यमा झारिदियो । नेशनल मेडिकल कलेज काउन्सिलको त्यो निर्णय विरूद्ध पुनरावेदन अदालत पाटन गयो । उसले पनि अन्तरिम आदेशबाट आफ्नो पुरानो ४० सीट सुरक्षित गर्‍यो ।

न्यायाधीश डम्बरबहादुर शाहीको एकल इजलासले दिएको अन्तरिम आदेशलाई त्यसपछि सत्यराज गुरूङ र हरिप्रसाद बगालेको संयुक्त इजलासले झन् बलियो बनाउँदै 'मुद्दा किनारा नलाग्दासम्म' अन्तरिम आदेशलाई निरन्तरता दियो । ६ महीनापछि न्यायाधीशद्वय कृष्णप्रसाद बास्तोला र हेमराज पन्तको संयुक्त इजलासले कलेजको मागदाबी सदर गरिदियो । फैसलामा भनिएको छ– 'निरीक्षण प्रतिवेदन विना गरेको निर्णय कानूनसम्मत नभएकाले उत्प्रेषणको आदेशले बदर हुने' ठहर्छ । 'गेट बन्द गरेर काउन्सिललाई निरीक्षण गर्न नदिने' नेशनल मेडिकल कलेज वीरगञ्ज र 'निरीक्षण प्रतिवेदन विना गरेको निर्णय मान्य हुन्न' भन्ने पुनरावेदन अदालत पाटनको आदेशमा आश्चर्यजनक संयोग देखिन्छ ।

छैटौं निर्णय पनि उस्तै छ । आफ्नो कलेजको एमबीबीएस कार्यक्रममा अघिल्लो वर्षभन्दा १५ सीट कटौती गर्ने काउन्सिल निर्णय विरूद्ध युनिभर्सल मेडिकल कलेज भैरहवा सर्वोच्च अदालत गयो । गोपाल पराजुली र ओमप्रकाश मिश्रले अन्तरिम आदेश दिएर पुरानै कोटा १५० सीट कायम गरिदिए । आदेशमा 'सुनुवाइको मौकै नदिई सीट संख्या घटाउने कार्यले निवेदकलाई अपूरणीय क्षति हुन जाने भएकाले अन्तरिम आदेश दिइएको' उल्लेख छ ।




**सर्वोच्च अदालतमा न्यायाधीश गोपाल पराजुली ।**

सातौं उदाहरण अझ रोचक छ । एमडी/एमएसमा ३३ सीट घटेकोमा युनिभर्सल मेडिकल कलेज भैरहवाले सर्वोच्च अदालतमा रिट दायर गर्‍यो । रिट दायर भएको तेस्रो दिन न्यायाधीश चोलेन्द्रशमशेर जबराले अन्तरिम आदेश दिएर अघिल्लो वर्ष झैं ४५ विद्यार्थी भर्ना गर्ने बाटो खोलिदिए । यो रिट अहिले पनि विचाराधीन छ ।

## जता कलेज उतै न्यायाधीश

दर्ता भएको तीनदेखि २२ दिनभित्र दिइएका अन्तरिम आदेशलाई गहिरोसँग नियाल्ने हो भने एउटा संयोग भेटिन्छ । अन्तरिम आदेश जारी गर्ने केही सीमित न्यायाधीशहरू छन् । त्यसमा पनि अपवाद बाहेक सबैजसो आदेश दिनेमा न्यायाधीश गोपाल पराजुली छन् । यो विवाद हेर्ने सबैजसो बेञ्च कि गोपाल पराजुलीको एकल छ, कि उनी संलग्न भएको संयुक्त इजलास छ । आश्चर्यजनक संयोग पुनरावेदन अदालत विराटनगर, पाटन र सर्वोच्च अदालत तीन फरक

न्यायालयमा पराजुली जहाँ पुगे, मेडिकल कलेज सञ्चालकहरू मुद्दा बोकेर त्यहीं पुगेका छन् ।

२०७० असोजमा राजस्व अनुसन्धान पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरीले नोबेल मेडिकल कलेजको २०६० सालदेखिको करसम्बन्धी कागजात झिकाउने निर्णय गऱ्यो । यस विरूद्ध नोबेल पुनरावेदन अदालत विराटनगर गयो । भोलिपल्टै न्यायाधीश रमेशकुमार पोखे्रलको इजलासले 'करसम्बन्धी कुनै आदेश नगर्नु र कागजात पनि नमाग्नु' भनेर अन्तरिम आदेश दियो ।

६ पटकसम्म अन्तरिम आदेश दिइएको सो मुद्दामा २५ कात्तिक २०७० मा पाँचौं र १७ मंसीरमा छैटौं पटक अन्तरिम आदेश दिंदाको इजलासमा मुख्य न्यायाधीश गोपाल पराजुली स्वयं थिए । १२ फागुन २०७० मा न्यायाधीश कुमारप्रसाद पोखे्रल र राजकुमार वनको संयुक्त इजलासले नोबेलकै पक्षमा आदेश गऱ्यो ।

यसै बीचमा न्यायाधीश गोपाल पराजुली पुनरावेदन अदालत पाटनको मुख्य न्यायाधीशमा सरूवा भए । जानकी मेडिकल कलेज जनकपुरको सीट संख्या शून्यमा झार्ने मेडिकल काउन्सिलको निर्णयविरूद्ध २५ फागुन २०७० मा पुनरावेदन अदालत पाटनमा मुद्दा दर्ता भयो । भोलिपल्टै मुख्य न्यायाधीश पराजुलीले जानकीको पक्षमा अन्तरिम आदेश दिए । अन्तरिम आदेशपछिको सुनुवाइ पेशी पनि पराजुलीकै बेञ्चमा पऱ्यो । विपक्षी रहेका मेडिकल काउन्सिल र त्रिभुवन विश्वविद्यालयका कानून व्यवसायीले अन्तरिम आदेश दिएकै बेञ्चमा बहस गर्न अस्वीकार गरेपछि त्यो मुद्दा न्यायाधीशहरू डम्बरबहादुर शाही र विमल ढुंगेलको इजलासमा सारियो । जसले मुद्दाको अन्तिम किनारा नलागुञ्जेल कलेजले पुरानै कोटा (८० सीट) पाउने अन्तरिम आदेशलाई निरन्तरता दियो ।

त्यसको एक सातापछि ३ चैत २०७० मा पाटनमै मेडिकल कलेज सम्बन्धी अर्को मुद्दा पऱ्यो । मेडिकल काउन्सिलले आवश्यक पूर्वाधार नभएको भनेर पिपुल्स मेडिकल कलेजको बीडीएस कोटा कटौती गरेको थियो । त्यस विरूद्ध पिपुल्सले अदालतमा मुद्दा दायर गरेको थियो । यो मुद्दा पनि मुख्य न्यायाधीश पराजुलीकै बेञ्चमा पऱ्यो । उनकै एकल इजलासले कोटा कटौती गर्ने निर्णय कार्यान्वयन नगर्नु भनेर अन्तरिम आदेश दिएको थियो ।

यस बीचमा न्यायपरिषद्ले सर्वोच्च अदालतमा नयाँ न्यायाधीश नियुक्तिको सिफारिश गऱ्यो । १२ जेठ २०७१ मा संसदीय सुनुवाइबाट अनुमोदन भएपछि पराजुली सर्वोच्च अदालतको न्यायाधीश भए । यसपछि मेडिकल कलेज सञ्चालकहरू रिट बोकेर सर्वोच्च अदालत पुग्न थाले । २५ जेठ २०७१ मा नोबेल मेडिकल कलेज र पिपुल्स मेडिकल कलेजले एकै दिन रिट दर्ता गरे । आश्चर्यजनक संयोग दुवै रिट पराजुलीकै बेञ्चमा परे । पर्सिपल्ट पराजुलीले नै दुवैलाई अन्तरिम आदेश दिए । यसपछि मेडिकल कलेज सम्बन्धी सर्वोच्च अदालत पुगेका लगभग सबैजसो विवाद गोपाल पराजुलीकै बेञ्चमा परे र सबैजसो मुद्दामा कलेज सञ्चालकका पक्षमा आदेश भयो । यस्तोसम्म उदाहरण छ– सर्वोच्च अदालतकै अन्य न्यायाधीशले अन्तरिम आदेश दिन अस्वीकार गरेको विवादमा पराजुलीको बेञ्चबाट कलेज सञ्चालकले अन्तरिम आदेश पाएका छन् ।

## न्यायिक दृष्टिमा आदेशहरू

नेपाल मेडिकल काउन्सिलले कलेजको भौतिक पूर्वाधार, अस्पतालको अवस्था र शैय्या, बिरामीको चाप, फ्याकल्टी र उपकरणहरूको अवस्था हेरेर सीट संख्या निर्धारण गर्छ । प्रत्येक वर्ष यस अनुसार कलेजको पूर्वाधार भए नभएको आकस्मिक मूल्यांकन र सीट संख्या निर्धारण गर्दछ । पूर्वाधार र जनशक्तिको अभावमा आफ्नो कलेजको सीट संख्या कटौतीमा परेपछि कलेज सञ्चालकहरू काउन्सिलको निर्णय विरूद्ध 'आफूलाई अपूरणीय क्षति हुने' भन्दै 'पुरानै सीट संख्या कायम गर्ने' मागदाबी लिएर अदालत पुग्ने गर्छन् ।

अदालतले न्यायको आँखामा ती मागहरू कति उपयुक्त छन् भन्ने मूल्यांकन गर्नुपर्थ्यो । यो घटना बुझेका सर्वोच्च अदालतका एकजना पूर्व न्यायाधीशले भने, 'सामान्यतया नेपाल मेडिकल काउन्सिलले गर्नुपर्ने काम गरेको छ/छैन र त्यो काम गर्ने अधिकार उसलाई छ/छैन भन्ने विषयमा सीमित भएर न्याय सम्पादन गर्नुपर्ने अदालत आफैं मेडिकल काउन्सिल हुन खोजेको देखियो ।' हुन पनि यस्तोसम्म उदाहरण छ कि– राजश्व अनुसन्धान कार्यालय इटहरीले कर सम्बन्धी कागजात माग गर्दा नोबेल मेडिकल कलेजले 'यो कार्यले पठनपाठन अवरूद्ध हुनपुग्छ' भनेर गरेको दाबीमा समेत अदालत सहमत भएर कलेज सञ्चालकको पक्षमा आदेश दिएको देखिन्छ ।

मेडिकल कलेजसँग सम्बन्धित मुद्दामा भएका अन्तरिम आदेश भित्र प्रवेश गर्दा केही शब्दावलीको प्रयोग पटक पटक भएको देखिन्छ । विधिशास्त्रीय सिद्धान्त अनुसार पनि कुनै खास अवस्था र निश्चित परिस्थितिमा कुनै निर्णय किन गर्नु परेको हो भनेर त्यसको गाम्भीर्य वा आवश्यकता जनाउन प्रयोग हुने शब्द यी आदेशहरूमा जहींतहीं प्रयोग गरिएको छ । जस्तो कि 'सुविधा र सन्तुलनको दृष्टिले', 'आवश्यकताको सिद्धान्त अनुसार', 'अपूरणीय क्षति हुने भएकोले' भन्ने वाक्यको प्रयोग यतिविध्न गरिएको छ, लाग्छ यो पदावली मेडिकल शिक्षासँग सम्बन्धित रिटको आदेशमा प्रयोग नगरिहुन्न ।

अदालती आदेश भित्र प्रवेश गर्दा अनौठा दृष्टान्त भेटिन्छन् । जानकी मेडिकल कलेजको रिटमा मेडिकल काउन्सिलबाट कोटा निर्धारण नभई विद्यार्थी भर्ना गरिएको भए पनि अदालतले त्यसतर्फ प्रश्न उठाएन । उल्टै कलेजलाई 'अपूरणीय क्षति हुने' भनेर सीट संख्या कटौती हुन दिएन । कतिपय आदेश तथ्यसँग नै मेल खाँदैनन् । जस्तो कि नोबेल मेडिकल कलेजको एमडीएमएसको रिटमा सर्वोच्च अदालतका न्यायाधीश गोपाल पराजुलीले दिएको आदेशमा 'डा. सुशील कोइरालासहितले देखाएको प्रतिवेदन हेर्दा कलेजले सम्पूर्ण पूर्वाधार पूरा गरेको भन्ने देखिन्छ' भनिएको छ । जबकि काउन्सिलको प्रतिवेदनले भन्छ– डा. सुशील कोइराला नोबेल मेडिकल कलेजको कुनै पनि निरीक्षणमा सहभागी थिएनन् । दन्त विशेषज्ञ डा. कोइराला स्वयं पनि आश्चर्यचकित छन् । उनले भने, "म अहिलेसम्म नोबेलको निरीक्षणमा गएकै छैन भने प्रतिवेदन पेश गर्ने कुरै भएन ।"

कतिपय आदेशमा अदालतले नेपाल मेडिकल काउन्सिलले निरीक्षण पछि मूल्यांकन प्रतिवेदन तयार गर्दा किन सुनुवाइको मौका नदिइएको भनेजस्तो अप्रासङ्गिक प्रश्न गरेको छ । युनिभर्सल

मेडिकल कलेजको एउटा अन्तरिम आदेशमा 'सुनुवाइको मौकै नदिई सीट संख्या घटाउने कार्यले निवेदकलाई अपूरणीय क्षति हुन जाने भएकाले निर्णय कार्यान्वयन नगर्न, नगराउन अन्तरिम आदेश दिइएको' उल्लेख छ ।

नेपाल मेडिकल काउन्सिलका पूर्व-सदस्य डा. अर्जुन कार्की, अदालतले एउटा वैध संस्थाको कार्यविधि माथि प्रश्न उठाउनु उचित नहुने ठान्छन् । "चिकित्साशास्त्रको शिक्षामा सीट निर्धारण गर्ने विश्वव्यापी मान्यता र प्रणाली छन् । नेपालमा पनि त्यही कार्यविधिको परिधिमा रहेर सीट निर्धारण भइरहेको छ" कार्की भन्छन्, "कार्यविधिमै त्रुटि छ भने प्रश्न उठाउन सकिएला । तर, त्यसका आधारमा गरिने मूल्यांकन र परीक्षण जस्ता विशुद्ध प्राविधिक र पेशागत मर्यादामा प्रश्न उठाएर अदालतले जथाभावी आदेश दिनु उचित होइन ।"

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति भइसकेका कार्की, अन्यथा प्रमाणित नहुँदासम्म चिकित्साकर्मीले दिएको प्रतिवेदन आधिकारिक हुनुपर्ने बताउँछन् । "काउन्सिलजस्तो नियमनकारी निकायले अधिकारसहित पठाएको टोलीले बुझाएको प्रतिवेदन नै आधिकारिक मानिन्छ" कार्की भन्छन्, "अन्यथा पुष्टि नभएसम्म त्यो प्रतिवेदनलाई अस्वीकार गरी अन्य कागजातलाई मान्यता दिनु उचित होइन ।" कार्कीका विचारमा अदालतका कतिपय आदेश र फैसला हेर्दा काउन्सिलको कागजात भन्दा पनि मेडिकल कलेजहरू आफैंले तयार पारेको 'सेल्फ एप्रिसिएसन रिपोर्ट' लाई आधिकारिक मानेको देखिन्छ ।

## 'आश्चर्यजनक गडबडी'

नेपालमा मुद्दा ढिलो हुनु अनौठो कुरा होइन । तर मेडिकल कलेजका विरूद्ध परेका रिट, त्यसमा चढेका पेशी र भएका आदेशले नेपालमा न्याय ढिलो हुन्छ भन्ने मान्यतालाई गलत सावित गर्छन् । नोबेल मेडिकल कलेजको राजस्व सम्बन्धी विवादमा रिट दायर भएको भोलिपल्टै ७ असोज २०७० मा पुनरावेदन अदालत विराटनगरबाट अन्तरिम आदेश जारी भयो । जानकी मेडिकल कलेजको विवादमा पनि पुनरावेदन अदालत पाटनका मुख्य न्यायाधीश गोपाल पराजुलीले भोलिपल्टै अन्तरिम आदेश दिए । आठ वटा रिटको दर्ता, पेशी र अन्तरिम आदेशको मिति केलाउँदा मेडिकल कलेजहरूले राम्रै 'फेवर' पाएको देखिन्छ ।

सर्वोच्च अदालतका पूर्व रजिष्ट्रार श्रीप्रसाद पण्डित यसलाई 'आश्चर्यजनक गडबडी' मान्छन् । पूर्व रजिष्ट्रार पण्डित भन्छन्, "मुद्दाको चापले सामान्य अवस्थामा सर्वोच्च अदालतमा पालो आउन ४ देखि ६ महीना लाग्छ । तर, मेडिकल कलेज सञ्चालकहरूको रिटमा कसरी यति छिटो पेशी तोकिएर उनीहरूकै पक्षमा आदेश भयो ? यसमा आश्चर्यजनक गडबडी भएको बुझ्न सकिन्छ ।"

एकैदिन दायर भएका दुई मेडिकल कलेजका रिटमा सर्वोच्च अदालतले गरेको पेशी व्यवस्थापनमा अर्को अद्वितीय संयोग देखिन्छ । २७ जेठ २०७१ मा नोबेल मेडिकल कलेज र

पिपुल्स मेडिकल कलेजले दायर गरेका छुट्टाछुट्टै रिट सबैजसोमा एकै दिन, एउटै इजलासमा पेशी तोकिएको छ । यो रिटमा ६ पुस २०७१ मा नोबेल मेडिकल कलेजले रिट फिर्ता लिनुअघि ११ पटक पेशी तोकिएको थियो । दुई वटा मुद्दा सधैं एउटै इजलासमा परे, जुन दिन एउटा मुद्दामा जस्तो आदेश भयो, अर्कोमा पनि उस्तै आदेश भयो । दुवै मेडिकल कलेजका लगानीकर्ता, सञ्चालक एकै व्यक्ति सुनिल शर्मा हुन् ।

## एक अर्बको कारोबार

रिट निवेदनबाट अन्तरिम आदेश लिन किन कलेजहरूले मरिहत्ते गरेका होलान् ? हामीले प्रति विद्यार्थी लगानी, मेडिकल कलेजहरूले पाइरहेको सीट संख्या र त्यसमा मेडिकल काउन्सिलले कटौती गर्न खोजेको संख्या केलाउन खोज्यौं । यसबाट के देखियो भने अदालतको अन्तरिम आदेशका कारण मेडिकल कलेजहरूले थप रू.१ अर्बको कारोबार गरेका छन् ।

अदालतको आदेशपछि जानकी मेडिकल कलेजले सबैभन्दा धेरै (८० सीट) विद्यार्थी भर्ना गरेर धेरै रूपैयाँको कारोबार गरेको देखिन्छ । सबैभन्दा थोरै १५ सीट मात्रै फाइदा लिनेमा युनिभर्सलको एमडीएस कार्यक्रम हो । प्रति विद्यार्थी औसतमा ५० लाखको कारोबार मान्ने हो भने अन्तरिम आदेशपछि जानकीलाई ४० करोड र युनिभर्सललाई एमडीएस कार्यक्रमबाट मात्रै साढे ७ करोड रूपैयाँको थप कारोबार भएको देखिन्छ । अन्तरिम आदेशका कारण सातै वटा मेडिकल कलेजको थप २४१ सीट पाएका छन् । विद्यार्थी कोटाको यो संख्यालाई प्रति विद्यार्थी न्यूनतम ५० लाख रूपैयाँका दरले हिसाब गर्ने हो भने यो १ अर्ब रूपैयाँ भन्दा माथिको कारोबार हुन आउँछ ।

यति ठूलो कारोबार जोडिएको विषयमा कहाँ पुगेको छ त न्यायपरिषद्को अध्ययन ? जिम्मेवारी अनुसार टोलीले छानबीन गरिरहेको प्रवक्ता देवेन्द्रराज ढकाल बताउँछन् । "छानबीन ठ्याक्कै यो चरणमा पुग्यो भनेर भन्न त गाह्रो हुन्छ, तर पनि काम भइरहेको छ" उनले भने, "अलि संवेदनशील विषय भएकाले उपयुक्त सूचना न्यायपरिषद् आफैंले सार्वजनिक गरिहाल्छ नि !" तर अध्ययन थालेको झण्डै तीन महीना बितिसक्दा पनि परिषद्ले अहिलेसम्म कुनै विवरण सार्वजनिक गरेको छैन ।

*(१८ मंसीर २०७२, www.cijnepal.org.np)*



जुरे पहिरो ।

# २५.

# राहत रकममा घिनलाग्दो राजनीति

पहिरो प्रभावितको कन्तबिजोग देखेर देश विदेशबाट चन्दा उठाएर पठाइएको सहायता रकम माथि समेत नेपालका सभासद्हरूले कतिसम्म घिनलाग्दो राजनीति गरे भन्ने उदाहरण हो सिन्धुपाल्चोकको जुरे पहिरो प्रकरण।

● युवराज पुरी

सिन्धुपाल्चोकको जुरेमा पहिरोले एउटा गाउँ नै बगाएको एक वर्ष भयो । १७ साउन २०७१ बिहान २ बजे मांखा गाविसको एउटा बस्ती नै सखाप भएपछि जिल्ला दैवीप्रकोप उद्धार समिति सिन्धुपाल्चोकले राहत कोष खडा गऱ्यो । कानून अनुसार गृह मन्त्रालयसँग अनुमति लिएर मात्रै जिल्लामा खाता सञ्चालन गर्ने गरी 'जिल्ला दैवीप्रकोप राहत कोष' स्थापना गर्न पाइन्छ । यही नियम पालना गरेर जुरे प्रभावितहरूका लागि कोष खडा गरियो । देश विदेशबाट सहायता जम्मा गर्ने एक किसिमको अभियान नै चल्यो । तीन महीना पुग्दा नपुग्दै कोषमा २ करोड २४ लाख रूपैयाँ जम्मा भयो ।

चार महीना पछि २०७१ कात्तिकमा जिल्ला दैवीप्रकोप उद्धार समितिका संयोजक प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद पराजुलीले रकम वितरण गर्न अग्रसरता देखाए । प्रभावितहरूको वर्गीकरण र सहायता वितरणको मापदण्ड तय गर्न उपसमिति गठन गरियो । उपसमितिले स्थलगत अध्ययन गरी लगत संकलन गरेर समितिमा प्रतिवेदन बुझायो ।

जिल्ला दैवीप्रकोप उद्धार समितिले निर्णय गरी सहायता रकम वितरण प्रक्रिया अघि बढाउनुपर्ने थियो । तर त्यसो नगरी प्रमुख जिल्ला अधिकारी पराजुलीले उपसमितिले दिएको प्रतिवेदन 'अध्ययन गरी सुझाव दिन' सभासद्‌कहाँ पठाए । सभासद्‌हरू मोहनबहादुर बस्नेत, अमृतकुमार बोहोरा, शेरबहादुर तामाङ, अग्निप्रसाद सापकोटा र रमेश लामाले एक वर्षसम्म पनि त्यो प्रतिवेदनमाथि कुनै सुझाव दिएनन् । त्यसयता जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठक पटक पटक बस्यो तर कुनै निर्णय गर्न सकेन । समितिका संयोजक प्रमुख जिल्ला अधिकारीले 'सभासद्‌हरूको सुझाव आइनसकेको' भनेर यो विषय पन्छाउँदै लगे ।

जिल्ला दैवीप्रकोप उद्धार समितिमा सबै दलका प्रतिनिधि, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, विषयगत कार्यालय प्रमुखहरू र नागरिक समाजका प्रतिनिधि सदस्य तथा स्थानीय विकास अधिकारी सदस्यसचिव हुने व्यवस्था छ । सिद्धान्ततः राहत रकम वितरण गर्न सभासद्‌को अनुमति जरूरी पर्दैन । तर जिल्लामा उनीहरूको राजनीतिक प्रभावलाई बेवास्ता गर्न नसकिने भएकाले राहत वितरणमा सभासद्‌हरू यतिविघ्न हावी हुन पुगेका हुन् ।

२०७१ फागुनमा पराजुलीको सरूवा भएपछि कृष्णप्रसाद ज्ञवाली प्रमुख जिल्ला अधिकारी भएर सिन्धुपाल्चोक आए । शुरूमा उनले 'पहिरोको बारेमा बुझ्दै गरेको' बताएर यो विषय पन्छाए । लगातार आवाज उठ्न थालेपछि जिल्ला दैवीप्रकोप उद्धार समितिमा सभासद्‌सहितको बैठक बस्यो ।

त्यो बैठकमा सभासद्‌हरूले नयाँ प्रस्ताव ल्याए । नेपाली कांग्रेसका जिल्ला सभापति तथा सभासद् मोहन बस्नेतले 'सरकारसँग थप पैसा मागेर प्रभावितलाई जग्गा किनिदिनुपर्ने' प्रस्ताव राखे । नेकपा एमालेका नेता तथा सभासद् अमृतकुमार बोहोराले चाहिं 'आवश्यकता पहिचान जरूरी भएको' बताए । एकीकृत नेकपा माओवादीका नेता तथा सभासद् अग्नि सापकोटाले 'पहिरो प्रभावितलाई सरकारले केही गरोस् अनि हामी यो पैसा बारे निर्णय गरौंला' भने । राप्रपाका रमेश लामाको प्रस्ताव चाहिं 'सरकारसँग थप पैसा माग्नुपर्ने' भन्ने थियो । अर्थात् कसैले पनि अलोकप्रिय कुरा गरेनन् तर जम्मा भएको त्यो रकम वितरण गर्न दिएनन् । अन्त्यमा बैठकले 'सबै सभासद्

र प्रमुख जिल्ला अधिकारीसहितको टोली पुनर्वास र राहत रकमका लागि मन्त्रालयमा डेलिगेसन जाने' निर्णय गऱ्यो । त्यो निर्णय अहिलेसम्म पनि कार्यान्वयन भएको छैन ।

पहिरो प्रभावितहरू त्यो रकम पाए एउटा काम टर्थ्यो भन्ने आशामा छन् । तर सभासद्हरू आफ्नो भोटको राजनीति प्रभावित हुने डरले एकले राखेको प्रस्ताव अर्कोले मान्दैनन् । त्यसैले समितिमा त्यो रकम वितरणको विषय आउनासाथ 'दिन त दिने तर कसरी दिने ?' भनेर किचलो पर्ने गर्छ ।

"कसको के स्वार्थ छ थाहा छैन, तर सबै पीडितको हितमा रकम खर्च गर्ने भन्छन् तर वितरण गर्न दिंदैनन्" रकम वितरण मापदण्ड बनाउने समितिका सदस्य समेत रहेका नागरिक अगुवा सोम सापकोटा भन्छन्, "दलहरूले निर्णय गर्न नसक्दा पीडितको नाममा उठेको सवा दुई करोड रूपैयाँ अहिले पनि अलपत्र छ ।" सहयोग रकम वितरण हुन नसक्नुको रहस्य खोल्दै सापकोटा भन्छन्, "चुनावी राजनीति जोडिएको छ यसमा । जस लिने होडबाजी छ । त्यसैले रकम वितरण हुन नसकेको हो ।" पहिरो गएको गाउँ जुरे सिन्धुपाल्चोक जिल्लाको क्षेत्र नम्बर १ मा पर्छ । यो कांग्रेस सभापति मोहन बस्नेत, एमाले नेता अमृत बोहोरा र राप्रपा नेता रमेश लामाको निर्वाचन क्षेत्र हो । जुरे पीडितलाई कसले राहत दिलायो भन्ने विषयले अरू निर्वाचन क्षेत्र र आसपासका जिल्लामा पनि महत्व राख्ने भएकोले अरू नेताको पनि उत्तिकै चासो छ यसमा ।

१२ वैशाख २०७२ को भूकम्पपछि जुरे मामिला ओझेलमा पऱ्यो । जुरे पहिरो पछि सिन्धुपाल्चोकमा तीन जना प्रमुख जिल्ला अधिकारी हेरफेर भए । हालका प्रमुख जिल्ला अधिकारी बलभद्र गिरी भन्छन्, "मापदण्ड बनिसकेको रहेछ, अब खाता फुकुवाको प्रक्रिया अघि बढाउँछौं ।" 'प्रक्रिया अघि बढाउने' भन्नुको अर्थ प्रभावितले त्यो सहयोग रकम तत्काल‌ै पाइहाल्छन् भन्न सकिन्न ।

दैवीप्रकोप उद्धार समितिमा जाने दलका स्थानीय प्रतिनिधिहरूको व्यवहार पनि आश्चर्यलाग्दो थियो । कांग्रेसले पठाएका टंक कार्की, एमालेका यज्ञ सापकोटा र इन्द्र नेपाल, एमाओवादीका चन्द्र सापकोटा र राप्रपाका माधव उप्रेती दलको प्रतिनिधि भएर बैठकमा जान्थे । तर धेरैजसो बैठकमा उनीहरू या त 'सल्लाह गर्नुपर्छ' भन्थे नत्र 'अर्को बैठकमा निर्णय गरौंला' भनेर उठ्थे ।

जिल्लाको यो सहायता राजनीति बुझेका एक जना सरकारी कर्मचारीले भने, "प्रमुख जिल्ला अधिकारी नेतृत्वको यो समितिले निर्णय गरेर प्रभावितलाई सहयोग वितरण गर्न कुनै दलको वा सभासद्को समर्थन चाहिंदैन । तर, दलको विश्वास भएन भने अख्तियारले समात्छ भन्ने प्रजिअलाई परेको छ । त्यसैले उनी प्रभावितको पक्षमा जोखिम उठाएर निर्णय गर्न सक्दैनन् ।"

प्रभावितहरू भित्र पनि आफ्नै खाले सहायता राजनीति छ । के मापदण्ड बनाउँदा आफ्नो भागमा धेरै पैसा पर्छ सो अनुसार नीति बनाउन माग भइरहेको छ । जसको परिवारका धेरै सदस्य पहिरोमा परे उनीहरू मृतकको आधारमा सहयोग वितरण हुनुपर्छ भन्छन् । अर्काथरी चाहिं मर्ने मरेर गए अब बाँच्नेका बारेमा व्यवस्था हुनुपर्छ भन्छन् । दोस्रो थरीका विचारमा सबै पहिरो प्रभावितलाई समान ढंगले राहत वितरण हुनुपर्छ । प्रभावितहरू नै विभाजित छन् भनेर प्रशासनले आलटाल गर्ने एउटा बहाना पाएको छ ।



**२०७२ भदौमा सामूहिक बरखी गर्दै पहिरोमा आफन्त गुमाएकाहरू ।**

त्यो सहायता रकम पाउँ भनेर प्रभावितहरूले केसम्म गरेनन् ? स्थानीय प्रशासन गुहारे, गृह मन्त्रालय धाए, लिखित निवेदन दिए । गृह मन्त्रालयले 'यस सम्बन्धमा के भएको हो जानकारी दिनु' भन्दै त्यो निवेदन जिल्लामै पठाइदियो । विवाद लम्बिंदै गयो । अहिले रकम जम्मा गरेको ब्यांक खाता पनि गृह मन्त्रालयले रोक्का गरिदिएको छ ।

सहायता रकम आउने आश मर्दै गएपछि जुरे पहिरो प्रभावितहरूले संघर्ष समिति बनाएका छन् । समितिका संयोजक दिनेशकुमार श्रेष्ठ भन्छन्, "के हामी सधैं कोषमा पैसा छ भनेर कुरेर बस्ने ? त्यो हामीले पाउनु पर्दैन ?"

## आश पनि मर्दै गयो

३ भदौ २०७२ मा मांखा गाविस-१, ड्याम साइडका जीवन श्रेष्ठले बाबु गणेशलाल श्रेष्ठसहित सात जनाको वार्षिकी पशुपति मन्दिर परिसरमा गरे । उनले जुरेको पहिरोमा परी ज्यान गुमाएका आफ्नो परिवारका सबैको पशुपतिनाथ परिसरमा वार्षिकी गरेका हुन् ।

एक वर्षदेखि विस्थापित जीवन बिताइरहेका जीवनले आफ्नो भन्ने केही बाँकी नभएकाले पशुपतिमा आएर वर्ष दिनको काम गरेको बताए । जीवन मात्र हैन परिवारका १२ सदस्य गुमाएका पञ्चलाल श्रेष्ठ, आमा, बहिनी लगायत सदस्य गुमाएका अश्विन श्रेष्ठले पनि पशुपति परिसरमै

**पीडित रामबहादुर तामाङ र पहिरो पीडित नानी तामाङ ।**

सामूहिक वार्षिकी गरे । जीवनले भने "भएको सम्पत्ति सबै गुमाएको एक वर्ष भयो । अझैसम्म पनि बासकै ठेगान छैन । अनि पशुपतिमै आएर रित पूरा गऱ्यौं ।"

सरकारले केही सहयोग गर्ला भन्ने आशामा रहेका पीडितहरू वर्षौं बित्दा समेत कुनै सहायता नपाउँदा निराश हुन थालेको दुर्गालाल बताउँछन् । पहिरोमा घर पुरिएपछि लामोसाँघु बजारमा भाडामा बस्दै आएको श्रेष्ठ परिवार भूकम्पपछि गोठाटारमा अरूको जग्गामा छाप्रो हालेर बसेका छन् । पहिरोमा आफ्नो घर गुमाएका जुरेका बासिन्दा भूकम्पले भाडामा बसेको घर समेत भत्काएपछि शरणार्थी जीवन जिउन बाध्य छन् । "पहिरोका बेला मन्त्री र नेता गएर पुनर्वास, राहत सबै व्यवस्था गर्ने वचन दिएका थिए" दुर्गालाल भन्छन्, "बिस्तारै सबैले पहिरो पीडितलाई भुल्दै गए ।" अहिले उनीहरू सरकारले केही नगरेको भन्दा पनि पहिरो पीडितका नाममा जम्मा भएको दुई करोड २४ लाख रूपैयाँ वितरण नगरेकोमा आक्रोशित छन् ।

जुरे नजिकैको ओरियन्ट म्याग्नेसाइटको भवनमा ओत लाग्दै आएका मांखा कागुनेका रामबहादुर तामाङ परिवारका सबै सदस्य लिएर दुई महीना अघि काभ्रेको बनेपा सरेका छन् । उनी मासिक एक हजार पाँच सय तिर्ने गरी वर्षा नसकुन्जेलका लागि कोठा भाडामा लिएर बसेका छन् । कोलोनी माथिको डाँडामा पहिरो जान थालेपछि तामाङसहित सात परिवार डरले बनेपा सरेका हुन् ।

राम्चे गाविस–५ की नानी तामाङ जुरे नजिकैको पाखोमा टहरो हालेर बसेकी छन् । पहिरोले

घरजग्गा सबै बगाएपछि देवरको घरमा शरण लिएर बसेकी नानी भूकम्पले देवरको घर पनि भत्काएपछि सडकमा आइपुगिन् । अहिले छिमेकीको सहयोगमा एउटा टहरो बनाएर बसेकी छन् । आफ्नो टहरो अगाडि लट्ठीले कोदो कुट्दै उनले भनिन्, "लोग्ने पनि बिते, न राम्ररी बस्ने बास छ न खाने गाँस छ, कसरी जिउने हो ?"

जुरे पहिरोपछि मृतक परिवारले सरकारबाट प्रति मृतक किरिया खर्च ४० हजार र प्रति मृतक परिवारलाई एक लाख रूपैयाँ राहत दिएको बाहेक कुनै सहयोग पाएका छैनन् । एक वर्षअघि सम्पत्तिको क्षति र मृतक संख्याको आधारमा कतिपय व्यापारिक संघसंस्थाले केही सहयोग गरेका थिए । तर जसको घरबाट पहिरोमा कोही पनि परेनन् र सम्पत्ति पूरै क्षति भयो त्यस्तो परिवारले अहिलेसम्म कुनै सरकारी सहयोग पाएका छैनन् ।

मांखा गाविस-१ कागुनेका रामबहादुर लामाले पहिरोमा परिवारका १३ सदस्य गुमाए । पहिरोका डरले छरछिमेकी गाउँ छाडेर हिंडे । उनी चाहिं नजिकैको म्याग्नेसाइटको भवनमा बसिरहेका छन् । भर्खरै भूकम्प पीडितले १५ हजार पाउँदा जुरे पीडित भने त्यो रकम पाउनबाट समेत वञ्चित भए । रामबहादुर भन्छन्, "हामीसँग न एक टुक्रा जग्गा छ, न घर, तर पनि सरकारले किन बेवास्ता गरेको होला ?" जुरे पहिरोमा उनको टोलका २१ घर बगाउँदा ६६ जनाको ज्यान गएको थियो । संयोगले उनी बाँचे ।

जुरे पहिरोमा मांखा, राम्चे, धुस्कुन र टेकानपुरका १४५ जनाले ज्यान गुमाएका थिए । ९७ घर पहिरो भित्र परे । केही घर डुबानमा र केही चाहिं बस्नै नसक्ने गरी जोखिममा परे । जम्मा २२० घर प्रत्यक्ष प्रभावित भएका थिए । आफ्नो परिवारका १३ जना सदस्य पहिरोमा गुमाएका रामबहादुर लामा भन्छन्, "अब त आश पनि मर्दै गयो । जिल्लामा जम्मा भएको रकम त अहिलेसम्म दिएनन् । केन्द्रबाट के सहयोग गर्लान् र ?"

*(२२ भदौ २०७२, www.cijnepal.org.np)*




कमल रिमाल

# २६.

## मेडिकल शिक्षामा माफियाः यसरी हुन्छ ज्यानमारा डाक्टरको उत्पादन

निजी मेडिकल कलेजका एक जना प्रशासकले खोले रहस्य- पैसाको व्यवस्था गर्नुस्, मन्त्रालय, विश्वविद्यालय, मेडिकल काउन्सिल र अख्तियारलाई मिलाउने जिम्मा मेरो।

● **रामु सापकोटा**

नेपालमा मेडिकल कलेज सञ्चालन गर्न स्रोत र जनशक्ति भएर मात्रै पुग्दैन, शक्तिकेन्द्रमा पहुँच पनि हुनै पर्छ । सबैभन्दा पहिला शिक्षा मन्त्रालयबाट मनसाय पत्र लिनुपर्छ । मनसाय पत्र पाएका कलेजले विश्वविद्यालय र नेपाल मेडिकल काउन्सिलको निरीक्षणपछि योग्य भए सम्बन्धित विश्वविद्यालयबाट सञ्चालन स्वीकृति अर्थात् सम्बन्धन पाउँछन् । तर शक्तिकेन्द्रमा पहुँच विना शिक्षा मन्त्रालय, विश्वविद्यालय र मेडिकल काउन्सिलबाट यी प्रक्रिया पूरा गर्नु असम्भव नै छ । यही सेरोफेरोमा रूमल्लिएको छ नेपालको मेडिकल शिक्षा ।

२०६४ सालमा सरकारको नेतृत्वमा थिए गिरिजाप्रसाद कोइराला । जो मुलुकमा पाँच विकास क्षेत्रमा पाँच वटा भन्दा बढी मेडिकल कलेजको जरूरी छैन भन्ने मान्यता राख्थे । काठमाडौं विश्वविद्यालयका तत्कालीन रजिष्ट्रार डा. सीताराम अधिकारी भन्छन्, "कोइरालाको प्रतिबद्धता धेरै दिन टिक्न सकेन । पश्चिमाञ्चल विकास क्षेत्रमा मणिपाल कलेज हुँदाहुँदै देवदहलाई सम्बन्धन दिन चर्को दबाब पर्‍यो । देवदहले सम्बन्धन पायो ।"

काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन पाएपछि देवदह सञ्चालनमा आयो । तर कलेजको पूर्वाधार र सञ्चालनमा अनियमितता भएको भनेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तुरून्तै हात हाल्यो । उसले कलेजका सञ्चालक, काठमाडौं विश्वविद्यालयको निरीक्षण टोली सदस्य र काउन्सिलका निरीक्षण टोली सदस्यलाई 'गलत प्रतिवेदन दिई अख्तियारको दुरूपयोग गरेको' भनेर मुद्दा दर्ता गर्‍यो । एउटा शक्तिकेन्द्र रिझाएर शुरू भएको देवदह मेडिकल कलेज ६ वर्ष पुग्दा नपुग्दै अनियमितता र बेथितिको घेरामा पर्‍यो ।

## निरीक्षण/सम्बन्धन

देवदह बाहेकका अरू कलेजलाई पनि काठमाडौं विश्वविद्यालयले सम्बन्धन दिंदा व्यापक अनियमितता भएको २०६९ मा सरकारद्वारा गठित एक विशेषज्ञ समितिले समेत पत्ता लगाएको थियो । कलेजलाई सम्बन्धन दिंदा र सीट संख्या बढाउँदा यस्तो अनियमितता हुने समितिको भनाइ छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रा. डा. विमलकुमार सिन्हाको संयोजकत्वमा पाँच सदस्यीय विशेषज्ञ समिति गठन गरेको थियो ।

विशेषज्ञ समितिले अख्तियारलाई दिएको प्रतिवेदनमा ऐन नियम विपरीत मेडिकल कलेजहरूलाई सम्बन्धन दिएको उल्लेख गरेको थियो । समितिले छानबीन गरेका दुई वटा कलेज नोबेल मेडिकल कलेज विराटनगर र कलेज अफ मेडिकल साइसेन्स भरतपुर थिए । समितिका अनुसार यी कलेजमा भौतिक पूर्वाधार र शिक्षक (फ्याकल्टी) को अभाव थियो । तर पनि नेपाल मेडिकल काउन्सिलले गलत निरीक्षण प्रतिवेदन दिएको थियो । त्यसलाई विश्वविद्यालयले जस्ताको तस्तै पास गरेर सञ्चालन अनुमति दिएको थियो ।

प्रा. डा. सिन्हा अध्यक्ष रहेको विशेषज्ञ समितिले ती कलेजको सम्बन्धन र सञ्चालनमा व्यापक

अनियमितता भएको प्रतिवेदन अख्तियारमा पेश गरेको तीन वर्ष भयो । अहिलेसम्म अख्तियारले अनियमितता गर्ने ती दुई कलेज र गलत विवरण दिने विश्वविद्यालयमाथि कुनै कारबाही अगाडि बढाएको छैन ।

जथाभावी मेडिकल कलेज खोल्ने अनुमति दिएका कारण मापदण्ड नपुगेका गुणस्तरहीन कलेज जन्मेको काउन्सिलका पूर्व रजिष्ट्रार डा. बाबुराम मरासिनी बताउँछन् । मरासिनी भन्छन्, "गिरिजाप्रसादको पालामा कहाँ–कहाँ मेडिकल कलेज खोल्ने भन्ने विषयको नक्शांकन भएको थियो । त्यसपछिका सरकारले कार्यान्वयनमा ल्याउन सकेनन् ।" मरासिनीका विचारमा, "मध्यमाञ्चलमा दुई वटा र अन्य विकास क्षेत्रमा एक-एक मेडिकल कलेज खोल्ने भनेर त्यसबेला म्यापिङ भएको थियो । म्यापिङ अनुसार सुदूरपश्चिम बाहेकका विकास क्षेत्रमा मेडिकल कलेज खुले । तर पछि आउने सरकारले दाल–चामलको पसल जस्तै जहाँ मन लाग्छ, त्यहीं कलेज खोल्न अनुमति दिए ।"


मेडिकल शिक्षाको क्षेत्रमा अनियमितता हुने दोस्रो ठाउँ हो विद्यार्थीको सीट संख्या निर्धारण । कलेजले कति विद्यार्थी पढाउन पाउने भन्ने विषयमा यति धेरै चलखेल हुन्छ कि यसमा कलेज, नेपाल मेडिकल काउन्सिल, अख्तियार र अदालत समेतले अवाञ्छित हस्तक्षेप गर्न पछिपरेका छैनन् ।

नियम अनुसार विश्वविद्यालय र मेडिकल काउन्सिलको निरीक्षणपछि काउन्सिलले नै सम्बन्धित कलेजको सीट निर्धारण गर्छ । एमबीबीएस, बीडीएस र पीजी तहको कार्यक्रमका लागि हुने सीट निर्धारण गर्ने प्रक्रियामा ठूलो आर्थिक चलखेल हुने गर्छ ।

मेडिकल काउन्सिलले मेडिकल कलेजको सीट निर्धारण गर्दा आधार मान्ने निरीक्षण प्रतिवेदन तयार पार्ने प्रक्रिया ठूलो आर्थिक चलखेल हुने ठाउँ हो । प्रत्येक वर्षका लागि सीट निर्धारण गर्न काउन्सिलको टोली प्रायः साउन र भदौ महीनाको बीचमा कलेजको निरीक्षणमा जान्छ । निरीक्षणका क्रममा काउन्सिल सदस्यकै मिलेमतोमा सम्बन्धित कलेजलाई जानकारी दिएर निरीक्षण गर्ने काम अहिले पनि भइरहेको छ ।

यस वर्ष नोबेलका लागि फ्याकल्टी आयात गर्ने एजेन्ट निरञ्जनकुमार यादवका अनुसार जम्मा ५२ जना फ्याकल्टी भारतबाट ल्याइएका थिए । त्यसरी भारतबाट आयात गरिएका फ्याकल्टीलाई विराटनगरका फरक–फरक होटलमा राखिएको थियो । २ भदौ २०७२ दिउँसो करीब साढे एक बजे भारतबाट आएका खडेबाबाको समूह विराटनगरको रोडशेष चोकमा रहेको होटल स्टर्न स्टारमा प्रवेश गरेका थिए । उनीहरू भारतको बंगाल र कोलकाताबाट नेपाल आएका थिए ।

मधेशवादी दलको बन्दका कारण सीमावर्ती जोगवनी नाकाबाट ई–रिक्सामार्फत उनीहरू नेपाल आएका थिए । नोबेल मेडिकल कलेजले काउन्सिलको निरीक्षण टोली आउनु एक दिनअघि स्टर्न स्टार होटलका १३ कोठा बूक गरेको थियो । हामीले उनीहरूका गतिविधिको निगरानी गरेका थियौं । उनीहरू होटलको रिसेप्सनमा गएर नोबेलले बूक गरेको कोठाका बारेमा जानकारी लिए । त्यसपछि पहिलो तलामा रहेको १०६ नम्बर कोठामा प्रवेश गरे ।



अमिन्द्र मल्ल
Dr. Amindra Malla
MBBS
Senior Medical Officer
N.M.C. No. 6080

मल्ल मेडिकल

Name: Rabin Budhathoki    Age/Sex: 16/ M

NEPAL MEDICAL COUNCIL

Name of Doctors Registered under Nepal Medical Council Act, 2020 Upto

| NMC Number | Name & Permanent Address | Sex | Degree | Country |
|---|---|---|---|---|
| 6080 | Dr. Sandeep Mehar Shrestha , Banke | M | MBBS | Nepal |
| 6081 | Dr. Dipak Kumar Kushwaha , Vishwa , Parsa | M | MBBS | Nepal |
| 6082 | Dr. Jagat Narayan Prasad , Bhawanipur , Parsa | M | MBBS | Nepal |

**दुई जना डाक्टरको एउटै लाइसेन्स नम्बर ।**

भदौ २ गते नोबेल मेडिकल कलेजको निरीक्षणका लागि मेडिकल काउन्सिल टोली विराटनगर जाने तयारी थियो । काठमाडौंबाट करीब ११ बजे काउन्सिलका तीन जनाको निरीक्षण टोली विराटनगर पुगेको थियो । भारतबाट आएका खडेबाबाहरूको समूहले दिउँसो साढे दुई बजे होटल छोड्यो । उनीहरूलाई को १ च ४०७१ नम्बरको ग्रामीण महिला जागरण केन्द्रको एम्बुलेन्समा हालेर नोबेल पुऱ्याइयो । नोबेलका लागि आएका फ्याकल्टीहरूको अर्को समूहलाई महेन्द्र चोकस्थित होटल रत्नामा पनि राखिएको थियो । रत्ना होटलका दुइटा कोठामा ३ गते बिहान एउटा समूह आएर त्यसै दिन फर्कियो । यस बाहेक अन्य केहीलाई कलेजकै गेष्ट हाउसमा राखिएको थियो ।

यो समूहलाई प्रत्येक वर्ष यसरी नै ल्याउने गरिएको भारतीय सीमा वारपार गर्दै आएका सवारी चालकले बताए । यसबाट नोबेल मेडिकल कलेजले काउन्सिल पदाधिकारीकै मिलेमतोमा निरीक्षण हुनु एक दिनअघि होटल स्टर्न स्टारमा भारतीय खडेबाबाका लागि कोठा बूक गरेको पुष्टि हुन्छ । काउन्सिलका तर्फबाट तीन जनाको समूह नोबेल मेडिकल कलेजको निरीक्षणका लागि विराटनगर पुगेको थियो । ती मध्येका एक जना डा. राजेन्द्र कार्कीको नाम कलेज

सञ्चालकले एक दिनअघि नै थाहा पाएका थिए । उनी काठमाडौं विश्वविद्यालयका फरेन्सिक मेडिसिनका डाक्टर हुन् ।

## सीट निर्धारण

मेडिकल काउन्सिलले गर्ने अर्को महत्वपूर्ण काम सीट निर्धारण हो । हालसम्म काउन्सिलले गरेको सीट निर्धारणका आधारमा निजी मेडिकल कलेजहरूले वर्षमा ११ अर्बभन्दा माथिको कारोबार गर्छन् । सीट निर्धारणपछि अर्बमा कारोबार हुने भएकाले सबैको ध्यान यसमै हुन्छ । निजी मेडिकल कलेजको सीट बढाउन र काउन्सिलले एमबीबीएस कार्यक्रमका लागि तय गरेको सञ्चालन मापदण्ड घटाउन निजी मेडिकल कलेज सञ्चालकले ठूलो रकम लगानी गरेको फेला परेको छ । जस्तो कि १३ भदौ २०७० मा मेडिकल काउन्सिलले प्रति विद्यार्थी ७ बेडको अस्पताल हुनुपर्नेमा त्यसलाई परिमार्जन गरेर ५.५ बनाइयो ।

यसमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकाय पनि मुछिएको छ । काउन्सिलका पदाधिकारीले अख्तियारसँग राय माग्ने र अख्तियारले पनि हतारहतार राय दिने गरेको भेटिएको छ । मूल कुरा अख्तियार आफ्नो मूल संवैधानिक दायित्व बाहिर गएर मेडिकल कलेजको सीट निर्धारणमा रूचि राखेर बसेको छ । उसले काउन्सिललाई पटक-पटक पत्र पठाएर 'सीट निर्धारण र कलेजको निरीक्षणका लागि आफू सहमत भएको' जनाउँदै निर्देशन दिने गरेको छ ।

यसमध्येका दुई वटा पत्र हामीले फेला पारेका छौं । ३० साउन २०७१ मा अख्तियारले मेडिकल काउन्सिललाई लेखेको एक पत्रमा 'प्रस्तावित विराट मेडिकल कलेज र देवदह कलेजलाई सञ्चालनको परीक्षण मान्यता प्रदान गर्ने/नगर्ने सम्बन्धमा नेपाल मेडिकल काउन्सिलको पूर्ण कार्यकारिणी समिति तथा आवश्यक विशेषज्ञहरू संलग्न गराई निरीक्षण गराउने सहमति प्रदान गर्ने' भनिएको छ । अख्तियारले पत्रमा उल्लेख गरेको विराट मेडिकल कलेजका सञ्चालक अख्तियार प्रमुख लोकमानसिंह कार्कीका आफ्नै भाइ हुन् । त्यस बाहेकका अर्को पत्र १६ मंसीर २०७० मा अख्तियारले काउन्सिललाई पठाएको छ । पत्रमा २०७० का लागि २०६९ सालकै सीट संख्या कायम राख्न भनिएको छ । यस पत्रका आधारमा कमजोर भौतिक पूर्वाधार र शिक्षक भएका कलेजले पनि राम्रो सीट संख्या पाएका छन् । यसमा कतिसम्म गरियो भने काउन्सिलको बैठकले पास गरेपछि मात्रै सीट संख्या निर्धारण हुनेमा सोही दिन काउन्सिलका रजिष्ट्रारले सीट संख्या निर्धारण गरिएको अख्तियारको पत्र शिक्षा मन्त्रालय पठाएका थिए । त्यसको दुई दिनपछि मात्रै काउन्सिलको पूर्ण बैठकको एजेण्डा बनाइएको थियो ।

२०७१ सालका लागि पनि एमबीबीएस कार्यक्रम सञ्चालन गर्न १८ मेडिकल कलेजको सीट निर्धारण अख्तियारमार्फत नै भएको थियो । अख्तियारले आदेश दिने र विधि मिलाउन काउन्सिलले माइन्यूट गर्ने गरेको भेटिएको छ । २७ भदौ २०७१ मा मेडिकल काउन्सिलको

बैठकले १८ मेडिकल कलेजहरूको सीट निर्धारण भएको माइन्यूट गरिएको थियो । तर काउन्सिल सदस्यहरूका अनुसार सो दिनको माइन्यूटमा सीट निर्धारण सम्बन्धी विषय नै थिएन । काउन्सिलका तत्कालीन सदस्य ज्योति बानियाँ भन्छन्, "मैले काउन्सिलले निर्देशित भई निर्णय गर्नुहुन्न, निर्णयको आधार कारण हुनुपर्छ भनें । जस्तो कि किष्ट मेडिकल कलेज लगायतलाई आधार कारण विनै सीट संख्या बढाएको र अरू धेरैलाई शून्य गर्नुको स्पष्ट मापदण्ड थिएन ।" बानियाँका भनाइमा, "काउन्सिलमा केवल निर्णयको दुई पाना मात्रै हुने अरू सबै कागजात अख्तियारका प्रमुख आयुक्तको सचिवालयमा हुँदा रहेछन् । यो देखेपछि कानूनको विद्यार्थीको नाताले मलाई चित्त बुझेन । मैले फरक मत राखें । यसको प्रतिशोध साध्न अख्तियारले मलाई पनि मुद्दा चलायो ।"

अख्तियारको निर्देशनका आधारमा सोही बैठकको निर्णय अनुसार भनेर काउन्सिलले जानकी मेडिकल कलेजलाई शून्य, नेशनल मेडिकल कलेज वीरगञ्जका लागि एमबीबीएसमा १२५, युनिभर्सल कलेज अफ मेडिकल साइसेन्सका लागि एमबीबीएसमा १३५ र बीडीएसमा ६५, पिपुल्स डेन्टल कलेजका लागि बीडीएसमा ६०, किष्ट मेडिकल कलेजका लागि एमबीबीएसमा १३५ र बीडीएसमा ४० सीट निर्धारण गर्‍यो । त्यसैगरी केडियाका लागि बीडीएसमा ३५, गण्डकी मेडिकल कलेजका लागि एमबीबीएसमा ७५, चितवन मेडिकल कलेजका लागि एमबीबीएसमा १४० र बीडीएसमा ५०, नेपाली सेना स्वास्थ्य विज्ञान प्रतिष्ठानको एमबीबीएसका लागि १५०, काठमाडौं विश्वविद्यालय स्कूल अफ मेडिकल साइन्सका लागि एमबीबीएसमा ७५ र बीडीएसमा ४० सीट निर्धारण गरियो । त्यस्तै काठमाडौं मेडिकल कलेजका लागि एमबीबीएसमा १५० र बीडीएसमा ५०, कलेज अफ मेडिकल साइन्सका लागि एमबीबीएसमा १५० र बीडीएसमा ५०, नोबेल मेडिकल कलेजका लागि एमबीबीएसमा १५० र बीडीएसमा ५०, लुम्बिनी मेडिकल कलेजका लागि एमबीबीएसमा १००, नेपालगञ्ज मेडिकल कलेजका लागि एमबीबीएसमा १५०, मणिपाल कलेजका लागि एमबीबीएसमा १५०, कान्तिपुर डेन्टलका लागि बीडीएसमा ५०, नेपाल मेडिकल कलेजका लागि एमबीबीएसमा १५० र बीडीएसमा ५० सीट निर्धारण गरेको देखिन्छ ।

यी १८ मेडिकल कलेजमा एमबीबीएस र बीडीएस कार्यक्रमका लागि निर्धारण भएको सीट संख्याका आधारमा प्रति विद्यार्थी औसतमा एमबीबीएसमा ४० लाख र बीडीएसमा १५ लाख रूपैयाँ हिसाब गर्दा यो रकम करीब रू.८ अर्ब हुन आउँछ ।

स्वास्थ्य मन्त्रालयले १ असोज २०७१ मा गरेको छानबीनले पनि मेडिकल काउन्सिलभित्रको गम्भीर लापर्वाही सार्वजनिक गरेको थियो । काउन्सिलको माइन्यूटमा नै सीट निर्धारणको विषय उल्लेख नभएको भनेर मन्त्रालयको अनुसन्धानले काउन्सिल अध्यक्ष डा. दामोदर गजुरेल, रजिष्ट्रार डा. नीलमणि उपाध्याय र उपाध्यक्ष डा. एई अन्सारीले ऐननियम विपरीत काम गर्ने गरेको भन्दै उनीहरूलाई तत्काल पदमुक्त गर्ने भनेको थियो । तर गजुरेल बाहेक उपाध्याय र अन्सारी पदमुक्त भएनन् ।

स्वास्थ्य मन्त्रालयको त्यस बेलाको अनुसन्धानले नै काउन्सिलका तर्फबाट अध्यक्ष गजुरेलले मेडिकल कलेजको सीट संख्या निर्धारण गर्दा पैसा उठाएको भेटेको थियो । त्यसको एउटा

प्रमाण कमजोर पूर्वाधार र फ्याकल्टी भएको किष्ट मेडिकल कलेजको सीट संख्या ७५ बाट १३५ पुऱ्याइएको थियो । किष्टका सञ्चालक बालमानसिंह कार्की अख्तियारका प्रमुख आयुक्त लोकमानसिंह कार्कीका भाइ हुन् । २७ भदौको काउन्सिलको पूर्ण बैठकपछि अध्यक्ष डा. दामोदर गजुरेल र उपाध्यक्ष डा. नीलमणि उपाध्यायले किष्टका सञ्चालक बालमानसिंह कार्कीसँग चीन भ्रमण गरेका थिए । उनीहरूलाई चीनका लागि नेपाली राजदूत डा. महेश मास्केले सहयोग गरेको हामीले फेला पारेका छौं ।

मेडिकल कलेज सञ्चालकहरूले काउन्सिलले बनाएको मापदण्ड परिमार्जन गर्न ठूलो धनराशी लगानी गर्ने गरेको रहस्य खुलेको छ । निजी कलेजका एक जना प्रशासकले मापदण्ड परिमार्जन गर्ने क्रममा स्वास्थ्य मन्त्रालयका तत्कालीन सचिव डा. प्रवीण मिश्र, काउन्सिलका तत्कालीन अध्यक्ष डा. दामोदर गजुरेललाई घूस खुवाएको बताएका छन् ।

## विद्यार्थी छनोट र भर्ना

मेडिकल शिक्षामा अनियमितता हुने तेस्रो ठाउँ हो विद्यार्थी छनोट र भर्ना प्रक्रिया । कलेजको सम्बन्धन, निरीक्षण र सीट निर्धारणमा चलखेल गर्न सफल भएका मेडिकल कलेज सञ्चालकले विद्यार्थी छनोट र भर्ना प्रक्रियामा समेत चलखेल गर्ने गरेको प्रमाण भेटिएको छ । विज्ञान विषय लिई प्रमाणपत्र तह अध्ययन पूरा गरेका विद्यार्थीले एबीबीएस अध्ययन गर्न नियमतः प्रवेश परीक्षा पास हुनुपर्छ ।

चिकित्सा शिक्षाको सुधारका लागि गठन भएका आयोग तथा समितिहरूले पनि प्रवेश परीक्षामा पास भएका स्वदेशी तथा विदेशी विद्यार्थीलाई एमबीबीएसमा भर्ना गर्न सुझाव दिएका छन् । तर निजी मेडिकल कलेजले नियम विपरीत ठूलो संख्यामा भारतीय विद्यार्थीलाई प्रवेश परीक्षा विनै भर्ना गर्ने गरेको पाइएको छ । केडिया डेन्टल कलेज वीरगञ्ज, कान्तिपुर डेन्टल कलेज काठमाडौं र युनिभर्सल मेडिकल कलेज भैरहवामा प्रवेश परीक्षा विना अध्ययन गरेका भारतीय विद्यार्थीको समूह नै छ ।

कतिपय कलेजले नेपाली विद्यार्थीलाई भारतीय बनाएर चोर बाटोबाट भर्ना गरेको पाइएको छ । चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम), त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, परीक्षा नियन्त्रण कार्यालयका कर्मचारीको मिलेमतोमा केडिया डेन्टल कलेजले नेपाली विद्यार्थीलाई भारतीय बनाएर भर्ना गरेको थियो । ती विद्यार्थीलाई लाइसेन्स दिने समयमा नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रारको समेत मिलेमतो हुने गरेको छ । काउन्सिल सदस्य डा. सतिशकुमार देवका अनुसार, 'केडिया डेन्टल कलेज वीरगञ्जले ठूलो संख्यामा भारतीय विद्यार्थीलाई प्रवेश परीक्षा विनै भर्ना लिएको र त्यसमा नेपाली विद्यार्थीलाई समेत घुसाएको' भेटिएको छ । काउन्सिल सदस्य देव भन्छन्, "म आफैंले कान्तिपुर र केडिया डेन्टल कलेजको प्रवेश परीक्षामा पास भएका विद्यार्थीको लिष्ट काउन्सिलमा दर्ता भएका चिकित्सकहरूको सूचीसँग जुधाएर हेर्दा ठूलो संख्यामा नेपाली विद्यार्थी भारतीय बनेर भर्ना भएको देखियो ।"

**केडिया डेन्टल कलेजमा २०६३-६४ को पहिलो ब्याचमा भारतीय बनेर भर्ना भएका नेपाली विद्यार्थी ।**
अजयकुमार आस्था, प्रेक्षा शाह, राजेन्द्र भट्ट, रोशनकुमार शाह, कविता सिंह, प्रतिमाकुमारी यादव, प्रेरणा सिंह ।

**२०६४-६५ को दोस्रो ब्याचका भारतीय बनेर भर्ना भएका नेपाली विद्यार्थी**
विनिता सिंह, दीपककुमार शर्मा, धनञ्जय माली, पुष्कर तिवारी, राजकृष्ण श्रेष्ठ, रजनिश खड्का, सरिता पाण्डे, शशिकान्त चौधरी, सीताराम सिंह कुशवाह, गजेन्द्र कुशवाह, रञ्जुकुमार शाह र प्रशान्त कुमार ।

*(स्रोत : नेपाल डेन्टल एसोसिएसनमा परेको उजुरी)*

त्यसरी भारतीय बनेर प्रवेश परीक्षामार्फत भर्ना भएका नेपाली विद्यार्थीसँग कलेजले भारतीय विद्यार्थी भर्ना गर्दा लाग्ने रकम असुल्ने गरेको छ । चोर बाटोबाट केडिया कलेजले भर्ना गरेका १९ विद्यार्थीमध्ये १४ जनाले नेपाल मेडिकल काउन्सिलबाट चिकित्सकीय अभ्यास गर्न आवश्यक पर्ने लाइसेन्स समेत लिइसकेका छन् । काउन्सिलमा लाइसेन्स दिने अधिकार पाएका रजिष्ट्रार डा. नीलमणि उपाध्यायको यसमा संलग्नता छ ।

चिकित्साशास्त्र अध्ययन संस्थान र विश्वविद्यालयले प्रवेश परीक्षाका लागि सूचना प्रकाशित गरेपछि मेडिकल कलेज सञ्चालकहरू त्यस विरूद्ध अदालत जाने गरेका छन् । अचम्मलाग्दो पक्ष के छ भने अहिलेसम्म सबैजसो निवेदनमा उनीहरूले 'स्टे अर्डर' पाउने गरेका छन् । कलेज सञ्चालकहरू वकील, न्यायाधीश, सर्वोच्च अदालतका रजिष्ट्रार र प्रधानन्यायाधीश समेतलाई मिलाएर मुद्दा जितेको खुलेआम बताउँछन् ।

प्रवेश परीक्षा र भर्नामा मनोमानी गरिरहेका मेडिकल कलेजहरूले अन्तिम र महत्वपूर्ण मानिने एमबीबीएस परीक्षामा समेत अनियमितता गर्दा रहेछन् । कलेज सञ्चालकले विद्यार्थीबाट मोटो रकम लिएर जाँचमा पास गराउने ग्यारेन्टी समेत लिने गरेको भेटिएको छ । जाँच हुने सेन्टर र कापी जाँच्ने व्यक्ति सबैसँग सेटिङ मिलाएर विद्यार्थी पास गर्ने गरिएको युनिभर्सल मेडिकल कलेजका प्रशासन अधिकृत ध्रुव पौडेलले खुलासा गरेका छन् । उनले हामीसँग भने, 'जस्तोसुकै कमजोर विद्यार्थीलाई पनि पास गराउने जिम्मा मेरो भयो ।'

समग्रमा यी विवरणहरूले के प्रस्तुत गर्छन् भने नेपालको मेडिकल शिक्षामा प्रभावकारी सुधारका लागि अब पनि हस्तक्षेप नगर्ने हो भने यसले ज्यानमारा डाक्टर बाहेक केही उत्पादन गर्ने छैन ।

साथमा **कमल रिमाल,** विराटनगर

# 'मैले आफैं पनि पैसा लगेर बुझाएको छु'



■ ध्रुव पौडेल
प्रशासन प्रमुख युनिभर्सल मेडिकल कलेज, भैरहवा

"हरिश न्यौपाने (चितवन मेडिकल कलेजका अध्यक्ष) ले एमबीबीएसमा सीट संख्या बढाउन मेडिकल काउन्सिलको एउटै मान्छेलाई पटक-पटक गरेर लगभग रू.६० करोड खर्च गरेका छन् ।

हामी प्रवेश परीक्षाभन्दा अघि नै 'स्टे' ल्याउँछौं । (अदालतमा) पेशी भदौ १९ गते छ । यदि त्यसअघि नै जाँच हुनेभयो भने हामी पेशी एकहप्तापछि धकेल्छौं । त्यही भएर हामीले 'इन्ट्रान्स' भएपछि मात्रै 'फुल स्टे' लिन्छौं । बेन्च पनि मिलाउन सकिन्छ । हाम्रो केस पुनरावेदन अदालत पाटनमा हो । पाटनमा न्यायाधीश लाइनमै छन् । केस मिलाउन बसुरूद्दीन अन्सारी (नेशनल मेडिकल कलेजका सञ्चालक) ले पनि पैसा दिन्छन् । दुई घण्टाभित्र क्यास चाहियो भने पनि उनले दिन्छन् ।

नोबेलको सञ्चालक सुनिलले मलाई 'तिमीहरूकहाँ ७० प्रतिशत विद्यार्थी फेल हुन्छन् । ती सबै विद्यार्थी मलाई ल्याइदेऊ' भनिसके । पोहोर साल वीरगञ्जले हामीलाई पनि दिएको थियो ।

काउन्सिल टोली निरीक्षणबाट फर्केको १५ घण्टा भित्र कलेज सम्बन्धी कुनै पनि कागजात काउन्सिलमा मिलाएर पठाउन सकिने रहेछ ।

पीजी (पोस्ट ग्र्याजुएट) मा बढी शुल्क लियो भनेर हाम्रो विरूद्ध पत्रिकाले लेखेकै हो । त्यो बेला झन् प्याक भयो, रेडियोलोजी विषयको । त्यो बेलामा इन्डियन (विद्यार्थी) को सीट एक करोडमा गएको हो । नेपालीले ८० (लाख) तिरे । यसपालि पनि पीजीमा प्याक भइसक्यो । सीट विनै यसपालि भर्ना पाइयो । अर्को वर्ष के हुन्छ, थाहा छैन । यसपालि मेडिसिन ६८ (लाख) मा गयो । रेडियोलोजी चाहिं ८४ (लाख) मा गयो । नेपाली नै ८४ लाखमा गए ।

काउन्सिलले तोकेको एमबीबीएसको मापदण्ड अझै घटाउन अहिले पनि लागिरहेका छन् । पूर्वाधार घटाउन अहिले पनि लगेर बुझाइरहेका छन् । मैले आफैं पनि पैसा लगेर बुझाएको छु । कलेज हेरेर पैसा भन्ने कुरा थियो । पछि त्यो गर्न नसकेर १५-१५

लाख रूपैयाँ उठाएका हुन् । बरू पछि नपुगे कुरा गर्ने कुरा भयो । पोखराको (गण्डकी मेडिकल कलेज) सँग पैसा नभएर म आफैंले हालेको छु । काठमाडौंको केएमसीले दिएन । एनएमसीले चाहिं दियो ।

स्वास्थ्य मन्त्रालयमा सचिव डा. प्रवीण मिश्रका नाममा तीन (लाख) पुऱ्याएकै हो । काउन्सिलमा गजुरेललाई भाग लगाउनै पऱ्यो । गजुरेलका नाममा पार्टीमा धेरै पैसा गएको छ । चन्द्र भन्ने रहेछ, त्यो लिन आउँथ्यो । भोलिपल्ट बिहानै पैसा लाजिम्पाट पुग्दोरहेछ ।

प्रवीणले हामीलाई भैरहवा कलेजको केसमा धेरै सपोर्ट गरेका हुन् । यतिसम्म कि भैरहवाले पैसा नतिर्दाखेरि कलेजका लागि पैसा समेत हालेका छन् । मन्त्रालय छाडेर जानुभन्दा अघिसम्म उनले सहयोग गरे । प्रवीण मिश्रसँग डाइरेक्ट कुरा गर्ने खुमा सर हो । त्यसमा डेन्टलको पनि घुसाउने कुरा भएको थियो । पछि प्रवीणले मानेनन् । लास्टाँ गएर यसो नगरम् भने ।

पोहोर साल किस्टको १३५ सीट बनाउँदा डेढ करोड खुवाइएको थियो । त्यसबेला काउन्सिल अध्यक्ष डा. गजुरेलले हातमा रू.२ करोड पारे । भोलिपल्ट बिहान नहुँदै पैसा लाजिम्पाट पुग्यो । बेलुका हामीसँग, बिहान उता ।

श्रीवास्तव (चिकित्साशास्त्र अध्ययन संस्थानका तत्कालीन डीन) ले डिसिजन नदिए पनि भित्र काम चाहिं गर्थे । डिसिजन अरूलाई गर्न लगाउने ।

पोहोर साल मेडिकल कलेजको सीट निर्धारण हुँदा गजुरेलले पहिल्यै यसपालि चाहिं तपाईंको सीट घट्यो है भनेर भने । पोहोर साल निरीक्षणमा गएका टोली सदस्य विमलकुमार सिन्हालाई नोबेल सञ्चालक सुनिल शर्माले 'यदि तैंले सीट घटाइस् भने तँ रहँदैनस् र तेरो परिवार पनि रहँदैन, ल सीट घटाएर देखा' भनेका थिए । त्यसो भनेपछि के घट्थ्यो सीट !

भर्खरै त्रिभुवन विश्वविद्यालयका डीनको पीएले फोन गरेको (हामीले वार्ता गरिरहेको बेला फोन आएको थियो) हो । त्रिविअन्तर्गतका मेडिकल कलेजमा अनुगमन शुरू भयो भनेर भन्यो । निरीक्षणमा आउने टोलीलाई अलिअलि खाममा हाल्नै पऱ्यो । काउन्सिलमा पदाधिकारीको गोजीमा नराखी केही काम हुँदैन ।

हाम्रो कलेजको सीट घटाउने सम्बन्धी विषय पुनरावेदन अदालतमा थियो । अदालतले खारेज गरिदियो । गोपाल पराजुली र ओमप्रकाश मिश्रको बेञ्चमा केस परेको थियो । अदालतमा केस मिलाउने काम कालुमार्फत हुन्छ । हामीले खुमा सरमार्फत कालुलाई सम्पर्क गरेका थियौं । कालु जग्गाको कारोबार गर्ने व्यक्ति हुन् ।

मेडिकल कलेजका विषयमा गोपाल पराजुलीको बेञ्चमा परेका कुनै पनि मुद्दा उनले

हराएनन् । अदालतमा सीधै माथिबाट जाने हो भने रजिष्टारबाटै मिलाउनु पर्दोरहेछ । केस भाग लगाउने काम सर्वोच्च अदालतमा मुख्य न्यायाधीश (प्रधानन्यायाधीश) बाट हुन्छ । कतिपय अवस्थामा केस मिलाउन गोपाललाई मात्र पैसा दिएर हुँदैन, रजिष्टारमार्फत नै केस मिलाउनुपर्ने हुन्छ । अहिलेका रजिष्टार पनि लाइनमै छन् । भनेका ठाउँमा मुद्दा हाल्न (पार्न) सक्छन् । रजिष्टारले नै पेलपाल गरेर अघि बढेपछि बिचरा कसको के लाग्थ्यो र !

काउन्सिलमा शशि शर्मा (पूर्व अध्यक्ष) ले भाग पनि लाउँथे । उनी त्यहाँ हुँदाखेरि यसलाई यति दिने, यसलाई यति दिने भन्थे । उनले आफ्‌ना नाममा १० लाख माग्थे । काउन्सिलमा अनिल झा, मनोहर प्रधान, अन्सारी (एई) र अरूले पनि लिन्थे ।

आईओएममा रतेन्द्र (तत्कालीन सहायक डीन, चिकित्साशास्त्र अध्ययन संस्थान) हुँदा किस्टलाई सकारात्मक भएको लेटर दिएका छन् ।

मेडिकल काउन्सिलमा रजिष्टारको भोटिङ राइट नभए पनि भ्यालु छ । अहिले सबै बिगारेको रजिष्टारले नै हो । अख्तियारमा निवेदन हाल्ने उनै हुन् । म शतप्रतिशत भन्छु आफ्‌ना साथीलाई मुद्दा उनैले हालेको हो । साथीलाई मुद्दा हालेर अहिले उनी पावरमा छन् । काउन्सिलमा अब उनले कसैलाई पनि बाँकी राख्नेवाला छैनन् । हाम्रा एउटा पनि फ्याकल्टीको रजिष्ट्रेसन नीलमणिले गर्दैका छैनन् । भी नटराज (कलेज अफ मेडिकल साइन्सेज, भरतपुर चितवनको अध्यक्ष) ले भनेको मान्छ उसले । त्यही भएर नटराजले ढोग्छ उसलाई । अहिले नीलमणिलाई भैरहवा (युनिभर्सल) र पोखरा (गण्डकी) डुबाउनु नै छ । पहिला त रिलेसन राम्रो थियो, पछि पैसा धेरै माग्यो । माओवादी भनेर उसले मलाई शुरूमा ८० लाख (रूपैयाँ) माग्यो ।

विद्यार्थीको जाँचमा मिलाउन यहाँबाट मान्छे लैजानुपर्छ । जाँचमा सबै मिलाउन सकिन्छ । चार वटा विषयमा पास गराए त भइहाल्यो नि ! कापी पनि भनेकै मान्छेकोमा पर्छ । मनाउने नै एक्जाम सेन्टरलाई हो । पैसा त तेलाई पो चाहिन्छ । पैसा मैले राखे त कामै हुँदैन ।

काउन्सिलमा गजुरेललाई घुमाई घुमाई निकाले नि त । ऐन नियमलाई पनि बलिको बोको बनाए । सचिव थ्रू बालमान र उसको दाइ कार्कीले सीट बढाउन लगाए । हेर्नुहोस् त कहाँबाट खेल खेलेर स्वाहा बनाइदिए । बिचरा गजुरेलको करिअर गयो नि ! तर यो उसैले गर्दा भएको हो । फ्याकल्टी बोर्डको बैठकमा उसले कसैलाई पनि बोल्न दिंदैनथ्यो । फ्याकल्टी बोर्डमा हाम्रो कलेजबाट पनि त छन् नि ! जति बोले नि बोल्थे गजुरेल । माथिबाट यस्तो लिस्ट आएको छ, यति सीट दिनु भनेर भन्थे ।

(सर्वोच्च) अदालतमा कल्याण आएपछि अहिलेसम्म गइएको छैन । वकीलले खासै अप्ठ्यारो छैन भन्थे । तैपनि हाम्रो मुद्दा सरेको सऱ्यै छ । सबै वकीलले मिलाइहाल्छन् । गोपालले मिलाइहाल्छन् । चोलेन्द्र त झन् माइडियर मान्छे हुन् । काम एक जनासँग गर्दा

हुन्छ । अदालतले भन्दिएपछि सरकारले केही गर्नै सक्दैन । त्यो फाइनल हुन्छ । अरूले पनि त्यो मान्नु परिहाल्यो । हाम्रो एउटा केस मिलाउने बेलामा प्रधानन्यायाधीश दाह्नीवाला थिए । त्यतिखेर हामीले दुई करोड दिएको हो । दाह्नी आफैंले लिएका हुन् ।

कालुमार्फत अदालतमा कुरा मिलाउने हो । जयनारायणको नाम तपाईंले पनि सुन्नुभएको होला । जयनारायण पौडेल हो, उसको नाम । ऊ पोखराको हो । मान्छे चाहिं ठीक छ । पैसाको मामलामा त चर्कै हो । प्रवेश परीक्षाको केसमा हामी कलेजवालाले पुनरावेदन अदालत पाटनमा ८० लाख रूपैयाँ खर्च गरेका थियौं । यदि तपाईंले पनि केस मिलाउने हो भने, जयनारायणमार्फत जानुपर्छ । उसले काम भएपछि मात्र पैसा लिन्छ ।

अहिले काउन्सिलमा सबै कुरा बिगार्ने मान्छे रजिष्टार नै हुन् । अख्तियारमार्फत लागेर सबै कुरा बिगार्ने उनै हुन् । देवदह मामलामा काउन्सिलका आफ्नै साथीहरूलाई मुद्दा हाल्ने काममा अख्तियारमार्फत लागे । सदस्यहरूलाई मुद्दा हालेर अहिले रजिष्टार काउन्सिलको पावरमा छन् । यिनले कसैलाई पनि बाँकी राख्नेवाला छैनन् । अहिले यिनी हाम्रो कलेज विरूद्ध खनिएका छन् । उनको निकटता नटराजसँग छ । हामीले तिनीसँग सम्बन्ध नबनाएको पनि हैन । पहिला हामीसँग राम्रै सम्बन्ध थियो । तर बीचमा आएर धेरै पैसा मागे । उनले हाम्रो कलेजसँग ८० लाख (रूपैयाँ) मागेका थिए । ८० माग्दा हामीले दिएनौं, त्यसपछि उनी हामी विरूद्ध लागे ।

अहिले किस्ट मेडिकल कलेज बेच्नु पर्‍यो भनिरहेका छन् । ५२ करोड हालेको हो रे ! आठ करोड त मेरो (बालमानसिंह कार्कीको) ब्याज पनि छ । ल ६० (करोड) मा भन्देऊ त भाइ भन्दैथियो मलाई ।

हामीले भारतबाट फ्याकल्टीलाई दुई–दुई महीनामा क्लास लिन बोलाउने गरेका छौं । हाम्रो हरेक विभागमा एक जना प्रोफेसर अरू सबै लेक्चरर राख्ने गरेका छौं । सबै फ्याकल्टी पुर्‍याउनुपर्छ भन्ने छैन ।"

*(युनिभर्सल मेडिकल कलेज, भैरहवाका प्रशासन प्रमुख ध्रुव पौडेलसँग गरिएको कुराकानीको अडियो रेकर्ड । हामीले पौडेललाई नेपालका मेडिकल कलेजहरूमा कसरी कमजोर विद्यार्थीलाई पनि पैसा तिरेर एमबीबीएस पास गराउन सकिन्छ ? एमबीबीएस कार्यक्रमका लागि काउन्सिलले तोकेको मापदण्ड खुकुलो पार्न हिजो कसलाई कसरी प्रभावित गरिएको थियो ? प्रवेश परीक्षा सम्बन्धी विवाद अदालत पुग्दा मुद्दा कसरी जितियो भनेर सोधेका थियौं । यस बाहेक मेडिकल सञ्चालकहरू स्वास्थ्य मन्त्रालय, विश्वविद्यालय, मेडिकल काउन्सिल, चिकित्साशास्त्र अध्ययन संस्थान, अख्तियार र अदालतमा कसरी 'काम' गर्छन् भनेर जान्न खोजेका थियौं । कोष्ठमा थप विवरण उल्लेख गरेर हामीले पाठकलाई बुझ्न सजिलो मात्रै बनाएका हौं, बाँकी सबै कुरा उनकै शब्दमा उल्लेख गरिएका हुन् । कुराकानीको अडियो रेकर्ड http://www.cijnepal.org.np/ मा सुन्न सक्नुहुन्छ ।)*

*(१४ भदौ २०७२, www.cijnepal.org.np)*




# २७.

## महाभूकम्प २०७२: यसरी बने ज्यानमारा घर

काठमाडौं महानगरपालिका, गोकर्णेश्वर, बूढानीलकण्ठ र टोखा नगरपालिका कार्यालयका कागजात केलाउँदा हामीले थाहा पायौं नगरपालिका, इन्जिनियर, घरधनी र ठेकेदार समेतको मिलेमतोमा बन्दा रहेछन् राजधानीका ज्यानमारा घरहरू। कसरी हुन्छ यस्तो मिलेमतो ?

● रामेश्वर बोहरा

१. काठमाडौं महानगरपालिका (कामनपा)-६, कपन, मिलनचोकको एउटा पाँचतले घरमा खुशीको माहोल थियो, १२ वैशाख २०७२ का दिन । राम्रो मूल्य पाएर घर बिक्री गरेका भोजपुरका चन्द्रबहादुर श्रेष्ठले घर छाड्नुअघि आफन्त बोलाएर भोज गरेका थिए । तर, घडीले मध्याह्नको ११:५६ बजाउँदा घर गल्र्यामगुर्लुम ढल्यो र श्रेष्ठ दम्पतीसहित सात जना त्यहीं पुरिए । बाँकी आफन्तलाई प्रहरीले उद्धार गऱ्यो ।

श्रेष्ठले १९ दिन अघि मात्र हेटौंडाका विष्णुप्रसाद र देवकी खतिवडा दम्पतीलाई रू.२ करोड २५ लाखमा त्यो घर बेचेका थिए । करीब तीन आना जग्गामा बनेको २५ कोठे घर खतिवडा दम्पतीका नाममा नामसारी भए पनि तीन महीनासम्म श्रेष्ठ नै बस्ने शर्त थियो । रङरोगन नगरिएको घर भर्खर बनेको नयाँ झैं देखिन्थ्यो । छोराछोरी पढाउन र व्यापार-व्यवसाय गर्न पनि सजिलो हुन्छ भनेर यो घर किनेको खतिवडाले बताए । "घर पाँचतले भए पनि नक्शामा अढाइतला मात्रै छ भन्ने थाहा भए पनि वास्ता गरिएन, अहिले यो हालत भयो" विष्णुले स्वीकारे, "कमजोर भएकैले मेरो घर ढल्यो, सम्पत्ति गए पनि ज्यान जोगियो ।"

बेच्ने श्रेष्ठ दम्पतीका लागि यो घर चिहान बन्यो भने किन्ने खतिवडा दम्पतीको जीवनभरको कमाइ स्वाहा भयो । कसरी तयार भएछ त यो घर ? हामीले दस्तावेज खोतल्यौं । काठमाडौं महानगरपालिकाले ७ माघ २०६४ मा मीनामाया बुढाथोकीका नाममा अढाइतले घर बनाउन नक्शापास गरेको रहेछ, तर बन्यो पाँचतले । मीनामायाका भारतीय पति अब्बास हुसैनले बिक्री गर्ने उद्देश्यले बनाएको यो घर १९ पुस २०६६ मा श्रेष्ठलाई बेचे पनि । यो खरीद-बिक्री प्रक्रियामा पाँचतले घरलाई अढाइतले भन्दै झूटा अभिलेख तयार गर्नमा कामनपाका आधा दर्जन कर्मचारीको प्रत्यक्ष संलग्नता देखिन्छ ।

टोलमा औषधि पसल चलाएका श्रेष्ठ स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य प्राविधिक (अधिकृत) थिए । छरछिमेकमाझ 'डाक्टर' भनेर चिनिने श्रेष्ठकी पत्नी विजया चाबहिलको हेल्पिङ ह्याण्ड अस्पतालमा सिनियर नर्स थिइन् । घर बनाउने र बेच्ने व्यवसायका हुसैन-बुढाथोकी दम्पतीको अपराधको शिकार श्रेष्ठ दम्पती भए ।

२. एउटा घरका कारण कामनपा-६ को एउटा सिंगो टोल 'साततले' नामले चिनियो । चाबहिलस्थित गोपीकृष्ण हल नजिकैको खहरेसँग जोडिएको बस्तीमा २०५४ सालमा यो साततलाको 'टावर' खडा भएको थियो । यसको भुईंतलामा मोटरसाइकल वर्कशप र हेयर शैलुन अनि छैटौं र सातौं तलामा शुककोथ प्रार्थना भवन (चर्च) बसेको थियो । बीचका चार तलामा सात परिवार भाडावाल थिए । १२ वैशाखको दिउँसो शनिबार परेकोले प्रार्थनाको लागि चर्चमा भीडभाड थियो । भूकम्पको पहिलो झट्कामै गल्र्यामगुर्लुम ढलेको यो 'टावर' को भग्नावशेषमा पुरिएर ३० जनाको मृत्यु भयो । ३४ जना घाइते र अरू जीवितलाई प्रहरीले उद्धार गऱ्यो । त्यसबेला साततलेमा ९० जनाजति थिए । एक घण्टापछि भएको भए खाना खाने बेलामा त्यहाँ २०० भन्दा धेरैको उपस्थिति हुने प्रहरीको अनुमान छ ।



तस्वीरहरू: विक्रम राई

**काठमाडौं महानगरपालिका-६, कपन, मिलनचोकस्थित चन्द्रबहादुर श्रेष्ठको पाँचतले घरको भग्नावशेष ।**

यो घरको प्राविधिक पाटो खोतल्न हामीले कामनपाको नक्शा शाखा र घरधनी नवीन राजभण्डारीसँग सम्पर्क गऱ्यौं । राजभण्डारीले ६ वर्षअघि काभ्रे डराउनेपोखरीका राधेश्याम श्रेष्ठबाट यो घर किनेका रहेछन् । श्रेष्ठले १० असार २०५४ मा कामनपाबाट पाँच तलाको नक्शापास गराएर साततलाको घर बनाएका रहेछन् । जग्गा ६ आना १ पैसा भए पनि डेढ आना (१.६१ आना) मा मात्र साततले 'टावर' ठड्याउनुको उद्देश्य पैसा कमाउनु रहेको सजिलै बुझिन्छ ।

धरानमा हार्डवेयर पसल चलाइरहेका अहिलेका घरधनी नवीन राजभण्डारी 'आफू र परिवारका सदस्य जोगिनुलाई नै सबथोक पाएसरह ठानेको' बताउँछन् । उनका आमाबुबा र दुई छोरा भूकम्प आउनुभन्दा एक घण्टा अघिसम्म त्यही घरमा थिए । भत्केर कंक्रिटको थुप्रो बनेको घर र त्यहाँ ३० जनाले ज्यान गुमाएको घटनाले उनीहरूलाई पोलिरहेको छ । "काठमाडौंमा घर भए छोराहरू पढाउन सजिलो होला भनेर किनेको थिएँ", ४ जेठमा आफ्नो घरको भग्नावशेषमा उभिएर राजभण्डारीले भने, "भाडा उठाएर पैसा कमाउँला भन्ने थिएन ।"

आफूले घर होइन धराप किन्न पुगेकोमा चिन्तित उनले त्यो सखाप भएको भन्दा पनि ३० जना मानिसको ज्यान लिन पैसा हालेछु भनेर पीडा भइरहेको बताए । यसमा कतिसम्म अपराध



**१६ एमएमको डण्डी राखेर ९x९ इञ्चको पिलरमा बनेको गोङ्गबुको ९ तले घरको भग्नावशेष देखाउँदै टोखा नगरपालिकाका प्राविधिक रत्नकुमार राई ।**

गरिएको छ भन्ने कामनपाले स्वीकृति दिएको नक्शा हेर्दा थाहा हुन्छ । कामनपाले १० असार २०५४ मा दिएको इजाजतपत्र अनुसार काठमाडौं इन्जिनियरिङ कन्सल्टेन्सीले तयार पारेको एकपाने नक्शामा घरधनी राधेश्याम श्रेष्ठ र ओम बस्नेतको नाम मात्रै बुझिन्छ । हामीले त्यो कथित 'नक्शा' देखाउँदा वरिष्ठ स्ट्रक्चरल इन्जिनियर डा. राजन सुवालले भने, "खोलाछेउको कमजोर माटोमा, पाँच फीट गहिरो जगको भरमा धेरै साँघुरो र अग्लो भवन बनाइयो, यसको इन्जिनियरिङमै गम्भीर त्रुटि थियो ।"

एउटा व्यावसायिक इन्जिनियरले कहिल्यै यस्तो डिजाइन प्रस्ताव नगर्ने उनले बताए ।

३. कथा काठमाडौंको गोङ्गबुस्थित नयाँ बसपार्क नजिकैको ९ तले घरको हो, जसको भुईंतलामा सुपरमार्केट, फेन्सी स्टोर, मोबाइल पसल अनि माथिका तलाहरूमा भुमेश्वरी, हिल्टन, न्यूस्टार र दीपावली गरी चार वटा होटल थिए । १२ वैशाखको भूकम्पले यी चारवटै होटलको नामोनिशान मेटिदियो । प्रहरीका अनुसार, यो घरको भग्नावशेषबाट १७ वटा शव र दुई जनालाई जीवितै निकालियो । भग्नावशेषमा अरू कति पुरिएका छन् अझै यकिन छैन । ७ जेठमा

हामी पुग्दा भग्नावशेषबाट गन्ध आइरहेको थियो । यो घरले बटुवाहरूलाई समेत पुरेको छ ।

यसको निर्माणबारे बुझ्न महानगरपालिकाको नक्शा हेर्ने अधिकारी र छिमेकीहरूसँग सम्पर्क गर्दा तत्कालीन गोङ्गबु गाविस-४ (हाल टोखा नगरपालिका-१३) मा पर्ने यो धराप घर गोलढुंगा, काठमाडौंका ठेकेदार रामकृष्ण फुँयालले बनाएको थाहा भयो । त्यसबेला फुँयालका भान्जा श्यामप्रसाद गौतमका नाममा रहेको यो घर अहिले फुँयालका छोरा पवनका नाममा छ । फुँयालले घर निर्माण गर्दा १४ भदौ २०६२ मा गोङ्गबु गाविसबाट ६ तलाको नक्शापास गरेका रहेछन् । गाविसका तात्कालीन प्राविधिक रत्नकुमार राईका अनुसार, १६ एमएमको रड, ९ बाई ९ को पिलर हालेर थोरै जगमा ९ तलाको घर बनाइएको थियो । यो स्ट्रक्चरबारे हामीले फेरि इन्जिनियर सुवाललाई सोध्यौं । उनले भने, "यो संरचना बढीमा तीन तलाका लागि मात्र हो, ९ तला थाम्नै सक्दैन । यो त घर बनाएको नभई धराप थापे जस्तो भयो ।"

यो धरापले वरिपरिका ८ वटा घरलाई बस्न नमिल्ने गरी क्षति पुऱ्याएको छ । तीमध्ये तीन वटा घर ढल्न ठिक्क परेका छन् ।

४. गोङ्गबुकै पाल्पा बुटवल गेष्टहाउस रहेको नौतले भवन अहिले थेचारिएर पाँचतले भएको छ, छेउकै अर्को घरलाई टेको बनाएर । मुनिका चारतला जमीनमा मिलेका छन् । त्यसको कागजी विवरण हेर्न हामी टोखा नगरपालिकाको १३ नम्बर वडा कार्यालय पुग्यौं । वडा कार्यालय चर्किएर ढल्न आँटेकोले कार्यालयका प्राविधिक भित्र जान अनकनाइरहेका थिए । हामीले नक्शाको विवरण हेरेर बताइदिन आग्रह गऱ्यौं । अनि थाहा भयो, यो घर उनै श्यामप्रसाद गौतमले तत्कालीन गाविसबाट १२ असोज २०६१ मा नक्शापास गरेर बनाएका रहेछन् । उनले पछि गुरूकुमार श्रेष्ठलाई बिक्री गरेको गाविसको अभिलेखमा देखिन्छ । अभिलेखले दुई आना जग्गामा साढे ६ तलाको घर बनाउन अनुमति लिइएको पनि देखाउँछ ।

घरको भग्नावशेषको अध्ययन गरेका प्राविधिकहरूका अनुसार, पहिलो नक्शामा भन्दा बढी तला थपिएको रहेछ । तला नै नथपेको भए पनि भूकम्पमा यो घर ढल्न सक्थ्यो, जग अति कमजोर भएकोले । चलनचल्तीको भाषामा पाँच लाइन (१६ एमएम) रड राखेर ९ बाई ९ इन्चको पिलर हालिएको रहेछ । यो अध्ययन गरिरहेका एक जना प्राविधिक भन्छन्, "मुश्किलले तीन तला थेग्ने संरचनामा ९ तलाको उठाउँदा के बन्छ ? चिहान !"

यो घरबाट अहिलेसम्म ८ वटा शव निकालिएको छ, कति मानिस पुरिए भन्ने यकिन छैन । होटल सञ्चालक दिलबहादुर सिंजालीको शव फेला परेको छ, तर उनकी पत्नी र चारवर्षे छोरा भेटिएको छैन । गोङ्गबुकै आठतले घरमा रहेको जनसेवा होटलबाट १० र गौरीशंकर होटलबाट चार वटा शव निकालिएको छ । यसका धनीले नक्शा समेत पास नगरी घर बनाएर भाडामा लगाउने अपराध गरेका थिए । माटोको अध्ययन छैन, जग कमजोर छ । १६ एमएमको रड राखेर उही ९ बाई ९ इन्चको पिलरमा आठतले घर बनाइएको छ ।

गोङ्गबु प्रहरी प्रभागका प्रमुख प्रहरी निरीक्षक देवी पौडेलका अनुसार यस क्षेत्रमा होटल रहेका



काठमाडौंस्थित सीटीस्केप अपार्टमेन्ट ।

२५ वटा घर पूर्णरूपमा क्षति भएका छन् । हरेक घरबाट दुईदेखि १० वटासम्म शव निकालिएको छ । "मेरो मान्छे हराएको छ, खोजी पाऊँ भन्ने निवेदनहरू परेको पऱ्यै छन्", पौडेल भन्छन्, "भग्नावशेषमा कति मान्छे पुरिएका छन्, यकिन छैन ।"

गोङ्बु क्षेत्रका खेतमा कसले कसरी घर ठड्याए भन्ने कुराका जानकार मधु मिश्र तत्कालीन गोङ्बु गाविस सचिव र हाल टोखा नगरपालिकाका कर्मचारी हुन् । उनी पैसा कमाउने होडमा तला थपिंदै गएका सबै घर अहिले लडेको बताउँछन् "मनलाग्दी निर्माणले योभन्दा गतिलो परिणाम ल्याउने थिएन", मिश्र भन्छन् ।

५. टोखा नगरपालिकामा पर्ने धापासीको 'पार्क भ्यू होराइजन' लाई सबभन्दा महँगो अपार्टमेन्ट मानिन्थ्यो । निर्माता कम्पनी बरूण डेभलपर्स प्रालिले यसलाई भूकम्प प्रतिरोधात्मक भनेको थियो । त्यही कारण पनि यहाँका २१३ मध्ये १४३ फ्ल्याट रू.८५ लाखदेखि रू.३ करोडसम्ममा बिक्री भइसकेका थिए । ७५ भन्दा बढी परिवार यहाँ बसिसकेका थिए । बसोबास गर्नेमा विदेशी कूटनीतिज्ञदेखि विभिन्न 'हाइप्रोफाइल' सम्म थिए ।

१२ वैशाखको भूकम्पमा धेरै परिवार अपार्टमेन्टभित्रै थिए । भुईंतलाबाट भाग्ने क्रममा माथिबाट खसेको ईंटाले लागेर एक महिलाको मृत्यु भयो । कम्पनले अपार्टमेन्ट पूरै चर्कियो । शहरी विकास तथा भवन निर्माण विभागले यसलाई बस्न नमिल्ने 'रेड स्टीकर' दिएको छ । मानवीय क्षति नभएको भनिएको यो अपार्टमेन्ट सामूहिक चिहान बन्नबाट धन्न जोगियो ।



धापाखेलस्थित 'सिभिल अपार्टमेन्ट कम्प्लेक्स' ।

यसको प्राविधिक पक्ष हेर्दा रोचक विवरणहरू फेला परेका छन् । १६ वैशाख २०६४ मा काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयको तर्फबाट तत्कालीन नगर नियोजक भाइकाजी तिवारीले हस्ताक्षर गरेर ११ तले अपार्टमेन्ट निर्माण गर्न 'प्लानिङ परमिट' दिइएको रहेछ । त्यसैको आधारमा शहरी विकास तथा भवन निर्माण विभागबाट निर्माण स्वीकृति लिएको बरूण डेभलपर्सले धापासी गाविसबाट नक्शापास गरी काम थाल्यो । २२ रोपनी ७ आना जग्गामा १८५ फ्ल्याटको अपार्टमेन्ट बनाउने स्वीकृत लिएर जग र फाउण्डेशन बनाउन थालेको डेभलपर्सले थप पाँच रोपनी जग्गा लिएर २५ फागुन २०६६ मा २८ फ्ल्याट थप्ने गरी नयाँ 'प्लानिङ पर्मिट' का लागि समितिमा निवेदन दिएको देखिन्छ । समितिले २४ जेठ २०६८ मा उसलाई 'संशोधित प्लानिङ पर्मिट' दियो, जसमा तिवारीले नै हस्ताक्षर गरेका छन् ।

नयाँ पर्मिट अनुसार डेभलपर्सले शहरी विकास तथा भवन विभागबाट बेसमेन्टसहित १४ देखि १८ तलासम्म निर्माण गर्ने स्वीकृति प्राप्त गऱ्यो । त्यसमा विभागको डिभिजन कार्यालय काठमाडौंका तत्कालीन प्रमुख इन्जिनियर शिवहरि शर्माको हस्ताक्षर छ । ११ तले भवन १८ तलासम्म लैजान सहजै प्राप्त भएको स्वीकृति अब छानबीन गर्नुपर्ने विषय हुनुपर्ने देखिएको छ । 'पार्क भ्यू होराइजन' अपार्टमेन्ट विकास समितिका अध्यक्ष दानबहादुर बुढाथोकी भन्छन्, "घर हैन, धराप बनाइएको रहेछ । हामी एकै चिहान हुनबाट जोगिएछौं ।"

सीजी ग्रुपले ललितपुरको हात्तीवनमा बनाएको १८ तले सीटीस्केप अपार्टमेन्टका १९७ फ्ल्याटमध्ये अधिकांश बिक्री भएर मानिस बस्न थालिसकेका थिए । शहरी विकास तथा

भवन निर्माण विभाग अन्तर्गतको डिभिजन सडक कार्यालय, काठमाडौंले १० असार २०६७ मा दिएको स्वीकृतिमा बनेको अपार्टमेन्ट १२ वैशाखको भूकम्पबाट नराम्रोसँग चर्किएको छ । यस्तै, धापाखेलस्थित सिभिल अपार्टमेन्ट प्रालिको १८ तलाकै 'सिभिल अपार्टमेन्ट कम्प्लेक्स' का ३७६ फ्ल्याटमध्ये धेरैजसो बिक्री भइसकेका र केहीमा मानिस बस्न थालेका थिए । दुवै अपार्टमेन्टले अहिलेसम्म डिभिजन कार्यालयबाट निर्माण सम्पन्न भएको प्रमाणपत्र पाएका छैनन् ।

संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन २०५४ तथा नियमावली २०६० अनुसार निर्माण सम्पन्न प्रमाणपत्र नपाउँदासम्म अपार्टमेन्टका फ्ल्याट बिक्री गर्न र मानिस राख्न पाइँदैन । डिभिजन कार्यालय काठमाडौंका प्रमुख बुद्धिसागर थापाले भूकम्प आउनुअघि उनीहरू निर्माण सम्पन्न भएको प्रमाणपत्र प्राप्त गर्ने क्रममा रहेको तर पाइनसकेको बताए । पैसाका लागि कानूनी प्रक्रिया सहजै उल्लंघन गरिएका यी उदाहरणले मानवीय सुरक्षा कति गौण बन्दै गएको छ भन्ने देखाउँछ ।

## यसरी हुन्छ अपराध

१२ वैशाखको महाभूकम्पमा सामूहिक चिहान झैं बनेका काठमाडौं उपत्यकाभित्रका केही घरले घर निर्माण जस्तो संवेदनशील काममा कतिसम्म लापर्वाही र बेवास्ता हुन्छ भन्ने छर्लङ्ग पार्छन् । भूकम्पको पहिलो धक्कामै ढलेको जोरपाटीको १०८ कोठे घर यसको ज्वलन्त उदाहरण हो ।

अहिले गोकर्णेश्वर नगरपालिका-१२ मा रहेको बाहुनधारा मन्दिरछेउको ६ तले घर भाडामा लगाउन बनाइएको थियो । घरजग्गा कारोबारी पशुपतिप्रसाद बरालले पुरानो गारोको दुईतले घरलाई २०६२-६३ मा ६ तले बनाएका थिए । त्यसको अघिल्तिर नयाँ घर बनाउने भन्दै जोरपाटी गाविसबाट चारतलाको अनुमति लिएका उनले अगाडिको भागमा पिलर हालेर ६ तला उठाएर पछाडिको पुरानो घरलाई पनि त्यसमै जोडी दुवैलाई ६ तलाको एउटा ठूलो घरमा बदले । घर १०८ कोठाको भयो ।

१२ वैशाखको भूकम्पमा छैटौं तलामा रहेकी उनकी श्रीमतीसहित ६ जनाको ज्यान गयो । एउटा स्कूलले छात्रावास बनाएको तेस्रो तलामा ३० जना बालबालिका बस्थे । घरमा भाडामा बस्ने अरू ६० जनाभन्दा बढी थिए । धन्न त्यस दिन छात्रावासका बालबालिका पिकनिक गएका र भाडामा बस्ने अरू धेरैजसो घर बाहिर भएकोले मानवीय क्षति कम भयो । "गारोवाला घरमा तला नथप्नुस्, माथि उठाउने भए भत्काएर पिलरवाला घर बनाउनुस् भन्दा मान्दै मानेनन्", तत्कालीन जोरपाटी गाविसका प्राविधिक बद्री दाहाल भन्छन्, "अहिले भाडामा लगाउँछु, छोरी डाक्टर भएपछि यसैमा अस्पताल खोल्छु भन्थे, हामी जस्ता एक-दुई कर्मचारीले रोक्न सक्ने अवस्था पनि थिएन ।"

२०६४ मा भवन संहिता लागू भएपछि बरालले ब्यांकमा पेश गर्नुपर्ने भयो भन्दै गाविसका पियनलाई धम्क्याएर आफ्नो घरको नक्शा सम्बन्धी सबै कागजात लगे । कार्यालयको रेकर्ड

फिर्ताका लागि रोइकराई गर्न आएका पियनलाई उनले धम्क्याएरै खाली हात फिर्ता पठाएका थिए ।

सचिव र एक–दुई कर्मचारीका भरमा चल्ने गाविसहरूको कमजोर पूर्वाधारको फाइदा अपार्टमेन्ट निर्माताहरूले झन् धेरै उठाएका छन् । अपार्टमेन्ट बन्ने ठाउँकै नगरपालिका वा गाविसले नक्शापास गर्नुपर्ने कानूनी व्यवस्थाले अपार्टमेन्ट निर्मातालाई मनलाग्दी गर्न सजिलो बनाइदिएको छ । उपत्यकामा बनिसकेका र निर्माणाधीन सबैजसो ठूला अपार्टमेन्ट तत्कालीन गाविसमा बनेका थिए । धापासीको पार्क भ्यू होराइजन, हात्तीवनको सीटीस्केप, धापाखेलको सिभिल होम्स् लगायतका ठूला संरचना भर्खरै मात्र नगरपालिका क्षेत्रमा परेका हुन् । आवास तथा भौतिक योजना (हाल भौतिक पूर्वाधार तथा यातायात व्यवस्था) मन्त्रालयका पूर्व सचिव जनकराज जोशी भन्छन्, "नगरपालिकासँग त नक्शापास गर्ने क्षमता छैन भने गाविससँग के हुन्छ र बद्नियत रोक्न सक्नु ?"

सयौंको जीवनको सुरक्षासँग सम्बन्धित अपार्टमेन्ट निर्माणमा लामो प्रक्रिया पूरा गर्नुपर्छ । निर्माताहरू त्यो प्रक्रिया छल्न राजनीतिक शक्तिकेन्द्रको सहारा लिन्छन् अनि भवन निर्माण विभागले स्वीकृति दिने काममै हस्तक्षेप हुन्छ । प्रक्रिया पूरा नगरेका अपार्टमेन्टलाई निर्माण स्वीकृति नदिंदा मन्त्रीबाटै दबाब आउँछ । "मैले त्यो नमान्दा सरूवा हुनुपर्‍यो" एक जना पूर्वसचिव भन्छन्, "कति मन्त्रीले त विभागको महानिर्देशक नै आफ्नो 'एसम्यान' लिएर आउँछन्, महानिर्देशकलाई रोक्न खोज्ने सचिवलाई मन्त्रिपरिषद्बाटै चिठी ल्याएर सरूवा गराइदिन्छन् ।"

कामनपाले नै नक्शापास गरेको कपनको 'सातलते' र कपनकै मिलनचोकस्थित पाँचतले घरको अवस्थाले धेरै कुरा भन्छ । त्यस्तै, कामनपा–१५ ठाडोभर्‍याङमा भुवनमान शाक्यले भाडामा लगाउन बनाएका पिलरसहितका तीन वटा चारतले घर भत्कँदा ३८ जनाको ज्यान गयो । शाक्यले आफू बस्न बनाएको त्यही कम्पाउण्ड बाहिरको घर भने साबुत छ । अहिले शाक्य फरार रहेको महानगरीय प्रहरी वृत्त, स्वयम्भूका डीएसपी पदमबहादुर बिष्टले बताए ।

काठमाडौं उपत्यकामा भाडा खान घर बनाउने प्रवृत्ति अचाक्ली मौलाएको छ । कामनपा–६ फैकाचोकस्थित राजदेवी कुस्लेको पाँचतले घर तिनैमध्ये एक थियो । कामनपाबाट अढाइतलाको नक्शापास गरेर पाँच तला बनाइएको यो घर भत्कँदा १२ जनाको ज्यान गयो, १८ जना घाइते भए । कुस्ले परिवार चाहिं सडकपारिको सुरक्षित घरमा बस्थ्यो ।

ठूलो मानवीय क्षति भएका गोङ्बु क्षेत्रका सबैजसो घर पैसा कमाउन बनाइएका थिए । कतिले घर बनाएर बेचे, किन्नेले तला थपे । कतिले होटललाई भाडामा दिए, तिनै होटलले तला थपिदिए । गोङ्बु गाविसका तत्कालीन सचिव मधु मिश्र भन्छन्, "घरधनी विदेशमा वा काठमाडौं बाहिर हुन्छन्, होटल सञ्चालकले मलाई कोठा चाहिएको छ, तला थपिदिन्छु भनेर खबर गर्छ, अनि टेलिफोनबाटै तला थपिन्छ ।"

यो ज्यानमारा खेलमा सबैको मिलेमतो हुन्छ । घर बनाउनेले पहिलो छलछाम गर्छ । उसले सकेसम्म नक्शापास नगरी, गरे पनि त्यसको पालना नगरी कम पैसाको संरचना बनाउँछ । घर भाडामा दिने भएकाले ठेकेदार र ज्यामीलाई पनि त्यही अनुसार सामान प्रयोग गर्न भन्छ ।

सँधियारको सहमति चाहिने नक्शापासमा मिलेमतो, धाकधम्की या कर्मचारीलाई पैसा खुवाउनेमध्ये एउटा जुक्ति लगाइन्छ । उता ठेकेदार बढी नाफा कमाउन कमसल बालुवा, सिमेन्ट, छड आदि प्रयोगमा लालायित भइरहेका हुन्छन् नै ।

कतिपय अवस्थामा राजनीतिक भेलाले समेत मापदण्ड तयार गर्छ । गएको वर्ष जोरपाटी गाउँ परिषद्ले 'अब बन्ने घरमा मात्र मापदण्ड लागू गर्ने' निर्णय गरेको थियो । अहिले बनेको गोकर्णेश्वर नगरपालिकाले त्यही निर्णयलाई सदर गरेको छ । नगरपालिकाका कार्यकारी अधिकृत रामचन्द्र तिवारी भन्छन्, "यो क्षेत्रमा ९० प्रतिशत घर मापदण्ड विपरीतका छन्, अब ती सबैले छूट पाउने भए, के गर्नु !"

इन्जिनियरहरू अहिले गुणस्तरको बहस गरिरहेका छन् । अहिले जोखिममा परेका घरहरूको भित्री पाटो अध्ययन गर्दा भने मापदण्ड विपरीत घर बन्नुमा इन्जिनियरहरू पनि उत्तिकै दोषी देखिन्छन् । डिजाइनदेखि निर्माण प्रक्रियासम्म अदृश्य लाभका लागि इन्जिनियरहरूले धरधनी वा निर्माण पक्षले जे भन्यो त्यही सदर गर्ने गरेको देखिन्छ । अनुगमन गर्दा इन्जिनियरिङ डिजाइन फेल भएका थुप्रै संरचना भेटिएको वरिष्ठ स्ट्रक्चरल इन्जिनियर राजन सुवालले बताए । "यसको जिम्मेवारी इन्जिनियरले पनि लिनुपर्छ, अनैतिक काम क्षम्य हुनुहुन्न" उनी भन्छन्, "डाक्टरको गल्तीले एकजना मान्छे मर्छ, इन्जिनियरको यौटा गल्तीले सयौं मान्छे मर्छन् ।" नक्शापास गर्ने, त्यसको जाँच र अनुगमन गर्ने व्यक्ति, निकाय कोही उत्तरदायी हुनु नपर्ने चलन हट्नैपर्ने सुवाल बताउँछन् ।

## विधि न व्यवस्था

२९ मंसीर २०५२ मा महानगरपालिका घोषित भएपछि काठमाडौंमा नक्शापास बाध्यकारी बन्यो । स्थानीय स्वायत्त शासन ऐन लागू भएपछि २०५५ सालदेखि गाविसमा समेत घर बनाउँदा स्वीकृति लिनुपर्ने र नक्शापास गर्नुपर्ने प्रावधान लागू भयो । भवन निर्माणका लागि दिइएको स्वीकृति र नक्शापास अनुसार काम भए/नभएको अनुगमन गर्न पहिले काठमाडौं उपत्यका नगर योजना कार्यालय थियो, अहिले काठमाडौं उपत्यका विकास प्राधिकरण छ ।

सरकारले भवन निर्माण संहिता लागू गरेको पनि एकदशक पुगिसकेको छ । काठमाडौं बाहिरका नगरपालिका र नगरोन्मुख गाविसहरूमा समेत संहिता लागू भएको छ । दुईवर्ष अघिदेखि भूकम्प प्रतिरोधी 'बिल्डिङ कोड' पनि लागू छ । यस अतिरिक्त भवन ऐन, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन लगायतका थुप्रै कानूनी व्यवस्था छन् । "कानून होइन, कार्यान्वयन र अनुगमन प्रणाली नभएको हो", कामनपाका भौतिक विकास विभागका वरिष्ठ प्रशासकीय अधिकृत रामप्रसाद पौडेल भन्छन् ।

औपचारिकताका लागि मात्रै नक्शापास गर्ने गरिएको, दुई तलाको नक्शापास गरेर सात तलासम्मको घर बनाउँदा पनि अनुगमनकारी निकाय पुग्न नसकेको अनि पुगे पनि लेनदेनमा कुरा मिलाउने कमजोरी भएकोमा उनको स्वीकारोक्ति छ । उनले काठमाडौं महानगरपालिकाभित्रका ८०

प्रतिशत घर नक्शापास नगरेको वा पास भएको नक्शा अनुसार नबनेको अनौपचारिक अध्ययनले देखाएको बताउँदै पौडेल भन्छन्, "कस्ता निर्माण सामग्रीबाट ती घरहरू बनेका छन् भन्ने त खोज्नै बाँकी छ ।"

यसको एउटा उदाहरण कामपा-१५ को नाम्गेल चोकमा छ, जहाँ दलबहादुर रूम्बाले महानगरपालिकाबाट एक तलाको नक्शापास गराएर घर बनाई डिपार्टमेन्टल स्टोर खोले । केही वर्षपछि त्यसैमा अर्को तला थपेर काष्ठमण्डप ब्यांकलाई भाडामा दिए । अलिपछि अरू डेढतला थपेर आफू बस्न थाले । छतमा पनि माटो राखेर कौसी बगैंचा बनाए । ड्राइभर पेशा गर्दा चीनको खासाबाट सस्तो सामान ल्याएर बेच्ने क्रममा आर्थिक प्रगति गरेका रूम्बाले तला थप्दै लगेका थिए । तर, एक तलाका लागि बनाएको संरचनाले चार तलाको भार थेग्न नसकेर घर ढल्दा उनले छोरा र बुबासहित ६ जना आफन्त गुमाए ।

व्यक्तिगत घरसँगै सामूहिक र संयुक्त आवासका नामले चिनिने 'हाउजिङ' र 'अपार्टमेन्ट' लाई व्यवस्थित गर्ने नीति र कानून २०५४ सालमै बनेको हो । 'सबैका लागि आवास' भन्ने नारासहित २०५४ मा राष्ट्रिय आवास नीति र संयुक्त आवास सम्बन्धी ऐन बन्यो । जमीन मात्र हैन, आकाशलाई समेत स्रोतको रूपमा प्रयोग गर्नुपर्छ भनेर अग्ला (टावर) घरहरू बनाउन थालिएपछि २०६८ मा परिमार्जित राष्ट्रिय आवास नीति ल्याइयो ।

आवास सम्बन्धी कानूनका छिद्र पनि थुप्रै छन् । जस्तो, नेपालमा २१ वटा विल्डिङ कोड चलनचल्तीमा छन् । तीमध्ये २० वटामा 'भारतीय विल्डिङ कोड अनुसार हुने' भनिएको छ । भूकम्प सम्बन्धी एउटै मात्र बिल्डिङ कोड नेपालको आफ्नो छ । हरेक अपार्टमेन्ट बनाउँदा 'छिमेकी मुलुकको विल्डिङ कोड अनुसार हुने गरी' भन्ने उल्लेख गरिन्छ । कति तलासम्मको कस्ता कस्ता ठाउँमा अपार्टमेन्ट बनाउन दिने भन्नेबारे कानूनी व्यवस्था नै छैन । नागरिक उड्डयन प्राधिकरणले हवाई उड्डयनमा बाधा नपुग्ने गरी जति पनि अग्लो अपार्टमेन्ट बनाउने स्वीकृति दिन सक्छ ।

भवन ऐन २०५५ ले 'भवन निर्माण गर्दा सो भवनको नक्शा र डिजाइन जुनस्तरको डिजाइनकर्ता, इन्जिनियर वा आर्किटेक्टबाट प्रमाणित गराइएको हो, कम्तीमा सोही स्तरको डिजाइनकर्ता वा निजको प्रतिनिधि, इन्जिनियर, आर्किटेक्टको रेखदेखमा निर्माण गर्नुपर्ने' व्यवस्था गरेको छ । तर, व्यक्तिगत घरदेखि अपार्टमेन्ट निर्माणसम्ममा यो प्रावधानको धज्जी उडाइएको छ । संयुक्त आवास सम्बन्धी ऐनकै व्यवस्थाले यसमा हुने चलखेल र बद्नियतलाई सघाउ पुऱ्याएको छ । अपार्टमेन्ट निर्माणकार्यको अनुगमन सरकारको आधिकारिक संयन्त्रले गर्दैन, नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएका इन्जिनियरलाई अपार्टमेन्ट निर्माताले 'हायर' गरी अनुगमनको काममा राख्न सक्छन् । भवन निर्माण विभागले बेलाबेलामा छड्के जाँच गरे पुग्छ ।

निर्माण सकिएको प्रमाणपत्र दिनुअघि विभागले नन डिस्ट्रक्टिभ टेस्ट (एनडीटी) गर्छ । मापदण्ड अनुसार संरचना निर्माण भए/नभएको अन्तिम परीक्षण चाहिं निर्माताले 'हायर' गरेका कन्सल्ट्यान्टले नै गर्छन् । उनीहरूले दिने रिपोर्टका आधारमा निर्माण सम्पन्न भएको प्रमाणपत्र

दिइन्छ । अपार्टमेन्ट निर्माताहरूले कानूनको यो कमजोरीको लाभ कतिसम्म उठाउँछन् भन्ने कुरा भूकम्पपछि पार्कभ्यू होराइजन अपार्टमेन्टमा देखियो । पार्कभ्यू होराइजन अपार्टमेन्ट विकास समितिका अध्यक्ष दानबहादुर बुढाथोकी भूकम्पले क्षतिग्रस्त बनाएको अपार्टमेन्टको चेकजाँच गर्न पहिले भूकम्प प्रतिरोधी किटान गरेका कन्सल्ट्यान्ट इन्जिनियर मनिष अग्रवालकै समूह आएको बताउँछन् ।

निर्माण प्रक्रियामा भएका चरण चरणका बद्‌मासीले अपार्टमेन्टलाई कमजोर बनाएका हुन् । "अब शहरी विकास, सडक विकास र हाउजिङ निर्माणमा मूलभूत परिवर्तन जरूरी छ", पूर्व आवास तथा भौतिक योजनामन्त्री डा. प्रकाशचन्द्र लोहनी भन्छन्, "फेरि पनि बन्ने हाइराइज भवन नै हो, तर त्यसमा विज्ञानलाई प्राथमिकतासाथ समेट्नुपर्‍यो ।"_

## मासिए डोल क्षेत्र

काठमाडौं महानगरपालिका-१५ मा पर्ने शोभाभगवतीको विजेश्वरी पुल छेउको शुभरत्न शाक्यको घर भत्कँदा त्यहाँ बस्ने २८ को ज्यान गयो । ६ तले घरको भुईंतलामा पार्टी हल, दोस्रो तलामा जीम हल र पसल तथा त्यसभन्दा माथिका २२ कोठामा पनि मानिसहरू भाडामा बसेका थिए । त्योसँगैको अरू दुई घर पनि ढल्न ठिक्क परेका छन् । काठमाडौंमा तीन वटा घर भएको शाक्य परिवारले महाभूकम्पपछिका तीन दिन डेरा नपाएर खुला आकाशमा रात काट्नु पर्‍यो ।

१२ वैशाखको भूकम्पमा गोङ्बुको विष्णुमतीछेउकै दीपज्योति स्कूलको ६ तले भवन जगबाटै भाँचियो । भवनमा १ देखि ६ कक्षासम्मका करीब ४०० विद्यार्थी पढ्थे । उनीहरू शनिबार परेकोले मात्र जोगिए । स्कूल सञ्चालक उपेन्द्र अधिकारीले २०६४ मा ६ तले घर बनाएका थिए । उनले आर्किटेक्ट डिजाइन र स्ट्रक्चरल विश्लेषण गराएर बनाए पनि भूकम्पको पहिलो झट्कामै घर ढल्यो ।

सुरक्षाका मापदण्ड पालना गरे पनि शाक्य र अधिकारीको घर भत्किनुमा त्यहाँको जमीन

### राम्रा घर सुरक्षित

महाभूकम्पपछि पनि काठमाडौं उपत्यकाका धेरैजसो घर सुरक्षित छन् । ४०/५० वर्षभन्दा पुराना घरसमेत केही नभएका देखियो । काठमाडौंभित्रका दुई लाख ५४ हजार घरमध्ये ३०-४० हजार मात्रै भत्केको महानगरपालिकाको प्रारम्भिक अनुमान छ । भत्किनेमा अधिकांश पिलर नभएका, माटो र काँचो ईंटले बनेका पुराना घर छन् । महानगरपालिकाको भौतिक विकास विभागका वरिष्ठ प्रशासकीय अधिकृत रामप्रसाद पौडेल भन्छन्, "भत्केकामध्ये पिलरवाला घर १० प्रतिशतभन्दा कम छन्, मापदण्ड र भवन निर्माण संहिता पालना नगरेका ।"

## छिमेकी पनि राम्रो भए पो !

हाल टोखा नगरपालिका-८ मा पर्ने तत्कालीन धापासी गाविस-९ मा १३ वर्षअघि महेन्द्रनारायण महतोले इन्जिनियरिङ डिजाइनदेखि सुरक्षा मापदण्डसम्ममा अधिकतम ध्यान दिएर दुईतले घर बनाएका थिए । तर, १२ वैशाखको भूकम्पमा छिमेकी रघुनाथ अर्यालको साढे पाँचतले घर जगसहित उखेलिएर बज्रिन आएपछि महतोको लगानी अर्थहीन हुन पुगेको छ । घरको अघिल्लो भागमा धेरै क्षति पुगेको छ । आँगनमा राखिएको गाडी ध्वस्त भयो । घरमै रहेका महतो दम्पती भने भाग्यवश जोगिए । अरू छिमेकीहरू राजेश कर्ण र ऋषि लामिछानेको घरमा समेत क्षति पुऱ्याउँदै अर्यालको घर लड्दा उनका भाञ्जाभाञ्जीसहित ११ जनाको ज्यान गयो ।

अर्याल र महतोको घर एकै वर्ष बनेका थिए । घर बनाएर बेच्ने कमल चौलागाईंले बनाएको घर अरू कोहीबाट हनुमानढोका मन्दिरका पुजारी रघुनाथ अर्यालले किनेका थिए । पत्नी र छोराछोरी अमेरिका पठाएका अर्याल घरमा एक्लै बस्थे । शुरूमा दुई तलाका लागि स्वीकृति लिएर बनाइएको त्यो घरमा अर्यालले साढे तीन तला थपेर साढे पाँचतला पुऱ्याएका थिए । विरोध गर्ने छिमेकीहरूलाई 'राष्ट्रपतिको मान्छे हुँ' भन्दै धम्क्याएर अमेरिकातिर लागेका उनले घर कुर्न भान्जाभान्जी राखेका थिए । भूकम्पपछि अमेरिकाबाट फर्केका अर्याल भत्केको घरको क्षतिपूर्ति लिन अग्रसर भएको महतोले बताए ।

प्रमुख कारक थियो । शोभाभगवती र गोङ्गबुका यी दुवै घर 'डोल क्षेत्र' भनिने नदी किनारामा बनेका थिए । यी क्षेत्रलाई २०४४ सालमा तत्कालीन पञ्चायती सरकारले घर बनाउनै नमिल्ने क्षेत्रमा सूचीकृत गरेको थियो । त्यो बेलाका आवास तथा भौतिक योजनामन्त्री डा. प्रकाशचन्द्र लोहनी भन्छन्, "असुरक्षित र जोखिमपूर्ण हुने नदी तथा खोलाभन्दा ५० मिटर दुवैतिर घर बनाउन नपाउने नदी र खोलाका दुवै किनारामा रूख रोपेर हरियाली बनाउने प्रस्ताव गरिएको थियो ।"

त्यो बेला कडा माटो भएका ठाउँहरूलाई आवासका लागि प्रयोग गर्ने र खोला आसपास तथा मलिलो जग्गा खेतीपातीकै लागि जोगाउने योजना बनेको थियो । त्यसलाई कार्यान्वयन गर्न काठमाडौं उपत्यका विकास प्राधिकरण बनाउने, उपत्यकाको गुरूयोजना बनाएर घरको नक्शा नगरपालिकाले पास गर्ने र मापदण्ड पालना नगरेका घर प्राधिकरणले भत्काउने गरी ऐन समेत तयार पारिएको डा. लोहनी बताउँछन् । "राष्ट्रिय पञ्चायतबाट पारित नहुँदै मरिचमानसिंहको सरकार ढलेपछि प्रस्ताव त्यतिकै थन्कियो", डा. लोहनी भन्छन् ।

२०४६ को जनआन्दोलनपछि गठन भएको कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले पञ्चायतका अरू 'प्रतिगामी' निर्णय झैं यसलाई पनि खारेज गऱ्यो । अनि शुरू भयो- जहींतहीं

बेलगाम घर निर्माण । नदी किनाराका खाली जग्गा र बगर समेत घरले ढाकिए । धान झुल्ने मलिला फाँटमा महलहरू ठडिए । खोला र नदीछेउमा बाटो खोल्ने अभियानले घर निर्माणलाई गति दियो ।

खोला किनाराको गोङ्गबुलाई छोटो अवधिमा पूरै घना आवादी बनाउने काम २०४७ मा बसपार्क सार्ने निर्णयले गऱ्यो । गोङ्गबुमा बसपार्क सरेसँगै घर बन्ने क्रम तीव्र भयो । केही लाख मूल्य पर्ने खेत करोडौं रूपैयाँको घडेरीमा बदलिए । भवन निर्माण संहिता लागू भएको





**मोर्गन कलेजः भूकम्पअघि र भूकम्पपछि...**

## मोर्गन कलेज

१२ वैशाखको भूकम्पमा एउटा साततले कलेजको भवन हेर्दाहेर्दै गर्ल्यामगुर्लुम लडेर थुप्रो बनेको भिडियो सामाजिक संजालमा भाइरल भयो । त्यो थियो– टोखा नगरपालिका–१० को मोर्गन कलेज । इन्जिनियरिङतर्फ बीई सिभिल र बीई इलेक्ट्रिकल (हाइड्रोपावर), होटल म्यानेजमेन्ट तथा बीबीएको पढाइ हुने यो कलेजका संचालक दाङका दीपेन्द्र भण्डारी हुन् । भण्डारीको दाबी अनुसार यहाँ ४०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । धन्न शनिबार परेकाले ठूलो मानवीय क्षति हुन पाएन ।

तत्कालीन धापासी गाविसबाट ४ असोज २०६६ मा पाँचतलाको नक्शापास गरेर विना श्रेष्ठ (केसी) ले बनाएको यो घर तीन वर्षअघि कलेजले भाडामा लिएको थियो । यो घरको निर्माण सम्पन्न भएको प्रमाणपत्र गाविस (हाल नगरपालिका) को अभिलेखमा देखिंदैन । बरू गाविसले उही नक्शामा ८ असोज २०६६ मा ६ तलाको स्वीकृति दिएको देखिन्छ । "पाँचतलाको स्वीकृति लिएर साततला बनाएको देखिन्छ", नगरपालिकाका कार्यकारी अधिकृत ऋषिराम अर्याल भन्छन्, "तल पूरै रिजर्भ ट्यांकी रहेछ, अनि किन नढलोस् ?"

२०६४ सालसम्म यो क्षेत्रलाई घरले ढाकिसकेको थियो । माओवादी हिंसाले गाउँबाट शहरमा बसाइँसराइलाई तीव्र बनाएपछि काठमाडौंमा असुरक्षित ठानिएका सबै डोल क्षेत्र घरले भरिए । "माटो परीक्षण गरिएन, इन्जिनियरिङ मापदण्ड नै पूरा गरिएन", वरिष्ठ स्ट्रक्चरल इन्जिनियर राजन सुवाल भन्छन्, "इन्जिनियरलाई होइन, ज्योतिषीलाई माटो देखाएर घर बनाइयो, जसको घातक परिणाम अहिले देखियो ।"

## क्षतिपछि खुलेका आँखा

१२ वैशाखको भूकम्पले सिन्धुपाल्चोक तहसनहस भयो । भूकम्पबाट ज्यान गुमाउने ८ हजार ६१७ मध्ये ३ हजार ४२४ सिन्धुपाल्चोकका छन् । नुवाकोट, रसुवा, धादिङ, गोरखा, दोलखा लगायतका जिल्लामा पनि ज्यान गुमाउनेको संख्या धेरै रह्यो । तर, यी जिल्लाका केही शहरी क्षेत्रलाई छाडेर हेर्दा गाउँमा घर भत्कनुको कारण फरक थियो । व्यापारिक स्वार्थ विना आफैं बस्न बनाइएका ती पुराना घरहरूको निर्माण नै कमजोर थियो ।

सरकारले 'बद्नियतको खेलमा सहभागी कर्मचारीमाथि भने कारबाही गर्ने' घोषणा गरेको छ, ५ जेठमा । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले मन्त्रीस्तरीय निर्णय भन्दै 'मापदण्ड विपरीत नक्शापास गर्ने, भवन निर्माणको अनुमति दिने तथा त्यो काममा संलग्न रहने कर्मचारीलाई कारबाही गर्न अविलम्ब प्रक्रिया थालनी गर्ने' सर्कुलर जारी गरेको छ । मन्त्रालयको सर्कुलरमा तत्काल यस सम्बन्धी नीति परिमार्जन गर्नुपर्ने भएकाले सबैखाले नक्शापास र घर निर्माण रोक्न समेत भनिएको छ । तर समाजमा भएको अपराधको सामान्यीकरणको हदले सरकारले प्रभावकारी कदम उठाउला भन्नेमा शंका छ ।

भवन निर्माणको प्रमुख समस्या नीति वा कानून अभाव नभई तिनको कार्यान्वयनमा छ । भएका कानून कडाइपूर्वक कार्यान्वयन गरेको भए यो अवस्था नै नआउने सरकारीहरू नै स्वीकार्छन् । एक जना उच्च अधिकारी भन्छन्, "पहिले दोषी को को थिए, तिनलाई कारबाही गरौं, त्यसपछि अझै परिष्कृत र प्रभावकारी हुनसक्ने मापदण्ड लागू गर्न सकिन्छ ।"

वरिष्ठ स्ट्रक्चरल इन्जिनियर सुवाल भवन निर्माण प्रक्रियामा जहाँजहाँ कमजोरी भए, त्यसमा संलग्नलाई उत्तरदायी बनाउन योभन्दा अर्को मौका नआउने बताउँछन् । माटो परीक्षण, नक्शापास र साइटमा काम गर्ने डकर्मी सिकर्मीदेखि निर्माण सामग्री आपूर्ति गर्ने व्यापारी र घरधनी समेतसम्मलाई उत्तरदायी बनाउने गरी कानून कार्यान्वयन गर्नुपर्नेमा उनको जोड छ । हुन पनि, यति धेरै मानिसको ज्यान जाँदा पनि दोषीलाई उत्तरदायी बनाउन सकिएन भने भोलि हुने दण्डहीनता कसरी रोक्ने ?

*(११ जेठ २०७२, www.cijnepal.org.np)*



हुम्लामा स्वास्थ्य सेवा सञ्चालन गर्न संकलन गरिएको सात करोड रूपैयाँ हिनामिना गर्ने नक्कली डाक्टर एसे लोडेई लामा बिरामी जाँच्दै ।

# २८.

## सम्माननीय प्रधानन्यायाधीश 'यस्तो पनि हुन्छ ?'

नेपाल बार एसोसिएसनसँग भ्रष्टाचारको 'प्रमाण' मागिरहेका प्रधानन्यायाधीश रामकुमारप्रसाद साहको बेञ्चबाट भएको एउटा आदेश केलाउने हो भने भन्न कर लाग्छ, छारो पर्नबाट प्रधानन्यायाधीशका आँखा पनि बचेका छैनन्।

● भृकुटी राई

५ चैत २०७१ मा अमेरिकी नागरिक माइकल डाउबेले इमेलमा आश्चर्य प्रकट गर्दै सोधे, 'यस्तो पनि हुन्छ ?' एउटा गैरसरकारी संस्थामार्फत हुम्लामा अस्पताल बनाएर जनतालाई स्वास्थ्य सुविधा दिन आफूले चन्दा संकलन गरेर पठाएको करीब रू.७ करोड अपचलन गर्ने व्यक्ति २२ फागुनमा रू.१० लाख धरौटीमा रिहा भएको सुनेर निराश भएका माइकलले इमेलमा यो प्रश्न सोधेका थिए । दुई साता ढिलो यो सूचना थाहा पाएका माइकलले इमेलमा भनेका छन्, "यस्ता व्यक्तिहरूले ढिलो-चाँडो सजाय पाउनुपर्छ र पाउँछन् । नेपालको न्यायप्रणालीप्रति मेरो विश्वास छ ।"

माइकललाई नेपालको न्यायप्रणालीमा विश्वास भए पनि यो प्रकरणमा नहुनुपर्ने काम भइसकेको छ । काठमाडौं जिल्ला अदालतले नक्कली हस्ताक्षरसहित प्राप्त सबूद प्रमाणका आधारमा यो ठगी प्रकरणमा हुम्लाका एसे लोडेई लामा दोषी देखिएको भनेर जेल पठायो । काठमाडौं जिल्ला अदालतका न्यायाधीश अर्जुन अधिकारीले २७ असोज २०७१ मा 'तत्काल प्राप्त प्रमाणबाट निज कसूरदार होइन भन्न सकिने अवस्था विद्यमान नहुँदा थुनामा राखेर कारबाही गर्ने' आदेश दिएका थिए । पुनरावेदन अदालत पाटनका न्यायाधीशद्वय विदुरविक्रम थापा र मनोजकुमार शर्माको इजलासले १४ कात्तिकमा अधिकारीको निर्णय सदर गरेको थियो ।

तर जिल्ला र पुनरावेदन अदालतको निर्णय उल्ट्याउँदै 'तत्काल प्राप्त प्रमाणबाट निज कसूरदार देखिन नआएको' भनेर प्रधानन्यायाधीश रामकुमारप्रसाद साह र सर्वोच्च अदालतका न्यायाधीश जगदीश शर्मा पौडेलको इजलासले २० फागुनमा एसेलाई धरौटीमा रिहा गर्ने आदेश दियो । त्यसको दुई दिनपछि उनी जेलबाट बाहिरिए ।

दुर्गम हुम्लावासीको स्वास्थ्य उपचारका लागि अस्पताल बनाउन संकलन गरेको करीब ७ करोड रूपैयाँ ठगी गरेको सप्रमाण उजुरीका आधारमा जेल परेको एउटा अभियुक्त न्यून धरौटीमा रिहा हुनु अस्वाभाविक घटना थियो । हामी यसको खोजबीनमा लाग्यौं । ठगीको प्रारम्भिक अनुसन्धान गर्ने काठमाडौं जिल्ला प्रशासन कार्यालयका वर्तमान र पूर्व कर्मचारीसँग बुझ्यौं । जिल्ला प्रहरी कार्यालय काठमाडौं, जिल्ला मालपोत कार्यालय हुम्ला, जिल्ला अदालत काठमाडौं, पुनरावेदन अदालत पाटन र सर्वोच्च अदालतका दस्तावेजहरू हेर्‍यौं । मुद्दाको प्रक्रियामा संलग्न अधिवक्ता, प्रमुख जिल्ला अधिकारी, न्यायाधीश र सर्वोच्च अदालतबाट सेवानिवृत्त केही न्यायाधीशहरूसँग छलफल गर्‍यौं ।

ठगी मुद्दामा सप्रमाण समातिएको अभियुक्तलाई नाम मात्रको धरौटीमा रिहा गर्ने प्रधानन्यायाधीश समेतको बेञ्चको आदेश मुद्दाको गाम्भीर्य अनुसार पनि अस्वाभाविक छ । अदालती अभ्यासमा गम्भीर संवैधानिक र कानूनी प्रश्न निहित नभएको यस्तो मुद्दा विरलै मात्र प्रधानन्यायाधीशले आफ्नो बेञ्चमा राख्ने गर्छन् ।

आगामी २३ असारमा सेवानिवृत्त हुन लागेका प्रधानन्यायाधीश समेतको बेञ्चले थप प्रमाण जुटाउन लगभग असम्भव यो मुद्दामा 'पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुनाले' भनेर अभियुक्त छाड्न दिएको आदेशको सार्वजनिक बहस जरूरी छ । बारम्बार मुद्दाका पक्षसँग आफ्नो दाबीको आधार-प्रमाण माग्ने सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायाधीशसँग हामीले

प्रश्न गरेका छौं कि- श्रीमान् तपाईंको निर्णयको आधार के हो ? कानूनतः पनि नेपालको उपल्लो अदालतको यो आदेश उपर सुनुवाइ हुने अर्को ठाउँ छैन । अनि हामीले खोतल्यौं यो मुद्दा ।

## एसेको ठगी धन्दा

अमेरिकी आर्टिस्ट माइकल डाउबेले १८ वर्षअघि गरीब देशका महिला र बालबालिकाको स्वास्थ्य र शिक्षामा सुधार ल्याउने परोपकारी मनसायले अमेरिकामा 'चित्त अमेरिका' नाम गरेको संस्था बनाएका थिए । त्यसपछि उनी संस्थाको तर्फबाट भारतको उडिसामा स्वास्थ्य र महिला सशक्तीकरण सम्बन्धी परियोजनामा काम गर्न थाले ।

२०५४ को मंसीर महीनामा भारतको बनारस नजिकै सारनाथमा बौद्ध गुम्बामा औषधि पुऱ्याउन गएका बेला माइकलले नेपालको हुम्ला जिल्लाका एसे लोडेई लामालाई भेटे । एसेले आफू बनारस हिन्दू विश्वविद्यालयमा एमबीसीएस गरिरहेको र चिकित्सा विज्ञानको विद्यार्थी भएकोले माइकललाई औषधि वितरणमा सहयोग गर्ने वचन दिए ।

### एसेको हुम्ला पाटो

एसेको हुम्ला पृष्ठभूमि रोचक छ । गाउँमा बच्चा हुँदा हरिचन्द्र लामा भनेर बोलाइने एसे न्यून आर्थिक हैसियत भएको परिवारका सदस्य थिए । उनका सहपाठी धर्मानन्द लामाका भनाइमा, "दुई हलगोरूले भ्याउने उनको पुर्ख्यौली जमीन थियो ।" जिल्ला प्रशासन कार्यालय हुम्लाबाट लिइएको नागरिकतामा उनको जन्ममिति २०३५ साल साउन ५ गते लेखिए पनि उनी २०३२ सालमा जन्मेका हुन् । उनकी दिदी नाता पर्ने कार्साङमा लामाको भनाइमा, "एसे लोडेई सानैदेखि छट्टु स्वभावका थिए ।"

बनारस पढ्न गएका एसेले एकाएक आफूलाई डाक्टर भनेर चिनाउन थालेपछि उनका छरछिमेकी छक्क परेका थिए । उनीसँग कक्षा १ देखि ५ सम्म सँगै पढेका धर्मानन्द लामा भन्छन्, "यति छोटो समयमै कसरी डाक्टर भयौ ? तिमीसँगैका साथी त भर्खर आइएस्सी पढ्दै छन् त भतिज भनेर आफूले सोध्दा एसेले पढ्नेले जसरी पनि पढेर देखाउँछ भनेर टारेका थिए ।" धर्मानन्दका भनाइमा "उसले आइएस्सी सकेको एक वर्षमै एमबीबीएस गरें भन्यो । मानिसले पत्याए । गल्ती त्यही भयो ।"

अहिले उनको बसोबास काठमाडौंमा छ । एसेले बनारसमै तिब्बती मूलकी केटीसँग विवाह गरेका थिए । बनारसमा उनको दुईतले घर छ । एक छोरा र एक छोरी भएकी पहिली श्रीमती पनि त्यही घरमा बस्छिन् । हुम्लावासी उनको यो प्रगतिमा माइकल डाउबेको समेत हात रहेको ठान्छन् ।




**सबैभन्दा अगाडि सोफामा बसिरहेका एसे लामा ।**

दुई बीच निकटता बढ्दै गयो । माइकलले स्वास्थ्य र शिक्षामा पछिपरेको नेपालको हुम्ला जिल्लाका लागि पनि केही गर्ने कुरा चलाए । उनी एसेको हुम्ला प्रेमबाट साह्रै प्रभावित थिए । माइकल भन्छन्, "उसले मेरो करिअर हुम्लावासीको स्वास्थ्य सेवामा बिताउन चाहन्छु भन्यो । त्यसपछि अमेरिकामा चित्त अमेरिका, भारतमा चित्त भारत खोलेर काम गरिरहेको म नेपालमा पनि चित्त नेपाल खोल्न राजी भएँ ।"

एसेले नेपाल आएर २०६० साउन ५ गते दर्ता नम्बर २३ मा चित्त नेपाल नामक गैरसरकारी संस्था दर्ता गराए । काठमाडौं महानगरपालिका वडा नम्बर ४ बालुवाटारमा कार्यालय रहने गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको चित्त नेपालमा एसे लोडेई लामा उपाध्यक्ष भए । भीष्मजी पन्तलाई अध्यक्ष राखियो । संस्थामा रामजी पन्त सचिव, संगीता मिश्र कोषाध्यक्ष, ज्ञानु श्रेष्ठ, करूण मल्ल र गंगा उप्रेती सदस्य भए । संस्था दर्ता गराएपछि लामाले नेपाल मेडिकल काउन्सिलमा आफ्नो चिकित्सकको अस्थायी दर्ता प्रमाण पत्र लिने प्रक्रिया अघि बढाए । भारतको बनारस हिन्दू विश्वविद्यालयबाट डिस्टिङ्सनमा एमबीबीएस पूरा गरेको कागजातका आधारमा उनले नेपाल मेडिकल काउन्सिलबाट १६ कात्तिक २०६१ मा ४७३४ दर्ता नम्बरको अस्थायी दर्ता प्रमाण–पत्र हात पारे ।

हुम्लामा आधुनिक अस्पताल बनाउन माइकलले सहयोग उठाउन शुरू गरे । अमेरिका र यूरोपमा सहयोग संकलन गर्न 'च्यारेटी शो' हरू आयोजना भए । २०६० को अन्त्यदेखि माइकलले चित्त नेपाललाई सहयोग पठाउन थाले । त्यसअघि चाहिं डा. एसे लोडेई लामाको भारतमा रहेको




**दाताको सहयोगमा हुम्लाको सिमकोटमा बनेको आधुनिक अस्पताल भवन ।**

कनारा ब्यांकको सारनाथ शाखाको खाता नम्बर क्यु ए २२, ६७८६ मा पैसा पठाउँथे । अब चित्त युएसएले चित्त नेपालको ब्यांक खातामा पैसा पठाउन थाल्यो । जून २००६ देखि अगष्ट २०१२ बीचको ६ वर्षको अवधिमा करीब ४ लाख ५० हजार अमेरिकी डलर (झन्डै रू.४ करोड ५० लाख) पठाएको विवरणबाट देखिन्छ । लण्डनमा आयोजना गरिएको भव्य आर्ट शो र न्यूयोर्कमा गरिएका थुप्रै च्यारिटी शोहरूबाट यो रकम जम्मा गरिएको थियो ।

यसै क्रममा पर्वतारोहणमा रूचि भएका क्यानाडाका चलचित्र निर्माता टोबी मोलिन्स पनि हुम्लावासीलाई स्वास्थ्य सेवा उपलब्ध गराउने काममा सहयोग गर्न अघि सरे । उनको परिवारले त्यहाँ शल्यक्रिया कक्ष निर्माणका लागि भनेर पहिले ४५ हजार पाउन्ड स्टर्लिङ र पछि थप २० हजार पाउन्ड स्टर्लिङ पठाएका थिए । माइकल भन्छन्, "यो रकम र सन् २००० यता हामीले पठाएको रकम जोड्दा करीब ७ लाख अमेरिकी डलर हुम्लावासीको लागि आएको छ ।" यो करीब रू.७ करोड हुन आउँछ ।

हुम्लामा अस्पतालका लागि तीन वटा आधुनिक भवन बने । २०६० देखि चित्त नेपाल अन्तर्गत चित्त मेडिकल सेन्टर सञ्चालनमा आयो । यसभित्र क्रमशः शल्यक्रिया कक्ष र आकस्मिक वार्डसहितको १५ शैय्याको सुविधा थपिंदै गयो ।

हुम्लामा अस्पताल बनाउने दाताको भावनालाई डा. एसेले राम्ररी उपयोग गरेको दाता र उनीबीचको इमेल संवादबाट थाहा हुन्छ । डा. एसेले पटक पटक थप पैसा मागेको देखिन्छ ।


Regd. No. 34991 Exam. Roll No. 06842

BANARAS HINDU UNIVERSITY

INSTITUTE OF MEDICAL SCIENCE
VARANASI
(GOVT. OF INDIA)

BACHELOR OF MEDICINE AND
BACHELOR OF SURGERY

This is to certify that YESHE LODOE LAMA of the Institute of Medical Science, Varanasi obtained the Degree of BACHELOR OF MEDICINE AND BACHELOR OF SURGERY in this University at the Examination of 1999.


His/Her subject at the Examination were :

Anatomy, Physiology, Pharmacology, Pathology, Preventive and Social Medicine, Forensic Medicine and Toxicology, Medicine Surgery, Obstetrics and Gynaecology and Opthalmology.

He/She obtained distinction in ..................

Enrol No. – BH - 84-00323

Date 05-08-99 Vice-Chancellor


BANARAS HINDU UNIVERSITY
(Established by Parliament by Notification No. 225 of 1916)
OFFICE OF THE CONTROLLER OF EXAMINATIONS
Varanasi-221 005

Ref. CE/CERT/2012-13/ /1565 Dated :11.01.2013

To,
The Managing Director
Michael A Daube Charitable Turst
AT: Juangs, P.O. Galaclari
Via-Devidol
Cuttack

Subject : **Verification of marksheet of Shri Yeshe Lodoe Lama**

Dear Sir,

This has referece to your letter No.1, Camp dated 10.01.2013 for verification of MBBS marksheet of Shri Yeshe Lodoe Lama bearing Roll No. 06842 Regd. No. 34991.

In this connection, I am to inform you that the copy of Marksheet, Certificate, Degree and Migration Certificate is not issued by the office of the Controller of Examination of Banaras Hindu University.

Yours faithfully

Dy. Registrar (Exams)
Dy. Registrar (Exams)
Banaras Hindu University
Varanasi - 221 005

**एसेले पेश गरेको एमबीबीएस उत्तीर्ण प्रमाणपत्र र आफ्नो तर्फबाट त्यस्तो कुनै प्रमाणपत्र जारी नगरिएको बनारस हिन्दू विश्वविद्यालयको पत्र (दायाँ) ।**

सन् २००१ को मार्चमा १५ हजार ८०० अमेरिकी डलर खर्च गरेर आठ वटा कोठा र एउटा ट्वाइलेट बनाएलगत्तै एसेले मजदूरलाई दिनुपर्ने भनेर अरू २५ सय अमेरिकी डलर माग गर्छन् । त्यसपछि फेरि जग्गालाई घेर्न पुनः खर्च हुने भनेर थप पैसा माग्छन् । सोही वर्षको जून महीनामा उनले सिमकोटमा जग्गा र दुईतले भवन निर्माण गर्न अरू ४० हजार अमेरिकी डलर चाहियो भनेर माइकललाई इमेलमा भनेका छन् ।

## मोडिएको बाटो

२०६९ जेठमा चित्त अमेरिकाको तर्फबाट हुम्लामा स्वास्थ्य शिविर चलाउन स्पेनकी चिकित्सक मार्टा मिकेल फेइग सिमकोट पुगिन् । त्यहाँ दुई महीना बस्दा उनलाई डा. एसे माथि शंका लाग्यो । उनले थाहा पाइन् कि एसेसँग सामान्य चिकित्सा विज्ञानको ज्ञान समेत छैन । डा. एसेले बिरामीलाई सिफारिश गरेको औषधि र रोगबीच कुनै तालमेल थिएन । अल्ट्रा साउण्ड चलाउने तरीका उदेकलाग्दो थियो । कतिसम्म भने एसेले एकै दिनमा १०० जनाका दरले अप्रेसन गर्ने योजना फेइगलाई सुनाए । शिविर संचालनका क्रममा एक महीना सिमकोट बसेकी फिजिसियन मार्टा फेइगले भनिन्, "डा. एसे लोडेई लामालाई एउटा शल्यक्रिया कक्षमा एक दिनमा १०० वटा अप्रेसन हुनै सक्दैन भन्ने सामान्य ज्ञान समेत थिएन ।"

बार अध्यक्ष हरि कृष्ण कार्की (बायाँ) र प्रधानन्यायाधीश रामकुमारप्रसाद साह ।

## बार बेञ्च झगडा

यही बेला सर्वोच्च अदालत र नेपाल बार एसोसिएसन बीच अदालतमा रहेको भ्रष्टाचारको प्रमाण माग्ने र दिने/नदिने विवाद चुलिएको छ । अदालतमा भ्रष्टाचार बढेको भनेर विवाद भइरहेको अवस्थामा ५-७ चैतमा चितवनमा भएको नेपाल बार एसोसिएसनको राष्ट्रिय भेलाले त्यस विरूद्ध कडा शब्दमा प्रस्ताव पारित गऱ्यो । सामान्यतया 'न्यायालयमा विकृति विसंगति मौलाएको' भनेर नरम भाषामा बोल्ने बारले सम्भवतः पहिलो पटक कडा शब्दमा 'भ्रष्टाचारमा मुछिएका न्यायाधीशलाई कारबाही नगरी समग्र न्यायपालिकालाई दूषित बनाउने कार्यप्रति सम्मेलनको गम्भीर ध्यानाकर्षण भएको' भन्यो । नेपाल बार एसोसिएसनका अध्यक्ष हरिकृष्ण कार्की भन्छन्, "हामीले पटक पटक विकृति र विसंगति भन्ने शब्द प्रयोग गऱ्यौं । अब भन्ने बेला भयो कि यसभित्र भ्रष्टाचार शब्द पनि पर्छ ।"

यो गम्भीर आरोपको बचाउ गर्न प्रधानन्यायाधीश रामकुमारप्रसाद साहले नयाँ शैली अपनाए । आफ्नो निजी सचिवालयमार्फत विज्ञप्ति जारी गर्न लगाए । नेपाल बार एसोसिएसनका केही पदाधिकारी र बारसँग कुनै प्रमाण भए उपलब्ध गराइदिन माग गरे । उनको त्यो माग असंवैधानिक थियो । किनकि प्रधानन्यायाधीशको निजी सचिवालयलाई नेपालको संविधान र कानूनले कुनै न्यायाधीशमाथि भ्रष्टाचारको प्रमाण माग्ने, अनुसन्धान वा अभियोजनको प्रक्रिया अगाडि बढाउने जिम्मेवारी दिंदैन । यो काम न्यायपरिषद्को हो । बार अध्यक्ष कार्की भन्छन्, "प्रमाण देऊ म कारबाही गर्छु भन्ने प्रधानन्यायाधीशको भनाइ देखियो, हामीले तपाईंलाई कारबाही गर्ने अधिकारै छैन, न्यायपरिषद्ले मागेमा उपलब्ध गराउन तयार छौं भन्यौं ।"

सर्वोच्च अदालत र नेपाल बार एसोसिएसन साँच्चिकै गम्भीर छन् र उनीहरूबीच अहिले भइरहेको प्रश्नोत्तर सार्वजनिक खपतका लागि मात्रै होइन भने एसे लोडेई लामाको रिहाइ प्रकरण भ्रष्टाचार र अनियमितता छानबीनका लागि एउटा गतिलो आधार बन्न सक्छ । स्वास्थ्य उपचार नपाएर अकालमै मर्नुपर्ने हुम्लावासीलाई गुन लगाउन मात्रै होइन, न्यायालयको शुद्धीकरण प्रक्रिया अघि बढाउन स्वयं सम्माननीय प्रधानन्यायाधीशलाई उत्तरदायी बनाउन पनि यो काम जरूरी छ ।

माइकललाई शंका लाग्यो । आफ्नो वकीलसँग सल्लाह गरे । सूचनाको हक सम्बन्धी कानून प्रयोग गरेर बनारस हिन्दू विश्वविद्यालयसँग डा. एसे लोडेई लामाको प्रमाण–पत्रको आधिकारिकता सोधे । विश्वविद्यालयले २७ पुस २०६९ मा डा. एसेले दाबी गरेको 'रोल नम्बर ०६८४२, दर्ता नम्बर ३४९९१ भएको एमबीबीएस उत्तीर्ण गरेको प्रमाण–पत्र र मार्कशीट यो विश्वविद्यालयबाट जारी नगरिएको' भन्ने जवाफ दियो ।

माइकल छाँगाबाट खसे झैं भए । यत्रो वर्षको संगत र लगानी दुवै धरापमा परेको क्षण थियो त्यो । एसेको योग्यतामा स्वयंसेवकहरूले पहिल्यैदेखि प्रश्न उठाए पनि माइकलको अति विश्वासका कारण त्यो चासो सधैं बेवास्तामा परेको थियो । अब आएर मात्रै उनले थाहा पाए आफ्ना अभिन्न डाक्टर साथी सामान्य स्वास्थ्यकर्मी समेत होइनन् । २०६९ असोजदेखि अस्पताललाई आर्थिक सहयोग पठाउन छाडे । चित्त अमेरिकाले चित्त मेडिकल सेन्टर हुम्लालाई वार्षिक लगभग ९० हजार अमेरिकी डलर पठाउने गरेको थियो । त्यो रोकियो ।

अर्को नयाँ कुरा थाहा भयो । चित्त नेपालका नाममा भएको लेखा परीक्षण नक्कली रहेछ । चित्त नेपालकी एक कार्यालय सहायकका भनाइमा, लेखा परीक्षक कहिल्यै कार्यालयमा देखिएनन् । एसे र अडिटरको मिलेमतो थियो । कहाँ कसरी अडिट गर्थे थाहा भएन । उनलाई एउटा कुरा थाहा थियो । संस्थाकी कोषाध्यक्ष सानु लामा वर्षभरिका लागि एकै पटक चेकमा हस्ताक्षर गरेर एसेलाई दिने गर्थिन् । आफूले हस्ताक्षर गरेको चेक र त्यस सम्बन्धी कुनै कागजातबारे उनलाई चासो थिएन ।

चित्त नेपालका मनकारी डाक्टरको भेषमा उदाएका लामाले नगद जुटेपछि अस्पताल बनाउन किनेको जमीन आफ्नै बाबु छिरिङ लामा (७०) को नाममा राखेका रहेछन् । संचालक समितिमा पनि नातागोता र आफन्तहरू रहेछन् । १७ वैशाख २०६३ देखि १६ कात्तिक २०६९ सम्म चित्त नेपालमा उनको एकलौटी राज थियो । उनी अध्यक्ष बाँकी सबै उनका आसेपासे । जब उनको डाक्टरी प्रमाण–पत्र नक्कली भएको र चित्त नेपालको सम्पत्ति निजी नाममा राखेको कुरा खुल्यो उनले पदबाट राजीनामा दिए । केही समय उपाध्यक्ष भए, कागजी रूपमा जोगिन त्यो पदबाट पनि राजीनामा गरे । अनि संस्थाको नामै बदलिदिए । चित्त नेपालबाट 'हिड नेपाल' नाम गरेको नयाँ कार्यसमितिमा पनि सबै उनकै मानिस छन् ।

माइकल भन्छन्, "अस्पतालको विस्तारसँगै स्वास्थ्य सेवालाई सिमकोट भन्दा दुर्गम गाउँहरूसम्म लैजाने हाम्रो योजना थियो । उनी सेवा विस्तार भन्दा बढी सिमकोटको अस्पताल भवन विस्तारमा जोड दिन्थे । यसमा हामीबीच मतभेद भयो । अहिले बुझ्दै जाँदा उसको दाउ त त्यहाँ आफू र आफ्नो परिवारको लागि होटल बनाउने पो रहेछ ।"

भौतिक पूर्वाधार तयार भएपछि चित्त अमेरिका र दाताहरूको प्रभावबाट मुक्त हुन उनले संस्थाको नाम बदले । अस्पतालको जग्गा र भवनसहितको सबै सम्पत्ति एसे लोडेई लामाको कब्जामा पुग्यो । यसरी हुम्ला जस्तो दुर्गम जिल्लामा स्वास्थ्य सेवा दिने उद्देश्यले शुरू भएको परोपकारी काम एकजना ठगको कारण गम्भीर दुर्घटनामा परेको छ ।

२० फागुन २०६९ मा माइकलले एसेलाई कारबाही गरी सम्पूर्ण सम्पत्ति हुम्लामा अस्पताल बनाउने काममा प्रयोग गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे । नेपालका विभिन्न ब्यांकमा रहेका चित्त नेपालका खाता रोक्का गरिए । जहाँ अहिले पनि करीब दुई करोड रूपैयाँ हुनुपर्ने अनुमान छ ।

जिल्ला प्रशासन कार्यालयले कारबाही अगाडि नबढाओस् भनेर एसेले सकेजति गरे । यो प्रक्रियामा संलग्न एक जना कर्मचारीका भनाइमा, त्यहाँ उनले बीस लाख रूपैयाँसम्म अफर गरेका थिए । उनको कर्मचारीसँग कतिसम्म मिलेमतो थियो भने बयान दिन कार्यालय आएपछि पहिल्यै उनले 'थुनिन सक्ने' सूचना पाएर कार्यालयबाटै फरार भए । तत्कालीन प्रमुख जिल्ला अधिकारी बसन्तराज गौतमले एक घण्टाभित्र पक्राउ नगरे कर्मचारीको जागीर खाइदिने धम्की दिएपछि प्रहरीले उनलाई तत्कालै पक्राउ गरेको थियो । प्रजिअ गौतमले यसबारे थप बताउन चाहेनन् ।

एसेले अदालतमा पैसा आफूले मात्रै होइन माइकलसँग मिलेर खाएको बयान दिए । माइकलले चित्त नेपाललाई पठाएको पैसा यहाँ आएर झिक्न लगाएर रू.३ करोड ४० लाख फिर्ता लगेको भनेर एसेले त्यसको भर्पाइ पेश गरे । जिल्ला प्रशासन कार्यालय काठमाडौंले त्यो हस्ताक्षर केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला र राष्ट्रिय विधिविज्ञान प्रयोगशाला पठायो । दुवै निकायले एसेले प्रस्तुत गरेको भर्पाइको हस्ताक्षर वास्तविक नभएर 'स्क्यानिङ् कपी' भएको रिपोर्ट दिए । एसे पक्का ठग हुन् भन्न अब अरू कुनै प्रमाण खोज्नु जरूरी भएन ।

जिल्ला प्रशासन कार्यालयले कारबाही प्रक्रिया अघि बढाउन जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा पठायो । त्यहाँबाट सबूद प्रमाणसहित उनलाई काठमाडौं जिल्ला अदालत लगियो । जिल्ला र पुनरावेदन अदालतले उनलाई थुनामा राख्ने आदेश गरेर परोपकारी कामका लागि दाताहरूले गरेको सहयोगमा आँखा लगाउनेलाई कारबाही गर्ने जनाउ दिए । तर कसरी हो, एसे सर्वोच्च अदालत, त्यो पनि प्रधानन्यायाधीशसहितको बेञ्चको आदेशले रिहा हुन सफल भए । हामीले रिहाइ प्रकरण र परोपकारी कोषको सम्पत्तिका बारेमा एसेको धारणा जान्न खोज्यौं । इमेल र टेलिफोनबाट सम्पर्क गर्ने हाम्रो प्रयास सफल भएन ।

## आशा र अपेक्षा

अहिले पनि दाताहरू एसे र उनका मतियारलाई कारबाही होस्, हुम्लावासीहरूको सही प्रतिनिधित्वसहित चित्त नेपालको बोर्ड बनोस् र त्यो सम्पत्ति चित्त नेपालका नाममा आओस् भन्ने चाहन्छन् । फर्काएर लैजाने उनीहरूको मनसाय छैन । माइकल भन्छन्, "अदालतले कुनै पनि हालतमा यो अस्पतालको जिम्मा अहिलेको बोर्डलाई दिनुहुँदैन, किनभने यसमा एसेको भाइलगायत अरू निकट व्यक्तिहरू मात्रै छन् ।" उनका भनाइमा, "अस्पतालको सेवा सुचारू गर्न सके, अझै पनि जुटेको सहयोग खेर जाँदैन र हुम्लावासीले आफ्नै जिल्लामा गुणस्तरीय स्वास्थ्य सेवा पाउन सक्छन् ।" माइकल नेपाल आएर यसका लागि काम गर्न पनि नसक्ने अवस्थामा छन् । 'मुद्दामा थप

अनुसन्धान गर्न निज अमेरिकन नागरिकलाई समेत नियन्त्रणमा लिनुपर्ने' भन्ने जिल्ला सरकारी वकीलको कार्यालय काठमाडौंको रायका कारण उनी नेपाल आउन सकिरहेका छैनन् ।

यसअघि यस्तै एउटा विवादमा सर्वोच्च अदालतको पूर्ण इजलासले परोपकारको उद्देश्यले स्थापना भएको संस्थाको सम्पत्ति अरू कुनै संस्थाको बनाउन नपाइने आदेश दिएको थियो । जापानी दाता डा. ताकाजी यामागुचीले पोखरामा गरीब, असहाय र विपन्नका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न सहयोग गर्न 'बुद्ध फाउण्डेसन पोखरा नेपाल' नाम गरेको गैरसरकारी संस्थासँग सम्झौता गरेर सहयोग पठाए ।

तर सो संस्थाका सञ्चालक डा. धर्मराज श्रेष्ठले 'बुद्ध हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालि' नाम गरेको निजी कम्पनीमा सो सम्पत्ति सार्न खोजेपछि त्यो विवाद सर्वोच्च अदालत पुगेको थियो । १४ असोज २०६७ मा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीशहरू खिलराज रेग्मी, सुशीला कार्की र प्रकाश वस्तीको पूर्ण इजलासले 'बुद्ध फाउण्डेसन पोखरा नेपालको नाउँमा प्राप्त हुन आएको आर्थिक सहयोग एवं स्वास्थ्यसँग सम्बन्धित उपकरणहरू कुनै पनि बहानामा व्यापारिक उद्देश्यद्वारा स्थापित निजी स्वामित्व भएको बुद्ध हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालिले उपयोग गर्न नपाउने' भनेको थियो । सर्वोच्च अदालतको यो नजिरले हुम्लावासीको स्वास्थ्य उपचारका लागि जुटाएको सहयोग खान खोज्नेहरू सफल नहोलान् कि भन्ने आशाको त्यान्द्रो बचाइराखेको छ ।

एसे ठगी प्रकरणको त्यो नजिर योभन्दा अलिक भिन्न पनि छ । अहिलेसम्म कति सम्पत्ति संस्थाका नाममा छ र कति व्यक्तिका नाममा भन्ने स्पष्ट छैन । संस्था पनि पूर्ण रूपमा उनको कब्जामा भएकोले चित्त नेपालको लगभग सबै सम्पत्ति उनको निजी जस्तै भएको छ । यस अवस्थामा भोलि जिल्ला अदालतले एसेलाई दोषी नै ठहर गरे पनि धरौटी माया मारेर उनी पलायन हुनसक्ने सम्भावना छ । जसले हुम्लावासीलाई झन् निराश मात्र बनाउनेछ ।

*(२५ चैत २०७१, www.cijnepal.org.np)*